111 21

नेपाल उपत्यकाको मध्यकालीन इतिहास

सूर्य विक्रम ज्ञवाली

रायल नेपाल एकेडमी

लेखकका अन्य ऐतिहासिक कृति

१.	द्रव्य शाह	१९३३
२.	राम शाह	१९३३
३.	पृथ्वीनारायण शाह	१९३५
४.	वीर बलभद्र	१९४०
५.	अमर सिंह थापा	१९४३
६.	नेपाली वीरहरु	१९४९

नेपाल उपत्यकाको मध्यकालीन इतिहास

नेपाल उपत्यकाको मध्यकालीन इतिहास

(८७९ ई० देखी १७६८ ई० सम्म)

लेखक

सूर्य विक्रम ज्ञवाली

सदस्य-सचिव, रायल नेपाल एकेडेमी

प्रकाशक

रायल नेपाल एकेडेमी,

काठमांडु

शर्त बमोजिम सर्वाधिकार प्रकाशकमा निहित

प्रथम वार, संवत् २०१९

प्रकाशक—रायल नेपाल एकेडेमी, काठमांडु
मुद्रक—ओम्प्रकाश कपूर, ज्ञानमण्डल लिमिटेड, वाराणसी ५९२५–१८

श्री:

ROYAL PALACE
Kathmandu, Nepal
Date वि. सं. - २०१४

हिमवत्खण्डले साहित्य, कला र ज्ञान-विज्ञानको क्षेत्रमा अतीत कालदेखि दिइआएको विशेष योगदानको महत्वलाई सबैले बुझेकै छन् — ऐतिहासिक कारणहरूले गर्दा त्यस परम्परामा बीचमा पर्न आएका व्यवधानलाई अब पन्छाएर नेपाल एकेडेमी देशको मौलिक परम्परालाई युगानुकूल बाटोमा अग्रसर गराउन चाहन्छ — यसको प्रयत्नले देशका आवश्यकताहरूको क्रमशः पूर्ति गर्नेछ, र साथै देशान्तरमा पनि हाम्रो जीवनको परिचय दिनेछ भन्ने आशा गर्दछु —

श्री ५ महाराजाधिराज,
चान्सलर,
नेपाल एकेडेमी.

विषय सूची

प्रथम अध्याय ... १ - १४

नेपाल संवत्

टिप्पणी (तिब्बतको नेपाल-विजयका सम्बन्धमा)

द्वितीय अध्याय ... १५ - २७

अन्धकारपूर्ण काल

ठकुरी राजवंश

फेरी प्राचीन राजवंशको शासन

तृतीय अध्याय ... २८ - ३३

नान्यदेव

चतुर्थ अध्याय ... ३४ - ५३

मल्ल उपाधिधारी राजाहरु

टिप्पणी (सेंजाका मल्लहरुको वर्णन)

पञ्चम अध्याय ... ५४ - ६७

हरिसिंह देव

षष्ठ अध्याय ... ६८ - ७२

नेपाल माथी मुसलमानको आक्रमण

सप्तम अध्याय ... ७३ - ८८

स्थिति मल्ल तथा उनका छोराहरु

अष्टम अध्याय ... ८९ - ९३

यक्ष मल्ल तथा राज्यविभाजन

नवम अध्याय ... ९४ -१००

भादगाउँका इतिहासको कालनिर्णय

दशम अध्याय ... १०१-११२

भादगाउँको इतिहास

एकादश अध्याय ... ११३–१२०
काठमांडुका इतिहासको कालनिर्णय
द्वादश अध्याय ... १२१–१४५
रत्न मल्ल देखी लक्ष्मी नरसिंह मल्ल सम्म
टिप्पणी (नेपाली मुद्राको विषयमा)
त्रयोदश अध्याय ... १४६–१५९
प्रताप मल्ल
चतुर्दश अध्याय ... १६०–१७२
प्रताप मल्ल पछी
पञ्चदश अध्याय ... १७३–१७८
पाटनका इतिहासको कालनिर्णय
षोडश अध्याय ... १७९–१९२
पाटनको इतिहास
सप्तदश अध्याय ... १९३–२१०
पृथ्वीनारायण शाहको नेपाल विजय
अष्टादश अध्याय ... २११–२४१
जाति, भाषा तथा साहित्य
टिप्पणी (नेपाली नाटकहरुको विवरण)
ऊनविंशति अध्याय ... २४२–२६५
धार्मिक विकास
विंशति अध्याय ... २६६–२८६
विद्याको अध्ययन तथा प्रचार
एकोविंशति अध्याय ... २८७–३००
शिल्प, विज्ञान तथा कला
द्वाविंशति अध्याय ३०१–३०९
उपसंहार
ग्रन्थ विवरणी ... ३१०–३१४
अनुक्रमणिका ... ३१५–३३८

प्रकाशकीय

इतिहास घटना, व्यक्ति र तारीखहरूको सूचीमात्र नभई पहिले घटेका घटनाहरूको पारस्परिक सम्बन्ध एवं त्यसबाट आगामी युगका सन्तति-हरूलाई राष्ट्रिय हितका काम गर्ने एवं सफलता प्राप्त गर्ने बाटो देखाउने साधनको रूपमा हितकर वस्तु हो।

श्री सूर्यविक्रम ज्ञवालीले लेख्नुभएका कवि एवं राजनीतिज्ञ महा-पुरुषहरूका जीवन-वृतान्तहरूले उक्त उद्देश्यको निकै अंशमा पूर्ति गरेका छन्। उहाँको यो **नेपाल उपत्यकाको मध्यकालीन इतिहास**–को पनि त्यही मूल्य ठहर्ला भन्ने अनुमान गर्दछु।

वयोवृद्ध इतिहासकारको यो—लौ त भनुँ भने—जीवनभरिको अध्य-यन र परिश्रमको उपार्जनले तत्कालीन नेपाली इतिहासका विभिन्न समस्याहरूमा उहाँको दृष्टि-कोण प्रस्तुत गरेको छ। उहाँले स्थिर गर्नु भएका कतिपय तथ्यहरूबाट सर्वसाधारण इतिहास-प्रेमीहरूलाई लाभान्वित तुल्याउने नै छ, र साथै नवीन इतिहासकारहरूलाई तीउपर मनन गर्ने प्रेरणा पनि दिने छ भन्ने आशा गर्दछु।

कान्तिपुर
विजयादशमी, २०१९ वि०

—बालचन्द्र शर्मा
वाइस-चान्सलर
रायल नेपाल एकेडेमी

प्राक्कथन

इतिहासका प्रत्येक विद्यार्थीलाई विविध राज्यमा विभाजित नेपाल देशको एकीकरण गोर्खाका पृथ्वीनारायण शाह द्वारा भयेको हो भन्ने कुरा थाहा छ। यो पछी नेपाली जातीयता तथा राष्ट्रीयताको विकास हुन लाग्यो। यो विकासको गति तीव्रतर गराउने कार्य गर्नु प्रत्येक नेपालीको कर्तव्य हो। जातीयताको भावको सुदृढ गराउन जातिका इतिहास-को ज्ञान बड़ो आवश्यक छ। कसता स्थितिमा कसरी यो जाति विकासका पथमा अघी बढी रहेछ भन्ने कुराको ज्ञान यो जातिका महानता तथा यसको उसतै महान् भविष्य हुनु पर्छ भन्ने कुरा प्रति मानीसको अनुरक्ति बढाउँछ। यसले स्वजाति तथा स्वदेश प्रति मानीसका हृदयमा प्रेम तथा श्रद्धा उत्पन्न भै उनीहरु जातीय विकासको कार्य गर्न अधिकाधिक तत्पर हुन्छन् औ परेका वेलामा जातिका निम्ती वलिदान हुन पनी किञ्चित् मान्दैनन्।

दुई हजार वर्ष भन्दा बढी पुरानो इतिहास हुने नेपाली जातिले आफ्नो गौरवपूर्ण इतिहासलाई आफुले फेर्ने सास जसतो ठानी यसको अध्ययन तथा मनन गर्नु उचित छ किन भने यो कार्यले जातिका आशा तथा आकांक्षा खारिंदै परिष्कृत हुँदै वास्तविक रूपले उच्चता प्राप्त गर्ने हुन्छन्।

वर्तमान समयमा हामी नेपालीहरुमा आफ्नो इतिहास प्रति जो प्रेम देखिंदै छ त्यो यो दृष्टिले विचार गर्दा अत्यन्त मूल्यवान् कुरो छ। यो प्रेमलाई वास्वविकताका पथमा हिंडाई हामीले आफ्नो इतिहासलाई हेर्ने बानी बसायौं भने हामी कोरा कल्पना वा असङ्गत विचारको काल्पनिक पथ त्याग गरेर सत्यको शक्ति तथा स्फुर्तिदायक मार्गमा हिंड्न थाल्ने छौं। आफ्ना पुर्खाका भूल वा निर्बलताई पनी हामी तेही रूपमा हेरी तिन

बाट पनी हामी आफ्ना विकासका निम्ती चाहिने शिक्षा ग्रहण गर्न सक्ने थियौं ।

नेपाली जाति अन्तर्गत प्रत्येक गोष्ठी वा वर्गको इतिहास नेपाली जातिको इतिहास हो तथा प्रत्येक वर्गको सफलता वा गौरव समस्त जातिले गौरव गर्ने कुरा हुन् । यो कारणले हाम्रो जातीय इतिहासका परिकल्पनामा स्थानीय तथा वर्ग विशेषका इतिहासले पनी समुचित स्थान पाउनु पर्छ ।

प्राचीन इतिहास भयेको नेपालका उपत्यकाको इतिहास अत्यन्त चाखलाग्दो छ । तर यसका प्राचीन इतिहासका विषयमा पूर्व तथा पश्चिमका विद्वान्‌ले अनेक प्रशंसनीय अनुसन्धान गरेको भये ता पनी यसका माध्यमिक कालका इतिहासले उनीहरुको दृष्टि उती आकर्षित गरेको थियेन । सेसिल बेंडलले नेपालमा प्राप्त हस्तलिखित पुस्तकहरुको अध्ययन गरी यो समयका राजाहरुको समयनिरूपण गर्ने अत्यन्त महत्वपूर्ण कार्य गरेको छ । उसतै किलहार्नले नेपाल संवत्‌को अध्ययन गरी यो सम्बन्धमा बहुमूल्य निर्णय गरेका छन् ।

नेपालको सम्पूर्ण इतिहास वैज्ञानिक रीतिले सुन्दरतापूर्वक लेखिनु पर्छ भन्ने आफ्नो विचार हुँदा मैले यो नेपाल उपत्यकाको मध्यकालीन इतिहास लेख्ने प्रयत्न गरेको हुँ । प्राप्त सामग्रीको उपयोग गरी यो इतिहासलाई यथाशक्य उपोदय तुल्याउने चेष्टा गरेको छु । तर यो इतिहास लेखी सकिये पछी प्रकाशित केही सामग्रीको समुचित उपयोग यसमा गर्न सकियेन । रोम बाट छापियेको विद्वत्तापूर्ण मध्यकालीन नेपालको इतिहास एक चोटी हेरे पनी तेसका एक दुई मिति बाहेक अरु थोक उपयोग गर्न सकिन । काठमांडुको इतिहास संशोधन मण्डल द्वारा प्रकाशित पुस्तिकाहरु बाट पनी केही तिथि लिनु बाहेक तिनको अरु विचार गर्न भियाइन । वीर लाइब्रेरीका छापिन लागेका पुस्तकहरुका सूचीपत्र पनी पूर्ण रूपले उपयोग गर्न सकियेन ।

तर उपर्युक्त सामग्री जती मैले हेरें तिन बाट मेरा विचार तथा स्थापना-

मा विशेष परिवर्तन गर्ने पर्ने न देखेको हुनाले तथा एक प्रकारले लेखी सकियेको समस्त पुस्तक हतार सित परिवर्तन गर्नु उचित न देखियेको हुनाले यो संस्करण यसै प्रकाश गर्ने विचार भयो ।

यो इतिहासले अरु थोक केही न भये ता पनी नेपाल उपत्यकाका मध्यकालीन इतिहासका मुख्य मुख्य समस्याहरु सित मेरा पाठकपाठिका-को परिचय गराउने छ भन्ने मेरो आशा छ । यो सम्बन्धमा भयेका अनेक विचारको अस्पष्टता निवारण गर्न तथा कालनिरूपण गर्न पनी यसले सहायता गर्ला भन्ने पनी मेरो अर्को आशा छ । मध्यकालीन संस्कृति सम्बन्धी अन्त्यका अध्यायहरु द्वारा मध्यकालीन जीवन सित पनी पाठक पाठिकाको परिचय होला । यो भन्दा बढता यो इतिहासका विषयमा मैले भन्न पर्ने कुरा केही छैन । अरु थोकको विचार त मेरा विज्ञ पाठक पाठिकाको काम हो ।

नेपाली इतिहासका विविध क्षेत्रमा कार्य गर्ने नेपाली तथा अरु विद्वान्हरु प्रति धन्यवाद ज्ञापन गर्नु मेरो कर्तव्य हो किन भने वहाँहरुका रचनाको प्रभाव मेरा कृति माथी मैले चाल पायेर वा न चाल पायेर परेको होला । मैले चाल पाई ग्रहण गरेका कुराको उल्लेख ता पुस्तकमा पनी गरेको छु ।

पुस्तकका अन्त्यमा भयेको अनुक्रमणिका मेरा नवयुवक मित्र श्री वासु शशिका परिश्रमको फल हो अतः वहाँको म आभारी छु ।

आफ्नो गौरवमय इतिहास प्रति हामीहरुमा जो प्रेम उत्पन्न भयेको छ तेसलाई अलीकता पनी बढाउन यो पुस्तकले सहायता गर्‍यो भने मेरो परिश्रम सुफल भयेको म ठान्ने छु ।

काशी
भ्रातृद्वितीया, २०१९

सूर्य विक्रम ज्ञवाली

प्रथम अध्याय

नेपाल संवत्

वर्तमान समयमा जुन संवत्सर नेपाल संवत्का नामले प्रसिद्ध छ त्यो बृहस्पतिवार २० ओक्टोर ८७९ ई० तदनुसार कार्तिक शुक्ल प्रतिपदा विक्रम संवत् ९३६ मा आरम्भ भयेको हो ।

नेपाल संवत्को चलन चल्नु भन्दा अघी नेपालमा अरु अरु संवत्को व्यवहार थियो तर ती संवत्का आरम्भका यिषयमा विद्वान्हरुमा बड़ो मतभेद छ । यो कारणले तिनका विषयमा हाम्रो ज्ञान बडो परिमित तथा अनिश्चित छ ।

नेपालका प्राचीन शिलालेखहरुमा दुई प्रकारका संवत्को व्यवहार देखियेको छ । यौटा ता अंशु वर्मा आदि राजाहरुले सप्तम तथा अष्टम शताब्दिमा व्यवहार गरेको संवत् छ । यो संवत् सन् ६०६ ई० मा आरम्भ हुने हर्ष संवत् हो भन्ने धेरै विद्वान्हरुको मत छ । यसलाई अंशु वर्माले आफु जन्मेको वा राजा भयेको समय सन् ५९५ ई० देखी चलायेको हो भन्ने अर्का थरी अल्पसंख्यक विद्वान्हरुको मत छ । मानदेव आदि लिच्छवी राजाहरुका शिलालेखमा व्यवहार गरियेको संवत्का विषयमा ता विद्वान्हरुमा झन धेरै मतभेद छ । तेसलाई विद्वान्हरूले विक्रम संवत्, शक संवत्, सन् ३१९-२० मा आरम्भ हुने गुप्त-वल्लभि संवत् मानेका छन् ।

हालमा एक जना विद्वान्ले मानदेव नामक नेपालका अर्का एक जना राजाले सन् ५७६ ई० देखी आफ्नो यौटा संवत्को व्यवहार चलायेका

थिये भनी भनेको छ[१]। तर अझ सम्म त्यो संवत् उपयोग गरियेको कुनै लेख प्राप्त भयेको छैन। नेपालका विद्वान्हरुको भने अंशु वर्माले उपयोग गरेको संवत् यही संवत् हो भन्ने मत भयेको पनी बुझिन्छ।

जसरी माथी उल्लेख गरियेका संवत्हरुका विषयमा हाम्रो ज्ञान निश्चित छैन उसै गरी नेपाल संवत्का विषयमा पनी हाम्रो ज्ञान अत्यन्त परिमित छ। सबै भन्दा ठुलो कुरो यो संवत् कुन अवस्थामा आरम्भ भयेको हो त्यो अझ जानियेको छैन। यसका उत्पत्तिका विषयमा वंशावलीहरुमा जो कथा लेखियेको छ त्यो वंशावलीकारको कल्पना मात्र बुझिन्छ। त्यो कथा निम्नलिखित आशयको छ।

यो कथामा वर्णन गरियेका समयमा भादगाउँमा (भक्तपुर) आनन्द मल्ल नामक राजा थिये तथा काठमांडु औ पाटन उनका दाज्यु जयदेव मल्लका अधीन थिये। भादगाउँका एक जना ज्योतिषीले राजा आनन्द मल्ललाई भतिखु तथा विष्णुमती नामक दुई नदीका दोभानको लखु तीर्थबाट कुनै शुभ मुहूर्तमा बालुवा झिके त्यो बालुवा सुन हुन्छ भनी भने छन्। राजाले त्यो शुभ मुहूर्तमा ज्योतिषीले भनेका ठाउँ बाट बालुवा झिकेर ल्याउन भनी मानिसि खटाये छन्। शुभ मुहूर्तमा झिकेको बालुवाको भारी बोकी आउन लागेका ज्यामीहरुलाई देखी काठमांडुको साखवाल नामक कुनै यौटा शूद्र व्यापारीले तिनीहरुलाई पैसाको लोभ देखाई उनीहरुले ल्यायेको बालुवा आफ्ना घरमा खन्याउन लाये छ। साखवाल संग लिनु पर्ने ज्याला ली फेरी उही ठाउँमा गै बालुवा झिकी ज्यामीहरुले बालुवा राजदरबारमा लगे छन्। दोसरो पटक बालुवा झिक्ता ज्योतिषीले भनेको शुभ मुहूर्त टरी सकेको थियो र त्यो बालुवा सुनका रूपमा परिवर्तित भयेन छ। यो देखी आनन्द मल्ल अत्यन्त दुःखित तथा क्रोधित भये तथा ज्योतिषीले आफुलाई ठगेको ठानी उनले ज्योतिषीको भर्त्सना गरे। ज्योतिषी पनी आफ्नो विद्या असफल भयेको देखी

---

१. क्रोनोलोजी एंड हिस्ट्री आब नेपाल, के० पी० जायसवाल, पृष्ठ ३४-४०।

अत्यन्त खिन्न भये तथा आफ्ना ज्योतिषका पुस्तक डढाउने उनले निश्चय गरे। उता दरबारमा त्यो बालुवा जाँचूता बालुवा ल्यायेका डोकाका पींदमा राजाले सुवर्णका कण देखे। यो देख्ने बित्तिकै राजा ज्योतिषी कहाँ उनको भविष्यवाणी साँचो रहे छ भनी भन्न दगुर्दै गये। वहाँ उनले ज्योतिषी तथा उनकी स्त्री मिली शास्त्र झुटो रहे छ भनी पुस्तकहरु आगोमा पोल्न लागेको देखे। यो दृष्य देखी राजालाई बड़ो दुःख भयो र उनले ज्योतिषीलाई शास्त्रका पुस्तक डढाउन दियेनन्। ज्योतिषीलाई आफुसित दरबारमा ल्याई डोकाका पींदमा टाँसियेको स्वर्णरज राजाले देखाये तथा शास्त्र सत्य रहे छ भनी उनले भने। ज्योतिषीका परामर्शानुसार ज्यामी-हरूले कसरी बालुवा ल्यायेको रहे छ भन्ने कुराको राजाले जाँच गरे। बुझ्दा शुभ मुहूर्तमा झिकेर ल्याउन लागेको बालुवा काठमांडुको व्यापारी साखवालले लियेको तथा फेरी उही ठाउँमा गै उनीहरुले बालुवा झिकी दरबारमा ल्यायेको कुरा चाल पाइयो।

अगाध धन एक्कासी पायेको हुनाले साखवालले काठमांडुका राजा जयदेव मल्लको आज्ञा लियेर काठमांडुका सम्पूर्ण मानीसलाई अऋणी तुल्यायो औ नेपालमा नयाँ संवत् चलायो। यती गरी पशुपतिनाथका दक्षिण ढोका नेर आफ्नो शिलामूर्ति साखवालले राख्यो औ वहाँ पछी उसको मृत्यु भयो।

कालान्तरमा साखवाललाई शङ्खधर भन्ने संस्कृत नाम प्रदान गरियो औ उसले चलायेको संवत् श्रीशङ्खधरकृत नेपाल संवत् भनी प्रसिद्ध भयो[१]।

आनन्द मल्ल नेपाल संवत् २७५ सन् ११४५-४६ ई० तिर राज्य गर्थे। यो कारणले त्यो वेला नेपाल संवत् आरम्भ गरियेको हो भनी वंशावलीहरुमा जो भनियो त्यो कुरा साँचो तथा विश्वसनीग छैन भन्ने कुरा भनी रहन पर्दैन। दुई सये पचहत्तर वर्ष अघी आरम्भ भयेको नेपाल

---

१. साखवाल नाउँ पनी बडो सन्देहजनक छ। साखको अर्थ हिन्दीमा विश्वास वा पत्त्यार हुन्छ औ साखवाल शब्द विश्वासी वा पत्त्यार भयेको व्यापारीलाई बुझाउँदा प्रयोग गर्न सकिन्छ।

संवत्लाई यती पछी आरम्भ भयो भनेका कुरा बाट वंशावलीकारलाई यसको आरम्भ किन वा कसरी भयो तेसको यथार्थ ज्ञान रहेनछ तर उनीहरुले यौटा कपोलकल्पना गरी तेसका आरम्भको कथा भनेका रहेछन् भन्ने कुरा स्पष्ट बुझिन्छ।

भारतीय विचार परम्परा अनुसार नवीन संवत् चलाउने अधिकार चक्रवर्ती राजाको मात्र छ। आफ्ना महान् पुरुषार्थ द्वारा सार्वभौम राजा हुने सम्राट् मात्र देशमा नयाँ संवत् फिराउने अधिकारी हुन्छ। शकविजेता विक्रमादित्यले विक्रम संवत् चलायेको हो भन्ने विश्वास बडो प्रचलित छ। फेरी, संवत् फिराउँदा दुनियाको ऋण सबै तिरी दी प्रजालाई अऋणी तुल्याउन पर्छ भन्ने विश्वास नेपालमा अद्यापि छँदै छ। यही लोकविश्वासका आधारमा शुभ मुहूर्तमा खनेको बालुवा सुनका रूपमा परिवर्तित भयेको कुरा कल्पना गरी साखवाल धनी भै प्रजालाई अऋणी तुल्यायेको कथा रचना गरियेको हो भन्ने कुरा स्पष्ट छ।

नेपाल संवत् कुन राजाका पालामा आरम्भ भयेको हो सो पनी अझ निर्णय हुन सकेको छैन। केही विद्वान्ले यो संवत् राघवदेव नामका राजाका पालामा आरम्भ भयेको हो भनी भनेका छन्। कर्कपेट्रिकको वंशावली तथा बेंडलले पायेको वंशावलीमा बाहेक अरु वंशावलीहरुमा प्रायः राघवदेवको नाम पनी छैन। राघवदेवका विषयमा कर्कपेट्रिकले इनले नेपालमा तांबुल (?) संवत् चलाये भनी भनेको छ। बेंडलले पायेको वंशावलीमा भने इनको नाम बाहेक अरु थोक केही लेखियेको छैन। इनले नयाँ संवत् चलायेको भये तेसको उल्लेख यसमा हुनु उचित थियो। बेंडलले पायेको वंशावलीमा राघवदेव तथा उनी पछी राज्य गर्ने ६ राजाको त्यो वंशावलीमा वर्णित राज्यकालको अवधिको योग १३५ वर्ष हुने तथा सप्तम राजा लक्ष्मीकामदेवको प्राप्त प्रामाणिक मिति सित यो मिल्ने हुनाले बेंडलले नेपाल संवत्का आरम्भकर्ता राघवदेवलाई नै मानेको छ[१]। राघव-

१. बेंडलले पायेको वंशावली ताडपत्रमा प्राचीन नेवारी अक्षरमा लेखियेको छ तथा यो स्थिति मल्लका पालामा (आ० १३८३-आ० १३९६) लेखियेका हो। यसको

देवलाई नेपाल संवत्को प्रवर्तक जुन प्रमाणका आधारमा मानियेको छ त्यो निर्बल प्रतीत हुन्छ ।[१]

अब नेपाल संवत्को विक्रम संवत् सित अलीकता तुलना गरी हेर्नु उचित छ । उत्तर भारतमा अचेल विक्रम संवत्को आरम्भ चैत्र मास देखी गरिन्छ औ यसका महिना पूर्णिमान्त हुन्छन् अर्थात् मासगणना कृष्ण पक्ष देखी गरिन्छ । तर प्राचीन कालमा विक्रम संवत्को गणना कार्तिक देखी गरिन्थ्यो भन्ने विद्वान्हरुको भनाई छ । पछी यो चलन उठी चैत्र देखी वर्षारम्भ हुने चलन चल्यो तथा उत्तर भारतमा अझ पनी यही चलन छ । तर काठियावाड, गुजरात, बंबई आदि ठाउँमा यसको आरम्भ कार्तिक देखी मानिन्छ औ यसका मास अमान्त छन् अर्थात् महिनाको आरम्भ शुक्ल पक्ष देखी गरिन्छ औ शेष कृष्ण

विस्तृत विवरण महामहोपाध्याय हरप्रसाद शास्त्री द्वारा १९०५ मा प्रकाशित बीर लाइब्रेरीमा भयेका पुस्तकहरुका सूची सित प्रकाशित बेंडलको ऐतिहासिक लेखमा गरियेको छ । हाल यो वंशावली योगी नरहरिनाथले सम्पादन गरी गोपाल वंशावलीका नामले हिमवत् संस्कृति वर्ष १ अङ्क १ मा प्रकाशित गर्नु भयेको छ ।

१. योगी नरहरिनाथ द्वारा सम्पादित गोपाल वंशावलीमा (पृष्ठ–११) राघवदेव तथा उनी पछी हुने राजाहरुको राज्यकालको अवधि तल लेखिये बमाजिम छ ।

	वर्ष	मास
राघवदेव	४३	६
जयदेव	१०	०
विक्रमदेव	८	९
नरेन्द्रदेव	१	६
गुणकामदेव	८५	६
उदयदेव	५	२
जम्मा	१५४	५

बेंडलका मत अनुसार पनी उदयदेव पछी नै लक्ष्मीकामदेवको समय छ । यो कारणले यो विषयमा यसै हो भन्नु बडो गाहारो छ ।

पक्षमा हुन्छ। नेपाल संवत् पनी यसतै कार्तिकादि छ तथा यसका महिना अमान्त छन्।

नेपाल संवत् कार्तिकादि तथा यसका मास अमान्त भयेको हुनाले औ विक्रम संवत् यही रूपमा दक्षिणामा अद्यावधि चलेको हुनाले कर्क-पेट्रिक झैं केही विद्वान्हरुले कर्णाटकका राजा नान्यदेवको नेपाल आक्रमण संग यसलाई जोर्ने चेष्टा गरेका छन्[१]। नेपाल संवत् २१७ शाके १०१९ ई० मा भयेको नान्यदेवको आक्रमणलाई वंशावलीहरुमा नेपाल संवत् ९ तथा शाके ८११ मा गरियेको हो भनी जो भूल गरियेको छ त्यो भूल नै उपर्युक्त विश्वासको प्रधान कारण बुझिन्छ। यो भूलको सविस्तर विवेचन पछी गरिने छ। नान्यदेवको आक्रमण भयेको वास्तविक तिथि भन्दा २०२ वर्ष अघी शाके ८११ मा यो आक्रमण भयेको हो भनी वंशावलीहरुमा लेखियेको हुनाले नान्यदेवको आक्रमण नेपाल ९ मा हुन आउँछ। नेपाल संवत्को वर्तमान रूप पनी दक्षिणमा चलेको विक्रम संवत्का रूप सित मिल्ने हुनाले नान्यदेवले नै नेपाल संवत् चलायेको होला भनी अनुमान गर्न विद्वान्हरुलाई सजिलो हुँदा यो भ्रमको सृष्टि भयेको हो। तर नेपाल संवत् चलेका २०२ वर्ष पछी नान्यदेवले नेपालका अञ्चलमा आक्रमण गरेको हुनाले उनी सित नेपाल संवत्को केही सम्बन्ध छैन भन्ने कुरा स्पष्ट छ।

नान्यदेवको आक्रमण सित नेपाल संवत्को केही सम्बन्ध न भये ता पनी यसको दाक्षिणात्य रूप भयेका कुरामा केही सन्देह छैन। दक्षिणको यो प्रभाव नेपाल माथी कसरी पऱ्यो त्यो कुरो विचारणीय छ। यो सम्बन्धमा वंशावलीमा वर्णन गरियेको यौटा कुरा अर्थपूर्ण छ। नेपाल संवत् आरम्भ हुनु भन्दा केही अघी वरदेव नामक राजा नेपालमा राज्य गर्थे तथा इनका पालामा शङ्कराचार्यका अवतार जसता एक जना ब्राह्मण वहाँ शङ्कराचार्यले बाँधेको थिती कसरी पालन हुँदै छ भनी बुझ्न आये भनी

१. कर्कपेट्रिक तथा भारतीय प्राचीन लिपिमाला—महामहोपाध्याय गौरीशंकर हीराचन्द ओझा

वंशावलीहरुमा लेखियेको छ[१]। वरदेव माथी ई ब्राह्मणको निकै प्रभाव परेको बुझिन्छ किन भने इनै ताक जन्मेका आफ्ना छोराको नाउँ इनै ब्राह्मणका आगमनका स्मृतिमा उनले शङ्करदेव राखे भनी वंशावलीहरुमा भनियेको छ[२]। नेपाल संवत् आरम्भ हुनु भन्दा केही अघी शङ्कराचार्यका अवतार मानियेका ब्राह्मण नेपाल आउनु, राजा माथी उनको ठुलो प्रभाव परी राजाले सो समयमा जन्मने आफ्ना छोराको नाम शङ्करदेव राख्नु आदि कुरा विचारणीय छन्। शङ्कराचार्यका अवतार मानियेका ई ब्राह्मण वंशावलीमा स्पष्ट न भनियेको भये ता पनी दाक्षिणात्य नै होलान् भन्ने कुरा मान्न केही आपत्ति देखिदैन। वंशावलीका उपर्युक्त कथनहरु बाट नेपाल संवत् आरम्भ भये ताक नेपालमा दाक्षिणात्य प्रभाव पुगेको कुरा चाल पाइन्छ औ नेपाल संवत् माथी यसतै कुनै प्रभाव परेको भये त्यो आश्चर्यको कुरो मानिने छैन। हाल यो सम्बन्धमा यती भन्दा बढता केही भन्न सकिंदैन।

नेपाल संवत्का विषयमा अर्को यौटा कुरो पनी विचारणीय छ।

---

१. शङ्कराचार्यको काल निश्चित रूपले निर्णय न भयेको भये ता पनी विद्वान्हरुले उनको जन्म ७८८ ई० औ मृत्यु ८२० ई० मा भयेको हो भनी मानेका छन्। नेपालमा शङ्कराचार्य गयेको तथा पशुपतिनाथमा नम्बूद्री ब्राह्मण पुजारी नियुक्त गरेको यौटा ऐतिह्य पनी छ, यद्यपि यसको के मूल्य छ तेसको अङ्कन अहिले साधनका अभावले गर्न सकिंदैन। तर शङ्करको तिरोधान भये पछी कोही उनका चेला नेपाल गै वहाँका राजा माथी आफ्नो प्रभाव स्थापित गर्नु आश्चर्यको कुरो छैन।

२. पाटनको महाबोधि विहारमा ताडपत्रमा लेखियेको यौटा प्रज्ञापारमिताको पुस्तक छ। तेसमा "परमभट्टारक महाराजाधिराज परमेश्वरश्री शङ्करदेव राज्ये" भनी लेखियेको तथा संवत् ७ (सात सूचक अक्षर) लेखियेको हुनाले यो नेपाल संवत् नै होला भन्ने अनुमान हुन्छ। साथै नेपाल संवत्का प्रवर्तक शङ्करदेव नै सम्भव भयेको कुरा यता बाट अनुमान हुन्छ। तर यो विषयको अझ निकै अनुसन्धान भये पछी मात्र यसका विषयमा केही निश्चित रूपले भन्न सकियेला।

यो संवत् २० ओक्टोबर ८७९ ई० देखी चलेका कुरा बाट यो शक संवत्को अष्टम शताब्दी अन्त्य भयेका समय देखी चलेको कुरा चाल पाइन्छ। माथी उल्लेख गरियेको ५७६ ई० मा आरम्भ हुने संवत् शक संवत्को पञ्चम शताब्दिका शेष देखी आरम्भ भयेको बुझिन्छ। यसमा एक दुई वर्षको जो भेद देखिन्छ त्यो गणनाको भेद हुन सक्छ। यसरी ई दुवै संवत् शक शताब्दिका अन्त्य देखी चलेका कुराको अनुमान हुन्छ। प्राचीन कालमा हिमालयका सबै ठाउँमा शक संवत्को व्यवहार भयेको कुरा चाल पाइयेको छ। यसै कारणले नेपाल उपत्यकामा प्राचीन कालमा व्यवहार गरियेको मानदेव आदि राजाहरुका शिलालेखमा पाइये-को संवत्लाई नेपालका कतिपय विद्वान्हरु शक संवत् नै मान्न लागेका छन्। वहाँ पछी नेपाल उपत्यकामा नेपाल संवत् चल्यो। यसको थालनी पनी अष्टम शक शताब्दिका अन्त्य देखी भयेको थियो तथा यसलाई दक्षिणमा प्रचलित विक्रम संवत्को रूप प्रदान गरियेको थियो। पछी पृथ्वीनारायण शाहले नेपाल उपत्यका विजय गरे पछी राजकीय कार्यमा यसलाई खारेज गरी सर्वत्र पहाडमा उत्तर भारतमा जुन रूपमा शक संवत् चलेको थियो सोही रूपमा यसलाई नेपालमा चलाये। प्राइम मिनिस्टर चन्द्रसंशेरको समय देखी शक संवत्को व्यवहार राजकीय कार्यमा खारेज गरी उत्तर भारतमा चलेको विक्रम संवत्को व्यवहार चलाइयो।

नेपाल संवत् शक संवत्को ८०० वर्ष छोडी ८०१ शक संवत्लाई १ संवत् भनी आरम्भ गरियेको सांवत्सरिक व्यवहार हुनु सम्भव छ तथा केही कालमा यो व्यवहार नै यौटा नयाँ संवत्का रूपमा स्वीकार गरियेको हो भन्ने कुरा पनी अनुमान हुन्छ। यो कथनका निम्ती स्पष्ट प्रमाणको अभाव छ। तर यस प्रकारको व्यवहार भारतमा अन्यत्र पनी चलेको हुनाले नेपालमा पनी चल्नु सम्भव छ।[१]

१. काश्मीरमा यसतो लौकिककालको गणनां प्रचलित थियो।

कोलहार्नले[1] नेपाल संवत्का अनेक तिथिको गणना गरी यसको प्रथम दिन वर्तमान चैत्रादि विक्रम संवत् ९३६ कार्तिक शुक्ल प्रतिपदा तदनुसार २० ओक्टोबर ८७९ ई० हो औ यसको गणनापद्धति गत संवत्सरको नै भयेको कुरा प्रमाणित गरेको छ। गत नेपाल संवत्को कार्तिक देखी फाल्गुन सम्मको महिनामा ९३७ जोरे तथा चैत्र देखी आश्विन सम्मका महिनामा ९३८ जोरे वर्तमान विक्रम संवत् प्राप्त हुने कुरो सिद्ध गरेको छ। कोलहार्नले विक्रम संवत् तथा नेपाल संवत्को सम्बन्ध निर्णय गरे झैं नेपालका ज्योतिषीहरुले शक संवत् तथा नेपाल संवत्का सम्बन्धका विषयमा राम्रो अध्ययन न गरेको हुनाले यो विषयमा नेपालमा बडो सन्दिग्धता उपस्थित भयेको बुझिन्छ। यो कुराको प्रमाणस्वरूप नेपालको बीर लाइब्रेरीमा भयेको नेवारी अक्षरमा लेखियेको खण्डखाद्य टीका[2] नामका ज्योतिषको पुस्तक उपस्थित गर्न सकिन्छ। तेसमा नेपाल संवत् बाट शक संवत् तुल्याउने विधि तल लेखिये बमोजिम छ।

नेपालसस्थं नयनाभ्रनाग वर्षक्षिपेदेष शकाब्द कालः। नयनाभ्रनाग ८०२ तेषु वर्तमान संवत्सरं योजदयेदयं शक कालो भवति।

अर्थात् वर्तमान नेपाल संवत्मा ८०२ जोरे पछी शक संवत् निस्कन्छ। यता बाट खण्डखाद्य टीकाका लेखकले यो नियम बनाउँदा नेपाल संवत् कार्तिकादि हुनाले शक तथा नेपाल संवत्का बारहै महिनाको समान सम्बन्ध हुँदैन भन्ने कुरो विचार न गरेको बुझिन्छ। दामोदर भट्टले लेखेको नवरत्नम्[3] नामक पुस्तकका अन्त्यमा लेखियेका शक तथा नेपाल संवत्का तिथि बाट खण्डखाद्य टीकाका लेखकले दियेको नियम भ्रमपूर्ण भयेको कुरा प्रमाणित हुन्छ। त्यो पुस्तकमा शाके १६०७ मार्गशिर बदि अष्टमी मघा नक्षत्रे सोमदिने''नेपाल संवत् ८०६ लेखियेको छ। खण्डखाद्य टीकाका नियम बमोजिम ८०६ मा ८०२ योग गर्‍यो भने १६०८

१. इण्डियन एण्टिक्वेरी—भाग १७—सेपटेबर, १८८८

२. सूची भाग १, पृष्ठ २६।

३. ऐ० ऐ०, पृष्ठ १९५।

हुन्छ तर पुस्तकमा शाके १६०७ लेखियेको छ । तर विक्रम संवत् तथा शक संवत् दुवै चैत्रादि हुनाले कीलहार्नको विक्रम संवत् सम्बन्धी नियमका आधारमा ८०६ सित ८०१ योग गरे फल १६०७ शाके प्राप्त हुन्छ ।

नेपाल तथा शक संवत्को पारस्परिक सम्बन्धका विषयमा यसता अनेक भूल भेटिन्छन् । उदाहरणार्थ पितृभक्तितरङ्गिणी नामक ग्रन्थ उपस्थित गर्न सकिन्छ । तेसमा १५८७ नेपाल संवत् ७८४ लेखियेको छ । यता बाट नेपाल संवत् तथा शक संवत्मा ८०३ वर्षको भेद देखिन्छ ।

कोही कोही इतिहासकारले स्रोंग सन गंपोको समयमा (मृत्यु ६५० ई०) तिब्बतको नेपाल माथी स्थापित भयेको आधिपत्य नवम शताब्दिका अन्त्यमा शेष भयेको हुनाले तेही महान् घटनाका स्मृतिरक्षार्थ नेपाल संवत् चलेको कुरा भनेको बुझियेको छ । तिब्बतको नेपाल माथी सप्तम शताब्दिका आरम्भमा जो आधिपत्य स्थापित भयेको थियो त्यो नाम मात्रको थियो तथा अल्पायु थियो । स्रोंग सन गंपोका मृत्यु पछी तिब्बतको चीन सित जो लामो युद्ध भयो त्यो नै तिब्बतलाई प्रशस्त थियो और सुदूर नेपालमा के हुँदै थियो सो विचार गर्ने उसलाई सामर्थ्य वा अवकाश थियेन । फेरी नेपाल तथा तिब्बत सित जो सांस्कृतिक सम्बन्ध यो कालमा स्थापित भयेको थियो तेसले ई दुई देशको सम्बन्ध अत्यन्त प्रेमपूर्ण तथा पारस्परिक श्रद्धायुक्त तुल्यायेको थियो । तेसमा आधिपत्यका भावको कुनै स्थान थियेन[१] ।

टिप्पणी

प्रथम अध्याय

सप्तम शताब्दिका पूर्वार्धमा तिब्बतमा स्रोंग सन गंपो नामक प्रतापी राजा भये । इनले साना साना राज्य जिती तिब्बतको सङ्गठन गरी लासा आफ्नो राजधानी तुल्याये । इनको अंशुवर्माकी छोरी राजकुमारी भृकुटि

१. यो सम्बन्धमा यसै अध्यायको अन्त्यमा भयेको टिप्पणीमा विस्तृत विवेचना गरियेको छ ।

सित विवाह भयेका थियो। इनले चीनकी राजकुमारी सित पनी विवाह गरेका थिये। तिब्बतमा बौद्ध धर्मका प्रचारमा ई दुई विवाह द्वारा निकै सहायता प्राप्त भयेको थियो। स्रोंग सन गेंपोका राज्यकालका विषयमा केही मतभेद भये ता पनी उनको मृत्यु ६४९-६५० ई० मा भयेको हो भन्ने कुरो नै धेरै विद्वान्हरुले मानेको छ।

तिब्बतमा स्रोंग सन गेंपो राजा हुँदा नेपालमा लिच्छवी राजाहरु निर्बलिया भयेको समय थियो। तर नेपालका सौभाग्यले अंशु वर्मा नामक महासामन्त त्यो वेला नेपालमा शक्तिशाली भयेका थिये। तिब्बतमां बौद्ध धर्म प्रति जागरित भयेको भावनालाई अझ पुष्ट गराउन भने झैं उनले आफ्नी पुत्री भृकुटीको विवाह स्रोंग सन गेंपोसित बुद्धिमानीपूर्वक गरी दिये। यसले गर्दा तिब्बत तथा नेपालको अत्यन्त सौहाद्रपूर्ण सम्बन्ध स्थापित भयो।[1]

अंशु वर्माका मृत्यु पछी नेपालमा यौटा गृहकलह भयेको कुरा चाल पाइयेको छ। चीनकी तांग वंशको वंशावलीमा काकाले बलपूर्वक राज्य आफ्ना अधिकारमा गराउँदा लिच्छवी नरेन्द्रदेव भागी तिब्बतको शरण पर्न गयेको तथा तिब्बतका सहाताले नेपालमा उनले आफ्नो अधिकार पुनः स्थापित गरेको कुरा लेखियेको छ। यो कारणले नेपाल तिब्बतका अधीन भयो भनेर पनीन्त्यो वंशावलीमा लेखियेको छ[2]।

---

१. स्रोंग सन गेंपोले नेपालकी राजकुमारी माग्दा भनेका कुरा भनी तिब्बती वंशावली बाट उद्धृत गरेका तल लेखिथेका कुरा वेडेलले लेखेका छन्। "असभ्य तिब्बतको राजा म दस पारमिताको आचरण गर्दिन, तर तपाईंले आफ्नी पुत्री मलाई दिनु भयो भने औ मैले धर्म ग्रहण गरुँ भन्ने तपाईंको इच्छा भयो भने म दस पारमिताको आचरण पाँच हजार खण्ड आफ्नो देह बढायेर गर्नेछु।...म सित कलाको ज्ञान न भये ता पनी...तपाईंले इच्छा गरे...म पाँच हजार देवस्थान बनाउने छु।" (पृष्ठ-२१) उपर्युक्त कथन वंशावलीकारको कपोलकल्पना नै भये ता पनी यस बाट नेपाल तथा तिब्बतको अत्यन्त सौहाद्र-पूर्ण सम्बन्ध भयेका कुराको अनुमान हुन्छ।

२. जर्नल आव दी रायल एशियाटिक सोसाइटी—१८८०—अर्ली हिस्ट्री आव टिबेट फ्राम चाइनीज सोर्सेज, एस्. डबल्यू. बुशनेल, टिप्पणी-३१

स्रोंग सन गंपो तिब्बतमा राजा हुँदा उत्तर भारतमा हर्षवर्धनको शक्तिशाली राज्य थियो। हर्षवर्धनको ६४७ ई० मा मृत्यु भये पछी उनको राज्य छिन्नभिन्न भयो। उत्तर विहारमा अर्जुन वा अरुणाश्व नामक कोही व्यक्ति आफ्नो अधिकार स्थापित गरी बसेको बुझिन्छ।

इनै ताक चीन बाट वाँग युयेन शेका नेतृत्वमा चीनियाँहरुको यौटा दल नेपालको बाटो बोध गया जान भनी आयेको थियो। त्यो यात्रीहरुको दल उत्तर विहारमा आई पुगे पछी अर्जुन वा अरुणाश्वले त्यो दल माथी आक्रमण गरी तेसका सदस्यहरुलाई मारी उनीहरुको सम्पत्ति लुटे। दलपति वांग युयेन शे कुनै उपायले प्राण जोगाई भागी नेपाल पुगे। उनले तिब्बतका राजा स्रोंग सन गंपो तथा नेपालका राजा नरेन्द्रदेव संग अर्जुनका विरुद्ध सहायता मागे। स्रोंग सन गंपोले पठायेको पदातिक सैन्य तथा नरेन्द्रदेवले दियेका सात हजार रिसल्लाका सहायताले अर्जुन वा अरुणाश्व माथी आक्रमण गरियो। अर्जुन यो युद्धमा मारिये औ यो विजयी सेनाले उत्तर भारतका अनेक राज्य जित्यो। यो घटना ६४७ वा ६४८ ई० को हो।

स्रोंग सन गंपोका अधीन नेपाल सहित उत्तर भारतको आधा भाग नै थियो भन्ने कुरा प्राचीन चीनियाँ वंशावलीहरुमा लेखियेको छ। तर यो कथन अरु प्रमाण द्वारा समर्थित हुँदैन। यसैले आधुनिक भारतीय इतिहासकारहरु उत्तर भारतको आधा भाग स्रोंग सन गंपोका अधीन थियो भन्ने कुरा कपोलकल्पना हो तर नेपाल उनका अधीन भयेको कुरा त साँचो हो भनी भन्छन्।

अब यहाँ विचार गर्न पर्ने कुरा के छ भने नेपालमा स्रोंग सन गंपोको शासन थियो कि थियेन तथा थियो भने यो शासन कसतो थियो।

माथी अंशु वर्माकी छोरी सित स्रोंग सन गंपोको विवाह भयेका कुराको उल्लेख भयेको छ। यो विवाहको परिणामस्वरूप नेपाल तथा तिब्बत सित जो धार्मिक तथा सांस्कृतिक सम्बन्ध स्थापित भयो त्यो अत्यन्त महत्त्वपूर्ण थियो। तेसमा आधिपत्यको गन्ध पनी थियेन। उल्टो नेपाल

प्रति अत्यन्त सम्मान तथा प्रेमको भाव भयेको कुरा चाल पाइन्छ। अंशु वर्माको मृत्यु भयेका केही वर्ष पछी नेपालमा गृहकलह भयेको हुनाले लिच्छवी नरेन्द्रदेव तिब्बत भागेर गई स्रोंग सन गेंपोका सहायताले आई नेपालमा आफ्नो शासन कायम गरी बसे। नरेन्द्रदेवले स्रोंग सन गेंपोका सहायताले राज्य उकासेको हुँदा उनले तिब्बतको अधीनता स्वीकार जो गरे त्यो पनी केवल नाम मात्रको थियो भन्ने कुराको अनुमान इनको, इनका राज्यको तथा तात्कालीन नेपालको जो वर्णन चीनियाँ वंशावली-हरुमा पाइन्छ तेता बाट अनुमान हुन्छ। त्यो वर्णन पढ्दा नरेन्द्रदेव अधी-नस्थ राजा भये जसतो सर्वथा लाग्दैन।

स्रोंग सन गेंपोको मृत्यु ६५० ई० मा भये पछी उनका उत्तराधिकारी उनका नाबालिग पौत्र मान सन भये। यही वेला ६५१ ई० मा नरेन्द्रदेवले चीनमा आफ्नो श्रद्धा तथा भक्ति ज्ञापन गर्न यौटा दूतमण्डल पठाये। तिब्बतको अधीनस्थ राज्य नेपाल थियो भन्ने जो कुरा छ तेसमा वर्णन गरियेको अधीनता नाम मात्रको रहेछ भन्ने कुरा चीनका राजा कहाँ नरेन्द्रदेवले दूत पठायेका कुरा बाट पनी सहजै अनुमान गर्न सकिन्छ। तर नरेन्द्रदेवले स्रोंग सन गेंपोको देहान्त हुने बित्तिकै चीनमा दूतमण्डल पठायेको कुरा अर्थपूर्ण छ। तिब्बतको नाम मात्रको अधीनता जो थियो तेसका विरुद्ध यो कूटनीतिक दाउ हुनु सम्भव छ। दूतमण्डल पठाई तथा चीन बाट आउने मण्डलहरुको स्वागत तथा सहायता गरी उनले चीनलाई खुशी तुल्याउने प्रयत्न गरेको कुरा चाल पाइयेको छ।

स्रोंग सन गेंपोका उत्तराधिकारीका छोराले जो नेपाल माथी अष्टम शताब्दिका थालनीमा आक्रमण गरे भन्ने कुरा तांग वंशावलीमा लेखियेको छ तेसको कारण सम्भवतः नरेन्द्रदेव पछी नेपाल चीन तिर लहसियेका कारणले पनी हुन सक्छ। यो बाहेक स्रोंग सन गेंपोंका मृत्यु पछी तिब्बत तथा चीनको धेरै काल सम्म लड़ाईं भै रहेको कुरा पनी हामीलाई थाहा छ। नेपाल सित भयेको यो लड़ाईं ७०३ ई० वा ७०५ ई० मा

भयेको थियो तथा यसमा तिब्बत माथी नेपालको विजय भयेको थियो तथा यसमा तिब्बतका राजा मारियेका थिये।

यो पछी तिब्बत चीन सितका लड़ाईमा व्यस्त भयो औ नेपाल पूर्ववत् स्वतन्त्र रूपले आफ्नो शासन गर्न थाल्यो। अष्टम शताब्दिका मध्य तिर काश्मीरका राजा मुक्तापीड ललितादित्यले पनी तिब्बतलाई युद्धमा हरायेका थिये। यो पछी ८१४ ई० मा राल पा चन तिब्बतका राजा भये पछी तिब्बतमा घर झगडा आरम्भ भयो। लाङ डरमा उनीलाई मारी राजा भये और ८४१ ई० मा इनको बौद्ध धर्मविरोधी नीतिले गर्दा इनी स्वयं मारिये। लाङ डरमाका मृत्यु पछी तिब्बत अनेक भागमा विभक्त भयो औ स्वभावतः निर्दो भयो।

यसता स्थितिमा तिब्बतले नेपालमा धेरै सम्म आफ्नो आधिपत्य स्थापित गऱ्यो होला भन्ने कथन हत्तपत्त पत्याइने योग्य देखिंदैन। फेरी ८४१ ई० देखी ता अवश्य नै यो आधिपत्य रहन पायेन। यसैले तेसका ३९ वर्ष पछी तेसका स्मृतिमा नेपालले नयाँ संवत् चलायो भन्ने कुरो पनी उसतो बलवान् प्रतीत हुँदैन।

द्वितीय अध्याय

अन्धकारपूर्ण काल

नेपाल संवत्को प्रथम सये वर्षको इतिहास सन्दिग्ध अवस्थामा छ। वंशावलीहरुमा यो समयको इतिहासमा मतभेद देखिन्छ तथा यो समयमा लेखियेका जो पुस्तक पाइयेका छन् तिनमा धेरै जसोमा राजाका नामको उल्लेख न भयेको हुँदा वंशानुक्रमिक इतिहासका निम्ती ती विशेष उपयोगी प्रमाणित हुँदैनन्। यसो भये ता पनी ती पुस्तकहरु बाट यो समयमा विद्याको निकै प्रचार भयेका कुराको अनुमान हुन्छ।

वंशावलीहरुमा नेपाल संवत् आरम्भ भये पछीको समयमा राज्य गर्ने राजाहरुका समयका विषयमा मदभेद छ। वंशावलीहरुमा तिनीहरुको नामक्रम तल लेखे बमोजिम छ।

कर्कपेट्रिकको वंशावली	राइटको वंशावली	बेंडलले पायेको (गोपाल) वंशावली तथा उनका मतानुसार
राघवदेव	वर्धमानदेव	
शेषरदेव	यलिदेव	राघवदेव
सहदेव	जयदेव	जयदेव
विक्रमदेव	बालार्जुनदेव	विक्रमदेव
नरेन्द्रदेव	विक्रमदेव	नरेन्द्रदेव
गुणकामदेव	गुणकामदेव	गुणकामदेव
उदयदेव	भोजदेव	उदयदेव
निर्भयदेव	लक्ष्मीकामदेव	निर्भय + रुद्र
भोजदेव बुद्रो (रुद्रदेव ?)	जयकामदेव	भोज + रुद्र + लक्ष्मीकामदेव
लक्ष्मीकामदेव		जय (विजय)
जयदेव		

यो कालका अन्तिम समयमा भयेको यौटा महत्वपूर्ण घटनाको वर्णन राइटका वंशावलीमा छ। (पृष्ठ १५३-५५) त्यो कुरा कान्तिपुरीको गुणकामदेव द्वारा स्थापना हो। वाग्मती तथा विष्णुमतीका दोभानमा खड्गाकार कान्तिपुर नगर गुणकामदेव द्वारा स्थापना गरियेको हो तथा तेसैलाई उनी राजधानी तुल्याई बस्न थाले।

प्राचीन कालमा किरातहरुको राज्य हुँदा राजधानी काठमांडुका उत्तरमा वाग्मतीका किनारमा स्थित गोकर्ण नामक स्थानमा थियो। पछी लिच्छवीहरुको शासन स्थापित भये पछी गोदावरीमा राजधानी सारियेको कुरा वंशावलीहरुमा छ। वहाँ बाट राजधानी वाणेश्वरमा सारियेको बुझिन्छ। वाणेश्वर बाट राजधानी देवपाटनमा सारियो। सप्तम शताब्दिमा हुने ठकुरी वंशका राजा अंशु वर्माको प्रसिद्ध दरबार देवपाटनका दक्षिण मध्यलखु नामक स्थानमा थियो। दसौं शताब्दिको अन्त्य वा एधारौं शताब्दिको आरम्भमा कान्तिपुर वा काठमांडु राजधानी तुल्याइयो। गुणकामदेवले स्थापना गरेको यो नगर आज सम्म नेपाली जातिका सभ्यता, संस्कृति तथा गौरवको केन्द्र भयेर दिन प्रति दिन उन्नति गर्दै वर्तमान छ।

अचेल नवीन नगर निर्माण गर्दा सार्वजनिक उपवन, पाठशाला, मजलिस घर इत्यादि कुराको सबै भन्दा पहिले प्रबन्ध गर्ने चलन छ। उहिले धार्मिक कर्मकाण्डलाई प्रधानता दिइने हुनाले नवीन नगर स्थापना गर्नु भन्दा अघी त्यहाँ सर्वसाधारणका हृदयमा भक्ति उत्पन्न गराउने देवी देवताको स्थापना नितान्त आवश्यक थियो। यसै कारणले काठमांडुका निर्माण सँगसँगै वंशावलीहरुमा अनेक देवीदेवताका स्थापनाका कुराको वर्णन पाइन्छ। चण्डेश्वरी, विद्याधरी भद्रकाली आदि देवीहरुको स्थापनाको उल्लेख वंशावलीहरुमा पाइन्छ। तिन ताकका मानिस पनी देवीदेवताका स्थानका वर पर बस्न मन पराउँथे।

देवीदेवताको स्थापना पछी तिनका आधारमा यात्राहरुको प्रचलन पनी चल्नु स्वाभाविक छ। वंशावलीहरुमा गुणकामदेवले हिले यात्रा,

कृष्णयात्रा, लाखेयात्रा इत्यादि पहिल्यै देखी चलेका यात्राहरूको उन्नति गरेका कुराको वर्णन छ। इनले नयाँ यात्रा पनी चलायेका थिये। खसर्प लोकेश्वरको (सेता मछेन्द्र) यात्रा पाटनका मछेन्द्रनाथका यात्राको अनुकरण गरी काठमांडुमा इनले चलाये।

सुनधारा नामक यौटा धारो निर्माण गरी नवीन नगरका मानीसले खाने पानीको प्रबन्ध गरियो। यो धारो विष्णुमतीका पुल बाट थानकोट जाने पुरानो बाटोमा पर्छ भनी राइटले लेखेको छ। (पृष्ठ १५४, टिप्पणी)।

वर्तमान समयमा झैं प्राचीन कालमा नेपाल कृषिप्रधान देश थियो। कृषि नै यहाँका मानीसको जीवननिर्वाहको प्रधान साधन थियो तथा पशुपालन तेसैका आडमा गरिन्थ्यो। जो व्यापार थियो दक्षिणमा भारत सित थियो। नेपाललाई चाहियेको अल्प माल भारत बाट नेपाल जान्थ्यो औ नेपालबाट उनी राडी, पाखी इत्यादि माल भारत आउँथे। यो व्यापार अत्यन्त साधारण थियो किन भने मानीसको जीवन अत्यन्त सरल हुनाले उनीहरु आफुलाई चाहिने थोरै माल आफैं बनाई हाल्थे।

लिच्छवीहरुका शासनकालमा यो स्थितिमा परिवर्तन आउन थाल्यो। लिच्छवी शासकहरु धारा, मन्दिर, भवन इत्यादि वस्तु निर्माण गर्न थाले तथा तेसले गर्दा नेपालको कलाको काम गर्ने वर्ग ठुलो तथा समृद्ध हुँदै आयो। राजाको आश्रय पायेको हुनाले काठ, शिला तथा धातुको काममा यो वर्गले निकै विचक्षणता प्राप्त गऱ्यो। इनै ताक सप्तम शताद्विमा तिब्बत सित नेपालको सम्बन्ध स्थापित गयो। तिब्बतले पनी बौद्ध धर्म स्वीकार गरेको हुनाले नेपालको कलाकारवर्गले आफ्नो धर्माश्रित कलाको प्रचार गर्ने यौटा नयाँ औ ठुलो क्षेत्र पायो। कलाकार सँग सँगै नेपालका व्यापारीहरुले पनी व्यापार गर्ने यौटा ठुलो क्षेत्र पाये र व्यापारीहरुका सार्थ नेपाल तथा तिब्बतमा ओहोरदोहोर गर्न थाले। चाँडै नै नेपाल यौटा व्यापारको समृद्ध केन्द्र भयो। यही समृद्धिले गर्दा नेपालमा नयाँ नयाँ नगर निर्माण हुन थाले। गुणकामदेवले निर्माण गरेको नगर कान्तिपुरी यसै समृद्धिको परिणाम हो भन्ने कुरामा केही सन्देह छैन। "नगरमा

१८,००० घर थिये। दिनको एक लाख रुपियाँको व्यापार न भये सम्म यो नगरमा बस्ने छु भनी लक्ष्मीले भनिन्" (राईट—पृष्ठ १५४) भन्ने वंशावलीको जो कथन छ तेसलाई हामीले उपर्युक्त दृष्टिले विचार गर्न पर्छ।

ने० सं० १२८ १००८ ई० मा लेखियेको अष्टसाहस्त्रिका प्रज्ञापारमिताका पुष्पिकाका प्रमाण बाट (बेंडल-क्याटलोग-एडीशनल ६) त्यो समयमा नेपालमा निर्भय तथा रुद्रको संयुक्त शासन भयेको कुरा चाल पाइयेको छ। यसका सातै वर्ष पछी ने० सं० १३५ १०१५ ई० मा लेखियेको अर्को अष्टसाहस्त्रिका प्रज्ञापारमिताको प्रमाण (बेंडल-क्याटलोग-एडीशनल १६४३) बाट त्यो समयमा भोजदेव, रुद्रदेव तथा लक्ष्मीकामदेवको संयुक्त शासन भयेको कुरा चाल पाइन्छ। राइटको वंशावलीमा रुद्रदेवको नाम छैन तर कर्कपेट्रिकका वंशावलीमा भोजदेवका नाम सित जोरियेको बुद्रोलाई रुद्रदेव मानेका खण्डमा तेसमा ई तीनै नाम छन् भन्न पर्छ।

लक्ष्मीकामदेव यो पछी आफैं मात्र राजा भयेका कुराको ने० सं० १५९ १०३९ ई० मा लेखियेको सद्धर्मपुण्डरीकको (ऐ० एडीशनल १६८३) प्रमाण बेंडलले उपस्थित गरेको छ। तर यो भन्दा १० वर्ष अघी लेखियेको भगवत्यास्वेदया यथालब्ध तन्त्रराज (सूची-भाग २-पृष्ठ ५) नामक पुस्तकका प्रमाण बाट ने० सं० १४९ आ० १०२९ ई० मा उनी राजा भई सकेको कुरो चाल पाइन्छ। तेसमा महाराजाधिराज परमेश्वर श्री लक्ष्मीकामदेव विजयराज्ये भनी लेखियेको छ।

लक्ष्मीकामदेवले पाटनमा कुमारी पूजा चलाई कुमारीको मूर्ति स्थापना गरे भन्ने कुरा वंशावलीहरुमा लेखियेको छ।

लक्ष्मीकामदेव पछी उनका छोरा जयकामदेव राजा भयेको कुरा वंशावलीहरुमा लेखियेको छ। जयकामदेवले पाटनमा बागी भयेका करद राजा भास्करदेवलाई पूर्णतया हराये भनी कर्कपेट्रिकका वंशावलीमा लेखियेको छ। राइटका वंशावलीमा भने जयकामदेव निस्सन्तान हुँदा

नुवाकोटका ठकुरीहरुले आफु मध्ये भास्करदेव नामक एक जनालाई राजा छाने भनी भनेको छ।

जयकामदेवको राजत्वकाल ने० सं० १६५ १०४५ ई० मा भयेको कुराको चतुषष्ठिनिबन्ध (सूची-भाग २, पृष्ठ ७) बाट प्रमाणित हुन्छ। त्यो पुस्तकमा "संवत् १६५ श्रावणशुक्लदशम्यां राज्ये श्री भास्करदेवस्य" भनी लेखियेको छ। यसका शीघ्र पछी ने० सं० १६७ १०४६ ई० मा लेखियेको विष्णुधर्म नामक अर्को पुस्तकमा परमभट्टारक महाराजाधिराज परमेश्वर श्रीभास्करदेवस्य भन्ने उच्च पदवि भास्करदेवलाई प्रदान गरियेको छ। यता बाट १०४६ ई० मा भास्करदेव नेपालका राजा भै सकेका कराको अनुमान हुन्छ।[१]

कालक्रम

१. राघवदेव
२. जयदेय
३. विक्रमदेव
४. नरेन्द्रदेव
५. गुणकामदेव
६. उदयदेव
७. निर्भयदेव + रुद्रदेव ने० सं० १२८ १००८ ई.
८. भोजदेव + रुद्रदेव + लक्ष्मीकामदेव ने० सं० १३५ १०१५ ई०
९. लक्ष्मीकामदेव ने० सं० १४९ आ० १०२९ ई० ने० सं० १५९ १०३९ ई०
१०. जयकामदेव ने० सं० १६५ १०४६ ई०

---

१. गोपाल वंशावलीमा भने (पृष्ट–११) उदयदेवका उत्तराधिकारीहरुको नाम भिन्न छ। निर्भय तथा रुद्रदेव औ भोजदेव, रुद्रदेव तथा लक्ष्मीकामदेवका संयुक्त शासनको तेसमा उल्लेख छैन। उदयदेवका उत्तराधिकारीको नाम हंसकामदेव लेखियेको छ। हंसकामदेवका उत्तराधिकारीको नाम विजयदेव छ। विजयदेव तथा जयकामदेव यौटै व्यक्ति हुनु सम्भव छ। विजयदेवका विषयमा "तेन ललितापुरी अर्ध राज्यं करोति" भनेका कुरा बाट भास्करदेव विद्रोही भै उनको केही राज्य पहिले नै खोसेका कुराको अनुमान हुन्छ।

२

ठकुरी राजवंश

वंशावलीहरुमा भास्करदेवलाई नुवाकोटको ठकुरी भनेको छ । यता बाट उनी जुन वंशका अंशु वर्मा थिये सोही वंशका रहेछन् भन्ने कुराको अनुमान हुन्छ । लिच्छवी नरेन्द्रदेवले तिब्बतका सहायताले सप्तम शताब्दिमा नेपालको सिंहासन आफ्ना अधीन गराये पछी अंशु वर्माका वंशका बैंस ठकुरीहरु नेपालको खाल्डो बाट ओल्टे कोल्टे लागी यत्र तत्र गै बस्नु स्वाभाविक छ । इनीहरु नुवाकोट गै बसेका कुराको अनुमान हुन्छ । जयकामदेव निस्सन्तान भयेर होस् वा शक्तिहीन भयेको हुनाले होस् मौका पर्ने बित्तिकै बैंस ठकुरीहरुले टाउको ठाडो पारी हालेको कुरा बुझिन्छ ।[1]

ने० सं० १६५. १०४५ ई० मा लेखियेको चतुष्षष्टी निबन्ध (सूची-भाग २-पृष्ठ ७) नामक पुस्तकका पुष्पिकामा "राज्ये श्रीभास्करदेवस्य" मात्र लेखियेका कुरा बाट इनी पाटनका सामन्त भयेको बुझिन्छ । सामन्तका स्थिति बाट इनले गरेको विद्रोह जयकामदेवले दमन गरेका कुराको वर्णन माथी भै सकेको छ । यसका केही समय पछी फेरी विद्रोह गरी भास्करदेव जयकामदेवका सिंहासनमा आरूढ़ भयेको कुरा बेंडलले उल्लेख गरेको ने० सं० १६७ १०४६ ई० मा लेखियेको विष्णुधर्म नामक पुस्तकका पुष्पिका बाट चाल पाइन्छ । तेसमा परमभट्टारक महाराजाधिराज श्रीभास्करदेव भनी लेखियेका कुरा बाट इनी सम्पूर्ण नेपालका राजा भयेको कुरा चाल पाइन्छ ।

पाटनको प्रसिद्ध हेमवर्णविहार भास्करदेवले निर्माण गरेको कुरा वंशावलीमा लेखियेको छ ।

भास्करदेव पछी उनका छोरा बलदेव वा बलबन्तदेव राजा भये । इनका पालामा ने० सं० १८० १०५९-६० ई० मा लेखियेका निश्वसाख्य

---

१. गोपाल वंशावलीको वर्णनमा (पृष्ठ--११) राजवंशको परिवर्तन वा सिंहासनका निम्ती कुनै प्रकारको द्वन्द भयेका केही कुराको उल्लेख छैन ।

महातन्त्रम् नामक पुस्तकको उल्लेख बेंडलले गरेको छ। तर यो भन्दा आठ वर्ष अधी ने० सं० १७२ १०५२ ई० मा लेखियेको ब्रह्मयामल नामक पुस्तकका पुष्पिकामा (सूची-भाग २-पृष्ठ ६०) "संवत् १७२ माघ शुक्लाष्टम्यां आदित्यदिने राजाधिराज परमेश्वर श्री बलदेव राज्ये" भनी लेखियेका कुरावाट इनी १०५२ ई० तिर राजा भै सकेको कुरा विदित हुन्छ। निस्वासाख्य महातन्त्र नामक पुस्तकका पुष्पिका बाट इनी १०६० ई० तिर राजा विद्यमान भयेको कुरा चाल पाइन्छ। इनले हरिपुर (वर्तमान हाँडीगाउँ ?) स्थापित गरेको कुरा गोपाल वंशावलीमा लेखियेको छ। (पृष्ठ ११)

बलदेव वा बलवन्तदेव पछी राजा हुने प्रद्युम्नकामदेवका समयमा ने० सं० १८५ १०६४-६५ ई० तथा ने० सं० १८६ १०६५-६६ ई० मा लेखियेका दुई वटा पुस्तकको उल्लेख बेंडलले गरेकोछ। गोपाल वंशावलीमा इनको नाम अस्पष्ट छ।

प्रद्युम्नकामदेव पछी नागार्जुनदेव राजा भये तर इनका समयमा लेखियेको कुनै पुस्तक पाइयेको छैन।

नागार्जुनदेव पछी शङ्करदेव राजा भये। इनका पालामा ने० सं० १८९ १०६८-६९ ई० मा लेखियेको यौटा पुस्तकको उल्लेख बेंडलले गरेको छ। उनले उल्लेख गरेका अरु दुई वटा पुस्तकका प्रमाण बाट ने० सं० १९१, १०७०-७१ तथा ने० सं० १९८, १०७७ ई० मा समेत शङ्करदेव राजा विद्यमान भयेको कुरा प्रमाणित हुन्छ।

काठमाण्डुका तना देवतालाई शङ्करदेवले आफ्नो इष्टदेवता मानेका थिये। यो कारणाले काठमांडुमा तना देवताको मन्दिर भन्दा अग्लो घर कसैले न बनाउनु भन्ने आज्ञा उनले दिये भनी वंशावलीमा लेखियेको छ। राजाका इष्ट देवताको मन्दिर भन्दा अग्लो घर कसैले बनाउन हुँदैन भन्ने धेरै काल सम्म नेपालमा चलेका प्रथाको सम्भवतः आरम्भ यही हो। मल्लहरुले तलेजुलाई इष्ट देवता मान्न थाले पछी तलेजुको मन्दिर भन्दा अग्लो घर न बनाउनु भन्ने राजाका आज्ञा द्वारा

समर्थित चलन चलेको थियो । यो चलन पृथ्वीनारायण शाहको नेपाल विजय पछी उठेका कुराको अनुमान हुन्छ । साधाणतः होचा घर नै बनाउने चलन नेपालमा हुनाले यो प्रथाले प्रजालाई विशेष असुविस्ता भयो होला भने जसतो लाग्दैन ।

शङ्करदेवका समय देखी भास्करदेवले स्थापित गरेको नुवाकोटका बैंस ठकुरीको राज्य समाप्त भयो भनी वंशावलीहरुमा लेखियेको छ ।

कालक्रम

भास्कर देव	१६७			१०४७
बलदेव वा बलवन्तदेव	१७२,	१०५२	१८०,	१०५९-६०
प्रद्युम्नकामदेव	१८५,	१०६४-६५	१८६,	१०६५-६६
शङ्करदेव	१८९,	१०६८-६९	१९८,	१०७७

३

फेरी प्राचीन राजवंशको शासन

नेपाल संवत्को द्वितीय शताब्दिका अन्त्यमा भास्करदेवले चलायेका वंशको शासन अन्त्य भयो औ वामदेव नामक राजा सिंहासनमा बसे । वामदेव कुन वंशका हुन् सो निश्चित रूपले भन्न सकिंदैन । वंशावलीहरुमा भास्करदेवले सिंहासनच्युत गरेको प्राचीन राजवंशको यौटा हाँगो वामदेवको वंश हो भनी लेखियेको छ ।

ने० सं० २०० १०८०-८१ ई० मा वामदेवका समयमा लेखियेका यौटा पुस्तकका उल्लेख बेंडलले गरेका छन् ।

यो भन्दा बाहेक बेंडलले ने० सं० २०३, १०८३ ई० को यौटा शिलालेखको पनी उल्लेख गरेका छन् । (बेंडल-जर्नी-पृ० ८०) तेसमा यशोदेव (भूनाथ) राजाका छोरा श्री धर्मात्मा बाणदेवले सूर्यको प्रतिमा थापे भनी लेखियेको छ । (श्री यशोदेव भूनाथ तनयो धर्मतत्परः ।

श्री वामदेव कृतवान् प्रतिमां सुप्रतिष्ठिताम् ॥) वामदेव तथा बाणदेव यौटै व्यक्ति हुन् औ यो अङ्कनका अशुद्धिले गर्दा नाममा भेद हुन गयेको हो भनी बेंडलले यो शिलालेखलाई वामदेवको नै हो भनी भने-को छ । वामदेव स्वयं राजा भयेका हुनाले वामदेवका पिता यशोनाथ साधारण "भूनाथ" जमीदार हुनु केही असम्भव छैन तर नामको विभिन्नता भने गाहारो कुरा छ औ राजाको नाम नै अशुद्ध अङ्कित हुनु आश्चर्यको कुरा छ ।

वामदेव पछी हर्षदेव राजा भये । ने० सं० २१० १०९० ई० तथा ने० सं० २१३ १०९३ ई० मा लेखियेका दुई वटा पुस्तकमा इनको नाम उल्लिखित छ । बेंडलले उल्लेख न गरेको तत्वसद्भावतन्त्रका (सूची-भाग २-पृष्ठ ११३) प्रमाण द्वारा ने० सं० २१७ १०९७ ई० मा पनी इनी राजा भयेको कुरा प्रमाणित हुन्छ । तेसका पुष्पिकामा तल लेखियेको कुरा लेखियेको छ ।

श्रेयोस्तु द्विशते सम्बत्सरे तीते सप्तदशप्रमूदितः ।
फाल्गुणस्य शुक्लस्यउत्तमेषु त्रयोदशौ ॥
....
....

श्री नेपालस्य विजयराज्ये महा श्री हर्षदेवराजेषु

हर्षदेव पछी शिवदेव राजा भये भनी बेंडलले भनेको छ । शिवदेव वा सदाशिवदेवका पालामा ने० सं० २४० ११२० ई० तथा ने० सं० २४३ ११२३ ई० मा लेखियेका दुई वटा पुस्तकको उल्लेख बेंडलले गरेको छ ।

शिवदेव वा सदाशिवदेवले कीर्तिपुर नामक नगरको संस्थापन गरे भनी राइटले भनेको छ । कीर्तिपुरकी गाई बाट नै पशुपतिनाथको पत्तो लागेको हुनाले यो स्थानले ठुलो महत्व प्राप्त गरेको थियो । यो कारणले यो नवीन नगरको नाम कीर्तिपुर राखियेको हो भनी वंशावलीमा लेखियेको छ । पछीका बौद्ध शिलालेखहरुमा यो नगरको नाम पद्मकाष्ठपुरी लेखियेको

छ। ई राजाले सिंहको प्रतिमा भयेको सुकीको सर्वप्रथम प्रचलन गरे भनी वंशावलीहरुमा लेखियेको छ। इनका युवराज महेन्द्रदेवले धेरै धन व्यय गरी महेन्द्रसर नामक पोखरी ने० सं० २३९ वैशाख १११९ ई० मा खनाये तथा तेसको नाम महेन्द्रसर वा मदनसर राखे। (गोपाल-वंशावली—पृ० ११)

शिवदेव वा सदाशिवदेव पछी इन्द्रदेव राजा भये। इनका नामको उल्लेख राइटका वंशावलीमा छैन तर कर्कपेट्रिकका वंशावलीमा भने छ। इनका पालामा ने० सं० २४९ ११२८-२९ ई० मा लेखियेको यौटा पुस्तकको उल्लेख बेंडलले गरेको छ।

इन्द्रदेव पछी मानदेव राजा भये। मानदेवका पालामा ने० सं० २५९ ११३९ ई० मा लेखियेको यौटा पुस्तकको उल्लेख बेंडलले गरेको छ। बेंडलले ने० सं० २५९ ११३९ ई० को इनका राज्यकालको तथा इनको उल्लेख भयेको यौटा शिलालेख पनी पायेका छन्। (बेंडल-जर्नी-पृष्ठ ८१) मानदेव केवल दस वर्ष राज्य गरी आफ्ना जेठा छोरालाई राज्य दी आफु वन्द्य भै चक्र विहारमा बस्न गये भनी राइटले लेखेको छ।

मानदेव पछी नरसिंह वा नरेन्द्रदेव राजा भये। नरसिंहदेव वा नरेन्द्रदेवका पालामा ने० सं० २५४ ११३४ ई० मा लेखियेको यौटा पुस्तकको उल्लेख बेंडलले गरेको छ तथा यता बाट ११३४ ई० मा० उनी राजा भयेको कुरा बुझिन्छ। मानदेवको नामाङ्कित ११३९ ई० को शिलालेख तथा अरु लेख पनी पाइयेको हुनाले नरसिंहदेव वा नरेन्द्रदेव ११३४ ई० मा कसरी राजा भये भन्ने शङ्का उत्पन्न हुन सकूछ। तर मानदेव दस वर्ष मात्र राज्य गरी विरक्त भै चक्र विहारमा बस्न गये भनी जो कुरा माथी लेखियेको छ तेस बाट इनका मानसिक स्थितिको परिचय पाइन्छ। यो कारणले चक्र विहारमा आफु बस्न न जाँदै उनले नरेन्द्रदेव-लाई राज्याधिकार सुम्पनु आश्चर्यको कुरा छैन। उपर्युक्त ११३४ ई० मा लेखियेको पुस्तकमा श्रीमन्ननरेन्द्रदेवे राजेन्द्रे राजराजसादृष्ये भनी लेखियेका कुरा बाट पनी इनी राजा भयेका कुराको अनुमान हुन्छ।

नरेन्द्रदेव पछी आनन्ददेव राजा भये। राइटका वंशावलीमा नन्ददेव भनेको इनैलाई होला। इनका पालामा लेखियेका अनेक लेखहरुको उल्लेख बेंडलले गोरेको छ। ती लेख ने० सं० २६७ ११४७ ई० देखी ने० सं० २८६ ११६६ ई० सम्मका छन्। गोपाल वंशालीमा पनी इनी ने० सं० २६७ माघमा राजा भयेको कुरा लेखियेको छ। (गोपाल वंशावली-पृष्ठ ११)

गोपाल वंशावलीका वर्णन अनुसार यो समय सम्म काठमांडु तथा पाटन बाहेक नेपालको खाल्डोमा भक्तपुर आधुनिक भादगाउँले पनी नगरको स्तर प्राप्त गरी सकेका कुराको अनुमान हुन्छ किन भने इनका वर्णनमा "त्रिपुर राजधानी प्रतिष्ठिता" भनी लोखियेको छ। (पृष्ठ ११) इनले भारदारहरुको जमीन खोसी बेचबिखन गरेको कुरा जो गोपाल वंशावलीमा (पृष्ठ–११) लेखियेको छ त्यो पनी मनोरञ्जक छ। "श्री नेपालमहामण्डलीक महापात्र प्रमुख समस्तप्रजादीनान्पुत्र पौत्रदीनां गृह-क्षेत्रं क्रयविक्रीडितं कृत्वा" भनेका कुराबाट भारदारहरुको कुनै प्रकारको षड्यन्त्र दमन गर्न आनन्ददेवले यसतो कठोर नीति अवलम्बन गर्मु असम्भव छैन।

आनन्देव पछी ११६६ ई० तिर रुद्रदेव राजा भये। उनका समयमा लेखियेको कुनै लेखको उल्लेख बेंडलले गरेको छैन। पिङ्गलामतम् पुस्तकको (सूची-भाग २–पृष्ठ ६९) पुष्पिका अनुसार ने० सं० २९४ ११७४ ई० मा उनी राजा वर्तमान भयेको कुरा प्रमाणित हुन्छ। तेसमा "संवत् २९४ चैत्रशुक्ल पूर्णिमास्यां समदीन उत्तरफाल्गुन नक्षत्रे श्री परमेश्वर परमभट्टारक माहाराजाधिराज श्री मद्रुद्रेवस्य विजयराज्ये" भनी लेखियेको छ। हालमा रुद्रदेव का ने० सं० २८८, २९१, २९२ ११६६, ११७४,११९५ ई० क्रमशः का अभिलेखहरु छापियेका छन्। (अभि-लेख सङ्ग्रह–दोसरो भाग) राज्यभार आफ्ना छोरा अमृतदेवलाई सुम्पी इनी आफु परामार्थचिन्तनमा लागे भनी राइटको वंशावलीमा लेखियेको छ।

रुद्रदेव पछी अमृतदेव राजा भये। इनका पालामा ने० सं० २९६ ११७६ ई० मा लेखियेको यौटा पुस्तकको उल्लेख बेंडलले गरेको छ।[1]

कर्कपेट्रिकका वंशावलीमा इनका पालामा नेपालमा ठुलो अनिकाल पऱ्यो भनी लेखियेको छ।

ने० सं० ३०३ ११८३ ई० मा लेखियेको यौटा पुस्तक बाट रत्नदेव नामक यो समयका एक जना राजाको नाम थाहा पाइन्छ तर ई राजाको नाम अरु कुनै वंशावलीमा न भयेका कुरा बाट इनका विषयमा केही निश्चित मत व्यक्त गर्नु गाहारो छ।

अमृतदेव पछी सोमेश्वरदेव राजा भयेका कुराको उल्लेख कर्कपेट्रिकका वंशावलीमा छ तर इनका पालामा लेखियेको केही लेख पाइयेको छैन।

सोमेश्वरदेव पछी गुणकामदेव द्वितीय राजा भये। इनका पालामा ने० सं० ३१३ ११९३ ई० मा लेखियको यौटा लेखको उल्लेख बेंडलले गरेको छ।

गुणकामदेव पछी लक्ष्मीकामदेव द्वितीय राजा भये। इनका पालामा ने० सं० ३१३, ११९२ ई० मा लेखियेको नागानन्द नामक लेखको उल्लेख बेंडलले गरेको छ।

लक्ष्मीकामदेव पछी विजयकामदेव द्वितीय राजा भये। इनका पालामा ने० सं० ३१६ ११९६ ई० तथा ने० सं० ३१७ ११९७ ई० मा लेखियेका दुई बटा लेखको उल्लेख बेंडलले गरेको छ।

राइटका वंशावलीमा अमृतदेव पछी एक्कासी अरिमल्लदेव राजा भयेको विवरण छ। कर्कपेट्रिकका वंशावलीमा सोमेश्वरदेव पछी विजय कामदेव राजा भयेको कुरा लेखियेको छ। वंशावलीहरुमा भयेका उपर्युक्त विभिन्नता बाट ने० सं० ३०० आ० ११८० देखी ने० सं०

---

१. अमृतदेवका पालाको ने० सं० २८५ वैशाखको यौटा शिलालेखको नकल छापियेको छ। (इतिहास प्रकाश--भाग १) ने० सं० २८५ अमृतदेवका निम्ती अली अघी भये जसतो लाज्छ। २९५ भये ठीक मिल्थ्यो।

३३२ आ० १२०२ ई० सम्म अर्थात् अरिदेव राजा न भये सम्म नेपालका राजनीतिक स्थितिमा केही वैषम्य उपस्थित भयेको बुझिन्छ। अरिदेवका पाला देखी राजाहरुका नाम सित मल्ल पदवि जोरियेको देखिन्छ तर यसले नयां वंश प्रवर्तन भयेको हो भन्ने कुरा प्रमाणित हुँदैन।

कालक्रम

वामदेव	२००, १०८०-८१; २०३, १०८३
हर्षदेव	२१०, १०९०; २१३, १०९३; २१७, १०९७
शिवदेव वा सदाशिवदेव	२३९, १११९ २४०, ११२०; २४३, ११२३
इन्द्रदेव	२४९, १७२८-२९
मानदेव	२५९, ११३९
नरसिंहदेव वा नरेन्द्रदेव	२५४, ११३४
आनन्ददेव	२६७, ११४७ देखी २८६, ११६६ सम्म
रुद्रदेव	२८८, ११६६ देखी २९४, ११७४
अमृत देव	२९६, ११७६
सोमेश्वरदेव	
गुणकामदेव (द्वितीय)	३१३, ११९२
लक्ष्मीकामदेव (द्वितीय)	३१३, ११९२; ३१७, ११९७

तृतीय अध्याय

नान्यदेव

नेपालका वंशावलीहरूमा नान्यदेवको बड़ो प्रमुख स्थान छ। सत्रहौं शताब्दिमा हुने नेपालका राजाहरुले आफ्नो वंशावलीमा वर्णन गरी लेखेका लेखहरुमा नान्यदेवलाई नै आफ्नो वंशको प्रवर्तक वा प्रधान पूर्व-पुरुष भनेका छन्। भक्तपुरका राजा जगज्ज्योति मल्लले ने० सं० ७४८ १६२८ ई० मा लेखेको मुदितकुवलयाश्व नामक नाटकमा नान्यदेव देखी नै आफ्नो वंशक्रम वर्णन गरेका छन्। काठमांडुका राजा प्रतापमल्लले आफ्नो वंशावली अङ्कित गरेको ने० सं० ७६९ २२ फ्रेबुअरी १६४९ ई० को शिलालेखमा (भगवान्लाल इन्द्रजी-संख्या १८) रामचन्द्र जन्मेको सूर्यवंशमा नान्यदेव राजा भये भनी उनी देखी आफ्नो वंशक्रम आरम्भ गरेका छन्। (आसीद्धी सूर्यवंशे रघुनृपकुलजो रामचन्द्रो नृपेशः तद्वंशे नान्यदेवोवनिपतिरभवत्··)

नान्यदेव दक्षिण कर्णाट देशका निवासी हुन्। कन्नड भाषा बोलिने मैसुर तथा हैदराबादको अञ्चललाई कर्णाट देश भनिन्छ। नान्यदेव झैं बंगालका सेनहरु पनी प्रायः कन्नड देश बाट बंगाल आई वहाँ राज्य स्थापित गरेको कुरा बंगालका विद्वान्हरु द्वारा स्वीकृत भयेको छ। सेनहरुले आफ्ना शिलालेखहरुमा आफुलाई कर्णाट क्षत्रिय भनेको छ तथा आफ्नो जात ब्रह्म-क्षत्रिय भनेको छ। हाम्रा वंशावलीहरुमा पनी नान्यदेवलाई कर्णाट क्षत्रिय भनेको छ।

जसरी सेनहरु उत्तर भारतमा कसरी आये तेसको अझ केही निश्चय हुन सकेको छैन उसरी नै नान्यदेव उत्तर भारतमा कसरी आये सो निश्चित रूपले भन्नु गाहारो छ। एघारौं शताब्दिका मध्य भाग तिर

दक्षिणका राजाहरुले उत्तर भारत माथी अनेक आक्रमण गरेका कुराका प्रमाण पाइयेका छन् । कल्याणीका चालुक्य राजा सोमेश्वर, गुजरातका प्रथम भीम तथा दाहालका कर्णको सम्मिलित सेनाले भोज प्रथमलाई युद्धमा पराजय गरी मालवाका परमार वंशको शक्ति छिन्नभिन्न तुल्याये- का थिये । पिताको मृत्यु हुनु भन्दा अघी प्रथम सोमेश्वरका पुत्र षष्ठ विक्रमादित्यले पनी उत्तर भारतमा गौड, कामरूप आदि ठाउँ माथी आक्रमण गरेका थिये । इनै दुई आक्रमण भयेका समयमा चालुक्य सैनिकहरू उत्तर भारतमा आयेका होलान् तथा इनीहरू बाट नै बंगालको सेन वंश तथा मिथिलाको नान्यदेवको वंश चलेको हो भन्ने बंगालका इतिहासकारको मत छ ।[१]

कर्णाटकका नान्यदेवले उत्तर विहार जीते पछी सिमरौन गढमा आफ्नो राजधानी स्थापित गरेको कुरा नेपालका वंशावलीहरूमा लेखियेको छ । यौटा श्लोकमा तिथि सहित यो घटनाको उल्लेख गरियेको छ तथा त्यो श्लोक तल लेखे बमोजिम छ ।

नन्देन्दुशून्यशशिसम्मितशाकवर्षे
तच्छ्रावणस्यधवले मुनितिथ्यधस्तात् ।
स्वात्मांशनैश्चरदिने रिपुमर्द लग्ने
श्रीनान्यदेवनृपतिर्विदधीत वास्तुम् ॥[२]

अन्तिम पदको "वास्तुम्"को सट्टा "राज्यम्" पनी कुनै कुनै वंशा-

१. हिस्ट्री आव बेंगाल-भाग १-पृष्ठ २०५-२०६

२. सिमरौनगढमा पाइयेको यौटा शिलालेखमा निम्नलिखित श्लोक अङ्कित भयेको कुरो "साहित्य" नामक मासिकपत्रको ओक्टोबर १९५८ को अङ्कमा मिथिला- तत्वविमर्श नामक ग्रन्थ बाट उद्धृत गेरको छ ।

नन्देन्दुविन्दु विधुसम्मित शाकवर्षे
तच्छ्रावणो सितदले मुनिसिद्धतिथ्याम् ।
स्वातीशनैश्चरदिने करिवैरिलग्ने
श्रींनान्यदेव नृपतिर्व्यदधीत वास्तुम् ॥

वलीमा लेखियेको छ। यसमा १०१९ शाके (नन्द-९, इन्दु-१, शून्य-०, शशि-१—१०१९) तदनुसार १०९७ ई० मा नान्यदेवले सिमरौन गढमा राजधानी स्थापित गरेको कुरा यता बाट चाल पाइन्छ। यो तिथिका पक्षमा अरु पनी प्रमाण पाइयेका छन्। जगज्ज्योति मल्लले आफुले रचना गरेको मुदितकुवलयाश्व नाटकमा उनले आफ्नो जो वंशावली लेखका छन् तेसमा पनी उनले नान्यदेवको समय १०१९ शाके (नवेन्दुखचन्द्रयुक्तेशाके) नै भनेका छन्। ई बाहेक अरु पनी अनेक प्रमाणका आधारमा नान्यदेवले सिमरौन गढ आफ्नो राजधानी तुल्यायेको वर्ष यही प्रमाणित हुन्छ।

उपर्युक्त श्लोक लेख्दा भयेका अशुद्धिले नेपालका वंशावलीहरुमा के भूल भयेको छ त्यो विचार गर्नु भन्दा अघी सिमरौन गढको भौगोलिक तथा राजनीतिक स्थितिका विषयमा केही विचार गर्नु उचित छ। वर्तमान समयमा सिमरौन गढ भारत तथा नेपालका सीमामा पर्छ। अङ्गरेज संग नेपालको १८१६ ई० मा सुगौलीमा भयेका सन्धि अनुसार यो सीमा निर्धारित भयेको हो। यसका डेढ सय वर्ष अघी मुगल राज्यको सीमा गोरखपुर भन्दा ८।९ कोस पर तिर थियो भनी औरंगजेबका समयमा भारत आउने फ्रांसका व्यापारी टेवरनियरले भनेका छन्। तिनका वर्णन बाट तिन ताक सिमरौन गढ़ मकवानपुरका अधीन भयेको कुरा चाल पाइन्छ। यसका केही पछी नेपालको बाटो तिब्बत जाने केपुच्चिन पादरीहरुले बाटोको जो वर्णन लेखेका छन् तेता बाट माइसी हिन्दुस्तानको अन्तिम नगर भयेको कुरा चाल पाइन्छ। माइसी बाट हिंडे पछी मकवानपुरको राज्य पर्थ्यो। सीमरौन गढको भग्नावशेष यसै राज्य भीत्र भयेको वर्णन उनीहरुले गरेका छन्।

सत्रहौं तथा अठारौं शताब्दिका प्रमाण द्वारा एघारौं शताब्दिमा सिमरौन गढको के स्थिति थियो तेसको अनुमान गर्न गाह्रारो परे ता पनी नान्यदेवले सिमरौनगढ विजय गरी त्यहां आफ्नो राजधानी स्थापित गरेका समयमा पनी यो स्थान वर्तमान समयमा झैं नेपाल भीत्र अवस्थित हुनु सम्भव छ।

दाक्षिणात्य नान्यदेवले नेपालको सिमरौनगढ़का अञ्चलको भूमि जीतेका कुरा बाट दक्षिणका राजाहरु निकै प्रभावान्वित भयेको कुरा इन ताकका उनीहरुका शिलालेखहरु द्वारा अनुमान हुन्छ। आफ्ना ११२४ तथा ११२७ ई० का लिलालेखमा षष्ठ विक्रमादित्यले अङ्ग, वङ्ग, कलिङ्ग, गौड़, मगध तथा नेपाल विजय गरें भनेको छ। तृतीय सोमेश्वरले (११२८-३८) आफ्ना यौटा लेखमा आन्ध्र, द्रविण, मगध तथा नेपालका राजाका सिरमा आफ्नो खुट्टा राखेको कुरा लेखेका छन्। इनैका मन्त्री बिज्जलले (भा० ११४५-११६७) वङ्ग, कलिङ्ग, मगध तथा नेपाल जीतेको कुरा भनेका छन्। बिज्जलका छोरा सोमले पनी नेपाल तथा कलिङ्ग विजय गरेको कुरा भनेका छन्। ई राजाहरुले उत्तर भारतमा यतीका राज्य जीतेका कुराको प्रमाण केही पाइयेको छैन। तेसो हो भने इनी-हरुले किन उपर्युक्त कुरा, आफ्ना लेखहरुमा लेखे होलान् भनी विचार गर्दा दुई कारणको अनुमान हुन्छ। एक ता उत्तर भारतमा आफुले साधारण यात्रा वा युद्ध गरेको भये ता पनी तेसलाई इनीहरुले आफ्नो विजय नै घोषित गरेका छन् तथा दोसरो, सेन तथा नान्यदेवहरु दाक्षिणात्य हुनाले उनीहरुको बंगाल तथा सिमरौन गढ़ (नेपाल) को विजयलाई उनीहरुले आफ्नै विजय ठानेका हुन्।

नेपालका वंशावलीहरुमा भने यो श्लोक लेख्दा भयेका भूलले गर्दा नान्यदेवका समयका विषयमा बडो भ्रम उत्पन्न भयेको छ। म संग भयेको यौटा वंशावलीमा "इन्दुश्च सोम वसुसम्मित शाक वर्षे" भनेको छ तथा अन्यत्र पनी यसै भनेको छ। यसलाई अङ्कमा परिवर्तन गर्दा ८११ शक संवत् हुन्छ। यसलाई नेपाल संवत्मा परिवर्तन गर्दा ९ नेपाल संवत् हुन्छ। यो कारणाले वंशावलीहरुमा नेपाल संवत् ९ मा नान्यदेवले सिमरौन गढ़ आक्रमण गरे भनी लेखियेको छ। माथी लेखियेको नान्यदेवको आक्रमण सम्बन्धी शुद्ध श्लोकमा "नन्देन्दु शून्यशशि सम्मित शाक वर्षे" भनी लेखियेको छ। यो श्लोक सार्दा नन्द सार्न छुटेको स्पष्ट चाल पाइन्छ। यो न सारियेको हुँदा चार अङ्कको समय तीन अङ्कको

हुन आयो। १०१९ शक संवत् ८११ शक संवत् हुन आयो तथा यो मूल भूलले गर्दा अरु अनेक भूललाई जन्म दिये। नेपाल संवत् कार्तिकादि हुनाले यसको दाक्षिणात्य रूप कर्णाटकका नान्यदेवका देश सित मिल्ने कुरा थियो। यो कारणाले साखवालले संवत् चलायेको कुरा नान्यदेवका आक्रमणका वर्णन नजीकै राखियो किन भने ने० सं० ९ मा भयेको नान्यदेवको आक्रमण सित दाक्षिणात्य रूप भयेको नेपाल संवत्को कुनै प्रकारको सम्बन्ध छ भनी ठानिनु सजिलो नै थियो। वहाँ पछी यो संवत्का आरम्भको जम्मै कथा जयदेव तथा आनन्द मल्लका समयमा भयेको भनी लेखियो। जयदेव तथा आनन्द मल्लका समयको वास्तविक ज्ञान न भयेर यसो गरियेको हो। यही कारणले नान्यदेवको आक्रमण पनी जयदेव तथा आनन्द मल्लका पालामा भयेको हो भनी लेखियो। (भारतीय प्राचीन लिपिमाला—पृ० १८०-८१) सत्रहौं शताब्दीका मल्ल राजाहरुले नान्यदेवलाई आफ्नो पूर्वपुरुष मानेको हुँदा वंशावलीकारहरुले नान्यदेवले भादगाउँ जिती वहाँ राज्य गरेको कुरा समेत कल्पना गरे। नान्यदेव सित दक्षिणका नायर नेपाल आयेको कल्पना पनी नेपाल वा नेवार तथा नायर शब्दका सादृष्यले नै गरियेको हो। यसता अनेक कल्पना वंशावलीहरुमा छन्। वास्तविक कुरा ता अलीकता मात्र छ। त्यो वंशावलीका नै शब्दमा "दक्षिण कर्नाटक देखी नान्यदेव राजा नेपालका दक्षिण मदेश सिमरौन गढ़मा प्रवेश गर्दा भया" मात्र हो। अरु सबै कुरा केवल कल्पना मात्र हुन्।

नान्यदेवले सिमरौन गढ़ विजय गरेको १०९७ ई० ने० सं० २१६-१७ मा हो। नेपालमा त्यो वेला हर्षदेव राजा थिये। हर्षदेव तथा उनका सन्तानले सार्वभौम तथा स्वतन्त्र राजाको विरुद धेरै पछी सम्म धारण गरेको कुरा प्रमाणित छ। नेपालका वंशावलीहरुमा कतै उनीहरु विजित भयेको किञ्चित् कुरा पनी छैन। यता बाट नान्यदेवले सिमरौन गढ़लाई आफ्नो राजधानी तुल्याई दक्षिणमा पर्ने मिथिलामा आफ्नो राज्य स्थापित गरेको कुरा बुझिन्छ। उत्तरमा उनका सिमरौन गढ़ विजयको

को केही पनी प्रभाव परेको थियेन भन्ने कुरो स्पष्ट छ। नेपालका राजाहरु नान्यदेवको आधिपत्य मान्थे भन्ने कुरा पनी होइन। विभाजित नेपालका मल्ल राजाहरुले आफ्नो वंश नान्यदेव देखी निर्धारित गरेको भये ता पनी नान्यदेवको उनका समयमा नेपाल सित कुनै प्रकारको राजनीतिक सम्बन्ध थियेन। नेपालका सीमामा मदेसका उनी राजा थिये तथा यातायात न भयेका त्यो समयमा पहाड पारी स्थित नेपालमा नान्यदेवको कुनै प्रभाव न पर्नु स्वाभाविक छ।

चतुर्थ अध्याय

मल्ल उपाधिधारी राजाहरु

नान्यदेवले सिमरौन गढ माथी गरेका आक्रमणको वर्णन लेख्न टुटायेको इतिहास अब फेरी आरम्भ गरिन्छ ।

विजयकामदेवको शासन बारहौं शताब्दिका अन्तिम दुई तीन वर्षमा कुनै वर्ष समाप्त भयेको बुझिन्छ किन भने उनका उत्तराधिकारी अरिदेवका शासनकाल्मा ने० सं० ३२२ १२०१ ई० मा लेखियेको यौटा पुस्तकको उल्लेख बेंडलले गरेको छ । अरिदेवका पाला देखी नेपालका राजाहरुले मल्ल उपाधि धारण गरेको कुरा चाल पाइयेको छ । वंशावलीहरुमा भने अरिदेवलाई मल्ल भनेको छैन । उनका छोरालाई मात्र मल्ल भनेको छ । अरिदेव कुस्ती खेल्न लागेका समयमा इनका छोरा अभयको जन्म भयेको हुनाले तिनलाई मल्ल उपाधि दिइयो र तिनी अभय मल्लका नामले प्रख्यात भये भनी वंशावलीमा लेखियेको छ । (राइट—पृष्ठ १६२) तल उपस्थित गरियेको प्रमाण द्वारा स्वयं अरिदेवले मल्ल उपाधि धारण गरेको कुरा चाल पाइन्छ । सत्वबाधा प्रशमनम् नामक ने सं० ३२२ १२०१ ई० मा लेखियेको पुस्तकमा (सूची-भाग १-पृष्ठ ८३) श्री अरिमल्लदेवस्य विजयराज्ये भनी लेखियेका कुरा बाट वंशावलीको उपर्युक्त कथन निस्सार रहेछ भन्ने चाल पाइन्छ । पर्वतका मल्ल राजाहरुका विषयमा पनी हेमिल्टनले यसतै यौटा कथाका वर्णन गरेको छ । (पृष्ठ २६६-७३) ई दुवै कथा मल्लको शब्दार्थ अर्थात् पहलवान नाम सार्थक गराउन रचना गरियेका हुन् भन्ने कुरामा केही संदेह छैन तथा इनमा केही सार छैन ।

अनेक वंशावलीहरुमा अमृतदेव पछी शासन गर्ने गुणकामदेव द्वितीय, लक्ष्वीकामदेव तृतीय, तथा विजयकामदेव द्वितीयको उल्लेख नै न गरी

एक्कासी अरिदेवको नाम उल्लेख भयेको देख्दा तथा अरिदेव अघीका कोही राजाले मल्ल उपाधि धारण न गरेको हुनाले अरिदेवका समय देखी नेपालमा मल्ल उपाधि धारण गर्ने प्रथा चलेका कुराको अनुमान हुन्छ ।

मल्लहरु भारतका अत्यन्त प्राचीन जाति हुन् भन्ने कुरामा केही सन्देह छैन । इस्वी संवत्को आरम्भ हुनु भन्दा ६०० वर्ष अघी नेपालको तराई वा त्यो नेरैको भूमिमा इनीहरुका आफ्ना साना-साना राज्य थिये । कुशीनगर तथा पावामा इनीहरुको राज्य भयेको कुरा चाल पाइयेको छ । मल्लहरुको गणना वृजि सङ्घमा गरिन्थ्यो । यो सङ्घमा मल्लहरु बाहेक लिच्छवी, शाक्य आदि अरु कुलहरु पनी थिये । बुद्धको परिनिर्वाण पछी वृजि सङ्घलाई मगधका राजा अजातशत्रुले जिती उनीहरुको भूमि आफ्ना अधीन तुल्याये थे । सङ्घको नाश भये पछी लिच्छवी, मल्ल, शाक्य कुलका मानीसहरु हिमालय तिर पसेका कुराको अनुमान हुन्छ । लिच्छवी-हरु नेपालका उपत्यकामा गै वहाँ कालान्तरमा स्वतन्त्र राज्य स्थापित गरी धेरै काल सम्म शासन गरेको कुरा विदित छ । मल्लहरु पनी नेपालमा यत्रतत्र बसेको कुराका केही प्रमाण उपलब्ध छन् ।

मल्लहरु पश्चिम पहाड तिर पनी पसेका कुराको अनुमान हुन्छ । तेरहौं शताब्दि तिर पश्चिम दुल्लुमा मल्ल राजाहरुको जो राज्य थियो त्यो विशाल तथा समृद्धिशाली थियो । यो मल्लराज्यको कहिले देखी आरम्भ भयेको हो सो निश्चित रूपले थाहा पाइयेको छैन तर यो निकै प्राचीन काल देखी पश्चिममा शासन गर्थ्यो भन्ने अनुमान हुन्छ । नेपालमा लिच्छवी शासन स्थापित भयेका समयमा नै करनाली प्रदेशमा मल्ल शासन स्थापित भयेको भये केही आश्चर्यको कुरो हुने छैन ।

एघारौं बारहौं शताब्दि तिर भारतीय राजाहरुमा मल्ल उपाधि धारण गर्ने यौटा ढांचा पनी चलेको बुझिन्छ । भरतका नाट्यशास्त्रको नान्य-देवले लेखेको यौटा टीका पाइयेको छ । तेसमा उनले आफ्ना नाम सित अनेक उपाधि लेखका छन् । ती मध्ये यौटा नृपमल्ल पनी छ ।

यसै गरी इन ताकका दक्षिणका चालुक्य राजाहरु पनी आफ्ना नाम-

सित मल्ल उपाधि जोर्थे । उत्तर तथा दक्षिण भारतका राजाहरुले यो उपाधि धारण गरेका अनेक प्रमाण उपलब्ध छन् ।

अरिदेवका नाम सित जोरियेको मल्ल शब्द उपाधि लाई द्योतन गर्ने हो मल्ल जातिलाई बुझाउने होइन भन्ने अनुमान हुन्छ । वामदेवले चलायेको वंशका अरिदेव थिये तथा इनका कुनै पूर्वपुरुषले यो उपाधि धारण गरेको कुरो चाल पाइयेको छैन । एक्कासी अरिदेवले यो उपाधि धारण गरे । यता बाट भारतमा मल्ल उपाधि लोकप्रिय भएको देखी उनले पनी यो उपाधि धारण गरे और उनी पछी उनका सन्तानहरूले पनी यो उपाधि धारण गरे भन्ने कुराको अनुमान हुन्छ ।

अरि मल्लका समयमा ने० सं० ३२२ १२०१ ई० देखी ने० सं० ३३६ १२१६ ई० सम्मका लेखहरुको उल्लेख बेंडलले गरेको छ । अरि मल्लका पालामा अनिकाल पर्‍यो भनी कर्कपेट्रिकले भनेको छ । अरि मल्ल पछी इनका छोरा अभय मल्ल राजा भये । अभय मल्लका समयमा लेखियेका ने० सं० ३४४ १२२३ ई० देखी ने० सं० ३७३ १२५२ ई० सम्मका लेखको उल्लेख बेंडलले गरेको छ । अभय मल्लका पालामा ने० सं० आश्विन ३४० मा लेखियेको विष्णुधर्म नामक पुस्तकको विवरण ललित-कला र साहित्य नामक पुस्तकमा दिइयेको छ । (पृष्ठ-६५) यता बाट ने० सं० ३४० १२२१ ई० वा तेसका अघी इनी राजा भएको कुरो प्रमाणित हुन्छ ।

अभय मल्लका शासनकालमा पनी अनिकाल परेको, भुइंचालो गयेको तथा त्यो शासन नै अमङ्गलकर भयेको कुरा कर्कपेट्रिकले लेखेका छन् ।

अभय मल्ल पछी इनका छोरा जयदेव राजा भये ।[1] इनका पालामा

---

१. अभय मल्ल राजा भयेका समयमा ने० सं० ३४२ १२२१ ई० मा रणसुर नामक कुनै राजाका पालामा लेखियेको यौटा लेखौट पाइयेको छ । त्यो लेखौटका पुष्पिकामा रणसुरलाई मल्ल भनेको छैन तर परम भट्टारक महाराज इत्यादि उपाधिले विभूषित गरेको छ । बेंडलले उनी नेपालका कुनै अञ्चलका राजा होलान् भन्ने अनुमान गरेको छ तथा त्यो अनुमान उचित नै प्रतीत हुन्छ ।

ने० सं० ३७५ १२५५ ई० तथा ने० सं० ३७७ १२५७ ई० मा लेखियेका दुई वटा पुस्तकको उल्लेख बेंडलले गरेको छ।

वंशावलीहरुमा इनका भाई आनन्द मल्ल दाज्यु सँग छुट्टिई भक्तपुर (आधुनिक भादगाउँ) नामक यौटा नवीन नगर स्थापित गरी वहाँ स्वतन्त्र रूपले राज्य गर्न थाले भनी लेखिएको छ। भक्तपुर बाहेक इनले प्रसिद्ध देवस्थानका सान्निध्यमा तल लेखियेका सात वटा अरु नगर पनी स्थापित गरे। चरण्डेश्वरी नेर बनेपुर (बनेपा), प्रयाग तीर्थ नेर पानवती (पनौती), नाला भगवती नेर नाला, नारायण नेर धौखेल, धनेश्वरी नेर खडपु, चकोर ऋषिका स्थान नेर चौकोट तथा नासिका पीठ नेर साँगा। पन्द्रहौं शताब्दिका आरम्भमा नेपालको उपत्यका तीन भागमा विभक्त भै वहाँ तीन स्वतन्त्र राज्यको स्थापना भयेको थियो। जयदेवका पालामा भक्तपुरको स्वतन्त्र राज्य आनन्द मल्लले स्थापित गरेको यो घटना तेसैको पूर्व रूप हो। वंशावलीहरुमा इनै जयदेव तथा आनन्द मल्लका पालामा नेपाल संवत् साखवालले चलायेको कुरा तथा नान्यदेवले नेपाल माथी आक्रमण गरेको कुरा लेखियेको छ। यसका कारणका विषयमा माथी आलोचना गरी सकियेको छ।

वंशावलीहरुमा भने नान्यदेव तथा उनका सन्तानहरुको विवरण आनन्द मल्ल तथा जयदेवका विवरण पछी लेखियेको छ। तर प्राप्त लेखहरुका प्रमाण बाट जयदेव पछी भीमदेव राजा भयेको बुझिन्छ। भीमदेवको शासनकालमा ने० सं० ३८० १२६० ई० मा लेखियेको यौटा पुस्तक पनी पाइयेको छ। भीमदेवका पालामा लेखियेको (राजाधिराज परमेश्वर श्री मद्राजा (ज्ञो ?) जयभीमदेवस्य विजयराज्ये) अर्थ काण्डम् नामक पुस्तक "नेपालिक सम्वत् ३८१ श्रावण·····" का दिनमा लेखियेको पुस्तक पनी थाहा पाइयेको छ। (वृहत् सूचीपत्रम्-ज्योतिष विषयक-पृष्ठ १९) बेंडलले पायेका गोपाल वंशावली अनुसार भीमदेव पछी सिंह राजा भये तर इनका शासनकालमा लेखियेको कुनै पुस्तक पाइयेको छैन।

नेपाल संवत्को चतुर्थ शताब्दिका अन्तिम समयमा अनन्त मल्ल राजा

भये। इनका शासन कालमा ने० सं० ३९९ ११७९ ई० देखी ने० सं० ४२७ १३०७ ई० सम्ममा लेखियेका पुस्तकहरुको उल्लेख बेंडलले गरेको छ। अनन्त मल्लका पालामा ने० सं० ४०८ आ० १२८८ ई० मा नेपालमा खसहरु[१] आई बसोबासो गर्न थाले तथा ने० सं० ४११ आ० १२९१ ई० मा धेरै मैथिल परिवार मिथिला बाट बसाईं सरी नेपालमा आई बसोबासो गर्न थाले भनी कर्कपेट्रिकले लेखेको छ। कर्कपेट्रिकको यो छोटकरी कथनलाई बेंडलले गोपाल वंशावलीका आधारमा अझ स्पष्ट गरेका छन्। ने० सं० ४०८ पौष १२८८ ई० मा खस राजा जितारि मल्लले[२] नेपाल माथी आक्रमण गरे। युद्धमा ८०० खस मारिये र जितारि मल्ल नेपाल छोड़ी भागे। लगत्तै फाल्गुनमा फेरी जितारि मल्ल मित्रताको निहु गरी नेपालमा पसे तथा अनेक ग्राम तथा अरु ठाउँमा इनले आगो लाये। स्वयम्भू, बुँगमतीका लोकेश्वर तथा पशुपतिनाथमा उनी गये। वहाँ पछी ने० सं० ४०९ आ० १२८९ ई० मा उनी आफ्नो स्वराष्ट्रमा गमन गरे। त्यो पछी ने० सं० ४११ माघ १२९१ ई० मा तेह्नौंतेहरु नेपाल पसे।

अनन्त मल्लको शासन कहिले सम्म रह्यो सो निश्चित रूपले भन्नु गाहारो छ। ने० सं० ४३८-१३१८ ई० मा लेखियेको यौटा लेख बाट त्यो

---

१. गोपाल वंशावलीमा पश्चिमका मानीसलाई खस शब्द प्रयोग गरेको हुनाले पुराणमा वर्णित प्राचीन खसहरु नेपालका पश्चिम भागमा वस्ता रहेछन् भन्ने भ्रम हुनु स्वाभाविक छ। तर पौराणिक खस जाति सँग यो कथनको केही सम्बन्ध न भये जसतो मलाई लाग्छ। कोही शक जाति नै खस जाति हो भन्ने छन्। शकहरु नै खस भये ता पनी भारत आउने प्राचीन शकहरुले आर्य धर्म तथा संस्कृति पूर्ण रूपले ग्रहण गरेको हुनाले उनीहरुलाई आर्य भिन्न जाति ठानी त्यो आधारमा विचार गर्नु युक्तिसङ्गत देखिंदैन। पश्चिमका खस कहलाउने मानीस पनी भारतीय आर्य हुन् तथा उनको धर्म तथा संस्कृति भारतीय आर्य धर्म तथा संस्कृति नै थियो।

२. यो अध्यायका अन्त्यको टिप्पणीमा जितारि मल्लका विषयमा केही विचार गरियेको छ।

वेला आनन्ददेव राजा भयेको बुझिन्छ। ई आनन्ददेवलाई नै कर्कपेट्रिकका वंशावलीमा नन्ददेव भनेको छ तथा इनी अनन्त मल्लका छोरा हुन्। ने० सं० ४३३ फाल्गुन १३३१ ई० मा रिपु मल्ल नामक पश्चिमका राजाले नेपाल माथी आक्रमण गरी केही काल सम्म बुङ्मतीमा निवास गरेको कुरा गोपाल वंशावलीमा लेखियेको छ। (पृष्ठ ३१) यो अध्यायका अन्त्यमा भयेका टिप्पणीमा इनका विषयमा विचार गरियेको छ।

आनन्ददेवका पाला देखि केही अघी देखी नेपालका राजाहरुले आफ्ना नामका अघी जय जोर्ने चलन चलायेको बुझिन्छ। पछीका राजाहरुका नामका आरम्भमा प्रयोग गरियेको "जय" नामको अङ्ग होइन किन्तु श्री जस्तो यौटा मङ्गलसूचक पद हो। यो चलन पछीका सबै राजाहरु द्वारा स्वीकृत थियो।

आनन्ददेव निस्सन्तान भयेर हो वा के कारणले हो उनी पछी उनका भाई सिंह मल्ल राजा भये भनी कर्कपेट्रिकका वंशावलीमा भनेको छ (पृष्ठ-२६४)। इनका राज्यकालमा लेखियेको तथा इनको नाम अङ्कित भयेको कुनै लेख पाइयेको छैन। इनको राज्यकाल पनी अत्यन्त छोटो भयेको बुझिन्छ किन भने ने० सं० ४४० आ० १३२० ई० मा नेपालमा रुद्र मल्ल तथा अरि मल्लको संयुक्त शासन भयेको कुरा बेंडलले पायेको वंशावली बाट चाल पाइन्छ। कर्कपेट्रिकले रुद्र मल्ललाई अनन्त मल्लको पुत्र भनेको छ तर बेंडलले गोपाल वंशावलीका आधारमा इनलाई तुङ्ग मल्लका छोरा भनेको छ। सोही वंशावलीमा अरि मल्ललाई रुद्र मल्लको कुटुम्ब भनेको छ।

रुद्र मल्ल तथा अरि मल्लको संयुक्त शासनको माथी जो उल्लेख भयो तेता बाट कुन प्रकारको शासन स्थापित भयो होला तेसको पनी यहाँ विचार गर्नु उचित छ। गोपाल वंशावलीमा यो सम्बन्धमा यसो भनेको छ—"तदनन्तर श्रीजयतुङ्गमल्ल देवका छोरा जयरुद्रमल्लदेवले आफ्नु कुटुम्ब श्रीजयारिमल्लदेवको पुष्पाभिषेक कृत्यराजालाई भत्तामात्र दिये। तीनै शहर नेपाल श्रीजयरुद्रमल्लले नुवाकोट भुक्ति सम्म राज गरे।"

(गोपाल वंशावली-पृष्ठ ३०) यता बाट राज्यको शक्ति रुद्र मल्लका हातमा भयेको तथा राजा मात्र अरि मल्ल भयेका कुराको अनुमान हुन्छ ।

यो संयुक्त शासन स्थापित भयेका समयमा मिथिलाका राजा हरिसिंह-देवले १३२४ ई० मा नेपाल माथी आक्रमण गरे । यो आक्रमणको विस्तृत आलोचना अर्को अध्यायमा गरिने छ ।

गोपाल वंशावलीमा (पृष्ठ-१२) रुद्रदेवले भादगाउँका धेरै खेत बिक्री गरे भनी जो कुरा भनियेको छ तेता बाट भादगाउँमा कुनै प्रकारको अराजकता भयेको बुझिन्छ । आनन्ददेवले पनी भादगाउँका भारदार-हरुको खेत बिक्री गरेका कुराको उल्लेख माथी भै सकैको छ ।

हरिसिंहदेवका आक्रमण पछी शीघ्र ने० सं० ४४६ आषाढ़ १३२६ ई० मा रुद्रमल्लको मृत्यु भयो । इनका शव सित चार जना रानीहरु सती गये तथा इनको शिशु छोरोको पनी पिताका मृत्यु पछी केही दिनमा नै मृत्यु भयो भन्ने कुरा बेंडलले पायेको वंशावलीमा लेखियेको छ । रुद्र मल्लकी वारिस उनकी छोरी नायकदेवी मात्र थिइन् । संयुक्त शासन पनी उनका मृत्युले भङ्ग भयो औ केवल अरि मल्लको मात्र शासन चल्यो ।

रुद्र मल्लको मृत्यु भयेको डेढ़ वर्ष पछी ने० सं० ४४८ चैत्र १३२८ ई० मा पश्चिमका आदित्य मल्ल नामक राजाको नेपाल प्रवेश भयेको कुरा गोपाल वंशावलीमा लेखियेको छ । (पृष्ठ-१२)

दुई दुई वटा विदेशी आक्रमणले त्रस्त भयेको नेपालमा राजसिंहासनका निम्ती कलह उठ्नु पनी स्वाभाविक थियो । यो कलह रुद्र मल्लकी छोरी सतीनायकदेवीलाई अघी सारी उनका आडमा अरि मल्लका विरुद्ध चलाइयेको होला भन्ने अनुमान हुन्छ । अरि मल्लले यो घर झगरा माथी विजय प्राप्त गर्न के गरे सो थाहा पाइयेको छैन तर ने० सं० ४५७ १३३७ ई० मा उनी नेपालको एक मात्र राजा[1] भयेका प्रमाण बाट नौ वर्षको घर झगरामा अन्तिम विजय उनले पायेको कुरा प्रमाणित हुन्छ ।

---

१. दरबार लाइब्रेरी, नेपाल, मा महीराघव नाटक नामक यौटा पुस्तक छ । (सूची भाग २-पृष्ठ-२५) यो पुस्तकको उल्लेख बेंडलले तथा अरुहरुले पनी

यत्ती मात्र होइन अरि मल्लको शासन भक्तपुर वा भादगाउँ माथी पनी स्थापित भयेको कुरा उनका प्रशस्ति बाट अनुमान हुन्छ ।

जयदेवका भाई आनन्द मल्लले दाज्यु सँग छुट्टिई १२५७ ई० पछी भक्तपुरमा स्वतन्त्र राज्य स्थापित गरेको कुराको उल्लेख माथी भै सकेको छ । वहाँ पछी भक्तपुरका इतिहासको चर्चा गर्ने अवसर परेको थियेन । वंशावली अनुसार नान्यदेवले नेपाल जीते पछी भादगाउँलाई राजधानी तुल्याई उनका सन्तान वहीं बसी राज्य गर्न थालेको वर्णन छ । (राइट-पृष्ठ १६७) तर नान्यदेव नेपाल जाँदै न गयेको तथा सिमरौन गढमा बसी मिथिलाको शासन गरेको कुरा माथी प्रमाणित गरियेको छ । भादगाउँमा आनन्द मल्लले स्वतन्त्र शासन स्थापित गरे पछी वहाँ इतिहासको स्रोत कसरी बग्यो सो हामीलाई थाहा भयेको छैन । तर ने० सं० ४५७ १३३७ ई० मा अरि मल्ल भादगाउँ समेत सम्पूर्ण नेपालको राजा भयेको कुरो उनका प्रशस्तिमा भयेको···"नेपाल मण्डले" बाट निश्चित रूपले चाल पाइन्छ ।

बेंडलले आफुले पायेका वंशावलीका आधारमा रुद्र मल्लकी छोरी सती नायकदेवीलाई अर्थो सारी नेपालमा सिंहासनका निम्ती जो यौटा आन्तरिक कलह भयेको थियो तेसको केही विवरण दियेका छन् । यो कारणले तेसको पनी यहाँ केही विचार गर्नु उचित छ ।

सतीनायकदेवीलाई उनकी बज्यै पदुमल्लदेवीले उनका पिताको मृत्यु

गरेको छैन तर यो समयको इतिहासमा यसका पुष्पिका बाट जो प्रकाश पर्छ त्यो वडो मूल्यवान् छ । "श्रेयोस्तु सम्बत् ४५७ श्रावण कृष्णद्वादश्यां पुष्य नक्षत्रे ॥ परिघ योगे ॥ शनैश्चरवासरे ॥ पुस्तकमिदं समाप्तं इति ॥ परम भट्टारक परमेश्वर परम वैष्णव परमदैवताधिदेव परम महेश्वर रघुकुलतिलक भूपाल परम्परापरिनमितमौलिशिखाप्रसूनसंधूपितपदारविन्द श्री पशुपति देवता वरलब्ध प्रसादैक महाराजाधिराजसप्रक्रियराजराजेन्द्र श्रीजयारिमल्ल देवानां विजयराज्ये नेपाल मण्डले । "नेपाल मण्डले" भनेका कुरा बाट जम्मै नेपालको खाल्डो भन्ने कुरा बुझिन्छ ।

पछी पालेको थियो । इनको विवाह काशीका राजाका वंशका हरिश्चन्द्रदेव[१] संग भयो । ई हरिश्चन्द्रदेव को हुन् थाहा छैन । हरिश्चन्द्रदेव केही काल सम्म नेपालमा बसे तर केही वर्ष पछी विषप्रयोग द्वारा मारिये । यो पछी उनका भाई गोपालदेव तथा मैथिल राजकुमार जगत्सिंहले नायकदेवीलाई पनी कैद गरे । इनीहरुले भादगाउँ दखल गरेको बोध हुन्छ । वहाँ पछी जगत्सिंहका अनुयायीहरुले गोपालदेवको शिरच्छेदन गरी उनलाई मारे । यो पछी केही दिन जगत्सिंहले राजत्व भोग गरे तर पछी उनी कैद गरिये । कसले कैद गर्‍यो सो थाह छैन । उनकी छोरी राजल्लदेवी हुन् औ इनकी आमा नायकदेवी छोरी जन्मेका दस दिनमा मरिन् । यो कारणले राजल्लदेवीको भरणपोषण उनकी पितामही देवलदेवीले गरिन् । बेंडलले आफुले पायेका वंशावलीका आधारमा वर्णन गरेको यो घटनाका विषयमा कर्कपेट्रिकले पनी केही वर्णन गरेको छ । तेसको पनी सारांश यहाँ लेखिन्छ । अनन्त मल्लका छोराहरु मध्ये यौटाको अर्थात् रुद्र मल्लकी सतीनायकदेवी नामकी छोरी थिइन् । इनी रानी भइन् वहाँ पछी इनको बनारसका राजा हरिश्चन्द्र सित विवाह भयो । यो दम्पतिकी राजलक्ष्मी नामक यौटी छोरी भइन्, पछी देवलदेवीराजको ठुलो उपाधि इनले प्राप्त गरिन् । आफ्ना पुर्खाहरुको गद्दी लक्ष्मीले पाइन् तर जयदेव नामक नातेदार द्वारा उनी सिंहासनच्युत गरिइन् । यसका केही महिना पछी नेपालमा हरिसिंहदेवको आक्रमण भयो ।[२]

---

१. काशीका राजा जयचन्द्र गहडवालका एक जना हरिश्चन्द्र नामक छोरा भयेको कुरो चाल पाइयेको छ तर उनी ११९७ ई० मा विद्यमान थिये । यो विवाह १३२६ ई० भन्दा पछीको हुनाले जयचन्द्रका छोरा हरिश्चन्द्र सित यसको केही सम्बन्ध थियेन । तर "काशेश्वरवंशज" भनेको देख्दा उनै हरिश्चन्द्र हुन् कि भन्ने भ्रम हुन्छ ।

२. माथी नेपालका राजपरिवारका स्त्रीहरुका जो नाम लेखिये ती भाषाका दृष्टिले रोचक छन् । पदुमल्ल तथा राजल्लको अन्तिम अंश "अल्ल" हो, त्यो संस्कृतको "अल्ला" हो जसको अर्थ आमा हुन्छ । देवलदेवीको "अल" पनी अल्लाको विकृत रूप हो । बनेपामा स्वतन्त्र राज्य स्थापित गर्ने यक्षमल्लका छोरा रण

अब उपर्युक्त घटनाका विषयमा केही विचार गर्नु उचित छ। रुद्र मल्लकी छोरी सतीनायकदेवी भयेको कुरामा तथा उनको बनारसका राजवंशका कोही हरिश्चन्द्र सित विवाह भयेका कुरामा ता दुवै वर्णनको ऐकमत्य छ। सतीनायकदेवोकी यौटी छोरी पनी भएको कुरा दुवै वर्णनमा छ तर ती छोरीको नाममा भने भेद छ। बेंडलले पायेको वंशावलीमा उनलाई राजल्लदेवो भनेको छ तथा कर्कपेट्रिकका वंशावलीमा उनलाई राजलक्ष्मी भनेको छ। कुनै कारणले यो नाममा भेद परेको हो भनी माने ता पनी यौटा अर्को समस्या उपस्थित हुन्छ। इनी हरिश्चन्द्रदेवकी छोरी हुन् भनी कर्कपेट्रिकले भनेको छ तर बेंडलले पायेको वंशावलीमा भने हरिश्चन्द्र मारिये पछी जगत्सिंहले सतीनायकदेवीलाई आफ्नी स्त्री तुल्याएको औ राजल्लदेवी उनकी छोरी भयेको कुरा लेखियेको छ। विचारणीय प्रश्न यहाँ राजल्लदेवी कसकी छोरी हुन् भन्ने छ।

बेंडलले पायेको वंशावलीमा बाहेक अरु कुनै वंशावलीमा सतीनायकदेवी सम्बन्धी यो कुराको उल्लेख पनी छैन। फेरी सतीनायकदेवीकी छोरी राजल्लदेवी सित नेपालका एक जना प्रसिद्ध राजा स्थिति मल्लको विवाह भयेको थियो। विवाह मात्र भयेका होइन किन्तु यो विवाहले गर्दा स्थितिमल्ल अत्यन्त गौरवान्वित भएका थिये औ आफ्ना अनेक लेखहरुमा राजल्लदेवीको पति हुन पायेको कुरामा उनले गौरव प्रकट गरेका छन्। ई सबै कुराको विचार गर्दा सतीनायकदेवी हरण गरियेको कुरामा विश्वास लाग्दैन। सतीनायकदेवीका पति हरिश्चन्द्र मारियेको ने० सं० ४५५ आ० १३३६ ई० मा हो भनी बेंडलले भनेको छ। यो पछी हरिश्चन्द्रका भाई गोपालदेव जगत्सिंहका मानीस द्वारा मारिये। यो पछी जगत्सिंह केही दिन राजा भये वहाँ पछी कैद गरिये। यो जम्मै घटना दुई वर्ष भन्दा घटी समयमा भयेको बुझिन्छ। बेंडलले राजल्लदेवीको जन्म ने० सं० ४६७

मल्लकी रानीको नाउँ पनी नाथल्लदेवी थियो। सतीनायक देवीकी आमाको नाउ रुद्रमादेवी थियो। रुद्रमाको अन्तिम भाग संस्कृत अम्बाको विकृत रूप हो।

१३४७ ई० मा भयेको हो भनेको छ। जगत्‌सिंह कैद भयेका दस वर्ष पछी उनको जन्म भएको हुनाले उनी जगत्‌सिंहकी छोरी भयेका कुरामा बडो सन्देह हुन्छ। हाल कर्कपेट्रिकको वर्णन नै स्वीकार्य भये जसतो मलाई लाग्छ।

अरि मल्ल नेपालका एक मात्र महाराजाधिराज ने० सं० ४५७ १३३७ ई० मा भएको कुरा माथी लेखिई सकेको छ। यो पछी अरि मल्ल-को शासन दस वर्ष सम्म अरु चल्यो तथा ने० सं० ४६७ श्रावणमा १३४७ ई० मा राजदेव नेपालका राजा भये। राजदेव आनन्ददेवले जारी गरी ल्यायेकी संगृहिणी भार्याका छोरा हुन् भन्ने कुरा बेंडलले पायेका वंशावलीमा लेखियेको छ तथा इनी राजा भयेको कुरा दुवै राजकुल द्वारा अनुमोदित भयेको थियो भन्ने पनी त्यो वंशावलीको कथन छ। दुई राजकुल भन्नाले अरि मल्ल तथा रुद्र मल्लका दललाई लक्ष गरेको होला।

राजदेव राजा हुने बित्तिकै नेपाल माथी यौटा अर्को आक्रमण भयो जो नेपालका इतिहासको यौटा विलक्षण घटना छ। त्यो शमसुद्दीन इलियास शाहको आक्रमण हो। यसका सम्बन्धमा विस्तृत विवरण पछी गरिने छ।

राजदेवको शासन अरु दृष्टिले राम्रो नै भयेको प्रतीत हुन्छ। ने० सं० ४७४ १३५४ ई० मा लेखियेको बेंडलले उल्लेख गरेको वामकेश्वरी मत टिप्पनम् नामक पुस्तकको पुष्पिकामा इनलाई नेपालभूमण्डलका राजा भनेका कुरा बाट ई राजा भये पछी आफ्ना योग्य शासन द्वारा इनले प्रजालाई खुशी पारेको तथा विरोधीहरुलाई दमन गरेका कुराको अनुमान हुन्छ। आफुले पायेका तिथिका आधारमा बेंडलले ने० सं० ४७६ १३५५-५६ ई० सम्म राजदेवको शासन भयेको कुरा देखायेको छ। तर यो भन्दा पछी सम्म पनी राजदेव नै राजा भयेको प्रमाण अरु लेखहरु बाट जो पाइन्छ त्यो यहाँ उपस्थित गरिन्छ। रुद्रयामले षष्ठी विद्याप्रशंसा (सूची-भाग २-पृष्ठ-२३।२४) नामक पुस्तकमा ने० सं० ४७९ श्रावण १३५९ ई०

मा राजदेवका छोरा तथा उत्तराधिकारी अर्जुनलाई युवराज भनेको छ। (लिखितमिदं तपोधन श्री विश्वेश्वरेण युवराज श्री जयार्जुनस्यार्थेन लिखितम्) रत्नाकरकर्णिका (सूची–भाग २-पृष्ठ ६८) नामक पुस्तक बाट ने० सं० ४८१ १३६१ ई० मा राजदेव नै महराजाधिराज भयेको बुझिन्छ। (श्रेयोस्तु श्रीमन् नेपालिक सम्वत् ४८१ माघकृष्णाष्टम्या तिथौ········ राजाधिराज परमेश्वर परम भट्टारक श्री श्रीजयराज मल्ल देवस्य राज्यम्) ने० सं० ४८४ ज्येष्ठ १३६४ ई० मा लेखियेको चाणक्य श्लोकः (सूची-भाग २-पृष्ठ १०५) नामक पुस्तकमा राजदेवका छोरा अर्जुन मल्ललाई राजाधिराज परमेश्वर भनेको हुँदा १३६४ भन्दा केही अघी राजदेवको मृत्यु भयेका कुराको अनुमान हुन्छ।

अर्जुन मल्ल राजा भयेका केही पछी अर्थात् ने० सं० ४९२ आश्विन १३७२ ई० तिर काठमांडुका महासामन्त स्थिति मल्ल भयेको कुरो सोही सालको स्वयम्भूनाथको यौटा शिलालेख बाट चाल पाइन्छ। तेसमा अर्जुनदेवले नेपालको सम्पालन गर्दा अर्थात् शासन गर्दा (सम्पाल्यमाने नेपाले) स्थिति मल्ल द्वारा काठमांडु पालन गरियेको (जयस्थितिमल्लेन·· पालिते···श्री काष्ठमण्डपपुरी) भनेका कुराबाट अर्जुन मल्ल नेपालका राजा तथा स्थिति मल्ल काठमाण्डुका महासामन्त भयेको बुझिन्छ। (सं० सं०— अङ्क १०-१२ पृष्ठ १४) सम्भवतः यो समय भन्दा अघी नै स्थिति मल्ल काठमाण्डुका महासामन्त नियुक्त भयेका थिये तथा इनी भारदारहरुका आदरका पात्र पनी भयेका कुराको अनुमान उपर्युक्त शिलालेख बाट हुन्छ। तेसमा इनलाई "क्षत्ररत्नाकरेन्दु" क्षत्रियरूपी सागरका चन्द्रमा भनेको छ।

यस पछी ने० सं० ५०० फाल्गुन १३८० ई० मा लेखियेको नारद संहिता नामक पुस्तक बाट स्थिति मल्ल भादगाउँको महासामन्त भयेको कुरा चाल पाइन्छ। (सूची-भाग १-पृष्ठ ४३) तेसमा "भक्तपुरीपत्तने राज्ये श्री स्थितिराजमल्ल नृपतेः राजल्लदेवीपतेः" भनेका कुराबाट राजल्लदेवीका पति स्थिति मल्ल भादगाउँको महासामन्त हुँदा खेरी भन्ने अर्थ लाउन पर्छ।

यता बाट भारदारहरुका प्रिय स्थिति मल्ल बलियो भयेको देखी अर्जुन मल्लले उनलाई भादगाउँको महासामन्त तुल्याई पंछाई पठायेका कुराको अनुमान हुन्छ ।

यस पछी भारदारहरुले अर्जुन मल्लका विरुद्ध स्थिति मल्लका नेतृत्वमा क्रान्ति गरेका कुराको अनुमान हुन्छ। स्वभावतः भादगाउँ जसका महासामन्त स्थितिमल्ल थिये पहिले विरोधी भयो होला। वहाँ पछी यो विरोध पाटन तथा काठमांडुमा सृष्टि भयो। अर्जुन मल्लले यसको मुकाविला गर्न सकेनन् तथा यसै पछी ने० सं० ५०२ वा ५०३ अर्थात् १३८२ वा १३८३ ई० तिर अर्जुन मल्लको शाशन खोसी स्थिति मल्लले नेपालमा आफ्नो शासन स्थापित गरे। इनै ताक लेखियेको यौटा पुस्तकमा "भग्ने दैवशाज्जयार्जुन नृपः" भनी लेखियेको छ। तेसैमा हो कि अर्को पुस्तकमा तीनै शहरका राजा अर्जुन मल्लाई खेदै छन् भनेर पनी लेखेको छ। भारदारहरु पहिले देखी नै इनका अनुकूल भयेको हुनाले इनलाई यो कार्यमा विशेष गाहरो पर्‍यो होला भने जसतो लाग्दैन।

अर्जुन मल्लका विरुद्ध स्थिति मल्लका नेतृस्वमा भारदारहरुले षड्यन्त्र गरेको कुरा जो माथी लेखियो तेसका विषयमा यहाँ अल्ली केही विचार गर्नु उचित छ किन भने यो संक्षोभले नेपालका इतिहासमा केही वर्ष सम्म निकै चर्तिकला गर्ने यौटा परिवारलाई माथी उचाल्यो। त्यो जयसिंह राम वर्धनको परिवार हो। यो कारणले इनका विषयमा यहाँ केही विचार गरिन्छ।

जयसिंह राम वर्धन अर्जुन मल्लका महामहत्तक थिये। माथी उल्लेख गरियेको चाणक्य श्लोक नामक पुस्तक बाट जयसिंह राम उनका शासनका आरम्भिक कालमा महामहत्तक भयेको कुरा चाल पाइन्छ। तेसमा भूलले जयशिव राम छापियेको छ तर हुनु पर्ने जयसिंह राम हो भने जसतो मलाई लाग्छ। इनी अर्जुन मल्लका पूर्वज राज मल्लका समयका महामहत्तक पनी हुनु सम्भव छ। महामहत्तकको अर्थ प्रधान मन्त्री भनी

गरियेको छ तर यो अर्थमा आपत्ति गरे ता पनी यो राज्यको यौटा अत्यन्त उच्च पद थियो भन्ने कुरमा केही सन्देह छैन ।

जयसिंह राम वर्धनका वंशका विषयमा पनी हामीलाई केही थाहा भयेको छ । काठमांडुको इटम बहालमा भयेको ने० सं० ५०२ (नेत्र आकाश इषु) १३८३ई० को यौटा शिलालेखको प्रतिलिपि छापियेको छ । (सं० सं० वर्ष १० सं० १०-१२) तेसमा वर्धन परिवारको केही परिचय दिइयेको छ । त्यो परिचयमा महामन्त्री रामवर्धन तथा उनकी पत्नी गोधन लक्ष्मीको प्रथम उल्लेख छ । तेसमा यो दम्पत्तिका छोरा महामन्त्री जयसिंह राम वर्धनको वर्णन छ । फेरी इनकै एकै भुँडीका भाई (एकोदरा-नुज) महामन्त्री मदन रामको उल्लेख छ । मदन रामकी पत्नीको नाम जैत्रलक्ष्मी भनेको छ । अन्यमा मदन रामका छोरा शक्तिसिंह राम विद्यमान छन् भनेको छ । (मदनराम सुत सौम्य मदनरूप प्रभासितः । श्री शक्तिसिंहरामो (ऽसौ) शोभनं भुवि राज्यते ॥)

संस्कृत सन्देशको सोही अङ्कमा पशुपतिमा भयेको जयसिंह राम वर्धनको अर्को यौटा तिथिविहीन शिलालेख छापियेको छ । यो शिलालेख उपर्युक्त १३८३ को शिलालेख भन्दा पछीको हो किन भने यसमा धर्ममल्लको विजयराज्यमा भनी लेखियेको छ । राजाधिराज परमेश्वर परम भट्टारक युवराज श्रीजयधर्म मल्लदेवस्य विजयराज्ये भनेको छ । यसमा जयसिंह राम वर्धनलाई महामन्त्राधिराज तथा उनका भाई श्रीमदन राम वर्धनलाई महामात्य भनेको छ ।

दुवै शिलालेखमा ई दुवै भाईको ठुलो प्रशंसा छ । स्थिति मल्लले अर्जुन मल्लका यसता विश्वासपात्र मन्त्रीहरुलाई आफु तिर मिलाउन सकेको हुनाले अर्जुन मल्ललाई उनी धपाउन समर्थ भयेका रहेछन् भन्ने अनुमान हुन्छ ।

यो अध्यायमा वर्धनहरुका परिचयको मात्र आवश्यकता हुनाले सो दिइयो । अब पछी पछीका अध्यायहरुमा इनका विषयमा अरु कुरा विचार गरिने छन् ।

कालक्रम

	ने० सं०	इस्वी
अरिदेव	३२२, ३३६	१२०१, १२१६
अभय मल्ल	३४४, ३७३	१२२३, १२५२
जयदेव	३७५, ३७७	१२५५, १२५७
भीमदेव	३८०	१२६०
शाहदेव		
अनन्त मल्ल	३९९ ४२७	१२७९, १३०७
आनन्ददेव	४३८	१३१८
सिंह मल्ल		
रुद्र मल्ल अरि मल्ल	४४०	१३२०
अरि मल्ल	४५७–४६७	१३३८–१३४७
राजदेव	४६७–४८१	१३४७–१३६२
अर्जुन मल्ल	४८४–आ. ५०३	१३६३–आ. १३८३

टिप्पणी

चतुर्थ अध्याय

हाल योगी नरहरिनाथका बहुमूल्य अनुसन्धानले गर्दा नेपाल माथी आक्रमण गर्ने जितारि मल्ल तथा इनका वंशका इनी भन्दा पहिलेका तथा पछीका केही राजाहरुका विषयमा अधिक कुरा चाल पाइयेका छन्। जुमला दुल्लु, आदि स्थानको यात्रा गर्दा योगी नरहरिनाथले दुल्लुमा वहाँका राजा पृथ्वी मल्लको यौटा शिलालेख भेट्टाउनु भयो। यो लेख यौटा स्तम्भका दुई पाटामा अङ्कित छ तथा यसमा पृथ्वी मल्लका पूर्वपुरुषको वृत्तान्त छ। यो लेख शाके १२७९ तदनुसार १३५७ ई० को हो।

यसमा पृथ्वी मल्लको वंशावली अङ्कित छ। त्यो वंशावली बाट तल जितारि मल्ल समेत पृथ्वी मल्लका केही पूर्वपुरुषका नाम क्रमानुसार लेखिन्छन्।

१. क्राचल्ल
२. अशोकचल्ल
३. जितारि मल्ल
४. अक्षय मल्ल
५. अशोक मल्ल
६. आनन्द मल्ल
७. रिपु मल्ल
८. संग्राम मल्ल
९. जितारि मल्ल
१०. आदित्य मल्ल

उपर्युक्त पृथ्वी मल्लका पुर्खाहरु मध्ये नेपाल आक्रमण गर्नेहरुको गोपाल वंशावली अनुसार नाम तथा आक्रमण समय तल लेखिन्छ ।

१. जयतारि मल्ल	—	ने० सं० ४०८	१२८८ ई०
२. रिपु मल्ल	—	ने० सं० ४३३	१३१३ ई०
३. आदित्य मल्ल	—	ने० सं० ४४८	१३२८ ई०

जयतारि मल्ल भनी जसलाई गोपाल वंशावलीमा भनेको छ त्यो लेख्दा खेरीको अशुद्धि हो । वास्तविक नाम ता जितारि मल्ल नै हो । माथी पृथ्वी मल्लका दस जना पुर्खाहरुको जो नाम लेखियेको छ तेसमा जितारि मल्ल दुई वटा छन् । ती मध्ये प्रथम जितारि मल्लले नै नेपाल आक्रमण गरेको हो किन भने यो आक्रमण रिपु मल्लको आक्रमण भन्दा अघी भयेको छ तथा रिपु मल्लका पूर्वपुरुषहरु मध्ये केवल यौटा जितारि मल्ल मात्र छन् औ तिनी उपर्युक्त सूचीका तृतीय पुरुष हुन् तथा सुगमताका निम्ती तिनलाई यहाँ जितारि मल्ल प्रथम भनिन्छ ।

जितारि मल्ल प्रथमले नै १२८८ ई० मा नेपाल माथी आक्रमण गरेका कुराको अनुमान इनका पितामह क्राचल्लको तथा पिता अशोक चल्लका प्राप्त तिथिहरु बाट पनी हुन्छ । कुमाऊँको बालेश्वरका मन्दिरमा भयेको ताम्रपत्रमा यौटा अभिलेख अङ्कित छ । त्यो अभिलेखमा परम भट्टारक

महाराजाधिराज श्रीमान् क्राचल्लदेव नरपतिले आफु राजा भयेका सोरहौं वर्षमा कीर्तिपुर वा कार्तिकेयपुरका (कुमाउँ) राजाहरुलाई नष्ट गरी वहाँ आफ्नो अधिकार स्थापित गरेको कुरा लेखियेको छ। त्यो लेख शाके ११४५ पौष १२२३ ई० को हो तथा त्यो दुल्लुका समीपमा भयेको श्रीसम्पन्न नगर अर्थात् श्रीनगरमा लेखियेको हो। यता बाट क्राचल्ल १२०७ ई० मा दुल्लुका राजसिंहासनमा बसेको कुरा प्रमाणित हुन्छ।

क्राचल्ल पछी उनका छोरा अशोकचल्ल राजा भयेका थिये। इनका समयको यौटा अभिलेख पनी गयामा पाइयेको छ तथा त्यो अभिलेखको मिति १२७० ई० हो।

गोपाल वंशावली अनुसार यसै वंशका रिपु मल्लले १३१३ ई० मा नेपाल माथी आक्रमण गरेका थिये। ई रिपु मल्लका अनेक लेख योगी नरहरिनाथले प्रकाशित गर्नु भयेको छ। (इतिहास प्रकाश भाग १—अङ्क-२ पृष्ठ-७६-८१) तर ती मध्ये हामीलाई यहाँ काम लाग्ने यौटा लेख मात्र छ तथा त्यो लुम्बिनीको अशोकको लेख भयेको स्तम्भमा गरियेको अङ्कन हो। तेसमा "श्रीरिपुमल्लश्चिञ्जयतुः संग्राममल्ल महाराज जयः" "अङ्कित छ। (ऐ० पृष्ठ-८१) यो अङ्कनमा तिथि न भये ता पनी रिपु मल्ल तथा संग्राम मल्ल पितापुत्रका नाम एकै ठाउँमा देखिन्छन्।

लुम्बिनी नजीकै निगलिहवा नामक स्थानमा भयेको अर्को अशोक-स्तम्भमा पनी यौटा यसतै अङ्कन छ। त्यो अङ्कनलाई पूर्णचन्द्र मुकर्जीले आफ्नो यात्राविवरणामा[१] श्रीतपुमल्लजयस्तु संवत् १२३४ पढेका छन् (पृष्ठ ३०) तथा तेसको चित्र पनी आफ्नो पुस्तकमा दियेका छन् (प्लेट १६ को चित्र-नं० १) त्यो चित्र तथा तेसै अङ्कनको म संग भयेको अर्को फोटो मिलाई पढ्दा मुकर्जी महाशयले पढेको "त" "र" भये जसतो लाग्यो। त्यो "र" हो भने तपुमल्लका सट्टा सो नाम रपुमल्ल भनी पढ्न

१. ए रिपोर्ट आन ए टूर ऑव एक्सप्लोरेशन आव दी एंटीक्विटीज इन द टराई नेपाल० बाबू पूर्णचन्द्र मुकर्जी—कलकत्ता १९०१

पर्छ। अङ्कन गर्ने मानीसका असावधानी वा अरु कारणले आरम्भको ह्रस्व इकार मेटियो भनेका खण्डमा यो नाम रिपु मल्ल हुन आउँछ।

रिपु मल्लको समय संवत् १२३४ जो त्यो स्तम्भमा अङ्कित छ तेसलाई मुकर्जी महाशयले विक्रम संवत् ठानी सन् ११८०–८१ ई० मा परिणत गरेको छ। तर हिमालयका अञ्चलमा प्राचीन काल देखी शक संवत्को नै व्यवहार तथा प्रचलन थियो। यो कारणले उपर्युक्त संवत् पनी विक्रम संवत् होइन शक संवत् हो भन्ने अनुमान हुन्छ। शक संवत् भये यसलाई इस्वी सन्मा परिणत गर्दा यो १३१२ ई० हुन आउँछ। गोपाल वंशावलीमा ने० सं० ४३३ फाल्गुन सन् १३१३ ई० मा रिपु मल्ल नेपाल आयेको कुरा छ। यता बाट रिपु मल्ल तथा उनका पुत्र संग्राम मल्लले तराईमा कनकमुनि बुद्धको जन्मस्थल आदि स्थान हेर्दै नेपाल माथी आक्रमण गरेका कुराको अनुमान हुन्छ। सन् १३१४ मा रिपु मल्लका समयमा लेखियेको अभिसमयालङ्कार नामक पुस्तक पनी पाइयेको छ।[1]

यो पछी रिपु मल्लका पनाती आदित्य मल्लले ने० सं० ४४८ चैत्र १३२८ ई० मा नेपाल प्रवेश गरेको गोपाल वंशावलीमा लेखियेको छ। (पृष्ठ–३१)

पृथ्वी मल्लका उपर्युक्त पूर्वपुरुषहरु संजाका बड़ा प्रतापी राजा भयेका कुराको अनुमान सहजै हुन्छ। क्राचल्लको कुमाउँविजयले गर्दा यो राज्यका पश्चिम तिरको विस्तार सहजै अनुमान गर्न सकिन्छ। करनाली पश्चिम डोटी सम्म यो राज्यको विस्तार भयेको हुनाले कुमाउँको विजय सजिलो तथा सम्भव भयेको हो। पूर्वमा दुल्लु, दैलेख तथा सुरखेत यसै राज्य अन्तर्गत थिये। दक्षिणमा लुम्बनीका वरपर रिपु मल्ल तथा सङ्ग्राम मल्लका लेख पाइयेका हुनाले सम्पूर्ण पश्चिम तराई यसका अधीन भयेको बुझिन्छ। वर्तमान कैलाली कञ्चनपुर अन्तर्गत मलवारा संस्कृत "मल्ल-वार" को विकृत रूप हो। मल्लहरुको राज्य प्रवेश गन ढोका समान यो

१. मेडियेवल हिस्ट्री आव नेपाल—लुसियानो पेटेच—पृष्ठ-१०८-१०९ टिप्पणी।

ठाउँ भयेको हुनाले यसलाई मल्लवार वा मल्ल राज्यको ढोका भनेको हो। अध्यापक टुचीका अन्वेषणले गर्दा उपर्युक्त मल्लहरुका अधीन जुमला तथा त्यो पर तिरको तिब्बतको वर्तमान गुगे प्रदेश मानसरोवरको अञ्चल पनी भयेको कुरा चाल पाइयेको छ। गुगे प्रदेशमा वहाँका मल्ल राजाहरुको जो वंशावली अध्यापक टुचीले पाई प्रकाश गर्नु भयेको छ तेसमा अशोकचल्ल, जितारि मल्ल, रिपु मल्ल तथा आदित्य मल्लहरुको नाम पनी पाइयेको छ।[२] यसरी करनाली प्रदेशको यो मल्ल वंश निकै शक्तिशाली भयेको तथा यसले विशाल राज्य माथी राज्य गरेको कुरा चाल पाइन्छ।

पृथ्वी मल्ल तथा उनका पूर्वजहरुका शिलालेख वा तिनका भग्नांश जो योगी नरहरिनाथले प्रकाशित गर्नु भयेको छ तिन बाट ई मल्ल राजाहरुको बौद्ध धर्म माथी पनी आस्था भयेको कुरा चाल पाइन्छ। पृथ्वी मल्लको दुल्लुका शिलालेखको आरम्भमा नै बौद्धहरुको प्रसिद्ध धार्मिक मन्त्र ओंमणिपद्मे हुँ अङ्कित छ। जुमलाको पृथ्वी मल्लको १२७८ शाके आ. १३५६ ई० को कनकपत्रमा साक्षीहरुको उल्लेख गर्दा ब्रह्मा विष्णु महेश्वर सँगसँगै बुद्ध धर्म सङ्घको पनी उल्लेख छ। (इतिहासप्रकाश-अङ्क-२, भाग-१) तेरहौं शताब्दिका प्रथम दशकमा राजा हुने क्राचल्लले आफ्नो बालेश्वर, कुमाउँको अभिलेखमा आफुलाई परमसौगत भनेका छन्।

आफ्ना तिब्वतयात्राका प्रसङ्गमा भारत बाट १०४१ ई० मा नेपाल जाने सिद्ध अतीश दीपङ्करको पाल्पाको बाटो तिब्बत जाने इच्छा भयेको कारण पश्चिम नेपालका बौद्धहरुलाई भेट्दै मानसरोवरको दर्शन गर्न जाने होला भन्ने अनुमान पृथ्वी मल्ल तथा उनका पूर्वपुरुषहरुको बौद्ध धर्म प्रति भयेको विश्वास देख्दा हुन्छ।

यसका केही शताब्दि अघी हुने नेपालका लिच्छवी राजा मानदेवले

---

२. ऐजन पृष्ठ-१०२-१०३।

३. ऐजन पृष्ठ-२०८।

आफ्नु चाँगुनारायणका शिलालेखमा पश्चिमका मल्लहरुलाई अनुशासन गर्न गण्डकी तारी सेना पठायेका कुराको वर्णन गरेको छ।

सप्तम शताब्दिका नेपालका कतिपय अभिलेखहरु बाट वहाँका राजाहरुले मल्लकर नामक यौटा कर समेत उठाउने गरेको कुरा चाल पाइयेको छ। मल्लहरुका आक्रमण बाट देशको रक्षा गर्न यो कर उठाइयेको होला भन्ने अनुमान छ।

उपर्युक्त सबै कुराको विचार गर्दा पश्चिमका राजाहरुले प्राचीन समय देखी नेपालको उर्वरा क्षेत्र माथी आँखा गाडेका कुराको अनुमान हुन्छ तथा यौटा लामो अवधि सम्म सैंजाका मल्ल राजाहरुले ता यो सम्बन्धमा यथेष्ट उद्योग पनी गरेका थिये। १२८८ ई० मा उनीहरुको नेपाल माथी प्रथम आक्रमण भयेको थियो तथा १३२८ ई० सम्म उनीहरु यो उद्योगमा लागी रहे। तर उनीहरुले यसमा सफलता प्राप्त गर्न सकेनन्। सैंजाका मल्लहरुको अन्तिम आक्रमण भन्दा ४४० वर्ष पछी पश्चिमका नै अर्का राजा पृथ्वीनारायण शाह नेपालविजय गर्न समर्थ भये।

योगी नरहरिनाथका अनुसन्धानले पश्चिम नेपालका इतिहासमा अपूर्व प्रकाश परेको छ तथा यसको अझ अरु व्यवस्थित रूपले अनुसन्धान हुन पर्छ। पृथ्वी मल्ल आदि राजाहरुले आफ्ना अभिलेखमा उपयोग गरेको भाषा नै वर्तमान नेपाली भाषाको तेरहौं शताब्दिको रूप हो भन्ने कुरामा केही सन्देह छैन। वहाँका अनुसन्धानले गर्दा नेपाली भाषाका इतिहासमा पनी ठुलो प्रकाश परेको छ तथा अरु अनुसन्धान गरी यसका अघीका एक दुई कडी भेट्टायेका खण्डमा नेपाली भाषाको उत्तर भारतका अन्य भाषाहरु सरह प्राकृत देखीका विकासको धारावाहिक इतिहास पत्ता लाग्ने छ।

पञ्चम अध्याय

हरिसिंहदेव

चौधौं शताब्दीका आरम्भमा नान्यदेवका सन्तान मिथिलाका राजा हरिसिंहदेव सिमरौन गढ़ बाट नेपाल पसेको बुझिन्छ। स्थिति मल्ल तथा उनी पछी हुने नेपालका मल्ल राजाहरुले आफुलाई कर्णाटवंशी तथा हरिसिंहदेवको सन्तान भनी भनेको हुनाले हरिसिंहदेवले नेपालका इतिहासमा प्रमुख स्थान प्राप्त गरेका छन्।

नान्यदेवले १०९७ ई० मा सिमरौन गढ़मा आफ्नो राज्य स्थापित गरेका कुराको माथी वर्णन गरी सकियेको छ। इनका सन्तानले दुई शताब्दि भन्दा अधिक सिमरौन गढको राजधानी बाट मिथिलाको शासन गरे पछी यो राज्य माथी मुसलमानहरुको आक्रमण भयो। जयस्थिति मल्ल भन्दा पछी हुने मल्ल राजहरुले आफ्नो वंशलाई कर्णाट वंश भनेको हुनाले उनीहरुले आफुले लेखेका वंशावलीहरुमा नान्यदेवका उत्तराधिकारीहरुको नाम लेखेका छन्। सिमरौन गढमा शासन गर्ने नान्यदेवका सन्तानहरुका नामको यो समयको नेपालका इतिहासलाई उती आवश्यक न भये ता पनी नेपालका लेखहरुमा इनको वर्णन भयेको हुनाले यहाँ यो विषयको पनी केही उल्लेख गरिन्छ।

नान्यदेवका सन्तानको नाम विविध लेखहरुमा तल लेखिये बमोजिम पाइन्छन्।

प्रताप मल्लको शिलालेख	मुदितकुवलयाश्व	कर्कपेट्रिक	हेमिल्टन
१. नान्यदेव	नान्यदेव	नान्यदेव	नान्यदेव
२. गङ्गादेव	गङ्गादेव	कनकदेव	गङ्गादेव
३. नृसिंह	नरसिंहदेव	रामसिंह	नरसिंह

४.	रामसिंह	भावसिंहदेव	भदसिंह	रामसिंह
५.	शक्तिसिंह		कर्णसिंह	शक्तिसिंह
६.	भूपालसिंह	कर्मसिंह	हरिसिंह	हरसिंह
७.	हरिसिंह	हरिसिंह		

नान्यदेवका सन्तानहरुको आलोचना मिथिलाका इतिहासको विषय हुनाले तिनका विषयमा यहाँ विशेष विचार गर्न पर्ने आवश्यकता छैन। मुदितकुवलयाश्व नाटकमा दिइयेको वंशावलीमा हरिसिंहदेवका पितालाई कर्मसिंह भनेको छ। प्रताप मल्लको शिलालेखमा उनलाई भूपालसिंह भनेको छ तथा हेमिल्टनले उनका पिताको नाम शक्त (शक्ति ?) भनेको छ। हरिसिंहदेवका पिताका नै नामका विषयमा यसतो मतभेद देखियेको हुनाले विभाजित नेपालका मल्ल राजाहरुले आफ्नो वंशलाई प्राचीन प्रमाणित गर्न मिथिला राजवंश सँग आफ्नो सम्बन्ध बलजफ्ती जोरेको हो कि भने जसतो लाग्छ। यो कुरा जे भये ता पनी विभाजित नेपालका मल्ल राजाहरुको हरिसिंहदेवका वंश सित भयेको सम्बन्ध गोरु बेचेको नाता भन्दा विशेष बढता थियेन कि भने जसतो लाग्छ।

हरिसिंहदेवको समय सम्म भारतमा मुसलमानहरुको आधिपत्य स्थापित भै सकेको थियो। गयासुद्दीन तुगलकशाह बंगाल आक्रमण गरी फर्कँदा मिथिला विजय गरेका कुराको वर्णन भारतीय इतिहासमा छ। यो विजय पछी दिल्ली पुग्ने बित्तिकै उनी १३२५ ई० का आरम्भमा मारिये। यो कारणले उनको तिरहुतका वा मिथिलाको विजय १३२४ ई० मा भयेको हो तथा तेही साल हरिसिंहदेव सिमरोन गढ छोडी पहाड पसेको कुरा नेपालका वंशाल्लीहरुमा तथा मिथिलाका वंशावलीहरुमा साधारण पाठभेद सहित पाइने निम्नलिखित श्लोकमा पनी लेखियेको छ।

वाणाब्धि युग्मशशि सम्मित शाक वर्षे,
पौषस्यशुक्ल नवमी रवि सूनुवारे।
त्यक्त्वा स्वपट्टनपुरीं हरिसिंहदेव
दुर्दैवदेवविपरीत गिरिं प्रवेश॥

उपर्युक्त श्लोक बाट शाके १२४५ (बाण-५, अब्धि-४, युग्म-२, शशि-१-शाके १२४५ + ७८ = १३२३ ई० मा उनले सिमरौन गढ़ त्याग गरेको कुरा यता बाट बुझिन्छ। महिना पौष हुनाले १३२४ ई० लागी सक्नु सम्भव छ।

यो सम्बन्धमा मिथिलामा पनी यौटा श्लोक प्रचलित भयेको कुरा चाल पाइयेको छ। त्यो श्लोक तल सारे बमोजिम छ।

वस्वब्धि बाहुशशि सम्मित शाकवर्षे
पौषस्यशुक्ल दशमी क्षितिसूनुवारे।
त्यक्त्वा स पत्तनपुरी हरिसिंहदेवो
दुर्दैवदेशितपथो गिरिमाविवेश॥

अर्थात् वसु-८, अब्धि–४, बाहु-२, शशि-१, शाके १२४८ पौष शुक्ल दशमीका दिन उनी पहाड वा नेपाल प्रवेश गरेको यो श्लोक बाट बुझिन्छ।

कि ता मिथिलाका श्लोकको 'वसु' नेपालका श्लोकको 'वाण'का सट्टा भूलले लेखियेको रूप हो कि ता यता बाट १३२४ ई० मा मुसलमान-हरु द्वारा पराजित भयेर हरिसिंह देव सिमरौन गढका उत्तरका पहाड़मा राज्य फर्काउने दाउ परी हाल्छ कि भनी केही वर्ष लुकेर बसे। नत्र शाके १२४५ देखी शाके १२४८ अर्थात् आ० १३२४ देखी आ० १३२६ को जो अन्तर ई दुई श्लोकमा देखिन्छ त्यो बुझ्नु गाहारो छ।

हाम्रा वंशावलीहरुमा भने ने० सं० ४४४ शाके १२४५ आ० १३२३ वा १३२४ मा नै उनको नेपाल प्रवेश भयेको कुरा लेखियेको छ। (राइट-पृष्ठ-१७५)

आफुलाई यसरी सिमरौन गढ छोड्न कर लागे पछी हरिसिंहदेव अश्म नगर अर्थात् पनौतीमा आई बसेको तथा वहाँ बाट नेपाल आयेको कुरा प्रतापमल्लले आफ्नो हनुमान् ढोकाका शिलालेखमा भनेको छ। (सं० सं० वर्ष १–अङ्क २)

आक्रान्तं यवनैर्भृशं विधिवशात्सोपद्रवं बान्धवैः
सार्धं तत्परिहाय चाश्मनगरं नेपालमभ्यागतः ।
सोऽत्राधिष्ठितमेदिनो परिवृढान् निर्धूयदिव्यास्पदं
तेने भक्तपुराह्वयञ्चकलितं हृष्टैश्चपुष्टैर्जनैः ॥

प्रतापमल्लको आफ्नो वंशावली भयेको पशुपतिको ने० सं० ७७८

को शिलालेखमा हरिसिंह देवका सम्बन्धमा तल लेखियेको श्लोक छ ।

जातः श्रीहरिसिंहदेव नृपतिः प्रौढप्रतापोदयः तद्वंशे विमले महारिपुहरे गाम्भीर्य रत्नाकरः ।
कर्ता यः सरसामुपेत्य मिथिलां संलक्ष लक्षप्रियो नेपालेपुनराढ्य वैभवयुते स्थैर्यं विधत्ते चिरम् ॥

यो श्लोक बाट पनी हरिसिंहदेव नेपाल पुगेका कुराको नै समर्थन हुन्छ ।[१]

यवन अर्थात् मुसलमान द्वारा डर लाग्दो रूपले आक्रमण गरियेका हुनाले आफ्नो तथा आफ्नो धर्मको रक्षाका निम्ती उनी पहाड पसी पनौतीमा आई बसेको कुरा यता बाट चाल पाइन्छ ।

चौधौं शताब्दिका आरम्भमा भयेको हरिसिंहदेवको यो नेपाल-प्रवेशले उत्तर भारत बाट समान कारणाले प्रेरित भयेर अरु क्षत्रिय राजवंशहरु इनै ताक वा एक दुई शताब्दि अधी नेपालका पश्चिम पहाडमा पसेका कुराको स्मरण गराउँछ । भारतका विविध राजवंश तथा हरिसिंहदेव बसाईं सरी नेपाल पसेको कुरा नेपालका इतिहासको यौटा अत्यन्त महत्वपूर्ण घटना छ तथा ई सबै बसाईंको इतिहास बडो रोचक छ । ई बसाईहरु आक्रमणका रूपमा पटक भयेका थियेनन् तथा नेपाल खाल्डोले औ पश्चिमका नेपालीहरुले न इनलाई आक्रमण गनेका थिये न बसाई सर्नेहरु आफ्नो प्रव्रजनलाई आक्रमण ठान्थे । यो भन्दा अघिल्लो कालमा पश्चिम

१. इतिहास संशोधन ७ संख्या ३९ क्रमागत संख्यामा हरिसिंहदेव सिमरौन गढ़ बाट भागी दोलखा पुगी वहाँ नै मरेको कुरा लेखियेको छ ।

नेपालले थोरै तथा नेपालको खाल्डोले घेरै, मुसलमानहरुका आरम्भिक आक्रमणहरुको परिणामस्वरूप आफ्ना बहुमूल्य धर्मपुस्तक, आदि लियेर नेपाल पस्ने बौद्ध भिक्षु तथा पण्डितहरुलाई दुई हातले अँगालो हालेर स्वागत गरेका थिये। केही शताब्दि पछी फेरी आगन्तुकहरुले उही प्रेमपूर्ण स्वागत यो देशमा पायेको कुरा नेपालीहरुका विशाल हृदयको परिचय गराउँछ। सम्यता तथा संस्कृतिका प्रवेशका निम्ती यो देशको द्वार सदा अबाधित थियो तथा यहाँ पस्ने जो कोहीले पनी यहाँ परम आत्मीयको स्वागत पायेको कुरा नेपालका इतिहासको यौटा समुज्वल अध्याय छ। नेपालीहरुका यो उदात्त व्यवहारको यौटा महान् परिणाम के भयो भने आगन्तुक तथा स्थानीय व्यक्ति धर्म, भाषा तथा संस्कृतिको आदान-प्रदान गरेर शीघ्र एक भये औ उनीहरुमा कुनै प्रकारको भेदभाव रहेन। नेपाली जाति बलियो, समृद्धिशाली तथा सिपालु भयो तथा सुदीर्घकाल सम्म आफ्नो स्वातंत्र्यको प्रदीप मधुरो भये पनी बालेर बस्न सक्षम भयो। नेपालका इतिहासको यो गौरवमय अध्यायलाई नेपालीहरुले कहिल्यै बिर्सन हुँदैन।

मुसलमानहरु द्वारा पराजित भयेर हरिसिंहदेवले नेपाल प्रवेश गरेको हुनाले उनको नेपाल-आगमनलाई आक्रमण भन्न हुँदैन तथा उनी आक्रमणकारी पनी होइनन्। उनी ता आफ्ना आक्रमणकारीहरु बाट आफ्नो रक्षा गर्न हिमालयका आश्रयमा त्यहाँका निवासीहरुका सदाशयको भर परी पसेका थिये। उनी नेपाल पसेको कुरालाई हामीले यही दृष्टिले हेर्न पर्छ औ यसै दृष्टिले हेरे मात्र यसको उचित मूल्याङ्कन गर्न सकिन्छ। उनीले भादगाउँ वा उनका सन्तानले त्यो अञ्चलको कुनै स्थानमा राज्य गरेको वा उनीहरुले नेपालमा सम्मानपूर्ण स्थान पायेको वा विभाजित नेपालका मल्ल राजाहरुले उनी बाट नै आफ्नो वंशक्रम निर्धारित गरेका कुराको कारण यसै अध्यायमो अल्ली पछी विचार गरिने छ।

हरिदेवसिंह नेपाल पसेका विषयमा मिथिलामा यौटा किंवदन्ति छ। त्यो यस प्रकारको छ। मुसलमानहरु द्वारा पराजित भये पछी आफ्ना राजगुरु जसता प्रसिद्ध पण्डित कामेश्वर ठाकुर कहाँ हरिसिंहदेव अब म के

गरु भनी परामर्श गर्न गये छन्। त्यो समयमा कामेश्वर ठाकुर सुगौना नामक ग्राममा बसेका थिये। वहाँ गुरुलाई मिथिला यवन द्वारा पराजित भयेको कुरा सुनाई हरिसिंहदेवले सोधे, "अब कुन ठाउँमा कलिकालमा पनी सनातन धर्म रहने छ औ गो ब्राह्मणको रक्षा हुने छ ?" कामेश्वर ठाकुरले हातलै उत्तर तिर देखाये तथा हरिसिंहदेव गुरुका सोही उपदेश बमोजिम नेपाल तिर पसे। यो किंवदन्ति बाट पनी हरिसिंहदेव नेपाल पसेका कारणमा निकै प्रकाश पर्छ तथा उनको वास्तविक रूप जो आत्म-रक्षा गर्ने भगौडाको थियो तेसको परिचय पाइन्छ।

नेपालमा भयेको गृहकलहले हरिसिंहदेवलाई वहाँ बस्न के सहायता गऱ्यो तेसको आलोचना माथी भै सकेको छ। यहाँ केवल तेसका एक दुई वटा सामाजिक परिणामको चर्चा गरिन्छ। पहिलो परिणाम ता तुलजा देवीका पूजाको नेपालमा प्रवेश हो। हरिदेवसिंह द्वारा ई देवीको नेपालमा पदार्पण भये पछी नेपालको राजकीय परिवारले इनलाई आफ्ना इष्ट देवी स्वरूप मानी इनको विशेष आदर गर्न थाल्यो तथा पछी सम्म अर्थात् अठारौं शताब्दि सम्म अविभाजित औ विभाजित नेपालका राजा-हरु बाट इनको विशेष आदर भयो। नेपाल विभाजित भये पछी काठ-माण्डुमा पनी यहाँका राजाहरुले इनको पूजा चलाई मन्दिर इत्यादि बनाये। जसरी हरिसिंहदेवलाई साथमा तुलजा देवी हुनाले नेपालमा लोकप्रिय हुन सजिलो भयो उसै गरी पछी पछीका राजाहरुले आफ्ना राज-नीतिक दाउ खेल्दा इनको सहायता ली नेपालका धर्मप्राण रैतीलाई झुक्कयायेका कुराको यत्रतत्र आलोचना भै सकेको छ। तुलजा देवी जनताकी देवता थिइनन् कि भने जसतो लाग्छ। राजदरबारका परिधि भीत्र उनको मन्दिर भयेको, स्वयं राजाकी इष्ट देवता उनी भयेकी तथा उनको विग्रह गुप्त राखियेका कुरा बाट इनी लोकप्रिय देवता न भयेर राजकीय देवता भयेका कुराको अनुमान हुन्छ।

वंशावलीहरुमा हरिसिंहदेव सित आउने केही जातहरुको उल्लेख छ। ती जात वंशावली अनुसार ब्राह्मण, भँडेल, आचार, जैसी, वैद्य, रजक

तथा खड्गी थिये। अर्को शब्दमा, उपर्युक्त जात मिथिला बाट नेपाल आयेको कुरा बुझिन्छ। ई जात अद्यावधि नेपालमा कुनै न कुनै रूपमा छँदै छन्। पहाडमा पूर्व तथा पश्चिम दुवै तिर रजक वा धोबी जात छैन। सम्भवतः चौधौं शताब्दि सम्म नेपालमा पहाडमा झैं धोबी थियेन। हरिसिंहदेव सित यो जात आयो। यता बाट नेपालका जीवनले धेरै अघी देखी नागरिक संस्कार प्राप्त गरेका कुराको अनुमान हुन्छ।

हरिसिंहदेवका मन्त्री चण्डेश्वरले कृत्यचिन्तामणि नामक यौटा ग्रन्थ लेखेको छ। तेसमा आफुलाई नेपालका राजाहरु जीत्ने तथा वाग्वतीका किनारमा तुलातुरुष दान गर्ने भनी भनेको छ।[१] यता बाट १३२६ ई० मा हरिदेवसिंह नेपाल पस्नु भन्दा अघी उनका मन्त्री चण्डेश्वर नेपाल गयेको कुराको अनुमान हुन्छ। चण्डेश्वर नेपाल नै पुगी वाग्वतीका किनारमा तुलापुरुष दान गरेका भये ता पनी तथा उनले नेपालका सम्पूर्ण राजाहरुलाई जीतें भनी (नेपालाखिल भूमिपालजयिना) भनेको भये ता पनी उनका राजा हरिसिंहदेव मुसलमान आक्रमणका त्रासले त्रस्त भयेका समयमा चण्डेश्वर विजेताका रूपले नेपाल पसेको कुरा विश्वसनीय छैन। चण्डेश्वर वा हरिसिंहदेवको वा त्यो भन्दा पनी अघी मैथिलीहरुको जो नेपालमा प्रवेश भयो भन्ने कुरा छ तेसलाई आक्रमण वा विजयका दृष्टिले हामीले हेर्‍यौं भने तेसको याथात्म्य हामी बुझ्न सक्तैनौ र हामीले ई घटनाहरुलाई अर्कै दृष्टिले हेर्न पर्छ।

भारतका विविध भाग मुसलमान विजेताहरु द्वारा बारहौं शताब्दिमा विजित हुन थाली सकेका थिये। बारहौं शताब्दिका आरम्भमा बख्तियारका छोरा मुहम्मद खिलजीले बंगाल विजय गरी सकेका थिये।

---

१. श्री चण्डेश्वर मन्त्रिणा मतिमतानेन प्रसन्नात्मना
नेपालाखिल भूमिपाल जयिना धर्मेन्दु दुग्धाब्धिना।
वागवत्या सरितस्तटे सुरधुनी साम्यांदधत्या शुचौ
मार्गेमासि मथोक्तपुराय समये दत्तस्तुलापूरुषः॥

यो पछी बंगालका मुसलमान शासकहरु दिल्लीका अधीन बस्न खोज्दैनथे र आफुलाई स्वतन्त्र घोषणा गर्थे। दिल्लीका सुलतानलाई यो कुरा मन पर्दैनथ्यो र उनीहरु बंगाल माथी आक्रमण गर्थे। यसता आक्रमणका समयमा साधारण हिन्दु प्रजा स्वभावतः बडो दुःख पाउँथ्यो। यसरी त्रस्त भयेका हिन्दुहरु तेरहौं शताब्दीमा वर्तमान नेपाल राज्यका विविध भागमा पसेका अनेक कुरा चाल पाइयेका छन्। उत्तर बिहार बाट नेपाल नजीक पर्ने हुनाले यहाँ मैथिलीहरुको प्रवेश हुनु स्वाभाविक थियो। शरणार्थी भयेर आउने आगन्तुक सर्वत्र स्वागत गरियें। मैथिलीहरु पनी यसै गरी नेपालमा आई यहाँ बसोबासो गर्न लागेका हुन्।

चण्डेश्वरको आगमन अघी देखी नै मैथिलीहरु नेपालमा गै वहाँ बस्न थाली सकेका थिये। चण्डेश्वर पनी यही समयमा नेपाल गये। चण्डेश्वरलाई धार्मिक तीर्थयात्री या शरणार्थीका रूपमा नेपालले हेर्‍यो र उनले कतै शिष्टताको नियम अतिक्रमण गरी हात छोडी हालेको भये ता पनी तेसलाई नेपालका राजा तथा प्रजाले उपेक्षाका दृष्टिले हेरे। चण्डेश्वरले यो प्रेमपूर्ण व्यवहारको साटो मिथिला आयेर मैले नेपाल विजय गरें भनी ढ्याङ्रो ठटायेर तिरे। यस पछी गयासुद्दीन तुगलक द्वारा पराजित भै हरिसिंहदेव नेपाल पसेका कुरा बाट नै चण्डेश्वरका विजयका कुराको वास्तविकता बुझिन्छ।

भारतका मानीसहरुको नेपालप्रवेश सम्पूर्ण नेपालका माध्यमिक कालका इतिहासको यौटा अत्यन्त महत्वपूर्ण प्रसङ्ग छ जसले नेपालका इतिहासमा ठुलो प्रभाव पारेको छ। तर यो प्रवेश विजेताका रूपमा कहिल्यै भयेन तथा जुन कारणले वशीभूत भयेर भारतका मानीसहरु नेपाल पसे तेसको विचार गर्दा उनीहरुमा विजेताका रूपले नेपाल पस्ने सामर्थ्य नै न भयेको कुरा स्पष्ट हुन्छ। विदेशीका आक्रमणले किंकर्तव्य विमूढ प्रजा घर द्वार छोडी भागी हिमालयका आश्रयमा पसेको थियो। अल्प जन सङ्ख्या भयेका हिमालयका खाल्डाहरु वा पहाडका नात्युच्च डांडाहरुमा पुगी स्थानीय मानीस सित प्रेमपूर्ण सम्बन्ध स्थापित गरी इनीहरु बस्नु

स्वाभाविक थियो तथा प्राचीन आर्य वा हिन्दु संस्कृतिको परम्परा पनी यही थियो। पहाडका मानीसहरुले पनी नवागन्तुकहरुको विपत्ति बुझेका थिये तथा उनीहरुको अल्प सङ्ख्या इनलाई तर्साउने प्रकारको पनी थियेन। यो कारणले नवागन्तुकले सर्वत्र स्वागत नै पाये।

चण्डेश्वरको नेपाल बाट प्रत्यागमन भयेका केही वर्ष पछी गयासुद्दीन तुगलक द्वारा परास्त भै हरिसिंहदेव १३२६ ई० मा० नेपाल पसे। नेपालका राजा रुद्र मल्लको यसै वर्ष देहान्त भयेको थियो तथा इनको कुनै पुरुष उत्तराधिकारी थियेन, केवल यौटी छोरी थिइन्। रुद्रदेव सित संयुक्त शासन गर्ने अरि मल्ल स्वभावतः राज्यशक्ति कसै सित न बाँडी आफु मात्र राजा हुन खोज्थे। रुद्र मल्लकी छोरी नायक देवीलाई अघी सारी यौटा दल अरि मल्लको विरोध गर्दै थियो। भादगाउँमा स्वतन्त्र राज्य स्थापित भये-को पनी घेरै भयेको थियेन तथा नवस्थापित भादगाउँको राज्य पनी यो घरझगरामा कुनै न कुनै रूपले मुछिनु स्वाभाविक थियो।

रुद्रदेवको मृत्यु हुने बित्तिकै केही महिना पछी हरिसिंहदेव नेपाल पसी हाले। गृहकलहको त्यो समय हुनाले यौटा न यौटा दलको सहायता पाउने कुरा निश्चय थियो। विधर्मीहरु सँग लड़ाई गरी धर्मको रक्षाका निम्ती देशत्याग गरेर आयेको भने पछी धर्मप्राण नेपाली जनता बाट सहानुभूति तथा सहायता पाउनु स्वाभाविक थियो। न भन्दै उनी नेपाल पुगे पछी लड़ाई नै न गरी भादगाउँ माथी उनको आधिपत्य भै हाल्यो। उनले आफु सित लगेकी तुलजा देवीले पनी नेपालका धार्मिक प्रजाको भक्तिवत्सलता आफु प्रति तान्नु स्वाभाविक थियो औ यसले गर्दा हरिसिंहदेवको विशेष विरोध भयेन।

हरिसिंहदेव नेपाल पुगी वहाँ धेरै बस्न न पाये जसतो बुझिन्छ। रुद्र मल्लका मृत्यु पछी आरम्भ भयेको घरझगरा १३३७ ई० मा समाप्त भै समस्त राज्यको अधिकार अरि मल्लका हातमा परेको थियो। अरि मल्ल समस्त नेपालका एकमात्र महाराजाधिराज हुँदा हरिसिंहदेवको मृत्यु भै सकेको हुन पर्छ किन भने अरि मल्लका पालामा हरिसिंहदेवको केही

उल्लेख पाइंदैन । हरिसिंहदेव नेपाल बाट फर्की मिथिला पनी आयेनन् किन भने उनी सिमरौन गढ़ छाडेर गये पछी दिल्लीका बादशाहले मिथिलाको राज्य कामेश्वर ठोकुरलाई दिये तथा इनले वहाँ सुगना कुलको राज्य स्थापित गरे ।

वंशावलीहरुमा हरिसिंहदेवका सन्तात भनी उनी पछी हुने राजाहरुको नाम तथा उनको शासन अवधिको वर्णन गरेको छ । (राइट० पृष्ठ-१७९-१८०) वंशावली अनुसार उनीहरुको नाम तथा राज्य गरेको अवधि तल लेखे बमोजिम छ ।

हरिसिंहदेव	...	२८ वर्ष
मतिसिंहदेव	...	१५ वर्ष
शक्तिसिंहदेव	...	२२ वर्ष
श्यामसिंहदेव	...	१५ वर्ष

वंशावलीमा वर्णित उपर्युक्त राजाहरु को हुन् तथा उनीहरुको हरिसिंहदेव सित के सम्बन्ध थियो तेसको पनी यहाँ विचार गर्नु उचित छ ।

हरिसिंहदेवका सन्तान भनी वंशावलीमा वर्णित राजाहरु माथी वर्णन गरियेको वर्धन परिवारका मानीस रहेछन् भन्ने कुरा यो सम्बन्धमा पाइयेका प्रमाणका अध्ययन द्वारा प्रमाणित हुन्छ । वंशावलीमा मतिसिंह भनी जसलाई भनेको छ ती इटम बहाल तथा पशुपतिका शिलालेखका मदनराम हुन् तथा वंशावलीमा किन तिनको नाम अशुद्धतापूर्वक लेखियो तेसको कारण यसै हो भन्न गाहारो छ । प्रथम राजा हरिसिंह, तृतीय राजा शक्ति सिंह भयेको हुनाले माझको नाम पनी ती दुई नाउका अनुकूल तुल्याउन मतिसिंह गराइनु असम्भव छैन ।

वंशावलीहरुमा दिइयेको ई राजाहरुको शासन अवधिको योग ८० वर्ष हुन्छ । हरिसिंहदेवको १३२६ ई० मा नेपाल आगमन भयेको हो भनी माथी प्रमाणित गरियेको छ । यो हिसाबले इनिहरुको शासन १३२६ देखी १४०६ सम्म हुने भयो । तर यो अवधिमा १३३७ ई० देखी सम्पूर्ण नेपाल मण्डलमा क्रमशः अरि मल्ल, राज मल्ल तथा अर्जुन मल्लको आ० १३८०

ई० सम्म शासन भयेका कुराको माथी वर्णन भै सकेको छ। यो कारण ले उपर्युक्त राजाहरु कहाँ शासन गर्थे भन्ने शङ्का उत्पन्न हुन सक्छ।

गुह्यका तन्त्र (सूची-भाग २-पृष्ठ-७०) नामक यौटा पुस्तक पाइयेको छ। तेसका अन्तिम वाक्य बाट शक्तिसिंहको राज्य भादगाउँका पूर्व पलानचोकमा रहेछ भन्ने कुरो चाल पाइन्छ। (सम्वत् ५२५ दुराषाढ-शुक्ल पूर्णिमास्यां तिथौ श्रवण नक्षत्रे प्रीतियोगे आदिवासरे॥ पिलारमन्त्र स्थान श्री शक्तिसिंह रायस्य विजय राज्ये नमोस्तु) यता बाट ने० सं० ५२५ आषाढ़ १४०५ ई० मा० पलानचोकमा शक्तिसिंहको राज्य भयेको कुरा चाल पाइन्छ। राइटको वंशावलीमा पनी आफ्ना छोरा श्यामसिंह देवलाई राज्य छाडी शक्तिसिंह देव पलानचोक गयेर बसेको कुरा छ। (पृष्ठ-१८०)

उपर्युक्त गुह्यका तन्त्रबाट शक्तिसिंह १४०५ ई० मा पलानचोकको राजा भयेको कुरा निश्चित हुन्छ। शक्तिसिंह पलानचोकका राजा कसरी हुन गये त भन्ने कुरा विचारणीय छ। अर्जुन मल्लका उत्तराधिकारी स्थिति मल्ललाई जयसिंह राम वर्धन बाट अर्जुन मल्लका विरुद्ध उनले गरेको विद्रोहमा ठुलो सहायता प्राप्त भयेको कुरा माथी वर्णन गरी सकियेको छ। यो कारणले स्थिति मल्लले आफु राजा हुने बित्तिकै जयसिंह रामलाई भादगाउँ सहित पूर्वको महासामन्त नियुक्त गरेका कुराको अनुमान हुन्छ। साधारण प्रजाले यसलाई राज्यविभाजन नै ठान्नु आश्चर्यको कुरा थियेन। पञ्चरक्षा (सूची–भाग २–पृष्ठ ७८–७९) नामक पुस्तकका पुष्पिकामा नेपाल मण्डलका दुई राज्यको उल्लेख छ। (श्रेयोस्तु संवत् ५०७ कार्तिक शुक्ल प्रतिपदायां तिथौ बुद्धवासरे वैशाख नक्षत्रे शोभनयोगे नेपालमण्डल द्विराज्ये श्रीजयस्थितिराजमल देवस्य विजस्य विजयराज्ये) विज् धातुको अर्थ छुट्याउनु, भाग लाउनु हुन्छ। लेखकले विजस्य लेखी छुट्स्याइयेको, भाग लाइयेको भनेको हो। लेखकको विभक्त राज्य भन्ने अर्थ हो।

यो विभाजन स्थिति मल्ल राजा हुने बित्तिकै हुनु धेरै सम्भव छ किन भने स्थिति मल्लको सफलताको प्रधान कारण जयसिंह रामले उनलाई गरेको

सहायता नै थियो। यस कारणले जयसिंह रामले पूर्वको हाली मुहाली अधिकार पाउनु धेरै सम्भव छ। तर जयसिंह राम महामन्त्री हुनाले तथा उनले राजा सित काठमांडुमा नै बस्न पर्ने हुनाले भादगाउँमा बसी शासन गर्ने उनका भाई मदन राम भये।

यहाँ सम्म ता स्थिति एक प्रकारले नेपालका प्राचीन काल देखी चलेको चलन बमोजिम थियो। सतम तथा अष्टम शताब्दिमा राजा भन्दा पनी प्रभावशाली महासामन्तहरु भयेको कुरा हामीलाई थाहा छ। तर भादगाउँ बाट शासनको केन्द्र पलानचोक पुग्नु आश्चर्यको कुरो छ। शक्तिसिंह १४०५ ई० मा पलानचोकका राजा थिये। यो भन्दा अघी नै यो घटना भयेको कुरा स्पष्ट छ। स्थिति मल्लको मृत्यु भये ताक वा तेसका एक दुई वर्ष पछी मदन रामको पनी मृत्यु भयेको बुझिन्छ। सोही वेला शक्तिसिंह पलानचोकमा गै स्वतन्त्र राजा भै बसेका कुराको अडकल हुन्छ।

हरिसिंहदेवका सन्तान भनियेका ई राजाहरुका विषयमा चीनको मिग वंशका इतिहासमा पनी केही उल्लेख पाइन्छन्। यो कारणले तिनको पनी यहाँ केही विचार गर्नु उचित छ। चीनियाँ इतिहासमा पाइने कुराको पहिले यहाँ सारांश लेखी वहाँ पछी तिनका विषयमा केही बिचार गर्नु पर्ला।

नेपालका राजाहरु बौद्ध भिक्षु हुन्छन्। हुंग वु नामक चीनका बादशाहले १३८४ ई० मा नेपालमा एक जना दूतलाई आफ्नो खरीता दी पठाये। मदन लोमो नामक नेपालका राजाले वहाँ पछी यौटा दूत-मण्डली चीन पटाये। त्यो मण्डली सित उनले बुद्धको स्वर्ण मूर्ति, पाँच घोडा इत्यादि सौगात पठायेका थिये। यो दूतमण्डल चीनको राजधानीमा १३८७ ई० मा पुग्यो। तीन वर्ष पछी नेपालबाट फेरी यौटा दूतमण्डल चीन आयो। वहाँ पछी चीनका बादशाह युंग लोले नेपालमा आफ्ना दूत पठाये। त्यो वेला नेपालका राजा श गो सिं दी थिये। युंग लोले फेरी १४१८ ई० मा अफ्नो एक जना नपुंसक नोकरलाई नेपाल पठाये।

चीनका मिंग वंशको इतिहासमा पाइने कुरा इनै हुन्। इनलाई दुई भागमा स्थूल रूपले विभाजन गर्न सकिन्छ। हुंग वुका समयको कुरा तथा १४०२ ई० मा युंग लो बादशाह भये पछीको कुरा द्वारा नै यो विभाग हुन्छ।

मिंग वंशका राजाहरुले नेपालमा बौद्ध भिक्षुक राजा हुन्छन् भन्ने ठानेको तिब्बतका उदाहरण बाट हो।

हुंग वुले १३८४ ई० मा नेपाल संग स्थापित गरेको राजनीतिक व्यवहार १४०२ ई० मा उनको मृत्यु भये पछी अन्त्य भयो। यो राजनीतिक व्यवहार मदन रामले आफुले गरे। वहाँ पछी स्थिति मल्लको शक्ति केही बढ्दै गये पछी उनले यसलाई मन न पराउनु स्वाभाविक थियो। यो कारणले महासामन्तका रूपमा भादगाउँ बाट यो व्यवहार चलाउन उचित न देखिएको हुनाले मदन रामका छोराले पलानचोकमा आफ्नु स्वतन्त्र राज्य स्थापित गरी वहाँ बाट चीन सित स्वतन्त्र व्यवहार स्थापित गर्न खोज्नु स्वाभाविक छ। स्थिति मल्लको मृत्यु भये पछी यो विकास भएको हो भन्ने लाग्छ यद्यपि यसको निश्चित तिथि निर्णय गर्ने हाल कुनै साधन छैन।

यता स्थिति मल्लका छोरा धर्म मल्ल राजा भये। जयसिंह राम उनका पनी प्रधान मन्त्री थिये। उता शक्तिसिंह पलानचोकमा स्वतन्त्र रूपले शासन गर्न थाले औ चीन सित लेखापढ़ी चल्यो। शक्तिसिंह देवका विषयमा हाम्रो वंशावलीले पनि उनले पलानचोकमा शासन गरेको तथा वहाँ बाट चीन सित लेखापढी गरी चीन बाट शक्तिसिंह नामाङ्कित छाप तथा "लामो" पदवि प्राप्त गरेको कुरा लेखेको छ। (राइट पृ० १८०) युंग लोले पठायेका दूतहरु नेपाल आउँदा श गो सिं दी अर्थात् शक्तिसिंह देव नेपालका राजा थिये भनी चीनियाँ इतिहासमा लेखेको छ।

शक्तिसिंह देवले स्वनामाङ्कित मुद्रा तथा लामोको खिताब पायेको चीनियाँ वर्ष ५३५ मा हो भनी राइटका वंशावलीमा लेखियेको छ। चीनमा त्यो समयमा वर्ष गणना गर्ने पद्धति नै अर्को भयेको हुनाले ५३५

साल चीनियाँ साल होइन किन्तु नेपाल संवत् हो। वंशावली लेख्नेलाई भ्रम भयेर उसले चीनियाँ खिताब पायेको संवत् पनी चीनियाँ संवत् होला भनी यो लेखेको हो। यो कारणले आ० १५१५ ई० मा शक्तिसिंहले चीन बाट स्वनामाङ्कित मुद्रा तथा खिताब पायेको हो।

धर्म मल्लले नवनिर्मित पलानचोकका राज्य प्रति उपेक्षाको नीति अवलम्बन गरेको बुझिन्छ। पलानचोक बाट सैन्य लियेर हकै शक्तिसिंहको नेपाल आक्रमण गर्ने शक्ति थियेन तथा चीन सित नेपालको राजा मै हूँ भनी उनले गरेका कुरा, चीन बाट प्राप्त उनको स्वनामाङ्कित मुद्रा वा खिताबले नेपालका राजानीतिमा केही प्रभाव पारेन। धर्म मल्ल आफ्नो शासन चलाई रहे। अन्त्यमा शक्तिसिंहको राज्य तेसै बिलायेर गयो औ चीन सितका सम्बन्धले उसका स्वतन्त्र अस्तित्वको रक्षा गर्न सकेन[१]।

अब 'लामो' उपाधिका विषयमा पनी केही विचार गर्नु उचित छ। यो रामको चीनियाँ रूप हो। जयसिंहका पिताको नाम रामवर्धन थियो तथा सोही पिताका नामा सित भयेको राम यो हुन पनी सक्छ। तर उपर्युक्त गुह्यकातन्त्रमा लेखिए बमोजिम यो राय पनी हुन सक्छ।

वंशावलीमा हरिसिंहदेवका सन्तान भनेका राजाहरु उनका सन्तान रहेनछन् तथा अरुहरुलाई वंशावलीकारले हरिसिंहदेवका सन्तान भनेको रहेछ भन्ने कुरा निश्चित हुन्छ। यो वेला नेपाल प्रति चीनले देखायेको सद्भावना पनी तांग वंशका पालामा प्रदर्शित गरियेको सद्भावना जस्तै छ तथा यसको पनी कुनै राजनीतिक अर्थ छैन।

---

१. वंशावलीमा शक्तिसिंह पछी उनका छोरा श्यामसिंह देव राजा भयेको कुरा छ। इनका पालामा ने. सं. भाद्र ५२८ १४०८ ई० मा नेपालमा ठुलो भूकम्प भएका कुराको उल्लेख छ। मत्स्येन्द्रनाथको मन्दिर, तथा अन्य भवनहरु भत्की असंख्य मानीसको खती भयेको कुरा छ। यो भूकम्पको कुरा जे भये ता पनी १४०८ मा श्यामसिंह राजा थिये भन्ने वंशावलीको कथन नै अशुद्ध छ। यो वेला तथा यसका निकै पछी सम्म शक्तिसिंहको शासन भयेको कुरा माथी प्रमाणित गरियेको छ। यसैले शक्तिसिंह पछी पलानचोकको राज्य तेसै विलायेर गयेको कुरा माथी लेखियेको हो।

षष्ठ अध्याय

नेपाल माथी मुसलमानको आक्रमण

मुसलमानहरुको भारतमा प्रवेश अष्टम शताब्दिका आरम्भमा भयेको भये ता पनी यसले भारतीय इतिहासमा उसतो प्रभाव पार्न सकेन । तेसैले मुसलमानहरु द्वारा भयेको सिंधको विजय भारतीय इतिहासको केवल यौटा घटना मानिन्छ । महमूद गजनीले एघारौं शताब्दिका आरम्भमा गरेका आक्रमण द्वारा मुसलमान विजयको के परिणाम हुँदो रहेछ भारतलाई अनुभव हुन थाल्यो । तेरहौं शताब्दिका आरम्भमा ता भारतमा मुसलमानहरुको शासन नै स्थापित भयो । यसका अनेक परिणाम भये । ती मध्ये यौटा परिणाम के भयो भने उत्तर भारतका फाँट बाट हजारौं हिन्दूहरु धर्म रक्षा गर्ने उद्देश्यले बसाईं सरी वर्तमान नेपाल राज्यका विविध भागमा पसे तथा यसले गर्दा नेपालका इतिहासको स्रोतले आफ्नो गति परिवर्तन गऱ्यो । नेपालको खाल्डो पनी यो प्रभाव देखी वञ्चित भयेन । विहार तथा बंगाल बाट नै वहाँ घेरै मान्छे जानु स्वाभाविक थियो औ ई ठाउँमा प्रचलित विकृत तान्त्रिक मत पनी तिनीहरुले वहाँ लगे । सिमरौनगढ़का हरिसिंहदेव आफ्नी इष्टदेवता तुलजालाई लियेर चौधौं शताब्दिका आरम्भमा नेपाल पसेका थिये ।

मुसलमानहरुले हिमालयमा भयेका काश्मीर, काँगडा , कुमाउँ आदि प्राचीन स्थानहरु माथी आक्रमण गर्न बाँकी न राखेको भये ता पनी नेपालको उनीहरुले उसतो वास्ता राखेनन् । नेपालका उपत्यकाको राज्य एक ता भारतीय राज्यहरुका तुलनामा गरीब थियो । दोसरो, वहाँ जाने बाटो पनी उती राम्रो थियेन । यो कारणले, कुनै ठुलो मुसलमान विजेताले नेपाल माथी आक्रमण गरेन र नेपालको धार्मिक जीवन एक रीतिले पुरानै ढाँचाले तेरहौं शताब्दिका अन्त्य सम्म चली रह्यो ।

चौधौं शताब्दिका मध्य भाग तिर बंगालका एक जना मुसलमान शासकले नेपाल माथी आक्रमण गरी वहाँका प्रसिद्ध देवस्थानहरु नष्ट गरी नेपालमा ठुलो आतङ्क सृष्टि गरेको कुरा चाल पाइयेको छ। नेपालका निम्ती यो घटना अत्यन्त ठुलो भये ता पनी भारतीय इतिहासका दृष्टिले यो यौटा अत्यन्त साधारण घटना हुनाले भारतीय इतिहास लेख्ने उन ताकका मुसलमान इतिहासकारहरुले आफुले लेखेका इतिहासमा यसको उल्लेख पनी गरेका छैनन्। यो आक्रमण उल्कापात जसतो मात्र भयेको हुनाले केही कालमा नेपालका मानीसका संझना बाट पनी यो हरायो। उपत्यका बाहिर पहाड़का मानीसले ता आक्रमण भयेको कुरा चाल पाये कि पायेनन् तेसमा सन्देह नै छ। यो कुरा सर्वप्रथम जुन १९५६ मा प्रकाशमा आयो। त्यो भन्दा अघी मुसलमानको नेपाल माथी कुनै पनी आक्रमण भयेन भन्ने भाव नै भारत तथा नेपालमा थियो। यो कथनको प्रमाणस्वरूप मोतीराम भट्टको निम्नलिखित श्लोकार्थ उपस्थित गर्न सकिन्छ।

"यवन्‌ले राज् गर्दा कति पतित हिन्दुस्थल भयो।
फकत् यो नेपाल्‌को मुलुक बिच कश्चन् रहि गयो॥"

नेपालका साधारण वंशावलीहरुमा पनी यो घटनाको उल्लेख छैन। केवल गोपाल वंशावलीमा यो सम्बन्धमा निम्नलिखित कुरा लेखियेका छन्। ने० सं० ४६९ आ० १३४८ ई० भन्दा पछी "तनतरे पूर्व सुरतान समसदिनं नेना-मागत्य नेपालं श्रीपशुपति त्रिखंडीकृता नेपाल स्मस्त भस्मी-भवान्। हा हा भवन्ति लोकश्च॥ संवत् ४७० मार्गशिर सुदी ९ महाकष्ट भवामि भक्तापुरे॥" (गोपाल वंशावली—पृष्ट १३)

गोपाल वंशावली बाट उधृत उपर्युक्त अशुद्ध संस्कृत लेखको योगी नरहरिनाथले तल लेखे बमोजिम नेपाली अनुवाद गरेको छ। "तदन्तर पूर्वको बाटो गरी सुलतान समसुद्दीनले आयेर नेपाल श्रीपशुपतिलाई तीन खण्ड पार्‍यो। समस्त नेपाल तीनै शहर भस्मीभूत भयो (गर्‍यो)।

जनतामा पनी हाहाकार मच्चियो। त्यो संवत् ४७० मार्गशिर शुदी ९ का दिन भक्तपुरमा महाकष्ट भयो।"

गोपाल वंशावलीका उपर्युक्त कथनको केही विचार गर्नु भन्दा अघी यसमा उल्लेख गरियेका सुरतान समसदिन को थिये त्यो जान्नु उचित छ। मुहम्मद तुगलकका (१३२५-१३५१) जीवितावस्था देखी नै बंगाल दिल्लीका सुल्तानहरुका अधीनता देखी मुक्त भयेको थियो। यही विद्रोहका समयमा शमशुद्दीन बंगालका राजा भयेका थिये। इनले १३४५ ई० मा आफुलाई बंगालको राजा घोषणा गरे तथा १३५७ ई० मा इनको मृत्यु भयो। बंगाल बाट इनले तिरहुत माथी आक्रमण गरेका कुराको उल्लेख इतिहासमा पाइन्छ। इनले नेपाल माथी आक्रमण गरेका कुराको भारतीय इतिहासमा कहीं वर्णन छैन। तिरहुत आक्रमण गरेका समयमा इनले नेपाल माथी पनी आक्रमण गरे होलान् भन्ने अनुमान हुन्छ।

गोपाल वंशावलीको "पूर्व सुरतान·····" आदि उक्तिको "पूर्व"को अर्थ विद्वान् टीकाकारले "पूर्वको बाटो" भनी गर्नु भयेको छ। पूर्वका (बंगालका) सुल्तान भन्ने अर्थ झन उपयुक्त होला कि भने झैं मलाई लाग्छ। सुल्तान शमशुद्दीन सम्भवतः हरिसिंहदेव गयेको पूर्वको बाटो बाट नै नेपाल गयेका हुन् तथापि नेपालमा इनी पूर्व मुलुकका राजा अर्थात् बंगालका राजा भनी परिचित भयेका हुनाले वंशावलीकारले पूर्व सुल्तान लेखेको होला भन्ने मेरो अनुमान छ।

यो आक्रमण हुँदा नेपालमा राजदेवको शासन थियो। ने० सं० ४६७ श्रावण ई० मा राजदेव राजा भयेका थिये। इनले आक्रमणकारीहरु सित उनीहरुलाई रोक्न कुन प्रकारको लडाईं गरे तेसको कुनै उल्लेख वंशावलीमा छैन। यता बाट भारतका अनेक अरु ठाउँमा मुसलमान आक्रमणकारीको स्थानीय राजाहरुले विशेष विरोध गर्न असमर्थ भये झैं राजदेवले पनी इनीहरुको विशेष विरोध गर्न सके होलान् भने जसतो लाग्दैन। एक्कासी शत्रु आयेर पशुपतिनाथको लिङ्ग तीन टुक्रा पारेको तथा समस्त नेपालमा आगो लायेको देख्दा प्रजामा हाहाकार मच्चियो

औ उनीहरु किंकर्तव्यविमूढ़ भयेका कुराको अनुमान हुन्छ। गोपाल वंशावली बाहेक यो आक्रमणको उल्लेख नेपालमा अरु शिलालेखहरुमा पनी पाइयेको छ। तिन बाट पशुपति बाहेक अरु बौद्धदेवस्थल पनी मुसलमान आक्रमणकारीहरुले ध्वंस गरेको कुरा चाल पाइन्छ।

पाटनको पिंथ विहारका पश्चिममा स्थित अशोक चैत्य सुल्तान शमशुद्दीन द्वारा नष्ट गरियेको कुरा त्यहाँ पछी त्यो चैत्यको जीर्णोद्धार गर्ने महापात्र मेघपाल वर्माले राखेको ने० सं० ४७७ चैत्र १३५७ ई० का शिलालेख बाट चाल पाइन्छ। (सं० सं० वर्ष १—अङ्क १०-११-१२) तेसमा यो सम्बन्धमा निम्नलिखित कुरा लेखियेको छ।

श्रुतानसामसदिनो यवनाधिराजः नेपाल सर्वनगरं भस्मीकरोति।
तस्मिन्क्षणे पतितचैत्यमिदं च दृष्ट्वा जीर्णंकरोति नवकं वरपाहः

सुल्तान शमशुद्दीनले नेपालका तीनै शहरमा (सर्वनगरं) आगो समेत लायेका कुरोले गोपाल वंशावलीको "नेपाल स्मस्त (समस्त ?) भस्मीभवान्" भन्ने कथनको पुष्टि हुन्छ।

स्वयम्भूनाथका स्थानमा प्राप्त (सं० सं० वर्ष १—अङ्क १०-१२) ने० सं० ४९२ आश्विन १३७२ ई० को अर्जुन मल्लका पालाका यौटा शिलालेखमा पनी सुल्तान शमशुद्दीनले नेपालमा आक्रमण गरेका कुराको निम्नलिखित वर्णन छ।

आसीद्धर्मनिधि द्रयैकजलधिर्न्नेपाल भूमण्डले
ख्यातः श्री जयराजदेवनृपतिः तेनैव राज्ञांकृते ॥
तस्मिन्नेव विराजतिस्म विमलः स्तूपा मुनेः केतन
श्री साह्यशिखरे प्रसिद्ध भुवने प्रस्थापिताः पूर्वकैः
सम्प्रत्य भ्यधिके श्रीमन्नेपालाब्द चतुःशते
मार्गशीर्षे सितेपक्षे दशम्यां गुरुवासरे
सुरत्राण समस्दीनो बंगालबहुलैर्बलैः
सहयागत्य च नेपाले भग्नोदग्धश्च सर्वशः

उपर्युक्त अवतरण बाट सुल्तान शमशुद्दीन नेपालमा स्वयम्भूका शिखरमा गै वहाँ भत्कायेको तथा आगो लायेको कुरा चाल पाइन्छ। यो घटनाको निश्चित तिथिको पनी यसमा उल्लेख छ। यो आक्रमण ने० सं० ४७० मार्गशीर्ष शुक्ल दशमी वृहस्पतिवार (नेपालाब्द चतुःशते सप्तत्याभिधिके मार्गशीर्षे शीते पक्षे दशम्यां गुरुवासरे) १३५० ई० मा भयेको हो भनी भनियेको छ। गोपाल वंशावलीमा संवत् ४७० मार्गशीर्ष शुक्ल नवमीमा भक्तपुरमा महाकष्ट भयो भनी लेखियेका कुरा बाट पनी उपर्युक्त तिथिको समर्थन हुन्छ।

यो ध्वंसात्मक कार्य गरी आक्रमणकारीहरु फर्के पछी बल्ल नेपालमा शान्ति स्थापित भयो। वंशावलीको वर्णन तथा वास्तविक वस्तुस्थितिको विचार गर्दा आक्रमणकारीहरु नेपालमा धेरै दिन बसे होलान् भने जसतो लाग्दैन। आक्रमणकारीहरुको एक दल सुरियेर नेपाल पस्यो होला तथा एक्कासी भयेका आक्रमण बाट उत्पन्न भयेको अत्याहट सकिई स्थानीय प्रजा उनीहरुको मुकाबिला गर्न सङ्गठित हुनु भन्दा अघी नै उनीहरु फर्केको अनुमान हुन्छ।

आक्रमणकारीहरु फर्के पछी बिस्तार बिस्तार नेपालका प्रजाले आफ्ना भत्केका देवालयहरु बनाउन थाले। ने० सं० ४७७ चैत्रमा १३५७ ई० मा अशोक चैत्य मरम्मत गरियो। ने० सं० ४८० वैशाखमा १३६० ई० जयसिंह रामले पशुपतिको पुनः स्थापना गरे। ने० सं० ४९२ आश्विन १३७२ ई० मा स्वयम्भूनाथको मरम्मत भयो।

यो आक्रमणको नेपाल माथी विशेष प्रभाव परेको बुझिदैंन। भारतका विविध स्थानमा जो कुरा भै रहेको थियो तेसको यौटा साधारण अनुभव नेपाललाई पनी भयो। तर प्रजाको साधारण जीवनमा यसले विशेष प्रभाव पार्न सकेन र यसलाई नेपालका इतिहासको यौटा साधारण घटना भन्न पर्छ।

सप्तम अध्याय

स्थिति मल्ल तथा उनका छोराहरु

स्थिति मल्ल कुन वंशका हुन् तेसका विषयमा घेरै मतभेद छ। वंशावलीहरुमा इनका पूर्वपुरुषको नामाबली तल लेखिये बयोजिम छ। नान्यदेवले आक्रमण गर्दा तिरहुत भागेर जाने मल्ल राजाका वंशमा इनको जन्म भयेको कुरा वंशावलीमा लेखियेको छ। हरिसिंहदेवका सन्तान श्यामसिंहदेव अपुत्र थिये र उनले आफ्नी छोरीको विवाह माथी उल्लेख गरियेको वंशका जयभद्र मल्ल सित गरी दिये तथा उनै श्यामसिंहदेवका उत्तराधिकारी राजा पनी भये। वहाँ पछी स्थिति मल्ल सम्म उनको वंशक्रम तल लेखिये बमोजिम थियो। (राइट–पृष्ठ १८१)

१. नाग मल्ल

२. जयजगत् मल्ल

३. नगेन्द्र मल्ल

४. उग्र मल्ल

५. अशोक मल्ल

६. स्थिति मल्ल

स्थिति मल्लका नै सन्तान ज्योति मल्लले लेखेको मुदितकुवलयाश्व नामक नाटकमा उनका पूर्वपुरुषको नाम तल लेखे बमोजिम छ।

१. हरिसिंहदेव

२. वल्लारसिंह

३. देव मल्ल

४. नाग मल्ल

५. अशोक मल्ल

६. स्थिति मल्ल

वंशावलीले हरिसिंहका कुलकी छोरीका सन्तान स्थिति मल्ललाई तुल्यायेको थियो तर ज्योति मल्लले भने उनलाई छोराका सन्तान नै तुल्यायेको छ।

सत्रहौं शताब्दिमा विभाजित नेपालमा राज्य गर्ने प्रताप मल्ल, ज्योति मल्ल आदि राजाहरुले आफ्नो वंशावली बनाउने चेष्टा गरेको बुझिन्छ। ज्योति मल्लले नान्यदेव देखी आफ्नो वंशावली बनाई आफुलाई कर्णाट वंशको तुल्याये। प्रताप मल्लले ता आफ्ना दुई शिलालेखहरुमा[1] रामचन्द्र देखी आफ्नो वंशावली थाली नान्यदेवलाई सोही वंशको तुल्याई आफु नान्यदेवको सन्तान भनी प्रमाणित गर्ने चेष्टा गरेका छन्।

उपर्युक्त दुवै सूचीको विचार गरि हेर्दा इनमा स्थिति मल्लका पिताको नाम बाहेक अरु कुनै कुरामा समानता देखिंदैन।

विभाजित नेपालका प्रताप मल्ल तथा ज्योति मल्ल विद्वान् तथा यशस्वी राजा थिये। इनीहरु आफ्नो वंश अत्यन्त प्राचीन तथा प्रसिद्ध हो भनी सिद्ध गर्न मन पराउँथे। यो कारणले इनीहरुले आफ्नो वंशक्रम नान्यदेव देखी निर्धारण गर्ने चेष्टा गरी काल्पनिक वंशावली रचना गरेका कुराको अनुमान हुन्छ।

वंशावलीमा भने स्थिति मल्ल राजा भयेको कुरालाई बुझ्ने रूप प्रदान गर्न उनलाई कर्णाट वंशका राजकुलकी छोरीका सन्तान भन्ने कथा लेखियेको छ। त्यो पनी विश्वास गर्ने योग्य कुरा भये जसतो लाग्दैन।

स्थिति मल्लका माहिला छोरा ज्योति मल्लको पशुपतिका मन्दिरमा भयेको ने० सं० ५३३ १५ जनवरी १४१३ को यौटा शिलालेख पाइयेको छ। (भगवान्लाल इन्द्रजी—संख्या १६) यसमा ज्योति मल्लले कर्णाट वंश सित आफ्नो कुनै प्रकारको सम्बन्ध भयेको कुरा लेखेका छैनन्। आफ्नो वंश सूर्यवंश तथा रघुवंश भयेको कुरा मात्र लेखेका छन् तथा स्थिति मल्ल तथा राजल्लदेवीको म माहिलो छोरो हुं भनेर मात्र भनेका छन्।

१. भगवान्लाल इन्द्रजी संख्या १८ तथा १९

उपर्युक्त सबै प्रमाणहरु विचार गर्दा कर्णाट वंश सित स्थिति मल्लको कुनै सम्बन्ध न भयेको तथा उनका पछीका सन्तानले आफुलाई बलजफ्ती कर्णाट वंशको प्रमाणित गर्ने चेष्टा गरेका कुराको अनुमान हुन्छ ।

मल्ल उपाधिधारी नेपालका राजाहरुका वंशका पनी इनी होइनन् । त्यो वंशका अन्तिम राजा अर्जुन मल्ल हुन् तथा इनैका विरुद्ध षड्यन्त्र गरी इनलाई धपाई स्थिति मल्ल नेपालका राजा भयेका हुन् । अर्जुन मल्ल सँग कुनै प्रकारको इनको सम्बन्ध भयेको कुरा पनी वंशावलीहरुमा उल्लेख गरियेको छैन ।

तर यौटा अर्को आश्चर्यको कुरा छ । आफुले शिलालेखमा अङ्कन गरायेका दुवै वंशावलीमा प्रताप मल्लले स्थिति मल्लको नाम पनी उल्लेख गरेका छैनन् । यौटामा (हनुमान् ढोका दरबार नेरको भगवान्लाल इन्द्रजी संख्या—१८) हरिसिंहका वंशमा यक्ष मल्ल भये भनी यक्ष मल्ल पछीको आफ्ना पूर्वपुरुषको नाम लेखेका छन् तथा अर्कोमा (पशुपतिको ऐजन—१९) उनले यक्ष मल्ललाई हरिसिंहदेवको छोरो भनेका छन् । आफ्ना वंशका प्रतापी पूर्वपुरुषको नाम प्रताप मल्लले आफुले लेखेका वंशावलीमा किन न हालेका होलान् त्यो पनी विचारणीय कुरो छ । आफ्नो वंशमा आफु भन्दा ठुलो राजा अर्को भयेन भनी प्रमाणित गर्न तथा स्थिति मल्लको नाम तथा वर्णन लेखे उनलाई मान्छेले त्यो वंशको ठुलो राजा भन्लान् भन्ने आशङ्काले उनको नाम वंशावलीमा प्रताप मल्लले न लेखेको हुनु पनी सम्भव छ ।

उसो भये स्थिति मल्ल कुन वंशका हुन् ? विचार गरी हेर्दा इनी नेपालका मल्ल थर भयेका क्षत्रिय हुन् । इनको राजवंश न भये ता पनी इनको वंश आफ्ना समयमा नेपालमा ठुलै गनियेका कुराको अनुमान हुन्छ । समसामयिक नेपालका कुनै भारदारका कुलमा इनको जन्म भयेका कुराको अनुमान हुन्छ । इनैका पाला देखी वास्तविक मल्ल वंशको शासन पनी नेपालमा आरम्भ हुन्छ । वास्तविक मल्ल भन्नाले मल्ल थर नै भयेका

क्षत्रिय भन्ने अभिप्राय हो। इनीहरु वर्तमान समयमा पनी नेपालमा अनेक छन्।

स्थिति मल्लको विवाह नेपालका राजा रुद्र मल्लकी छोरीकी छोरी राजल्लदेवी संग भयेको थियो। यसले गर्दा नेपालको सम्भ्रान्त वर्गमा उनको स्थान झन उच्च भयेको थियो यसमा केही सन्देह छैन तथा यो विवाहले गर्दा नेपालका राजनीतिमा पनी उनको प्रवेश भयेका कुराको अनुमान हुन्छ। राजल्लदेवीका पति हुन पायेको हुनाले स्थिति मल्ल निकै गौरवान्वित भयेको कुरा समसामयिक लेखहरु बाट अनुमान हुन्छ। स्थिति मल्ल नेपालका राजा हुनु भन्दा केही अघी ने० सं० ५०० आ० १३८० ई० मा लेखियेको मानव न्याय शास्त्रम् नामक पुस्तकका लेखकले स्थिति मल्लको उल्लेख गर्दा राज्ये श्री स्थितिमल्लनृपते राजल्लदेवीपतेः भनी राजल्लदेवी सितको उनको सम्बन्धलाई प्रधानता प्रदान गरेका छ। स्थिति मल्लका जेठा छोरा धर्म मल्लका विवाहका समयमा खेलिये-को भैरवानन्द (सूची—भाग १—पृष्ठ ११९) नामक नाटकमा पनी "राजल्लदेवी रमणोन श्री जयस्थितिराजदेवेन" भनी लेखियेको छ। यसता अरु पनी अनेक उदाहरण विद्यमान छन्। इनका विषयमा बेंडलले यौटा अनुमान गरेका छन्। त्यो बमोजिम स्थिति मल्लको राजा हुने केही अधिकार थियेन। त्यो अधिकार इनले राजल्लदेवी सित विवाह गरेर पायेको हो। वास्तवमा सिंहासन माथी राजल्लदेवीको जन्म-सिद्ध अधिकार थियो। यो कारणले राजल्लदेवीलाई ई लेखहरुमा मुख्यता प्रदान गरियेको हो।

राजल्लदेवी सित ने० सं० ४७४, १३५४ ई० मा विवाह गर्ने बित्तिकै स्थिति मल्लले राज्य पायेको भये ता उपर्युक्त तर्क सित आपत्ति गर्न पर्ने उसतो कारण हुने थियेन। राजल्लदेवीका मातामह रुद्र मल्लले पनी अरि मल्ललाई राजा तुल्याई उनी सित संयुक्त शासन गरेका थिये। यता बाट रुद्र मल्लको समेत राज्यमा पूर्ण अधिकार न भयेका कुराको अनुमान हुन्छ। अनन्त मल्ल पछी हुने राजाहरु निस्सन्तान मर्दा सिंहासनका निम्ती

नातेदारहरुमा झगरा परेको तथा अरि मल्ललाई समेत राजा तुल्याई रुद्र मल्लले त्यो झगरा थामपुर पारेका थिये। उनको १३२६ ई० मा मृत्यु हुँदा उनो अपुत्र थिये। यही वेला हरिसिंहदेवको आक्रमण भयो औ केही अघी आदित्य मल्लको आक्रमण भयेको थियो। यसतो मौका छोपी रुद्र मल्लकी छोरी नायकदेवीलाई अघी सारी केही वर्ष सम्म नेपालका विविध राजनीतिक दलले गृहकलह मचाये तर १३३७ ई० मा अरि मल्लले सबै विरोधी दललाई परास्त गरी आफ्नो एकाधिपत्य स्थापित गरे। अरि मल्ल पछी राजदेव तथा उनका छोरा अर्जुन मल्ल क्रमशः सिंहासनमा बसे। एक ता राजल्लदेवी रुद्र मल्लकी छोरीकी पनी छोरी थिइन्, दोसरो रुद्र मल्ल पछी तीन जना राजाले राज्य गरी सकेका थिये। राजदेव तथा अर्जुन मल्लको ता पितापुत्रको पनी सम्बन्ध थियो। यसता स्थितिमा राजल्लदेवी सिंहासनकी अधिकारिणी हुन् भनी भन्नु उसतो युक्तिसङ्गत कुरो भये जसतो लाग्दैन।

स्थिति मल्लको जीवन वृत्तान्त पूर्ण रूपले अझ जम्मै जानियेको छैन तर जती यो सम्बन्धमा कुरा चाल पाइयेको छ तेता बाट उनी साधारण अवस्था बाट आफ्ना योग्यताले गर्दा माथी चढ्दै गयेको कुरा बुझिन्छ। राजल्लदेवी सित विवाह भये देखी स्थिति मल्लको उन्नति हुन लाग्यो तथा इनले प्रतिष्ठा प्राप्त गर्न लागे। यो विवाहले उनको समाजमा निकै उच्च स्थान भयो। राजल्लदेवी सितको विवाह उनका भाग्योदयको कारण भयेको हुनाले समसामयिक लेखहरुमा उनको उल्लेख गर्दा राजल्लदेवीको पनी नाम उल्लेख गरियेको हुनु सम्भव छ।

राजल्लदेवी सित विवाह भये पछी इनले धमाधम राजमान पाउँदै जानु सम्भव छ तथा १३७२ ई० मा इनी अर्जुन मल्लका पालामा काठमांडुका महासामन्त थिये। यो पदमा इनको नियुक्ति धेरै अघी भयेको हुनु सम्भव छ। राजदेवका छोरा अर्जुन मल्ल १३६३ ई० भन्दा केही अघी पिताका मृत्यु पछी सिंहासनमा बसे। सम्भवतः इनी निर्बल राजा थिये औ स्थिति मल्लको धेरै भर गर्न लागे। स्थिति मल्ल धेरै काल

सम्म नेपालमा उच्च पदमा बसेर शक्तिशाली अवश्य भयेका थिये तथा राजालाई निर्दो देखेर उनका विरुद्ध इनी षड्यन्त्र गर्न थाले। ने० सं० ५०० आ० १३८० मा लेखियेको मानव न्याय शास्त्र नामक चौटा पुस्तकमा भादगाउँलाई स्थितिमल्लको राज्य (श्री जयस्थितिराज मल्लस्य विजयाराज्ये भक्तपुरे) भनेका कुराबाट इनलाई अर्जुन मल्लले काठमांडु-बाट सारी पर भादगाउँको महासामन्त नियुक्त गरी पठायेको अनुमान हुन्छ। यसका केही पछी ने० सं० ५०३ आ० १३८३ मा ता अर्जुन मल्लका विरुद्ध विद्रोह भै अर्जुन मल्ल भागाभाग गर्न लागेको प्रमाण पाइयेको छ। यसरी अर्जुन मल्ललाई लडाईमा हराई भाग्न कर लाई वा मारी स्थिति मल्ल आ० १३८३ ई० मा नेपालका सिंहासनमा बसे। जनताले पनी उनलाई सहर्ष स्वीकार गऱ्यो।

स्थिति मल्ल राजा हुँदा समसामयिक नेपाल कसतो थियो सो पनी अलीकता बुझ्नु आवश्यक छ। नेपालमा तिन ताक नेवार समाज चार भागमा विभक्त भयेको बुझिन्छ। खेती गर्ने जन समुदाय ज्यापुका (ज्या-काम) नामले प्रसिद्ध थियो। अरु मानीस जो व्यापार वा शिल्पको काम गर्थे उनीहरु उदास [साधारण 'मानीस' योरगेनसनु० पृष्ट २७] कहला-उँथे। ज्यापु तथा उदास बाहेक राजकुल सित सम्बन्ध राख्ने वा शासन-कार्यमा भाग लिने वा धेरै जमीन हुने केही जातहरु मल्ल, ठकुरी, मुलमी, भारो इत्यादि थिये। सबै भन्दा माथी बौद्ध आचार्यहरु जो ज्यापु तथा उदासको धार्मिक आवश्यकताको पूर्ति गर्थे उनीहरु थिये। इनी-हरुको धर्म वज्रयानको तान्त्रिक रूपको थियो तथा यसमा मांस औ मदिराको प्राधान्य थियो। प्राचीन काल देखी चली आयेको धार्मिक व्यवहार पनी सँग सँगै थियो। उच्च जातिमा जाति भेद भये ता पनी साधारण मानीसमा यो भेद थियेन तथा सबै एक जातिका थिये।

भारतमा मुसलमानहरुको राज्य स्थापित भये पछी उत्तर भारत बाट हिन्दुहरु बारहौं वा तेरहौं शताब्दिमा बसाई सरी पहाडमा यत्रतत्र लाग्न लागेका थिये। उपत्यका बाट बाहिर पश्चिम पहाडमा जो गये उनी-

नवीन स्थिति चलाउन समाज शास्त्रका विशेषज्ञहरुसित सम्मति ली कार्य गर्नु आवश्यक थियो र स्थिति मल्लले यो विषयमा सम्मति लिन उत्तर भारतका विविध भाग बाट पाँच जना पण्डितहरु झिकाये। तिनीहरुको नाम कीर्तिनाथ उपाध्याय कान्यकुब्ज, रघुनाथ झा मैथिली, श्रीनाथ भट्ट, महीनाथ भट्ट औ रामनाथ झा हो। इनै पण्डितहरुका परामर्षानुसार यावत् सुधार गरिये। उपर्युक्त पण्डितहरुका नाम बाट नै स्थिति मल्ल द्वारा गरियेका सुधारको आधार हिन्दू धर्मको सिद्धान्त नै हो भन्ने कुरा स्पष्ट हुन्छ। बौद्ध धर्म मान्ने समाजको व्यवस्था हिन्दु धर्मका सिद्धान्त अनुसार गर्दा केही वैषम्य उपस्थित हुने कुरा माथी विचार नै गरियेन तथा हिन्दु धर्मका नियम बौद्ध समाज माथी थोपरिये।

प्राचीन कालमा भारतमा शिल्पीहरुको आफ्नो श्रेणी थियो तथा ठुला ठुला नगरमा ता विविध टोलमा विविध श्रेणोका शिल्पीहरु बस्ने चलन पनी भयेको कुरा चाल पाइयेको छ। ई श्रेणीहरुका विभाजनको आधार केवल उनीहरुको शिल्प थियो तथा हिन्दु धर्मको जसतो वर्ण विभाजन यो थियेन। नेपालमा पनी लिच्छवीहरुका शासनकालमा यसता श्रेणी भयेका कुराको अनुमान हुन्छ। वंशावलीहरुमा स्थिति मल्लले वन्द्य बाहेक अरु सबै नेवारलाई ६४ जातिमा विभक्त गरी दिये भनेको छ। यो विभाजन श्रेणीको हो जातको होइन। एक प्रकारको काम गर्ने मानीसको यौटा श्रेणी हुनाले धेरै लाभ हुन्छ। यसरी ६४ श्रेणीमा शिल्पीहरुको विभाजन गर्दा उत्तर भारत बाट गयेका शिल्पीहरु पनी आफ्ना शिल्प अनुसार श्रेणीमा बद्ध भये औ समाज द्वारा तिनीहरु ग्रहण गरिये। यहाँ सम्म ता यो व्यवस्था एक प्रकार राम्रै थियो तर इनलाई जात भन्ने जो संज्ञा प्रदान गरियो तेसले गर्दा हिन्दू धर्मको जाति व्यवस्थाका जो दुर्गुण छन् तिनको पनी ई श्रेणीहरूमा विस्तार विस्तार समावेश हुने सम्भावना भयो। आफुले गरेको कार्य अनुसार मात्र समाज श्रेणीवद्ध भयेको भये हुन्थ्यो तर यो ठुलो तथा यो सानो भन्ने हिन्दु धर्मका वर्णव्यवस्था अनुसारको जो नियम बनाइये तेसले गर्दा समानताका आधारमा गठन गरियेको बौद्ध समाज

हरु ता आबादी थोरै भयेको मुलुकमा पुगे तर नेपालको उपत्यकामा जो आये उनीहरु ता आबादी भयेको तथा विकसित संस्कृति भयेका स्थानमा पुगे। यसरी नेपाल जानेहरु मध्ये विहार तथा उत्तरप्रदेशका मानीस धेरै थिये। हरिसिंहदेव सित ब्राह्मण, भँडेल, आचार, जैसी, वैद्य तथा रजक जातिका मानीस गयेका थिये भनी वंशावलीमा भनेको छ। यसरी यौटा सानो ठाउँमा मदेसका विविध प्रकारका मानीसको ठुलो संख्या पस्दा वहाँ अनेक सामाजिक तथा आर्थिक विशृङ्खलता उपस्थित हुनु स्वाभाविक थियो। सामाजिक क्षेत्रमा वैवाहिक समस्या उपस्थित भै सन्तानको सामाजिक स्थिति निर्णय गर्न पर्ने प्रश्न उपस्थित हुनु सम्भव थियो तथा आर्थिक क्षेत्रमा मदेस तथा स्थानीय शिल्पीहरुको प्रतिद्वन्दिता उपस्थित भै शिल्पको कार्यमा अनेक प्रकारका बाधा उपस्थित हुनु पनी सम्भव थियो।

मदेसबाट जाने मानिसहरु मदेशको राजनीतिक स्थितिले गर्दा न फर्कने गरी नेपाल पसेका थिये। इनीहरु आफ्ना साथमा अनेक विद्या, शिल्प तथा गुण लियेर पनी गयेका थिये। यो कारणले विद्याप्रेमी, शिल्पी तथा गुणी नेवार जातिको इनीहरु सित प्रेमपूर्ण सम्बन्ध हुनु स्वाभाविक थियो। इनीहरु सितका सहवासले ज्ञानको आदानप्रदान भै नेवार जातिलाई धेरै लाभ हुने सम्भावना थियो।

नेपालमा उपस्थित भयेको यो जटिल समस्याको उचित रूपले समाधान न गरे देशलाई हानि हुने सम्भावना थियो। यसैको समाधान स्थिति मल्लको प्रधान कार्य भयो। उनले नयाँ थिति बाँधे और यसले गर्दा उनी नेपालका इतिहासमा प्रसिद्ध भये[१]।

स्थिति मल्लले के थिती बाँधे वा के व्यवस्था गरे तेसको पनी पूर्ण रूपले हामीलाई ज्ञान छैन। वंशावलीहरुमा भनियेका केही कुराको तल विचार गरिन्छ।

---

१. स्थिति मल्ल नामको "स्थिति" पद पनी यो सम्बन्धमा विचारणीय छ। आफुले नेपालमा नवीन थिती चलाई उनले यो उपनाम ग्रहण गरेको तथा पछी उनकी वास्तविक नाम बिर्सिई यही नाम प्रख्यात भयेको हुनु पनी सम्भव छ।

यती जातको ठुलो सानोको प्रपञ्चमा बाँधिन आयो। उदाहरणका निम्ती आचार्य, वैद्य, श्रेष्ठ तथा दैवज्ञ भन्ने चार जातको कुरा यहाँ उपस्थित गरिन्छ। आचार्य तीन जातमा विभक्त गरिये, वैद्य चार जातमा विभक्त गरिये औ श्रेष्ठहरु अनेक जातमा विभक्त गरिये। ई मध्ये दस जातले जनै लाउने अधिकार पाये। उसै गरी आचार्यका तीन जात तथा दैवज्ञका चार जातले पनी जनै लाउने अधिकार पाये। यो व्यवस्थाले सोझै यौटै जातमा पनी एक थरी जनै लाउने अर्को थरी जनै न लाउने दुई दल सृष्टि गर्‍यो तथा कालान्तरमा ठुलो सानोको भेदभाव यता बाट निश्चय बढ्ने भयो। यसै गरी शूद्रका पनी अनेक विभाजन गरिये।

प्राचीन बौद्ध समाजमा स्पर्शास्पर्शको अलीकता बन्धन भये ता पनी हिन्दु धर्ममा झैं यो तेती धेरै थियेन। तर स्थिति मल्लको जो व्यवस्था भयो तेसमा यसलाई बड़ो महत्वपूर्ण स्थान प्रदान गरेको बुझिन्छ। पोढे, चर्मकार इत्यादि जातले छोयेको पानी ठुलो जातले न खानु भन्ने नियम बनाइयो। सानो जातको बस्ने टाउँ, तथा उनीहरुले लाउने लुगा औ गहना इत्यादिका नियम बनाई उनीहरुको पृथक्करणलाई झन तीव्रतर तुल्याइयो। कसाईले लाउने मैलपोसमा बाहुला हाल्न हुँदैन भन्ने नियम भयो। पोढेले टोपी, मैलपोस, जुत्ता वा सुनका गहना लाउन हुँदैन भन्ने अर्को नियम बनाइयो। कसाई, पोढे, कुलुले घरको छानामा झिङ्टी हाल्न न पाउने भये तथा आफु भन्दा ठुला जातका मान्छेलाई उनीहरुले उचित रूपले मानप्रदर्शन गर्नु भन्ने नियम बनाइयो। यसरी नवीन व्यवस्थामा सानो जात भनी ठहरियेकाहरुको लघुतालाई नियमबद्ध गराई समाजमा जातीयताका विकासका मार्गमा ठुलो बाधा उपस्थित गरियो। हिन्दु धर्मका विचार अनुसार यो व्यवस्था सित केही आपत्ति छैन तर धेरै अंशमा खानपानको बन्धन न भयेको तथा ठुलो सानोको भेदभाव न भयेको समाजको सुधार गर्न हिन्दु धर्मको वर्णव्यवस्था तेस माथी हाल्नु विशेष बुद्धिसङ्गत कुरा थियेन। यसले गर्दा समाज समानताका पथमा धेरै पछी सर्‍यो।

प्राचीन कालमा संसारका अन्य ठाउँमा झैँ भारतको दण्डव्यवस्था पनी यौटा अङ्गरेजी उखानमा भने झैँ "आँखाका सट्टा आँखा औ दाँतका सट्टा दाँत" भन्ने सिद्धान्तमा अवलम्बित थियो। यो कारणले अङ्गविच्छेद गर्ने नियमको दण्डविधानमा प्रधानता तथा बाहुल्य थियो। नेपालमा पनी दण्डको यही नियम थियो। तर संसारका अन्य ठाउँमा झैँ भारतमा पनी यसका विरुद्ध विचार बलियो हुँदै गयो औ अपराधका निम्ती अर्थदण्डको व्यवस्था गरियो। स्थिति मल्लले नेपालका फौजदारी ऐनमा अर्थदण्ड अर्थात् जरीमानाको व्यवस्था बढाई तेसमा अनेक सुधार गरेको बुझिन्छ।

भूमिसुधारको पनी केही व्यवस्था गरियो। प्राचीन भारतका विचार-पद्धति अनुसार भूमि माथी सम्पूर्ण अधिकार राजाको थियो। यसैले राजा बाट पायेको बिर्ता वा घर बेच्ने अधिकार नेपालमा अन्यत्र झैँ थियेन। स्थिति मल्लले त्यो किन्न वा बेच्न हुन्छ भन्ने नियम बनाये। भूमिका नियमका विषयमा केही सुधार गरिये ता पनी सामन्ती व्यवस्थामा राजाको जो अधिकार थियो तेसलाई ता झन सुदृढ गराइयेको बुझिन्छ। राजाका शव सित चारै जातका मानीस मलामी जाने नियम बनायेको तात्पर्य यही होला भन्ने अनुमान छ। राजाको शव दाह गर्दा दीपक राग बाजामा बजाउनु तथा अरु केही ठुला जातका मान्छेको शव दाह गर्दा काहाल बाजा बजाउनु भन्ने व्यवस्थाले पनी राजालाई विशेषता प्रदान गर्छ।

प्राचीन कालमा नेपालको खाल्डो कृषिप्रधान ठाउँ थियो तर व्यापार-का वृद्धिले यो उपत्यकामा नगरहरुको विकास भयो तथा ठुला ठुला घर बनाइन थालिये। यो कारणले ई घरहरुका विषयमा पनी कुनै प्रकारका नियमको आवश्यकता हुनु स्वाभाविक थियो। तेसैले ई घरहरु गल्लीमा स्थित, सडकमा स्थित तथा शहरमा स्थित भन्ने नियम बनाइयो। शहरमा स्थित भन्नाले शहरको चोकमा स्थित घरको अर्थ होला।

तर इनका नापका विषयको नियम भने उती स्पष्ट छैन। प्रथम श्रेणीको घरको चौगिर्दा ८५ हात, द्वितीय श्रेणीका घरको ९५ हात तथा तृतीय श्रेणीका घरको १०१ हात मानियो। यो नियमको अभिप्राय

राम्ररी बुझियेन। नगरको मध्य भाग चोकको घरको चौगिर्दा सबै भन्दा सानु भयेको कारण चोकको इलाका सानो हुनाले धेरै घर निर्माण गरियुन् भनी सानो घरको व्यवस्था गरिनु सम्भव छ। यसै गरी द्वितीय श्रेणीको सडकको घर अलि ठुलो तथा गल्लीको घर झन ठुलो बनाउन पाउने यो व्ययस्थालाई न राम्रो वा अचम्मको भन्न पाइँदैन।

जमीन पनी यसै गरी चार भागमा विभाजित गरियो तथा प्रत्येक भागका रोपनीको नाप बेग्ला बेग्लै राखियो। प्रथम श्रेणीको जमीनको रोपनी ९५ हात, द्वितीय श्रेणीको रोपनी १०९ हात, तृतीय श्रेणीको रोपनी ११२ हात औ चौथो श्रेणीको रोपनी १२५ हातको गराइयो। विविध प्रकारका जमीनको नापको व्यवस्था यौटै भै तिनका उपजा बाट जमीनको उत्तमता छुट्टयाउने व्यवस्था राम्रो हुन्छ। तर विभिन्न प्रकारका जमीनको विभिन्न प्रकारको नाप गर्ने नियमले गर्दा जमीन नाप गर्ने वर्गको सत्रह पर्छ किन भने यो विद्या अरु सित हुँदैन उसै सित हुन्छ। सम्भवतः यो नियम नेपालको जमीन जाँच गर्ने जात भँडेलहरुका परामर्श द्वारा नै बनाइयेको हो।

उहीले जमीन नाप गर्ने टाँगो १०½ हातको थियो तर स्थिति मल्लले तेसलाई ७½ हातको तुल्याये। जमीन नाप्ने वैज्ञानिक विधि न भयेका ठाउँमा टाँगोले नै जमीन नाप्न पर्छ तर चली आयेको लामो टाँगोलाई छोटो पार्दा राजाको मालपोतको आमदानीमा वृद्धि भये ता पनी रैतीलाई निकै मर्का पर्छ। स्थिति मल्लका पालामा जमीनको मूल्य निश्चिय बढेको थियो। राजकर पनी बढाउनु पर्ने भयेको हुनाले जमीन नाप्ने टाँगो सानो पारेर मालपोतको आमदानी बढाउने व्यवस्था गरियेको होला।

साढे सात हातको टाँगो भने पछी हातको परिमाण पनी निश्चय गर्न पर्ने भयो। बुढी औंलाको प्रथम २४ जौ को एक हात मानियो। कसको बुढी औंला भन्ने कुराको शङ्का निवारणार्थ टाँगो नाप्ने हात राजाको हात भन्ने चलन नेपालमा अध्यावधि छ। स्थिति मल्लले यो चलन चलायेको हो कि होइन सो भन्न सकियेन। हातको चलन

अवैज्ञानिक हो तथा यसमा निश्चित परिमाण हुँदैन भन्ने कुरा स्पष्ट छ।

स्थिति मल्लका पालामा मुसलमानहरुको सामन्ती शासन भारतमा स्थापित भयेको झंडै दुई शताब्दि हुन लागेको थियो। यो कारणले मुसलमान सामन्ती शासनका रूपको ज्ञान नेपालमा अवश्य भयेको थियो र सोही ढांचामा उनले सामन्तहरुको व्यवस्था गरेको बुझिन्छ। कर्कपेट्रिकका वंशावलीमा स्थिति मल्ललाई जेत मल्ल भनेको छ तथा उनले गरेको निम्नलिखित व्यवस्थाको वर्णन दियेको छः (पृष्ठ० १६६) सेनाको रक्षाका निम्ती उनले सैनिकहरूलाई जागीर दिये। यसको अर्थ सरकारी जागीर खाने मान्छेले सरकारका निम्ती जती सैनिकको संख्या तोकियेको छ उती सैनिक भनेका वेलामा उपस्थित गर्न पर्थ्यो। आफ्ना रैतीहरुलाई सँधैका निम्ती उनले राज्यको जमीन दिये औ सो जमीनका निम्ती आफ्ना समय भन्दा अघी उनीहरुले जो मालपोत तिर्न पर्थ्यो सो माफ गरी दिये। यता बाट स्थिति मल्लले बिर्तावालको यौटा वर्ग खड़ा गरे तथा यो अभ्युदयको कारण उनी भयेको हुनाले यो वर्ग सँधै उनका भक्तिमा तत्पर हुने भयो। ई बन्दोबस्त भारतीय तथा संसारका सामन्ती प्रथा भयेका अरु ठाउँमा पनी थिये वा छन्। स्थिति मल्लका ई दुवै काम बुद्धिपूर्ण थिये तथा इन द्वारा उनलाई शासन गर्न निकै सुबिस्ता हुनु सम्भव थियो।

यसरी भारदारहरुलाई उनले जमीन बांड्नु पनी आवश्यक थियो किन भने अर्जुन मल्लका विरुद्ध उनले गरेको षड्यन्त्रमा उनी पट्टी लाग्ने भारदार निश्चय पनी षड्यन्त्र सफल भयेका अवसरमा केही लाभको आशा गरी रहेका थिये। तिनले यती पनी न पायेका भये आफ्नै विरुद्ध षड्यन्त्र गर्लान् भन्ने डर थियो।

अन्तिम समयमा आफु बसेको नगर भादगाउँलाई उनले बढायेर ठुलो तुल्याये भनेर पनी कर्कपेट्रिकले लेखेको छ। (पृष्ठ० १६६)

स्थिति मल्लको शासन अरु दृष्टिले शान्तिपूर्ण शासन थियो तथा तेसैले वंशावलीमा इनका शासनको अरु विशेष वर्णन पाइँदैन। राम घाट बाग्मतीका किनारमा स्थापित रामको मूर्ति इनैले स्थापना गरेको कुरा

वंशावलीमा वर्णन गरियेको छ। इनले ने० सं० ५१२ १२ मे १३९२ ई० मा पाटनमा कुम्भेश्वरको मन्दिर बनाये तथा कुम्भतीर्थ नामक पोखरी पनी निर्माण गरे। यो पोखरी बनाउन खन्दा खेरी पाइयेका अनेक देवी-देवताका मूर्तिहरु इनले नगरका विविध भागमा स्थापना गरे। पशुपतिनाथमा भयेको उन्मत्त भैरवको मूर्ति पनी इनैले स्थापना गरेको हो भनी वंशावलीमा भनेको कुरा कती साँचो हो भन्न सकिंदैन किन भने यो स्थापन ने० सं० ५४२ आ० १४२२ मा गरियेको हो भनी वंशावलीले दियेको तिथि ता अशुद्ध हो।

इनकी रानी राजल्लदेवी तीन जना छोरा छोडी इनी भन्दा अघी नै ने० सं० ५०८ १३८८ भन्दा केही अघो उनको स्वर्गवास भयेको कुरो जयवागीश्वरीका मन्दिर नेर भयेका धारामा इनले राखेको शिलालेख द्वारा चाल पाइन्छ। (सं० सं० वर्ष—१, संख्या—८) त्यो शिलालेख बाट इनका जेठा छोरा धर्म मल्ल, माहिला ज्योति मल्ल तथा कांछा कीर्ति-मल्ल भयेको कुरा पनी चाल पाइन्छ।

स्थिति मल्ल विद्वान्हरुका संरक्षक राजा थिये भन्ने कुरो इनका शासन-कालमा लेखियेका अनेक पुस्तकहरु द्वारा अनुमान हुन्छ। इनका शासन-कालमा लेखियेका तथा इनको नाम अङ्कित भयेको अन्तिम पुस्तक ने० सं० ५१४ १३९४ ई० को पाइयेको छ। ने० सं० ५१६, १३९५-६ मा लेखियेको यौटा पुस्तकमा जयसिंह रामलाई परम भट्टारक महाराजा-धिराज भनेको हुनाले इनको मृत्यु १३९४ वा १३९५ मा भयो भन्ने अनुमान छ।

ने० सं० ५१६ १३९५-६ मा परम भट्टारक महाराजाधिराज भनी सम्बोधित गरियेका जयसिंह राम को हुन् तथा इनी परम भट्टारक महाराजा-धिराज कसरी भये अब ई कुराको विचार गर्न पर्छ। जयसिंह रामको उपाधिका विषयमा केही कुरा माथी उल्लेख भै सकेको छ। जयसिंह राम अर्जुन मल्लका पालामा ने० सं० ४८४ आ० १३६४ ई० मा नेपालका महामहत्तक भयेका कुराको प्रमाण चाणक्य श्लोक नामक ने० सं० ४८४

आ० १३६४ मा लेखियेको पुस्तक बाट पाइन्छ। (सूची-भाग २-पृष्ठ १०५) तेसमा भूलले जयशिव राम छापियेको छ, तर जयसिंह राम हुन पर्ने हो। जयस्थिति मल्लको विद्रोहमा इनी उनी पट्टी लागेको अनुमान हुन्छ किन भने इटम बहालको इनको ने० सं० ५०२ आषाढ़ १३८२ ई० को शिलालेखमा इनले अर्जुन मल्लको नाम पनी न लेखी आफ्नै राज्यमा भनी भनेको छ। "महामन्त्री श्री जयसिंह राम प्रतिपालित विजयराज्ये" लेखेको छ। इटम बहालका शिलालेखमा इनका पिताको नाम पनी अङ्कित छ। इनका पिताको नाम रामवर्धन तथा माताको नाम गोधन लक्ष्मी थियो। (महामन्त्री श्रीमयनैक रामवर्धनात्मजस्य सोमवंशावतारिणी श्री गोधनलक्ष्मीपुत्रेण) इनी वैश्य ठकुरी (वैश्य-वंशावतार) हुन्। इनका भाई मदनसिंह रामवर्धन थिये। मदनसिंह रामवर्धनका छोरा शक्तिसिंह रामवर्धनको पनी यो शिलालेखमा उल्लेख छ। स्थिति मल्लका छोरा धर्म मल्लका राजत्वकालमा इनले पशुपतिमा राखेको शिलालेख पनी पाइयेको छ। (सं० सं-वर्ष १-अङ्क १०-१२) तेसमा इनले आफुलाई महामन्त्राधिराज भनेको छ।

स्थिति मल्लका जेठा छोरा धर्म मल्लको जन्म ने० सं० ४८७ आषाढ़ १३६७ ई० मा भयेको हो। आ० १३९४ वा १३९५ ई० मा पिताको मृत्यु भये पछी धर्म मल्लका प्रधान मन्त्री जयसिंह रामवर्धन नै भयेको बुझिन्छ। यसैले ने० सं० ५१६ आ० १३९५-९६ मा लेखियेको उपर्युक्त पुस्तकमा इनलाई परम भट्टारक महाराजाधिराजका उपाधिले विभूषित गरेको होला। सोही वर्ष लेखियेको महाभारतको यौटा पुस्तकमा इनको प्रशस्ति श्रीमान् भूमहेन्द्र भनी लेखियेको छ। उपर्युक्त प्रशस्तिहरु बाट समसामयिक नेपालका इनी एक जना सम्भ्रान्त भारदार भयेका कुरामा केही सन्देह हुँदैन।

स्थिति मल्लले आफ्ना जीवनकाल देखी नै आफ्ना छोराहरुलाई ठाउँ ठाउँको राजा घोषणा गरेका थिये कि भने जसतो उनका छोराहरुका नामाङ्कित कतिपय शिलालेख देख्दा अनुमान हुन्छ। ओंकुली बही,

पाटनमा ने० सं० ५११ आषाढ़ १३९१ ई० को यौटा शिलालेखमा महाराजाधिराज परमेश्वर परमभट्टारकस्यजयकीर्तिमल्लदेवस्य विजयराज्ये संवत् ५११ प्रथमाषाड़ शुक्ल देखे जसतो मलाई लाग्छ। तीनै भाईको उल्लेख भयेका ने० सं० ५२१ १४०१ ई० तथा ने० सं० ५२२ १४०२ ई० का लेखौट पाइयेका छन्। स्थिति मल्लले आफ्ना जीवितावस्था देखी नै आफ्ना छोराहरुलाई महाराजाधिराजको उपाधि प्रदान गरेको कुरा महत्वपूर्ण छ तथा यसले शीघ्र हुने राज्यविभाजनलाई इङ्गित गर्छ।

ने० सं० ५२३ १४०३ ई० को लेखमा केवल धर्म मल्लको नाम छ तर उनलाई युवराज भनेको छ। माथी उल्लेख गरियेको जयसिंह रामको पशुपतिको शिलालेखमा पनी "राजाधिराज परमेश्वर परमभट्टारक युवराज श्री श्रीजयधर्ममल्लस्य विजयराज्ये" भनेको छ। धर्म मल्ललाई राजाधिराजपरमेश्वर परमभट्टारक" भने ता पनी उनलाई प्रायः सँधै युवराज भनेको कुरा विचारणीय छ। यता बाट पिताका जीवितावस्थामा नै उनले युवराज पदवि पाई सकेको कुरा निश्चित रूपले बुझिन्छ।

ने० सं० ५३२ आ. १४२१ ई० को यौटा लेखमा ज्योति मल्ल एकलै राजा भयेको कुरा बेंडलले लेखेको छ। ने० सं० ५३३ माघ १४ जनवरी १४१३ ई० को ज्योति मल्लको यौटा शिलालेख पशुपतिमा पाइयेको छ। (भगवान्लाल इन्द्रजी-संख्या १६) तेस बाट उनी एक मात्र महा-राजाधिराज भयेको कुरा सिद्ध हुन्छ। यता बाट १४११ई० तिर धर्म मल्लको मृत्यु भयेका कुराको अनुमान हुन्छ। सम्भवतः उनी अपुत्र थिये, यसैले उनका भाई ज्योति मल्ल राजा भयेका होलान् वा पिताका जीवितावस्था देखी नै स्थिति मल्लका तीनै छोरा राजा भनी घोषित गरियेको हुनाले धर्म मल्लको मृत्यु पछी उनका छोरा भए ता पनी ज्योति मल्ललाई राजा हुन विशेष बाधा परेन होला।

उपर्युक्त पशुपतिका शिलालेख बाट ज्योति मल्ल सम्बन्धी केही कुरा चाल पाइन्छन्। त्यो शिलालेखमा उनले आफ्ना पिता स्थिति मल्ल तथा माता राजल्ल देवीको उल्लेख गरी उनीहरूका जेठा धर्म मल्ल, माहिला

आफु तथा कान्छा कीर्ति मल्ल छोरा भएको कुरा लेखेको छ। उनकी संसार देवी नामक महारानी थिइन। आफ्नी छोरी जीवरक्षाका पति आफ्ना ज्वाँई भैरवको पनी उनले तेसमा उल्लेख गरेका छन्। वहाँ पछी यक्ष मल्लको उल्लेख छ। ''भक्तापुरी नगरवासित सौख्यकारी दुर्भिक्षदुःख भयहारणदेवमूर्तिः' भनी उनका सम्बन्धमा लेखियेको हुनाले पिताका जीवितावस्था देखी नै उनले भादगाउँको शासनाधिकार पायेको तथा वहाँ अनिकाल परेका वेलामा तेसका दुःख बाट प्रजाको रक्षा गरेका कुराको अनुमान हुन्छ। यक्ष मल्लका भाई जयन्त तथा उनकी पत्नी जयलक्ष्मीको पनी तेसमा उल्लेख छ। यता बाट ज्योति मल्लको ज्येष्ठ सन्तान उनकी छोरी जीवरक्षा, माहिला छोरा यक्ष मल्ल तथा कान्छा छोरा जयन्त भएको बुझिन्छ। भादगाउँको शासनाधिकार पायेको हुनाले यक्ष मल्ल नै उनका उत्तराधिकारी भएको कुरा चाल पाइन्छ।

नेपालमा चलेका नीति बमेजिम ज्योति मल्लको बौद्ध तथा हिन्दु धर्म दुवैमा समान रूपले आस्था भएको कुरा पनी यो शिलालेख बाट चाल पाइन्छ। इनले भत्केको स्वयम्भू चैत्यको पुनः निर्माण तथा धर्मधातुवागीश्वरको मूर्ति स्थापना गरेका कुराको पनी सो शिलालेखमा उल्लेख छ।

ज्योति मल्लका समयको ने० सं० ५४७ १४२६-२७ को यौटा ग्रन्थको उल्लेख बेंडलले गरेको छ। यस पछी शीघ्र ज्योति मल्लको मृत्यु भै उनका छोरा यक्ष मल्ल राजा भयेको कुरा प्रमाणित गर्ने शाके १३५० आ १४२८ ने० सं० आ० ५४८ मा लेखियेको यौटा लेख पाइयेको छ।

अष्टम अध्याय

यक्ष मल्ल तथा राज्यविभाजन

ने० सं० ५४९ १४२८--२९ मा ज्योति मल्ल तथा संसार देवीका छोरा यक्ष मल्ल पिताका मृत्यु पछी सिंहासनारूढ़ भये। शाके १३५० १४२८ ई० मा लेखियेको यौटा पुस्तकको (सूची—भाग १--पृष्ठ, २३) "राजाधिराज परमेश्वर श्री जयजक्षमल्लदेवस्य विजयराज्ये लिखित:" भनी लेखियेका प्रमाण बाट इनी १४२८ मा राजा भै सकेको बुझिन्छ। ज्योति मल्लको पशुपतिको शिलालेख बाट अपना पिताका राजत्व कालमा भादगाउँको शासनभार इनका अधीन भयेको कुरा अनुमान हुन्छ। तेसमा इनका सुन्दर शरीरको वर्णन गरी इनलाई भक्तापुरीका नागरिकहरुलाई दुर्भिक्षका भय देखी मुक्त गराउने भनी लेखियेको छ। (दुर्भिक्ष भयहारणदेवमूर्ति) भादगाउँमा अनिकाल पर्दा इनले तेसको प्रतिकार गरेका कुरा बाट युवराज छँदा नगरका शासनको जिम्मा इनैको रहेछ भन्ने यौटा अनुमान हुन्छ। तेसै शिलालेखमा जयन्त राज नामक भांई तथा इनकी बहिनी जीवरक्षा औ उनका पति जय भैरवको पनी उल्लेख भयेको छ।

यक्ष मल्लका सन्तान भादगाउँका राजा जगज्योति मल्लका आज्ञाले शाके १५३६ १६१४--१५ तिर लेखियेको नरपतिजयचर्या नामक यौटा पुस्तकमा यक्ष मल्लका देखी वंशावली लेखियेको छ। तेसमा विजयीका रूपमा इनको वर्णन छ। त्यो वर्णनमा मिथिला जीती आपना पुरुषार्थले इनी मगध तथा गया गयेको तथा पहाडका राजाहरुलाई जीती इनले नेपाललाई शत्रुशून्य पारेको, पूर्वमा वङ्ग देश, दक्षिणमा गङ्गा तथा उत्तरमा सात दिनको बाटो पर सम्मको देश इनले आफ्ना अधीन गरेको कुरा लेखियेको छ।[1]

१—यो राज्यं मिथिलां विजित्य मगधं गत्वा गयां पौरुषाद्
यो नेपालमकण्टकं व्यरचयज्जित्वा नृपान् पार्वतान्॥

उपर्युक्त विजयको वर्णन निश्चय नै यौटा धाक हो तर तेसमा केही सत्यको सार छ कि छैन सो विचार गर्नु उचित छ। मिथिलामा यक्ष मल्लले जीतेको भनेको राज्य कुन हुन सक्छ त्यो कुरा विचार गरी हेर्दा सिमरौन गढ इनले उकासे जसतो लाग्दै छ। हरिसिंह देव नेपाल पसे पछी सिमरौन गढ मिथिला राज्यका अन्तर्गत गराइयेको हुँदो हो। यक्ष मल्लका समयमा तेस माथी नेपालले फेरी आफ्नो अधिकार स्थापित गर्नु केही आश्चर्यको कुरो छैन। वङ्ग देशको नेपाल सँग सम्बन्ध मोरंग बाहेक अन्यत्र बाट हुनु सम्भव थियेन। यो कारणले यक्ष मल्लले मोरंग पनी विजय गरे कि भन्ने अर्को अनुमान हुन्छ। दक्षिणमा गङ्गा सम्म पुगे भनेको कुरा ता नेपालका इतिहासमा उखान जसतो कुरा छ। पश्चिममा गोर्खाली राजा-लाई इनले जीतेको कुराको विचार गर्दा द्रव्य शाहको वंशलाई इनले जीते-को होइन भन्ने कुरा चाल पाइन्छ। गोर्खामा द्रव्य शाहले १५५९ ई० मा राज्य स्थापन गरेका हुन् तथा त्यो वेला भन्दा धेरै अघी यक्ष मल्लको मृत्यु भै सकेको थियो। सम्भवतः गोर्खाका पहिलेका खंडका राजालाई इनले जीतेको होला। उत्तर तिर सात दिनको बाटो पर सम्म राज्य जीते भनेको पहाडका केही विजयलाई लक्ष गरेको होला।

ने० सं० श्रावण ५७३ १४५३ ई० यौटा शिलालेखमा भादगाउँका चारै तिर परखाल तथा खावा इनले बनायेका कुराको उल्लेख छ। (राइट पृष्ठ १८८-८९) तेसमा ठाउँ ठाउँमा सैनिक बस्ने तथा हथियार राख्ने बुर्जा पनी बनाइयेका थिये। यो परखाल बनाउँदा सबै जातका प्रजाहरुले श्रमदान गर्न परेका कुरा बाट यो बनाउन निकै हतार परेका कुराको अनुमान हुन्छ। भादगाउँको सुरक्षाका निम्ती यो कार्य यती

प्राच्यां यो वङ्ग देशं तदनु सुरनदीं दक्षिणो दिग्विभागे
विख्यातः पश्चिमायां प्रविलसदसिना गोरखापालपातः ॥
भूमिं सप्ताहगम्यामपि धनददिशो योऽवधीकृत्य भुक्त्वा
रेमे दोर्दण्डशौण्डः प्रखरतरलसत्कण्डकोदण्डपाणिः ॥

वीर पुस्तकालयको बृहत्सूचीपत्रम्—ज्योतिषविषयक—पृष्ठ ११७

हतार गरेर किन गर्न परेको थियो तेसको पनी यहाँ केही विचार गर्नु उचित छ। तर यो विचार केवल अडकल मात्र हो किन भने वंशावलीहरुमा यो सम्बन्धमा केही भनेको छैन। नुवाकोटका राजाहरुको कुनै भने जसतो इतिहास अझ पाइयेको छैन तथा इनीहरुका राज्यको विस्तार कती थियो सो पनी राम्ररी जानियेको छैन। ई कुराका विषयमा हाम्रो ज्ञान परिमित भये ता पनी नुवाकोटका बैंस ठकुरी राजा सित यक्ष मल्लका छोरा रत्न मल्लले लडाई गरी नुवाकोट जीतेको कुरा चाल पाइयेको छ। नुवाकोटका ठकुरीहरुको नेपाल सित शत्रुता भयेको कुराको यता बाट अनुमान हुन्छ। यो बाहेक पूर्व तिर पनी इनै ठकुरीहरुका नेतृत्वमा किरातहरु बलवान् भै नेपाललाई चाप्तै आउनु पनी सम्भव छ।

इनका पालाका अरु घटनाहरुको वंशावलीमा विशेष उल्लेख छैन। पशुपतिनाथका मन्दिरमा दक्षिणका ब्राह्मणहरुको एकलौटी अधिकार थियो। त्यो अधिकारलाई इनले सम्पूर्ण खारेज गर्न न सके ता पनी पाटन तथा काठमांडुका स्थानीय मानीसहरुलाई पशुपतिनाथका भण्डारका भंडारे नियुक्त गरी नेपालको सबै भन्दा ठुलो देवालयमा उनले नेवारहरुको प्रवेश गराये।

इनका समयमा निर्माण गरियेका केही देवालयहरुको उल्लेख पनी वंशावलीमा छ। पाटनको मीननाथको मन्दिर इनैका समयमा पद्म देवले बनाये। भादगाउँको दत्तात्रयको मन्दिर इनी तथा इनका छोरा राजमल्लले बनाये। यसै गरी अन्यत्र पनी देवीदेवता स्थापना गरी मन्दिर निर्माण गरिये।

यक्ष मल्लका ६ जना छोराको उल्लेख भयेको उनको जीवनकाल ने० सं० ४९१ आ० १३७१ ई० को यौटा शिलालेख पशुपतिनाथका मन्दिरमा पाइयेको छ। तेसमा उनका छोराहरुको क्रम सित राय मल्ल, रत्न मल्ल, रण मल्ल, राम मल्ल, अरि मल्ल तथा पूर्ण मल्लको नाम लेखियेको छ। इनका छोराहरु मध्ये इतिहासमा स्थान पाउने ता तीन जना छोरा

मात्र छन् । ती राय मल्ल, रत्न मल्ल तथा रण मल्ल हुन् । यसैले वंशावलीहरुमा इनका तीन छोरा थिये भनी प्रायः लेखियेको देखिन्छ ।[१]

आफ्ना वृद्धावस्थामा यक्ष मल्लले आफ्ना जेठा छोरा राय मल्ललाई राज्यतिलक दिन आँटेको कुरा वंशावलीहरुमा लेखियेको छ । तर भारदारहरु राय मल्ल उग्र स्वभावका हुनाले उनलाई मन न पराई माहिला छोरा रत्न मल्ललाई मन पराउँथे । यो कारणले उनीहरुले युक्ति गरी राय मल्लको राज्यतिलक हुन दियेनन् । उपर्युक्त वर्णन बाट यक्ष मल्लका राज्यकालका अन्तिम समयमा राय मल्ल तथा रत्न मल्लमा फाटो परेको तथा भारदारहरु पनी दुई दलमा विभक्त भयेका कुराको यता बाट अनुमान हुन्छ । ने० सं० ६०२ फाल्गुन १४८२ ई० मा यक्ष मल्लको मृत्यु भये पछी रत्न मल्लका पक्षका भारदारहरुको दल उनैलाई राजा तुल्याउन खोज्थ्यो तर अन्त्यमा उनीहरुको वंशानुक्रमिक राजभक्ति बलियो प्रमाणित भयो र राय मल्ल नै आफ्ना पिताका सिंहासनमा बसे । वहाँ पछी रत्न मल्ल पाटन गै वहां केही बसी काठमांडुका राजा भये भनी वंशावलीमा भनेको छ ।

सम्भवतः पिताका मृत्यु पछी रत्न मल्ल पाटनका तथा रण मल्ल बनेपाका हाकिम नियुक्त भयेर गये । तर राय मल्ल अयोग्य शासक हुनाले इनीहरु माथी उनको विशेष अधिकार रहेन र इनीहरु आफुलाई राजा भन्न लागे तथा स्वतन्त्रतापूर्वक शासन गर्न लागे ।

यक्ष मल्ल सम्बन्धी यो अध्याय समाप्त गर्नु भन्दा अघी इनको मृत्यु वर्ष पनी निर्णय गर्नु उचित छ किन भने यो सम्बन्धमा वंशावलीहरुमा अनेक विभिन्नता छन् । राइटले इनको मृत्यु ने सं० ५९२ १४७२ ई० भयेको हो भनेको छ (पृष्ठ—१८९) तथा अरु अरु वंशावलीहरुमा

---

१. उपर्युक्त नरपति जयचर्या स्वरोदय टीकामा यक्ष मल्लका केवल तीन छोरा थिये भन्ने लेखियेको छ । "पुत्रास्त्रयस्तस्य नृपस्य जाता" । यता बाट यक्ष मल्लका तीन छोरा थिये भन्ने कथन निराधार रहेन छ भन्ने चाल पाइन्छ । इदमित्थ निर्णय गर्न अरु धेरै प्रमाणको आवश्यकता छ ।

पनी यो संवत् लेखियेको छ। तर ने० सं० ५९४ जेठ (संवत् वेदग्रह वाण) मा लेखियेको हितोपदेश नामक पुस्तकका लेखबाट इनी त्यो समयमा जीवित भयेको कुरा बुझिन्छ।[१] यो कारणले इनको मृत्यु भयेको ने० सं० ५९४भन्दा पछी हो। म संग भयेको यौटा वंशावलीमा ने०सं० ६०२,१४८२ ई० मा इनको मृत्यु भयो भनी लेखियेको छ। सबै थोक विचार गर्दा यो साल नै इनको मृत्यु वर्ष मान्नु उचित ठहरिन्छ। इनको मृत्यु हुनु भन्दा अघी देखी नै इनका छोराहरुमा कलह उत्पन्न भयेको तथा इनी वार्धक्यजनित दुर्बलताले ग्रस्त भयेका कुराको पनी अनुमान हुन्छ।

---

१. ॐ संवत ६०२ फाल्गुन सुदी एकादशी यक्ष मल्ल देव मोक भनी इतिहास प्रकास द्वितीय अङ्क तृतीय भागमा (पृष्ठ ५६९) यो प्रकाशित यौटा वंशावलीमा भनियेको छ।

नवम अध्याय

भादगाउँका इतिहासको कालनिर्णय

सत्रहौं शताब्दिका आरम्भमा भादगाउँको[१] शासन गर्ने जगज्योति मल्लले नरपतिजयचर्चा (स्वरोदयदीपिका) भन्ने यौटा पुस्तक शाके १५३६ १६१४ ई० मा लेखेको छ। (सूची—भाग १—पृष्ठ १०७) तेसमा उनले यक्ष मल्ल देखी आफ्नो वंशावली लेखेको छ। तेसमा यक्ष मल्ल पछी हुने भादगाउँका राजाहरुको नाम तल लेखे बमोजिम छ।

१. राय मल्ल।

२. भुवन मल्ल।

३. प्राण मल्ल।

४. विप्र मल्ल।

५. त्रैलोक्य मल्ल।

६. जगज्योति मल्ल।

जगज्योति मल्लले १६२८ ई० मा लेखेको मुदितकुवलयाश्व नामक नाटकमा पनी भादगाउँका राजाहरुको वंशावली नान्य देव देखी लेखियेको छ। तेसमा भयेको राजाहरुका नामका सूचीमा पनी यक्ष मल्ल पछी हुने राजाहरूको नाम माथी लेखियेको सूची बमोजिम छ।

---

१. नेपालका तीन राज्य मध्ये काठमांडु तथा पाटनका नामका साथमा गाउँको प्रयोग हुँदैन तर भादगाउँ मात्र लोकव्यवहारमा प्रायः गाउँ कहलाउँछ। नेवारी भाषामा यसतो व्यवहार छैन। नेवारी भाषामा काठमांडुलाई यँ, पाटनलाई येल तथा भादगाउँलाई खोपो भनिन्छ। भादगाउँका राजा तथा कविहरुले भने यसलाई भक्तापुरी, भक्तपुर, भक्तपट्टन इत्यादि लेखेका छन्। लोकव्यवहारमा चलेको भादगाउँ नाम नै यो पुस्तकमा लेखियेको छ।

राय मल्लका राज्य कालमा लेखियेको गीतगोविन्द नामक (सूची-भाग १-पृष्ठ १६) ने० सं० ६१६ (रसचन्द्रषड्) १४९६ ई० मा लेखियेको पुस्तकमा राय मल्ल राजाका राज्यमा (राज्ये श्रीराय मल्ल नृपते ··) लेखियेको हो भन्ने कुरा छ। यो बाहेक राय मल्लको अरु कुनै प्रामाणिक तिथि पाइयेको छैन।

राय मल्लका छोरा भुवन मल्लको सुवर्ण मल्ल पनी नाम भयेको कुरा वंशावलीहरु बाट चाल पाइन्छ। इनका समयमा लेखियेको कुनै लेख न पाइयेको हुनाले इनको कुनै प्रामाणिक तिथि पाइयेको छैन। वंशावलीमा ने० सं० ६३३ १५१३ ई० तिर इनका शासनमा अनिकाल परेको कुरा लेखियेको छ। वंशावलीको यो तिथि अमान्य देखिंदैन। इनको मृत्यु कहिले भयो सो निश्चित रूपले थाहा न पाइयेको भये ता पनी इनी पछी भादगाउँमा केही काल सम्म राजपुत्रहरुको संयुक्त शासन भयेको कुरा चाल पाइयेको छ।

भुवन मल्ल पछी जित मल्ल तथा प्राण मल्लनामक दुई राजाको संयुक्त शासन भयेका कुराको प्रमाण पाइयेको छ[1]। बेंडलले ठैव ग्राममा पायेको ने० सं० ६४४ भाद्र १५२४ ई० को यौटा शिलालेखमा "श्री श्रीजित् मल्ल प्रभु ठाकुरस्य श्री श्रीप्राण मल्ल देव ठाकुरस विजय राज्ये व ६४४ नष्ट भाद्र" भनेका कुराबाट त्यो वेला ई दुई भाईको भादगाउँमा संयुक्त शासन भयेको कुरा बुझिन्छ। खण्डखाद्य टीकाको (सूची-भाग १-पृष्ठ १०३) पुष्पिकामा "श्रीमन्नेपालिक : स्वस्ति श्रेयोस्तु संवत् ६५४ कार्तिक मासे शुक्लपक्षे दशम्यां तिथौ शतभिषपरपूर्वभद्रनक्षत्रे सोमवासरे श्री भक्त-

१. श्रीललितजंग सिजापतिले ने० सं० ६४२ ई० को भादगाउँ महालक्ष्मीको धारामा भयेको यौटा शिलालेखको उल्लेख गरेको छ तेसमा रण मल्ल, वीर मल्ल, जित् मल्लको राज्यकाल भनी लेखियेको छ। यता बाट संयुक्त शासनमा प्राण मल्ल सम्मिलित हुनु भन्दा पनी अघी भादगाउँमा संयुक्त शासन भयेको कुरा चाल पाइन्छ। भुवन मल्लका शासनको वर्णन गर्दा उनले "देशका टोलमा ग्रामहरु सम्म भाग गरी भोग्य गऱ्या" भनी वंशावलीमा भनेको कुरा पनी विचारणीय छ।

पत्तने श्री श्रीजीत मल्ल देव श्री श्रीप्राण मल्ल देवौ विजयराज्ये ··) भनी लेखियेको कुराबाट यो द्विराज्य ने० सं० ६५४ १५३४ ई० सम्म भयेको कुरो निश्चित हुन्छ। यो संयुक्त शासन कहिले समाप्त भयो त्यो निश्चित रूपले चाल न पाइयेको भये ता पनी १५३४ ई० मा नै यो समाप्त भयेको आनुमान हुन्छ। द्रव्यनिर्णयानाम निघण्टु (सूची—भाग २—पृष्ठ ११६) का लेख बाट ने० सं० ६५८ १५३८ ई० मा प्राण मल्ल एकलै राजा भयेको कुरा थाहा पाइन्छ। (विभाति राजा रघुवंश श्री श्रीजय प्राण मल्ल देवस्य विजय राज्ये सम्वत् ६५८ प्रथम मास शुक्ल एकादशी) अर्को यौटा लेख बाट ने० सं० आषाढ़ ६६५ १५४५ ई० मा पनी इनको शासन भयेको कुरा चाल पाइन्छ।[१]

प्राण मल्ल पछी विप्र मल्ल राजा भये। इनको नाम विश्व मल्ल पनी भयेको बुझिन्छ। विप्र मल्ल वा विश्व मल्लका पालाको कुनै मितिले युक्त लेख पाइयेको छैन।

विप्र मल्ल वा विश्व मल्ल पछी इनका छोरा त्रैलोक्य मल्ल राजा भये। इनको नाम त्रिभुवन मल्ल पनी थियो। वलाछे टोलामा (भादगाउँ) भयेको इनको १५७२ ई० को ने० सं० ६९२ तिरको आफुले देखेको शिलालेखको उल्लेख बेंडलले गरेको छ। (यात्रा परिशिष्ट ३) १५८५-८६ ने० सं० ७०५-६ को ठिमीमा आफुले देखेको इनको अर्को शिलालेखको पनी बेंडलले उल्लेख गरेको छ।

त्रैलोक्य मल्ल वा त्रिभुवन मल्ल पछी इनका छोरा जगज्योति मल्ल राजा भये। इनका समयका तिथियुक्त अनेक लेख पाइयेका छन्। ती मध्ये प्रथम ने० सं० ७३१ १६११ ई० तिरको भादगाउँको तलेजु मन्दिरमा भयेको ताम्रपत्र छ। सम्भवतः उनी राजा भयेको वर्ष पनी यही हो। नरपति जयचर्या इनका आज्ञाले श्री वंशमणि शर्माले शाके १५३६ १६१४ ई० मा लेखे। (शुभमस्तु श्रीरस्तु शाके १५३९ ने० सं ४६४···

१. श्रेयोस्तु सम्वत् ६६५ आषाढ मासे·········श्री जय प्राण मल्ल देवस्य श्री भक्तपत्तने भुज्यमान राज्ये·········वृहत्सूचीपत्रम्-प्रथम भाग-वीर पुस्तकालय।

श्री जगज्योति मल्लनिदेशमासाद्य श्री वंशमणिशर्मा व्यलेखीदिदम् पुस्तकम्) (सूची—भाग १—पृष्ठ १०७-१०९) शाके १५३६ ने० सं० ७३६ तिर हुन्छ। स्तोत्रसार संग्रह जगज्योति मल्लले ने० सं० ७४६ माघ १६२६ ई० मा लेखेको हो। तेसको पुष्पिकामा तल लेखियेको श्लोक छ।

यातै नेपालिकाब्दे रसयुग मुनिभिः संयुक्ते माघ मासे
पञ्चम्यां शुक्लपक्षे दिनकर दिवसे पौष्णाये साध्ययोगे।
भूपानां वन्दनीयः सकलगुणनिधिः श्रीजगज्योति मल्लो
नाना भेद प्रपन्नाद् रघुकुलतिलको ग्रन्थमेतच्चकार॥
(सूची—भाग १—पृष्ठ २५९)

सङ्गीत भास्कर नामक पुस्तक उनका आज्ञाले वङ्गमणिले (वंशमणि) ने० सं० ७५१ १६३१ ई० तिर रचना गरे। तेसको पुष्पिका बाट तल केही लेख सारिन्छ।

श्रीमज्जगज्योतिअधीश्वरस्य निदेशमासाद्यगुणोत्तरस्य
सङ्गीत शास्त्रस्य चकार टीका श्रीमैथिलोवङ्गमणि मनीषाम् (वंशमणि?)
... ...
... ...

नेपालाब्दे शशिशर मुनिव्यञ्जिते शुक्लपक्षे
... ...
... ...

सङ्गीताख्यं समलिखदसौ भास्करे विज्ञ इन्दुः
(सूची—भाग १—पृष्ठ २६१--६२)

ने० सं ७५१ १६३१ नै जगज्योति मल्लका शासनको अन्तिम वर्ष हो किन भने ने० सं० ७५२ १६३२ ई० को इनका छोरा जगत् प्रकाश मल्लको मोहर प्राप्त भयेको छ। सम्भवतः उनका शासनको यो प्रथम वर्ष हो।

वंशावलीहरुमा प्रायः जगज्योति मल्ल तथा जगत् प्रकाश मल्लका

माझमा नरेश मल्लले शासन गरेका कुराको उल्लेख छ। तर माथी उपस्थित गरियेका प्रमाण द्वारा ई दुई राजाका माझमा नरेश मल्लको ठाउँ न भयेको कुरा बुझिन्छ। जगज्योति मल्ल पछी जगत् प्रकाश मल्ल राजा भयेका प्रमाण बाट नरेश मल्ल नामक राजा यो समयमा भादगाउँमा कोही हुँदै न भयेको कुरो स्पष्ट छ।

वंशावलीहरुमा नरेश मल्लको नाम प्रायः किन लेखियेको छ भन्ने कुराको पनी यहाँ विचार गर्नु उचित छ।[१] प्रताप मल्लको ने० सं० ७६९ १६४९ ई० को हनुमान् ढोकाको शिलालेखमा (भगवानूलाल इन्द्रजी —संख्या १८) यौटा पद छ जसले गर्दा यो भ्रम उत्पन्न भयेको हो। त्यो पद यो हो।

"भक्तग्रामनरेश मल्लनृपतिर्दत्वेममेनंभिया।"

यो पदको उचित रुपले अर्थ न गरियेको हुनाले नरेश मल्ल भादगाउँका राजा ठानियेका हुन्। सोझो हेर्दा यसका चाहिने अंशको अर्थ भक्त ग्रामका नरेश मल्ल राजा भन्ने हुन्छ तर यसको वास्तविक अर्थ बेग्लै व्यङ्गात्मक छ। यसमा पहिले नै भक्तपुरलाई भक्तग्राम भनी हेला गरेको छ। वहाँ पछी भक्तग्रामका राजा अर्थात् गाउँको राजा भनी फेरी तिरस्कार गरेको छ। को त भन्ने प्रश्नको उत्तर उ क्या त मल्ल राजा भनी राजाको नाउँ भन्दा पनी इज्जत जाला भने झैं गरी फेरी अवहेलना गरेको छ। भक्तग्रामनरेश यौटा पद मल्लनृपति अर्को पद गरी अर्थ लायो भने नरेश मल्ल नाम नै रहँदैन। भक्तग्रामका राजा नरेश मल्ल भन्ने अर्थ व्यक्त गर्न भक्तग्रामनरेशमल्लनृपति भन्ने समास गर्नु कहाँ सम्म व्याकरणसङ्गत छ त्यो ता मैले भन्न सकिन तर यो समास मलाई राम्रो लागेको छैन।

जगत्प्रकाश मल्लको शासन ने० सं० ७५२ आ० १६३२ ई० तिर आरम्भ हुन्छ। शासन निकै लामो भयेको बुझिन्छ। जितामित्र मल्लको ने० सं० ७८३ आ० १६६३ ई० को पाइयेको मोहर उनका पिता जगत्-

१. कुनै कुनै वंशावलीमा इनको नाम पनी न भयेको कुरो पनी चाल पाइयेको छ।

प्रकाश मल्लका जीवितावस्थामा नै अङ्कित भयेको बुझिन्छ। ने० सं० ७८७ आ० १६६७ ई० को इनको यौटा भादगाउँका शिलालेखको आदिकवि भानुभक्तमा (पृष्ठ १२) श्री बालचन्द्र शर्माले उल्लेख गरेको छ। ने० सं० ७९० आ० १६७० ई० मा इनले लेखेको मदन चरित नामक यौटा नाटक पाइयेको छ। (वङ्गीय साहित्य परिषद् पत्रिका—संख्या ३—वङ्गाद्व १३३५) यो पछी कुनै समयमा इनको मृत्यु भयेको अनुमान हुन्छ।

जगत् प्रकाश मल्लका छोरा जितामित्र मल्ल राजा भयेको वर्ष निश्चित रूपले थाहा न पाइयेको भये ता पनी ने० सं० ८०२ आ० १६८२ ई० भन्दा अघी नै इनी राजा भयेको बुझिन्छ। इनका लेखहरु ने० सं० ८१६ आ० १६९६ ई० सम्मका पाइन्छन्।

ने० सं० ८१६ आ० १६९६ ई० को इनका छोरा भूपतीन्द्र मल्लको नामाङ्कित मोहर पाइन्छ। इनका पालाका अनेक लेख पाइयेका छन् औ अन्तिम लेख ने० सं० ८४१ आ० १७२१ को इनको विद्याविलाप नाटक हो। इनका छोरा रणजित् मल्लको प्रथम मोहर ने० सं० ८४२ आ० १७२२ ई० को पाइयेको छ।

तेरिज

१. राय मल्ल	ने० सं० ६१६ आ० १४९६
२. भुवन मल्ल	ने० सं० ६३३ आ० १५१३
३. रण मल्ल, वीर मल्ल, जीत मल्ल सं० शा०	ने० सं० ६४२ आ० १५२२
४. जीत मल्ल तथा प्राण मल्ल सं० शा०	ने० सं० ६४४-६५४ आ० १५२४-१५३४
५. प्राण मल्ल	ने० सं० ६५८ आ० १५४२ ६६५ १५४५
६. विप्र मल्ल वा विश्व मल्ल	१५७२, १५८५-८६
७. त्रैलोक्य मल्ल वा त्रिभुवन मल्ल	

८. जगज्योति मल्ल	ने० सं ७३१-७५१ आ० १६११-१६३१
९. जगत्प्रकाश मल्ल	ने० सं० ७५२-८०० आ० १६३२-१६८० वा केही पछी ।
१०. जति मित्र मल्ल	ने० सं० ८०२-८१६ आ० १६८२-१६९६
११. भूपतीन्द्र मल्ल	ने० सं० ८१६-८४२ आ० १६९६-१७२२
१२. रणजित् मल्ल	ने० सं० ८४२-८८९ आ० १७२२-१७६९

दशम अध्याय

भादगाउँको इतिहास

यक्ष मल्लको ने० सं० ६०२ आ० १४८२ ई० मा मृत्यु भये पछी पैतृक सिंहासनमा उनका जेठा छोरा राय मल्ल बसे।[१] इनले कती वर्ष राज्य गरे सो निश्चित रूपले चाल न पाइयेको भये ता पनी इनको शासन धेरै लामो भये जसतो लाग्दैन। इनका समयको केवल यौटा निश्चित मिति पाइयेको छ। त्यो ने० सं० ६१६ आ० १४९६ हो।

राय मल्ल पछी इनका छोरा सुवर्ण मल्ल राजा भये। इनको अर्को नाम भुवन मल्ल थियो। इनका पालाका यौटा पनी निश्चित तिथि पाइयेको छैन। इनका पालामा ने० सं० ६३३ आ० १५१३ मा भादगाउँमा ठुलो अकाल पऱ्यो तथा तेसले गर्दा भादगाउँका धेरै रैती बसाईं सरी यत्रतत्र गये भनी वंशावलीमा भनेको छ।

यक्ष मल्लका मृत्यु पछी बनेपामा पनी रण मल्ल नामक इनका साहिंला छोराले आफ्नो यौटा स्वतन्त्र राज्य स्थापित गरेको कुरा चाल पाइयेको छ। इनले लेखेको पाण्डवविजय नामक यौटा नाटक पनी पाइयेको छ। [सूची—भाग १, पृ० ११५-११६] तेस बाट इनकी रानी-

---

१. राय मल्ल सम्बन्धी ने० सं० ५८२ वैशाख १४६२ ई०को स्वरोदय नामक पुस्तकमा उनको राजोचित विरुद् लेखियेको छ। श्री श्रीराजाधिराज परमेश्वर परमभट्टारक श्री श्री रायमल्ल देवस्य विजयराज्ये" (बृहत्सूचीपत्रम्—ज्यौतिष, पृष्ठ २४०) यती अघी उनी स्वतन्त्र राजा भये जसतो लाग्दैन। सम्भवतः राजकुमार अभिषिक्त भये पछी यो विरुद् उनले धारण गरेका होलान्। राजकुमार अभिषिक्त भयेको कुरा पनी अझ प्रमाणका अभावले यसै भन्न सकिंदैन। यो कारणले यो तथा यो पछीका अध्यायमा यक्ष मल्लका छोराहरु सम्बन्धी प्रतिपादन गरियेको मत फेर्ने चेष्टा गरियेको छैन।

को नाउँ नाथल्ल देवी तथा छोराका नाम विजय मल्ल भयेको कुरा चाल पाइन्छ। वंशावलीका वर्णन अनुसार भुवन मल्लका पालामा यो राज्य भादगाउँ सित सम्मिलित भयेको बुझिन्छ। सम्भवतः रण मल्लको इनका राजत्व कालमा मृत्यु भयो औ उनका छोरा नाबालिग हुँदा भुवन मल्ल-लाई बनेपाको राज्य भादगाउँमा सम्मिलित गर्न केही गाह्रारो परेन।[१]

काठमांडुमा अनेक नयाँ नाचहरु चलाइये भन्ने सुनी भुवन मल्लले पनी देखासिखी गरी भादगाउँमा पनी नवदुर्गाको इखु प्याखन नामक नाच चलाये भनी वंशावलीमा लेखियेको छ। बोडेमा महालक्ष्मीको नाच पनी इनले नै चलायेको हो। काठमांडुमा धार्मिक नृत्यहरु चलाउने अमर मल्ल हुन्। भादगाउँका भुवन मल्ल इनै अमर मल्लका सम-सामयिक रहेछन् भन्ने अनुमान हुन्छ।

भुवन मल्ल पछी भादगाउँमा भाई-भाईको संयुक्त शासन चल्यो। भुवन मल्लले भादगाउँका ग्राम समभाग गरी भोग्य गरे भन्ने वंशावली-का कथन बाट मुलुक भाई-भाईमा समभाग गरी बाँडेका कुराको अनुमान हुन्छ। यसो गरेको भये भादगाउँ शक्तिहीन हुनु स्वाभाविक छ। भुवन मल्लका शासनकाल पछी जो संयुक्त शासन भादगाउँगा चल्यो तेसको आरम्भ इनैका पाला देखी भयेको हो कि भन्ने अनुमान पनी हुन्छ।

भुवन मल्ल वा सुवर्ण मल्ल पछी उनका छोरा प्राण मल्ल राजा भये भनी वंशावलीहरुमा लेखियेको छ तथा जगज्योति मल्लले पनी तैसै भनेको छ। तर पाइयेका समसामयिक शिलालेखहरुका प्रमाण बाट प्राण मल्लले एकलौटी राज्य गर्नु भन्दा अघी दाज्युभाईहरु सित मिली संयुक्त शासन गरेका कुराको प्रमाण पाइयेको छ। ने० सं० ६४२ आ० १५२२ ई० मा रण मल्ल, वीर मल्ल तथा जित मल्लको संयुक्त शासन थियो। यो संयुक्त शासनमा पछी राजा हुने प्राण मल्लको नाउँ छैन। यो पछी १५२४ ई० देखी १५३४ ई० सम्म जित मल्ल तथा प्राण मल्लको संयुक्त शासन

---

१. कर्कपेट्रिकले भने बनेपाको राज्य पछी विश्व मल्लका पालामा भादगाउँमा सम्मिलित गरियेको कुरा लेखेका छन्।

भयेको कुरा प्रमाणित छ। प्राण मल्ल मात्र भादगाउँका राजा भयेको १५३८ ई० को प्रमाण पाइयेको छ।

साधारण वंशावलीहरुमा संयुक्त शासनको उल्लेख कतै गरियेको छैन। राजाहरुले अङ्कित गरेका वंशावलीहरुमा पनी यसको उल्लेख छैन। तर संयुक्त शासन भयेको कुरा निर्विवाद छ। यता बाट संयुक्त शासन सबै बाट अवैधानिक मानियेको रहेछ भन्ने विदित हुन्छ। नत्र यो भयेको कुरालाई हुँदै न भयेको जसतो गरी वंशावली लेख्दा यसको अस्तित्व नै स्वीकार न गर्नु पर्ने अर्को कारण देखिंदैन। राज्यको उत्तराधिकार राजाका जेठा छोराको हुने नियम नेपालमा प्राचीन काल देखी थियो। यसतो नियम वा परिपाटी हुँदा हुँदै दुई वा तीन जना दाज्यु-भाईको संयुक्त शासन हुन्छ भने तेता बाट युवराजको दुर्बलता मात्र बोध हुन्छ। भादगाउँका संयुक्त शासनको तुलना नेपाल संवत्को षष्ट शताब्दीका आरन्भमा स्थिति मल्लका तीन छोराले केही कालका निम्ती स्थापित गरेको संयुक्त शासन सित गर्न सकिन्छ। जसतो उ निर्बलताको परिचायक थियो उसतै यो छ।

काठमांडुका राजा सूर्य मल्लले साँखु भादगाउँ बाट खोसेर लिये भनी काठमांडुका इतिहासमा वर्णन गरियेको कुरा यही संयुक्त शासन-जनित दुर्बलताका समयमा भयेको पनी हुनु सम्भव छ।

प्राण मल्लको एकलौटी शासन कहिले समाप्त भयो तथा उनका उत्तराधिकारी विप्र मल्ल वा विश्व मल्ल कहिले राजा भये सो निश्चित रूपले थापा पाइयेको छैन।

विश्व मल्ल पनी दुर्बल राजा भयेको कुरो अनुमान हुन्छ किन भने पशुपतिमा चार नारायणका मूर्तिको स्थापना इनले काठमांडुका राजाको आज्ञा ली गरेको कुरा वंशावलीमा लेखियेको छ। हुन ता राज्य पृथक भये ता पनी धार्मिक काममा कुनै प्रतिबन्ध न लाउने चलन तिन ताक थियो तथापि आफ्नो शत्रु राज्य सित यति चाँडै धार्मिक कुरामा भये ता पनी केही दयाको भिक्षा माग्नु दुर्बलता बाहेक अरु थाक केही होइन।

इनका पालामा इचंगु नारायणलाई पहिरोले नष्ट गरेको हुनाले इन्द्रचोकका एक जना कनौजिया ब्राम्हणले विष्णुमतीले बगायेर ल्यायेको नारायणको मूर्ति स्थापित गरे भन्ने कुरा पनी वंशावलीहरुमा पाइन्छ। विश्व मल्लको शासन कहिले समाप्त भयो त्यो चाल पाइयेको छैन।

उनी पछी इनका छोरा त्रैलोक्य मल्ल वा त्रिभुवन मल्ल राजा भये। बडलले इनका पालाको १५७२ ई० ने० सं० आ० ६९२ को यौटा शिलालेख बोलाछे टोल, भादगाउँमा देखेका कुराको उल्लेख गरेको छ। तर यो भन्दा निकै अघी ई राजा भयेको अनुमान हुन्छ। काठमांडुका राजा महेन्द्र मल्लले १५६३ ई० मा तलेजुको मन्दिर बनाउनु भन्दा अघी उनी भादगाउँका राजा त्रैलोक्य मल्ल कहाँ गै तुलजाको दिनहुँ पूजा गर्थे। (राइट–पृष्ठ २०७) यता बाट १५६३ ई० वा तेसका अघी नै त्रैलोक्य मल्ल राजा भयेको अनुमान हुन्छ। इनका पालामा काठमांडूका राजाले बनेपा, चुंको, सांगा तथा कुती भादगाउँ बाट खोसेको कुरा कर्कपेट्रिकले लेखेको छ। तिब्बत जाने बाटो कुती गुमाउनु भादगाउँका निंती आर्थिक दृष्टिले बड़ो हानिकर कुरो थियो। काठमांडुका निंती भने यो बड़ो लाभदायक कार्य थियो। कुती जाने बाटोका मुख्य गौंडा बनेपा तथा साँगा माथी महेन्द्र मल्लले जो अधिकार स्थापित गरे तेता बाट काठमांडुका आर्थिक उन्नतिमा धेरै सहायता भयो। नेपालमा चाँदीको मोहर प्रथम छाप्ने महेन्द्र मल्ल नै हुन्। मोहरको आवश्यकता तिब्बत सितको व्यापार बढ्नाले पर्नु धेरै सम्भव छ। यता बाट राय मल्लका पाला देखी आरम्भ भयेको भादगाउँको दुर्बलता त्रैलोक्य मल्लका पालामा पराकाष्ठामा पुगेका कुराको अनुमान हुन्छ। दुर्बल राजा भये ता पनी इनले तीस वर्ष भन्दा बढ़ता राज्य गरेका कुराको अनुमान हुन्छ।

इनी पछी इनका छोरा जगज्योति मल्ल राजा भये। जगज्योति मल्ल स्वयं विद्वान् थिये तथा विद्वान्हरुका आश्रयदाता थिये। इनले तथा इनका आश्रयमा बस्ने पण्डितहरुले गान शास्त्र, नृत्य कला, ज्योतिष आदि विविध विषयमा अनेक पुस्तक लेखेका छन्। भादगाउँको प्रसिद्ध

बिसकेट नामक यात्राको आरम्भ जगज्योति मल्लले गरेको हो। यो यात्रामा काठमांडुमा हुने इन्द्र यात्रामा झैं लिंगो उभ्याउने चलन छ तथा यो यात्रा आदि भैरवका नाममा गरिन्छ। ठिमीमा पनी उनले यो यात्रा चलाये भनी वंशालीमा लेखियेको छ। भैरवको रथ बनाइने काठ पशुपतिका वन बाट काठमांडुका राजाका आज्ञाले ल्याइयेका कुराको वर्णन वंशावलीमा छ।

जगज्योति मल्लका पालाको यौटा अर्को विचित्र घटनाको उल्लेख वंशावलीहरुमा छ। पूर्व बाट किनेका मास सित यौटा मकैको गेडो मिसीयेर आये छ। तेसलाई भादगाउँका निवासीहरुले अशुभ अन्न ठहराई शान्तिस्वस्ति गरी जता बाट त्यो आयो उतै फर्काई दियेको कुरा बडो रोचक छ। नेवारहरुका आहारको मुख्य अङ्ग धान हो। उपत्यकामा धान निकै फल्छ तथा यो समयमा त्यहाँका उपजाले उपत्यकाका जम्मै रैती लाई खान पुगेको थियो। यो कारणले भादगाउँका मानीसले मकै मन न पराउनु स्वाभाविक छ। मकै धान भन्दा निम्न श्रेणीको अन्न हो भन्ने विश्वास अझै छ तथा मकै खायेर जीवन निर्वाह गर्नु दरिद्रताको लक्षण ठानिन्छ।

जगज्योति मल्लको मृत्यु ने० सं० ७५१ आ० १६३१ मा भयो औ इनी पछी इनका छोरा जगत् प्रकाश मल्ल सिंहासनमा बसे। जगत् प्रकाश मल्लको ने० सं ७५२ आ० १६३२ को मोहर पाइयेको कुरा बाट आफु राजा हुने बित्तिकै यसलाई छापी प्रकाश गरेको कुरा चाल पाइन्छ। जगत् प्रकाश मल्ल भादगाउँका सिंहासनमा बसेका समय तिर पाटनमा सिद्धिनरसिंहले स्वतन्त्र राज्य कायम गरे। वहाँ पछी ने० सं० ७६० आ० १६४० ई० तिर आफना पिता लक्ष्मीनरसिंह मल्ललाई कैद गरी प्रताप मल्ल काठमांडुका राजा भये। रत्न मल्लले काठमांडुको स्वतन्त्र राज्य स्थापित गरेका समय देखी भादगाउँ राजनीतिक दृष्टिले शक्तिहीन हुँदै गयेको थियो औ काठमांडुको वशवर्ती जसतो भयेर बसेको थियो। काठ-मांडुमा गृहकलह भै पाटन स्वतन्त्र राज्य भयेको यो अवसरमा जगत्

प्रकाश मल्लले भादगाउँलाई काठमांडुका बन्धन बाट मुक्त गराउन खोज्नु स्वाभाविक थियो। प्रताप मल्ललाई काठमांडु बाट पाटन छुट्रियेका समयमा जगत् प्रकाश मल्लको काठमांडुको विरोध पटक्क मन परेको थियेन र प्रताप मल्लका हृदयमा जगत् प्रकाश मल्ल प्रति घृणाको भाव उत्पन्न भयेको थियो। विद्यामा पनी जगत् प्रकाश मल्ल प्रताप मल्ल भन्दा घटी थियेनन्। यो कारणले गर्दा विद्याका क्षेत्रमा पनी आफुलाई ठुलो ठान्ने प्रताप मल्लका हृदयमा जगत् प्रकाश मल्ल प्रति ईर्षाको भाव थियो। इनै कारणले प्रेरित भयेर प्रताप मल्लले जगत् प्रकाश मल्ललाई अत्यन्त तिरस्कारका दृष्टिले हेर्न लागे। उनले प्रयोग गरेको भक्तग्राम बाट नै भादगाउँ भयेको हो। आफ्नो शिलालेखमा जगत् प्रकाश मल्लको नाम पनी उनले लेखेनन्। प्रताप मल्लका समयमा १६६५ ई० मा काठमांडु जाने जेजुइट पादरी ग्रुबरले नेपालमा दुई राज्य अर्थात् काठमांडु औ पाटन छन् भनी लेखेका छन्। यता बाट प्रताप मल्लले ग्रुबरलाई भादगाउँको अस्तित्व पनी थाहा हुन न दियेका कुराको अनुमान हुन्छ।

आफ्नो ने० सं० ७६९ फाल्गुन १६४९ ई० को हनुमान् ढोका नेरका शिलालेखमा प्रताप मल्लले भादगाउँका सम्बन्धमा गर्वपूर्वक भक्तग्रामका मल्लनृपले हात्ती उनलाई (प्रताप मल्ललाई) चढाये भनी भनेको छ। प्रताप मल्ल राजा भये पछी पाटनका सिद्धिनरसिंह मल्ल सित उनको लडाई परेको थियो। त्यो लडाईमा जगत् प्रकाश मल्लले सिद्धिनरसिंह मल्लको सहायता गरेका थिये। पछी प्रताप मल्ल और सिद्धिनरसिंह मल्लमा मेल भयो औ जगत् प्रकाश मल्ल एकला परे। यही समयमा जगत् प्रकाश मल्लले यौटा हात्ती चढाई प्रताप मल्ल सित आफ्नो धृष्टताका निम्ती क्षमायाचनापूर्वक मेल गरेका कुराको यता बाट अनुमान हुन्छ।

सिद्धिनरसिंह मल्लका मृत्यु पछी १६५७ ई० तिर उनका छोरा श्रीनिवास मल्ल पाटनका राजा भये। ने० सं० ७७८ श्रावण १६५९ ई० मा भादगाउँ तथा पाटन मिलो काठमांडु सित लडाई गरेका कुराको वर्णन वंशावलीमा छ। (राइट-पृष्ठ २४४) यो लडाई पछी प्रताप मल्लले

श्रीनिवास मल्ल सँग मित्रता गरेका कुराको वर्णन वंशावलीमा छ । प्रताप मल्ल तथा श्रीनिवास मल्लको मित्रता भये ताक जगत् प्रकाश मल्ल कसरी श्रीनिवास मल्ल सँग निहुरेका थिये भने उनले लेखेको मलयगन्धिनी नामक यौटा नाटकमा स्वय जगत् प्रकाश मल्लका मुख बाट यसतो कुरा भनाइयेको छ ।

चौखण्ड नृपति तोहर बखन
त्रिभुवन महीपति सम नहा आन ॥
निरमलमति तुअ गाँग जलधर
गल गजराज मति सुन्दर हार
चौसठि कलापर सरूपहि काम
शरदेक शशीमुख बड़ अभिराम

शिरिनिवास भूपति, शरणलेलो जगत्प्रकाश मति । ताइ सुख देला । तर यो साहेब सुहाउँदो कुराको केही लागेन । प्रताप मल्लले श्रीनिवास मल्ललाई आफु तिर मिलाई हाले औ जगत् प्रकाश मल्लले पाटन तथा काठमांडु दुवैको सम्मिलित प्रहार खप्न पर्‍यो । अन्त्यमा जगत् प्रकाश मल्लले हात्ती तथा धन दी उनीहरु सित क्षमायाचना गर्न पर्‍यो ।

जगत् प्रकाश मल्लका छोरा जितामित्र मल्लको इनै ताकको ने० सं० ७८३ आ० १६६३ ई० को यौटा मोहर पाइयेको छ । यो वेला जगत् प्रकाश मल्ल जीवित थिये तथा यसका अनेक वर्ष पछी उनको मृत्यु भयो । यता बाट काठमांडु तथा पाटनका राजाहरु बाट हारे पछी जगत् प्रकाश मल्लले शासनभार आफ्ना छोरा जितामित्र मल्लका हातमा सुपी आफुले एक प्रकारको विरक्त जीवन व्यतीत गरेका कुराको अनुमान हुन्छ । ने० सं० ७६० आ० १६६० ई० मा जगत् प्रकाश मल्लले लेखेको मदनचरित नामक यौटा नाटकको केही वर्णन पाइयेको छ । त्यो नाटक इनका कांछा छोरा उग्र मल्लका उपनयनका समयमा प्रदर्शित गरियेको थियो । तेसमा सूत्रधार तथा नटीको आरम्भिक कथोपकथनमा यसतो भनियेको छ ।

"सूत्रधार—हे प्रिये श्री श्रीजयजगत्प्रकाशमल्लदेवक ज्येष्ठ राजकुमार श्री श्रीजयजितामित्रमल्लदेवक आज्ञा भेल ३ाछे।" यो उक्ति बाट पनी पिताका जीविताावस्थामा नै हैहुकुम जितामित्र मल्लका हातमा भयेको कुरा अनुमान हुन्छ।

कार्यकारी जीवन बाट अवसर ग्रहण गरे पछी जगत् प्रकाश मल्लले आफ्नो समय धार्मिक कार्यमा व्यतीत गरेका कुराको अनुमान हुन्छ। ने० सं० ७८२ आ० १६६२ तिर इनले विमलस्नेह मण्डप बनाये। इनले गरुड भयेको स्तम्भ नारायण चोकका अगाड़ी ने० सं० ७८७ जेठ १६६७ ई० बनाये। काठमांडुका प्रताप मल्लले झैं इनको पनी स्वरचित स्तोत्रहरु आफुले निर्माण गरेका मन्दिरहरुमा अङ्कित गराउने बानी थियो।

उपर्युक्त देवप्रतिमा तथा स्थानहरु बाहेक इनले नाखा छे तथा गोल-क्वाथा नामक दुई वटा दरबार बनायेको कुरा पनी वंशावलीहरुमा भनियेको छ। जगत् प्रकाश मल्लको मृत्यु ने० सं० ७९० आ० १६७० ई० पछी भयेको हो, निश्चित संवत् थाहा छैन।

इनी पछी इनका छोरा जितामित्र मल्ल राजा भये। इनका नामको उल्लेख भयेको ने० सं० ८०२ आ० १६८२ ई० देखी ने० सं० ८१६ आ० १६९६ ई० का लेखहरू पाइयेका छन्। उनको सुमति अर्थात् बुद्धिमान् भन्ने विरुद थियो। प्रताप मल्लका मृत्यु पछी काठमांडु तथा पाटनको राज्यका निम्ती जो झगड़ा भयो तेसमा इनी कतै पट्टी न मिलेको हुनाले इनको शासन शान्तिपूर्ण थियो। यो पृष्ठभूमिमा इनको सुमति विरुदलाई विचार गर्दा तेसको वास्तविकताको कुरो स्पष्ट चाल पाइन्छ।

जितामित्र मल्लको मृत्यु ने० सं० ८१६ आ० १६९६ ई० वा तेसका केही अघी भयेको अनुमान हुन्छ किन भने सोही संवत्को इनका छोरा भूपतीन्द्र मल्लको मोहर प्राप्त छ।

भूपतीन्द्र मल्लको यो मोहर तिब्बतमा घेरै गयेको कुरा बाट भादगाउँ-को तिब्बतमा पहिलो पटक चलेको टक यही हो भन्नु गाहारो छ। तर यो मोहरको तिब्बतमा घेरै प्रचार भयेको थियो। यसलाई वहाँ अंगी रुपा

अर्थात् ६ अङ्क भयेको मोहर भन्थे किन भने यसमा अङ्कित ८१६ संवत्का अन्त्यमा ६ को अङ्क थियो । भूपतीन्द्र मल्लका छोरा रणजित् मल्लले पनी तिब्बतमा अनेक आफ्ना मोहर पठाये । ती मोहर काला हुनाले तिनलाई वहाँ नाग टांग कालो मोहर भन्थे ।

इन ताक नेपाल बाट अर्थात् काठमांडु तथा भादगाउँ बाट जो मोहर तिब्बत गये तिनको चाँदीमा घेरै मिश्रण थियो । १७६८ मा पृथ्वीनारायण शाहले नेपाल जीते पछी उनले फेरी विशुद्ध चाँदीका मोहर छाप्न थाले । तिब्बतमा चलेका न असल चाँदीका मोहरका सट्टामा आफ्नो विशुद्ध चाँदीमा छापियेको मोहर दिन उनी राजी न हुँदा तिब्बत सित उनको मतभेद भयेको थियो । यो सम्बन्धमा उनी लेखापढ़ी गर्दै थिये उनको मृत्यु भै हाल्यो । वहाँ पछी रणबहादुर शाहका पालामा ता यही कारणले तिब्बत तथा नेपाल सित युद्ध पनी पऱ्यो ।

ने० सं० ८०३ जेठ, १६८३ ई० मा इनले दरबार नेर यौटा दुई तले धर्मशाला बनायेका कुराको वर्णन राइटका वंशावलीमा छ । (पृष्ठ १९२-९३) त्यो धर्मशालामा भयेका यौटा शिलालेखको पनी राइटले अनुवाद दियेको छ । तेसमा यौटा कुलोका नाइकेले न्यायपूर्वक कुलोको पानी वितरण न गरेको हुनाले सो वितरण गर्ने नवीन नियमको वर्णन छ । धान छर्ने वेला भये पछी छिमेकका मानीस आई एक दिन कुलो बनाउने काम निशुल्क गर्न पर्थ्यो । वहाँ पछी उनीहरुले कुनै प्रकारको चिनो पाउँथे औ सो देखाये पछी कुलोको पानी आफ्ना खेतमा लै जान उनीहरु पाउँथे । यो चिनो देखाउन न सक्ने मानीसलाई तीन दाम जरिमाना हुन्थ्यो । पानी वितरण गर्दा मानीसका दर्जाको विचार न गरी समान रूपले पालै सित वितरण गर्न पर्थ्यो । यसो न गरेका खण्डमा कुलोका नाइकेलाई ६ मोहर जरिमाना गर्ने व्यवस्था थियो । माथी वर्णन गरियेका व्यवस्थामा मानीसलाई समान रूपले पानी वितरण गर्ने जो व्यवस्था छ सो महत्वपूर्ण छ । तीन दाम तथा छ मोहरका जरिमानाका व्यवस्थाको कुरा समसामयिक आर्थिक अवस्थाको ज्ञान न भै राम्ररी बुझिदैंन तर अहिलेका

आर्थिक स्थितिमा यो जरिमाना थोरै देखिये ता पनी उन ताक यसको मूल्य निकै हुनु स्वाभाविक छ ।

जितामित्र मल्लको मृत्यु १६९६ ई० का केही अघी भयेको बुझिन्छ । किन भने ने० सं० ८१६ आ० १६९६ को इनका छोरा तथा उत्तराधिकारी भूपतीन्द्र मल्लको मोहर पाइयेको छ । भूपतीन्द्र मल्ल गृहनिर्माण गर्न बडो मन पराउँथे भादगाउँको ५५ झयाल भयेको दरबार इनैले बनायेको हो । तेसका यौटा झयालमा इनले काँच लायेका कुराको जो वर्णन वंशावलीमा छ तेता बाट काँचको नेपालमा सर्वप्रथम प्रयोग यही वेला भयेका कुराको अनुमान हुन्छ भादगाउँको प्रसिद्ध पाँच तले देवल पनी इनैले बनायेको हो । इनले अरु अनेक मन्दिरहरु निर्माण गरेका कुराको वर्णन वंशावलीमा छ ।

ने० सं० ८४१ फाल्गुन १७२१ मा इनले वछला (वत्सला) देवीमा घण्ट चढाये । यो पछी शीघ्र कुनै समयमा इनको मृत्यु भयेका कुराको अनुमान हुन्छ किन भने ने० सं० ८४२ आ० १७२२ का इनका छोरा रणजित् मल्लका अनेक प्रकारका मुद्रा पाइयेका छन् । उनका प्राप्त मुद्राहरु मध्ये सुका बड़ो महत्वपूर्ण छ । तेसमा एक पट्टी श्री श्री जय रणजित् मल्लदेव लेखियेको छ तथा अर्को पट्टी वैशाख १५ संवत् ८४२ लेखियेको छ । यो सुकामा अङ्कित तिथको अभिप्राय के होला भनी विचार गर्दा यो तिथि उनको राज्याभिषेक वा उनी सिंहासनारूढ़ भएको दिन होला भन्ने अनुमान हुन्छ । मल्ल राजाहरुका तथा शाहहरुका समयमा पनी कुनै विशेष घटना वा अवसरको चिह्न स्वरूप सुका अङ्कित गरी वितरण गर्ने चलन भयेको बुझिन्छ । यही चलन बमोजिम आफ्नो राज्याभिषेकका अवसरमा रणजित् मल्लको तिथि अङ्कित सुका वितरणार्थ प्रचार गरियेको भये आश्चर्यको कुरा हुने छैन । रणजित् मल्लको राज्याभिषेक भयेको वा उनी सिंहासनारूढ़ भयेको तिथि निश्चित रूपले निर्णय न भये सम्म यो अनुमानका विषयमा अरु विशेष कुरा भनी रहन पर्ने आवश्यकता छैन ।

रणजित् मल्ल भादगाउँका अन्तिम शासक थिये तथा इनको शासनकाल पनी निकै लामो थियो। ने० सं० ८४२ आ १७२२ ई० देखी १७६८ सम्म इनले ४६ वर्ष राज्य गरे। पृथ्वीनारायण शाहको नेपाल-विजयको कार्य १७४२ देखी आरम्भ भयेको थियो तर इनको पृथ्वी-नारायण शाह संग एक प्रकारको मित्रता भयेको हुनाले तथा काठमांडु औ पाटन प्रति नै विशेष रूपले पृथ्वीनारायण शाह आकृष्ट भयेका हुनाले पृथ्वीनारायण शाह सितका युद्धमा रणजित् मल्लले विशेष भाग लियेनन्। आफुलाई मुख न पारी जोगाई राख्ने चेष्टा इनको थियो। वंशावलीहरुमा पृथ्वीनारायण शाह तथा रणजित् मल्लका उत्तराधिकारी पुत्र वीरनरसिंह मल्लले बाल्यावस्थामा मीत लायेका कुराको वर्णन छ। यो सम्बन्ध भयेको हुनाले पनी उनले पृथ्वीनारायण शाह सित सोझै शत्रुता न गर्नु सम्भव छ। यसै कारणले पृथ्वीनारायण शाहको नेपाल अभियानको लामो अवधि भरी उनले उनलाई कि ता सहायता गरे कि सहायता गर्न सम्भव न भयेका वेलामा उनी चुप लागी बसे। पृथ्वीनारायण शाहले पनी काठमांडु तथा पाटन जितेका ८ महिना पछी मात्र भादगाउँ माथी आक्रमण गरे। काठमांडुका राजा जयप्रकाश मल्ल तथा पाटनका राजा तेजनरसिंह मल्ल भादगाउँ गै वहाँ रणजित् मल्लको आश्रय ली बसेका थिये। भादगाउँ-लाई हराये पछी पनी पृथ्वीनारायण शाहको रणजित् मल्ल प्रति सद्भाव भयेको कुरा नै वंशावलीका वर्णन बाट बुझिन्छ। रणजित् मल्लले काशी-वास गर्ने इच्छा प्रकट गरेको हुनाले उनलाई पृथ्वीनारायण शाहले काशी जाने आज्ञा दियेका थिये। काशीमा नै उनको मृत्यु भयो।

यो अध्याय समाप्त गर्नु भन्दा अघी विभाजित नेपालका राजनीतिमा भादगाउँको कसतो तुच्छ नीति थियो तेसको पनी अलीकता यहाँ विचार गर्नु उचित छ। आ० १४८२ ई० मा विभाजित भयेका समय देखी आ० १६३१ सम्म अर्थात् जगत् प्रकाश मल्ल भादगाउँका सिंहा-सनमा बसे सम्म भादगाउँलाई काठमांडुले मिचेर राखेको थियो तथा काठमांडुका विरुद्ध उठ्ने भादगाउँको साहस थियेन। यो स्थितिका विरुद्ध

कार्य गरी भादगाउँलाई काठमांडुका प्रभाव देखी मुक्त पार्ने चेष्टा सर्व प्रथम जगत् प्रकाश मल्लले गरे तर पाटनका सिद्धि नरसिंह मल्लका छोरा श्रीनिवास मल्लले काठमांडु संग मिल्ने नीति लियेको हुनाले उनी आफ्नो प्रयासमा विफल भये। जगत् प्रकाश मल्लका उत्तराधिकारी जितामित्र मल्लको विरुद "सुमति" विचारणीय छ। काठमांडुका दृष्टिले उनी सुमति अयश्य थिये किन भने उनले भादगाउँको स्वतन्त्रता वा आत्मसम्मानका रक्षाका निम्ती जगत् प्रकाश मल्लले झैं लडाईं गर्ने नीति लिने साहस गरेनन्। जितामित्र मल्लको सुमति उपाधि काठमांडु बाट प्राप्त भयेको भये आश्चर्यको कुरो हुने छैन। अन्त्यमा पृथ्वीनारायणशाह सँग मित्रता कायम गरी आफुलाइ सुदृढ पार्न भादगाउँलाई कर लाग्यो। यसले गर्दा पृथ्वीनारायण शाहले काठमांडुका विरुद्ध गरेका लामो युद्धमा भादगाउँले सहायता गरेन तथा पाटनको रक्षा गर्न पनी उ अघी सरेन। अन्त्यमा भादगाउँ पनी विजेतालाई सुंपेर भंने झैं गरी रणजित् मल्लले काशीवास गर्न जान पर्‍यो।

एकादश अध्याय

काठमांडुका इतिहासको कालनिर्णय

भाषा वंशावलीहरुमा भयेका वंशावलीहरु बाहेक काठमांडुका प्रसिद्ध राजा प्रताप मल्ल तथा उनका पौत्र पार्थिवेन्द्र मल्लका चार शिलालेखहरुमा उनीहरूले आफ्नो वंशावली लेखेका छन्। ती शिलालेखहरुको विवरण तल दिइन्छ।

१ तलेजु मन्दिरको ने० सं० ज्येष्ठ ७६२ १६४३ ई० को प्रताप मल्लको शिलालेख। (सं० सं० वर्ष १—संख्या २)

२ हनुमान् ढोकाको ने० सं० फाल्गुन ७६९ १६४९ ई० को प्रताप मल्लको शिलालेख (भगवान्लाल इन्द्रजी—संख्या १८ तथा सं० सं— वर्ष १—संख्या ३)

३ पशुपतिनाथको ने० सं० माघ ७७७ १६५७ ई० को प्रताप मल्लको शिलालेख। भगवान्लाल इन्द्रजी—संख्या १९)

४ पशुपतिको पार्थिवेन्द्र मल्लको ने० सं० मार्गशीर्ष ७९९ १६७९ को शिलालेख (सं० सं० वर्ष १—संख्या १०--१२)

उपर्युक्त शिलालेखहरुमा रत्न मल्ल तथा उनी पछी हुने राजाहरुको नाम तलका तालिका बमोजिम लेखियेको छ।

	१	२	३	४
१	रत्न मल्ल	रत्न मल्ल	रत्न मल्ल	रत्न मल्ल
२	सूर्य मल्ल	सूर्य मल्ल	सूर्य मल्ल	—
३	अमर मल्ल	अमर मल्ल	नरेन्द्र मल्ल	अमर मल्ल
४	महेन्द्र मल्ल	महेन्द्र मल्ल	महीन्द्र मल्ल	महेन्द्र
५	शिव सिंह	शिव सिंह	शिव सिंह	शिव सिंह मल्ल
६	हरिहर सिंह	हरिहर सिंह	हरिहर सिंह	हरिहर सिंह
७	लक्ष्मी नृसिंह	लक्ष्मी नृसिंह	लक्ष्मी नरसिंह	लक्ष्मी नृसिंह
८	प्रताप मल्ल	प्रताप मल्ल	प्रताप मल्ल	प्रताप मल्ल
९				नृपेन्द्र मल्ल
१०				पार्थिवेन्द्र मल्ल

प्रताप मल्लले आफ्ना तीन शिलालेखहरुमा आफ्ना पूर्व पुरुषहरूको जो नाम लेखेका छन् तिनमा केवल यौटा संशयात्मक बिषय छ। आफ्नो १६५७ ई०को पशुपतिका शिलालेखमा उनले सूर्य मल्ल पछी नरेन्द्र मल्लको नाम लेखेका छन् तर वंशावली भयेका आफ्ना अरु दुई शिलालेखमा भने सूर्य मल्ल पछी अमर मल्ल लेखेका छन्। रत्न मल्ल पछी तृतीय स्थानमा प्रताप मल्लका तीन शिलालेखहरु मध्ये दुई वटामा अमर मल्लको नाम छ तथा तृतीय शिलालेखमा मात्र नरेन्द्र मल्लको नाम छ औ द्वितीय तथा चतुर्थ नाममा पनी केही विभिन्नता न देखियेको हुनाले अमर मल्लको अर्को नाम नरेन्द्र मल्ल पनी रहेछ भन्ने अनुमान हुन्छ।[१]

तर यो भन्दा पनी बढता अपठ्यारो १६७९ ई० को पार्थिवेन्द्र मल्लको शिलालेखले उपस्थित गर्छ। तेसमा रत्न मल्लका छोरा अमर मल्ल भनी लेखियेको छ तथा अरु शिलालेखहरुमा रत्न मल्लका छोरा भनी वर्णन

१. विशाल गोर्खाका केही प्रसिद्ध राजाहरुका लेखक श्री ललित जंग सिजापतिका मतमा अमर मल्ल तथा नरेन्द्र मल्ल यौटै व्यक्तिका नाम हुन् भन्ने छ। पृष्ठ २४

गरियेका सूर्य मल्लका नामको पनी उल्लेख गरियेको छैन। पार्थिवेन्द्र मल्लले आफैंले रचना गरेको वंशावलीमा सूर्य मल्लको नाम अङ्कित न हुनु वडो आश्चर्यको कुरा छ। तर यो विषयमा अरु केही प्रमाण उपलब्ध न भयेको हुनाले हाल केही भन्न सकियेन।

भाषा वंशावलीहरुमा महेन्द्र मल्ल[1] पछी उनका जेठा छोरा सदाशिव मल्ल राजा भयेको तथा उनी राज्यचुत भये पछी उनका भाई शिव सिंह राजा भयेको कुरा लेखियेको छ। तर माथी उद्धृत गरियेका जम्मै वंशावलीहरुमा सदाशिव मल्लको नाम लेखियेको छैन। राज्यच्युत भयेका राजाको नाम वंशावलीमा न लेख्ने प्राचीन समयको चलन अनुसार यसो गरेको होला। उस माथी पनी शिव सिंहका उत्तराधिकारी इनैका छोरा हुनाले पनी सदाशिव मल्लको नाम लेख्ने आवश्यकता नै परेन।

पार्थिवेन्द्र मल्ल भन्दा पछी हुने राजाहरुको नाम तथा समयको निर्णय पछी गरिने छ।

ने० सं० आषाढ़ ६३२ १५१२ ई० को काठमांडुको मरु सत्तलमा भयेको यौटा सुवर्णपत्रमा श्रीमन्नेपालाधिराजेश्वर श्री जयरत्नमल्ल देवस्य विजयराज्ये भनी लेखियेको हुनाले १५१२ ई० सम्म ता नेपालमा रत्न मल्लले राज्य गरेको कुरा प्रमाणित हुन्छ (सं० स० वर्ष १—अंक ६)। वंशावलीहरुमा इनी सम्बन्धी दुई वटा अरु मिति पाइन्छन्। मरु सत्तलमा पाइयेको मिति भन्दा ती पहिलेका मिति हुनाले तथा अरु दृष्टिले विचार गर्दा पनी ती शुद्ध भयेको अनुमान हुन्छ। वंशावलीहरुमा रत्न मल्लले नुवाकोटका ठकुरीहरुलाई जीतेको ने० स० ६११ आ० १४९१ ई० हो भनी लेखियेको छ तथा उनले तुलजाको मन्दिर स्थापना गरेको ने० सं० माघ ६२१ १५०२ ई० मा हो भनेको छ। वंशावलीका वर्णन अनुसार १४९१ ई० भन्दा अघी नै रत्न मल्ल काठमांडुका राजा भै सकैको कुरा बुझिन्छ।

---

१. प्रताप मल्लको यौटा शिलालेखमा मात्र इनको नाम महीन्द्र लेखियेको छ नत्र अरु सबै ठाउँ महेन्द्र छ। यहाँ यही नाम लेखियो।

रत्नमल्लका उत्तराधिकारी सूर्य मल्लका विषयमा कुनै प्रामाणिक तिथि अङ्क पाइयेको छैन ।

सूर्य मल्लका पुत्र अमर मल्ल वा नरेन्द्र मल्लका समयका भने मितिहरु पाइयेका छैनन् । ने० सं० श्रावण ६७१ १५५२ ई० को उनका समयमा लेखियेको यौटा ग्रन्थको उल्लेख बेंडलले गरेको छ । तेता बाट १५५२ ई० मा उनी राजा भयेको कुरा निश्चित रूपले प्रमाणित हुन्छ । श्री ललित जंग सिजापतिले ने० सं० ६४९ आ० १५२९ ई० देखी ने० सं० ६८० आ० १५६० ई० सम्मका इनका शिलालेख पाइयेका छन् भनी लेखेको छ । गीताभाष्य नामक यौटा अर्को पुस्तकमा इनको उल्लेख पाइयेको छ । तेसमा अमर मल्लका मन्त्री मुकुन्द शर्मा पाठकका आज्ञाले यसलाई सारेको भनी लेखियेको छ तथा लक्ष्मण सेन संवत् अङ्कित छ । १११९-२० ई० देखी लक्ष्मण सेन संवत् स्थापित भयेको हो भन्ने घेरै विद्वान्हरुको मत छ । यता बाट १५५४ ई० तिर यो पुस्तक लेखियेको प्रमाणित हुन्छ । यो मिति श्री सिजापतिले निर्णय गरेको अमर मल्लको राज्यकाल भीत्र पर्ने हुनाले यसलाई सन्देह गर्न पर्ने कारण देखिदैन ।

अमर मल्ल वा नरेन्द्र मल्ल पछी उनका छोरा महेन्द्र मल्ल राजा भये । इनको उल्लेख भयेको ने० सं० श्रावण ६८६ १५६६ ई० को यौटा पुस्तकको बेंडलले उल्लेख गरेको छ । वंशावलीहरुमा ने० सं० माघ ६८४ ५६४ ई० मा इनले तलेजुको प्रतिष्ठा गरे भनी लेखियेको छ । अमर मल्लको ने० सं० ६८० सम्मका शिलालेख पाइन्छन् भने महेन्द्र मल्लको निश्चित मिति ६८४ मा केवल ४ वर्षको अन्तर रहन्छ ।

महेन्द्र मल्ल पछी इनका छोरा सदाशिव राजा भये । इनी सित सम्बन्ध राख्ने यौटा निश्चित तिथिको बेंडलले उल्लेख गरेको छ । त्यो ने० सं० ६९६ आ० १५७५-७६ ई० हो । इनका समयमा निर्माण भयेको पाटनको महाबौद्धका मन्दिरको निर्माण मिति १५८५ ई० आ० ७०५ ने० सं० हो । (ओल्डफील्ड—भाग २ पृष्ठ २६९)

सदाशिव मल्ल पछी उनका भाई शिव सिंह राजा भये । इनका अनेक

लेखहरु पाइयेका छन्। इनको ने० सं० माघ ७१४ १५९४ ई० तथा ने० सं० वैशाख ७१५ १५९५ ई० का स्वयम्भूनाथमा भयेका शिला-लेखका नकल संस्कृत सन्देशमा छापियेका छन्। (भाग २—अङ्क ४-६)

इनको लगन टोल नारायणका मन्दिर नेर भयेको १६०० ई० को (ने० सं० आ० ७२०) यौटा शिलालेखको उल्लेख बेंडलले गेरका छन्। श्रीब्रह्म संसेरले शिव सिहले पाटनमा वि० सं० १६९२ मा (ने० सं० ७५५ तथा १६३५ ई०) बनायेका देगुतलेको उल्लेख गरेको छ। यो मिति धेरै पछीको हुनाले यसका सम्बन्धमा केही निश्चित मन्तव्य व्यक्त गर्न गाहारो पऱ्यो।

शिव सिंह पछी उनका छोरा लक्ष्मी नरसिंह राजा भये। राजा भये पछी इनले आफ्ना नामको मोहर पनी छापे तर त्यो मोहरमा कुनै मिति न भयेको हुनाले तेसले इनको समय निर्णय गर्न के ही सहायता गर्दैन। मखन टोलमा भयेको इनको ने० सं० आषाढ ७६१ १६४१ ई० को नेपाली भाषामा लेखियेका शिलालेखको नकल छापियेको छ। (इतिहास-प्रकाश-भाग १-पृष्ठ ६१) तथा सोही साल ने० सं० ७६१ को इनका छोरा प्रताप मल्लको प्रथम मोहर पनी पाइयेको छ। यस बाट लक्ष्मी नरसिंह मल्लको शासन ने० सं० ७६१ १६४१ ई० मा विधिपूर्वक अन्त्य भयेको बुझिन्छ यद्यपि यौटा शिलालेखमा ने० सं० ७६० आ० १६४० मा प्रताप मल्ल राजा भै सकेको उल्लेख पाइन्छ।

प्रताप मल्लका शासनकालका मोहर, पुस्तक, शिलालेख आदि अनेक प्रामाणिक लेखहरु पाइयेका छन् तथा तिन बाट उनको शासन निकै लामो भयेका कुराको अनुमान हुन्छ। ने० सं० ७८९ आ० १६६९ ई० मा लेखियेको पूजा कल्पलता नामक पुस्तकमा (सूची—भाग २—पृष्ठ १९६) प्रताप मल्लको शासनलाई स्थिरतर भनेका कुरा बाट प्रताप मल्ल वृद्ध भै सकेका भये ता पनी भित्री दुर्बलता वा बाहिरी भय देखी उनको शासन मुक्त भयेका कुराको अनुमान हुन्छ। यसै सालको उनका छोरा चक्रवर्तीन्द्र मल्लको नाम अंकित भयेको यौटा मोहर पाइन्छ

तर त्यो पिताका आज्ञाले छोराका नाममा छापियेको टक मात्र हो तथा तेस बाट उनी स्वतन्त्र राजा भयेको कुरा बुझिदैन। वंशावलीमा प्रताप मल्ल पछी हुने राजाको नाम नृपेन्द्र मल्ल छ तथा इनको ने० सं० ७९५ आ० १६७५ को स्वनामाङ्कित मोहर पाइयेको छ तथा यो मोहर पिताका मृत्यु पछी उनी स्वतन्त्र राजा भये पछी छापियेको हो। यता बाट प्रताप मल्लको मृत्यु ने० सं० ७९४ आ० १६७४ ई० मा भयेको हो भन्ने कुराको अनुमान हुन्छ तथा यो अनुमान कुनै कुनै वंशावलीका लेख द्वारा समर्थन पनी प्राप्त गर्छ।

राइटले प्रताप मल्लको मृत्यु ने० सं० ८०९ १६८९ मा भयो भनी लेखेको छ। (पृष्ठ—२२१) म संग भयेको यौटा वंशावलीमा उनको मृत्यु ने० सं० ७९७ आ० १६७७ मा भयो भनी लेखियेको छ। ई दुवै मितिमा भ्रम भयेकौ यौटा कारण छ। वंशावलीहरुमा प्रताप मल्लले आफ्ना जीवितावस्थामा नै आफ्ना छोराहरुलाई पालै सित राजा तुल्याई उनीहरुका नाममा टक छापे भन्ने कथन छ। सोही कथनका आधारमा प्रताप मल्लको मृत्यु पछी हुने नृपेन्द्र मल्ल तथा पार्थिवेन्द्र मल्लको राज्यकाललाई पनी वंशावलीकारहरुले प्रताप मल्लको राज्यकाल बुझेका कुराको अनुमान हुन्छ। राइटको ने० सं० ८०९ पार्थिवेन्द्र मल्लको मृत्युवर्ष बुझिन्छ औ म संग भयेका वंशावलीको ने० सं० ७९७ नृपेन्द्र मल्लको मृत्युवर्ष हो कि भने झैं लाग्छ। यसले गर्दा समयको मात्र फरक परेन किन्तु राइटका वंशा-वलीमा ता नृपेन्द्र मल्ल तथा पार्थिवेन्द्र मल्लका शासनको वर्णन पनी छैन।

प्रताप मल्ल पछी उनका छोरा नृपेन्द्र मल्ल राजा भये। इनको ने० सं० ७९५ आ० १६७५ ई० को मोहर पाइयेको छ। नृपेन्द्र मल्लका पालाको ने० सं० मंगसिर ७९८ १६७८ ई० को यौटा शिलालेखको नकल पनी छापियेको छ। सं० सं० वर्ष २—अङ्क ४-६) नृपेन्द्र मल्लको शासन अल्प काल मात्र भयेको बुझिन्छ। सम्भवतः नेपाल संवत्‌को अष्टम शताब्दिका अन्त्य सम्म मात्र इनले शासन गरे। इनका भाई पार्थिवेन्द्र मल्लको ने० सं० ८०० आ० १६८० ई० को मोहर पाइयेको छ।

पार्थिवेन्द्र मल्लले पनी धेरै राज्य गरेको बुझिंदैन किन भने ने० सं० ८१२ आ० १६९२ ई० को इनका छोरा भूपालेन्द्र मल्लको मोहर पाइन्छ। यता बाट यो समय भन्दा अघी नै पार्थिवेन्द्र मल्लको मृत्यु भयेको बुझिन्छ। पार्थिवेन्द्र मल्लको मृत्यु कहिले भयो तेसको निश्चित उल्लेख वंशावलीहरुमा छैन तथा अरु प्रमाण पनी प्राप्त छैनन्। राइटले प्रताप मल्लको मृत्युवर्ष भनी लेखेको ने० सं० ८०९ आ० १६८९ ई० मा नै इनको मृत्यु भयेको हो कि भन्ने यौटा अडकल हुन्छ।

पार्थिवेन्द्र मल्लका छोरा भूपालेन्द्र मल्लको उल्लेख भयेको उनकी आमा ऋद्धि लक्ष्मी देवीको ने० सं० कार्तिक ८१०, २० ओक्टोबर १६८९ को यौटा शिलालेख पाइयेको छ। (भगवान्‌लाल इन्द्रजी—संख्या २०) तेस बाट १६९० ई० मा भूपालेन्द्र मल्ल महाराजाधिराज भयेको कुरा प्रमाणित हुन्छ। नेपालका समसामयिक तीन राजाको नाम अङ्कित भयेको पाटन मूल चोकमा भये को ने० सं० ८१८ आ० १६९८ ई० को यौटा ताम्रपत्रको नकल छापियेको छ (सं० सं०—वर्ष १—अङ्क १०-१२) तेसमा भूपालेन्द्र मल्लको पनी नाम अङ्कित भयेको हुनाले १६९८ ई० सम्म इनी काठमाण्डुका राजा भयेको कुरा प्रमाणित हुन्छ। यसका केही पछी इनको देहान्त भयेको बुझिन्छ। निश्चित मिति चाल पाइयेको छैन तर ने० सं० ८१८ आ० १६९८ ई० लाई नै इनको मृत्युवर्ष मानेका खण्डमा विशेष बाधा न पर्ला भने जसतो लाग्छ। सुकी द्वारा राजप्रसाद मात्र प्रायः बुझिने भये ता पनी इनका छोरा भास्कर मल्लको नामाङ्कित सुकी ने० सं० ८१८ आ० १६९८ ई० को पाइयेको छ।

भास्कर मल्लको राज्यकाल निकै लामो थियो तथा इनी पाटनका समेत राजा भयेका थिये। पाटनका राजा भये पछी इनले महीन्द्रसिंह नाम धारण गरेका थिये। इनको मृत्यु ने० सं० ८४२ आ० १७२२ ई० मा भयेको हो। तेही सालको इनका उत्तराधिकारी जगज्जय मल्लको नामाङ्कित मोहर पनी पाइयेको छ।

जगज्जमल्लको मृत्यु ने० सं० ८५४ आ० १७३४ तिर भयेको

बुझिन्छ किन भने ने० सं० ८५६ आ० १७३६ ई० को प्रकाश मल्लको मोहर पाइन्छ । प्रकाश मल्ल काठमांडुका अन्तिम राजा हुन् तथा १७६८ ई० मा इनी पृथ्वीनारायण शाह द्वारा पराजित भये ।

तेरिज

१	रत्न मल्ल	ने० सं० ६११ आ० १४९१ ई० ने० सं० ६२१ आ० १५०१ ई० ने० सं० ६३२ आ० १५१२
२	सूर्य मल्ल	
३	अमर मल्ल वा नरेन्द्र मल्ल	ने० सं० ६७१ १५५२ ई०
४	महेन्द्र मल्ल	ने० सं० ६८६ १५६७ ई०
५	सदाशिव मल्ल	ने० सं० ६९६ १५७५-७६ ई० १५८५ ई०
६	शिव सिंह	ने० सं० ७१४ १५९६ ने० सं० ७१५ १५९७ ई० ने० सं० आ० ७२० १६०० ई०
७	लक्ष्मी नरसिंह	ने० सं० ७६१ आ० १६४२ ई०
८	प्रताप मल्ल	ने० सं० ७६१ १६४२ ई० देखी ने० सं० आ० ७९५ आ० १६७५ ई०
९	नृपेन्द्र मल्ल	ने० सं० ७९५ आ० १६७५ देखी ने० सं० आ० ८०० आ० १६८० ई०
१०	पार्थिवेन्द्र मल्ल	ने० सं० आ० ८०० आ० १६८० ई० देखी ने० सं० आ० ८१८ आ० १६९८ ई०
११	भास्कर मल्ल	ने० सं० आ० ८१८ आ० १६९८ ई० देखी ने० सं० ८४२ आ० १७२२ ई०
१२	जगज्जय मल्ल	ने० सं० ८४२ आ० १७२२ देखी ने० सं० ८५६ आ० १७३६ ई०
१३	प्रकाश मल्ल	ने० सं० ८५६ आ० १७३६ ई० देखी ने० सं० ८८८ १७६८ ई०

द्वादश अध्याय

रत्नमल्ल देखी लक्ष्मी नरसिंह मल्ल सम्म

ने० सं० ६०२ १४८२ ई० मा यक्ष मल्लको मृत्यु हुँदा भारत वर्षमा बलियो केन्द्रीय शासनको नितान्त अभाव थियो। १३९८ ई० मा भयेको तैमुर लंगका आक्रमणको परिणाम स्वरूप भारतीय राजनीतिमा उत्पन्न भयेको रिक्तता अझ विद्यमान थियो। नाम मात्रका सैयद सुल्तानहरुको अयोग्य शासन द्वारा कुनै प्रकारको राजनीतिक स्थिरता आउन सकेको थियेन। समस्त देश साना साना स्वतन्त्र राज्यमा विभाजित थियो औ विभाजन नै तात्कालिक भारतीय राजनीतिक जीवनको मूल तत्व भयेको थियो। नेपालमा यक्ष मल्लको मृत्यु हुँदा अन्तिम सैयद सुल्तान-लाई धपाई बहलोल लोदी दिल्लीका सिंहासनमा बसेका थिये। इनी जौनपुरको स्वतन्त्र राज्य आफ्ना अधीन गराउन समर्थ भयेका भये ता पनी साम्राज्यको राजधानीका श्रेणीबाट च्युत भै दिल्ली यौटा सानो राज्यको राजधानीका रूपमा परिणत भयेको थियो।

नेपालमा इनै ताक मल्लहरुको राज्य पनी तीन राज्यमा विभाजित भयेको हो। मल्ल राज्यको यो विभाजन दाज्युभाईका पारस्परिक झगरा-को परिणाम थियो। पिताको जेठो छोरो उसको उत्तराधिकारी मानिई राजा हुने जो चलन मल्लहरुमा चलेको थियो तेसको यक्ष मल्लका छोरा-हरुले इतिश्री गरी दिये र नेपालको यौटा राज्य तीन स्वतन्त्र राज्यमा परिणत भयो।

सप्तम देखी नवम शताब्दि सम्म नेपालका इतिहासमा समय समयमा सामन्तहरु शक्तिशाली भै राजालाई आफ्ना हातको खेलाउना तुल्यायेका कुराको प्रमाण पाइये ता पनी विभाजनको प्रमाण पाइयेको छैन। सामन्त-

हरुले मूल राजवंशलाई धपाई आफ्नो शासन कायम गरेका कुरा पनी विभाजन होइन। हाम्रो इतिहासको समयमा अर्थात् नवम शताब्दिका अन्तिम भाग देखी यसो समय समयमा दुई तीन राजाको संयुक्त शासन भयेका कुराको अनेक प्रमाण पाइयेको छन्। एघारौं शताब्दिका आरम्भमा निर्भय तथा रुद्रदेवको, वहाँ पछी भोजदेव, रुद्रदेव तथा लक्ष्मी कामदेव प्रथमको केही कालका निम्तो संयुक्त शासन स्थापित भयेका थिये तर अल्प कालमा नै ती शासनको अन्त्य भयो। उसै गरी चौदहौं शताब्दिका अन्त्यमा स्थिति मल्लका छोराहरुको संयुक्त शासन स्थापित भयेको थियो तर त्यो पनी थोरै समयमा नै समाप्त भयो। तर पन्द्रहौं शताब्दिको यो विभाजन वास्तविक राज्यविभाजन थियो औ यसले नेपालको यौटा राज्य तीन राज्यमा परिणत भयो।

/ यक्ष मल्लको मृत्यु पछी भारदारहरुका अनुमतिले उनका जेठा छोरा राय मल्ल भादगाउँका सिंहासनमा बसे। इनका माहिला भाई रत्न मल्ल पिताका जीवितावस्थामा नै यौटा दल द्वारा यक्ष मल्लका उत्तराधिकारी पदका निमित्त समर्थित भयेका थिये। आफ्ना दाज्युका अधीनमा बस्न उनलाई मन परेन र उनी दाज्यु राय मल्ल राजा भये पछी पाटन गै बसे। पाटनमा आफ्नो एक प्रकारको स्वतन्त्र शासन कायम गरी उनी काठमांडुको गतिविधिको अध्ययन गर्न लागे। काठमांडुमा त्यो वेला एक प्रकारको अराजकता स्थापित भयेको थियो। वंशावलीका कथनानुसार इनले एक सामन्तलाई आफ्ना अनुकूल तुल्याये तथा उसैका सहायताले अरु सामन्तहरुलाई भोजमा डाकी उनीहरुको खाने कुरोमा विष हाली उनीहरुलाई मारी इनी आफु राजा भये।

रत्न मल्लले काठमांडुमा स्वतन्त्र राज्य स्थापित गरेको निश्चित वर्ष कुन हो सो अझ थाहा पाइयेको छैन। इनका समयको जानियेको निश्चित तिथि ने० सं० आषाढ ६३२ १५१३ ई० छ। तेसमा नेपालाधिराजेश्वर श्री श्री जयरत्न मल्ल देवस्य राज्ये" भनी लेखियेको हुनाले १५१३ ई० भन्दा अघी नै काठमांडुमा इनले आफ्नो राजत्व स्थापित गरेको कुरा

प्रमाणित हुन्छ। तर वंशावलीका प्रमाण बाट भने यो समय भन्दा धेरै अघी उनी काठमांडुका राजा भयेका कुराको अनुमान हुन्छ।

वंशावलीहरुमा ने० सं० ६११ आ० १४९१ ई० मा इनले नुवाकोटका ठकुरी राजा माथी आक्रमण गरी उनलाई युद्धमा हराई नुवाकोटको फलफुल ल्याई पशुपतिलाई चढाये भनी भनेको छ। नुवाकोट माथी इनले निश्चय काठमांडुमा आफ्नो प्रभुत्व स्थापित गरे पछी आक्रमण गरेको हो। वंशावलीहरुमा ने० सं० ६२१ आ० १५०१ ई० मा काठमांडुमा इनले तुलजाको ठुलो मन्दिर बनायेका कुराको पनी वर्णन छ। नेपालका वंशावलीमा रूपक झैं सबै कुरा धार्मिक कथाका रूपमा वर्णन गरियेका छन्। तुलजा तथा उनको गुप्त मन्त्रको ज्ञान नेपालमा राजत्वको प्रधान चिह्न मानियेका छन्। बाबु मर्दा आफ्नो उत्तराधिकारी जेठो छोरोलाई तुलजाको मन्त्र सुनायेर जाने चलन भयेका कुराको वंशावलीका वर्णन द्वारा अनुमान हुन्छ। यक्ष मल्ल मर्दा गुरुपुरोहित तथा भारदारहरुका छलले रत्न मल्लले यो मन्त्र पिता बाट सुनेको कुरा वंशावलीमा छ। पिताका मृत्यु पछी इनी पाटन जाँदा तुलजाको ढाल तरवार लियेर गयेका कुराको वर्णन पनी वंशावलीमा छ। यो कारणाले आ० १५०१ ई० मा रत्नमल्लले काठमांडुमा तुलजाको मन्दिर बनायेको कुरा बाट ता उनी त्यो वेला काठमांडुको स्वतन्त्र राजा भै सकेको बुझिन्छ।

काठमांडुमा आफ्नो शासन स्थिर भये पछी रत्न मल्लले सिंहको आकार भयेको तामाको पैसा चलाये तथा त्यो पैसाको समस्त नेपालमा प्रचलन भयो। पैसा बनाउन रत्न मल्ललाई तामाको अभाव निश्चय थियेन किन भने नजीकको चितलाङमा तामाको खानी थियो। उनले रोजेको सिंहको आकार नेपालले स्वीकार गरेको प्राचीन चिह्न भयेको प्रतीत हुन्छ। इनी भन्दा साढे तीन सये वर्ष भन्दा अघी राजा हुने शिवदेव वा सदाशिवदेवले सिंहको प्रतिमा भयेको सुकी चलायेको कुरा अघी वर्णन गरी सकियेको छ।

इनका राज्यकालमा कुकु नामक भोटेहरुले आई धेरै दुःख दिये

भनी वंशावलीहरुमा लेखियेको छ। ई भोटेहरु उत्तर बाट आई नुवाकोटमा बसेका होलान् तथा इनले त्यहां अनेक प्रकारले प्रजालाई दुःख दिन थाले होलान्। इनी सित लडाइँ गरी इनलाई आफ्ना वशमा ल्याउने शक्ति एकलै रत्न मल्लको भयेन किन भने गृहकलहले गर्दा काठमांडु चटक्क छोडेर जानु पनी उचित थियेन। यो कारणले नेपालका पाँच जना मैथिल ब्राह्मण गै आफ्ना शिष्य पाल्पाका सेन राजालाई सहायतार्थ डाकी ल्याये भनी वंशावलीमा भनियेको छ। यता बाट रत्न मल्लले आगन्तुक शत्रुको दमन गर्न पाल्पा सित गुहार मागेका कुराको अनुमान हुन्छ। रत्न मल्ललाई कुन चाहीं पाल्पाका सेन राजाले सहायता गरेका थिये तेसका विषयमा पाल्पाको इतिहासमा यो कुराको केही उल्लेख न पाइयेको हुनाले यसै भन्नु गाहारो छ। तर कुकु भोटेहरु आउनु तथा पाल्पाली राजाले सहायता गर्नु भन्दा पनी महत्वपूर्ण कुरो यही वेला देखी चार थर खसलाई खेत बिर्ता दी रत्न मल्लले नेपालमा यो लडाइँ पछी राखेको कुरा छ। वंशावलीमा जसलाई खस भनेको छ ती पहाडका छेत्री हुन् भन्ने अनुमान सहजै गर्न सकिन्छ।

नेपालमा खसहरुका प्रवेश आदित्य मल्लको आक्रमण पछी भयेका कुराको उल्लेख माथी भै सकेको छ। रत्न मल्लले अब राजकीय संरक्षकत्वमा उनीहरुलाई ल्याये। उनले उनीहरुको पल्टन पनी खडा गरेका भये आश्चर्यको कुरो हुने छैन। खसहरुको उनी विश्वास गर्न पनी सक्थे किन भने नेपालका आन्तरिक गृहकलह सँग इनीहरूको कुनै प्रकारको सम्बन्ध न हुनु तथा इनीहरु स्वामीभक्त हुनु स्वाभाविक थियो।

इनै ताक यवन अर्थात् मुसलमानहरूको पनी नेपालमा प्रवेश भयो भनी वंशावलीमा लेखियेको छ। ई मुसलमानहरु व्यापारी मुसलमान हुन् तथा इनीहरु तिब्बत सँग व्यापार गर्थे। इनीहरुले अब नेपालमा नै कोठी राखी तिब्बत संग व्यापार गर्न थालेको बुझिन्छ।

रत्न मल्ल उदार विचारका राजा भयेका कुराको अनुमान हुन्छ। काठमांडुका आर्थिक अवस्थाको सुधारका निम्ती तामाको पैसा उनले

चलायेका कुरा बाट काठमांडुको साधारण आर्थिक अवस्था सुध्रंदै गयेको बुझिन्छ। मुसलमान व्यापारीलाई काठमांडुमा बस्न दियेको उद्देश्य पनी व्यापारको उन्नति नै छ। तिब्बत तथा भारतका मालको नेपाललाई यौटा ठुलो व्यापारको केन्द्र तुल्याउने उनको उद्देश्य भयेको बुझिन्छ।

✓ रत्न मल्ल पछी इनका छोरा सूर्य मल्ल राजा भयेको कुरा प्रताप मल्लका शिलालेखहरुमा वर्णन गरियेको छ। तर भाषा वंशावलीमा भने रत्न मल्ल पछी अमर मल्ल औ अमर मल्ल पछी सूर्य मल्ल राजा भये भनी इनीहरुको क्रम तलमाथी पारियेको छ। इनले भादगाउँका चाँगु तथा शंखपुर नामक दुई ग्राम खोसी काठमांडुका राज्यमा मिलाये भन्ने वंशावलीको कथन सत्य हुन सक्छ किन भने इनका पूर्ववर्ती राजा रत्न मल्लले भादगाउँ सित छुट्टियेर नै काठमांडुमा स्वतन्त्र राज्य स्थापित गरेका थिये तथा भादगाउँ सित काठमांडुको शत्रुता हुनु स्वाभाविक थियो। इनी शंखपुर वा साखुँमा बस्न गये तथा वहाँ इनले वज्रयोगिनीको यात्रा चलाये। साखुँमा ६ वर्ष बसी काठमांडु फर्के पछी इनको मृत्यु भयो। (राइट-पृष्ठ-२०६)

वंशावलीहरुमा तथा पार्थिवेन्द्र मल्लका शिलालेखमा सूर्य मल्लको नाम न लेखियेका कारणको केही अनुमान यहाँ गरिन्छ। सूर्यमल्ल धार्मिक प्रवृत्तिका मानीस थिये र उनी साखुँमा गयेर बसे तथा शासन आफ्ना छोरा अमर मल्ललाई सुंपेर गये। वास्तविक राजा अमर मल्ल नै थिये। यो कारणले काठमांडुका राजाहरुका सूचीमा इनको नाम न लेखियेको होला। प्रताप मल्लले चाहीं वंशक्रम स्पष्ट गर्न उनको नाम लेख्नु सम्भव छ।

✓ सूर्य मल्ल पछी अमर मल्ल राजा भये। इनका समयको गीताभाष्य (सूची-भाग २-पृष्ठ ८२) यौटा पुस्तक पाइयेको छ। हरप्रसाद शास्त्रीले तेसका अन्त्यमा लेखियेको लेख पढी तेसको आशय मात्र लेखेको छ। तेता बाट अमर मल्लका मन्त्री मुकुन्द पाठक शर्माका आज्ञा द्वारा काठमांडुमा त्यो पुस्तक लेखियेको कुरा चाल पाइन्छ। लक्ष्मण सेन संवत् ४२२ मा त्यो पुस्तक लेखियेको हो। १११९-२० मा लक्ष्मण सेन संवत्

आरम्भ भयेको हो भन्ने विद्वान्हरूको मत छ । यो हिसाबले यो पुस्तक आ० १५४२ ई० वा आ० ने० सं० ६६२ तिर लेखियेको ज्ञात हुन्छ । रत्न मल्लको निश्चित मिति ने० सं० ६३२ १५१३ ई० पाइयेको छ तथा तेसका निकै पछी सम्म उनले राज्य गरेको अनुमान छ । उनका तेसरो पिंढीका राजाको समय ने० सं० ६६२ हुनु सम्भव छ । वंशावली बाट रत्न मल्लका पाला देखी नै काठमांडुमा मैथिली ब्राह्मणहरुको प्राधान्य भयेको कुरा चाल पाइयेको छ । यो कारणले यो मिति विश्वसनीय छ । इनका समयको अर्को यौटा निश्चित तिथिको बेंडलले उल्लेख गरेको छ । त्यो ने० सं० श्रावण ६७१ १५५१ ई० हो । यता बाट यो साल सम्म ता इनी निश्चय जीवित भयेका कुराको अनुमान हुन्छ ।

अमर मल्ल धार्मिक व्यक्ति थिये तथा शक्तिको उपासना विशेष रूपले गर्थे । लुप्त भयेको प्राचीन हरिसिद्धिको नाचलाई इनले विशेष संरक्षण प्रदान गरेका थिये तथा खोकनाको महालक्ष्मीको नाच पनी इनका पाला देखी आरम्भ गरियेको हो । इनले अरु अनेक देवीदेवताका नाच पनी चलाये । मना मैजु, हरिचोकदेवी, पचली भैरव, नवदुर्गा, भद्रकाली, कङ्केश्वरीका नाच तथा अन्य नाचहरू इनले चलाये । इनले इनै देवता तथा देवीहरुका यात्रा पनी चलाये । यो रीतिले धार्मिक भावनाको परितुष्टि तथा आमोदका अनेक साधन इनले उपस्थित गरे ।

वंशावलीहरुमा इनका अधीन भयेका ग्रामहरुको सूची लेखियेको छ । त्यो सूचीका अध्ययन बाट पाटन तथा काठमांडुमा इनको शासन भयेका कुराको अनुमान हुन्छ । यो सूचीमा उल्लिखित ग्रामको नामावली तल लेखे बमोजिम छ । ललितपुर, बंग्रा गाउँ, थेचो, हरिसिद्धि, लुभु, चापा गाउँ, फर्पिंग, बुगमती, खोकना, पाँगा, कीर्तिपुर, थानकोट, बलंबु, सतंगल, हलचोक, कुटुम, धर्मस्थली, टोखा, चापली गाउँ, लेले, चुक ग्राम, गोकर्ण, देवपाटन, नन्दि ग्राम, नसाल, माली गाउँ ।

अमर मल्लको मृत्यु कहिले भयो सो निश्चित रूपले चाल न पाइयेको भये ता पनी १५५१ ई० भन्दा केही पछी नै अर्थात् १५६० ई० तिर

भयो होला भन्ने अनुमान छ।

अमर मल्लका शेष पछी इनका छोरा महेन्द्र मल्ल सिंहासनारूढ भये। महेन्द्र मल्लका नाम सित नेपालका इतिहासको जो यौटा महत्वपूर्ण घटना संलग्न छ त्यो नेपालमा चाँदीका मोहरको प्रचलन हो। यो समय भन्दा अघीका नेपाली राजाहरुका टक तामाका मात्र पाइयेका छन्। चाँदीका मोहरको प्रथम प्रचलन महेम्द्र मल्लका समय देखी भयेको कुरा यता बाट थाहा पाइन्छ।[१] यसै कारणले नेपाल तथा बाहिर यो मोहर उनैका नाम बाट महेन्द्रमल्ली नामले प्रसिद्ध छ।

महेन्द्र मल्लको मोहर कहिले छापियो त्यो निश्चित रूपले चाल पाइयेको छैन किन भने इनको मोहर अझ सम्म कहीं पाइयेको छैन। महेन्द्र मल्लले आफ्नो मोहर छापेका संवत्का विषयमा यहाँ यौटा अनुमान गरिन्छ। वंशावलीहरुमा महेन्द्र मल्लले काठमांडुमा तलेजुको मन्दिर बनायेको कुरा छ। यो मन्दिर निकै अग्लो बनाइयेको थियो किन भने विभाजित नेपालका राजाहरुले तलेजुलाई आफ्नो इष्टदेवता मानी पूजा गर्थे। वंशावलीहरुमा महेन्द्र मल्लले तलेजुको मन्दिर बनायेका कुरा सँग सँगै काठमांडुका प्रजाले अब हामीले अग्लो घर बनाउन पायौं भनेको कुरा पनी लेखियेको छ। तलेजुको मन्दिर भन्दा अग्लो घर बनाउन हुँदैन भन्ने विचार काठमांडुमा अद्यावधि छ। नेपालका समसामयिक जीवनमा तजेजुको बडो महत्वपूर्ण स्थान थियो भन्ने कुरा सन्देहरहित छ। तलेजुको मन्दिर कहिले निर्माण गरियो तेसका विषयमा पनी वंशावलीहरुमा मतभेद छ। राइटका वंशावली बमोजिम तलेजुको मन्दिर माघसुदी ५ सोमवार ६६९ (१५४९ ई०) मा बनाई समाप्त गरियेको हो कि भन्ने अनुमान हुन्छ किन भने तेसमा भौंराका रूपमा तलेजु सोही दिन सो मन्दिरमा प्रवेश गरेको कुरा लेखियेको छ। (राइट—पृष्ठ २०७) कुनै वंशावलीमा यो घटना नेपाल संवत् ६८४ आ० १५६४ ई० मा भयेको

---

१. यो अध्यायका अन्त्यमा भयेको टिप्पणीमा नेपालका मुद्राका सम्बन्धमा केही आलोचना गरियेको छ।

कुरा लेखियेको छ। तलेजुनिर्माणको राइटको मिति विश्वसनीय छैन। यो कारणले १५६४ ई० काठमांडुका इतिहासको यौटा महत्वपूर्ण वर्ष छ। महेन्द्र मल्लले पनी यसै वर्ष आफ्नो मोहर छापी प्रकाश गर्नु सम्भव छ। पछीका इतिहास बाट पनी महत्वपूर्ण घटना भयेको वर्षको स्मृति स्वरूप त्यो वर्ष कुनै प्रकारको टक छाप्ने चलन भयेको कुरा चाल पाइयेको छ।

वंशावलीहरुमा महेन्द्र मल्लले अरु पनी देवमन्दिरहरु बनोयका कुराको वर्णन छ। दरबार नेरै महेन्द्रेश्वर नामक शिवलिङ्ग स्थापित गरियो। अन्य देवताहरुका निम्ती गुठी राखियो। ई सवै कुरा बाट महेन्द्र मल्लका समयमा काठमांडुको आर्थिक स्थिति राम्रो भयेका कुराको अनुमान हुन्छ।

यो आर्थिक उन्नतिको प्रधान कारण तिब्बत सित महेन्द्र मल्लले गरेको सन्धि थियो। यो सन्धि अनुसार तिब्बतका निम्ती टक छाप्ने अधिकार नेपालाई प्राप्त भयेको थियो। तिब्बत बाट आउने सुन तथा चाँदी दुवै नेपालले किन्थ्यो। यसले गर्दा नेपाललाई ठुलो आर्थिक लाभ भयेको थियो।

महेन्द्र मल्लका पालामा भादगाउँमा त्रैलोक्य मल्ल राजा थिये तथा उनी सित इनको राम्रो सम्बन्ध भयेको कुरा वंशावलीहरुका वर्णन बाट बुझिन्छ। मूल गद्दी भादगाउँ भये ता पनी काठमांडुले आफु छुट्टियेका समय देखी भादगाउँलाई होच्यायेर नै राखेको थियो। काठमांडुको शक्तिका सम्मुख भादगाउँले नतमस्तक नै हुन परेको थियो औ काठमांडुका राजाहरुले समय समयमा भादगाउँका अधीनका ग्रामहरु खोसी आफ्ना राज्यमा सम्मिलित गरेका कुराको वर्णन माथी भै सकेको छ। त्रैलोक्य मल्लका सहायताले महेन्द्र मल्ल तुलजाको पूजा गर्थे भनी भादगाउँका राजाका विषयमा वंशावलीमा भयेका वर्णन द्वारा नै भादगाउँलाई काठमांडुले थिचेर राखेका कुराको अनुमान हुन्छ।

महेन्द्र मल्लका शासनकालमा ने० सं० ६४८ आ० १५२८ ई० मा

पुरन्दर राजवंशीले पाटन दरबारका सम्मुखमा नारायणको ठुलो मन्दिर बनाये भनी वंशावलीमा लेखियेको छ। (राइट-पृ० २०७) यो मन्दिरको शिलालेखको नकल छापियेको पनी छ। (सं० सं०-वर्ष १-संख्या ८) यसै वंशका अर्का राजा पुरन्दरका पिता विष्णु सिंहको ने० सं० माघ ६७४ १५५४ ई० को अर्को यौटा शिलालेखको नकल पनी छापियेको छ। (सं० सं० वर्ष २-संख्या १-३) उपुर्युक्त शिलालेखका आधारमा यो वंशको विवेचना पाटनको इतिहास लेख्दा गरिने छ। वंशावलीका उपर्युक्त वर्णन बाट महेन्द्र मल्लका शासन कालमा पाटन काठमांडुका अधीन रहेछ भन्ने कुरा स्पष्ट हुन्छ। यो भन्दा अघी महेन्द्र मल्लका पिता अमर मल्लका अधीन पाटन भयेका कुराको उल्लेख भै सकेको छ।

महेन्द्र मल्लको शासन कहिले समाप्त भयो तेसको निश्चित प्रमाण पाइयेको छैन। इसका समयको यौटा मात्र निश्चित तिथि बेंडलले पायेका छन्। सो ने० सं० श्रावण ६८६ १५६६ ई० हो। सदाशिव मल्लको परवर्ती शासनको बेंडलले पायेको अर्को निश्चित मिति ने० सं० ६९६ आ० १५७६ ई० छ। यता बाट महेन्द्र मल्लको मृत्यु १५६७ देखी १५७६ ई० का माझमा कुनै वर्ष भयेका कुराको अनुमान हुन्छ।

महेन्द्र मल्लका दुई छोरा थिये। जेठाको नाम सदाशिव मल्ल थियो औ माहिलाको नाउँ शिव सिंह थियो। पिताका मृत्यु पछी जेठा सदाशिव मल्ल राजा भये। इनका समयमा ने० सं० ६९६ आ० १५७६ ई० मा लेखियेको यौटा ग्रन्थको उल्लेख माथी भै सकेको छ।

इनका समयको अर्को महत्वपूर्ण घटना पाटनको महा बौद्धका मन्दिरको निर्माण हो। यो मन्दिर बुद्ध गयाका प्रसिद्ध मन्दिरका ढाँचाको छ तथा नेपालमा यसतो मन्दिर यही यौटा छ। जीवराज नामक एक जना बौद्ध पण्डितले यो मन्दिर बनायेको हो। इनका पिता अभय-राजको तीन विवाह भयेको थियो। इनका दुई पत्नी तथा छोराहरु भये ता पनी इनले चतुर्थ विवाह गर्दा इनका छोराहरु पिता सित असन्तुष्ट भये। त्यो चाल पाई आफ्ना छोराहरुको प्रबन्ध गरी अभयराज आफ्नी

कान्छी स्वास्नी लियेर गयामा गै बसे। वहाँ तीन वर्ष बसे पछी इनलाई यौटा पुत्र भयो तेसको नाम बौद्धजु राखियो। अभयराज वहाँ पछी नेपाल फर्के तथा आफ्ना पिता मदनले सूर्य मल्लका पालामा टकसारको डिट्ठा नायकको जो जागीर खायेको थियो सो इनले पाये। अभयराजले नै यो महा बौद्धका देवालयको निर्माण आरम्भ गरेको कुरा वंशावली बाट बुझिन्छ तर यो मन्दिर सदाशिव मल्लका पालामा अभयराजका छोरा जीवराजले समाप्त गरे। यो मन्दिरको निर्माण १५८१ ई० आ० ७०५ ने० सं० मा समाप्त भयेको हो।

सदाशिव मल्लका विषयमा वंशावलीहरुमा यौटा अर्को कथा छ। तेसमा इनी दुष्चरित्र थिये भनी भनेको छ। आफुले पालेका अनेक घोडालाई इनी रैतीहरुका खेतमा स्वच्छन्द छोडी दिन्थे औ ती घोडाहरुले खेतको बाली खाई दिंदा नेपालका प्रजालाई बडो दुःख हुन्थ्यो। राजाको यसतो व्यवहारले असन्तुष्ट भयेको प्रजाले एक दिन उनलाई मनोहराका किनारमा भेटे। रैतीले नोल तथा मुद्गरले उन माथी आक्रमण गर्दा उनी भागी भादगाउँ गये। भादगाउँका राजाले उनलाई समाती आफ्ना दरबारका यौटा चोकमा थुनी राखे। केही काल पछी उनी त्यहां बाट भागी बेपत्ता भये औ उनलाई थुनेको चोक सदाशिव मल्ल चोक भनी कहलायो। सदाशिव मल्ल भागेर भादगाउँ गयेका वेलामा वहाँ भादगाउँका राजाले उनलाई समाती थुनेको कुरो स्वाभाविक छ किन भने भादगाउँ रत्न मल्लका पाला देखी बरावर काठमांडुको वशवर्ती थियो।

सदाशिव मल्ललाई यसरी धपाई इनका भाई शिव सिंह राजसिंहासनमा बसे। वंशावलीहरुमा भयेका मितिका प्रमाण द्वारा ने० सं० ७०५ आ० १५८५ ई० तिर शिव सिंह मल्ल राजा भयेको कुरा अनुमान हुन्छ तर यो मितिको सत्यता जाँच गर्ने केही साधन न भयेको हुनाले यसका विषयमा इदमित्थ केही भन्न सकियेन।

इनका विषयमा पार्थिवेन्द्र मल्लले आफ्नो पशुपतिको शिलालेखमा

(सं० सं० वर्ष १-सं० १०-१२) मोरंगका राजाको रक्षा गर्ने (मोरङ्गा-वनिपालपालक) भनी लेखेको छ । मकवानपुरका हरिहर सेनका छोराहरु मध्ये राज्यका निम्ती निकै झगरा परेको थियो । छोराहरुले हरिहरलाई कैद पनी गरेका थिये । यो झगराको फल स्वरूप मकवानपुरको राज्य बाट पृथक् मोरंगको नया राज्य खड़ा भयो । यसै वेला शिव सिंहले मोरंगको नया राज्यलाई सैनिक सहायता दिये होलान् ।

मोरंग बाहेक शिव सिंहले पाटनका विद्रोही सामन्त वैश्य ठकुरी पुरन्दर सिंहलाई परास्त गरी पाटनको सामन्त आफ्ना छोरा ठाकुर सिंहलाई नियुक्त गरे । यो घटना ने० सं० श्रावण ७२३ १६०३ ई० भन्दा अघीको हो । शिव सिंहका पालाको स्वयम्भूनाथमा भयेको शिलालेख (सं० सं० वर्ष-२-अङ्क ४-२) द्वारा ने० सं० माघ ७१४ १५९४ ई० मा उनका आदेश तथा सहायताले स्वयम्भूनाथ जीर्णोद्धार गरियेको कुरा ज्ञात हुन्छ ।

शिव सिंहले पाटनको शासन गर्न नियुक्त गरेका उनका छोरा ठाकुर सिंह पिताका जीवितावस्थामा नै मरेको बुझिन्छ किन भने वंशावली-हरूमा इनको नाम छैन औ शिव सिंहले आफ्ना हरिहर नामक छोरालाई पाटनको राज्यभार सुम्पेका कुराको उल्लेख छ । शिव सिंहका मृत्यु पछी इनै हरिहर सिंह पाटनमा आफु स्वतन्त्र भै राज्य गर्न थाले र उपत्यकामा काठमांडु तथा भादगाउँ बाहेक पाटनको यौटा अर्को नया स्वतन्त्र राज्य कायम भयो ।

शिव सिंहकी रानी गङ्गादेवीको नेपालमा बड़ो ख्याति छ । इनी बडी धर्मपरायणा स्त्री थिइन् तथा इनले नेपालमा राखेका अनेक धार्मिक कृतिको अझ मानीस श्रद्धा सँग उल्लेख गर्छन् । काठमांडुको उपवन रानी वन इनैले स्थापना गरेको हुनाले तेसलाई रानी वन भनेको हो । पशुपतिनाथका मन्दिरको वर्तमान रूप इनैले प्रदान गरेको हो । यो भन्दा अघी त्यो मन्दिरमा तीन छाना थिये । माझको छाना जीर्ण भयेको हुनाले तेसलाई झिकी गङ्गादेवीले मन्दिरमा सुनको गजुर तथा अरु छानालाई

सुनले छापेकी हुन् । चाँगुनारायण आदि अरु अनेक मन्दिरहरुमा इनले केही न केही थपी मन्दिरको शोभा वढायेकी हुन् । जीवनमा यसरी अनेक धार्मिक कार्य गरी इनी आफ्ना पति मरे पछी पतिका शव सँग सती भइन् ।

शिव सिंहका दुई छोराका विषयमा ता निश्चित रूपले चाल पाइयेको छ । पाटनको शासन केही वर्ष गरी मर्ने इनका छोरा ठाकुर सिंहको मृत्यु भयेका कुराको उल्लेख गरी सकियेको छ । ठाकुर सिंहका भाई हरिहर सिंह थिये । ठाकुर सिंह पछी पाटनका शासनको भार इनैले पायेका थिये तथा ई आफ्ना पिताका उत्तराधिकारी पनी थिये । इनका लक्ष्मी नरसिंह, सिद्धि नरसिंह तथा ऋद्धि नरसिंह नामक तीन जना छोरा थिये । लक्ष्मी नरसिंह हरिहर सिंहका जेठा छोरा हुनाले राज्यका उत्तराधिकारी थिये । इनलाई बालक कालमा मानसिक रोग लागेको थियो र इनलाई शान्ति-पूर्वक बस्न भनी इनकी बज्यै गङ्गा रानीले रानी वन नामक उपवन बनाई दियेकी थिइन् । यो उपवन काठमांडुको वर्तमान भारतीय राजदूतावास नेर छ । सिद्धि नरसिंह पिताको मृत्यु हुँदा आफ्नी आमा लालमतीका गर्भमा थिये । हरिहर सिंहको मृत्यु भये पछी लालमतीले सती जाने ढिपी गर्दा तिम्रो छोरो वा छोरी जे भये पनी म उसलाई पाटनको सिंहासन दिउँला भनी शिव सिंहले बुहारीलाई फुल्यायेको जो कुराको वर्णन वंशा-वलीहरुमा छ सो सत्य हुन सक्छ । सिद्धि नरसिंह जन्मदै राजपदको अधिकार लियेर जन्मेका थिये । इनीले यौवनावस्था प्राप्त गरे पछी आफ्ना पिता हरिहर सिंह झैं पाटनको शासनभार पायेका कुराको अनुमान हुन्छ । लक्ष्मी नरसिंह बाजे शिव सिंह सित सँगै बसेका थिये ।

पहिले ता सिद्धि नरसिंह मल्ल द्वारा पाटनको शासन बाजेका अनु-मति द्वारा भयो अर्थात् उनी पाटनमा राजाको प्रतिनिधि भयेर बसेका थिये । ने० सं० ७५१ आ० १६३१ तिर शिव सिंहको मृत्यु भये पछी काठमांडुका सिंहासनमा लक्ष्मी नरसिंह बसे । अब सिद्धि नरसिंहले दाज्यु लक्ष्मी नरसिंहको प्रतिनिधि भै पाठनको शासन गर्न पर्ने भयो । यो स्थिति

स्वभावतः उनलाई मन न पर्ने थियो तै पनी दस वर्ष सम्म उनी कुनै प्रकारले लक्ष्मी नरसिंह मल्लको आधिपत्य स्वीकार गरेर नै बसे। विद्रोहको कुनै प्रमाण पाइंदैन। ने० सं० ७६१ आ० १६४१ ई० मा प्रताप मल्लले उन्माद रोगको कारण बताई लक्ष्मी नरसिंहलाई कैद गरे तथा सोही साल अङ्कित भयेको आफ्ना नामको मोहर उनले प्रकाश गरे। प्रताप मल्लले यसरी बाबुलाई कैद गरी आफु राजा भयेको देखी सिद्धि नरसिंहले पनी पाटनमा आफुलाई स्वतन्त्र राजा घोषित गरी आफ्ना नामको मोहर छापे।[१] अब उपत्यकामा भादगाउँ और काठमांडु बाहेक तेसरो राज्य पाटन पनी पारस्परिक कलहको आगो झन दनकाउन कायम भयो।

वास्तवमा तात्कालीन नेपाली समाज राज्यको विभाजनलाई यौटा स्वाभाविक कुरो ठान्न लागेको थियो। स्वार्थी राजाहरु प्रजाको धार्मिक भावना सित खेली तेसलाई सँधै आफ्ना अनुकूल पार्न बाँकी राख्दैनथे। तुलजा देवीलाई उनीहरु आफ्ना खेलको साधन तुल्याउँथे। लक्ष्मी नरसिंह मल्ल मर्दा खेरी तुलजाको मन्त्र प्रताप मल्ललाई सुनाउन पायेनन्। सिद्धि नरसिंहकी आमा लालमतीले तुलजाको पवित्र कलश लुकायेर राखेकी थिइन् तथा उनी पाटन जाँदा सो लियेर गइन्। सिद्धि नरसिह मल्लले पाटनमा तुलजाको मन्दिर बनाई तेसमा तुलजा स्थापित गर्दा आकाश बाट आगोको मुसलो आई सो मन्दिरमा पस्यो। सिद्धि नरसिंहका विद्रोह-को औचित्य सिद्ध गर्न यहाँ भन्दा अर्को ठुलो प्रमाण के हुन सक्छ? तर नेपाल रूपी तुलजाको हृदय तीन फ्याँक भयेर विदीर्ण भयेको देख्ने कोही थियेन तथा त्यो पाटनको नवनिर्मित मन्दिर भीत्र यसको आगोको मुस्लो नेपाल माताको हृदय पोल्ने आगो हो भनी देख्ने पनी कोही थियेन।

---

१. यो मोहरको प्रतिकृति वाल्शले छापेको छ। (प्लेट ५-चित्र १) तर यसको साल वाल्शले ७५१ पढेको छ। तर यो पढ्नमा भूल भयेको बुझिन्छ। साल ७६१ आ० १६४१ ई० हो। अङ्कको स्वयं जाँच गर्दा ७६१ नै शुद्ध हो भन्ने मेरो विचार भयो।

सम्भवतः लक्ष्मी नरसिंहले राज्यको भार आफ्ना ज्वाँईका नातेदार भीम मल्ललाई सुम्पेको बुझिन्छ । भीम मल्लले यो कुरा बुझेका थिये किन भने लासा बाट फर्के पछी सम्पूर्ण देशमा लक्ष्मी नरसिंह मल्लको शासन स्थापित गराउने उद्देश्यले उनी काम गर्न थालेको कुरा राइटले लेखेको छ । (पृष्ठ-२१२) भीम मल्लका विषयमा राइटले लेखेका अरु कुराहरु बाट पनी इनी सुयोग्य राजनीतिज्ञ भयेको कुरा अनुमान हुन्छ । इनले काठमांडुमा बत्तीस व्यापारिक कोठी थापी व्यापारीहरुलाई तिब्बत (लासा) पठाये तथा उनी स्वयं लासा गै काठमांडुमा धेरै सुन तथा चाँदो पठाये । इनका उद्योगले गर्दा लासामा हकवाला न भै मर्ने नेपालीको सम्पत्ति नेपाल सरकारले पाउने भयो । इनले कुती नेपालको अधीन तुल्याये । (पृष्ठ २११-१२) लासा बाट फर्की भीम मल्लले राजाको महत्वपूर्ण सेवा गरे । उनको सम्पूर्ण नेपालमा लक्ष्मी नरसिंह मल्लको राज्य होस् भन्ने इच्छा थियो तर कसैले भीम मल्ल आफैं राजा हुन खोजदैछन् भनी राजालाई विश्वास पारेको हुनाले राजाले उनलाई मार्न लाये । (राइट-२१२) राइटको यो भनाईका विरुद्ध अरु वंशावलीहरुमा इनी भोट बाट फर्की भादगाउँमा मुकाम गरेका वेलामा इनका विरुद्धमा कसैले चुक्ली गर्दा प्रताप मल्लले इनलाई मार्न लाये भनेको छ ।

भीम मल्ल मारियेको समय निश्चित रूपले चाल पाइयेको छैन तर वंशावलीहरुमा इनलाई मार्न लाउने प्रताप मल्ल हुन् भनी लेखियेको कुरा बाट प्रताप मल्लले लक्ष्मी नरसिंह मल्ललाई कैद गरी १६४१ ई० मा आफु राजा भै सके पछी इनलाई मार्न लायेको हो कि भन्ने अनुमान हुन्छ ।

भीम मल्ललाई यसरी मार्नु पर्ने के कारण थियो तेसका सम्बन्धमा यौटा अडकल हुन्छ । तिब्बतको उत्तरमा पर्ने कोकोनोरका मंगोल राजा गुसरी खानने १६४१ ई० तिर तिब्बत विजय गरेका थिये । तिब्बतमा गुसरी खानको आधिपत्य स्थापित भये पछी भारतका केही राजा, नेपालका राजा तथा सानो तिब्बतका अन्य राजाहरुले दूत पठाई उनको

अभिवादन गरे भनी तिब्बती वंशावलीमा लेखियेको छ। (पाग साम– पृष्ठ १६५)।

गुसरी खानको तिब्बत विजयको समय लक्ष्मी नरसिंह मल्लका शासन-को अन्तिम वर्ष वा प्रताप मल्लका शासनको प्रथम वर्ष हो। इनै ताक भीम मल्ल पनी लासामा भयेको अनुमान हुन्छ। यो कारणले गुसरी खानलाई नेपालका राजाको प्रतिनिधि भै अभिवादन गर्ने भीम मल्ल हुन् भन्ने अनुमान छ। खान खुशी भै कुतीमा नेपालको अधिकार स्वीकार गर्नु पनी असम्भव कुरो छैन।

गुसरी खानलाई भेटी नेपाल फर्केका भीम मल्लले खानका सहायताले नेपालको राजा हुन खोजे भन्ने षड्यन्त्र उनका विरुद्धमा उनका शत्रुहरुले गरेको भये आश्चर्यको कुरो मानिने छैन। भीम मल्लका सम्पूर्ण नेपालमा यौटा शासन हुनु पर्छ भन्ने जो विचार थियो त्यो पाटन तथा भादगाउँका राजाहरुलाई मन पर्ने कुरो सर्वथा न भयेको हुनाले उनीहरु पनी यो षड्यन्त्रमा मिल्नु सम्भव छ। भीम मल्ल मारिई सके पछी प्रताप मल्लले आफ्नो भूल चाल पाई पश्चात्ताप गरेको तथा उनकी स्त्री सती हुँदा उनले शाप दियेका कथा जो वंशावलीहरुमा छन् तिनको सङ्केत पनी भीम मल्ललाई मार्न लायेका कुराको अनौचित्य पट्टी नै छ।

टिप्पणी

द्वादश अध्याय

नेपालमा प्राचीन काल देखी नै कुनै न कुनै प्रकारका मुद्राको व्यवहार चलेका कुराको प्रमाण पाइयेको छ। इसवी संवत्का आरम्भ तिर भारतमा शासन गर्ने कुशाण राजाहरुका मुद्रा पनी यहाँ समय समयमा पाइन्छन्। (वाल्श-पृष्ट-६७७) नेपालका प्राचीन मुद्राको रूप कुशाण मुद्रा जसतो छ। यौधेय नामक प्राचीन गणतान्त्रिक जातिका मुद्राको रूप पनी कुशाणहरुका मुद्रा सँग मिल्ने हुनाले विद्वान्हरुले प्राचीन नेपाली मुद्रा आकृतिमा यौधेयहरुका मुद्रा जसता छन् भनी भनेको छ।

पाइयेका प्राचीन नेपाली मुद्रा सबै तामाका छन् तथा तिनमा "मानाङ्क", "गुणाङ्क", "वैश्रवण" तथा "पशुपति" आदि शब्द अङ्कित भयेका हुनाले ती मुद्रालाई तिनै नाम द्वारा सम्बोधन गर्ने चलन चलेको छ ! ती मुद्रामा कुनै संवत् अङ्कित न भयेको हुनाले तिनको समय निश्चित रूपले निर्णय हुन सकेको छैन । मानाङ्क मुद्रा मानदेव लिच्छवीका हुन् कि भन्ने विद्वान्हरुको अनुमान छ । उसै गरी गुणाङ्क मुद्रा नामका सादृष्यले गुणकामदेवका हुन् भनी जो कल्पना गरियेको छ त्यो सन्देहास्पद छ किन भने गुणकामदेवको शासनकाल दशम शताब्दिको अन्तिम तथा एघारौं शताब्दिको आरम्भिक भाग थियो औ गुणाङ्क मुद्राका आकारप्रकार बाट ती यो समय भन्दा धेरै अघीका भये जसता छन् । वैश्रवण तथा पशुपति अङ्कित भयेका मुद्राहरुको समयका विषयमा केही अनुमान गर्ने साधन पनी छैन ।

उपर्युक्त मुद्राहरुको समय निर्णय गर्न न सके ता पनी अर्का दुई प्रकारका प्राचीन मुद्रामा राजाको नाम अङ्कित भयेको हुनाले तिनका समयको निर्णय एक प्रकारले भयेको छ । ती मुद्राहरुमा अंशु वर्मा तथा उनी पछी शासन गर्ने जिष्णु गुप्तका नाम अङ्कित छन् । यता बाट ती सप्तम शताब्दिका मुद्रा रहेछन् भन्ने कुराको ज्ञान हुन्छ ।

नेपालका प्राचीन शिलालेखहरुमा पण, कार्षापण, पण पुराण नामक मुद्राहरुको उल्लेख पाइन्छ । थानकोटको जिष्णु गुप्तका शिलालेख बाट १६ पणको एक कार्षापण हुने रहेछ भन्ने कुराको अनुमान हुन्छ । तेसमा दक्षिणकोली ग्रामका मानीसले तिर्न पर्ने विविध करहरु मध्ये आधा माफी दिइयेको तथा एक कार्षापण तिर्नेले आठ पण तिर्नु भनेको छ । (दक्षिणकोलिग्रामे गोयुद्धे गोहले गोहले यद् देयम् आसीत् तस्यार्धम् प्रतिमुक्तम् सिम्करेच येन कार्षापणां देयान् तेनाष्टौ पण देया येनाष्टौ पण देयम् तेन पणचतुष्टयम्) यस बाट सप्तम शताब्दिमा नेपालमा १६ पणको एक कार्षापण मानिदो रहेछ भन्ने कुरा ज्ञात हुन्छ । भारतीय अर्थनीतिका पुस्तकहरुमा पनी अस्सी कौडीको एक पण तथा १६

पणको एक कार्षापण मानियेको छ ।

प्रथम शिवदेवको खोपासीका शिलालेखमा कैलाशकूट यात्राका समयमा ग्रामवासीहरुले ५० सेता मृत्तिका दिनु भन्ने कुराको उल्लेख छ। (कैलाशकूट यात्रयेश्च पञ्चाशज् जातिशुक्ल मृत्तिका देयम्) यो शिलालेखमा उल्लिखित मृत्तिका सेता माटाका पोलेका मुद्राको नाम हुनु सम्भव छ ।

बारहौं शताब्दीका आरम्भमा राज्य गर्ने सदाशिव देवले सिंहका प्रतिमा भयेको मुद्राको प्रचलन गरेका कुराको माथी वर्णन गरी सकियेको छ तर यो मुद्रा प्राप्त भयेको छैन । मुद्रामा सिंहको प्रतिमा राख्ने चलन नेपालको प्राचीन प्रथा हो । उपर्युक्त मानाङ्क तथा अंशु वर्माका मुद्राहरुमा सिंहका प्रतिकृति छन् । यसै गरी सोरहौं शताब्दिका अन्त्यमा विभाजित नेपालका काठमांडुका प्रथम राजा रत्न मल्लले सिंहको प्रतिकृति भयेको तामाको पैसा चलायेका थियो । यो पैसा पनी पाइयेको छैन तथा यसको पनी माथी उल्लेख भै सकेको छ ।

बारहौं शताब्दीको सदाशिव देवको तथा पन्द्रहौं शताब्दीको रत्न मल्लका अप्राप्त मुद्राको विचार न गरे सप्तम शताब्दी देखी सोरहौं शताब्दी सम्मका मुद्रा नेपालमा पाइदैनन् । मि.त भयेको प्रथम प्राप्त मुद्रा भादगाउँका राजा जगत् प्रकाश मल्लको छ तथा तेसमा ने० सं० ७५२ (आ० १६३२ ई०) अङ्कित छ । (वाल्श-प्लेट २–चित्र १) मिति न भयेका मुद्रा भने यो भन्दा केही अधीका काठमांडुका राजा लक्ष्मी नरसिंह तथा उनका पिता शिव सिंहका प्राप्त छन् ।

सोरहौं शताब्दीमा नेपालमा चाँदीको मुद्रा प्रथम चलाउने काठमांडुका राजा उपर्युक्त शिव सिहका पिता महेन्द्र मल्ल हुन् । इनका मुद्रा अझ प्राप्त भयेका छैनन् ।[१] महेन्द्र मल्लका नाम बाट नै हाम्रो मोहर अद्यापि महेन्द्र मल्लीका नामले प्रख्यात छ । महेन्द्र मल्लले आफ्नो मोहर ने० स०

१. हाल पुरातत्व विभागले गरेको मुद्राप्रदर्शिनीमा महेन्द्र मल्लको मुद्रा प्रदर्शित गरियेको थियो । तर तेसको पूर्ण रुपले अध्ययन गर्न न सकियेको हुनाले तेसका विषयमा निश्चित केही मत व्यक्त गर्न सकियेन ।

६८४ (आ० १५६४)मा प्रकाश गरेका हुन् भन्ने मत माथी प्रतिपादित गरियेको छ ।

भारतमा मुसलमानहरुको शासन कायम भयेका समय देखी अर्थात् तेरहौं शताब्दि देखी सोरहौं शताब्दि सम्मको समयमा बंगालका मुसलमान शासकहरुका मुद्राको यहाँ प्रचलन भयेको कुरा चाल पाइयेको छ । ई मुद्रालाई नेपालका समसामयिक कागतपत्रहरुमा स्वर्णमूल्य भनी भनियेको छ । यसता मुद्रा श्री पशुपतिनाथका कोशमा धेरै भयेको कुरा ज्ञात छ । त्यहाँ बाट केही मुद्रा ल्याई हरिगोपाल मुकर्जीले तिनको जाँच गरेका थिये । परिणामस्वरूप ती मुद्रा बंगालका समसायिक शासकाहरुका रहेछन् भन्ने थाहा भयो । तेसता मुद्रा श्री पशुपतिनाथका कोशमा धेरै भयेका कुराको पनी मुकर्जी महाशयले उल्लेख गरेको छ । (लेंडन—भाग २—पृष्ठ ३१८-३२३)

महेन्द्रमल्ली भन्दा अघी प्रचलित मुद्राहरु बंगालका शासकहरुका मुद्रा भयेको कुरा बाट महेन्द्र मल्लले चलायेका मुद्राको आकारप्रकार पनी यसतै हुँदो हो भन्ने अनुमान गर्न सकिन्छ । महेन्द्र मल्लका छोरा शिव सिंहका मुद्राको भने हरिगोपाल मुकर्जीले चित्र समेत दियेको हुनाले तेसका विषयमा यहाँ केही भन्न सकिन्छ । यो मुद्रामा मिति छैन । यसका सुल्टो पट्टी माझमा वृत्त भीत्र श्रीश्री औ चारै तिर अल्लउद्दनयावाद दीन अर्स सुलतान अबुल मुजफ्फर अङ्कित छ तथा उल्टो पट्टी माथी शिव तथा माझमा सिंहको प्रतिकृति छ । सिंहको प्रतिकृतिलाई सिंह शब्दको द्योतक मानी नाम पढ्दा पूर्ण नाम शिव सिंह हुन्छ । नेपालको यौटा प्राचीन मुद्रामा माझमा सूर्यको प्रतिकृति तथा तेसका चारै तिर महाराजाधिराजस्य लेखियेको छ । विद्वान्हरुले त्यो मुद्रालाई अंशु वर्माको मानेका छन् किन भने सूर्यको प्रतिकृति बाट अंशु बुझिन्छ । यसै गरी शिव सिंहका छोरा लक्ष्मी नरसिंह तथा पाटनका सिद्धि नरसिंह, ऋद्धि नरसिंह आदि राजाहरुले आफ्ना मुद्रामा आफ्ना नामको अन्तिम सिंह पद न लेखी तेसलाई बुझाउन सिंहको प्रतिकृति बनायेका छन् ।

शिव सिंहका छोरा लक्ष्मी नरसिंहका मुद्रामा पनी सुल्टो तिर शिव सिंहका मुद्रामा भयेको मुसलमान शासकको नाम तथा उल्टो तिर चारै तिर लक्ष्मी नर औ माझमा सिंहको प्रतिकृति छ।

लक्ष्मी नरसिंहका छोरा प्रताप मल्लको (ने० सं० ७७५ आ० १६५५ ई०) मोहरमा एक तिर सन इलाहि अर्कातिर जहाँगीर शाह अरबी अक्षरमा अङ्कित छ। जहाँगीरका छोरा शाहजहाँका शासनको प्रायः अन्तिम समयमा छापियेको यो मोहरमा जहाँगीरको नाम वा जहाँगीरका पिता अकबरले चलायेको सन इलाहिको के आवश्यकता थियो सो न बुझिये ता पनी मुसलमान राजाको नाम यो मुद्रामा अङ्कित भयेको कुरा स्पष्ट छ। प्रताप मल्लका छोरा नृपेन्द्र मल्लको ने० सं० ७९५ आ० १६७५ ई० को मोहरमा उल्टो पट्टी अरबी अक्षर जसता बुट्टा छन्। अरबी अक्षर जसता बुट्टा पार्थिवेन्द्र मल्लका मोहरमा पनी छन्। भूपालेन्द्र मल्लका मोहरमा यसता बुट्टा छैनन् तर उनका उत्तराधिकारी भास्कर मल्ल वा महीन्द्र सिंहका मोहरमा यो फेरी अनुकरण गरियेको छ। जगज्जय मल्लले यो प्रथा छोडे तर जयप्रकाश मल्लले भने यसलाई फेरी आफ्ना कुनै कुनै मोहरमा अङ्कित गरेको छ।

अरबी अक्षर लेख्ने वा तेही आकारका बुट्टा बनाउने चलन पाटन औ भादगाउँका विविध राजाहरुका मोहरहरुमा पनी देखियेको छ। संक्षेपमा भनु भने विभाजित नेपालका मुद्राहरुको यो यौटा परम्परा नै भयेको अनुमान हुन्छ।

यो सम्बन्धमा वंशावलीहरुमा महेन्द्र मल्ल आफुले स्वतन्त्र टक छाप्ने व्यवस्था मिलाउँदा गरेका कुराको जो वर्णन छ त्यो विचारणीय छ। वंशावलीहरु अनुसार "दिल्लीका बादशाह कन श्वेत हंस बाज चढाई बादशाह खुशी गराई·····छाप मागी ल्याई मोहरमा राखी महेन्द्रमल्ली अधेली भन्ने नाम चलाई भर मुलुकमा चलाये।" महेन्द्र मल्लले १५६४ ई० मा आफ्नो मोहर प्रकाश गरेका समयमा दिल्लीका सिंहासनमा अकबर अधिष्ठित थिये तथा उनी यो वेला आफ्ना अभिभावकहरुको आफु

माथी भयेको बन्धन चुँडी भरखर स्वतन्त्र भयेका थिये तथा आफ्ना विजय द्वारा उनले जो विशाल मोगल साम्राज्य स्थापित गरे तेसको यो समयमा उनले सूत्रपात पनी गर्न सकेका थियेनन्। यसता स्थितिमा नेपालका आन्तरिक आर्थिक प्रश्नहरु पट्टी उनको दृष्टि आकर्षित भयो होला भन्ने कुरा युक्तिसङ्गत प्रतीत हुँदैन। तर नेपालको बंगाल सित भौगोलिक सान्निध्य भयेको हुनाले यहाँ बंगालका शासकहरुको टक चलेको थियो। नेपालको आफ्नै टक धेरै अघी देखी न भयेको तथा यहाँ मुसलमान शासकहरूको टक चलेको देखी मानीसका मनमा टक चलाउने अधिकार दिल्लीका बादशाहको मात्र छ भन्ने पर्नु स्वाभाविक थियो। दिल्लीमा स्थापित भयेको सम्पूर्ण भारत माथी शासन गर्न समर्थ भयेको मुसलमान राजशक्तिका धाकको प्रभाव पनी मानीसका मनमा निकै परेको थियो। यसता स्थितिमा महेन्द्र मल्लले आफ्नो स्वतन्त्र टक चलायेको देख्दा वंशावलीकारहरूले यो कुरा कल्पना गरे। नेपालका तीन राज्य वा वर्तमान नेपाल अन्तर्गत पहाडको कुनै भागमा कहिल्यै पनि मुसलमानको अधिकार स्थापित भयेको थियेन। बंगालका मुसलमानहरुको टक चलेका ठाउँमा एक्कासी आफ्नो टक चलाउँदा मानीस आफ्ना व्यवहारमा तेसलाई ग्रहण गर्न हचकचाउँछन् कि भन्ने सन्देह हुनु स्वाभाविक थियो। यो कारणले पनी आफ्नो टक चलाउन महेन्द्र मल्लले दिल्लीका बादशाहको आज्ञा लियेका छन् भन्ने कुरा प्रचार गरियेको होला औ यसै कारणले अरबी अक्षर वा तेसै आकारका बुट्टा नेपालका टकमा पछी सम्म राखिये। वास्तवमा नेपाली मुद्राको यो यौटा माथी भने झैं परम्परा नै भयो।[1] शिवसिंह तथा लक्ष्मी नरसिंहका टकमा ता बंगालका समसामयिक

---

१. नेपालमा इनै ताकको यौटा चित्र कतै कतै देखियेको छ। त्यो एक जना राजकुमारी सित राजा पासा खेली रहेको चित्र छ। ती राजा महेन्द्र मल्ल हुन् तथा राजकुमारी बंगालका मुसलमान शासकका छोरी हुन् भन्ने मैले सुनेको छु। साथै महेन्द्र मल्लले ती राजकुमारीलाई पासा खेलेर रिझायेको हुनाले राजकुमारीका पिता बंगालका मुसलमान शासक बाट उनले आफ्ना नाममा मोहर

शासकको नाम पनी अङ्कित गरियो। बंगालका शासकहरुको नेपालका राजहरु सँग कुनै प्रकारको सम्बन्ध भयेको कुरा चाल पाइयेको छैन। यसता स्थितिमा तिनको नाम टकमा छापिंदा एक त नवीन टकको आकार चली रहेका टक जसतै हुन्थ्यो, दोसरो जनताका मनमा नवीन टक माथी विश्वास हुन्थ्यो।

वंशावलीहरुका दिल्लीका बादशाहको आज्ञा लिने कुरालाई यती भनेर छिने पछी यो सम्बन्धमा विचारणीय कुरो अर्को एक जना फ्रेंच यात्रीको भनाई रहन्छ। उनको नाम टेवरनियर थियो तथा उनी औरंगजेबका शासनकालमा भारत आयेका थिये। उनले आफ्ना यात्राविवरणमा नेपालका विषयमा निम्नलिखित आशयका कुरा लेखेका छन्: गोरखपुर बाट ५।६ लीग गये पछी नेपालका राजाका राज्यमा पुगिन्छ। यो राजा महान् मोगलको सामन्त हो और राजस्वका स्वरूपमा वर्षको यौटा हात्ती पठाउँछ। टेवरनियरका उपर्युक्त कथन बाट नेपाल मोगल सम्राट्को सामन्त भयेको तथा नेपाल बाट करस्वरूप यौटा हात्ती मोगल सम्राट्लाई बुझाइयेका कुराको अनुमान हुन्छ। यो कुरा साँचो भये नेपालले आफ्नो स्वतन्त्र टक छाप्दा वंशावलीहरुका लेख अनुसार मोगल सम्राट् सित आज्ञा प्राप्त गरेको हो कि त भन्ने शङ्का उत्पन्न हुनु सम्भव छ।

औरंगजेबका राजत्वकालमा मकवानपुरको राज्यले वर्तमान वारा, देखी पूर्व मोरंग सम्मको इलाका मिचेर खायो भनी तिरहूत तथा पटनाका मुसलमान शासकहरुले लड़ाई गरी मकवानपुरका राजा शुभ सेनलाई समाती दरभंगा लगेका थिये। त्यो इलाकाका निम्ती उनले वर्षको १२००) रुपियाँ तिर्ने कबुल गरेथे औ सो तिरोका मूल्यको हात्ती मकवानपुर बाट मोगल सूबेदारलाई दरभंगामा बुझाइन्थ्यो। दिल्लीको मोगल दरबारमा

छाप्ने अधिकार पायेका हुन् वा यसै आशयको किंवदन्ति मैले सुनेको छु। यी चित्र तथा यो किंवदन्तिको अभिप्राय जनताका मनमा विश्वास उत्पन्न गराउने बाहेक अरु थोक केही होइन। बंगालकी राजकुमारीलाई काठमांडुका राजा महेन्द्र मल्लले पासा खेली रिझाये भनेको कुरा बुझ्न वडो गाह्रारो छ।

मकवानपुर तथा नेपालमा केही अन्तर थियेन औ वहाँ त पहाड़ी रियासत भन्ने बित्तिकै बढता नाम चलेको नेपाल नै बुझिनु स्वाभाविक थियो। मकवानपुरको राज्य मदेस तथा बाहिरी पहाडमा थियो तथा महाभारत डाँडो पारी नेपालका उपत्यकाका राज्यहरु थिये भन्ने नाटीखुटी गरी रहने दिल्लीका दरबारमा आवश्यकता थियेन। मोगल राज्यको सीमाना नेपाल सित जोरियेको छ भन्ने धेरैको धारणा हुँदो हो। गोरखपुर बाट ५।६ लीगपर गये पछी नेपालका राजाका राज्यमा पुगिन्छ भनी टेवरनियरले लेखेको करा मकवानपुरका राज्यलाई बुझाउंछ किन भने गोरखपुर बाट नेपालका राज्यहरु निकै टाढा पर्छन्। यो कारणले टेवरनियरले भनेको नेपालको राज्य मकवानपुरको राज्य हो तथा मोगल सम्राट्लाई कर तिर्ने मकवानपुरको राज्य हो नेपालका राजा वा राजाहरु होइनन्।

विभाजित नेपालका मुद्राका वाह्य रूप तथा आकारका विषयमा यती भनी महेन्द्र मल्ललाई आफ्नै मुद्रा छाप्ने के प्रयोजन थियो भन्ने कुराको विचार गर्नु उचित छ। स्वतन्त्र राज्यको आफ्नै स्वतन्त्र टक हुन पर्छ भन्ने सिद्धान्त अनुसार उनले आफ्नै टक चलाउने इच्छा गर्नु सर्वथा उचित थियो। तर उनका समयमा भारतका बड़ा प्रतापी राजा अकबरको शासनको आरम्भिक अवस्था थियो। यो कारणले नेपाल ता आफ्नो स्वतन्त्र टक भयेको समृद्ध राज्य रहे छ भनी मोगल बादशाहले आक्रमण गरी हाल्छन् कि भन्ने उनका मनमा केही डर भये ता पनी १२०६ ई० देखी दिल्लीका मुसलमान सुलतानहरु तथा आरम्भिक मोगल समाट्हरुले समेत नेपाल आक्रमण न गरेको देख्दा उनी सुरियेका थिये। उनका समक्ष बंगालको इतिहास पनी थियो। सुलतानहरुले समय समयमा आक्रमण गरी बंगाललाई दबाउन खोजेको भये ता पनी फिरोज तुगलकका पाला देखी (१३५३-५४ ई०) अकबरले १५७६ ई० मा विजय न गरे सम्म बंगाल स्वतन्त्र थियो। यसता स्थितिमा आफ्नो छिमेकी बंगालका

१. एक लीगलाई पाँच मील माने पनी छ लीग ३० मीलको हुन्छ। गोरखपुर बाट १५ कोस भन्दा धेरै पर चीसापानी गढी छ।

शासकहरु सँग केही लोलोपोतो राखी उनी आफ्नो स्वतन्त्र टक चलाउन सुरिनु युक्तिसङ्गत कुरो छ।

महेन्द्र मल्लले चाँदीको टक छापी प्रचार गर्न पर्ने अर्को कारण तिब्बत सितको नेपालको बढ्दो व्यापार थियो। तिब्बत तथा नेपालका व्यापारको विनिमय सजिलो तुल्याउन स्वतन्त्र टक चाहियेको थियो। यो कारणले तिब्बत सँग उनले सन्धि गरी नेपालले तिब्बतलाई चाहिने टक छापी दिने तथा तेस कामका निम्ती चाँदी तिब्बतले नेपाललाई दिने प्रबन्ध मिलाये। नेपालका निम्ती पनी टक छाप्न यो चाँदी प्रशस्त थियो तथा टक छापी तिब्बतलाई दिने काममा नेपाललाई लाभ पनी निकै थियो।

आफ्नो टक छापी सो टक तिब्बतलाई दिने व्यवस्था भये पछी शनैः शनैः तिब्बतको सुन चाँदी दुवै बाहिर जान न पाउने प्रबन्ध गरियो। तिब्बत बाट चाँदी ल्यायेर व्यापारीहरु टकसारमा बुझाउँथे औ नेपाल सरकार तेसको टक छापी उनीहरुलाई दिन्थ्यो। यो काम बाट सरकार-लाई सैकड़ा १२ रुपियां नाफा हुन्थ्यो। सैकड़ा चार टक छाप्ने ज्याला टकसारले लिन्थ्यो और सैकड़ा आठ टकमा गर्न पर्ने मिसौट बाट नाफा हुन्थ्यो। यो काम बाट नेपाललाई वर्षको एक लाख रुपियाको आमदनी थियो। तिब्बतका व्यापारी सुन ल्यायेर टकसारमा ८ रुपिया तोलाका दरले बेच्थे। तेही सुन बजारमा १४ रुपिया तोलाका दरले बिक्री गरिन्थ्यो। यसरी सुन चाँदीका व्यापार बाट नेपाललाई ठुलो लाभ थियो। (कर्कप्रेट्रिक—२११–१२)

रत्न मल्लको समय आ० १४६१ ई० देखी पाटनमा सिद्धि नरसिंह मल्लले १६४४ ई० मा स्वतन्त्र राज्य कायम न गरे सम्म काठमांडु तथा पाटनको यौटै शासन थियो। भांदगाउँलाई काठमांडुले यथेष्ट दबायेर राखेको थियो। यो कारणले बहुमूल्य धातुका उपर्युक्त व्यापार बाट जम्मै लाभ काठमांडुलाई भयेको कुरा स्पष्ट छ। तर नेपालमा घर झगरा भये पछी यो आमदनीको अंशियार हुन दुवै पाटन तथा भादगाउँ अघी सरेको बुझिन्छ। जगत् प्रकाश मल्ल आ० १६३२ ई० मा भादगाउँका

राजा भये औ काठमांडु सित न दब्ने नीति ग्रहण गरी सोही वर्ष ने० सं० ७५२ मा उनले आफ्नो स्वतन्त्र मोहर छापे। यो टकको आकारप्रकार प्रायः शिव सिंह तथा लक्ष्मी नरसिंह सित मिल्ने हुनाले यसको प्रचलन तिब्बतमा गर्ने उनको इच्छा भयेका कुराको अनुमान हुन्छ। सिद्धि नरसिंह मल्लले आ० १६४१ ई० मा (ने० सं० ७६१) आफ्नो टक छापी पाटनको भाग्य काठमांडु सित न गांस्ने निर्णय गरे। काठमांडुका राजा प्रताप मल्लले पनी १६४१ ई० मा (ने० सं० ७६१) आफ्नो टक छापे। यसरी तीन प्रकारका टक नेपालका तीन राज्यले चलाये तथा ई तीनै प्रकारका टक तिब्बतमा प्रचार गर्ने उद्योग गरियो। यो कार्यमा तीनै राज्यले केही न केही सफलता पनी प्राप्त गरेको बुझिन्छ।

भादगाउँका अन्तिम दुई राजा भूपतीन्द्र मल्ल तथा उनका छोरा रणजित् मल्लका मोहरको ता तिब्बतमा निश्चित रूपले प्रचलन थियो। भूपतीन्द्र मल्लको मोहरलाई तिब्बतमा अंगि रूग्पा भन्ने चलन थियो। यसको अर्थ छैटौं नम्बर भन्ने हुन्छ। भूपतीन्द्र मल्लका ने० सं० ८१६ मा (आ० १६६६ ई०) छापियेका मितिका अन्तिम अङ्क ६ बाट यो नाम भयेको हो। उनका छोरा रणजित् मल्लका मोहरलाई तिब्बतमा नाग टांग वा कालो मोहर भन्छन्। (वाल्श–पृष्ठ ६६३) ई अधिक मिसौटे भयेको हुनाले चांडै कालो भयेका होलान्।

यसको प्रायः एक सये वर्ष पछी १७४४ ई० मा गोर्खाका राजा पृथ्वीनारायण शाहले आफ्नो नेपालविजयका अभियानमा नुवाकोट जीते। तिब्बत सित नेपालको जो व्यापार थियो तेसको मूल बाटो नुवाकोट थियो। यो कारणले उनले पनी टकको विनिमय बाट धेरै नाफा हुने कुरा बुझे औ यो कुरामा नेपालका राज्यहरू सित प्रतिद्वन्दिता गर्ने सुर गरी नेपाली टकका आकार प्रकारको उनले पनी आफ्नो टक चलाये। शाके १६७६ १७५४ ई० को उनको प्रथम मोहर भेटियेको छ। शाके १६८० सन् १७५८ उनले प्रकाशित गरेको अर्को मोहरको विवरण पनी प्राप्त छ। (इतिहासप्रकाश–भाग १) आफुले नेपालविजय

गर्नु भन्दा अघीका पृथ्वीनारायण शाहका ई टकको उद्देश्य तिब्बतको व्यापार आफ्ना हातमा पार्ने थियो ।

पछी काडमांडुका जय प्रकाश मल्ल तथा भादगाउँका रणजित् मल्लले मिसौटे चाँदीका टक तिब्बत पठाउन थाले । पृथ्वीनारायण शाहका आर्थिक प्रतिबन्धको नीति द्वारा आमदनीको ह्रास भयेको थियो तथा युद्धले गर्दा खर्चको वृद्धि हुँदै थियो । यो कारणले उनीहरु कमअसल मिसौटे चाँदीको टक छाप्न लागेका थिये । पृथ्वीनारायण शाहले १७६८-६९ ई० मा नेपाल विजय गरे पछी नेपालमा चलेका अन्तिम मल्ल शासकहरुका मिसौटे मोहर झिकी आफ्नो असल मोहर चलाये । तर तिब्बतमा चली सकेको मिसौटे मोहरले धेरै बाधा उपस्थित गर्‍यो । पृथ्वीनारायणले ती मोहर झिकी तिनलाई मास्ने निश्चय गरे । यो कुरा तिब्बतले स्वीकार गरेन किन भने यसो गर्नाले तिब्बतलाई आर्थिक क्षति थियो । वहाँ पछी मिसौटे तथा पृथ्वीनारायण शाहका असल मोहरको बेग्ला बेग्लै दर तोकियो । तेसले झन असजिलो भयो र अन्त्यमा तिब्बत सँग रणबहादुर शाहका पालामा सन् १७८९ मा लडाइं नै पर्‍यो ।

विभाजित नेपालका मुद्राहरु भारतमा प्रचलित समसामयिक मुद्राहरु भन्दा कलामा पनी घटी छैनन् । ई मुद्राहरुमा अङ्कित अष्ट मङ्गल चिह्न, खड्ग, कलश, आवरण, भूपुर, वितान तथा विविध प्रकारका यन्त्रहरुको आफ्नै विशिष्टता छ तथा इनको अध्ययन अझ बाकी नै छ ।

कुनै कुनै राजाले डबल वा सुनका मोहर कहिले काहीं छापी हाले ता पनी नेपालका राजाहरुको डबल वा सुनका मोहर छाप्ने चलन थियेन । मोहरका अंश सुका इत्यादि भने छापिन्थे । कुनै विशेष अवसरका स्मृतिमा वा रानीहरुको नाम अङ्कित गरी सुका छाप्ने चलन थियो ।

विभाजित राजाका मोहरहरुमा नेपाल संवत्‌को व्यवहार थियो । सो खारेज गरी पृथ्वीनारायण शाहले शाके संवत्‌को व्यवहार चलाये ।

त्रयोदश अध्याय

प्रताप मल्ल

प्रताप मल्लका पाइयेका मुद्राहरु मध्ये ने० सं० ७६१ आ० १६४१ ई० को प्रथम हो। मखन टोलको पशुपतिनाथका देवलमा भयेको लक्ष्मी नरसिंह मल्लको ने० सं० आषाढ ७६१, १६४१ ई० को नेपाली भाषाका शिलालेखमा (इ० प्र० भाग १—पृष्ठ ६१) उनलाई महाराजाधिराज पदवीले विभूषित गरियेको छ। यसका केही पछी ने० सं० ७६१ न मर्दै उनले आफ्ना पितालाई थुनी आफु राजसिंहासनमा बसी आफ्ना नामको टक छापेको कुरा अनुमान हुन्छ।

वंशावलीहरुमा लक्ष्मी नरसिंह मल्ल विकृत मस्तिष्क भयेका मानीस थिये तथा इनको मानसिक दौर्बल्य इनै ताक बढ़ेको हुनाले प्रताप मल्ल इनलाई थुनी आफु राजा भये भन्ने कुरा लेखियेको छ। यो कथन बाट आफ्ना पितालाई प्रताप मल्लले जीवितावस्थामा नै थुनी आफु राजा भयेको कुरा उचित नै हो भन्ने प्रमाणित हुन्छ। प्रताप मल्ललाई राजा हुन हतार लागेको हुनाले उनले आफ्ना पितालाई थुनी आफ्नो कार्यको औचित्य प्रमाणित गर्न पिताका उन्माद रोगको वा तेही समयमा त्यो बढ़ेको कथा स्वयं रचना गरी प्रकाश गरेको हो कि होइन सो निर्णय गर्ने साधन केही पनी छैन। यो कारणले यसका विषयमा हाल केही भन्न सकिंदैन।

आफु राजा भयेको कुरो प्रमाणित गर्न आफ्ना नामको टक छापनु भन्दा पनी बढ़ता खाँचो तेसको सम्बन्ध तुलजा सित कुनै न कुनै रूपले जोर्नु आवश्यक थियो। यो कारणले प्रताप मल्लले ने० सं० जेठ ७६२, १६४२ ई० मा आफ्ना पूर्वपुरुष महेन्द्र मल्ल द्वारा निर्माण गरियेको

तुलजाका मन्दिरमा सिंहध्वज स्थापना गरी आफ्नो वंशावली भयेको लेख तेसमा अङ्कित गराये। (सं० सं० वर्ष १—संख्या २) यती गरे पछी तुलजा प्रसन्न भै प्रताप मल्ल राजा भयेको कुरो निस्सन्देह हुने हुनाले यो कार्य गरियेको हो। पछी वंशावलीहरुमा लक्ष्मी नरसिंह मल्लको कारागारमा मृत्यु भयेको हुनाले उनले तुलजाको मन्त्र प्रताप मल्ललाई सुनाउन पायेनन् र यो मन्त्र त्यो समय देखी लोप भयो भनेर पनी लेखिये-को छ। तर यो कथन ता सिद्धि नरसिंह मल्लले पाटनमा स्वतन्त्र राज्य स्थापित गरेका कुराको समर्थनका निम्ती प्रकाश गरिनु सम्भव छ।

प्रताप मल्ल दूरदर्शी व्यक्ति थिये औ इनलाई उपत्यकाको विभाजन मन परेको थियेन। यो कारणले पाटनमा स्वतन्त्र राज्य स्थापित भयेको कुरा इनलाई राम्रो लागेको थियेन तथा इनी भादगाउँको स्वतन्त्र राज्य पनी न रहोस् भन्थे। नेपालको सानो उपत्यकामा तीन स्वतन्त्र राज्य हुनु सर्वथा राम्रो कुरा थियेन र प्रताप मल्लले भादगाउँ तथा पाटन जिती काठमांडुका अधीन तुल्याउन खोजेको कुरा सर्वथा उचित थियो। तर उनले यो कार्यमा सफलता प्राप्त गर्न सकेनन्। यसको कारण एक ता इनमा सङ्गठन शक्तिको अभाव थियो तथा दोसरो इनी राजा भयेका समयमा पाटनमा सिद्धि नरसिंह मल्ल जसता योग्य शासकको शासन थियो। तीन राज्यका राजाहरुको नाता थियो तथा तीन राज्य हुनाले जुन यौटा सानो वर्गलाई लाभ भयेको थियो सो यसका रक्षाका निम्ती सबै प्रकारले कटिबद्ध थियो। अशिक्षित जनता विभाजनको कुपरिणाम बुझ्न असमर्थ थियो।

पितालाई थुनी आफु राजा हुनु भन्दा अघी नै प्रताप मल्लले पाटन माथी आक्रमण गरेका कुराको वर्णन पाइयेको छ। ने० सं० फाल्गुन ७५७ १६३७ सिद्धि नरसिंह मल्लले पाटनमा वहाँको प्रसिद्ध कृष्ण मन्दिर निर्माण गरे। त्यो मन्दिरमा देवप्रतिमा स्थापित गरेका दिनमा नै प्रताप मल्लले पाटन माथी आक्रमण गरेका कुराको सङ्केत उनको सो मन्दिरमा भयेको शिलालेखमा पाइन्छ। तेसमा शत्रुले उत्सवका समयमा आक्रमण

गरी किल्लाहरु लियेको तथा पछी उनले शत्रुलाई परास्त गरी ती किल्लाहरु फिर्ता गरेको कुरा लेखियेको छ ।

युद्धारम्भः कृतोऽस्मिन्नपि शुभदिवसे शत्रुभिर्युद्ध शौण्डै
र्दुष्टैः कोटोबरुद्धः कुटिलनृपभटैरद्भुतैः कोटि संख्यै ।
लीलामात्रेण शत्रूनपनयत तदा पार्थिव पार्थतुल्यः
कोटं निर्मोचयित्वा नमुचिरिपुरिवानन्दसन्दोहमाप ॥

उपर्युक्त लेखमा प्रताप मल्लको नाम न लेखियेको भये ता पनी तेसमा वर्णित शत्रु प्रताप मल्ल नै हुन् भन्ने अनुमान हुन्छ । यसै आक्रमणको उल्लेख गरेर प्रताप मल्लले आफ्नो हनुमान् ढोका नेरको ने० सं० फाल्गुन ७६९ १६४९ ई० को शिलालेखमा सिद्धि नरसिंह मल्लका किल्लाहरु जीतेका कुरा लेखेका छन् ।

"श्रीमत्सिद्धिनृसिंह मल्ल नृपतेर्जग्राह दुर्गावलीम् ।

उपर्युक्त लेखहरुका वर्णन बाट पहिले ता प्रताप मल्लले पाटनका केही किल्ला दखल गरेको तथा पछी सिद्धि नरसिंह मल्लले तिनलाई उकासेका कुराको अनुमान हुन्छ । उपर्युक्त वर्णनमा भनियेका लडाई १६३७ ई० तथा १६४९ ई० का माझमा भयेका हुन् ।

काठमांडु तथा पाटनको सीमाना उपत्यकामा वाग्मती थियो । वाग्मती वारी तथा पारीका ई राज्यहरुमा वाग्मतीका किनारमा नै यो वेला लडाई भयेको होला भने जसतो लाग्दैन । नेपाल उपत्यकाको प्रसिद्ध तथा सुन्दरतामा नाउँ चलेको मन्दिरको उद्घाटन समारोह भयेका वेलामा तथा सम्भवतः उत्तर भारतका विविध स्थानका मानीस जम्मा भयेका वेलामा वाग्मती पारी लड़ाई भयो भन्ने कुरामा उती विश्वास हुँदैन । यो लडाई भयेको ठाउँ उत्तर पहाडमा हो भन्ने अनुमान प्रताप मल्लका उपर्युक्त शिलालेखमा "यो कार्षीत्कूतिखासाकिरमिति स्ववशे भोट्टभूपस्य देशात्" भनेका उक्ति बाट अनुमान हुन्छ । नेपाल बाट तिब्बत पस्ने कुती तथा किरोंग नामक दुई प्रसिद्ध भंज्यांगहरु नेवार

राजाहरुका अधीन भयेको कुरा इन ताक तिब्बत जाने युरोपका यात्री-हरुले लेखेका छन् । १६१६ तथा १६२१ ई० का माझमा नेपाल बाट तिब्बत यातायात गर्ने यात्री डेसिडेरीले "धेरै भयेको छैन कुतीको किल्ला तथा प्रदेश काठमांडुका राजाका अधीन थिये तथा अचेल ती लासाका अधीन छन्" भनी लेखेको छ । (पृष्ठ–१३०) किरोंगका विषयमा उनले "किरोंग प्रदेश बाट दक्षिण हिंडे पछी मानीस नेपालका दोसरो सानो राजाको पाटन राज्यमा पुग्छ" (पृष्ठ–११८) भनी लेखेको छ । यता बाट यो समयमा किरोंगको बाटो पाटनका अधीन भयेको तथा कुतीको बाटो काठमांडुका अधीन भयेको बुझिन्छ । यसका १५।२० वर्ष अघी पनी यही स्थिति हुनु सम्भव छ । फेरी तिब्बतका सीमाप्रदेशका भंज्यांग वा तेसका अञ्चलको भूमिमा झगरा भै रहन्थ्यो तथा ती भूमि माथी अधिकार परिवर्तन पनी भै रहन्थ्यो । प्रताप मल्लका पालामा सम्भवतः कुती केही समयका निम्ती तिब्बतका अधीन भयेको थियो औ सो इनले उकासे होलान् । माथी भीम मल्ल लासा गयेका समयमा काठमांडुको कुती माथी अधिकार स्थापित गरे भन्ने जो कुरो वर्णन गरियेको छ तेस बाट पनी कुनै झगराका समयमा कुती हस्तान्तरित भयेको बुझिन्छ । किरोंग तिरको बाटो बाट ओहरदोहर गर्ने व्यापार बाट जो आमदनी हुन्थ्यो त्यो नै खोसेर पाटनलाई सुकाउने उद्देश्यले उनले किरोंग तिर आक्रमण गरेको बुझिन्छ । तेता पट्टीका पहाडका गढीहरु उनले केही कालका निम्ती आफ्ना अधीन पनी गरायेको अनुमान हुन्छ । किरोंगको रक्षाका निम्ती सिद्धि नरसिंह मल्लले आफ्ना मित्र गोर्खाका राजा राम शाहका छोरा डंबर शाहलाई गुहार्नु स्वाभाविक छ । गोर्खाको सेनालाई पहाडमा प्रताप मल्लको सेनाले हरायेका कुराको पनी यसै शिलालेखमा वर्णन छ ।

प्रताप मल्लका उपर्युक्त शिलालेखमा भयेको सम्पूर्ण विजय वर्णन यहाँ सारी तेसको विचार गर्नु अनुपयुक्त न होला । त्यो अंश तल लेखे बमो-जिम छ ।

यो कार्षीत्कूतिखासाकिरमिति स्ववशे भोट्टभूपस्य देशात्
जग्राहैवावदीनं प्रतिदिनमपरे ये भजन्ते नरेशाः
भक्तग्रामनरेश मल्लनृपतिंदत्वेममेनभिया
भेजेसौ वसुधां जहार सुदृढं संध्यार्य दुर्गं पुनः
श्रीमड्डुम्बरशाह भूपतिबलं विध्वस्यहत्वाग्रलं
श्रीमत्सिद्धिनृसिह मल्ल नृपतेर्जग्राह दुर्गावलीम्

भोटका राजाका अधीन भयेका कुती, खासा, किरोंग आदि स्थान इनले जीते। डम्बर शाहको सेनालाई ध्वंस पारे तथा सिद्धि नरसिंह मल्लका किल्लाहरु दखल गरे।

माथी भादगाउँको जो उल्लेख छ तेसको जगत् प्रकाश मल्ल सित सम्बन्ध छ। सिद्धि नरसिंह पाटनका राजा भयेको दोसरो वर्षमा ई भादगाउँका सिंहासनमा बसेका थिये। राय मल्लका पाला देखी भादगाउँ माथी काठमांडुको जो बलमिच्याई चलेको थियो तेसको प्रतिशोध गर्ने भाव इनका हृदयमा थियो र इनी काठमांडुका विरुद्ध सिद्धि नरसिंह सित मिल्नु स्वाभाविक छ। पछिल्लो पटकको पछी वर्णन गरिने लडाईंमा सिद्धि नरसिंहका छोरा श्रीनिवास मल्ल औ प्रताप मल्लको सम्मिलित शक्तिका सम्मुख हारे झैं यो पाला पनी हात्ती चढाई प्रताप मल्लको प्रभुत्व इनले स्वीकार गर्न परेको थियो।

यो लडाई एक्कासी केही कालका निम्ती मात्र भयेको होइन। यो लामो लडाई थियो। प्रताप मल्लले निकै विचार गरी आफु राजा हुने बित्तिकै किरोंगको बाटो थुनी पाटनलाई सुकाउन आंटेका थिये। बाटोको राम्रो प्रबन्ध न भयेका अञ्चलमा एक चोटी झ्वाट्ट केही इलाका जीत्नु ता गाहारो छैन तर त्यहाँ बराबर आफ्नो सैन्य राखी तेसको रक्षा गर्नु पो गाहारो छ। यसै कारणले सिद्धि नरसिंह मल्ल चाँडै नै त्यो इलाका फर्काउन समर्थ भयेको बुझिन्छ।

वहाँ पछी सिद्धि नरसिंह मल्ल हुन् ज्याल प्रताप मल्लले पाटन सित लडाई गर्ने साहस गरेनन्। उनी जोगी हुने बित्तिकै उनका छोरा

श्रीनिवास मल्ल ने० सं० ७७७ आ० १६५७ ई० मा पाटनका राजा भये । इनी राजा हुने बित्तिकै प्रताप मल्लले फेरी पाटन सित लडाई थाले । यो भन्दा अघी भादगाउँका जगत् प्रकाश मल्ललाई उपत्यकाको बाटो थुनी प्रताप मल्लले निकै दुःख दियेका थिये र उनी पहिलो पाला झैं फेरी पाटन सित मिले । समान शक्ति भयेका तीन राज्यमा दुई राज्य एक पट्टी भये पछी जीत्नु सम्भव न हुनाले चतुर प्रताप मल्लले श्रीनिवास मल्ललाई आफु तिर मिलाई भादगाउँ सित युद्ध गरे ।

भादगाउँका विरुद्ध काठमांडु तथा पाटनको यो सम्मिलित युद्ध १६६२ ई० मा हुँदा एक जना युरोपका यात्री काठमांडु पुगेका थिये । चीन बाट रोम फर्की जान लागेका फादर् ग्रुबर तिनै ताक नेपाल पुगेका थिये तथा उनले यो युद्धको केही विवरण पनी छोडेका छन् । इनका विवरण बाट प्रताप मल्ल तथा श्रीनिवास मल्लका संयुक्त सेनाका सञ्चालनको भार श्रीनिवास मल्लका हातमा भयेको चाल पाइन्छ । ग्रुबर काठमांडु पुग्दा यो सम्मिलित सेना वाग्मतीका किनारमा उभियेको उनले देखेथे । ग्रुबरले दियेको दुरबीनले हेर्दा प्रताप मल्लले जगत् प्रकाश मल्ल बसेको ठाउँ नजीकै देखेर अहिल्यै आक्रमण गर्न पर्छ भनेथे । फादर ग्रुबर बाट यसतो सहायता पायेको हुनाले प्रताप मल्लले उनलाई बस्ने ठाउँ दी आफ्ना राज्यमा राख्न आँटेका थिये तर ग्रुबर लाई रोम आउनु भन्ने आज्ञा भयेको हुनाले उनी काठमांडु केही दिन मात्र बसी फर्के । तर वंशावलीका विवरण अनुसार यो युद्धका विषयमा तल लेखियेका कुरा चाल पाइन्छन् । यो युद्ध प्रताप मल्लले पाटन तथा भादगाउँ जाने मार्गहरु अवरुद्ध गरी ती दुई राज्यलाई आर्थिक सङ्कष्टमा पार्न गरेका कारवाई बाट आरम्भ भयेको बुझिन्छ । प्रताप मल्लले यसरी बाटो थुने पछी श्रीनिवास मल्ल और जगत् प्रकाश मल्ल मिली ने० सं० श्रावण ७७८ १६५८ ई० मा काठमांडु माथी आक्रमण गरे । यो आक्रमणको फल-स्वरूप भादगाउँ जाने बाटो खोला भयो । वहाँ पछी प्रताप मल्लले श्रीनिवास मल्ललाई आफु तिर मिलाये और पाटन जाने बाटो जो उनले

अवरुद्ध गरेका थिये सो खोला गरी दिये। काठमांडु तथा पाटनको यसरी मेल हुँदा भादगाउँ निर्दो हुनु स्वाभाविक थियो। प्रताप मल्लले श्रीनिवास मल्ललाई आफु तिर मिलाउन न सकेको भये काठमांडुको स्वतन्त्र अस्तित्व नै सन्देहजनक हुने थियो।

यो मेल पछी काठमांडु तथा पाटनका संयुक्त सेनाले नाला माथी आक्रमण गर्‍यो। यसका उत्तरमा जगत् प्रकाश मल्लले ने० सं० पौष ७८० १७६० ई० मा चांगुका बेसीको यौटा गाउँ माथी आक्रमण गरी तेसमा आगो लाई दिये। यो लडाईमा आठ जना मानीस मारिये औ २१ जना पक्रा परे। यसका केही महिना पछी प्रताप मल्ल तथा श्रीनिवास मल्लको संयुक्त सेनाले वंदे ग्राम माथी आक्रमण गर्‍यो। फेरी चोर पुरी पनी दखल गरियो। यसरी भादगाउँ तिर यो संयुक्त सेना बढ्दै गयेको देखेर जगत् प्रकाश मल्लको केही चलेन र धन तथा हात्ती दी उनले हार स्वीकार गरे। यो विजय पछी ने० सं० ७८१ आ० १६६१ ई० मा छापियेको प्रताप मल्लको यौटा डबल पाइयेको छ तेसमा उनले आफ्नो राजराजेन्द्रको विरुद अङ्कित गरायेका छन्।

उपर्युक्त लडाईहरुलाई लडाईं भनेको मात्र हो, ती ता साधारण झगरा जसता मात्र थिये। यसता साधारण लडाईं जीत्तैमा इतिहासमा कसैको विजयी भन्ने नाम चल्न सक्तैन। प्रताप मल्लको पनी इतिहासमा विजयी वा योद्धाका रूपमा स्थान छैन। उनी ता इतिहासमा अरु नै कुराले प्रसिद्ध भयेका छन्। उनको कविता प्रेम, साहित्य प्रति अनुराग, भवननिर्माण आदि कुराले गर्दा उनले इतिहासमा आदर प्राप्त गरेका छन्।

नेपालमा प्रताप मल्लले बनायेका अनेक देवी देवताका मन्दिर इत्यादि अद्यावधि छन्। नेपालका प्राचीन दरबारको प्रसिद्ध हनुमान् ढोका इनैले बनायेको हो। त्यो भीत्रको न्यासल (न्यायशाला) चोक पनी इनैले थपेको हो। न्यासल चोक भीत्र पर्ने मोहन चोक तथा तेसमा भयेको सुन्दर कृष्णको मूर्ति पनी इनैले बनायेको हो। दरबारका सम्मुख-

का इन्द्रपुर तथा जगन्नाथ देवल पनी इनैले बनायेका हुन् । दरबारमा तलाउ सहितको यौटा उपवन बनाई तेसको नाम भंडार खाल राखियो । बालाजीको प्रसिद्ध स्थान पनी इनैले बनायेका हुन् । यो निर्माण भै सके पछी नेपालका राजाले बुढा नीलकण्ठको दर्शन गर्न न जाने प्रथा चल्यो जो अद्यावधि छँदै छ । पशुपतिनाथ तथा गुह्येश्वरीका मन्दिरमा पनी इनले अनेक निर्माण गरे तथा तिनको सौन्दर्यको वृद्धि गरे । ठाउँ ठाउँ बहाल तथा अन्य धार्मिक स्थानहरु पनी इनले अनेक निर्माण गरे तथा अनेक जीर्णोद्धार गरे । स्वयम्भूनाथमा इनले राखेको वज्र अद्यापि छँदै छ ।

प्रताप मल्ल संस्कृतका पण्डित भयेको कुरा उनले स्वयं रचना गरी अनेक ठाउँमा अङ्कित गरायेका देवीदेवताका स्तोत्रबाट थाहा पाइन्छ । नेपालमा संस्कृतका अध्ययनको ह्रास भयेको यो समय थियो । नेपालमा पण्डितको अभाव भयेको हुनाले मल्ल राजाहरुले वेला वेलामा भारत बाट पण्डित बोलायेको कुरा वंशावलीमा उल्लेख गरियेको छ । प्रताप मल्लका यो काव्यप्रेमले काटमांडुमा संस्कृत अध्ययनले निकै प्रोत्साहन प्राप्त गर्‍यो होला भन्ने कुराको कल्पना सहजै गर्न सकिन्छ ।

यसरी कविता गर्ने इनलाई सोख हुनाले इनले गर्वपूर्वक कवीन्द्रको विरुद धारण गरे तथा ने० सं० ७७५ आ० १६५५ ई० को आफ्नो यौटा मोहरमा यो कवीन्द्रको उपाधि अङ्कित पनी गरेका छन् ।

इनका निर्माण कार्य द्वारा नगरको सौन्दर्य वृद्धि बाहेक नागरिकहरुको सुबिस्ता पनी बढेको थियो । रानी पोखरीको ने० सं० ७८९ आ० १६६९ ई० मा भयेको निर्माण द्वारा नगरवासीलाई स्नानसंध्या गर्ने धेरै सुबिस्ता भयेको थियो । रानी पोखरी द्वारा नगरका सुन्दरताको पनी निकै अभिवृद्धि भयेको थियो । रानी पोखरीका निर्माणको कुरा लेखियेको शिलालेख नेपाली भाषामा लेखियेको हुनाले नेपालमा तिनताक पहाडियाहरु यही पोखरीका वरपर बस्ता रहेछन् भन्ने अनुमान हुन्छ तथा यो पोखरी विशेषतः उनीहरुका नै उपयोगका निम्ती निर्माण

गरियेको हो कि भन्ने पनी अनुमान हुन्छ ।

समय समयमा कोटि होम, तुलादान इत्यादि गर्ने पनी इनको अभ्यास थियो । ई दानहरुका अवसरमा भारतका विविध स्थान बाट पण्डितहरु आमन्त्रित भै काठमांडु आउँथे तथा भारतका विविध भागका मानीसहरु सित नेपालीको परिचय हुन्थ्यो औ पारस्परिक ज्ञान तथा सांस्कृतिक आदानप्रदानको वृद्धि हुन्थ्यो । इनले पशुपतिका मन्दिरमा ने० सं० ७७७ माघ आ० १६५७ ई० मा गरेको तुलादान प्रसिद्ध छ तथा तुला झुड्याउन गाडेको खाँबो वहाँ अध्यापि छँदै छ । यसता अवसरमा नाटक इत्यादि गर्ने चलन पनी तिन ताक नेपालमा थियो ।

इनको धार्मिक सहिष्णुता पनी प्रशंसनीय छ । हुन ता धार्मिक सहिष्णुता नेपालका इतिहासको सँधै यौटा विशिष्ट गुण थियो तर प्रताप मल्लका पालामा यो सहिष्णुताले जुन रूप लियेको थियो तेसको अन्ता-जातीय महत्व छ । क्रिश्चियन धर्मावलम्बी जेजुइटहरुले पनी इन बाट स्वागत पाये तथा काठमांडुमा बस्ने भये स्थान इत्यादि दिने कुरा पनी उनले गरेका थियो । स्वयम्भूनाथको मन्दिर बनाउन तिब्बतका स्यामार्पा लामाले इनी राजा हुनु भन्दा एक वर्ष अघी आज्ञा पायेका थिये । भारतका विविध भागका ज्ञानीहरुले इनका दरबारमा आश्रय पायेका थिये । दक्षिणका लम्बकर्ण भट्ट इनका गुरु थिये । मिथिलाका वंशमणि उपाध्याय आदि पण्डितहरुले इनको आश्रय पायेका थिये । बौद्ध धर्म प्रति इनका हृदयमा भयेका श्रद्धाको यौटा घतलाग्दो घटनाका विषयमा केही कुरा चाल पाइयेको छ । ठमेलका प्राचीन विहारमा ने० सं० मंगसिर ३४४ १२२४ ई० मा टिमी तथा बोडेका माझमा पर्ने नाग देशमा पण्डित श्री जिनश्रीज्ञानले लेखेको शतसाहस्रिका प्रज्ञापारमिता राखियेको छ । त्यो हेर्न ने० सं० श्रावण ७६९ १६४९ ई० मा प्रताप मल्ल तथा उनकी रानी लालमती गयेछन् । यो पुस्तक देखी यो महान् ग्रन्थ-दर्शनले मुग्ध भयेकी उनकी रानी लालमतीले तत्काल केही श्लोक रचना गरी आफ्ना मनको श्रद्धा व्यक्त गरीछन् । सो सुनी प्रताप मल्लले पनी

यो महान् ग्रन्थको प्रशंसा गरी श्लोक रचना गरेछन् । ती श्लोकहरु लेखी सो पुस्तक सित अद्यावधि राखियेका छन् और इन्द्र यात्रामा कुमारीहरु नगरभ्रमण गर्दा उनीहरु एक दिन यो विहारमा जाने तथा तिनीहरुका सम्मुख ई श्लोकहरु पाठ गर्ने प्रथा अद्यावधि छ । (सं० सं० वर्ष १–सं० ५)

प्रताप मल्लले आफ्ना वैवाहिक सम्बन्धमा पनी आफ्ना उदार विचारको परिचय दियेको कुरा चाल पाइयेको छ । हनुमान् ढोका नेर स्थित कृष्ण मन्दिरमा भयेको ने० सं० ७६९ आ० १६४९ ई० शिलालेखमा इनले आफना दुई पत्नीको उल्लेख गरेका छन् । तेसमा तिनीहरुको नाम रूपमती तथा राजमती लेखियेको छ । रूपमतीको वंशावली पनी तेसमा वर्णित गरियेको छ । यो शिलालेख भगवान् लाल इन्द्रजीले पहिले प्रकाशित गरेका हुन् । तेसको केही संशोधन गरी यो शिलालेख संस्कृत सन्देशमा पनी छापियो । (वर्ष १–संख्या–३) संशोधित श्लोक तल लेखिये बमोजिम छ ।

आस्ते काप्यमरावतीव विलसद्दन्तीन्द्रदिव्याङ्गना
युक्ता स्वर्णमयी विहारनगरी सा राजधानी परा ।
श्रीमत् श्रीकमताधिकामरपतेरिन्द्रणतुल्यस्य च
प्रत्यर्थिवजनिर्जितस्य नरगुन्नारायणस्यापि च ॥
लक्ष्मीनारायणस्तस्माद्वीरनारायणस्ततः
पुत्री रूपवती तस्य प्राणनारायण सुतः ॥

उपर्युक्त श्लोकमा भनियेको कमतपुरको ध्वंसावशेष कुचविहारमा अद्यावधि छ । यही कमतपुरको राज्य पछी विहार राज्यका नामले प्रसिद्ध भयेको हो । उत्तर भारतको विहार सँग नामको समानता पृथक् गर्न यसलाई कोच वा कुचविहार भनेको हो किन भने यो विहारमा कोचहरुको राज्य स्थापित भयेको थियो । सोरहौं शताब्दिका आरम्भमा गौडका (बंगाल) अफगान राजाहरुले यहाँका अन्तिम राजा नीलंभर-

लाई हराई बन्दी तुल्याये पछी कुचविहारमा अराजकता स्थापित भयो। यो कालमा उत्तरपूर्वका अनेक जातिले यो राज्य माथी आक्रमण गरे तथा ती मध्ये कोचहरु बलवान् हुँदा इनैको राज्य वहाँ स्थापित भयो। हाजो नामक कोच नायक निकै प्रतापी हुनाले इनले वर्तमान आसाम तथा पूर्व वंग आफ्ना अधीन गरायेका थिये। हाजो अपुत्र थिये, यसैले इनी पछी इनका दौहित्र विसु आफ्ना बाजेका सिंहासनमा बसे। विसुका पालामा कुचविहारमा तन्त्रमतको प्रचार भयो तथा यसैका प्रभावले इनले आफ्नो नाम परिवर्तन गरी विश्वावसु वा विश्व सिंह राखे। विश्वावसु वा विश्व सिंहले आफ्नो राज्य आफ्ना दुई छोरा नरनारायण तथा शुक्लध्वजलाई बाँडी दिये। नरनारायणका अंशमा कुचविहार पर्‍यो। नरनारायणका छोरा लक्ष्मीनारायण १५८० ई० मा कुचविहारका राजा भये। लक्ष्मीनारायण मुगल बादशाह जहाँगीर द्वारा युद्धमा परास्त गरिये। लक्ष्मीनारायणको मृत्यु १६२२ ई० मा भये पछी इनका छोरा वीरनारायण सिंहासनमा बसे। वीरनारायणले केवल पाँच वर्ष राज्य गरे औ इनको १६२७ ई० मा मृत्यु भये पछी इनका छोरा प्राणनारायण राजा भये। इनै प्राणनारायणकी दिदी रूपमती हुन तथा उपर्युक्त शिलालेखमा प्रताप मल्लले वर्णन गरेको वंशावली नरनारायण तथा उनी पछी राजा हुने रूपमतीका पूर्वजहरुको हो।

प्रताप मल्लको कुचविहारका राजा वीरनारायणकी छोरी सित विवाह भयेको कुरा नेपालका प्राचीन सांस्कृतिक परिपाटी अनुसार छ। अष्टम शताब्दिमा राज्य गर्ने लिच्छवी राजा शिवदेवले (द्वितीय) गुप्त आदित्यसेनकी दौहित्री तथा उत्तर भारतको मौखरी राजवशकी कुमारी वत्सादेवी सित विवाह गरेका थिये। शिवदेव तथा वत्सादेवीका छोरा जयदेवले कामरूपका हर्षदेवकी छोरी राज्यमती सित विवाह गरेका थिये। यसैले प्रताप मल्लको कुचविहारकी राजकुमारी संग भयेको विवाह नेपालको अन्ताजातीय विवाह गर्ने प्राचीन परम्पराका अनुकूल थियो।

रूपमती बाहेक आफ्नी भोगपत्नी वा भित्रेनी रानी राजमतीको पनी

प्रताप मल्लले त्यो शिलालेखमा उल्लेख गरेका छन्। त्यो शिलालेखमा ई दुई रानीको वर्णन गर्दा उपयोग गरियेका भाषाका शैलीमा पनी भेद देखिन्छ, रूपमतीको वर्णन शान्त तथा शिष्ट भाषामा छ औ राजमतीको वर्णन उत्ताउलो भाषामा छ।

रूपमतीको नाम अङ्कित भयेको ने० सं० ७६९ आ० १६४९ को यौटा सुकी पाइयेको छ। उनको वर्णन भयेको कृष्णमन्दिरको उपर्युक्त शिलालेख पनी ने० सं० ७६९ १६४९ ई० को हो तथा त्यो शिलालेखका वर्णन बाट रूपमती तथा राजमती दुवैको मृत्यु भै सकेको कुरा चाल पाइन्छ। शिलालेख भयेको कृष्णमन्दिरमा ई दुई रानीको सालिग राखियेको छ तथा सालिग राख्ने उद्देश्य ई दुई रानीको स्वर्गप्राप्ति भनेको छ। (स्वर्गार्थम्) यता बाट १६४९ ई० मा प्रताप मल्लका ई दुवै रानी स्वर्ग भै सकेका थिये भन्ने स्पष्ट हुन्छ। यो कारणले माथी रूपमतीको नामाङ्कित सुका उनका मृत्युका उपलक्षमा छापियेको हो कि भन्ने अनुमान हुन्छ।

पछी प्रताप मल्लका अर्का दुई रानी भयेको कुरा उनको हनुमान् ढोका सम्मुख उनले राखेको स्तम्भमा भयेका लेख बाट चाल पाइन्छ। (सं० सं० वर्ष २–संख्या ४-६) यो लेख ने० सं० भाद्र ७९० १६७० ई० को हो। यसमा अनन्तप्रिया देवी तथा प्रभावती देवी नामक उनका दुई महारानीहरुको उल्लेख छ। अनन्तप्रिया देवीलाई विहार नगरीकी महाराजकुमारी भनेका कुरा बाट ई पनी कुचविहारकी राजकुमारी रहीछन् भन्ने अनुमान हुन्छ।

यो शिलालेखमा उनका छोराहरुको पनी नाम अङ्कित छ। भूपेन्द्र मल्ल, चक्रवर्तीन्द्र मल्ल, महीपतीन्द्र मल्ल, नृपेन्द्र मल्ल तथा पार्थिवेन्द्र मल्लका नाम तेसमा पाइन्छन्। ई मध्ये चक्रवर्तीन्द्र मल्लको मृत्यु भै सकेको थियो। वंशावलीहरुमा प्रताप मल्लले पालै सित एक एक वर्षका निम्ती आफ्ना छोराहरुलाई राजा तुल्यायेको कुरा लेखियेको छ। ने० सं० ७८९ आ० १६६९ ई० को उनको नामाङ्कित यौटा मोहर पनी पाइयेको छ। वंशावलीका कथन अनुसार चक्रवर्तीन्द्र मल्लले केवल एक

दिन राज्य गरे औ उनको मृत्यु भयो भन्ने छ। भूपेन्द्र मल्ललाई महाराजकुमार उपाधि यो लेखमा दिइयेको हुनाले उनी वालीहद मानियेका रहेछन् भन्ने अनुमान हुन्छ। अरु छोराहरुका नामका अगाडी कुनै विशेष प्रशस्ति छैन।

प्रताप मल्लका मृत्युको निश्चित तिथि पाईदैन। तर सबै थोक विचार गर्दा उनको मृत्यु ने० सं० ७९५ आ० १६७५ ई० मा भयेको विदित हुन्छ। यसै वर्षको इनका छोरा नृपेन्द्र मल्लको मोहर पनी पाइयेको छ। यो हिसाबले इनले ३० वर्ष राज्य गरेको देखिन्छ।

प्रताप मल्ल काठमांडुका एक जना योग्य तथा शिक्षित शासक थिये भन्ने कुरामा केही सन्देह छैन। इनका लेखहरुमा अनेक गर्वोक्ति छन् तथा शृङ्गारले पूर्ण उपमाको प्राचुर्य छ। ई दुवै कुरालाई हामीले पतनोन्मुख समसामयिक संस्कृत कविताको यौटा शैली हो भनी बुझ्न पर्छ। इनका शृङ्गारका उपमा बाट केही परिणाम झिक्न खोजे वंशावलीहरुमा भने झैं इनका तीन हजार रानीहरु थिये भन्ने वाहियात कल्पना पनी गर्न पर्ला। प्रताप मल्लका समयमा समसामयिक भारतमा शासन गर्ने मुगल बादशाहरुका विशाल अन्तःपुरको गफ नेपालमा पनी पुगेको थियो। उनीहरुका धेरै स्त्रीहरु भयेका अन्तःपुरको गफ सुनी नेपालका वंशावली लेख्ने सुधौ लेखकहरुले अन्तःपुरका विशालता सित राजाको गौरवलाई जोर्ने भूल गरेका कुराको अनुमान हुन्छ। यो कथामा किञ्चित् तथ्यांश छैन। भारतका विविध भागका विद्वान्हरुले इनका दरबारमा आश्रय पायेका कुरा बाट इनको विद्याप्रेम तथा उदारताको परिचय पाइन्छ। तन्त्र शास्त्र प्रति पनी इनको अभिरुचि थियो तथा कुचविहार सित स्थापित भयेको इनको वैवाहिक सम्बन्ध इनका तन्त्र शास्त्र प्रति भयेका प्रेमको अपरोक्ष परिणाम हुनु सम्भव छ किन भने इन ताक कुचविहारमा पनी निकै तन्त्र शास्त्रको प्रचार भयेको थियो। इनले बनायेका अनेक देवमन्दिरहरु काठमांडुमा अद्यापि छन्। ई देवस्थानमा हुने नित्य तथा नैमित्तिक पूजा, नाच, यात्राले गर्दा साधारण प्रजाहरुको मानसिक स्थितिमा

धार्मिक भावनाको प्रधानता थियो औ इनले उनीहरुका जीवनमा निकै आमोद पनी प्रदान गर्थे । यो धार्मिक जीवन प्राचीन नेपालका परम्परा अनुसार बडो उदार थियो । यसमा धार्मिक असहिष्णुताको गन्ध पनी थियेन । प्रजाहरु धार्मिक विद्वेष भनेको के हो सो जान्दा पनी जान्दैनथे भने पनी हुन्छ ।

प्रताप मल्लको लामो राज्यकालमा उनले गरेको कुनै यौटा कुरोलाई यो महान् कुरो हो भनी हामीले देखाउन न सके ता पनी तथा उनले इतिहासको स्रोत नै अर्का तिर बगाउने कुनै कार्य न गरेको भये ता पनी उनको राज्यकाल नेपालका प्राचीन इतिहासको यौटा पृष्ठ हो कि भने जसतो लाग्छ । नेपालका तीन राज्यमा भयेका एक बीस भन्दा धेरै राजाहरुमा इनी सहजै सबै भन्दा ठुला गनिन्छन् ।

चतुर्दश अध्याय

प्रताप मल्ल पछी

नेο सं ७९५ आο १६७५ ईο मा प्रताप मल्लको मृत्यु हुँदा उनका तीन जना छोरा महीपतीन्द्र, नृपेन्द्र तथा पार्थिवेन्द्र जीवित भयेको बुझिन्छ। प्रताप मल्लले आफ्ना जीवितावस्थामा नै बालिहद मानेका भूपेन्द्र मल्लको पनी मृत्यु भै सकेको अनुमान हुन्छ। उमेरले सिंहासनका अधिकारी महीपतीन्द्र मल्ल भये ता पनी नृपेन्द्र तथा पार्थिवेन्द्रले इनलाई पक्की कैद गरी राखे। तर कांछा पार्थिवेन्द्र बुद्धिमान् तथा चतुर मान्छे हुनाले नृपेन्द्र मल्ल राजा भये ता पनी अधिकार इनका हातमा नै थियो। यो कारणले नै होला वंशावलीहरुमा नृपेन्द्र मल्ल राजा भयेका कुराको उल्लेख पनी छैन। तर नृपेन्द्र मल्ल राजा भयेको कुरा उनको नाम अङ्कित भयेका केही लेखहरु द्वारा प्रमाणित हुन्छ। सबै भन्दा पहिले नेο संο ७९५ आο १६७५ ईο को उनको नामाङ्कित मुद्रा पाइयेको छ। यता बाट पिताको मृत्युको हुने बित्तिकै उनी सिंहासनारूढ़ भयेको कुरा प्रमाणित हुन्छ। इनका समयको नेο संο मार्ग ७९८ १६७८ ईο को यौटा शिलालेख पनी प्रकाशित भयेको छ जसमा इनलाई राजोचित उपाधिले विभूषित गरियेको छ। नेο संο ७९९ आο १६७९ ईο मा इनको मृत्यु भयेका कुराको अनुमान हुन्छ। इनको मृत्यु पितृपक्षका अमावास्याका दिन भयेको तथा इनको क्रियाकर्म ब्राह्मण द्वारा गराई त्यो पछी पर्ने दसैं काठमांडुमा मनाइयेका कुरा बाट पार्थिवेन्द्र मल्लका दृष्टिमा इनको विशेष महत्व न भयेको बुझिन्छ।

पार्थिवेन्द्र मल्लको नेο संο ८०० आο १६८० को मोहर पाइयेको छ। तेसमा केवल इनका नामको मात्र उल्लेख छ। नेο संο ८०२ आο

१६८२ ई० को इनको यौटा अर्को मोहर पाइयेको छ। तेसमा महाराज नेपालेन्द्र भन्ने इनको विरुद छापियेको छ। तेसका पछिल्लो पट्टी इनकी रानी राज्यलक्ष्मी देवीको नाम पनी छापियेको छ तथा इनलाई महारानी जगत्‌माता भनेको छ। पार्थिवेन्द्र मल्लको ने० सं० ८०० आ० १६८० को मोहर उनी राजा हुने बित्तिकै प्रकाशित गरेका कुराको अनुमान हुन्छ।

माथी उल्लेख गरियेको इनको ने० सं० ७९९ १६७९ को पशुपतिको शिलालेखमा इनले पशुपतिनाथका मन्दिरमा केही निर्माण गरेका कुराको उल्लेख छ। यो विषयमा वंशावलीहरुमा पनी यौटा वर्णन छ औ तेसैका आधारमा यहाँ केही कुरा लेखिन्छन्। गङ्गा रानीले निर्माण गरेको पशुपतिनाथको मन्दिर बिग्रेको हुँदा तेसको जीर्णोद्धार गर्न देवपाटनमा झिङ्टी पोलियेको थियो। मन्दिर चांडो निर्माण होस् भनी पार्थिवेन्द्र मल्लले झिङ्टी आफैं बोकी पशुपतिनाथका मन्दिरमा पुऱ्याये। यो देखी काठमांडुका रैतीहरु आई जम्मै झिङ्टी बोकी एक रातमा पशुपतिका मन्दिरमा पुऱ्याई दिये तथा यो कारणले मन्दिरको निर्माण शीघ्रातिशीघ्र सम्पन्न भयो। नेपालका नेवार प्रजाका सहज राजभक्तिको उदाहरण यो घटना बाट पाइन्छ।

इनका समयमा भयेको यौटा अर्को घटनाको पनी यहाँ उल्लेख गरिन्छ तथा तेता बाट अर्को यौटा सामाजिक प्रथाका विषयमा हामीलाई केही ज्ञान हुन्छ। तेह्रौंतका धर्मा झा नामक व्यक्तिले चांगु नारायणमा आफ्नो नाता पर्ने सगोत्रलाई मारे छ। ब्राह्मण हुँदा धर्मा झा अवध्य थियो र उसको सर्वस्व गरियो। तर ब्रह्मस्व कसरी राज्यकोषमा लै जानु भन्ने समस्या उपस्थित भयो। यो कारणले यो धन धर्मार्थमा खर्च गर्नु भन्ने निणय भयो। यो निश्चय बमोजिम यो धनले अनेक मन्दिरहरुको जीर्णोद्धार गरियो तथा नयाँ देवस्थान बनाइये। ठाउँ ठाउँमा गुठीहरु राखिये। यसरी राजकीय दण्ड पायेका ब्राह्मणको सर्वस्व खर्च गरियो।

पार्थिवेन्द्र मल्लको मृत्यु विषप्रयोग द्वारा भयेको बुझिन्छ। यो घटना

ने० सं० आषाढ ८०७ १६८७ ई० को हो। पार्थिवेन्द्र मल्लका उत्तराधिकारी तथा छोरा भूपालेन्द्र मल्लको नाम अङ्कित भयेको ने० सं० ८०८ आ० १६८८ ई० को मोहर पनी पाइयेको छ। पार्थिवेन्द्र मल्लको रसप्रयोग द्वारा मृत्यु भयेको कुरो आश्चर्यजनक छैन किन भने प्रताप मल्लका छोराहरुमा राज्यका निम्ती ठुलो झगरा उठेको बुझिन्छ। राज्यका हकदार छोरा महीपतीन्द्र मल्ल काठमांडु बाट भागी पाटन गै बसेको करो पनी बुझिन्छ। पार्थिवेन्द्र मल्ल सित २४ जना स्त्री सती गयेका कुराको उल्लेख पनी पाइयेको छ। सती जाने प्रथा तिन ताक नेपालमा भये ता पनी यतीका रानीहरु सती जानु बडो आश्चर्यको कुरो छ। (सं० सं-वर्ष-१-अङ्क १०-१२) यसका बीस बाइस वर्ष पछी मर्ने पाटनका राजा योग नरेन्द्र मल्ल सित २१ जना रानी सती गयेको कुरा योगमतीको ने० सं० माघ ८४३ ११ फेब्रुअरी १७२३ को शिलालेखमा भनियेको छ (भगवान् लाल इन्द्रजी-संख्या २२)। काठमांडु वा पाटन जसता साना राज्यमा एक जना सित यतीका स्त्रीहरु सती जानु भनेको यौटा अचम्मको कुरा छ। पार्थिवेन्द्र मल्लकी रानी भूपालेन्द्र मल्लकी आमा ऋद्धिलक्ष्मी देवी भने आफ्ना पतिका शव संग सती न गयेका कुराको प्रमाण उनको ने० सं० कार्तिक ८१० १६८९ ई० को शिलालेख छ। (भगवान्लाल इन्द्रजी-संख्या २०) लोकमा यतीका रानी सती गये भनेर पार्न शक्तिशालिनी रानीहरुलाई बाद दी रखौटीहरुलाई बलजफ्ती सती हुन लायेको हुनु पनी असम्भव छैन।

भूपालेन्द्र मल्लको उल्लेख भयेको उनकी आमाको उपर्युक्त शिलालेख बाहेक ने० सं० ८१२ आ० १६९२ ई० का दुई वटा मोहर पाइयेका छन्। तिनमा इनको नाम बाहेक वीर, नेपालेश्वर राजेन्द्र, गिरीन्द्र, राजराजेन्द्र, चूडामणि सम्राट् अङ्कित गरियेका छन्। ऋद्धिलक्ष्मीका शिलालेखमा पनी नेपालेश्वर महाराजाधिराज सकल राजचक्राधीश्वर भन्ने इनको प्रशस्ति छ।

भूपालेन्द्र मल्लकी आमा ऋद्धिलक्ष्मीको चाँगु नारायणमा भयेको ने०

सं० फाल्गुन ८१४, १६९४ ई० को यौटा शिलालेख प्रकाशित भयेको छ। (सं० सं०—वर्ष १—अंक ६) तेस बाट त्यो समयमा भूपालेन्द्र मल्ल नै नेपालका राजा भयेको कुरा चाल पाइन्छ। उनी ने० सं० ८१८ आ० १६९८ ई० सम्म जीवित भयेको कुरा पाटन मूल चोकमा भयेको यौटा ताम्रपत्र बाट चाल पाइन्छ। तेसमा भादगाउँका राजा भूपतीन्द्र मल्ल, पाटनका राजा योग नरेन्द्र मल्ल तथा काठमांडुका राजा भूपालेन्द्र मल्लका नाम अङ्कित छन्।

भूपालेन्द्र मल्लको मृत्यु ने० सं ८२० आ १७०० ई० मा भयेको अनुमान हुन्छ किन भने इनका छोरा भास्कर मल्लको ने० सं० ८२१ आ १७०१ ई० मोहर पाइयेको छ। भास्कर मल्लको ने० सं० ८१८ आ० १६९८ ई० को यौटा सुकी पनी पाइयेको छ। तर यो उनका पिताका जीवितावस्थामा नै कुनै विशेष अवसरमा प्रकाशित भयेको होला भन्ने अनुमान छ।

भूपालेन्द्र मल्लकी रानीको नाम भुवनलक्ष्मी देवी थियो। यो कुरा इनैले ने० सं० फाल्गुन ८२४, १७०४ ई० मा आफ्ना पतिको तथा आफ्नो सालिग चाँगु नारायणमा राखी त्यहाँ अङ्कित गरेका शिलालेख बाट चाल पाइन्छ। (सं० सं० वर्ष १—संख्या ६)

वंशावलीहरुमा राजा हुँदा भास्कर मल्ल नाबालिग थिये तथा पिताको मृत्यु हुँदा इनी चौदह वर्षका थिये भनी लेखियेको छ। इनका नाबालिग अवस्थामा इनको नायबी इनकी माताले मन्त्रीहरुका सहायताले चलाइन् तथा इनीहरुले दाउ परेका वेलामा राज्यकोष बाट सके सम्म धन चोरे भनी फादर डेसिडेरीले लेखेको छ।

भास्कर मल्ललाई वंशावलीहरुमा चञ्चल स्वभावका थिये भनेको छ। यो चञ्चलता इनको उमेर छिपिदै गये पछी साहसमा परिणत भयेको बुझिन्छ। इनी शिकार खेल्न मदेसका वनमा आई सात वटा हात्ती समातेको कुरा वंशावलीहरुमा लेखियेको छ। ई हात्तीहरु इनले तराईको मकवानपुरका अधीन मुलुकमा समाते होलान् भन्ने अनुमान छ। तराई-

को विस्तृत वनमा सबै ठाउँ राम्रो बंदोबस्त हुनु सम्भव न हुनाले इनलाई हात्ती समात्न सुविस्ता भयो होला ।

हात्ती समातेको आफ्नो पुरुषार्थ द्योतन गर्न इनले आफ्नो नाउँ गजपति महीन्द्र सिंह राखे । यही नामले ने० सं० ८३७ आ० १७१७ ई० मा इनले आफुलाई पाटनको राजा पनी घोषणा गरे तथा मोहर प्रकाशित गरे । इनले नेपालेश्वर गिरीन्द्रको उपाधि पनी धारण गरेका थिये । काठमांडु तथा पाटन ८६ वर्ष पछी अल्प समयका निम्ती यौटै शासनका अधीन भये तर यसको रक्षा भास्कर मल्लले गर्न सकेनन् । प्रभूत धन-सम्पत्ति, प्रभुत्व तथा यौवनले गर्दा इनका युवावस्थामा एक चोटो प्रकट भयेको इनको साहसिक प्रवृत्ति क्षीण हुँदै गयेको तथा इनी पनी दरबारका आनन्दमा आफ्ना अग्रगामी राजाहरु झैं भुलेको बुझिन्छ । दरबारको विहारले न पुगी स्वयम्भूनाथ नेर किंडोल नामक स्थानमा धर्मशाला (?) बनाई इनी आफ्ना दुई रानी तथा दुई मैजु ली विहार गरी बस्थे भनी वंशावलीहरुमा लेखियेको छ ।

वंशावलीहरुमा इनै ताक नेपालमा चलेका यौटा महामारीको पनी वर्णन छ । यो महामारीको वर्णन गर्दा कर्ण-सन्धि तथा कपालमा बेथा लाग्ने कुरा वंशावलीहरुमा लेखियेको हुनाले यो एक प्रकारको प्लेग रहे छ भन्ने अनुमान हुन्छ । यसतो रोग नेपालमा १२० वर्ष देखी यसो भयेको थियेन भन्ने कुरा वंशावलीका कथन बाट बुझिन्छ । दिनहुँ ८०।९० जना मरी देशमा ठुलो हाहाकार मचियेको थियो । यो महामारी-का विषयमा लासा बाट फर्की १७१६ ई० का अन्त्यमा नेपाल पुग्ने एक जना पादरी इमेनोयेल फ्रेरले पनी केही लेखेको छ । उनका भनाई अनुसार यो महामारी बडो भयङ्कर थियो तथा तीन महिनामा बीस हजार मान्छे यसले मरे । वंशावलीहरुमा तीन वर्षमा १८७१४ मानीस मरे भन्ने छ । यता बाट फादर इमेनोयेल फ्रेरले मर्ने मानीसको संख्या नेपालका मानीसहरु बाट सुनेर लेखेको रहे छ तथा तीन वर्षका ठाउँमा उनले भूलले तीन महिमा लेखेको हो भन्ने कुरा स्पष्ट हुन्छ ।

फादर फ्रेर नेपाल आई पुग्दा वहाँ पाँच जना केपुचिन धर्म-प्रचारकहरु थिये। पहिले ता इनीहरु कालो रंगको लुगा लाउँथे तर पटनाका काजी-लाई त्यो रंग मन न पर्दा उनले आफैंले निलो रंगको कपडा दिई ई धर्मप्रचारकहरुलाई निलो रंगको लुगा हाली दियेका थिये। नेपालमा छँदा इनीहरु निलो रंगको लुगा लायेर हिंड्थे। केपुचिन धर्मप्रचारकहरुले अपवित्र निलो रंगको लुगा लायेर हिंडेको हुनाले देवताहरु अप्रसन्न हुँदा यो रोग उठेको हो भन्ने नेपालका जनतामा परे छ। धर्मप्रचारकहरुले यो कुरा बुझी बजार बाट सेतो कपडा किनी हत्तपत्त तेसको लुगा सिउन दिये छन्। उनीहरुले सेतो लुगा लायेको देखी जनताले ई धर्मप्रचारक-हरुलाई भने छन्, "अब तिमीहरुले जसतो लुगा लाउनु उचित थियो उसतो लायौ, तिमीहरु अब मोगल जसता छैनौ, हामी जसतै नेपाली भयौ।"

जनताले "तिमीहरु अब मोगल जसता छैनौ" भनेका कुराको अर्थ तिमीहरु मुसलमान जसता छैनौ भनेको हो। यो भनाईको तात्पर्य फादर डेसिडेरीका कथन बाट बुझिन्छ। भास्कर मल्लले आफ्ना पार्श्ववर्ती नोकर-हरु मुसलमान भर्ना गरेका थिये तथा यसले गर्दा स्थानीय नेवार जनता उनी सित चिढियेको थियो। नेपालमा विदेशीको राजाका दरबारमा प्राधान्य भयेको कुरो जनतालाई मन न पर्नु स्वाभाविक थियो। अन्त्यमा एक दिन जनता जम्मा भै दरबार माथी आक्रमण गऱ्यो औ राजाका सम्मुखमा नै अनेक मुसलमानलाई माऱ्यो। मुसलमान सित नेपालको जनता राज-नीतिक कारणले असन्तुष्ट भयेका वेलामा केपुचिन धर्मप्रचारकहरुले लायेको निलो लुगा प्रति उनीहरु अप्रसन्न भै केपुचिन धर्मप्रचारकहरुलाई पनी मुसलमान ठान्नु स्वाभाविक थियो र फादर फ्रेरले उल्लेख गरेको घटना नेपालको जनता भास्कर मल्लका मुसलमान नोकरहरुका विरुद्ध उठेका समयको रहेछ भन्ने चाल पाइन्छ।

वंशावलीहरुमा महामारीका डरले झंगल टकुरी काजीले भास्कर मल्ललाई स्वयम्भूनाथका दक्षिण किंदोल बहाल भीत्र लुकाई राखेको कुरा लेखियेको छ। त्यहाँ छ महिना बसे पछी एक दिन भास्कर मल्लले

यौटा ज्यापुलाई अब कत्तीको मान्छे मर्दै छन् भनी सुध्याउँदा अब ता महामारी निकै घट्यो दिनको चार पाँच जना मानीस मात्र मर्छन् भनी उत्तर दिये छ। त्यो सुनी आफ्ना मैजुका वियोगले विह्वल भयेका भास्कर मल्ल झयाल बाट हाम फाली दरबारमा आई आफ्ना मैजुहरुलाई भेटे। त्यहाँ इनलाई महामारीले भेट्यो र इनको मृत्यु भयो।

भास्कर मल्लका मृत्युको यो वर्णन सित फादर डेसिडेरीको वर्णन जोरेर अब हेर्नु उचित छ। फादर डेसिडेरीका वर्णन बाट जनताले मुसलमानहरुलाई राजाले काम दी राखे भनी उनका विरुद्ध वारंवार विद्रोह गरेको बुझिन्छ। एक चोटी विष हालेको पान दरबारमा पठाइयेको कुरा फादर डेसिडेरीले लेखेको छ। भास्कर मल्लका मुसलमान नोकर-हरुले सो चाल पाई राजालाई यो कुरा भने छन्। जाँच गर्न त्यो पान यौटा बाखोलाई खान दिइये छ। बाखो त्यो पान चपाउने बित्तिकै मरे छ। पान पठाउने मानीसहरुलाई देशनिकालाको सजाई भये छ। डेसि-डेरीका उपर्युक्त भनाई बाट भास्कर मल्लका विरुद्ध नेपालको जनता भयेको तथा समय समयमा उनीहरुले दाउपेच गरी भास्कर मल्ललाई मार्न खोजेको कुरा पनी स्पष्ट छ। भास्कर मल्लका मुसलमान नोकर भनेर जनता रिसायेको भये ता पनी यथार्थ विचार गर्दा त्यो कुरा यौटा निहुँ मात्र बोध हुन्छ। वास्तविक कुरो त भास्कर मल्ललाई मार्नु थियो। भास्कर मल्लले पाटनमा आफ्नो अधिकार स्थापित गरेको हुनाले पाटने काजीहरु निश्चय रिसायेका थिये। यसैले उनीहरु इनका विरुद्ध षड्यन्त्र गरी इनलाई मार्न खोज्दा हुन्। स्वामीभक्त ‍ंगल ठकुरी काजीले तेसैले इनलाई लुकाई किंदोल विहारमा राख्नु स्वाभाविक छ तथा बाहिर भने महामारी देखी राजाको रक्षा गर्न उनलाई किंदोल विहारमा राखेको हो भन्ने पारेको हुँदो हो। विहार बाट दरबार फर्के पछी राजाको शीघ्र मृत्यु भयो। जनताले महामारीले राजा मरे भने तर उनको मृत्युको कारण फादर डेसिडेरीका भनाई बमोजिम अर्कै थियो।

फादर डेसिडेरीले भनेको यो कुरो झन जटिल छ। फादर डेसि-

डेरीका भनाई बमोजिम भास्कर मल्लका बाल्यावस्थामा इनकी आमा तथा मन्त्रीहरुले राज्यकोष बाट मन परी धन चोरेको हुनाले आफु ठुलो भये पछी इनले आमालाई कैद गरे औ उनका सहायकहरुलाई दण्डित गरे। भास्कर मल्लकी रानीले यसै वेला यौटा छोरो पाइन्। राज्यको उत्तराधिकारी जन्मे पछी दण्डित हुने दलले भास्कर मल्लाई मार्न खोज्यो। तेसो भये पछी फेरी नाबालक राजा हुने औ इनीहरु उसका अभिभावकका रूपमा मन परी गर्न पाउने हुन्थ्यो। भास्कर मल्लले उनीहरुको यो अभिप्राय बुझी आफ्नो शिशुपुत्रलाई मारी दिये औ रानी सित कुनै प्रकारको सम्बन्ध न राखी उनी बसे। आफ्नो आत्म-रक्षाका निम्ती मुसलमान पार्श्ववर्ती नोकरहरु पनी राखे। यसैले नेवार जनता उनका विरुद्ध भयो। जनताले रानीलाई राजा सित राम्रो सम्बन्ध स्थापित गर्न भन्यो औ विद्रोह गरी राजाका मुसलमान नोकरलाई मार्‍यो। डेसिडेरीका वर्णनको सत्यासत्य जाँच गर्ने साधनको नितान्त अभाव छ तर यसमा केही सत्यता ता भये जसतो लाग्छ। भास्कर मल्लले मुसलमान नोकर राखेको कुरो नेपालको जनतालाई निश्चय मन न पर्ने कुरो थियो, यसलाई प्रधान कुरो तुल्यायेर जनताको सम्मुख राख्नाले जनताको सहानुभूति पाउनु सजिलो थियो र स्वार्थी भारदारहरुले यसका आडमा भास्कर मल्ललाई मार्ने षड्यन्त्र गर्नु स्वाभाविक कुरो छ।

भास्कर मल्लले वीर महीन्द्र मल्लको नाउँ हात्ती समातेर ल्यायेको हुँदा धारण गरेको थियो भनी माथी भनी सकियेको छ। पाटनमा उनको अधिकार ने० सं० ८३५ आ० १७१५ ई० मा स्थापित भये पछी पाटनमा जो टक छापियो तेसमा इनको यही नाम छ। ने० सं० ८२१ १७०१ ई० को उनको यौटा मोहर पाइयेको छ। तेसमा एक पट्टी जय वीर महीन्द्र मल्ल तथा अर्को पट्टी श्री श्रीलोकनाथ लेखियेको छ। ने० सं० ८३७ आ० १७१७ ई० को यौटा अर्को मोहर पाइयेको छ। तेसमा एक पट्टी श्री श्री जय महीन्द्र और अर्को पट्टी सिंहदेव तथा श्री श्री श्री कलुनामय लेखियेको छ। ई दुवै मोहर पाटनका हुन् औ भास्कर

मल्लका अर्को नाममा छापियेका हुन् । काठमांडुमा चलेको इनको भास्कर मल्ल नाम समेत पाटनमा अरुचिकर भयेको यता बाट अनुमान हुन्छ । ई दुई प्रतिवेशी राज्यको पारस्परिक वैमनस्य कसतो तीव्र रहेछ तेसको पनी यता बाट अनुमान हुन्छ ।

भास्कर मल्लको ने० सं० भाद्र ८४२ १७२२ ई० मा मृत्यु भयो । इनका शव सँग दुई जना विवाहिता रानीहरु तथा दुई जना मैजुहरु सती गये भनी वंशावलीमा लेखियेको छ ।

भास्कर मल्ल निस्सन्तान हुँदा छोरी पट्टीका परको साहिनु पर्ने जगज्जय काठमांडुको सिंहासनमा बसे । ई जगज्जय मल्लको थिये तथा इनको सिंहासन माथी कसतो अधिकार थियो सो कुरा वंशावलीमा लेखियेको छैन तर यो विषयमा यहाँ यौटा अनुमान गरिन्छ । जगज्जय मल्लको नेपाल सं० ८५८ आ० १७३८ ई० को यौटा मोहर पाइयेको छ । तेसमा एक पट्टी श्री श्री जगज्जय मल्ल तथा अर्का पट्टी श्री श्री महीपतीन्द्र मल्ल भनी अङ्कित गरियेको छ । प्रताप मल्ल पछी महीपतीन्द्र मल्ल सिंहासनका अधिकारी थिये तर इनलाई नृपेन्द्र मल्ल औ पार्थिवेन्द्र मल्लले थुनी राजा हुन न दियेका कुराको माथी उल्लेख भैसकेको छ । पछी ई थुना बाट भागेर अन्यत्र गयेका कुराको पनी अनुमान हुन्छ । महीपतीन्द्र मल्लका इनी सन्तान हुनाले इनले आफ्नो वंशको हाँगोका प्रवर्तक महीपतीन्द्र मल्लको नाम मोहरमा अङ्कित गराई आफ्नो सिंहासन माथी भयेको अधिकार व्यक्त गरेका होलान् भन्ने अनुमान छ । इनको नामाङ्कित ने० सं० ८५० आ० १७३२ ई० को यौटा सुका पनी पाइयेको छ । तेसमा इनकी रानी कुमुदिनी देवीको नाम अङ्कित छ ।

जगज्जय मल्लका राज्यकालको मुख्य राजनीतिक घटना इनका छोराहरु सित संलग्न छ । इनी राजा हुनु भन्दा अघी इनका राजेन्द्र प्रकाश तथा जय प्रकाश दुई जना छोरा जन्मेका थिये । राजा भये पछी राज्य प्रकाश, नरेन्द्र प्रकाश तथा चन्द्र प्रकाश नामक तीन छोराको जन्म भयेको थियो । ने० सं० ८५१ आ० १७३१ मा इनका जेठा छोरा

राजेन्द्र प्रकाशको मृत्यु भयो । राजा पुत्रशोकले व्याकुल भये । इनलाई बुझाउन गयेका पर्वते दलका मानीसले इनका माहिला छोरा जय प्रकाश मल्ललाई आफुले मन न परायेको कुरा गरी राज्यको उत्तराधिकारी साहिला राज्य प्रकाश मल्ललाई तुल्याउने प्रस्ताव गरे । राजेन्द्र प्रकाश मल्लका मृत्यु पछी राज्यका उत्तराधिकारी भयेका जय प्रकाश मल्ल प्रति पर्वते दलको यसतो विचार बुझी जगज्जय मल्ल भविष्यका चिन्ताले चिन्तित हुनु स्वाभायिक छ । इनै ताक इनका कांछा छोरा चन्द्र प्रकाश मल्लको पनी मृत्यु भयो । जगज्जय मल्ललाई चिन्ता माथी चिन्ता थपियो । यसै चिन्ताले गर्दा जगजय मल्लको ने० सं० ८५६ आ० १७३६ ई० मा मृत्यु भयो ।

पिताका मृत्यु पछी जय प्रकाश मल्ल सिंहासनमा बसे । राजा हुने बित्तिकै पर्वते दलले मन परायेका आफ्ना भाई राज्य प्रकाश मल्ललाई इनले दरबार बाटै निकाली दिये । इनी पाटन गये तथा वहाँको अस्थिर राजनीतिमा खेल कमाउन थाले । अन्त्यमा पाटनका समसामयिक निस्सन्तान राजा विष्णु मल्लले इनलाई आफ्नो उत्तराधिकारी तुल्याये । यता काटमांडुमा जय प्रकाश मल्लको विरोधी दलले अर्को षड्यन्त्र गर्‍यो । इनका भाई नरेन्द्र प्रकाश मल्ललाई उचाली उनलाई साँखु, चाँगु, गोकर्ण, नन्दि ग्राम तथा देवपाटनको राजा घोषणा गर्न लायो । जय प्रकाश मल्लले केही महिनामा नै नरेन्द्र प्रकाश मल्ललाई हराये औ उनी भागी भाद-गाउँका आश्रयमा गै बसे । वहाँ केही काल पछी इनको मृत्यु पनी भयो । नरेन्द्र प्रकाश मल्लको विरोध दमन गरे पछी जय प्रकाश मल्ल उनी सित मिल्ने नेपालका भारदारहरूलाई खोजी खोजी दण्डित गर्न लागे । पर्वते सेनाले पनी आफुलाई मन न परायेको तथा आफ्ना विरुद्ध भयेको विद्रोहमा विद्रोहीहरु पट्टी लागेको हुनाले इनले मदिसेहरुको पल्टन खडा गरे । यो घरझगराको मौका छोपी भादगाउँका राजा रणजित् मल्ल पनी अघी सरे औ सांखु तथा चाँगु उनले दखल गरे ।

नेपालमा जय प्रकाश राजा हुने बित्तिकै चलेको झगराको आगो

न निभ्दै १७३९ ई० मा गोर्खाका राजा नरभूपाल शाहले नुवाकोट माथी आक्रमण गरे। तर राम्ररी पृष्ठरक्षा न गरी गरियेको यो आक्रमण असफल भयो तथा जय प्रकाश मल्लको विजय भयो। यसका आठ वर्ष पछी नर भूपाल शाहका छोरा पृथ्वीनारायण शाहले १७४४ ई० तिर नुवाकोट माथी फेरी आक्रमण गरी तेसलाई आफ्ना अधीन तुल्याये। यो हारको कारण आफ्नो पर्वते सेनाका अफीसर हुन् भन्ने जय प्रकाश मल्लाई निश्चय भयो र उनले काशीराम थापाका अधीन नुवाकोट उकास्न फेरी सेना पठाये। यो पाला पनी उनको हार भयो औ काशीराम थापा भागी आफ्नो घर सिपामा गै बसे। जय प्रकाश मल्लको इनी पनी गोर्खाली सँग मिलेका रहेछन् भन्ने शङ्का झन सुदृढ भयो। गोर्खालीहरुले नेपालका सबै भने जसो पर्वते आफीसरहरुलाई आफ्ना हातमा ली सकेका थिये भन्ने कुरामा शङ्का छैन। यो रीसले गर्दा जय प्रकाश मल्लले काशीराम थापा समेत आठ जना पर्वते आफीसरहरुलाई आफ्ना मदिसे सिपाही द्वारा मार्न लाये। आफु सित दगा गर्ने नेवार भारदारहरु पनी मारिये। भीख्वाल काजी मारिये औ तौढिक काजी भागी आफ्नो ज्यान जोगाये।

जय प्रकाश मल्लका विरुद्धमा फेरी पर्वते तथा नेवार अफीसरहरु मिली षड्यन्त्र गर्न थाले। यो पाला जय प्रकाश मल्लकी रानी दयावती पनी यो षड्यन्त्रमा सम्मिलित भइन्। षड्यन्त्रकारीहरुको इच्छा उनको पाँच वर्षको छोरा ज्योति प्रकाश मल्ललाई जय प्रकाश मल्ललाई राज्यच्युत गरी राजा तुल्याउने थियो। नाबालिग राजा भयो भने उसका अभिभावक तथा मन्त्रीहरुको सत्रह पर्ने थियो। साधारण जनता इनका उग्र व्यवहारले गर्दा इनी प्रति विरक्त भयेको थियो। पाटनका कालिदास यो षड्यन्त्र-कारी दललाई भोत्र भीत्र सहायता गर्दै थिये। यो दलले पृथ्वीनारायण शाहलाई नेपाल आक्रमण गर्न भनी पठायो। गोर्खाली सेना आई साँखु, चाँगु आदि मनहरा वरीपरीका ठाउँ आफ्ना अधीन गरायो। जय प्रकाश मल्ल स्वयं सेना ली गोर्खालीहरु सँग लडाई गर्न गये औ हारी उनीले फर्कन पर्‍यो। जनतामा यो आक्रमणले निकै हाहाकार उत्पन्न गरायेको

थियो । उनीहरु जसरी हुन्छ गोर्खालीहरुलाई खाल्डो भीत्र पस्न दिन हुँदैन भन्थे । अन्त्यमा जनताले पाटनका राजा राज्य प्रकाश मल्लका नेतृत्वमा गोर्खालीहरु माथी आक्रमण गर्‍यो । गोर्खाली सेना आफुले दखल गरेका केही ठाउँ छोडी सम्भवतः मनहरा पारी गै बस्यो । राजाले (जय प्रकाश मल्लले) गर्न न सकेको काम जनताले गर्न सक्यो भनी जनताका मनमा राजा प्रति अश्रद्धा उत्पन्न हुनु स्वाभाविक थियो । यही अवसरमा षड्यन्त्रकारी दलले ज्योति प्रकाश मल्ललाई काठमांडुको राजा घोषणा गर्‍यो । जय प्रकाश मल्ल भागी आफ्नो प्राण जोगाये । यो घटना ने० सं० आश्विन ८६६ १७४६ ई० को हो । तेही वर्षको ज्योति प्रकाश मल्लको नाम अङ्कित भयेको मोहर पनी पाइयेको छ । यो मोहरको अर्को पट्टी महीपतीन्द्र मल्लको नाम पनी अङ्कित छ । महीपतीन्द्र मल्लको नाम मोहरमा अङ्कित गर्ने चलन जगज्जय मल्लले चलायेका थिये । यो चलन जय प्रकाश मल्लले पनी स्वीकार गरी आफ्ना विविध वर्षका छापियेका मोहरमा महीपतीन्द्र मल्लको नाम अङ्कित गरायेका थिये । यसै सालका यौटा दो आनी पाइयेको छ तेममा श्री जननी जय लक्ष्मीदेवीको नाम छ । यता वाट षड्यन्त्रकारीहरुले दयावती बाहेक जय प्रकाश मल्लकी अर्की सम्भवतः जेठी रानी जय लक्ष्मीलाई पनी बालक ज्योति मल्लको नायब तुल्याई आफ्ना षड्यन्त्रमा गासेको बुझिन्छ ।

अब जय प्रकाश मल्ललाई आफ्नो ज्यान जोगाउँदैको सास्ती भयो । उनी लुकेर बस्न लागे । चार वर्ष जती उनले यसरी गुप्तवास गरे । यो समयका अन्त्यमा उनी गुह्येश्वरीका मन्दिरमा आई बसे । यहीं बसेका वेलामा उनले सेनालाई आफ्ना अनुकूल तुल्याये । इनलाई मान पठायेको सेना इनी तिर मिल्यो औ सोही सेनाका सहायताले फेरी काठमांडु आई उनले आफ्नो सिंहासन दखल गरे । विद्रोहीहरुको केही चलेन । विद्रोही नेता अनेक काजीहरुले साटोका डरले आत्महत्या गरे औ अनेक मारिये । रानी दयावती पनी थुनिइन् तथा उनी कैदमा नै मरिन् ।

पाटनका प्रधानहरुले रणजित् मल्ललाई खारेज गरी इनलाई

पाटनको राजा तुल्याये। तर इनले ती स्वार्थी प्रधानहरुलाई दण्ड दी पाटनमा पनी आफ्ना उग्रताको परिचय दिये। पाटने प्रधानहरुले पृथ्वीनारायण शाहका भाई दल मर्दन शाहलाई डाकी ल्याई इनको वहाँको राजत्व शेष गरे।

गोर्खालीहरुले अब उपत्यका च्याप्तै ल्याये। इनी बराबर उनीहरु संग लडाई गरी रहे। इनै ताक इनका छोरा ज्योति प्रकाश मल्लको पनी मृत्यु भयो। ने० सं० भाद्र ८८८ १७६८ मा पृथ्वीनारायण शाहको काटमांडुमा प्रवेश भयो। इनी भागी पाटनका तेज नरसिंह मल्ल कहाँ लुक्न गये। पृथ्वीनारायण शाहले पाटन जीते पछी उनी भादगाउँ गये। वहाँ इनका खुट्टामा गोली लागी इनी घाइते भये। तेस पछी इनको आर्य घाटमा मृत्यु भयो।

पञ्चदश अध्याय

पाटनका इतिहासको कालनिर्णय

जुन समयमा रत्न मल्लले काठमांडुमा स्वतन्त्र राज्य स्थापित गरे सोही समयमा पाटनका सामन्त राजा पनी राय मल्लका विरोधमा उठ्न लागेको कुरा चाल पाइयेको छ। यो वंशका राजाहरुका दुई वटा शिलालेखका नकल छापियेका छन्। तिनको विवरण तल लेखे बमोजिम छ।

१. ने० सं० माघ ६७४ १५५३ ई०

विष्णु सिंह (सं० सं०–वर्ष २–अङ्क १–३)

२. ने० सं० माघ ६८६ १५९५ ई०

पुरन्दर (सं० सं०-वर्ष १–अङ्क ८)

ई शिलालेखमा निम्नलिखित राजाहरुका नाम पाइन्छन्।

१. जय सिंह
२. कीर्त्ति सिंह
३. कुसुम सिंह-पत्नी जयलक्ष्मी
४. विष्णु सिंह-पत्नी कमला लक्ष्मी
५. पुरन्दर
६. पुरुषोत्तम

ई राजाहरु कुन वंशका थिये सो उपर्युक्त शिलालेखहरु बाट स्पष्ट हुँदैन। विष्णु सिंहले आफ्नी आमा जय लक्ष्मीको वर्णन गर्दा उनलाई वैश्य वा बैंस कुलकी गहना (विशांवंशेभूषा) भनेका कुरा बाट नेपालको प्राचीन बैंस ठकुरी वंश सित इनीहरुको बिहेवारी भयेको बुझिन्छ।

पिताका मृत्यु पछी राय मल्लका विरुद्ध उभिई रत्न मल्ल पाटनमा बस्न गयेको तथा वहाँ देवीको वरदान पाई काठमांडु आई स्वतन्त्र राज्य कायम गरी बसेको जो वर्णन छ तेता बाट उपर्युक्त वंश पाटनको सामन्त राजकुल भयेको तथा यक्ष मल्ल पछी विद्रोही भयेका कुराको अनुमान हुन्छ। यो वंशका राजाले रत्न मल्ललाई काठमांडुमा स्वतन्त्र राज्य स्थापना गर्न सहायता गर्नु पनी सम्भव छ। उपर्युक्त शिलालेखहरुमा विष्णु सिंह तथा पुरन्दरले आफ्ना पूर्वज तथा आफ्नो वर्णन गर्दा स्वतन्त्र राजाले व्यवहार गर्ने भाषाको शैली अवलम्बन गरेको भये ता पनी काठमांडुका राजा महेन्द्र मल्लका पालामा पुरन्दरले विष्णु मन्दिर बनाये भनी वंशावलीमा लेखियेको कुरा बाट इनको स्थिति सामन्त भन्दा ठुलो न मानियेको कुरो चाल पाइन्छ। काठमांडु निर्बल भयेका समयमा वा पाटनले काठमांडुलाई सहायता गरेका समयमा ई राजहरुले स्वतन्त्र राजालाई सुहाउने विरुद धारण गरे ता पनी इनीहरु सामन्त राजा नै थिये। अन्त्यमा ने० सं० श्रावण ७२३ १६०३ ई० भन्दा अघी शिव सिंहले यो वंशका अन्तिम राजालाई निकाली आफ्ना छोरा ठाकुल सिंहलाई पाटनको सामन्त नियुक्त गरे। यो घटनाको निश्चित तिथि पाइयेको छैन तर सोरहौं शताब्दिको अन्तिम भाग वा सत्रहौं शताब्दिका प्रारम्भको यो घटना हो।

शिव सिंहका छोरा ठाकुल सिंहको पनी शीघ्र मृत्यु भयेको बुझिन्छ। ठाकुल सिंह पछी शिव सिंहका अर्का छोरा हरिहर सिंह पाटनका सामन्त नियुक्त भये। पिताका जीवितावस्थामा नै इनले स्वतन्त्रताको घोषणा गरे भन्ने कुरा वंशावलीमा छ। पिता पुत्रको केही मनोमालिन्य भयेर उनले यसो गरेको होला। तर यस पछी चाँडै हरिहर सिंहको मृत्यु भयेको बुझिन्छ। हरिहर सिंहको मृत्यु पछी उनका छोरा सिद्धि नरसिंह मल्ल पाटनका सामन्त नियुक्त भये। वंशावली अनुसार यो घटना ने० सं० ७४० आ० १६२० ई० को हो।

वहाँ पछी शिव सिंहको मृत्यु भयेको १० वर्ष भये पछी सिद्धि नरसिंह

मल्लले आफुलाई पाटनको स्वतन्त्र राजा घोषित गरेको बुझिन्छ। उनको ने० सं० ७५१ आ० १६३१ ई० को मोहर पाइयेका कुरा बाट उनी स्वतन्त्र राजा भयेका कुराको अनुमान हुन्छ।

सिद्धि नरसिंह मल्लका केही शिलालेख तथा उनका पालामा लेखियेका अरु प्रकारका लेखहरु पाइयेका छन्। ने०सं० फाल्गुन ७५७ १६३८ ई० को पाटनको राधाकृष्णका मन्दिरमा भयेको शिलालेखमा (भगवान्‌लाल इन्द्रजी—संख्या १७) उनले आफ्ना पूर्वपुरुषहरुको नाम अङ्कित गरायेका छन्। तेसमा काठमांडुका राजा महेन्द्र मल्ल देखी उनले आफ्ना पुर्खाको नाम तल लेखिये बमोजिय अङ्कित गरायेका छन्।

१. महेन्द्र मल्ल

२. शिव सिंह देव

३. हरिहर सिंह पत्नी लालमती

४. सिद्धि नरसिंह

सिद्धि नरसिंह मल्लका राजत्व कालका अनेक मितिहरु पाइयेका छन्। इनको ने० सं० ७७४ आ० १६५४ ई० को सुका पाइयेको छ। त्यो वर्ष मच्छिन्द्रनाथको रथ ढलेको, भांचियेको इत्यादि अनेक अशुभ लक्षण भयेका कुराको वर्णन वंशावलीमा छ। (राइट—पृष्ठ २४०–४) यसको शान्तिस्वस्ति गरेका स्मृतिमा यो सुका छापियेको होला भन्ने अनुमान छ। ने० सं० ७७७ आ० १६५७ ई० मा सिद्धि नरसिंह मल्ल जोगी भयेको कुरा तथा उनले अनेक तपस्या गरेका कुराको वर्णन वंशावलीमा छ। वहाँ पछी उनी गङ्गाका किनारमा गै बसे भन्ने प्रमाण छ। (संसारं जल बुद्‌बुदोपममस्ति हित्वागतो जाह्नवीम्"(योगमतीको पाटनको शिलालेख—भगवान् लाल इन्द्रजी—संख्या २२) सम्भवतः इनी काशीवास गर्न गये।

ने० सं० ७७७ आ० १६५७ ई० देखी श्रीनिवास मल्लले शासन हातमा लियेको भये ता पनी इनी यसका तीन वर्ष पछी मात्र विधिपूर्वक राजा भयेको अनुमान हुन्छ। श्रीनिवास मल्लका पनी अनेक लेख

पाइन्छन् । ती मध्ये मैले पाटनको नत्व विहारमा देखेको ने० सं० ८०३ आ० १६८३ ई० को शिलालेख इनका शासनका अन्तिम वर्षको प्रतीत हुन्छ । इनका छोरा योग नरेन्द्र मल्लको कीर्तिपुरमा ने० सं० ८०४ आ० १६८४ ई० को यौटा शिलालेख मैले देखेको छु ।

योग नरेन्द्र मल्लका समयका पनी अनेक लेख पाइयेका छन् । इनका पाइयेका अनेक मोहर मध्ये यौटा ने० सं० ८२० आ० १७०० ई० को छ । यसका केही वर्ष पछी इनको मृत्यु भयेको अनुमान हुन्छ । योग नरेन्द्र मल्लका मृत्यु पछी पाटनमा घोर गृहकलह स्थापित भयेको कुरा त्यो समयका मोहरहरु बाट चाल पाइन्छ । यो गृहकलहका अवसरमा छापियेका मोहरहरुको तल सूची दिइन्छ ।

१. ने० सं० ८२६ आ० १७०६ ई० जय इन्द्र मल्ल—भगवती देवी.
२. ने० सं० ८२६ आ० १७०६ ई० लोक प्रकाश मल्ल योगमती देवी
३. ने० सं० ८२९ आ० १७०९ ई० वीर नरसिंह मल्ल योगमती देवी
४. ने० सं० ८२९ आ० १७०९ ई० जय वीर महेन्द्र मल्ल
५. ने० सं० ८३२ आ० १७१२ ई० जय योग प्रकाश मल्ल
६. ने० सं० ८३५ आ० १७१५ ई० हृदि नरसिंह मल्ल
७. ने० सं० ८३६ आ० १७१६ ई० हृदि नरसिंह मल्ल
८. ने० सं० ८३७ आ० १७१७ ई० जय महीन्द्र सिंह देव

योग नरेन्द्र मल्ल पछी उनकी दिदीका छोरा इन्द्र मल्ल राजा भये । यो कुरा योग नरेन्द्र मल्लकी छोरी योगमतीलाई मन परेन र उनका नेतृत्वमा आफ्ना छोरा लोक प्रकाशलाई उनले राजा घोषणा गरी मोहर छापिन् । तर लोक प्रकाशको शीघ्र मृत्यु हुँदा उनले वीर नरसिंहलाई राजा तुल्याइन् । इनै ताक इन्द्र मल्लको पनी मृत्यु भयेको हुँदा योग नरेन्द्र मल्लका भित्रीनी पत्नीका छोरा वीर महेन्द्र मल्ललाई अर्को दलले राजा तुल्यायो । वहाँ पछी भादगाउँका कुनै राजाका मूलमा परेका छोरा लोक प्रकाशलाई पाटनको राजा तुल्यायेको बुझिन्छ । यो पछी हृदि नरसिंहले आफ्ना नामको मोहर छापी आंफुलाई राजा घोषणा गरेका अनुमान

हुन्छ । यसका अर्को वर्ष काठमांडुका राजा भास्कर मल्ल पाटनका पनी राजा भये । पाटनको राजा भै उनले जो मोहर छापे तिनमा उनले आफुले ग्रहण गरेको अर्को नाम महीन्द्र सिंहको उपयोग गरेका छन् । आफ्नो ने० सं० ८३७ आ० १७१८ ई० को मोहरमा राजराजेश्वर गिरीन्द्र भन्ने उनको विरुद पनी अङ्कित छ । इनको मृत्यु ने० सं० ८४२ आ० १७२२ ई० मा भयो ।

वीर महीन्द्र मल्ल पछी विष्णु मल्ल राजा भयेको अनुमान हुन्छ । राइटका वंशावलीमा भने योग प्रकाश राजा भयेको कुरा लेखियेको छ । (पृष्ठ–२४९) तर योग प्रकाशको ने० सं० ८४३ आ० १७२३ ई० मा मृत्यु भयो भनी राइटले लेखेको हुनाले इनी राजा भयेको भये ता पनी अल्प कालका निम्ती मात्र भयेको बुझिन्छ ।

विष्णु मल्लको पनी शासन शान्तिपूर्ण भयेको बुझिन्न किन भने ने० सं० ८५५ आ० १७३५ ई० तथा ८५६ आ० १७३६ ई० का राज्य-प्रकाश मल्लका नामाङ्कित मोहर पाइयेका छन् । यता बाट विष्णु मल्लको शासनकालमा काठमांडुका राजा जगज्जय मल्लका छोरा राज्य प्रकाश मल्ललाई कुनै विद्रोही दलले पाटनको राजा घोषणा गरेका कुराको अनुमान हुन्छ । राज्य प्रकाश मल्लका उपर्युक्त मोहरमा योग नरेन्द्र मल्लको नाम पनी अङ्कित छ । यो नाम अङ्कित गरेको कारण योग नरेन्द्र मल्लका वास्तविक उत्तराधिकारी राज्य प्रकाश मल्ल हुन् भनी प्रमाणित गर्नं होला । यसका उत्तरमा भने जसतो विष्णु मल्लले आफ्नो ने० सं० ८६१ आ० १७४१ ई० को मोहरमा पनी जय वीर योग नरेन्द्र मल्लको नाम अङ्कित गरी उनको वास्तविक उत्तराधिकारी आफु भयेको प्रमाणित गरेको छ ।

विष्णु मल्ल तथा राज्य प्रकाश मल्लको झगरा विष्णु मल्लले उनलाई आफ्नो उत्तराधिकारी स्वीकार गर्दा मेटियेको बुझिन्छ । (राइट–पृष्ठ २४९) यसका केही वर्ष पछी ने० सं० ८६४ आ० १७४४ ई० मा विष्णु मल्लको मृत्यु भयो औ राज्य प्रकाश मल्ल पाटनका राजा भये ।

इनको मृत्यु ने० सं० ८७८ आ० १७५८ ई० मा भयो। इनका मृत्यु पछी पाटनमा फेरी गृहकलहको आगो सल्केको बुझिन्छ।

राज्य प्रकाश पछी विष्णु मल्लका दौहित्र विश्वजित् मल्ल पाटनका राजा भये। उनको ने० सं० ८७८ आ० १७५८ को मोहर पाइयेको छ। सोही वर्ष वा अर्को वर्ष इनी आत्महत्या गरी मरे। यो पछी काठ-मांडुका राजा जय प्रकाश मल्ल पाटनका पनी राजा भये। तर इनी पनी दुई वर्ष राज्य गर्न न पाउँदै निष्कासित गरियै औ इनका स्थानमा रणजित् मल्ल पाटनका राजा तुल्याइये। शीघ्र रणजित् मल्ल पनी खोसिये औ फेरी जय प्रकाश मल्ल पाटनका राजा भये। जय प्रकाश मल्ल द्वितीय वार पनी खोसियेर पृथ्वीनारायण शाहलाई पाटनको राजा हुन निमन्त्रित गरियो। उनले आफ्ना भाई दल मर्दन शाहलाई यो कामका निम्ती पठाये। ने० सं० ८८४ आ० १७६४ तिर इनी पाटनका राजा भये। एक वर्ष राज्य गरे पछी दल मर्दन शाह पनी पदच्युत गरिये। ने० सं० ८८५ आ० १७६५ ई० मा तेज नरसिंह पाटनका राजा भये। इनैका शासन कालमा ने० सं० ८८८ आ० १७६८ ई० मा पृथ्वीनारायण शाहले पाटन विजय गरे।

षोडश अध्याय

पाटनको इतिहास

यक्ष मल्लका मृत्यु पछी नेपालको जो विभाजन भयो त्यो वेला पाटनमा नामका अन्त्यमा सिंह भयेका एक थरी छेत्रीहरुले शासन गरेका कुराको उल्लेख माथी नै भै सकेको छ। ई क्षत्रिय राजाको वैवाहिक सम्बन्ध नेपालका प्राचीन बैंस ठकुरीहरु सँग भयेको कुरो चाल पाइयेको छ। इनका पाइयेका दुई वटा शिलालेख बाट पाँच वा छ पुस्ता सम्म इनीहरुले स्वतन्त्र राजा झैं धाकलाई पाटनमा शासन गरेको कुरा चाल पाइन्छ। तर काठमांडुमा बलवान् शासक भयेका वेलामा इनीहरु साधारण सामन्त राजा झैं बसेको कुरा वंशावलीमा महेन्द्र मल्लका शासन कालमा पुरन्दर राजवंशीले पाटनमा नारायणको ठुलो मन्दिर ने० सं० ६८६ आ १५६६ मा बनाये भनेका कुरा बाट प्रमाणित हुन्छ। (राइट–पृष्ठ २०७) स्वयम्भूनाथको मन्दिर जीर्णावस्थामा प्राप्त भयेको हुनाले काठमांडुका राजा शिव सिंहका आज्ञाले ने०सं० माघ ७१४ १५९४ ई० यसको जीर्णोद्धार आरम्भ भयो औ ने० सं० माघ ७२५ १६०५ ई० मा यो स्थानको पुनर्निर्माण समाप्त भयो भन्ने कुरा स्वयम्भूनाथका मन्दिरमा भयेको यौटा शिलालेख बाट बुझिन्छ। (सं० सं० वर्ष २—संख्या ४–६) तेही शिलालेखमा यसै पुण्यले गर्दा शिव सिंह मल्लले पाटन विजय गरे भनेर पनी भनेको छ। (तस्य प्रसादवलितः शिवसिंह राजा राज्येजयी ललित पत्तननामधेये) यता बाट १६०५ ई० भन्दा अघी उनले पाटनका ई सामन्तहरुलाई निकाली पाटनको शासन आफ्ना हातमा लियेको बुझिन्छ। यौटा अर्को प्रमाण बाट ने० सं० श्रावण ७२३ १६०३ ई० मा शिव सिंहका अधीन पाटन भै सकेको तथा वहाँ उनका छोरा

ठाकुल सिंह शासक नियुक्त भयेको चाल पाइयेको हुनाले १६०३ ई० भन्दा अघी यो घटना भयेको रहेछ भन्ने अनुमान हुन्छ। ने० सं० जेठ ७१७ १५९७ ई० मा पुरन्दर सिंहका राज्य कालमा (श्री पुरण्डल सिंह विजयराज्ये) लेखियेको अर्को पुस्तक पनी पाइयेको छ। (सं० सं० वर्ष २—संख्या ४-६) यता बाट शिव सिंहको पाटनविजय १५९७ तथा १६०३ ई० का अन्तरमा कुनै वर्ष भयेको अनुमान हुन्छ। शिव सिंहका पाटनविजयको यो कुरा पार्थिवेन्द्र मल्लले पनी आफ्नो पशुपतिनाथका शिलालेखमा सगर्व वर्णन गरेका छन्।

शिव सिंहले ठुलो युद्ध गरी पाटन जीतेका होइनन्। वहाँका भारदार-हरु इनका अनुकूल थिये तथा उनी पल्टन लियेर जाने बित्तिकै उनीहरुले इनको आधिपत्य स्वीकार गरी हाले होलान्। पाटन आफ्ना अधीनमा तुल्याये पछी आफ्ना ठाकुल सिंह नामक छोरालाई उनले वहाँको शासक नियुक्त गरेको कुरा माथी भनी सकियेको छ। तर इनको चाँडै नै मृत्यु भयेर हो कि ने० सं० ७२८ आ० १६०८ ई० मा शिव सिंहका अर्का छोरा हरिहर सिंह त्यो पदमा नियुक्त भये। हरिहर सिंहको पनी चाँडै नै मृत्यु भयेको हुनाले उनका छोरा सिद्धि नरसिंह पाटनको शासक नियुक्त भयेको कुरा वंशावलीका वर्णन बाट बुझिन्छ। सिद्धि नरसिंह पाटनको शासक नियुक्त भयेको सम्भवतः ने० सं० ७४० आ० १६२० ई० मा हो। यो समयमा इनका पितामह शिव सिंह जीवित नै थिये औ उनका परामर्शानुसार पाटनको शासन सिद्धि नरसिंहले गरेका थिये।

शिव सिंहको मृत्यु भये पछी लक्ष्मी नरसिंह काठमांडुका शासक भये। लक्ष्मी नरसिंहका शासन कालमा पनी सिद्धि नरसिंह पाटनका शासक नै थिये और उनी स्वतन्त्र शासक झैं शासन गर्न थाले। ने० सं० ७६१ आ० १६४१ मा प्रताप मल्लले लक्ष्मी नरसिंहलाई कैद गरे औ सोही साल आफ्नो नामाङ्कित मोहर प्रकाश गरे। सिद्धि नरसिंहले पनी छुट्टिने निहुँ पाई हाले औ ने० सं० ७६१ आ० १६४१ मा उनले पनी आफ्नो नामाङ्कित मोहर प्रकाश गरी पाटनको स्वतन्त्रता घोषणा गरे झैं गरे।

तर प्रताप मल्ललाई पाटन स्वतन्त्र भयेको सर्वथा मन परेको थियेन र आफुले काठमांडुको शासन भार ग्रहण गर्नु भन्दा अघी देखी नै पाटन माथी आफ्नो आधिपत्य स्थापित गर्न उनले अनेक चेष्टा गरे तर उनी विफल भये। यो विफलताको कारणको पनी यहाँ विचार गर्नु उचित छ।

सिद्धि नरसिंह मल्लको हिन्दु तथा बौद्ध धर्म माथी समान श्रद्धा भये ता पनी इनी कृष्णका विशेष भक्त थिये। इनले पाटनमा घेरै गजुर भयेको नवीन शैलीको कृष्ण मन्दिर बनायेको कुरा इनको ने० सं० फाल्गुन ७५७, १६३७ ई० को सोही मन्दिरमा भयेका शिलालेखका बाट विदित हुन्छ। (भगवान्लाल इन्द्रजी संख्या—) उनले कृष्णभक्ति प्रकट गरी लेखेका अनेक गान पनी पाइयेका छन्। उनका यो प्रवृत्तिले गर्दा उनी बड़ा लोकप्रिय भयेका थिये। अनेक प्रकारको दान गरी उनले पाटनको ब्राह्मणवर्ग लाई पूर्णतना आफ्नो अनुकूल पारेका थिये। यो वर्गका नेता सिद्धि नरसिंह मल्लका गुरु विश्वनाथ उपाध्याय थिये। विश्वनाथ उपाध्यायले सिद्धि नरसिंह मल्ललाई स्वतन्त्र राज्य स्थापना गर्न सहायता गरेको कुरा पनी वंशावली बाट चाल पाइन्छ। यसरी पाटनको शिक्षित तथा प्रभावशाली वर्ग सिद्धि नरसिंह मल्लका अनुकूल भयेको कुरा स्पष्ट छ। काठमांडुका ब्राह्मण वर्गको पनी इनी प्रति सहानुभूति हुनु आश्चर्यको कुरा छैन।

प्रताप मल्लले यो वर्गलाई आफु तिर मिलाउन पनी सकेनन् तथा यसको सम्मिलित शक्तिलाई मुकाबिला गरी हराउने शक्तिको सङ्गठन गर्न पनी सकेनन्। यो कारणले पाटन उनले आफ्ना अधीन गराउन सकेनन्।

प्रताप मल्ल तथा सिद्धि नरसिंह मल्ल काका भतिजा भये ता पनी इनीहरुको पारस्परिक सम्बन्ध राम्रो थियेन। पहिले ता प्रताप मल्लले तिब्बत सित पाटनको व्यावसायिक सम्बन्ध विच्छेद गराउने चेष्टा गरे तर तेसमा उनी सफल हुन सकेनन्। वहाँ पछी उनले काठमांडु सित पाटनको केही सम्बन्ध नै न रहोस भन्ने निश्चय गरी यातायात नै बंद गर्न खोजे। काठमांडु बाट पाटन जाने मालको रोक्का, औ पाटन बाट

काठमांडु माल आउन न दिने नै यो प्रतिबन्धको मूल रूप थियो। यो बाहेक पाटनका कोही प्रसिद्ध व्यापारी वा राजकर्मचारी काठमांडु आये भने उनीहरुलाई समाती बन्दी तुल्याउने पनी व्यवस्था भयेको बुझिन्छ।

सिद्धि नरसिंह मल्लले प्रताप मल्लले स्थापित गरेको यो व्यापारिक प्रतिबन्धलाई विफल तुल्याउन गरेका चेष्टाको विषयमा पनी केही कुरा चाल पाइयेको छ। गोर्खामा इनै ताक राम शाहको (१६०६-१६३९ ई०) राज्य थियो तथा राम शाह पनी गोर्खाको उन्नति गराउन प्रयत्नशील थिये। सिद्धि नरसिंह मल्लले उनी सित मित्रता स्थापित गरी वहाँ पाटनका व्यापारीहरु पठाये। यो नवीन व्यापारिक प्रबन्ध द्वारा काठमांडुले उपस्थित गरेको प्रतिबन्ध कुनै न कुनै अंशमा असफल हुनु स्वाभाविक छ। उनले पाटनका बौद्ध व्यापारीहरुलाई उत्साहित गरी तिब्बत सितको व्यापार पनी निकै बढाये।

सिद्धि नरसिंह मल्लले पाटनमा नै पशुपतिको मूर्ति स्थापित गरी सो ग्रामको नाम शिवपुरी राखेका कुराको वंशावलीमा भयेको वर्णन बाट पाटन बाट पशुपतिको दर्शन गर्न आउनु पनी निरापद न भयेका कुराको अनुमान हुन्छ। प्रताप मल्लकी रानी लालमतीको ने० सं० भाद्र ७६८ १६४८ ई० मा मृत्यु हुँदा सिद्धि नरसिंह मल्लले जठो न बारी दसैं मनायेको कुरा पनी वंशावली वर्णन गरियेको छ। ई उदाहरणहरु बाट प्रताप मल्ल तथा सिद्धि नरसिंह मल्लको व्यक्तिगत सम्बन्ध पनी कसतो कटु भयेको थियो तेसको अनुमान हुन्छ।

सिद्धि नरसिंह मल्लको राज्य पाटन नेपालका उपत्यकाको अत्यन्त प्राचीन राज्य हो। भारतका सम्राट् अशोकले यो नगर स्थापित गरेको कुरा बौद्ध ग्रन्थहरुमा वर्णन गरियेको छ। यहाँ भयेका चार वटा स्तूप उनैले निर्माण गरेका हुन्। प्राचीन काल देखी पाटन बौद्ध धर्मको केन्द्र थियो। सिद्धि नरसिह मल्लले आफु राजा भये पछी यो नगरलाई धनजन-पूर्ण पार्ने चेष्टा गरेको कुरा वंशावलीमा लेखियेको छ। ठाउँ ठाउँमा उनले धारा तथा पोखरीहरु बनाई मानीसलाई पानीको सुबिस्ता गराये।

नयाँ नाच तथा यात्राहरु चलाई उनीहरुका आमोदको प्रबन्ध गरे। व्यापार बढाई आफ्ना रैतीहरुलाई समृद्ध पारे।

पाटनमा प्राचीन काल देखी अनेक विहार थिये। पहिले ता ई विहारहरुमा ब्रह्मचारी भिक्षुहरु बस्थे। पछी वज्र यानको प्राधान्य भये पछी भिक्षुहरुले विवाह गर्ने प्रथा चल्यो तथा विहार वा बहालहरुमा गृहस्थ भिक्षुहरु बस्न थाले। तै पनी केही भिक्षु ब्रह्मचर्य व्रत पालन गर्ने थिंदै थिये। इनीहरु बस्ने बहाललाई बही भन्ने प्रथा चल्यो। यो रीतिले बहाल तथा बही दुई भागमा विहारहरु विभाजित गरिये। बौद्ध धर्मको क्रमशः ह्रास हुँदै गयेको हुनाले सिद्धि नरसिंहका पालामा विहारहरुमा अनेक दोष प्रवेश गरेका थिये। विहारहरुको सुधारका निम्ती इनले धेरै चेष्टा गरेको तथा नियम बनायेको कुरा वंशावलीहरुमा छ। विहार सम्बन्धी उनले बनायेका नियमहरु यथार्थ न बुझिये ता पनी इनको नायक छान्ने नियम इत्यादिको उनले संशोधन गरेको तथा धेरै विहारहरुलाई सम्मिलित गरी इनीहरुको राम्रो व्यवस्था मिलायेको बुझिन्छ।

यसता प्रकारको लोकोपकारपूर्ण उनको शासन भये ता पनी उनी विरक्त मानीस थिये औ उनको हृदय यो संसारमा थियेन। ने० सं० ७६८ आ० १६४८ ई० मा उनकी भानुमती नामक रानी मरेको कुरा तथा उनका मृत्युका उपलक्ष्यमा सार्वजनिक शोक राजाज्ञा द्वारा मनाइयेको कुरा वंशावलीमा छ। (राइट-पृष्ठ २३८-३९) उनको विरक्ति दिन प्रति दिन बढ्दै गयेको बुझिन्छ औ अन्त्यमा ने० सं० ७७७ आ० १६५७ ई० मा यो ससारलाई पानीको फोका जसतो ठानी संन्यास धारण गरी गङ्गासेवन गर्न उनी हिंडे।

सिद्धि नरसिंह पछी उनका छोरा श्रीनिवास मल्ल पाटनका सिंहासनमा बसे। इनको ने० सं० ७८१ आ० १६६१ ई० को मोहर पाइयेको छ। मोहर छापन चार वर्ष ढिलो गरेको कारण सिद्धि नरसिंह मल्लको उनले संन्यास ग्रहण गरेका चार वर्ष पछी मृत्यु भयेर होला।

इनी राजा हुने बित्तिकै अर्थात् ने० सं० ७७७ आ० १६५७ ई०मा फेरी काठमांडु सँग हात छोडाछोड भयो। श्रीनिवास मल्ल भादगाउँका जगत् प्रकाश मल्ल सँग मिले औ दुवै थरीले काठमांडुका प्रताप मल्ल संग लड़ाई थाले। यो लड़ाईं बाट लाभ जगत् प्रकाश मल्ललाई भयेको बुझिन्छ किन भने यसको परिणाम स्वरूप प्रताप मल्लले रुद्ध गरेको भादगाउँ जाने बाटाहरु खुला भये। समान शक्ति भयेका तीन राज्य मध्ये जुन दुई राज्य मिले पनी तेसरो राज्यलाई सहजै हराउन सक्थे। यो कुरा प्रताप मल्लले राम्ररी बुझेका थिये। यसैले उनी आफ्नो गर्वलाई बिर्सी हत्तपत्त श्रीनिवास मल्ल सँग मित्रता गर्न पुगे। श्रीनिवास मल्ल औ प्रताप मल्लको जसतो सुकै शत्रुता भयेता पनी नाता नजीकको नै थियो र इनीहरुमा मित्रता स्थापित भयो। यो मित्रता स्थापित गरे भनेर प्रताप मल्ललाई ता केही दोष छैन तर श्रीनिवास मल्लले भादगाउँका जगत् प्रकाश मल्ललाई आफु तिर मिलाई फेरी उनलाई छोडी प्रताप मल्ल सित मिलेको अनुचित हो। यो मित्रता पछी काठमांडु तथा पाटनका सम्मिलित सेनाको अधिनायक श्रीनिवास मल्ल भये। इनले ने० सं० ८८० आ० १६६० ई० मा भादगाउँ माथी आक्रमण गरे। यो लड़ाईंमा चाँगुको यौटा सैनिक अड्डामा आगो लाइयो औ आठ जना मानीस मारिये और २१ जना बन्दी भये। ती बन्दी गरियेका मानीसलाई जगत् प्रकाश मल्लले देवी देवताका मूर्ति अगाडी लगी काट्न लाये। यसले गर्दा काठमांडु तथा पाटनमा दुवै भादगाउँ सित रिसाउनु स्वाभाविक थियो। यसको साटो फेर्ने उद्देश्यले काठमांडु तथा पाटनको संयुक्त सेनाले बुन्दे ग्राम दखल गर्‍यो। वहाँ पछी चम्पा ग्रामको यौटा सैनिक अड्डा दखल गरियो औ चोरपुरी पनी दखल गरियो। ने० सं० ८८२ आ० १६६२ मा श्रीनिवास मल्लले नकदेश लुटी ठिमी दखल गरे। यो लड़ाईंमा जगत् प्रकाश मल्लको पूर्णतया हार भयो औ यो पछी क्रियाशील राजनीति देखी उनले एक प्रकारले अवकाश ग्रहण गरे।

माथी वर्णन गरियेको लड़ाई हुँदा नेपालमा ग्रुवर नामक एक जना

जेजुइट पादरी लासा बाट फर्केर आउँदा नेपाल पुगेका थिये। उनले समसामयिक नेपाल, तेसका राजा तथा यो बड़ाईको केही वर्णन गरेका छन्। उनले काठमांडुका राजा प्रताप मल्ल तथा पाटनका राजा श्रीनिवास मल्लको नाम उल्लेख गरेका छन्। श्रीनिवास मल्ल सुगठित शरीर भयेका नवयुवक थिये भनी उनले भनेका छन्। वरशमको सेनाका विरुद्धमा लड़ाई गर्न प्रताप मल्ल तथा श्रीनिवास मल्लको संयुक्त सेना उभियेको पनी इनले देखे थे। श्रीनिवास मल्ललाई फादर ग्रुवरको दूरबीन लाई हेर्दा शत्रुको सेना नजीक देखेको हुँदा तुरून्त आक्रमण गर्ने आज्ञा दिये भनी ग्रुवरले लेखेको छ।

एक ता पारस्परिक शत्रुताले गर्दा पनी होला दोसरो टाढाको कुरो नजीक देखिने यन्त्र उनीहरु सित भयेर पनी होला ई धर्मप्रचारकहरुले काठमांडु तथा पाटनका राजाहरु बाट निकै स्वागत पाये। इनीहरु नेपालमा बसे भने इनीहरुलाई राज्य बाट सर्व प्रकारको सुबिस्ता दियेर राख्ने प्रस्ताव पनी इनीहरु सित गरियो। नेपालका ई राजाहरु हिन्दु धर्म मान्ने भये ता पनी क्रिस्तान धर्म सित इनीहरुको विरोध रहेन छ भन्ने इनीहरुका सद्व्यवहारले पादरीहरुका मनमा पर्‍यो।

भादगाउँ माथी विजय प्राप्त गरे पछी ने० सं० ७८६ आ० १६६६ ई० मा श्रीनिवास मल्लले आफ्नो नाम अङ्कित गरी यौटा मोहर छपाये। तेसमा इनले नेपालेश्वर भन्ने आफ्नो विरुद पनी अङ्कित गरेका छन्। काठमांडुका राजा प्रताप मल्लले श्रीनिवास मल्लको नेपालेश्वर भन्ने विरुदका विरोधमा प्रतिवाद गर्न न सकेका कुरा बाट उनको शक्ति शिथिल हुँदै गयेका कुराको अनुमान हुन्छ।

श्रीनिवास मल्लमा पनी आफ्ना पिताको जसतै धार्मिक भावना थियो र इनले पनी पाटनमा अनेक मन्दिर बनायेको तथा जीर्णोद्धार गरेका कुराको वर्णन वंशावलीहरुमा छ। ने० सं० ७८७ आ० १६६७ ई० मा मूल चोक दरबारको दक्षिण भागमा इनले आफ्नो आगम देवतालाई तीन तले दरबार बनाये तथा यसतै देगुतलेको मन्दिर पनी बनाये।

स्थिति मल्लले बनायेको सर्वेश्वरको मन्दिरमा तला थपी तेसलाई इनले पाँच तले तुल्याये तथा त्यहाँका कुण्डको जीर्णोद्धार गरे। इनका पिता सिद्धि नरसिंह मल्लले चलायेको कार्तिक मासमा हुने नृत्यको अवधि इनले १५ दिन देखी बढाई २५ दिन तुल्याये। इनले यसता अनेक धार्मिक काम गरेका कुराको वर्णन वंशावलीमा छ।

अन्त्यमा श्रीनिवास मल्लले अपना पिताको पदानुसरण गरी संन्यास ग्रहण गरेको बुझिन्छ। ने० सं० ८०५ आ० १६८५ ई० मा यो घटना भयेको हो किन भने इनका उत्तराधिकारी तथा छोरा योग नरेन्द्र मल्लको तेही वर्ष प्रकाशित भयेको मोहर पाइयेको छ। यसमा इनले आफ्ना रानीहरुको नाम बाहेक आफ्ना दुई वटा विरुद पनी अङ्कित गरायेका छन्। सङ्गीतार्णवपारगको विरुद बाट ता इनलाई नाचगानको धेरै ज्ञान भयेका कुराको अनुमान हुन्छ। त्यो मोहरमा इनको अर्को विरुद नेपाल चूड़ामणि भन्ने छ। यस बाट नेपालका समसामयिक राजाहरुलाई इनले विशेष न टेरेको बुझिन्छ।

इनी मन्छेन्द्रनाथका विशेष उपासक भयेको कुरा पनी इनका टक बाट अनुमान हुन्छ किन भने ने० सं० ८०८ आ० १६८८ ई० को इनको यौटा मोहरमा श्री लोकनाथ छापियेको छ। मन्छेन्द्रनाथलाई बौद्धहरु लोकनाथ अवलोकितेश्वर भनी पूजा गर्छन्। यो पछी छापियेका पाटनका मोहरमा लोकनाथ छाप्ने चलन जसतै चल्यो।

आफ्ना पिताले बनायेको देगुतलेका सम्मुखमा इनले यौटा स्तम्भ बनाई तेस माथी आफ्नो सालिग राखेका छन्। यो सालिगका विषयमा पनी केही कालमा यौटा किंवदन्ति सृष्टि भयो तथा तेसका आडमा योग-नरेन्द्र मल्ल जीवित नै छन् भन्ने जनतामा यौटा भ्रमको प्रचार स्वार्थी-हरुले गरे। यो किंवदन्ति तथा भ्रमको सृष्टि पाटनमा इनका मृत्यु पछी भयेको अराजकताका समयमा गरियेको हो किन भने पाटनको सिंहासन माथी आफ्नो हक स्थापित गर्न योग नरेन्द्र मल्ल सित नजीकको नाता देखाउनु आवश्यक थियो। तेसैले यो अराजकताका समयमा हुने

कुनै कुनै राजाले यो राज्य ता योग नरेन्द्र मल्लको हो भन्ने कुरो झन प्रमाणित गराउन योग नरेन्द्र मल्लको मृत्यु नै भयेको छैन भनी यो कथाको सृष्टि गरेको बुझिन्छ ।

योग नरेन्द्र मल्लका पुत्रको पिताका जीवितावस्थामा नै मृत्यु भयेको थियो । राज्यको उत्तराधिकारी न भयेको हुनाले इनका मृत्यु पछी सिंहासनका निम्ती ठुलो घरझगरा पाटनमा उत्पन्न भयो ।

योग नरेन्द्र मल्ल बहुविवाहित व्यक्ति थिये तथा इनले आफ्ना अनेक रानीहरुका नाम विविध समयमा छापियेका आफ्ना मोहरमा अङ्कित गरायेका छन् । तिनमा नरेन्द्र लक्ष्मी देवी, प्रताप लक्ष्मी देवी तथा योग लक्ष्मी देवीका नाम अङ्कित भयेका छन् । एक चोटी इनी आफ्ना अनेक रानी भित्रिनीहरु लियेर चाँगु नारायण गयेका थिये । त्यो वेला कसैले इनलाई विषप्रयोग गरी मार्‍यो । उनका शव सित २१ जना रानी तथा भित्रिनीहरु सती गये । हालमा पाइयेको यौटा वंशावलीमा २१ जना सती गयेको भनी न पुगे झैं गरी ३१ जना सती भयेको कुरा लेखियेको छ । यो घटना ने० सं० ८२५ आ० १७०५ को हो ।

योग नरेन्द्र मल्लको मृत्यु के हुनु थियो पाटनको सिंहासनका निम्ती झगरा सृष्टि भयो औ १० वर्ष सम्म यो झगरा चलेको कुरा पाटनका त्यो वेलाका टकका अध्ययन बाट विदित हुन्छ ।

यो अराजकता पूर्णकालको पहिलो टक ने० सं० ८२५ आ० १७०५ ई० को पाइन्छ । तेसमा अघिल्लो पट्टी श्री श्री लोकनाथ औ श्री जय इन्द्र मल्ल छापियेको छ तथा पछिल्लो पट्टी श्री भाग्यवती देवी औ ८२५ अङ्कित छ । श्रीनिवास मल्लकी छोरी मणिमतीका ई छोरा हुन् तथा योग नरेन्द्र मल्लका ई भानिज हुन् । तर इनी राजा भयेको योग नरेन्द्र मल्लकी छोरीलाई मन न परेको बुझिन्छ किन भने ने० सं० ८२७ आ० १७०७ ई० को इनका छोरा लोक प्रकाश मल्ल तथा इनको संयुक्त नाम भयेको मोहर पाइयेको छ । तेसमा अघिल्लो पट्टी श्री श्री जय लोक प्रकाश मल्ल देव औ श्री श्री करुनामय तथा पछिल्लो पट्टी श्री श्री योगमती

देवी तथा ८२७ अङ्कित छ। योग नरेन्द्र मल्लकी दिदीका छोराको हक भन्दा छोरीका छोराको हक बढता हुन्छ भन्ने ठानी आफ्नो सानो छोरोलाई अघी सारी इन्द्र मल्लको विरोध गरेको कुरा यता बाट चाल पाइन्छ। भानिज तथा दौहित्रको सिंहासनका निम्ती कसको हक त्यो समयका चलन बमोजिम बढ़ता थियो सो भन्न सकियेन।

तर दुर्भाग्यवश योगमतीका छोरा लोक प्रकाशको मृत्यु चाँडै नै भयो। तै पनी नायब भै शक्ति भोग गर्न इच्छा योगमतीको न पुगेको बुझिन्छ किन भने ने० सं० ८२९ आ० १७०९ ई० को इनको नाम समेत भयेको यौटा मोहर पाइयेको छ। तेसमा अघिल्लो पट्टी श्री श्री लोकनाथ तथा श्री श्री वीर नरसिंह मल्ल देव तथा पछिल्लो पट्टी श्री श्री योगमती देवी औ ८२९ अङ्कित छ। वीर नरसिंह सित यो राजकुलको के सम्बन्ध थियो तथा पाटनका सिंहासन माथी इनको अधिकार कुन रूपको थियो सो चाल पाउन सकियेको छैन। तर यसै सालको यौटा अर्को मोहर पाइयेको छ। तेसमा अघिल्लो पट्टी श्री श्री जय वीर महेन्द्र मल्ल तथा ८२९ औ पछिल्लो पट्टी श्री श्री लोकनाथनमः छापियेका छन्। ई महेन्द्र मल्लका विषयमा वंशावलीमा केही वर्णन पाइन्छ। इनलाई योग नरेन्द्र मल्लको छोरो भनी वंशावलीहरुमा भनेको छ। योग नरेन्द्र मल्ल मर्दा इनकी आमा गर्भिणी भयेको तथा इन्द्र मल्लका दलले इनी बौलाइन् भनी आसन्नप्रसवा इनलाई पाटन बाट धपाई दियेको कुरा बुझिन्छ। पाटन बाट भागी इनी गोर्खाका राजाका शरणमा गै बसेका वेलामा वहाँ नै इनका छोरा महेन्द्र मल्ल जन्मे। महेन्द्र मल्ल तथा इनकी आमा-लाई शरण दिने गोर्खाका राजाले पनी आमा छोराको पक्ष लिई पाटन-को सिंहासन महेन्द्र मल्लले पाउन पर्छ नत्र हामी राजा हुन उनलाई सहायता गर्छौं भनी हांक दियेको कुरा वंशावलीमा छ। यो वेला गोर्खामा पृथ्वीपति शाह राजा थिये। यता पाटनमा एक जना मिलु नामका काजीले पनी ई आमाछोराको सहायता गरी उनीहरुलाई गोर्खा बाट ल्याई पाटनका दरबारमा राखे और महेन्द्र मल्ललाई आ० १७०९ मा

राजा घोषणा गरे। तर मिलु काजीको प्रयत्न औ गोर्खाको हाँक दुवै इनको शीघ्र मृत्यु भयेको हुनाले निरर्थक भये।

महेन्द्र मल्लको शासन कती रह्यो सो निश्चित रूपले भन्न सकिंदैन। ने० स० ८३२ आ० १७१२ ई० मा अङ्कित योग प्रकाश मल्लको यौटा मोहर पाइयेको छ। योग प्रकाश मल्ल भक्तपुरका राजकुलका थिये तथा मूलमा जन्मेको हुनाले इनलाई भक्तपुर बाट बाहिर पठायेको थियो भनी वंशावलीमा भनेको छ। इनको पनी विफर द्वारा चाँडै नै मृत्यु भयेको कुरा अनुमान हुन्छ।

यो पछी ने० सं० ८३५ आ० १७१५ ई० तथा ने० सं० ८३६ आ० १७१६ ई० का हृदि नरसिंहका दुई मोहर पाइयेका छन्। १७१५ ई० को इनको मोहरमा अघिल्लो पट्टी हृदि नर माझमा सिंहको आकार तथा छेउमा मल देव औ अर्को पट्टी श्री श्री करुणामय ८३५ अङ्कित छ। यसतै १७१६ ई० को इनको मोहरमा अघिल्ले पट्टी श्री श्री वीर हृदि नर, माझमा सिंहको आकार तथा पछिल्लो पट्टी श्री श्री करुणामय नम ८३६ अङ्कित छ। इनी योग नरेन्द्र मल्लका भित्रीनी पट्टीका दौहित्र थिये।

यसका अर्को वर्ष ने० सं० ८३७ आ० १७१७ मा काठमांडुका राजा भास्कर मल्लका अधीन पाटन गराइयो। पाटनको राजा भये पछी इनले प्रकाश गरेका मोहरमा इनको नाम महीन्द्र सिंह छ। ने० सं० ८३७ आ० १७१७ ई० को इनको मोहरमा अघिल्लो पट्टी श्री श्री जय महीन्द्र तथा पछिल्ले पट्टी सिंह देव ८३७ श्री श्री कलुनामय छापियेको छ।

पाटनमा हृदि नरसिंहको मोहर चलेका समयको अर्थात् ने० सं० ८३५ आ० १७१५ ई० को पनी महीन्द्र सिंहको यौटा मोहर पाइयेको छ। तेसमा एक पट्टी श्री श्री जय महीन्द्र तथा अर्को पट्टी सिंह देव ८३५ नेपालेश्वर गिरीन्द्र अङ्कित छ। यता बाट इनलाई पाटनको मुकुट १७१५ ई० मा अर्पण गरियेको तथा इनले नेपालेश्वर गिरीन्द्र उपाधि धारण गरी मोहर प्रकाश गरेको बुझिन्छ तर सोही समयमा हृदि नरसिंह मल्लले आफुलाई राजा घोषणा गरेको हुनाले पाटनको राज्यभार ग्रहण

गर्न इनलाई दुई वर्षको ढिलो भयेका कुराको अनुमान हुन्छ ।

इनको ने० सं० ८३८ आ० १७१८ ई० को यौटा सुकी पनी पाइयेको छ । तेसमा इनको नाम बाहेक महीन्द्रलक्ष्मीको नाम छ । महीन्द्र-लक्ष्मी इनकी रानीको नाम हुनु सम्भव छ ।

भास्कर मल्ल वा महीन्द्र सिंहको मृत्यु ने० सं० ८४२ आ० १७२८ ई० मा भये पछी पाटन काठमांडु बाट छुट्टियो । तर यौटा राजा न भै कसरी राज्य गर्ने ? यो कारणले मूलमा परे भनी भादगाउँ बाट निर्वासित गरियेका वहाँका योग प्रकाश मल्ल नामक राजपुत्रलाई ल्याई पाटनका सिंहासनमा राखियो । इनी सिंहासनमा बसेका वर्षमा नै प्रकाशित गरियेको इनको मोहर पाइयेको छ । तेसमा सुल्टो पट्टी श्री श्री जय योग प्रकाश मल्ल देव ८४२ तथा पछिल्लो पट्टी श्री श्री श्री करुणामय अङ्कित छ । योग प्रकाश मल्लले केवल एक वर्ष शासन गरेको तथा इनी विफरले मरेको कुरा वंशावलीमा लेखियेको छ ।

यो पछी योग नरेन्द्र मल्लका दौहित्र विष्णु मल्ल पाटनका राजा भये । इनी ने० सं० ८४३ आ० १७२३ ई० मा राजा भयेका भये ता पनी इनको नामाङ्कित पाइयेको प्रथम मोहर ने० सं० ८४९ आ० १७२९ ई० को छ । विष्णु मल्लका समयमा पाटनमा केही शान्ति भयेको हुनाले इनले यौटा दरबार बनायेको कुरा वंशावलीमा लेखियेको छ । यो दरबार बनाउन इनले स्वयं काम गरी जनतालाई काम गर्न उत्साहित गरे भनी वंशावलीमा लेखियेको छ । हात्तीमा चढी विष्णु मल्लले दुई तीन वटा ईंट आफैंले लियेर आये छन् । राजाले स्वयं काम गरेको देखी जनताको काम गर्ने उत्साह निकै बढेका कुराको उल्लेख वंशावलीमा छ । तर यो घटनाले पतनशील समयका राजाको मनोवृत्ति राम्ररी बुझाउँ छ । विष्णु मल्लले ईंट ता ओसारे तर हात्तीमा चढेर सो ओसारे ।

विष्णु मल्लले पाटनको तलेजुका मन्दिरमा राखेको घंटा बडो प्रसिद्ध छ । यो ने० सं० माघ ८५७ १७३७ ई० मा राखियेको हो । त्यो घंटामा भयेका घंटाका लेख बाट इनकी रानी चन्द्रलक्ष्मी देवी भयेको कुरा चाल

पाइन्छ। (इतिहास प्रकाश —भाग १ पृष्ठ ६३-६४)

काठमांडुमा जगज्जय मल्लको आ० १७५२ ई० मा मृत्यु भये पछी जय प्रकाश मल्ल सिंहासनमा बसे औ राज्य प्रकाश मल्ललाई काठमांडु बाट निकाली दिये। निष्कासित भये पछी राज्य प्रकाश मल्ल पाटनका आश्रयमा गये औ विष्णु मल्लले इनलाई आफ्नो धर्मपुत्र तुल्यायेर राखे भन्ने कुरा वंशावलीहरुमा लेखियेको छ। तर इनका नाम अङ्कित भयेका मोहरहरुका अध्ययन द्वारा इनी पाटनमा गै विष्णु मल्लका विरुद्ध विद्रोह गरेका कुराको अनुमान हुन्छ। ने० सं० ८५५ आ० १७३५ ई० को यौटा तया ने० सं० ८५६ आ० १७३६ ई० का दुई वटा इनका मोहर पाइयेका छन्। विष्णु मल्लका जीवितावस्थामा पाटनमा ई मोहर छापियेको कुरा बाट विद्रोहको अनुमान सुदृढ हुन्छ। ई मोहरहरुका सम्बन्धमा यौटा अर्को अर्थपूर्ण कुरा पनी छ। तेसको पनी यहाँ विचार गर्नु उचित छ। ई जम्मै मोहरहरुमा योग नरेन्द्र मल्लको नाम अङ्कित छ। यता बाट यो राज्य वास्तवमा योग नरेन्द्र मल्लको हो औ उनको मृत्यु भये पछी (उनको मृत्यु भयो भनेको मात्र हो, उनी वास्तवमा जीवित नै छन्) जो राजा भये उनको राजा हुने अधिकार न्यायपूर्ण थिगेन औ राज्य प्रकाश मल्लको उत्तराधिकारको अधिकार न्यायपूर्ण छ भनी प्रमाणित गर्न योग नरेन्द्र मल्लको नाम ई मोहरहरुमा अङ्कित गरियेको हो। योग नरेन्द्र मल्ल अमर भयेको, उनका सालिगमा भयेको नाग माथीको चरा न उडी उनी न मर्ने तथा दरबारमा उनलाई सुत्न ओछ्या न लाउने तथा खान भोजन राख्ने चलन तथा कथाको पनी इनै ताक जन्म भयेको बुझिन्छ। यो कथाको राजनीतिक अर्थ छ।

यसका केही पछी विष्णु मल्लले राज्य प्रकाश मल्ललाई आफ्नो उत्तराधिकारी स्वीकार गरेको हुनाले यो झगरा शान्त भयेको बुझिन्छ।

विष्णु मल्लको मृत्यु ने० सं० ८६२ आ० १७४२ मा भयेको अनुमान हुन्छ। राज्य प्रकाश मल्ल वहाँ पछी पाटनका राजा भये। राजा भये पछी इनले ने० सं० ८६९ आ० १७४९ ई० मा प्रकाश गरेको मोहर

पाइयेको छ। यो पछी पाटनका शक्तिमान् भारदारहरु इनी संग अप्रसन्न भै इनका दुवै आँखा फोरी दिये भनी वंशावलीमा लेखियेको छ। यो पछी इनको मृत्यु भयो। इनी पछी राजा हुने विश्वजित् मल्लको यौटा ने० सं० ८७२ आ० १७५२ ई० को सुका पाइयेको छ। यता बाट राज्य प्रकाश मल्लको आ० १७५२ तिर मृत्यु भयेको अनुमान छ।

वंशावलीमा भने राज्य प्रकाश मल्लको मृत्यु पछी भादगाउँका रणजित् मल्ल, तथा काठमांडुका जय प्रकाश मल्लले २३ वर्ष पाटनमा राज्य गरेको तथा प्रधानहरुले उनीहरुलाई धपायेको कुरा लेखियेको छ। वंशावली अनुसार रणजित् मल्ल तथा जय प्रकाश मल्ल खोसिये पछी विष्णु मल्लका दौहित्र विश्वजित् मल्ल पाटनका राजा भये। यो कुरा जे भये ता पनी विश्वजित् मल्लको ने० सं० ८७८ आ० १७५८ को मोहर पाइयेका कुरा बाट इनको त्यो समय सम्म शासन भयेको अनुमान हुन्छ। भारदारहरुले इनलाई यौटा अपटीलाई इनकी रानीले देख्ता देख्तै इनलाई तलेजुका मन्दिरका ढोकामा मारी दिये भनी वंशावलीमा लेखियेको छ। (राइट—पृष्ठ २५१)

विश्वजित् मल्ल मारिये पछी भारदारहरुले पृथ्वीनारायण शाहलाई पाटनको राजा हुन निमन्त्रण गरे तर पृथ्वीनारायण शाह स्वयं न आई आफ्ना भाई दल मर्दन शाहलाई पाटनको राजा हुन पठाये। दल मर्दन शाह कुन साल पाटनका राजा भये त्यो निश्चित भन्न न सके ता पनी इनको ने० सं० ८८८ आ० १७६८ ई० को मोहर पाइयेका कुरा बाट पृथ्वीनारायण शाहले पाटन विजय गरेका वर्ष सम्म नै इनको वहाँ शासन भयेका कुराको अनुमान हुन्छ। मुद्रा अनुसार ता पाटनका अन्तिम राजा इनै प्रमाणित हुन्छन् तर वंशावली अनुसार इनी पछी तेज नरसिंह मल्ल पाटनका राजा भयेको कुरा चाल पाइन्छ। पृथ्वीनारायण शाहले पाटन १७६८ मा दखल गरे पछी तेज नरसिंह भागी भादगाउँ गयेका थिये तथा वहीं उनी मारिये।

सप्तदश अध्याय

पृथ्वीनारायण शाहको नेपाल विजय

पन्द्रहौं शताब्दिमा गोर्खा राजवंशका पूर्वपुरुषहरु जुन वेला पश्चिम नेपालमा आफ्नो स्वतन्त्र राज्य स्थापित गर्ने चेष्टा गर्दै थिये त्यो वेला नेपालको शासन विभाजित भयेको थियेन तथा सम्पूर्ण खाल्डो यौटै शासनका अधीन थियो। विभाजन हुनु भन्दा अघी नेपालको राज्यविस्तार तल लेखे बमोजिम थियो। पूर्वमा कोसी, पश्चिममा त्रिशूल गङ्गा, उत्तरमा शिवपुरी तथा दक्षिणमा चीसपानी खोलो थिये।[१] यो राज्य धनधान्यपूर्ण तथा भोट औ भारत सित यथेष्ट व्यापारिक सम्बन्ध भयेको थियो। यो कारणले पश्चिम पहाडका राजाहरु यसको वैभव देखी मुख बाट राल काढ्थे।

तेरहौं शताब्दिका अन्तिम भागमा पश्चिमका पर्वतेहरु नेपाल पसेका कुराको उल्लेख वंशावलीहरुमा पाइन्छ। ने० सं० ४०८ पौष १२८८ ई० मा जितारि मल्ल नामक एक जना पर्वते राजाले नेपाल आक्रमण गरेका थिये। नेपालमा उनको विरोध गरियेको हुनाले उनी नेपाल छोडी पूर्व तिर लागे तर लगत्तै फागुनमा उनले फेरी नेपाल आक्रमण गरे। यो पालाका आक्रमणमा उनले नेपालका अनेक गाउँमा आगो लाई दियेको कुरा छ। यती गरी उनी स्वदेश फर्के।

---

१. स्कन्द पुराण अन्तर्गत नेपाल महात्म्यमा नेपालको यो सीमा लेखियेको छ। मूल श्लोक मेरो पृथ्वीनारायण शाह पृष्ठ ७ मा छ। त्यो वेला मूलमा भनेको शीतलोदका मैले निश्चित गर्न सकेको थिइन। तर पछी विचार गर्दा शीतलोदका भनेको चीसापानी गढीमा बग्ने चीसापानी नामक खोलो रहेछ भन्ने कुरा ज्ञात भयो।

शाके १२७९ आ० १३५७ ई० मा सेंजाका राजा पृथ्वी मल्ल दुल्लुमा भयेको तथा उनको वंशावली भयेको यौटा शिलालेख छापियेको छ। (इतिहास प्रकाश–अङ्क २ भाग १ पृष्ठ ५८) तेसमा जितारि मल्ल नामक दुई राजाको उल्लेख छ। सम्भवतः इनी गयामा शिलालेख राख्ने अशोक चल्लका छोरा प्रथम जितारि मल्ल हुन्। नेपाल माथी पश्चिमका मान्छेले गरेको यो प्रथम आक्रमण असफल भये ता पनी यसका पुग न पुग चार सये वर्ष पछी पश्चिम गोर्खाका राजा पृथ्वीनारायण शाहले नेपाल विजय गरेको कुरा महत्वपूर्ण छ।

यो आक्रमणका धेरै पछी १५५९ ई० मा द्रव्य शाहले गोर्खामा स्वतन्त्र गोर्खाली राज्य स्थापित गरे। यो राज्य नेपाल उपत्यकाका नजीकमा थियो तथा यसका पश्चिममा अरु बलिया स्वतन्त्र राज्यहरु हुनाले यसको प्रसार पूर्व तिर मात्र सम्भव थियो। त्यो प्रसारलाई सजिलो तुल्याउने यौटा घटना द्रव्य शाहले गोर्खा राज्य स्थापित गर्नु भन्दा ७७ वर्ष अघी नेपालका खाल्डोमा भयेको थियो। सम्पूर्ण नेपाल माथी राज्य गर्ने अन्तिम राजा यक्ष मल्लको १४८२ मा मृत्यु भये पछी नेपालका राज्यको विभाजन भयो औ चाँडै नै खाल्डो भीत्र तीन परस्परद्रोही स्वतन्त्र राज्य खडा भये। ई परस्पर झगरा गर्ने काठमांडु, पाटन तथा भादगाउँका राज्य सित बिस्तार बिस्तार गोर्खा अनेक रूपले सम्बन्ध स्थापित गर्न लाग्यो। पहिले यो सम्बन्ध शान्तिपूर्ण मैत्री-सम्बन्ध थियो तर पछी जसो जसो खाल्डोका राज्यको पारस्परिक झगरा तीव्रतर हुँदै गयो उसो उसो यो सम्बन्धले पनी शत्रुताको रूप धारण गर्दै गयो औ अन्त्यमा नेपाललाई गोर्खाले जिती छोड्यो।

गोर्खा तथा नेपालको प्रथम सम्बन्ध द्रव्य शाहका चार पुस्ता पछी गोर्खाका राजा हुने राम शाहका पालामा (१६०६-३३) भयेको कुरा चाल पाइयेको छ। राम शाह गोर्खाका एक जना यशस्वी राजा थिये औ इनले आफ्ना विजय द्वारा गोर्खा राज्यको विस्तार निकै बढायेका थिये। इनी विजेता मात्र थियेनन् किन्तु अनेक नयाँ रीति थिती चलाई

इनले गोर्खा राज्यको आर्थिक तथा सामाजिक स्थितिको पनी धेरै सुधार गरेका थिये। इनका आर्थिक सुधार मध्ये यौटा सुधार पाटनका सिद्धि नरसिंह मल्ल सँग मैत्री स्थापन गरी इनले पाटनका केही नेवार महाजनहरुलाई गोर्खामा ल्याई राखेको काम छ। यता बाट गोर्खा तथा नेपालको राम्रो व्यापारिक सम्बन्ध स्थापित भयेको कुरा बोध हुन्छ।

तर पाटनका सिद्धि नरसिंह मल्ल सँग गरियेको यो मैत्री बाहिर देख्दा यौटा शान्तिपूर्ण कार्य भये ता पनी वास्तवमा यो भीत्र सैनिक कुचक्र थियो। केरुङ्ग अञ्चलको बाहिरी भाग पाटनका शासन भीत्र सम्मिलित थियो औ राम शाहले पनी केरुङ्गका ढोका रसुवा आफ्ना अधीन गरायेका थिये। यो कारणले सिद्धि नरसिंह मल्ल सित राम शाहले मित्रता स्थापित गर्न परेको थियो औ काठमांडुका राजा प्रताप मल्लले आफु सँग ठुलो शत्रुता गरेको हुनाले पाटनका राजा सिद्धि नरसिंह मल्ललाई पनी गोर्खा सँग मित्रता गर्न एक प्रकारले करै लागेको थियो। यसो गर्नाले प्रताप मल्लका शत्रुताको यौटा काट हुने हुन्थ्यो।

प्रताप मल्लले भोटको यो अञ्चलमा भयेको सिद्धि नरसिंह मल्लको राज्य माथी आक्रमण गर्दा राम शाहका छोरा डम्बर शाहले (१६३३-४२) आफ्ना पिताका पालामा भयेको मित्रताको रक्षाका निमित्त यहाँ सिद्धि नरसिंह मल्लको सहायता गर्न सेना पठायेका थिये। यो सेनालाई प्रताप मल्लले पूर्णतया ध्वंस गरेका थिये।[१]

सम्भवतः तेरहौं शताब्दिका अन्त्यमा भयेको जितारि मल्लको आक्रमण भयेका समय देखी नेपालमा पश्चिमका मानीसको आवतजावत आरम्भ भयेको थियो औ उनीहरु यहाँ बसोबासो पनी गर्न थालेको थिये। आरम्भ देखी नै तीर्थयात्राका निम्ती पश्चिम वा अन्यत्र बाट नेपाल आउन केही बाधा थियेन। अल्ली पछी पछी ता पश्चिमका राजकुलका मानीस पनी तीर्थयात्रा गर्न यहाँ आउन लागेका थिये। गोर्खाका राजा पृथ्वीपति शाहका (१६६९-१७१६) कुमार वीरभद्र शाह आफ्ना पिता संग

१. प्रताप मल्लको हनुमान् ढोकाको शिलालेख।

उनको बेमेल भयेका समयमा पशुपतिनाथको दर्शन गर्न भनी नेपाल आई भूपतीन्द्र मल्लका पाहुना भयेर बसेका थिये। तर काठमांडु तथा पाटनका राजाहरुले उनको आगमनका अभिप्रायका विषयमा सन्देह गरेको हुनाले उनलाई भूपतीन्द्र मल्लले भादगाउँमा धेरै समय राख्न सकेनन्। नेपाल बाट फर्कंदा गोर्खा न पुग्दै बाटैमा बुढी गण्डकीका किनारमा १७१६ ई० मा वीरभद्र शाहको मृत्यु भयेथ्यो।

यक्ष मल्लको मृत्यु पछी विभाजित नेपालको काठमांडुका प्रथम राजा रत्न मल्लले पश्चिमका खस मगरहरुको यौटा सेना खड़ा गरेको कुरा पनी वंशावलीहरुमा लेखियेको छ।

नर भूपाल शाहका समय (१७१६-१७४२) देखी वास्तविक रूपले गोर्खा नेपाल विजय गर्ने चेष्टा गर्न लाग्यो। यसका निम्ती प्रथम उद्योग १७३७ मा भयो। नर भूपाल शाहको एक चोटी मै नेपाल विजय गर्ने इच्छा ता निश्चय थियेन तर उनी पहिले नुवाकोटको उर्वरा इलाका आफ्ना अधीन गराई तेसलाई नेपाल उक्लने खुडकिलो तुल्याउन खोज्थे। यो कार्यमा सफलता प्राप्त गर्न निकै सैनिक व्यवस्थाको आवश्यकता थियो तथा अगाडी बढेर गयेका सेनाको पृष्ठरक्षा राम्ररी गर्न पर्ने आवश्यकता थियो। ई दुवै कुरा समुचित रूपले न गरी नर भूपाल शाहले नुवाकोट आक्रमण गर्न आँटेको हुँदा यसको उत्तरदायित्व ग्रहण गर्न अनुभवी मगर काजी रामकृष्ण थापाले अस्वीकार गर्दा इनका ठाउँमा महेश्वर पन्त सेनापति काजी नियुक्त गरिये। इनका सहयोगी मगर काजी जयन्त राना ग्यामी नियुक्त भये। ई दुई जनाका नेतृत्वमा गोर्खाली सेना गोर्खा बाट हिंडी बाटाका साना साना राज्यहरु परास्त गर्दै नुवाकोट पुग्न ता पुग्यो तर आफ्नो देश बाट धेरै पर बढेर आयेको यो सेनाले नुवाकोटका रक्षाका निम्ती आयेको जय प्रकाश मल्लका सेना द्वारा पराजित भै फर्कनु पर्‍यो। यो पराजयको फलस्वरूप दुई जना सेनापतिहरुमा भयेको झगरा औ परस्परको दोषारोपणले गर्दा जयन्त राना खोसिये औ इनी भागी काटमांडु गै जय प्रकाश मल्लका सेनामा नियुक्त भये। यो हारको

परिणाम हो वा के कारणले हो नर भूपाल शाहलाई उन्माद रोग लाग्यो र उनी शासन चलाउन असमर्थ भये। उनको मृत्यु १७४२ ई० मा भयो औ उनका छोरा पृथ्वीनारायण शाह पिताका सिंहासनमा बसे।

पृथ्वीनारायण शाहले पनी आफु राजा हुने बित्तिकै १७४२ ई० मा वा तेसका केही पछी नुवाकोट आक्रमण गर्ने निश्चय गरे। रुखमा फलेको फल देखी जसरी केटाकेटीहरु झटारो हानी त्यो फल झार्न खान खोज्छन् उसतै मानसिक भावले प्रेरित भै अघी नर भूपाल शाहले नुवाकोट आक्रमण गरे थे औ यो पालाको आक्रमण पनी प्रायः तेसतै थियो। मगर सेनापतिहरुका अधीनमा नियुक्त सेना द्वारा आक्रमण गरियो। तर अनुभवी औ गमेर काज गर्ने मगर सेनापतिहरु द्वारा सञ्चालित सेनाले छिटो कार्य गर्न न सकेको देखी फेरी महेश्वर पन्त सेनानायक नियुक्त गरिये। उनी गण्डकी तरी नुवाकोट पुग्न ता पुगे तर जय प्रकाश मल्लले पठायेका सेना सँग उनको केही लागेन र उनीलाई नुवाकोट छोड्नु करै लाग्यो। नुवाकोटको द्वितीय आक्रमणमा पनी गोर्खालीहरुको हार भयो।

वहाँ पछी पृथ्वीनारायण शाह बुद्धिमानीपूर्वक नुवाकोट विजयका निम्ती जो चाहिंदो प्रबन्ध गर्न लागे। सेनाको पुनर्गठन, अस्त्र निर्माण, इत्यादि अनेक प्रबन्ध गरी १७४४ ई० मा इनले नुवाकोट माथी द्वितीय पटक आक्रमण गरे। उता नेपालमा राजाहरुको पारस्परिक गृहकलह दिन दिन बढ्दो थियो तथा भारदारहरु आफ्नो स्वार्थ सिद्ध गर्न राजाका विरुद्ध षड्यन्त्र गर्न किञ्चित् मान्दैन थे। पाटनमा विष्णु मल्लको देहान्त पछी राजा हुने राज्य प्रकाश मल्ल भारदारहरुका मुठीका झिंगा थिये। भादगाउँका रणजित् मल्ल काठमांडु सित लडाईं गर्दै थिये। काठमांडुमा जय प्रकाश मल्लका विरुद्ध उनका पर्वते तथा अरु भारदारहरु षड्यन्त्र गर्दै थिये तथा उनलाई सिंहासन बाट ओराल्ने चेष्टामा थिये। नेपालका राजकाजमा यसतो विषमता तथा अशान्ति उत्पन्न भयेका वेलामा नुवाकोटको यो आक्रमण गरियेको थियो।

जय प्रकाश मल्लले आफ्ना नवीन सेनापति जयन्त रानाका अधीन यौटा सेना पृथ्वीनारायण शाहको आक्रमणकारी सेना सित लडाईं गर्न पठाये। जयन्त राना ससैन्य नुवाकोट आई बसे। गण्डकी तरी गोर्खाली सेना नुवाकोट आउन पहाड चढ्न थाले पछी लडाईं गर्ने उनको अभिप्राय भयेको बुझिन्छ। तर पृथ्वीनारायण शाहले यो आक्रमणमा जो दाउ खेले तेसले गर्दा जयन्त रानाले चितायेको कुरा पुग्न सकेन। पृथ्वीनारायण शाहको सेना गण्डकी तरी नुवाकोट न गयेर नुवाकोटका उत्तरमा अल्गोमा स्थित गेर्खुको डाँडोमा चढ्यो तथा सहजै गेर्खु पुगी वहाँ बस्यो। वहाँ पुगे पछी गोर्खाली सेना तीन भागमा विभक्त गरियो तथा ई तीनै वटा सेनाले विविध मार्ग बाट नुवाकोट माथी आक्रमण गरे। महामण्डलका लडाईमा जयन्त रानाका छोरा शङ्खमणि राना परे तथा महामण्डल गोर्खालीहरुका अधीन भयो। वहाँ पछी विना युद्धले नुवाकोट उनीहरुका अधीन भयो किन भने नुवाकोटको रक्षा गर्नु सम्भव न देखेर जयन्त राना नुवाकोट छोडी बेलकोट गै बसे। नेपाल बाट थप सेना आये पछी नुवाकोट माथी आक्रमण गर्ने उनको अभिप्राय थियो।

नुवाकोट बाट पृथ्वीनारायण शाहले जयन्त रानालाई गोर्खा सित उनको पुरानो सम्बन्ध भयेको कुरा देखाई आफु तिर मिलाउन खोजे। उनीले यो प्रस्ताव स्वीकार न गर्दा गोर्खालीले बेलकोट माथी आक्रमण गर्ने निश्चय गरे। बेलकोटमा काठमांडुको सेना सुदृढ भयेर बसुन् ज्याल पृथ्वीनारायण शाह नुवाकोटमा निर्धक्क भयेर बस्न सक्तैनथे। यो कारणले बेलकोट आफ्ना अधीनमा गराउनु नितान्त आवश्यक थियो। एक दिन एक्कासी गोर्खाली सेनाले बेलकोट माथी आक्रमण गऱ्यो। यो आक्रमणमा हताहत हुने गोर्खालीहरुको संख्या धेरै भयेको भये ता पनी गोर्खालीहरुको यो युद्धमा विजय भयो औ सेनापति जयन्त बन्दी गरिये। पृथ्वीनारायण शाहका आज्ञाले निर्दयतापूर्वक उनको प्राणहरण गरियो।

नुवाकोटका विजयले गोर्खालीहरुको यौटा उर्वरा अञ्चलमा अधि-

कार मात्र स्थापित भयेन किन्तु नेपाल बाट तिब्बत जाने बाटोको प्रधान गौंडा पनी उनीहरुका अधीन भयो। उनीहरु यो बाटो बाट आवत जावत गर्ने तिब्बती व्यापार सित भंसार लिन पाउने भये। यसले गर्दा उनीहरुका आर्थिक शक्तिमा पनी निकै अभिवृद्धि भयो। नेपाल विजय गर्ने पृथ्वीनारायण शाहको जो उद्देश्य थियो तेसमा यो विजयले निकै सहायता प्रदान गऱ्यो किन भने अब नेपाल नजीकै बसी उनी युद्ध सम्बन्धी कार्य गर्न सक्ने भये।

जय प्रकाश मल्लले नुवाकोट उकास्न लगत्तै यौटा आयोजन गरे। काशीराम थापाका अधीन उनले पृथ्वीनारायण शाहका विरुद्धमा यौटा सेना पठाये। यो सेनाले गोर्खालीहरुले उपयोग गरेको युद्ध कौशलको देखासिखी गरी सोझै नुवाकोट न गै गेर्खु गै वहाँ बाट तल झरी नुवाकोट माथी आक्रमण गर्ने व्यवस्था गरेको थियो। यो देखी गोर्खालीहरुले गेर्खुका वर पर अग्ला अग्ला पहाडको सुरक्षाको प्रबन्ध गरे तथा गेर्खुका अञ्चलमा दुई लडाई लडी काशीराम थापाको सेनालाई हराये। काशीराम थापा भागी प्राण जोगाये। यो हार काशीराम थापा भित्री हिसाबले पृथ्वीनारायण शाह सँग मिलेको हुँदा भयेको हो भन्ने शङ्का जय प्रकाश मल्लका मनमा पऱ्यो तथा यो अनुचित पनी थियेन।

पर्वतेहरुको सेना माथी अविश्वास हुँदा जय प्रकाश मल्लले मदिसेहरुको सेना पनी खडा गरेका थिये। पर्वते सेनाका स्वामीभक्तिमा उनलाई शङ्का भये पछी स्वभावतः उनी मदिसे सेनाको विशेष भर गर्न थाले। आफ्ना मदिसे सैनिकहरुका सहायताले उनले १७४६ ई० मा काशीराम थापा समेत आठ जना पर्वते अफीसरहरुलाई गौरी घाटमा मार्न लाये। पर्वतेहरु सँग मिल्ने भनी भीख्वाल काजी पनी मारिये औ तौढिक भागी प्राण जोगाये। आफ्ना पर्वते तथा नेवार भारदारहरुलाई जयप्रकाश मल्लले मदिसे सैनिकहरुका सहायताले यसरी मारेको नेपालका प्रजालाई मन न पर्नु स्वाभाविक थियो। यसैले उनका विरुद्ध भारदारहरुले गरेको षड्यन्त्र साधारण प्रजाहरु बाट पनी अनु-

मोदित भयेको थियो। जय प्रकाश मल्लका विरुद्ध गरियेको षड्यन्त्र पाटन तथा भादगाउँका राजा तथा भारदारहरु द्वारा भीत्र भीत्र सहायता पाउँथ्यो। यसरी यौटा ठुलो षड्यन्त्र खडा गरी यो दलले जय प्रकाश मल्ल द्वारा मारिने काशीराम थापाका भाई परशुराम थापालाई नेपाल माथी आक्रमण गर्न पृथ्वीनारायण शाहलाई निमन्त्रण गर्न पठायो। यो प्रस्ताव स्वीकार गरी पृथ्वीनारायण शाहले उपत्यका माथी आक्रमण गरे तथा साँखु, चाँगु आदि ग्राम उनले आफ्ना अधीन गराये। रणजित् मल्ल यो षड्यन्त्रमा गुप्त रीतिले लागेका हुनाले यो आक्रमणको उनले किञ्चित् विरोध न गर्नु स्वाभाविक थियो। सेनाको नेतृत्व स्वयं ग्रहण गरी जय प्रकाश मल्ल गोर्खाली सेना सित लडाई गर्न गये तर राजभक्ति सन्देह-मय भयेका सेनाको भर गरेर लडाई जीत्नु सम्भव न हुनाले उनको हार भयो। शत्रु खाल्डो भीत्र पसेको हुनाले जनतामा ठुलो आतङ्क सृष्टि भयेको यो समय उपयुक्त ठानी षड्यन्त्रकारीहरुले उनका नाबालिग छोरा ज्योति प्रकाश मल्ललाई राजा घोषणा गरी उनलाई राज्यच्युत गरे। यो घटना ने० सं० आश्विन ८६६ १७४६ ई० को हो। ज्योति प्रकाश मल्लको नामाङ्कित मोहर पनी छापी प्रकाश गरियो। राज्यच्युत गरियेका जय प्रकाश मल्लको केही न लागी उनी लुकेर बसे। जय प्रकाश मल्लकी आमा तथा उनकी रानी समेत यो षड्यन्त्रमा मिलेका कुरा बाट यो कती बलियो रहे छ तेसको अनुमान सहजै गर्न सकिन्छ।

पुग न पुग चार वर्ष सम्म जय प्रकाश मल्लले भगौडाको जीवन यापन गर्न पर्‍यो तथा बालक ज्योति प्रकाश मल्लको मन्त्रित्व ग्रहण गर्न पाउँदा तौढिक काजीको सत्रह पर्‍यो। तर १७५० ई० तिर जय प्रकाश मल्ल फेरी देव पाटनका प्रजाका सहायताले आफ्नो लुप्त सिंहासन प्राप्त गर्न समर्थ भये। षड्यन्त्रकारीहरु कती मारिये औ कतीले भागी प्राण जोगाये।

नेपाल विजय गर्ने आफ्नो दृढ़ निश्चय अनुसार पृथ्वीनारायण शाह अब नेपाल पस्ने चारै तिरका बाटाका अग्ला अग्ला ठाउँ आफ्ना अधीन

गराई नेपाललाई घेरामा हाल्ने प्रयत्न गर्न थाले। जय प्रकाश मल्ल राज्य-च्युत भयेका समयमा उनले उपत्यकाका पूर्वमा पर्ने महादेव पोखरी तथा नालदुम आफ्ना अधीन गरायेका थिये। यही वेला चौबिसी राज्य इनका विरुद्ध उठेको हुनाले उनले आफ्नो नेपाल विजयको प्रयत्नको गतिलाई मन्थर तुल्याउन पर्‍यो तर इनै ताक दह चोक इनले आफ्ना अधीन गराये।

लमजुङ्ग सित भयेको सिरान चोकको लडाई पछी पृथ्वीनारायण शाहले वर्तमान पूर्व १ तथा २ नंबर आफ्ना अधीन गराई दोलखा सम्म आफ्नो अधिकार स्थापित गरे।

यो पछी दह चोक बाट नेपाल भीत्र पसी उनले फर्पिङ्ग तथा पाटनका दक्षिणमा पर्ने अनेक ग्राम आफ्ना अधीन गराये। पाटने काजीहरुले प्रजा सित दाम उठाई उनलाई बुझायेको हुनाले कतिपय ग्राम आफ्ना अधिकार देखी मुक्त गरी उनले थानकोट, बल्खु आदि सैनिक दृष्टिले महत्वपूर्ण ग्राम मात्र आफ्ना अधिकारमा राखे। नेपालका राजाहरुको पारस्परिक सम्बन्ध कसतो द्वेषपूर्ण भयेको रहेछ तेसको यो घटना बाट अनुमान हुन्छ। तीनै राज्यको शक्ति सम्मिलित गरी युद्ध गर्नु ता कता हो कता, उनीहरु ता शत्रु सित आफ्नो सुबिस्ताका निम्ती आफु आफु गै उसको खुशामद गर्न थाले।

पृथ्वीनारायण शाहले इनै ताक काजी तुलाराम पांडेका अधीन यौटा दूतमण्डल पठाये। नेपालका राजाहरु संग सन्धि गर्ने यो दूतमण्डलको कथित उद्देश्य भये ता पनी यो दूतमण्डल नेपालको स्थिति बुझ्न, वहाँका शक्तिशाली भारदारहरु सित गुप्त मन्त्रणा गर्न तथा उनीहरुलाई आफु तिर मिलाउन गयेका कुराको अनुमान हुन्छ। इनीहरुको कपटपूर्ण कार्रवाई देखी झोंकिई जय प्रकाश मल्लले उनीहरुलाई पक्री कैद गर्ने अराजनीतिक कार्य मात्र गरेनन् किन्तु यो मण्डलका केही सदस्यको प्राण पनी इनले हरण गरे। मण्डलका नेता काजी तुलाराम पांडे पृथ्वीनारायण शाहका विरोधी पाटनका काजी कालिदासका सहायताले प्राण

जोगाई उम्के । यसको परिणाम के भयो भने जय प्रकाश मल्लको आफ्ना भारदारहरु सँग अझ बढता फाटो पऱ्यो ।

नेपालका राजाहरुलाई तनहुँका राजा त्रिविक्रम सेन बाट सहायता प्राप्त भयेको वा हुने सम्भावना देखेर पृथ्वीनारायण शाहले जालझेल गरी उनलाई पक्री कैद गरे । यो पछी कीर्ति पुर माथी आक्रमण गरियो तर अग्लोमा सुदृढ रूपले स्थित कीर्ति पुरका प्रजाले गोर्खाली सेनालाई हराये । यो युद्धमा पृथ्वीनारायण शाहका सुयोग्य प्रधान मन्त्री कालु पाँडे मारिये । कीर्तिपुरको यो हार तीव्र भये ता पनी यसले पृथ्वीनारायण शाहलाई युद्ध देखी विरत गराउन सकेन । यो पछी उनले शिवपुरी तथा बनेपा आफ्ना अधीन तुल्याये ।

दक्षिण तिर बाट पनी नेपालका राजाहरुले सहायता पाउने सम्भावना हुनाले १७६२ इ० मा पृथ्वीनारायण शाहले मकवान पुरका राजा दिग्-बन्धन सेनलाई हराई मकवान पुर दखल गरे । मकवान पुर जीतेका अर्को वर्ष बंगालका नवाब मीर कासिमको नेपाल माथी आक्रमण भयो । पृथ्वीनारायण शाहका सेनाले उनीलाई मकवान पुरमा हराई धपाये ।

नेपालमा पृथ्वीनारायण शाहले प्राप्त गरेका विजयले गर्दा लमजुङ्ग, तथा अरु चौबिसी राज्यको उनी प्रति ईर्ष्या बढ्थ्यो र उनीहरु गोर्खा माथी आक्रमण गरी हाल्थे । मकवान पुर विजय पछी फेरी चौबिसीले गोर्खाका विरुद्ध लमजुङ्गका नेतृत्वमा युद्ध आरम्भ गऱ्यो । मर्स्याङ्गदीका किनारमा लकाङ्गका युद्धमा लमजुङ्गलाई हराइयो । वहाँ पछी उनले बनेपा उपत्यका पूर्णतया आफ्ना अधीन तुल्याई साँगा तथा नालामा आफ्नो अधिकार स्थापित गरे ।

फर्पिङ्ग, चोभार, पाँगा आदि ठाउँ आफ्ना अधीन तुल्याई द्वितीय पटक कीर्ति पुर माथी आक्रमण गर्ने प्रबन्ध हुँदै थियो यत्तीकैमा लमजुङ्गले फेरी आक्रमण गरेको हुनाले यो प्रबन्ध स्थगित गरी लमजुङ्ग सित लडाईं गर्न पऱ्यो । चिहान डाँडाका युद्धमा लमजुङ्गलाई हराई कीर्तिपुर माथी १७६४ ई० मा आक्रमण गरियो । यो आक्रमण पनी असफल भयो तथा

पृथ्वीनारायण शाहका भाई सूर प्रताप शाहको आँखामा वाण लागी उनको आँखा फुट्यो तथा अर्का भाई दलजित् शाह घाइते भये। कीर्ति पुर चारै तिर बाट घेरियेको थियो तथा यो घेरा झन बलियो तुल्याई गोर्खाली सेना बस्यो। अन्त्यमा केही न लागी कीर्ति पुरले आत्मसमर्पण गऱ्यो। कीर्ति पुरका कतिपय निवासीहरुको नाक काट्ने आज्ञा दी पृथ्वीनारायण शाहले एक ता आफ्नो अन्धो झोंकको परिचय दिये तथा दोसरो नेपालका निवासीहरुका हृदयमा आतङ्क सृष्टि गरे।

नेपालका राजा तथा भारदारहरुका पारस्परिक कलहले गर्दा कलुषित यो युद्धको इतिहासमा कीर्ति पुरको प्रतिरोध यौटा उज्वल घटना छ। साधारण नेवार प्रजा कसतो साहसी तथा वीर रहे छ तेसको उदाहरण कीर्ति पुरको रक्षा बाट चाल पाइन्छ। उनीहरुले उचित नेतृत्व पायेको भये नेपाल खाल्डो जती सजिलै पृथ्वीनारायण शाहले जीते उती सजिलै उनी जीत्न न सक्ता हुन् भन्ने अनुमान हुन्छ।

नेपालमा बसेका केपुचिन पादरीहरुले इनै ताक इस्ट इंडिया कम्पनीको सरकारलाई नेपालका नेवार राजाहरुको सहायता गर्न उचालेको हुनाले कम्पनी सरकारले किनलोकका अधीन यौटा सेना नेवार राजाहरुका सहायतार्थ पठायो तथा पृथ्वीनारायण शाहले यो सेनालाई सिंधुली गढीका लडाईमा हराये। किनलोकको केही न लागी उनी फर्कन बाध्य भये।

किनलोकको हार भनेको जय प्रकाश मल्लको अन्तिम आशा चूर्ण हुनु थियो। नेपालको लडाई गर्ने शक्ति क्षीण भै सकेको कुरा पृथ्वीनारायण शाहले पनी चाल पायेका थिये किन भने उनका पक्षका मानीस— नेवार तथा पर्वते दुवै—नेपालमा छयापछयापती थिये। यसतो स्थिति देखी पृथ्वीनारायण शाहले तीन मुख गरी आफ्नो सेना काठमांडु हान्न भनी पठाये। यो सेनाले २५ सेपटेंबर १७६८ का दिन काठमांडु दखल गऱ्यो। यो दिन इन्द्र यात्राको थियो तथा परम्परा अनुसार राजालाई बस्न हनुमान् ढोका दरबारका सम्मुख राखियेका सिंहासनमा

पृथ्वीनारायण शाह गै बसी दिंदा काठमांडुको विजय सन्देहरहित भयो। रैतीका सलामीका साथ साथै त्यो दिन देवीका रूपमा पूजा गरियेकी कुमारीले उनलाई माला लाई दिंदा खेरी ता उनको विजय झन पक्का भयो। जंय प्रकाश मल्ल भागी पाटन गये। उनले तलेजुमा छरेको बारुद पड्की तुलाराम पांडे मारिये।

अर्को महिना पाटनका काजीहरुले पनी आत्मसमर्पण गर्दा जय प्रकाश मल्ल तथा पाटनका राजा तेज नरसिंह भागी भादगाउँमा शरणार्थी भयेर गये। काठमांडु तथा पाटन आफ्ना अधीन गराये पछी पृथ्वी-नारायण शाहलाई भादगाउँ जीत्न उती हतार थियेन। ई दुई राज्यको राम्ररी बन्दोबस्त गरी १७७१ ई० मा भादगाउँ माथी आक्रमण गरियो। भादगाउँमा जम्मा भयेका भगौडा राजाहरुले बहाँ गोर्खाली सित लडाईं गर्नै पर्छ भन्ने भाव सृष्टि गरी सकेका थिये। यौटा सानो लडाईं भयो। तेसमा जय प्रकाश मल्ल खुट्टामा गोली लागी घाइते भये। यसका केही दिन पछी उनको मृत्यु भयो। पाटनका राजा तेज नरसिंह कैद गरिये। बुढा रणजित् मल्लले काशी गै काशीवास गर्ने आज्ञा पाये र सम्पूर्ण नेपाल माथी पृथ्वीनारायण शाहको आधिपत्य स्थापित भयो।

* * *

नेपालका विजयका निम्ती गोर्खालीहरु द्वारा प्रदर्शित वीरता तथा अध्यवसाय देख्दा यो जाति कसतो दृढनिश्चयी औ कर्मशील रहे छ तेसको परिचय पाइन्छ। पृथ्वीनारायण शाहले १७४४ ई० मा नुवाकोट जिती नेपाल विजयको काम आरम्भ गरे थे औ २४ वर्षका कठोर परिश्रम द्वारा मात्र यो कार्य सम्पन्न भयो। गोर्खाका पश्चिममा स्थित उन ताकको शक्तिशाली राज्य सित गोर्खाको शत्रुता थियो तथा तेसैले पृथ्वी-नारायण शाहलाई गाहारो साँगुरो परेका वेलामा लमजुङ्ग गोर्खा माथी आक्रमण गरी हाल्थ्यो। लडाईं गरी केही कालका निम्ती लमजुङ्गलाई थामपुर पारी फेरी इनी नेपालका काममा लागी हाल्थे। यसरी चौबिस वर्षको लामो अवधि सम्म एक निष्ठाले कार्य गरी उनी नेपाल विजय गर्न

सफल भये।

नेपाल विजयका यो कार्यमा पृथ्वीनारायण शाहका बड़ा बड़ा विश्वासी सेनापति तथा भारदारहरुले आफुलाई युद्धक्षेत्रमा वलिदान गरी आफ्ना देशभक्तिको परिचय दिये। साँगाका लडाईमा शिवराम वस्नेत मारिये। कीर्ति पुरका प्रथम युद्धमा उनका प्रधान मन्त्री कालु पाँडे नै मारिये। कीर्ति पुरका द्वितीय युद्धमा उनका यौटा भाई घाइते भये औ अर्काको आँखा फुट्यो। काठमांडु विजय गरेका दिनमा नै तुलाराम पाँडे मारिये।

नेपालविजय गर्न भनी गयेका मीर कासित सित युद्ध गरी उनको सेनालाई हराई पृथ्वीनारायण शाहले ई मुसलमान आक्रमणकारीलाई नेपाल पस्न दियेनन्। यसका ४०० वर्ष भन्दा अघी नेपाल माथी भयेको मुसलमानको आक्रमण विभाजन अघीका नेपालका राजाले छेक्न सकेका थियेनन्। यसले गर्दा बंगालका नै शमसुद्दीन इलियास शाह नेपाल पुगी अनेक विध्वंस गर्न समर्थ भयेका थिये। यो पछी नेपालका राजाहरुको पृथ्वीनारायण शाहका विरुद्ध सहायता गर्न भनी किनलोकका अधीन पठाइयेको सेना सँग युद्ध गरी त्यो सेनालाई नेपाल भीत्र पस्न न दिई सिंधुली गढी बाट नै पृथ्वीनारायण शाहले धपाई दिये।

पृथ्वीनारायण शाह नेपालविजयका कार्यमा असफल हुन् भनी चेष्टा गर्ने अनेक दल थिये। लमजुङ्ग तथा उसको प्रभुत्व मान्ने चौबिसी राज्यहरु इनको शक्ति बढेको दुई आँखाले हेर्न सक्तैन थे तथा वेला वेलामा गोर्खा माथी आक्रमण गरी इनका पीठको सुरक्षा संशयात्मक तुल्याउँथे। आफ्ना अर्का विरोधी तनहुँका त्रिविक्रम सेनलाई ता समाती कैद गरी इनले राखेका थिये। मकवान पुर विजय गरे पछी वहाँका राजा दिग्बन्धन सेन तथा उनका मन्त्री कनक सिंह बानियाँले ता मीर कसिम तथा उनका मन्त्री गुर्गीन खाँलाई उचाली नेपाल माथी आक्रमण गर्न लाये। नेपालमा बसेका केपुचिन पादरीहरुले लेखापढी गरी इस्ट इण्डिया कंपनीलाई उचाली नेपालका राजाहरुको सहायता गर्न सेना पठाउन लाये। यतीका

विरोधी तत्वहरुका सामरिक तथा कूटनीतिक कार्यको समुचित रूपले काट गर्दै नेपाल सित युद्ध सञ्चालन गरी तेसमा विजय प्राप्त गरी छोड्नु ठुलो बुद्धि, नीति तथा वीरताको कुरो हो भन्ने कुरामा केही सन्देह छैन ।

नेपाल धनधान्यपूर्ण थियो तथा कुशल कृषक औ चतुर व्यापारी हरुको यो देश थियो । यो खाल्डोलाई प्रकृतिले नै चारै तिर अग्ला अग्ला पहाड निर्माण गरी सुरक्षा प्रदान गरेको थियो । यहाँको निवासी नेवार जाति सुसभ्य तथा सुसंस्कृत थियो । यसतो सुसम्पन्न, सुदक्ष तथा सुरक्षित जातिलाई लड़ाईं गरी जीत्नु यौटा महान् कुरो थियो तथा त्यो महान् कार्य सम्पन्न गर्न सक्ने क्षमता भयेका पृथ्वीनारायण शाह वास्तवमा प्रशंसाका पात्र हुन् ।

नेपाल तीन राज्यमा विभाजन भयेका समय देखी नेपालका राजाहरुमा ठुलो पारस्परिक वैमनस्य थियो । यो व्यक्तिगत शत्रुताले गर्दा ई राजाहरु नेपालविजय गर्न अघी सरेका पृथ्वीनारायण शाहलाई यौटाका विरुद्ध अर्कोले सहायता गर्थ्यो औ जय प्रकाश मल्लको प्रत्येक हार तथा गाहारो इनीहरुका प्रसन्नताको कारण हुन्थ्यो । यो भन्दा ठुलो स्वार्थान्धताको अर्को उदाहरण पाउनु गाहरो छ । तीन राज्यका भारदारहरुको पनी यही स्वार्थपूर्ण नीति थियो । यसता राजा तथा भारदार द्वारा नेतृत्व गरियेको नेपालको पतन अवश्यम्भावी थियो भन्ने कुरामा केही सन्देह थियेन ।

यसरी द्रुत गतिले पतनोन्मुख भयेको नेपालका आकाशमा त्यो वेला यौटा तारा उदायेको थियो तथा त्यो एकलै त्यहाँ प्रकाशमान् थियो । त्यो तारा काठमांडुका राजा जय प्रकाश मल्ल हुन् ।

जय प्रकाश मल्ल १७३५ ई० मा काठमांडुका सिंहासनमा बसे । उनी सिंहासनमा बस्नु भन्दा अघी देखी नै भारदारहरुको इच्छा उनका पिताका मृत्यु पछी उनका भाई राज्य प्रकाश मल्ल राजा हुन् भन्ने थियो । तर भारदारहरुको मनोरथ पूर्ण हुन सकेन र उनी सिंहासनमा बसे । राजा हुने बित्तिकै उनले भारदारहरुले मन परायेका आफ्ना भाई राज्य प्रकाश मल्ललाई राज्य बाट निकाली दिये । यसले भारदारहरुको

असन्तोष झन बढ्यो र उनीहरुले इनका अर्का भाई नरेन्द्र प्रकाश मल्ललाई काठमांडुका केही भागको राजा घोषणा गरी देव पाटनमा उनलाई राखे। जय प्रकाश मल्लले नरेन्द्र प्रकाश मल्लको विद्रोह दमन गरे। इनका विरुद्ध यसरी विद्रोह गराउने कुरामा अगुवा इनका पर्वते सैनिक भारदारहरु थिये। अब उनीहरु सित नेवार भारदारहरु पनी मिले तथा भादगाउँका राजा रणजित् मल्लका आडमा उनीहरु खेल कमाउन लागे। भादगाउँ सित लडाईं पनी भयो। भारदारहरुको आफु प्रति यसतो द्रोह देखेर इनी रिसाई आफुलाई सन्देह लागेका भारदारहरुलाई पक्री मारेको देख्दा मानीस झन इनका विरोधी भये। यत्तीकैमा १७४४ ई० मा पृथ्वीनारायण शाहले नुवाकोट जीते। जय प्रकाश मल्लले नुवाकोट उकास्ने चेष्टा गरे तर तो काम गर्ने पर्वते अफीसर तथा सेना नै हुनाले उनी यसमा सफल हुन सकेनन्। वहाँ पछी इनले आफ्ना पवर्ते अफीसर तथा भारदारहरुको एक दललाई आफ्ना मदिसे सैनिकहरु द्वारा मार्न लाये। उनको यसतो कठोर व्यवहारले आतङ्कित भयेका इनका भारदारहरु एकमत भै इनका विरुद्ध झन सङ्गठित रूपले षड्यन्त्र थाले। इनकी रानी तथा आमा पनी षड्यन्त्रकारीहरु सँग मिले। षड्यन्त्रकारीहरुले नेपाल आक्रमण गर्न पृथ्वी-नारायण शाहलाई निम्तो पठाये। सो निमन्त्रण स्वीकार गरी पृथ्वीनारायण शाहले नेपालमा सैन्य पठाई केही स्थान आफ्ना अधीन गराये। पृथ्वी-नारायण शाहको सेनाका सम्मुख जय प्रकाश मल्लले पठायेको सेना टिक्न सकेन र हार्‍यो। यसले गर्दा काठमांडुका प्रजामा हाहाकार भयो। प्रजाको असन्तोष तथा भय चरम सीमामा पुगेको वेला उचित ठहराई १७४६ ई० मा विद्रोहीहरुले इनलाई राज्यच्युत गरी इनका बालक छोरा ज्योति प्रकाश मल्लालाई काठमांडुको राजा घोषणा गरे। जय प्रकाश मल्लले राज्यच्युत भै चार बर्ष सम्मा ठाउँ ठाउँमा भागी भागी गै आत्मरक्षा गर्न पर्‍यो। यो समयका अन्त्यमा उनी फेरी विद्रोहीहरुलाई दमन गरी राज्य-सिंहासनमा बसे। पृथ्वीनारायण शाह सँग लडाई गरी उनको नेपालमा प्रवेश छेक्न सक्ने अरु कोही थियेन। रणजित् मल्लले चुप लागी बस्ने

नीति लिये, पाटन अराजकताको शिकार थियो, यो कारणले पृथ्वीनारायण शाह सित लडाईं गर्ने तथा नेपालका स्वतन्त्रताको रक्षा गर्ने उत्तरदायित्व जय प्रकाश मल्लको भयो। उनले आफु बाँचुन् ज्याल आफ्ना बुद्धि औ बर्गतले मियाये सम्म यो कर्तव्य पालन गरे। अन्तिम समय सम्म नेपालको स्वतन्त्रताका रक्षाका निम्ती लडाईं गरी रहे। पृथ्वीनारायण शाहले नेपाललाई चारै तिर बाट घेरामा हाले पछी स्थिति अत्यन्त निराशाजनक तथा असन्तोषप्रद भयेको थियो। तै पनी उनी विचलित भयेनन् औ शत्रुका सम्मुख नतमस्तक भयेनन्। जसतो नेपाल विजय गर्न पृथ्वीनारायण शाहले दृढनिश्चय तथा एकनिष्ठता देखायेका थिये उसतै नेपालका स्वतन्त्रताको रक्षा गर्न इनले एकोहोरो भयेर काम गरे। भारदारहरुको विद्रोह, आफन्तहरुको दगा, धनको अभाव, निराशाजनक स्थिति इत्यादि कुनै कुराले पनी उनलाई कर्तव्य देखी विमुख वा विरत गराउन सकेनन्। उनी एकलै कर्तव्यपथमा हिंडी रहे। अन्त्यमा शत्रु सित लडाईं गर्दा गर्दै घाइते भयेर तेही चोटले गर्दा इनको प्राण गयो।

तर इतिहासका दूरदृष्टिले हेर्दा पृथ्वीनारायण शाह तथा जय प्रकाश मल्ल दुवैको एकाग्रता, कर्तव्यपरायणता, तथा वीरता मलिनतामा परिवर्तित हुन्छन्। केवल यौटा महान् कुरो सफा तथा स्पष्ट देखिन्छ त्यो हो शक्तिशाली नेपाली जातिको जन्म।

अहिले सम्म पहाडका मानीस पर्वते तथा नेपालका मानीस नेवार थिये। पहाडका मानीसका पनी अनेक भेद थिये। नेवार पनी पाटने, भादगाँउँले आदि वर्गमा विभक्त थिये। अनेक राजा थिये औ अनेक राज्य थिये। परस्पर सबैको शत्रुता थियो। ई परस्परमा लडाई गरी रहने साना साना राज्यका प्रजा सुख तथा शान्ति भनेको के हो सो जान्दैन थे। यो बाहेक मगर, गुरुङ्ग, राई, लिम्बु आदि वर्गका मानीसहरु पनी आफुलाई पृथक् ठान्थे तथा जातीयताका भावको नितान्त अभाव थियो। देशव्यापी तथा विशाल जातीय प्रेमका ठाउँमा साना साना अनेक राज्य तथा साना समाज भीत्र सीमित देशभक्ति वा राजभक्ति थियो। यसले

गर्दा यौटा मुलुक यौटा राजा तथा यौटा जाति भन्ने भावको अभाव थियो ।

पृथ्वीनारायण शाहको नेपाल विजयले नेवार तथा गोर्खालीको यौटा राज्य, तथा यौटा शासन स्थापित गऱ्यो । वहाँ पछी पृथ्वीनारायण शाहले पूर्वमा आक्रमण गरी किरात तथा लिंबुलाई पनी विजय गरी आफ्ना शासनका अधीन तुल्याये । ई सबै वर्ग मिसिइ यौटा नवीन नेपाली जातिको सृष्टि भयो । यो जातिमा प्राचीन किरात, कलाप्रिय नेवार तथा सैनिक पर्वते सम्मिलित भये । पछी यसमा अरुहरु पनी मिसिये । यसैले गर्दा यो जाति सानो भये ता पनी विविध गुणले युक्त थियो ।

पृथ्वीनारायण शाहले बड़ो बुद्धिमानीपूर्वक नेपाल विजय गरे पछी आफ्नो राजधानी गोर्खा छोडी दिये तथा काठमांडुलाई नै शासनको केन्द्र तुल्याये । नेपालको प्राचीन गौरव तथा नामको वारीस यो नवीन जाति भयेको हुनाले यसको राजधानी नेपाल हुनु वाजबी कुरा थियो । सम्पूर्ण भारतवर्षमा प्राचीन काल देखी नेपाल प्रसिद्ध थियो । यो कारणले राजधानी परिवर्तन गर्ने काम जो पृथ्वीनारायण शाहले गरे तेसले गर्दा यो जातिले आफु सुहाउँदो नेपाली नाम प्राप्त गऱ्यो ।

नेपाली जाति त्यो विकास मार्गमा अझ हिंड्दै छ । चलन, रीति-थिती, भाषाको आदान प्रदान, यौटा बाट अर्कोले ग्रहण गरेको तथा दियेको व्यावहारिक कुशलता तथा क्षमता, एक राज्य, एक शासन औ एक ऐनले गर्दा यो जातीयताको भाव दिनहुँ अभिवृद्धि प्राप्त गर्दै छ । नयाँ नयाँ एकताका डोरी बाटिदै छन् औ पुराना न मिल्ने खालका श्रृङ्खलाका कडी भाँचिदै छन् । यसरी यो जाति माझिंदै, खारिंदै, परिष्कृत हुँदै छ ।

यो जातीयताको जन्म तथा स्थापना नै पृथ्वीनारायण शाहको नेपालविजयको परिणाम हुनाले विजित तथा विजेताको भाव यसमा आरम्भ देखी नै हुन पायेन । पर्वतेहरुलाई शहरको सुखमय जीवन

चाहियेको थियो, सस्तो मालको आवश्यकता थियो तथा पर्वतमा न पाइने अनेक कुरा चाहियेका थिये । नेपाली जातिको निर्माण हुने बित्तिकै आफ्नो जीवन सुखी तथा पूर्ण तुल्याउने नेवार सित भयेका अनेक ज्ञान तथा व्यवहार उनीहरु ग्रहण गर्न थाले । नेवारी भाषाका अनेक शब्द ग्रहण गरिये, नेवारले खाने अनेक खाने कुरो खाने चलन चल्यो तथा जीवनको नेवारी ढाँचा स्वीकार हुन लाग्यो । नेवारहरु पर्वतका विविध भागमा गयेर स्वतन्त्रतापूर्वक व्यापार गर्न लागे । विजेता तथा विजितको भाव हरायो । दुवै एक भये, अरुहरु पनी यसै गरी मिल्दै छन् । पहाडका धेरै साना साना खोला मिसिई नेपाली जातिको गङ्गा सृष्टि भयो । ई विविध जाति एक जिउ भये पछी नेपाली जातिले पूर्णता प्राप्त गर्ने छ ।

पृथ्वीनारायण शाह तथा जय प्रकाश मल्लले परस्पर युद्ध गर्दा खेरी उनीहरुको के अभिप्राय थियो तेसको आज हामीलाई वास्ता छैन । पृथ्वीनारायण शाहले भारतमा चलेको प्राचीन विचार अनुसार आफ्नो राज्य बढाउन खोजेका होलान्, जय प्रकाश मल्लले आफ्नो राज्यको रक्षा गर्न लडाईं गरेका होलान् । उनीहरुका महत्वाकांक्षा वा कर्तव्य-परायणताको तारीफ गरे ता पनी अचेलका हामीहरु नेपाली जातिको जन्मका कारण उनीहरु भयेको हुनाले मात्र उनीहरुलाई संझन्छौ । उनीहरुका सङ्घर्ष बाट नेपाली जातिको जन्म भयो । नेपालका इतिहास-को स्रोत नै अर्का तिर बग्यो । यत्ती कुरा महत्वपूर्ण छ, अरु ता गौण छन् ।

अष्टादश अध्याय

जाति, भाषा तथा साहित्य

नेपाल शब्दको व्युत्पत्ति अझ निश्चित रूपले निर्णय भयेको छैन। हिन्दु पुराणहरुमा संस्कृतको आश्रय लियेर ने वा निमि नामक ऋषिले पालन गरेको स्थान हुनाले यो स्थान नेपाल भनियेको हो भन्ने व्याकरणले सिद्ध न हुने व्युत्पत्ति गरियेको छ। तेरहौं शताब्दि तिर भारत बाट हिन्दुहरु नेपालका पहाडमा गई बसोबासो गर्न थाले पछी उनीहरुले नेपालका अनेक नामहरुलाई संस्कृत रूप प्रदान गर्ने चेष्टा गरेको कुरा चाल पाइयेको छ। उदाहरणार्थ गोर्खा नाम उपस्थित गर्न सकिन्छ। गोर्खा नेपाली भाषामा प्रचलित गर्खा, गर्ख, खर्क इत्यादि शब्दको विकृत रूप हो भन्ने मेरो विश्वास छ। तर तेसलाई गोरखनाथ तथा गोरक्षा सँग जोरी आधुनिक समयमा जो अर्थ गरिन्छ त्यो नेपाल जाने हिन्दुहरुले संस्कृतका आधारमा लायेको अर्थ प्रतीत हुन्छ। तिब्बत देशका मानीस नेपाललाई बाल पो भन्छन्। तिब्बती भाषामा बाल भनेको उन हो। उनीहरुका भाषामा बाल पोको अर्थ उनको देश वा उन प्रचुर हुने देश हुन्छ। बाल विकृत भयेर पाल हुनु असम्भव छैन। बांकी रहेको नेको अर्थ पवित्र स्थल, निवास गर्ने ठाउँ, पहाडको गुफा वा उपत्यका गरिन्छ। यसरी नेपाल शब्दको अर्थ टिबेटो-बर्मन भाषाका आधारमा गरियेको छ।

नेपाल शब्दको व्युत्पत्ति जे भये ता पनी वर्तमान समयमा प्रचलित नेवार शब्द ता नेपालको नै विकृत रूप हुनामा केही सन्देह छैन। नेपाल, नेवार, नेवा ई तीनै शब्दको अर्थ नेपाल देशको निवासी वा नेपाली जाति हुन्छ। इस्वी चतुर्थ शताब्दिमा नेपाल नाम गठन भै सकेको कुरा समुद्र गुप्तको प्रयागको शिलालेखमा यो नाम प्रयोग भयेको कुरा बाट प्रमाणित

हुन्छ। यो भन्दा केही सये वर्ष अघी नै यो नाउँ गठित भै सकेको थियो भन्ने अनुमान हुन्छ।

नेवार जातिका पूर्वपुरुष उत्तर बाट बसाईं सरी न्यानो तथा मलिलो नेपालको खाल्डोमा आई बसेका कुराको अनुमान छ। नेपालका वंशावलीहरुमा नेपालको खाल्डो प्राचीन समयमा यौटा दह वा पोखरी थियो तथा चीन बाट मञ्जु श्रीले यहां आई दक्षिण कोतवालमा पहाड काटी दहका पानीको निकास बनाई खाल्डो बस्ने योग्य तुल्यायेको कुरा लेखियेको छ। यो यसरी बस्ने योग्य भये पछी उनले गृहस्थ जीवन धारण गरी बस्न खोज्ने आफ्ना शिष्यहरुलाई वहाँ बसोबासो गराये तथा धर्माकर नामक एक जनालाई राजा तुल्यायेर उनी चीन फर्के। मञ्जु श्रीका यो कथा बाट पनी उत्तर बाट नै मानीस आई यो उपत्यका आबाद् गरेका रहेछन् भन्ने कुराको अनुमान हुन्छ।

उत्तर बाट यसरी नेपाल खाल्डोमा बसाईं सरेर आउने मानीसको नेपालमा आये पछी दक्षिणका मानीस तथा उनीहरुका धर्म औ संस्कृति सँग सम्बन्ध स्थापित भयो। यसको परिणाम स्वरूप उनीहरुले दक्षिणको बौद्ध धर्म तथा संस्कृति पनी ग्रहण गरे। इनीहरुले स्वीकार गरेको महायान बौद्ध धर्मको भाषा संस्कृत थियो र आफुले ग्रहण गरेका नवीन धर्मको भाषा इनीहरु सिक्न थाले।

नेवारहरु भन्दा पछी बौद्ध धर्म ग्रहण गर्ने तिब्बतका मानीसले संस्कृत भाषा ग्रहण गर्न सकेनन्। तेसैले उनीहरुले पाये सम्मका बौद्ध ग्रन्थको तिब्बती भाषामा अनुवाद गरे तथा तिनै अनुवादका अध्ययन द्वारा धार्मिक ज्ञान प्राप्त गरे। तर नेपालमा आई बसोबासो गर्ने ई मानीसहरुले बौद्ध धर्म सँग सँगै संस्कृत भाषा पनी स्वीकार गरेको कुरा बडो महत्वपूर्ण छ तथा तेता बाट यो जातिको अन्तर्निहित मानसिक शक्तिको परिचय प्राप्त हुन्छ। उनीहरु सित सँगै वा अघी वा पछी उत्तर बाट बसाईं सरी आई नेपालका पहाडका विविध भागमा बस्ने मगर, गुरुङ्ग, राई, लिंबु आदि जातिका पूर्वपुरुषहरुले संस्कृत यसरी ग्रहण गरेको मनाक

प्रमाण पाइयेको छैन । नेपालका नै जातिको मात्र किन कुरा गर्ने ? सिकिम देखी काश्मीर सम्म हिमालयका फेदीमा आई बसोबासो गर्ने थोरै जातिले मात्र संस्कृतको अध्ययन स्वीकार गरेका छन् ।

नेपालका नेवारहरुले बोल्ने नेवारी भाषा पनी जुन भाषालाई अचेल विद्वान्हरु तिब्बती-बर्मी मूल भाषा भन्छन् तेसैको यौटा शाखा हो । तेसैले नेवारी तथा तिब्बती भाषामा अनेक शब्द समान रूप वा अलीकता विकृत रूपमा व्यवहार हुन्छन् । उदाहरणार्थ तल ई दुई भाषाका केही शब्दहरु लेखिन्छन् ।

नेवारी	तिब्बती	नेपाली
नि	निमा	सूर्य
फा	फाक्	सुङ्गुर
खिचा	रिन	कुकुर
सीम	सीङ्	काठ
मिखा	मिखू	आँखा
मी	मी	मान्छे
लम्	लम्	बाटो
ज्या	जो	काम
ङा	ङ्या	माछा
ला	लाक्	पाखुरा
ला	लापा	महिना

यसरी उत्तरीय भाषा परिवार सित नेवारी भाषाको समानता भये ता पनी नेवारहरुले बौद्ध धर्म ग्रहण गरे पछी तथा संस्कृत अध्ययन गर्न थाले पछी संस्कृतका अनेक शब्द पनी आफ्ना भाषामा उनीहरु लिन थाले । यसले गर्दा नेवारी भाषाको समृद्धि बढ्दै गयो औ यसको भाव-प्रकाशन गर्ने शक्ति पनी बढ्नु स्वाभाविक छ ।

नेवारी भाषा पनी चीनियाँ, बर्मी इत्यादि भाषा सरह एक मात्रिक भाषा छ । लघुकरण नेवारी भाषाको यौटा प्रधान लक्षण छ । यो लघु-

करण गर्ने प्रथा अद्यावधि छ तथा मये वर्ष अघी शब्दको अनेक मात्रिक रूप भये वर्तमान समयमा त्यो निश्चय लघु भयेको हुनु सम्भव छ। संस्कृत बाट लिइयेका शब्द पनी यसै गरी लघु गरियेका हुनाले तिनलाई चिन्नु पनी गाह्रारो छ। तल केही संस्कृत बाट नेवारीमा लिइयेका शब्द-हरु लेखिन्छन्।

संस्कृत	नेवारी
कण्ट	कँ
उत्पल	पल
खड्ग	खंग
क्षीण	खिन
क्षुर	खुल
पण्यशाला	पस

आफ्नो प्राचीन उत्तरीय शब्द सित संस्कृत शब्द संयुक्त गरी नवीन समस्त पद बनायेर पनी यो भाषाको शब्दभण्डार बढायेका कुराको पनी प्रमाण पाइन्छ। ज्या शब्दको अर्थ काम हुन्छ औ काम गर्ने ठाउँलाई ज्यासल भन्छन्। स संस्कृतको शालाको लघुरूप बुझिन्छ। यसरी नेवारी भाषाको विकास नेपालमा भयो।

भाषाको विकास सँग सँगै भाषाले लिखित रूप लिन्नु स्वाभाविक छ किन भने उन्नत तथा सुसंस्कृत जाति आफ्ना विचार तथा भावना-लाई लिपिबद्ध गरी राख्न खोज्छ। नेवारी लिपिका विकासका विषयमा यसैले यहाँ केही विचार गर्नु उचित छ।

उत्तर भारतमा वर्तमान समयमा चलेका लिपिहरु ब्राह्मी अक्षर बाट विकसित भयेका हुन्। नेपालमा ब्राह्मी अक्षरमा लेखियेका एक-दुई लेख अद्यापि छन्। लुम्बिनीको स्तम्भमा अशोकका समयको जो लेख छ वा निगलिहवामा अर्को स्तम्भमा अशोकका नै समयको कनक मुनि बुद्ध सम्बन्धी अर्को जो लेख छ त्यो पनी ब्राह्मी लिपि नै हो। कालान्तरमा ब्राह्मी लिपि विकसित हुँदै गै गुप्त लिपिमा परिवर्तित भयो तथा ईस्वी

संवत्का पञ्चम शताब्दी देखी यो लिपिमा लेखियेका लेख नेपालमा धेरै पाइयेका छन् । लिच्छवी, ठकुरी तथा अरुहरुका समयका शिलालेखहरु यसै लिपिमा लेखियेका छन् । अष्टम शताब्दि सम्म भारत तथा नेपालमा प्रचलित लिपिमा केही भेद देखिदैंन । तर नवम तथा दशम शताब्दी देखि लिपिमा शनैः-शनैः भेद हुन थाल्यो । उत्तर भारत तथा नेपालका अधिकांश भागमा वर्तमान समयमा प्रचलित देवनागरी अक्षरको विकास इनै ताक हुन लाग्यो । कुटिल नामक अक्षरको विकास इनै ताक हुन लागेको हो । देवनागरी अक्षरमा अक्षरको टाउकोमा सोझो धर्को दिने चलन जसतो वर्तमान समयमा पनी छ थियो तथा कुटिल अक्षर एक प्रकारको बुट्टा भयेको तथा तेसका पाद भागमा यौटा तेर्सो धर्को हालिग्रेको हुन्थ्यो । ई दुवै प्रकारका लिपि भारत तथा नेपालमा चलेका थिये ।

बारहौं शताब्दीका अन्त्यमा मुसलमानहरु द्वारा बंगाल विजय गरिये पछी नेपालको भारत सित अर्थात् बंगाल बिहार सित पूर्णतया सम्बन्द्ध विच्छेद भयेको हुनाले बंगालमा जसरी बंगला अक्षरको स्वतन्त्र रूपले विकास भयो उसै गरी नेपालमा नेवारीको पनी स्वतन्त्र रूपले विकास हुन थाल्यो ।

तेरहौं शताब्दिमा अक्षरको सोझो शीर्ष रेखाका स्थानमा घुमाउरो रेखा लेख्ने चलन चल्यो । यो प्रकारको अक्षरलाई नेवारी भाषामा भुजी मोल भन्छन् । नेवारी भाषामा "भुजिम्" वा "भोजिनी" को अर्थ झिङा हुन्छ तथा "मोल" को अर्थ टाउको वा सिर हुन्छ । अर्थात् अक्षरको शीर्ष भागमा घुमाउरो तथा अण्डाकार झिङा जसतो आकार भयेको अक्षर भनेको हो । सोरहौं शताब्दि देखी भुजी मोल अक्षरको चलन उठ्दै गयो । कोही पश्चिमी विद्वान्का मतमा अक्षरको शीर्षको यो घुमाउरो वा डल्लो चिह्न नै नेवारी अक्षरको विशेषता हो तर बेंडलका मतानुसार भुजी मोल अक्षर साढे तीन सय वर्ष सम्म मात्र आंशिक रूपले नेपालमा चलेको थियो ।

नेवारी लिपिका विबिध प्रकारका उदाहरण हेर्दा ती भिन्न लिपि न

भयेर लिपिका भिन्न शैली भयेको कुरा स्पष्टतया विदित हुन्छ। नेवार जाति सुन्दरताको प्रेमी तथा कलाप्रिय भयेको हुनाले वर्णमालालाई अलङ्कृत गरी तेसलाई विविध शैलीमा लेख्ने चलन चलायेको बुझिन्छ। उपर्युक्त भुजी मोल शैली बाहेक कुं मोल, कें मोल, गोल मोल, पाँचु मोल, हिं मोल तथा लितु मोल नामक अक्षर लेख्ने अरु शैली पनी थिये।[१]

अक्षरको ठाडो रेखा तेसको शीर्ष रेखा बाहिर किञ्चित् माथी सम्म लगी अक्षर लेख्ने शैली पनी सोरहौं शताब्दिमा चलेको थियो।

वर्तमान समयमा प्रचलित नेवारी वर्णमालामा निम्नलिखित अक्षरको देवनागरी अक्षर देखी भिन्न विशिष्ट रूप छ :—इ, ई, ङ, झ, ञ, ण, भ, र, श।

उपर्युक्त लेखनशैली बाहेक रञ्जना नामक अर्को यौटा लोकप्रिय लेखन शैली पनी छ। तेसको अलङ्कारपूर्ण लेखन शैली बडा नेत्राभिराम छ तथा यसको उपयोग तिब्बतमा त निकै छ तथा चीनमा पनी यसका उदाहरण भेटिन्छन्।

नेवारी लिपिका विकास सँग सँगै धार्मिक पुस्तक यो लिपिमा सार्ने, तथा तिनको टीका टिप्पणी लेख्ने चलन पनी शीघ्रतापूर्वक बढ्दै गयो। नेपालका मल्ल राजाहरु सुकुमार कलाका प्रेमी तथा संरक्षक थिये। यो कारण सङ्गीत काव्य इत्यादि विषयमा ग्रन्थ लेखिन लागे। विभाजन पछीका मल्ल राजाहरु सङ्गीत तथा काव्य अत्यन्त मन पराउँथे औ

१. नेपाल लिपि सङ्ग्रह—श्री हेमराज शाक्यभिक्षु—कुँमोल शैलीमा अक्षरको शीर्षरेखा कुँ अर्थात् कोणको आकारको हुन्छ। कें मोल अक्षरमा शीर्ष रेखा तल तिर फर्केको हुन्छ। गोल मोल अक्षरको शीर्ष रेखा चापाकार तथा अक्षर पनी डल्लै हुन्छन्। पाँचु मोल अक्षरको शीर्ष भाग सोझो औ अक्षर पनी भरी शक्य सोझै रेखा द्वारा लेखियेका हुन्छन्। हिं मोल अक्षरमा शीर्ष रेखा अक्षर सित जोरियेको वा बेरियेको हुन्छ। नेवारी भाषामा हिंको अर्थ जोरियेको वा बेरियेको हुन्छ। लितु मोल अक्षरमा शीर्ष रेखा फर्केको वा वक्र हुन्छ। नेवारी भाषामा लितुको अर्थ फर्केको वा वक्र हुन्छ।

इनीहरु मध्ये अनेक स्वयं ई दुवै शास्त्रका ज्ञाता थिये । इनका दरबारमा पनी ई विषयका विद्वान्हरु आश्रय पाउँथे ।

काठमांडुका राजा प्रताप मल्लले संस्कृतका अनेक श्लोक तथा स्तुति लेखी तथा तिनलाई शिलामा अङ्कित गराई काठमांडुका अनेक देवस्थानमा राखेको कुरो विदित छ । यो कारणले उनले "कवीन्द्र" को उपाधि धारण गरेका थिये तथा यसलाई आफ्नो टकमा पनी अङ्कित गरायेका थिये । पार्थिवेन्द्र मल्लका छोरा भूपालेन्द्र मल्लले पनी "कवीन्द्र चूड़ामणि" को उपाधि आफ्ना मोहरमा अङ्कित गरायेका छन् । पाटनका योग नरेन्द्र मल्लले आफ्ना मोहरमा "सङ्गीतार्णव पारग" भन्ने आफ्नो उपाधि अङ्कित गरायेका छन् । उपर्युक्त उपाधि राजाहरुले धारण गर्नु यौटा कुरो हो तथा तिनलाई आफ्ना टकमा अङ्कित गराउनु अर्को कुरा हो । यता बाट सङ्गीत तथा काव्यको उपाधिको इनका दृष्टिमा कसतो महत्वपूर्ण स्थान रहे छ त्यो कुरा चाल पाइन्छ । विभाजित नेपालका मल्ल राजाहरुले आफ्नो सङ्गीत तथा काव्य प्रति प्रेमप्रदर्शन गर्ने उपाधि बाहेक आफ्ना टकहरुमा अर्को एक प्रकारको उपाधि पनी अङ्कित गरायेका छन् तथा तिनको पनी यहाँ प्रसङ्ग चलेका वेलामा विचार गरी हाल्नु उचित छ । प्रताप मल्लले राजराजेन्द्र भन्ने उपाधि आफ्ना टकमा अङ्कित गरायेका छन् । उनका छोरा पार्थिवेन्द्र मल्लको महाराज नेपालेन्द्र भन्ने उपाधि छ । भास्कर मल्लले नेपालेश्वर गिरीन्द्र भन्ने उपाधि ग्रहण गरेका छन् । जगज्जय मल्लले नेपालेश्वर राजेन्द्र भन्ने उपाधि धारण गरेका छन् । जय प्रकाश मल्लले नेपालेश्वरको उपाधि लियेका छन् । पाटनका योग नरेन्द्र मल्लको नेपाल चूडामणि वा नेपालेश्वर चूडामणि भन्ने उपाधि छ तथा माथी भनियेका जम्मै उपाधिहरु मल्ल राजाहरुले आफ्ना आफ्ना टकमा अङ्कित गरायेका छन् ।

विभाजित नेपालका राजाहरुको कि ता सङ्गीत तथा काव्यमा रुचि थियो कि ता नेपालका तीनै राज्यको राजा हुने कुरामा रुचि थियो भन्ने कुरा ई उपाधिहरु बाट चाल पाइन्छ । देशको विभाजन भयेको भये ता

पनी खाल्डोको मलिलो माटो बाट मानीसलाई खान पुग्ने अन्नको उपजा होई हाल्थ्यो । जीवन सरल थियो र यसका यापनमा धेरै खर्च लाग्दैनथ्यो । यसैले नेपालका राजाहरु सङ्गीत तथा काव्यचिन्तामा लागेका थिये । देशको विभाजन उनीहरुलाई मन परेको थियेन तथा उनीहरु सम्पूर्ण खाल्डोमा यौटै शासन कायम भयेको सपना देख्थे तथा तेही स्वप्न कार्यमा परिणत गराउन परस्पर लडाईं पनी गर्थे । कहिले काहीं कसैले किञ्चित् सफलता प्राप्त गरी हाले ता पनी त्यो सफलता क्षणिक हुन्थ्यो । यसतै सफलता पायेका समयमा नेपालेश्वर इत्यादि एकाधिपत्य सूचन गर्ने विरुद उनीहरुले धारण गरेको कुरा बोध हुन्छ ।

नेपाल संवत्को आरम्भकाल भारतमा तान्त्रिक सिद्धहरुको काल थियो । उनीहरुमा हत्तपत्त अर्थ न लाग्ने तथा एक प्रकारको अर्थ पनी भयेका गीतहरुको बडो चलन थियो । तिनलाई चर्या गीत भनिन्छ । सिद्धहरुले ई चर्या गीतहरु धेरै संख्यामा नेपालमा पुऱ्यायेका थिये औ नेपालीहरु इनलाई गाउँथे । अद्यावधि नेपालका मन्दिरहरुमा पर्व-पर्विणीमा तथा अरु उत्सव भयेका अवसरमा चर्या गीस गाउने चलन छ । नेपालमा प्राचीन काल देखी नै बौद्ध धर्म सित सँग सँगै वैष्णव धर्म पनी चलेको थियो । यो कारणले चर्या गीतको प्रचलनका सँग सँगै भने जसतो वैष्णव गानको पनी नेपालमा प्रचार थियो । जयदेवको गीत गोविन्द त्यो बारहौं शताब्दिमा रचना हुने बित्तिकै नेपाल पुग्यो तथा यो पनी नेवारहरुमा बडो लोकप्रिय भयो । चर्या गीतहरु सँग सँगै गीत गोविन्दका श्लोकहरु गाउने चलन नेपालमा अध्यावधि छ । विभाजन भये कै शताब्दिमा विद्यापतिका पदावली पनी नेपाल पुगे । नेवार समाज गानका यसतो परम्पराको उत्तराधिकारी हुनाले विभाजित नेपालका राजाहरु पनी स्वभावतः सङ्गीत तथा काव्यका बडा प्रेमी थिये । ई विषयका भारतीय पण्डित उनका दरबारमा आश्रय पाउन थाले तथा दरबार सङ्गीत तथा काव्यचर्चाको केन्द्र भयो ।

नेपालमा वसन्त पञ्चमीका अवसरमा नेपालका राजाले वसन्त सुन्ने

प्रथा अचेल पनी छ । यो प्रथा पनी नेवार राजाहरुका समयमा चलेको हो तथा यसमा जयदेवका गीत गोविन्दका गीत गाइन्छन् । यता बाट नेपालमा जयदेव कती लोकप्रिय रहेछन् तेसको अनुमान हुन्छ । इनका गान नेपालमा घर घर स्त्री पुरुष सबै गाउँछन् ।

भादगाउँका राजा जगज्ज्योति मल्ल गान शास्त्रका बडा पण्डित तथा विशेषज्ञ थिये । इनले यो शास्त्र सम्बन्धी प्राचीन ग्रन्थहरु भारतका विविध स्थान बाट संग्रह गरेका थिये । गान शास्त्रका विषयमा इनले तथा इनका दरबारका पण्डितहरुले अनेक मार्मिक ग्रन्थहरु लेखेका छन् ।[१] विभाजित नेपालमा लेखियेका अनेक नेवारी गान अहिले पनी प्राप्त छन् । तर तिनको अध्ययन जती हुनु पर्ने हो तथा जुन रूपले हुनु पर्ने हो अझ हुन सकेको छैन ।

विभाजित नेपालका राजाहरु सङ्गीत बाहेक कविताका पनी बडा प्रेमी थिये । इनीहरु प्रायः भक्ति, शृंङ्गार आदि रसका कविता लेख्थे औ तिनै कविताको गान हुन्थ्यो । कृष्णाश्रित यो भक्ति थियो तथा जयदेव औ विद्यापतिका कवितावली द्वारा यसले संवर्धन पायेको थियो । उपर्युक्त कविहरु बाहेक चैतन्यका कृष्ण भक्तिको पनी नेपालमा प्रभाव परेका कुराको अनुमान हुन्छ । भारत भ्रमण गर्दा चैतन्य स्वयं नेपाल गयेको कुरा पनी विद्वान्हरुले चर्चा गरेको छ ।[२] चैतन्य स्वयं नेपाल न गयेका

---

१. जगज्ज्योति मल्लले रचना गरेका ग्रन्थहरुको नाम तल लेखिये बमोजिम छ । (१) नरपति जयचर्याको स्वरोदयदीपिका नामक टीका । (२) पद्मश्री द्वारा विरचित नागर सर्वस्व नामक काम शास्त्रका ग्रन्थको टीका, (३) श्लोक सार संग्रह, (४) सङ्गीत भास्कर तथा (५) सङ्गीत सार संग्रह । इनको श्लोक सार संग्रह, गुजराती प्रेस, बम्बई बाट छापियेको पनी छ । यो बाहेक इनले भाषाका अनेक नाटक पनी लेखेका छन् ।

२. राइटले यसता केही गान आफ्नो वंशावलीका परिशिष्टमा प्रकाशित गरेको छ । ती मध्ये सबै भन्दा पुरानो ने० सं० ५८७ आ १४६७ को छ । ई गानको पृष्ठ-भूमि बौद्ध विचार छन् । हाल नेपालमा पनी यौटा सानु गानको पुस्तक प्रकाशित भयेको छ तथा तेसमा पनी केही विभाजित नेपालका राजाहरुले लेखेका गान संग्रह गरियेका छन् ।

भये ता पनी उनका कोही न कोही शिष्य द्वारा उनका वैष्णव धर्मको प्रभाव नेपालमा पुग्नु सम्भव छ । यसैले नेपालका मल्ल राजाहरुले जो कविता गरेका छन् त्यो भक्ति प्रधान छ औ ती मध्ये धेरै जसो कृष्णका भक्तिको आश्रय लियेर गरियेका छन् ।

यो काव्यरचनाका सम्बन्धमा यौटा अर्को कुरो पनी विचारणीय छ । पहिले पहिले ता राजाहरु संस्कृतमा नै कविता वा नाटकको रचना गर्थे । तर पछी उनीहरु संस्कृतका बन्धन बाट मुक्त भये तथा हिन्दी, मैथिली, बंगाली औ नेवारीमा काव्यरचना गर्न थाले । यता बाट उनीहरुलाई उत्तर भारतका प्रमुख भाषाहरुको ज्ञान भयेको कुरा चाल पाइन्छ । यो ज्ञान भारतमा आयेर उनीहरुले प्राप्त गरेको होइन । विविध भाषाभाषी भारतीय पण्डितहरु नेपालमा गै मल्ल राजाहरुका आश्रयमा गै बस्थे तथा ई पण्डितहरु द्वारा इनीहरु भारतीय भाषाको ज्ञान प्राप्त गर्थे ।

मल्ल राजाहरुको भाषा सम्बन्धी यो उदारता अत्यन्त महत्वपूर्ण छ तथा यो नेपालका परम्पराका अनुकूल थियो । नेपालका प्राचीन शिलालेखहरु विशुद्ध संस्कृतमा लेखियेका भये ता पनी तिनमा स्थानीय भाषाको प्रयोग संस्कृतका पण्डितहरुले मन न पराउने ढाँचाले गरियेको देख्दा भाषाका विषयमा नेपालको परम्परा कसतो रहे छ तेसको हामीलाई अनुमान हुन्छ । प्राचीन संस्कृत शिलालेखहरुमा प्रयोग भयेको स्थानीय "तिलमक" शब्द भारतीय संस्कृत पण्डितले कदापि लेख्ने थियेन तथा मानीसले अर्थ बुझुन् वा न बुझुन् उ यसको कुनै कठिन पर्यायवाची संस्कृत शब्द उपयोग गर्ने थियो । तर प्राचीन नेपालमा भाषाका सम्बन्धमा बडो उदार विचार थियो र विशुद्ध संस्कृतमा लेखियेका नेपालका शिलालेखहरुमा असंस्कृत शब्दको प्रयोग पनी पाइन्छ । पछी वैयाकरण संस्कृतलाई मान्यता दिने जो हिन्दु परिपाटी थियो तेसका ठाउँमा व्याकरणको वास्ता न गरी भावका व्यञ्जनाका उद्देश्यले मात्र लेखियेको बौद्धहरु द्वारा अनुमोदित संस्कृतको नेपालमा प्रचार भयो । वहाँ पछी रहँदा बस्ता

संस्कृतका अध्ययनका परिपाटीको पनी ह्रास हुन थाल्यो । मल्ल राजाहरुले यसता स्थितिमा नेपालका सीमामा बोलिने भारतीय भाषाहरुको व्यवहार चलाये । भाषालाई भावनाका दृष्टिले न हेरे भाषा यौटा भावप्रकाशन तथा विचार विनिमयको साधन मात्र हो । विद्यापति मिथिलाका कवि थिये तथा उनले मैथिली भाषामा कविता लेखे । ती कविता बंगालका चैतन्य देवको हृदय स्पर्श गर्न पुगे तथा उनी औ उनका शिष्यवर्ग तिनलाई गाउन थाले औ तिनको बंगाल तथा आसाममा प्रचार भयो । हुँदा हुँदा बंगालमा ता विद्यापति मैथिली हुन् तथा उनले लेखेको भाषा पनी मैथिली हो भन्ने कुरा पनी बिर्सियो औ विद्यापतिलाई बंगालका मानीस बंगाली भन्न थाले तथा उनका कविताको भाषा बंगाली मानियो । भक्ति रसका सैकड़ौं व्रज भाषाका गीतहरुको बंगालमा प्रचार भयेको कुरा विचार गर्दा भाषाको वास्तविक कार्य के रहे छ तेसको अनुमान हुन्छ ।

मल्ल राजाहरुले यो तत्व बुझेका थिये र आफ्ना कविताको माध्यम हिन्दी, मैथिली, बंगाली तुल्याउन उनीहरु अलीकता पनी अनकनायेनन् तथा ई भाषाहरुको अध्ययन तथा प्रचारका उनीहरु बडा पक्षपाती थिये । ज्ञानको प्रसार तथा चेतनाको परिमार्जनका निम्ती जुन सुकै भाषाको माध्यम पनी उचित हो भन्ने उनीहरुको विचार भयेको बुझिन्छ।

विभाजन पछीका मल्ल राजाहरु मध्ये प्रताप मल्ल, जगज्योति मल्ल, जगत् प्रकाश मल्ल आदि राजाहरुले संस्कृतमा पनी कविता लेखेका छन् तर माथी भनियेका राजाहरु तथा अरु अनेक मल्ल राजाहरुले भाषामा धेरै काव्यरचना गरेका छन् । उनीहरु प्रायः भक्ति रसका कविता लेख्थे औ ती कविताहरु धेरै जसो मैथिली भाषामा औ केही भोजपुरी, अवधी तथा बंगाली भाषामा लेखियेका छन् ।

मैथिली भाषामा भक्तिप्रधान कविता लेख्ने राजाहरु मध्ये पाटनका सिद्धि नरसिंह मल्लको निकै ख्याति छ । इनले लेखेका गानहरुको यौटा संग्रह पाइयेको छ तथा उनका कविता जो प्राप्त छन् तिन बाट उनी

लोकप्रिय कवि भयेका कुराको अनुमान हुन्छ। नृप मल्लदेव तथा मल्ल नृपका नामले लेखियेका अनेक गानहरु पनी प्राप्त छन् तर नृप मल्ल वा मल्ल नृप भनेको को हो तेसको निर्णय अझ हुन सकेको छैन।

भादगाउँका राजा भूपतीन्द्र मल्ल पनी कवि थिये तथा उनले लेखेका मैथिली भाषाका एक सये गानहरुको संग्रह बीर लाइब्रेरीमा छ। उनको यौटा गान उदाहरणार्थ तल दिइन्छ।

हे देवि शरण राख भवानी।
मन वच करम करओ मान कछु
से सवए तुअ आपद जानि।
हमे अति दीन खीन तुअ सेवा
राख हरि यजन ठानि।
अभिनय मोर अपराध संभव
मन जनु राखह जानि।
आओर इतर जन जग जतसे सबए
गुण रसमक से वानि।
तुअ पद कमल भमर मोर मानस
जनम जनम रहो मानि।
भूपतींद्र नृप एहो रस गावए
जय गिरिजापति रानि।

जगत् प्रकाश मल्लका पनी दस अवतार, विष्णु तथा शिवको आराधना गरी लेखियेका गानहरु पाइयेका छन्। जितामित्र मल्ल तथा रणजित् मल्लले लेखेका पनी अनेक गान पाइयेका छन्।

मल्ल राजाहरु नाटकका पनी बडा प्रेमी थिये भन्ने कुरा उनीहरुले स्वयं वा उनीहरुका दरबारमा आश्रय पाउने कविहरुले लेखेका अनेक नाटकहरु बाट चाल पाइन्छ।

प्राचीन नेपालका लिच्छवी राजाहरुका समयमा नाटकको नेपाली जीवनमा के स्थान थियो त्यो सम्बन्धमा निश्चित प्रमाण उपलब्ध न भये

ता पनी संस्कृतका प्रसिद्ध नाटकहरुको पठनपाठन गर्ने पद्धति ता भारतमा झैं वहाँ पनी थियो भन्ने कुरामा सन्देह छैन । बारहौं शताब्दिमा नेपालमा सारियेका मालती माधव तथा नागानन्द नाटकहरुको उल्लेख पाइन्छ ।

तर पछी राजादरबारका आश्रयमा बस्ने पण्डितहरुले स्वयं मौलिक नाटक रचना गर्न थालेको बुझिन्छ । चौदहौं शताब्दिमा नेपालका राजदरबारमा आश्रय पायेका पण्डितहरुले लेखेका संस्कृतका अनेक नाटक पाइयेका छन् । ई नाटकहरुको समय समयमा अभिनय भयेको पनी प्रमाण छ । तर ई नाटकहरु संस्कृतमा लेखियेका हुनाले इनका अभिनयले पण्डितलाई मात्र आनन्द प्रदान गऱ्यो होला, साधारण जनतालाई इन बाट विशेष लाभ भयो होला भने जसतो लाग्दैन ।

नेपालको विभाजन हुनु भन्दा पुग न पुग एक शताब्दि अघी मिथिलाका प्रसिद्ध कवि विद्यापतिले यौटा नया प्रकारको नाटक लेख्ने चलन चलायेका थिये । तेसमा संस्कृत सित सँग सँगै भाषाको पनी व्यवहार गरियेको थियो । प्राचीन कालमा संस्कृत नाटकमा प्राकृतको पनी व्यवहार गर्ने चलन थियो । विद्यापतिले प्राकृतका सट्टा भाषा व्यवहार गर्ने चलन चलाये । विभाजन पछीको नेपालमा पनी विद्यापतिको ढांचा बमेजिम कि ता संस्कृत तथा भाषा मिश्रित नाटक लेखिये कि ता भाषामा नै नाटक लेखिये । यसरी लेखियेका भाषा नाटकमा गानको प्राचुर्य हुन्थ्यो तथा ई गान विविध रागमा गाइन्थे । आधुनिक समयमा युरोपमा आपेरा नामक गानप्रधान अभिनयको चलन छ । तेसतै नेपालमा लेखियेका ई नाटकहरु गानप्रधान नाटक थिये ।

ई नाटकहरुको अभिनय पनी प्रायः एक रातमा सकिदैंनथ्यो । अनेक दिन सम्म यौटै नाटकको अभिनय चल्थ्यो । उत्तर भारतमा राम लीला नामक एक प्रकारको नाटक धेरै दिन लायेर गर्ने चलन छ । नेपालमा अभिनय गरिने ई नाटकहरु पनी राम लीला जसतै भयेको बुझिन्छ तर ई राम लीला भन्दा बढता परिष्कृत तथा सुन्दर थिये ।

ई नाटकहरुमा गानको नै प्रधानता हुनाले नाटकका पात्रहरुका

कथोपकथनको केही महत्व थियेन। यो कारणले नाटक खेल्नेहरु कुरा केही भन्न परेका वेलामा उत्नी खेरै कल्पना गरी कुरा गर्थे कि भन्ने अनुमान हुन्छ। नाटकमा भयेका गान विविध राग तथा रागिनीका हुन्थे तथा तिनको विधिपूर्वक गान गरिन्थ्यो। यसो हुँदा ई नाटकको अभिनय हेर्ने जनताको प्राचीन गान शास्त्र सित परिचय हुन्थ्यो औ अद्यावधि नेवार जनताको संगीतप्रेम तथा ज्ञानले गर्दा उनीहरुको यो कला प्रति जो अनुराग छ त्यो अत्यन्त प्रशंसनीय कुरो छ। वर्तमान समयमा पनी साधारण जनता हिन्दी गानाहरु बडा प्रेम सित गाउँछन्। बंगाली तथा मिथिलाको चलन वर्तमान समयमा छैन तर विभाजित नेपालका मल्ल राजाहरुका दरबारमा मैथिली भाषाका धेरै तथा बँगला भाषाको थोरै चलन भयेको कुरा प्रमाणित छ। यो भाषा सम्बन्धी उदार नीतिले गर्दा जनताको सांस्कृतिक विकासमा बडो सहायता भयेको थियो।

नेपालमा लेखियेका संस्कृत तथा भाषा नाटकहरुको विस्तृत विवरण यसै अध्यायका टिप्पणीमा दिइयेको छ।

टिप्पणी

अष्टादश अध्याय

महीरावण वध नाटक—यो नाटकका लेखक जयत नामका पण्डित हुन्। (कविकुल भास्कर पण्डित श्रीजयत विरचितौ) उनले यो नाटक जयशीह मल्लका आग्रहले लेखेका हुन्। (पात्र श्री जयशीह मल्ल वर्मणः पूरणाय) यो नाटकमा इनको नाम जयशीह लेखियेको भये ता पनी इनको शुद्ध नाम ता जय सिंह भयेका कुराको प्रमाण इनी सित भयेको हरिश्चन्द्रोपाख्यान नामक अर्को पुस्तक बाट चाल पाइन्छ। सूची-भाग १—पृष्ठ २९) ई जय सिंह मल्लको उत्तर विहार सित केही सम्बन्ध थियो तथा इनी ह्वाल विहारका प्रधानाङ्ग थिये। इनको महापात्र पदवि द्वारा इनी अरि मल्लका राज्यका उच्च पदाधिकारी पनी भयेको बुझिन्छ। (उत्तर विहार कुटुम्बोद्भव श्री ह्वाल विहार प्रधानाङ्ग महापात्र श्री जयशीह

मल्ल वर्म्मनै.…………) यो नाटक नेपाल संवत् ४५७ सन् १३३७ ई० मा अरि मल्ल देवका राज्य कालमा लेखियेको हो (श्रेयोस्तु सम्वत् ४५७ श्रावण कृष्ण द्वादश्यां पुष्य नक्षत्रे। परिध योगे ॥ शनैश्चर वासरे ॥ पुस्तकमिदं समाप्तम् इति ॥ परमभट्टारक परमेश्वर परमवैष्णव-परमदैवताधिदेव परममहेश्वर रघुकुलतिलक भूपालपरम्परापरिनमित मौलि-शिखाप्रसूनसंधूपित पदारविन्द श्री पशुपतिदेवतावरलब्ध प्रसादैक महाराजाधिराजसप्रक्रिय राजराजेन्द्र श्री श्रीजयारिमल्लदेवानां विजयराज्ये नेपाल-मण्डले ॥ मत्स्येन्द्रनाथको यात्रामा उपस्थित भयेका पण्डित तथा अरु ठुला मानिसका सम्मुख अभिनय गर्न यो नाटक लेखियेको हो। (भगवतः श्री बुङ्गेश्वर प्रतिहतप्रतिसरत् यात्रोत्सव प्रसङ्गेनायातानां प्रमुदित द्विज-राजपुत्रादीनां समाजः ॥

यो नाटकका निर्माणका समयमा जयत अरि मल्लका राज्यमा कुनै उच्च पदाधिकारी थिये। पछी ने० सं० फाल्गुन ५०० आ० १३८० ई० मा इनी स्थिति मल्ल भादगाउँका सामन्त हुँदा उनका मन्त्री भयेका थिये। इनका पिताको नाम चन्दन वर्मा थियो। जयतका विषयमा यो कुरा इनका आज्ञाले लेखियेको मानव न्याय शास्त्र नामक अर्को ग्रन्थका विवरण बाट चाल पाइन्छ। सूची-भाग १—पृष्ठ ४३-४३।

रामाङ्क नाटिका—यो चार अङ्कको नाटिका धर्मगुप्त नामक कविले रचना गरेको हो। (अस्ति विद्यार्णवो बालबागीश्वर कविः। तेन श्री धर्म-गुप्तेन कृता रामाङ्कनाटिका ॥) इनी नेपालका राजगुरु रामदासका पुत्र थिये। (नेपालावनिपालमण्डलगुरुः श्री रामदासः) यो नाटक ने० सं० ४८० आ० १३६० ई० मा लेखियेको हो।

(सम्वत् ४८० शुक्लैकदशम्यां रवि वासो। तेनैव धर्मगुप्तेन श्रीमता रामदासिना। बालबागीश्वरेणेयं लिखिता रामाङ्कनाटिका ॥) यो नाटकको अभिनय पाटनमा भयेको थियो तथा यसमा पाटनका विषयमा तल लेखियेको वर्णन पाइन्छ।

मणिनाग शिरोमणिदीधितिभी रुचिरं सुकृतादतयात्रयति
ललितापुरमेतदिहादरतो गणनाथ विनाशय विघ्नगणम् ।

राघवानन्द नाटक—यो नाटक मणिक नामक कविले लेखेको हो। (स्वपादपङ्कज [य] राजपिञ्जरितमस्तकस्य मणिक नामधेयस्य कवेः कृतिरभिनवराघवानन्दन्नाम नाटकम् त्वया नाटयितव्यमिति) यो नाटक स्थिति मल्लका जेठा छोरा धर्म मल्लका व्रतबन्धका समयमा देखाइयेको थियो। (अविरत सेवमान श्री श्रीपशुपति चरणाम्बुजयरागपिञ्जरित शेखरस्य श्री श्रीजयस्थितिराजमल्लदेवस्यात्मनो हृदयानन्ददिणः जशार श्री श्रीजयधर्ममल्ल देवस्य रघुकुलोचितव्रतबन्दमहोत्सवप्रसङ्गप्रमुदितेन जनसमूहेन नृत्यमानमभिनवराघवानन्द नाटकम्........"

नाटकको अभिनय भादगाउँमा भयेको हुनाले भादगाउँलाई स्वर्ग (इन्द्रपुरी) सित तुलना गरी तल लेखियेको श्लोक नाटकमा लेखियेको छ।

इयमिन्द्रपुरीव विभातितरां गुणिराशिशिनिसेवित भक्तपुरी।
प्रतिपालयनाथ तदत्रजनान् प्रणमाभिगणाधिपपादयुगम् ॥

त्यो वेला भादगाउँमा स्थिति मल्लको शासन भयेको कुरा नाटकमा भनियेको छ। (श्रीस्थितिराजमल्लपालित पुरीं प्राप्तोऽस्मि भक्ताम्पुरीम्) राजपरिवारको परिचय नाटकमा यो प्रकारको छ।

य एषः जयति जयस्थितिं राज्ये राजल्लदेविहृदयज्ञः।
निखिलरिपुराजमत्त मातङ्गमदविघटने सिंहः ॥

स्थिति मल्लका छोरा धर्म मल्लको व्रतबन्ध ने० सं० ४९७ १३७७ ई० को जेठ महिनामा भयेको हो। यो कारणले यसको रचना-काल सन् १३७७ ई० हुन सक्छ।

भैरवानन्द नाटक—यो नाटक पनी राघवानन्द नाटक लेख्ने कवि माणिकले लेखेको हो। (श्री नाटेश्वरवरलब्धनाट्यवेदविशारदस्य राजवर्द्धनस्य सूनोः श्री गुरुचरणमुद्राङ्कितमस्तकस्य मणिकनामधेयस्य कृति भैरवानन्द नाटक) तथा स्थिति मल्लका आज्ञाले लेखियेको हो। (यदह-

मादिष्टोस्मि·······रघुवंशचक्रचूडामणिना राजमल्ल देवी रमणैन श्रीमता श्रीजयस्थितिराजमल्लदेवेन) स्थिति मल्लका जेठा छोरा धर्म मल्लका विवाहका उत्सवमा यसको अभिनय गरियेको थियो (यदद्यासौ सूनोः कुमार श्रीजयधर्ममल्ल देवस्य·······विवाहमहोत्सव दर्शनोत्सुकानां······· समाजः··········भैरवानन्दनाटक दर्शनाकांक्षा वर्तते········तत् त्वया········नाटयितव्यम् ।

यो नाटकमा स्थिति मल्ललाई नेपालेश्वर भनेको हुनाले उनी राजा भै सके पछी यसको रचना भयेको अनुमान हुन्छ । सन् १३८० ई० का केही वर्ष पछी यसको रचना भयेको हुनु सम्भव छ ।

पाण्डव विजय नाटक (सभापर्व नाटक)--यो नाटक यक्ष मल्लका छोरा रण मल्लले लेखेको हो । श्रीमता श्री श्रीजयरणमल्लदेवेन राजा स्वयं निर्माय गीतवाद्य·······) महाभारतान्तर्गत सभापर्वका विषयका आधारमा यो नाटक रचना गरियेको हुनाले यसको अर्को नाउँ सभापर्व नाटक पनी परेको हो । यसका रचयिता रण मल्लकी रानीको नाउँ नाथल्ल देवी तथा छोराको नाउँ विजय मल्ल भयेको कुरा तल सारियेको श्लोक बाट चाल पाइन्छ ।

नाथल्लदेवी रमणो भुवनप्रसिद्धः
कीर्तिप्रभाधवलिताखिलदिग्विभागः ।
प्रत्यर्थिवीरकुमुदाकरचण्डरोचिः
संराजते विजयमल्लकुमारकोऽयम् ॥

यो नाटकको रचनाकाल यसमा न लेखियेको भये ता पनी तेसको अनुमान गर्नु गाहारो छैन । रण मल्लका पिता यक्ष मल्लको मृत्यु सन् १४७८ ई० मा भयेको हो । पिताकी मृत्यु पछी रणमल्ल बनेपामा स्वतन्त्र राज्य स्थापित गरी बसेका थिये । यो कारण यो नाटक पन्द्रहौं शताब्दी न सकिंदै सन् १४७८ ई० पछी कुनै समयमा लेखियेको होला भन्ने अनुमान हुन्छ ।

भादगाउँ

१. विद्याविलाप नाटक—यो नाटक विश्व मल्लका समयमा लेखियेको हो । यसको प्रमाण नाटकका आरम्भमा नै पाइन्छ । सूत्रधार भन्छन् श्रीमत् श्री भक्तपत्तननगरी सकल गुणिजन पोषित, तार महिमा शुन'' 'श्री विश्व मल्ल नृपती' ' ''श्री श्री जय विश्व मल्ल देवस्य सभाके महिमा शुन' 'श्री भक्तपत्तन नगरे विद्याविलाप नाटक प्रवृत्त हैलो, ता देखि निमित्त आक्षे जाबो ।" यो नाटक अपूर्ण छ

२. कृष्णसम्बन्धी यौटा नाटक—यसका लेखक विश्व मल्ल पछी राजा हुने त्रैलोक्य मल्ल वा त्रिभुवन मल्ल थिये । यो नाटकमा भयेका गानहरुमा रामचन्द्र तथा वीरनारायणको उल्लेख पाइन्छ । तेसमा भयेका एक दुई वटा गीत तल सारिन्छन् ।

कमलनयन मोहि विसारल
सुन मधुरिका सखि ।
वसन्त दारुण काल गमाओय
कइसन जीवन राखि ।
दक्षिण पवन मेघ सुधाकर
भेल सम किछु जानि ।
चन्दन शीतल बोलिले गाओल
रेणु उडए लह लागि ।
वेदनि हे हरि बिनु बड हय दुख
चरण कमल यदि छाडल ता दिन गयल सुख ।
सकल रयनि जागि गमाओलि
न छाडे नीर नयन ।
अवश्य आओत हर महागुणी
वीरनारायण भान ।

इनै कविले गरेको अर्को विरहवर्णन यसतो छ ।

सघन वरसिए मेहा
सुमरि सुबन्धु महा ।
जीव छटपट नींद न आवए
बिरह दगध देहा ।
मन पंछि हय जाबो
जाहागिया पायिबो
हाते धरिया पाय पडिया
गला तुलिया लइबो ।
चन्दन चिरण भावए
कुसुम साजि सोहाबए ।
अङ्ग मोडि मोडि आङ्गन ठाकि
मन चौदिक धावए ।

यो नाटक पनी अपूर्ण छ औ यसको नाम के हो सो पनी निश्चित रूपले पत्ता लागेको छैन ।

३. मुदितकुवलयाश्व नाटक—यो नाटकका रचयिता सङ्गीत तथा साहित्यका प्रेमी भादगाउँका राजा जगज्ज्योति मल्ल हुन् तथा यो मार्कण्डेय पुराणको मदालसोपाख्यानका आधारमा भाषामा रचना गरियेको हो ।

(मार्कण्डेयपुराणान्तर्गतमेतन्मदालसोपाख्यानं ।
दृष्ट्वा भाषागीतैर्नाट्यं रचितं विचित्ररसभावयुतं ।
श्रीमता श्रीजगज्ज्योतिर्मल्लभूपति सूरिणा ।)

यो नाटकको रचना शाके १५५० सन् १६२८ ई० मा गरियेको हो ।

(खशहरमुखेन्दु १५५० व्यञ्जिते शाकवर्षे ।
स्मरतिथिबुधमैत्रेष्वर्जुने ज्यैष्ठपक्षे ।
बुधवरकृतसङ्गैः श्री जगज्ज्योतिरीशै
र्मुदितकुवलयाश्वं नाटकं चारुचक्रे)

यो नाटकका लेखक जगज्योति मल्ल घोषणा गरियेका भये ता पनी यसका वास्तविक लेखक मैथिल पण्डित वंशमणि ओझा हुन् तथा यसको भाषा मैथिली भयेको बुझिन्छ।

(सुकवि वंशमणि पुरगुण गाऊ।
नृप जगजोतिमल होथु चिराउ ॥)

यसमा प्रयोग गरियेको मैथिली भाषाको उदाहरण पनी तल लेखिन्छ।

जगज्योति मल्लका विषयमा यसमा यसो भनियेको छ। "परन्तु ई महाराजाधिराज काव्यगान्धर्वकलानीतिशास्त्रनिपुन अतिविदग्ध कओने अभिनय अनुरक्त होएता ह।"

"क्षणं विचिन्त्य ॥ प्रिये स्मरण भेल। मैथिलभारद्वाजगोत्र कवि पण्डित श्री रामचन्द्रशर्मपुत्र श्री वंशमणि उझा जे कएल। जे मो जे कहिअएलाहु तन्हि हि कुवलयाश्वमदालसा क चरित्र नाम नाटक से नाचह।"

हरगौरी विवाह नाटक—मुदितकुवलयाश्व नाटक लेखेका दोसरो वर्षमा नै अर्थात् सन् १६२९ ई० मा यो नाटक जगज्योति मल्लले लेखेको हो। त्यो वर्ष २१ जुनमा सूर्यग्रहण परेको थियो औ त्यो अवसरमा जगज्योति मल्लले तुला पुरुषदान गरेका थिये। सोही समारोहमा उनले आफै रचना गरेको यो नाटकको अभिनय गरियेको थियो।

जगज्ज्योति मल्ल गान शास्त्रका पण्डित थिये तथा उनले यो विषयमा अनेक पुस्तक पनी लेखेका छन्। विविध राग तथा रागिनीमा गाइने ५५ भाषा गीत यो नाटकमा भयेका हुनाले यसको विदेशी ओपेरा सित तुलना गर्न सकिन्छ। यो प्रकारका नाटकहरुको चलन नेपालमा कहिले देखी चल्यो सो भन्नु गाहारो छ। चौदहौं शताब्दि तथा पन्दरहौं शताब्दिका माथी वर्णन गरियेका प्राप्त नाटक ता ओपेरा वा गीति नाटक होइनन् तथा तिनको भाषा पनी संस्कृत तथा प्राकृत छ। भाषामा लेखियेका गीति नाटकको प्रचार सत्रहौं शताब्दि देखी नेपालमा निकै

भयेको बुझिन्छ। ई गीतहरुको भाषा प्रायः नेवारी हुँदैनथ्यो भन्ने कुरा पछी लेखियेका यसता नाटकहरु बाट बोध हुन्छ। गीत नेवारी भाषामा न भये ता पनी गीत कसरी गाउनु, कुन राग हो इत्यादि कुराको निर्देश ता नेवारीमा गरिन्थ्यो। यो नाटकको पुष्पिका तल लेखे बमोजिम छ। (इति श्री महाराजाधिराज श्री श्री जगज्योतिर्मल्लकृतं पञ्चपञ्चाशाद्गीतोपवद्धं हरगौरी विवाह नाटकं समाप्तं ॥·····सम्वत् ७४९ ज्येष्ठ कृष्ण अमावास्या सूर्यग्रासस श्री श्री जगज्योति मल्लदेव प्रभु ठाकुर सन तुलदानस क्ष्व हर गौरी विवाह प्याखनदयका जुरं ॥

जगज्योति मल्लले लेखेको अर्को कुञ्ज विहारी नाटक हो। तेसको यौटा मैथिली भाषाको गीत तल सारिन्छ। सूत्रधार यो गीत गाउँदै जान्छन्—

कुञ्जविहार हरि छाज रे,
गोपी सबे हरखित आज रे।

यही वेला राधा औ कृष्ण दुवै प्रवेश गरेर यो गीत गाउँछन्।

जाहि बह जमुना तीर, शीतल सुरहि समीर।
नवदले तरु अरे सोह, मधुकर धुनि सब मोह।
ताहि विन्दिराबन माझ, हमर हृदय गुणे बाझ।
ताहा गए करिए विलास जाआ पहु पुरावए आस।
नृप जगज्योतिमल्लवाणी, मोर गति एके भवानी।

मलयगन्धिनी—यो नाटक जगत् प्रकाश मल्लले रचना गरेको हो। यो नाटक असम्पूर्ण छ। यसका नान्दीमा भनेको छ "जगत्प्रकाश भने नाटक नाथे" औ सूत्रधार भन्छन् "श्री श्री जय जगत्प्रकाश मल्लक आज्ञा भेलछे·····मलयगन्धिनी नाटक अभिनय कुरू।"

जगत् प्रकाश मल्ल तथा पाटनका श्रीनिवास मल्लको मेल भयेका समयको यो नाटक हुनाले तेसमा श्रीनिवास मल्लका वर्णनमा लेखियेको निम्नलिखित गीत पनी छ।

चौखण्ड नरपति तोहर बखन ।
त्रिभूषन महीपति सम नहिं आन ।
निरमल मति तुअ गांग जलधर ।
गल गजराज मोति मोति सुन्दर हार ।
चौसठि कलापर सरुपहिं काम ।
शरदक शशिमुख बड अभिराम ।
शिरिनिवास भूपति शरण के लो ।
जगतप्रकाश अति ताह सुख देवा ।

राजवर्णना सिद्धिने बित्तिकै सूत्रधार फेरी भन्छ—हे प्रिये एहन श्री श्री श्रीनिवास मल्ल । उन्हिक जशवर्णना भक्तापूरक राजा श्री श्री जगत्-प्रकाश मल्ल सतत करथि ।"

श्रीनिवास मल्ल तथा जगत् प्रकाश मल्लको काठमांडुका विरुद्ध मैत्री भयेका समयको यो नाटक हुनाले यसको रचना १६६८ ई० तिर गरियेका कुराको अनुमान हुन्छ ।

मदन चरित नाटक—यो पनी जगत् प्रकाश मल्लले रचना गरेको नाटक हो । यसका पुष्पिका बाट यो नाटक उनले रचना गरेको तथा उनका कांछा छोरा उग्र मल्लको उपनयनका समयमा खेलियेको कुरो चाल पाइन्छ । "इति श्री श्री जगत्प्रकाश मल्ल कृतः कनिष्ठ पुत्र श्री श्री उग्र मल्लस्य उपनयनस्यार्थे मदन [चरित्र] नाटकः समाप्तं" । यो नाटकको भाषा पनी मैथिली भयेको कुरा तल सारेका अंश बाट चाल पाइन्छ ।

सूत्रधार—"हे प्रिये एतय आउ ।

नटी—हे नाथ हमर प्रणाम । की आज्ञा करैछिअ ।

सूत्रधार—हे प्रिये श्री श्री जगत्प्रकाश मल्ल देवक ज्येष्ठ राज-कुमार श्री श्री जयजितामित्र मल्लदेवक आज्ञा भेल आछ" इत्यादि ।

गानको भाषा पनी तल लेखे बमोजिम छ ।

अथिर कलेवर कमलपातल जलतले
भवन कनकजन रजत आदि जय थिर भहि रह सब जने,
सुत मित सब धन सुख दुख सरि अथिर जानर मने ।

मदालसाहरण नाटक—यो जितामित्र मल्लले लेखेको हो । डाक्टर प्रबोधचन्द्र बागचीले लेखियेको जुन पुस्तक देखेको थियो तेसमा ने० सं० ८०७ आ० १६८७ ई० भनी लेखियेको थियो । तेसको पनी केही गान उदाहरणार्थ तल सारिन्छन् ।

विमल बहय शिर सुरसरिधार
नाचत मगन शशिशेखरा ।
सुमति जितामित्र कह नृप ईश
देखु सदाशिव अभयवरा ।

अर्का एक ठाउँमा कुवलयाश्व इन्दुमतीलाई भन्छन् ।

प्रिय सुन इन्दुमुखी तेज तोहे मान ।
तोरित अधरमधु देह रतिदान ।
तुअ सम सीमन्तिनी न देखल आन
दरशने भेल मोर थाकित परान ।

गोपीचन्द्र नाटक—यो पनी जितामित्र मल्लले लेखेको हो । यसका ने० सं ८१० आ० १६९० ई० तथा ने० सं० ८३२ आ० १७१२ई० तिर लेखियेका दुई वटा पुस्तक डाक्टर प्रबोधचन्द्र बागचीले देखेको थियो । यो नाटकमा सङ्गीत भन्दा बढ़ता गद्य थियो । तल तेसको यौटा उदाहरण दिइन्छ । तेता बाट भाषा प्राचीन बंगला भयेको कुरा चाल पाइन्छ ।

कोतवाल भन्छन्—बङ्गदेशेर अधिपति महाराजा गोपीचन्द्र तार
कोटवार कलिङ्गा नाम अभी आछे ।

भागिखेर । भाल कहिलेन । अहे खेतु महापात्र कलिङ्गा कोटवार आमार एक वचन अवधान करो ।

खेतु—सर्वदा ।

भा—समस्त लोक वधिया दाडिया लुटिया आनिया एमन एमन कर्म करिया सुखभोग करिया थाकिले आमार समान भागी खोर नाम आर ना आछे ।

खे—सत्य कहिलेन । अहे कलिङ्ग कोटवार तुमार हमार राजा गोपीचन्द्र आछे तार दर्शन करिते जायबो चलो ।

जितामित्र मल्ल पछी उनका छोरा भूपतीन्द्र मल्ल राजा भये । इनले लेखेका न छापियेका माधवानल तथा रुक्मिणी परिणय नामक दुई वटा नाटकको डाक्टर प्रबोधचन्द्र बागचीले उल्लेख गरेको छ । ई बाहेक इनका दुई वटा विद्या विलाप तथा महाभारत नामक नाटक छापियेका पनी छन् । तिनको संक्षिप्त विवरण यहाँ दिइन्छ ।

(२) **विद्याविलाप**—यो नाटकका लेखक भूपतीन्द्र मल्ल हुन् तथा यसको राजवर्णना औ देशवर्णना काशीनाथले गरेको छ । लेखक तथा राजाको नाम भयेको यौटा गीत यहाँ सारिन्छ ।

रघुकुल-कमल प्रकाशन भूपे ।
अवतरु दिनमणिरूपे ॥
नृपभूपतीन्द्र मल्ल मदन-सुसाज
महिमण्डल सुरराज ॥
दानधरमगुण करणसमान ।
एहन नृपतिवर न देखल आन ॥
द्विज काशीनाथ बखाने ॥

यो नाटक ने० सं० ८४० भाद्र शुदि १३ सन् १७२० ई० मा लेखियेको हो ।

(१) **महाभारत**—यो नाटकका लेखक पनी भादगाउँका राजा भूपतीन्द्र मल्ल हुन् । राजाको नाम भयेको भादगाउँको वर्णन भयेको कृष्णदेवले लेखको यौटा गीत तल सारिन्छ ।

भगत नगरवर रुचिर मनोहर
उतर भगवति धाम ।
भुवन विदितपुर अनुपम मन्दिर
सुजन अभिराम ॥
सुरवरनगर समान सुन्दर ॥
धरमकरम रत ततद नागर जत
द्विज गण पढय पुराण ॥
जयभूपतीन्द्र नृप ओहि नगर भूप
भूदेव कृष्णदेव भान ॥

यो नाटक ने० सं० ८२२ पौष वदि ३ सन् १७०२ ई० मा लेखियेको हो ।

भूपतीन्द्र मल्ल पछी उनका छोरा रणजित् मल्ल राजा भये । इनले आफ्नो लामो राजत्वकालमा धेरै नाटक लेखेका छन् । ती मध्ये रामचरित्र तथा माधव काम कन्दला प्रकाशित भयेका छन् । उपर्युक्त दुई नाटकको संक्षिप्त विवरण तल दिइन्छ ।

राम चरित—यो नाटकमा राजवर्णना तथा देशवर्णना गणेशले लेखेको छ । लेखक तथा उनका संरक्षक राजाको नाम भयेको यौटा गीत तल सारिन्छ ।

विदित धरापति मल्ल श्री रणाजित
सुन्दर करेण विलासे ।
विश्वलक्षिमि सुत गुणगुणसागर
जार यश निखिल प्रकाशे ।
प्रबल प्रताप विजित अरिमण्डल
तेजिलो गवर निदाने ।
दाने तेजि कर्ण सम रघुकुल भूषण
नृपगुण गणेश वखाने ॥

यो नाटकको रचनाको समय दियेको छैन ।

माधवानल कामकन्दला—यसमा धनपतिले देशवर्णना लेखेका छन् । तल राजा तथा लेखकको नाम भयेको यौटा गीत सारिन्छ ।

भगत नगर वर अतिहि मनोहर
जसु नहि सब महि जोर ।
सुरपुरि गुण ऊन बलिक सदन हून
सुविदित अच्छ चउ होर ॥
जगत जननि रहि भैरव सहितहि
पुर जाहि रणजित आस ।
गृणधन परिपूर पुरजन बुधवर
रसे बस धनपति भास ॥

यो नाटकको पनी रचनाको समय दिइयेको छैन ।

हरिश्चन्द्र नृत्यम्—यो पनी गीतिनाटक हो तथा रामभद्र शर्माले यसलाई लेखेको हो । यो ने० सं० ७७१ सन् १६५१ ई० मा लेखियेको हो । (इति हरिश्चन्द्रनृत्य समाप्तः सं० ७७१ फाल्गुणशुक्ल द्वितीयायां लिखितं श्रीरामभद्रशर्मणा) यसमा भयेका गीतको भाषा तात्कालीन हिन्दी भयेको कुरा तल सारियेको यसको यौटा गीत बाट बुझिन्छ ।

बन्दे देवी कालिकामाय । चउचथिजोगिनी मंगलगाय ।
आदिकुमारिकरे सुरधारि । महिषखण्डन सुरवरनारि ॥

यसको रचना पाटनमा सिद्धि नरसिंह मल्लका पालामा भयेको हो ।

गोपीचन्द्र नाटक—यो नाटक पनी पाटनमा सिद्धि नरसिंहका पालामा लेखियेको हो ।

ललित कुवलयाश्व मदालसा नाटक—यो नाटकका लेखक रामभद्र हुन् तथा इनका पिताको नाम शङ्कर थियो । यो नाटक ने० सं० ७८५ सन् १६६५ ई० मा लेखियेको हो । (हरमुखवसुमुनि नेपालहायने

भाद्रपद पुरणमी सुरुगुरुदिने) यो नाटक पाटनका राजा श्रीनिवास मल्लका पालामा लेखियेको हो। (शिरिश्निवासनृप गुणक निधान) यसको भाषा मैथिली भये जसतो बुझिन्छ।

यो तथा मुदितकुवलयाश्व नाटक एकै भये जसतो बुझिन्छ। मुदितकुवलयाश्व नाटकलाई नै भाषा परिवर्तन गरी यो लेखियेको अनुमान हुन्छ। उदाहरणका निम्ती दुवै नाटक बाट उही उक्ति सारिन्छ।

मुदित कुवलयाश्वमा एक ठाउँ यसतो भनेको छ।

"हे नाथ। हम (हमार) सन (समान) दुःखी पृथ्वी (विषे) दोसर केउ नहि। पहिर हि बाप क गृह सञो राक्षस हरिलए आएल। पुनु विवाहोत्तर तालकेतु पीडा देल।"

यसमा यही कुरो यसरी भनेको छ।

"हे प्राणनाथ। अमार समान दुःखी पृथ्वी विषे दोसर ना हैबे। पहिर हि बापमाथिका घर सओ राक्षस हरिया लाखिरो। पुनु विवाहोत्तर तालकेतु पीडा दिरो।"

डाक्टर प्रबोधचन्द्र बागचीले रणजित् मल्लले लेखेका ६ बटा अरु नाटकको उल्लेख गरेको छ। तिनका नाम उषाहरण नाटक, अन्धकासुर बधोपाख्यान नाटक, कृष्णचरित्र नाटक, मदनचरित कथा नाटक, कालासुरबधोपाख्यान नाटक तथा रामायण नाटक हुन्।

उषाहरण नाटक—ने० सं० ८७४ आ० १७५४ ई० मा लेखियेको हो। यसमा नौ अङ्क छन्। आफ्ना इष्टदेवताको मन्दिर जीर्णोद्धार गरियेका अवसरमा यो नाटकको अभिनय भयेको थियो। सूत्रधारका निम्नलिखित संस्कृत उक्ति बाट यो कुरा चाल पाइन्छ—"श्री श्रीजयरणजित् मल्ल देव महाराजाधिराजेन श्री ३ स्वेष्ट देवताप्रीत्युत्तर तस्या देवालयात् बहिर्द्वारजीर्णोद्धार ताम्रोपरि सुवर्ण लेपिततोरणछ्छदि खड्गकलशछत्रोपरोहणकोट्याहुतियज्ञार्थं उषाहरण नामक नाटकमभिनेतुमहमाज्ञासोस्मि।"

अन्धकासुर बधोपाख्यान नाटक—ने० सं० ८८८ आ १७६८ मा अभिनीत भयेको थियो। यो नाटक इष्टदेवलाई खुशी गराउन खेलियेको

थियो । यसमा सूत्रधारले यसो भनेको छ । "श्रीरणजिन्मल्लदेवपरमभट्टारक महाराजाधिराजेन श्री श्रीस्वेष्टदेवता प्रीत्युत्तरपूर्व संकल्पित अन्धकासुर-बधोपाख्यान नाम नाटकमभिनेप्तुमहमाज्ञातोस्मि ।"

कृष्ण चरित्र नाटक—इष्ट देवताका मन्दिरमा ठुलो घंट चढाउँदा ने० सं० ८५९ आ० १७३९ ई० मा अभिनय गरियेको थियो । (इष्ट देवता प्रीतिकामनदयावृहद्‌घन्टा निवेदनार्थम्)

मदन चरित नाटक—असम्पूर्ण छ तथा यो जगत् प्रकाश मल्लले लेखेको मदन चरित्र नाटकको अनुकरण गरी लेखियेको थियो ।

लोकासुर वधोपाख्यान नाटक—इष्ट देवता भवानीलाई नीलो कमलको माला चढाउँदा खेलियेको थियो । (इष्ट देवता प्रीतिकामनया नीलोत्पल शतपुष्पमाला लक्षैस्तस्याचरणार्विन्देपूजासङ्गतार्थम्)

रामायण नाटक—निकै ठुलो छ, ४३ अङ्कमा समाप्त भयेको छ । सम्पूर्ण बाल्मीकि रामायण नाटकका रूपमा लेखियेको छ । यो नाटक ने० सं० ८८५ आ० १७६५ ई० मा लेखियेको हो । कवि काशीनाथले राजवर्णना तथा देशवर्णना गरेको छ । कवि काशीनाथले भूपतीन्द्र मल्लका पाला देखी नै कवि पदवि पायेको हो । रणजित् मल्लको भाषा बंगला सित मिल्ने छ । तल तेसका केही उदाहरण दिइन्छन् ।

अन्धकासुर बधोपाख्यानमा रानी शशिलेखा भन्छिन् ।

शशि—हे प्राणनाथ हमरो विनती शुन ।
अन्ध—प्रियतमा कहु ।
भीमा (मन्त्री) हे दानवाधिप हमरो विनती अवधान करु ।
अन्ध—भीमानन्द कहु ।

अन्ध—शशिरेखा प्रिये चलु आप सदने ।
कनकघरे रहि विलास भदने ।

रामचरित्र नाटकमा विष्णु भन्छन् ।

जलधि सुता मोर प्रियतमा राम।
लय परवेश देव नटवर धाम।
तीनि भुवन नहिं हमर समान।
भन जय रणजित नृप गुणमान॥

अर्को उदाहरण पनी तल दिइन्छ।

हरषे वृन्दावने जाय देषव।
कोकिल ध्वनि शुनि वेणु वजाव।
मिलत गोपिनी सबे आय।
रमणीर स्वामी तुमी रसेर निवास।
आमि तो तुमार दासि करो समाधान।
जीवन धन तुमी करो समाधान।
जीवन धन तुमी कि जाने विधान।

माधवानलकामकन्दलामा मैथिली ढाँचाको भाषा बढ़ता छ।

अवे नाहु चलु पदमाकर ही
शोभा देखु प्रिय सखि तीर राहि।
जायब उलास कय गमने जिनेय करी।
त्वरित हि आओब प्राणितव भरी।

काठमांडु

गीतदिगम्बरम् रूपक (नाटक)—यो रूपकका लेखक रामचन्द्रका छोरा मैथिलकवि वंशमणि हुन्। (अस्ति किल भरद्वाजकुलजन्मना जनकजनपदीयेन रामचन्द्रशर्म्मणः पुत्रेणा वंशमणिकविनोपविद्धं गीतदिगम्बरं नाम रूपकमिति...)

काठमांडुका राजा प्रताप मल्ल बडा यशस्वी थिये। इनका दरबारमा भारतका विविध भागका पण्डितहरुले आश्रय पायेका थिये। यो नाटकका रचयिता कवि वंशमणिले मिथिला देश बाट नेपाल गै वहाँ आश्रय पायेको

बुझिन्छ। शाके १५७७ श्रावण कृष्ण पञ्चमी बुधवारका दिन सन् १६५५ ई० प्रताप मल्लले तुलापुरुषदान गर्दा यो नाटकको अभिनय गरियेको हो।

यसमा भयेको यौटा प्राचीन हिन्दीको गीत तल उद्धृत गरिन्छ।

जयति जगदेकजननी विबुधगणानन्दकारिणी जयति।
अमृतांशुमौलिमानसविलासहंसी चिरं जयति।
आध मौलिमण्डनफुलमाले। आधतरङ्गितसुरसरिधार।
आध अलिक तिलक्ष नवइन्दु। आध सोहाओ सिन्धुरविन्दू।
कोमलविकट चरण दुहुचारी। अपुरुव नाचकरथि तिपुरारि।
एकदेह अधपूरुषदारा। तेतिशकोटि देव देख निहारा।
सुकवि वंशमणिए सुरस गावे। सेवि देव हरकी नहि पावे।

प्रताप मल्लका नाती भूपालेन्द्र मल्लले लेखेको नलचरित्र नाटकको एक प्रति वीर लाईब्रेरीमा छ। तल यसको यौटा अवतरण दिइन्छ।

तेरो वदन मातो शशधर
मेरो नयन चकोरा।
देखत मोह ए अधिक सोह ए
कहहु बचन मेरा।
देखिते सुन्दर चपल लोचन
काजर शोभारी।
मनोपङ्कज भमर सोहत
पवन से लघुचारी।
पार्थिवेंद्रसुत नृपभूपालेन्द्र कहत
एहो विचारी।
उचित समय मिलहुं नागरि
पति से मति समारी।

जगज्जय मल्लले लेखेको अभिनवप्रबोधचन्द्रोदय नामक नाटक पाइये-

को छ। पशुपतिनाथका उद्देश्यले उनले यौटा यात्रा चलायेका थिये। त्यो यात्रामा देशदेशान्तरका पण्डित आयेका समयमा यो नाटक खेलियेको थियो। डाक्टर प्रबोधचन्द्र बागचीले यसको यौटा असम्पूर्ण पुस्तक देखेका थिये। यो नाटक संस्कृत प्रबोधचन्द्रको अनुकरण गरि लेखियेको छ। संस्कृत नाटक खेल्ने उद्देश्य सूत्रधार भन्छन्।

श्री श्री श्रीयुत जगज्जय मल्ल भट्टारकेन निखिलसुरासुरमुकुटमणि मञ्जरीविराजितचरणपङ्कजस्यसुरनदीसंशोभित पिङ्गलजटाभारभास्वरस्य देवाधिदेवस्य श्री ३ पशुपतिभट्टारकस्य यात्रा प्रसङ्गेनदिगन्तवासिनो विबुधा वेदान्तिनतपस्विनः समागताः।

ऊनविंशति अध्याय

धार्मिक विकास

यो इतिहासका समयको धार्मिक स्थिति राम्ररी बुझ्न यसका आरम्भ भन्दा दुई तीन शताब्दि अघी नेपालको धार्मिक स्थिति कसतो थियो तेसको धेर थोर ज्ञान आवश्यक हुनाले प्राचीन शिलालेख तथा अरु प्रमाणका आधारमा सप्तम तथा अष्टम शताब्दिमा तथा त्यो भन्दा पनी अघीको समयमा नेपालको धार्मिक स्थिति कसतो थियो तेसको केही विचार गर्नु उचित छ।

सप्तम शताब्दिका पूर्वार्धमा (६२९-४५ ई०) भारत भ्रमण गर्ने चीनियाँ यात्री युवान चांगले आफ्ना यात्राविवरणमा नेपालका धार्मिक स्थितिका विषयमा यसो भनेका छन्। "नेपालमा बौद्ध विहार तथा देव-मन्दिर परस्पर जोरियेका छन्। वहाँ दुई हजार भन्दा अधिक भिक्षुहरु छन् तथा उनीहरु मध्ये दुवै यान मान्ने मान्छे छन्। बौद्ध धर्म न मान्ने मान्छेहरुको संख्या जानियेको छैन।" (वाटर्स–भाग २ पृष्ठ ८३-८४)

युवान चांगका लेख बाट सप्तम शताब्दिका पूर्वार्धमा नेपालमा हीन यान, महायान तथा हिन्दु धर्म विद्यमान भयेको कुरा प्रमाणित हुन्छ। नेपालको बौद्ध अनुश्रुति अनुसार बुद्ध स्वयं नेपाल गै बौद्ध धर्म प्रचार गरेको कुरा बुझिन्छ। वर्तमान नेपाली तराई बुद्धको कार्य क्षेत्र थियो भन्ने कुरामा केही सन्देह छैन। यो कारणले यसका निकट भयेको नेपालका खाल्डामा उनी स्वयं जानु केही आश्चर्यको कुरो छैन। उनी स्वयं वहाँ न गयेका भये ता पनी उनका शिक्षाको प्रतिध्वनि वहाँ पुग्नु ता गाहारो थियेन।

बुद्धका पालामा नै बौद्ध धर्म नेपाल न पुगेको भये ता पनी बौद्ध

धर्मका महान् प्रसारक अशोकका पालामा ता बौद्ध धर्मले अवश्य नेपाल प्रवेश गऱ्यो। इस्वी पूर्व तृतीय शताब्दिमा भयेको बौद्ध सङ्गीति पछी बौद्ध धर्म प्रचार गर्न हिमालयका प्रदेशमा जाने मज्झिम, कस्सप गोत्त तथा दुन्दुभिस्सर नामक प्रचारकहरुको नाम चाल पाइयेको छ। नेपालका वंशावलीहरुमा भने अशोक स्वयं नेपाल गयेका कुराको उल्लेख छ। पाटनमा अद्यावधि भयेका चार वटा स्तूप इनैले निर्माण गरेका हुन् भन्ने नेपालका बौद्धहरुको विश्वास छ। अशोककी पुत्री चारुमती नेपाल-का क्षत्रिय देवपाल सित विवाह गरी तथा देवपट्टन नामक नवीन नगरी स्थापित गरी वहीं बसिन्। पछी प्रवज्या ग्रहण गरी नेपालमा नै बस्ने यो दम्पत्तिको विचार भयेको हुनाले देवपाल तथा चारुमतिले विहार निर्माण गरे। आफुले बनायेका विहारमा चारुमति भिक्षुणी भयेर बसिन् तथा उनको वहीं मृत्यु पनी भयो। चारुमती बसेका विहारको ध्वंसावशेष चाभेलमा अद्यापि छँदै छ। चाभेल नाम पनी चा बहिको[१] विकृत रूप भयेको बुझिन्छ।

यो चारुमति विहारको नेपालमा धेरै आदर भयेका कुराको अनुमान हुन्छ। तल लेखियेका किंवदन्तिको निश्चित समय निर्णय गर्न न सके ता पनी यस बाट नेपालका बौद्ध सम्प्रदायमा चारुमति विहारको मान्य स्थान भयेका कुराको अनुमान हुन्छ। भास्कर वर्माले नाना देश विजय गरी प्रचुर धन ल्याई देवपालले स्थापित गरेको देवपट्टनलाई ठुलो पारी तेसको नाम सुवर्णपुरी राखी पशुपतिलाई समर्पण गरे। उनले बौद्ध मार्गी गृहस्थ आचार्यहरुलाई पशुपतिका पूजाको भार सुंपी उनको पूजा सम्बन्धी नियम यौटा ताम्र पत्रमा अङ्कित गरी तेसलाई चारुमती विहारका भिक्षु-

---

१. नेपालमा विहार बुझाउने दुई शब्द छन्। ती बहि तथा बहाल हुन्। बहि भन्नाले ब्रह्मचारी भिक्षु बस्ने विहार बुझिन्छ तथा बहाल भन्नाले विवाहित भिक्षु बस्ने विहार बुझिन्छ। सिद्धि नरसिंह मल्लका समयमा (१६३१ ई०—१६५७ ई०) पाटनमा अनेक बहि थिये तथा तिनका सुव्यवस्थाका निम्ती उनले अनेक नियम बनायेका कुराको वर्णन माथी गरी सकियेको छ।

हरुका जिम्मामा राखेको कुरा घत लाग्दो छ। (राइट–पृष्ठ ११३) पशुपतिका पूजाका निम्ती बौद्ध गृहस्थ पुजारी नियुक्त भयेको तथा पूजाको नियम अङ्कित भयेको ताम्र पत्र बौद्ध भिक्षुहरुका जिम्मामा राखियेका कुरा बाट अरु जे अनुमान गरे ता पनी समसामयिक समाजमा चारुमती विहारको आदरणीय स्थान भयेको कुरामा केही सन्देह रहँदैन। अशोककी छोरी चारुमतीले निर्माण गरेको यो विहार तथा देवपट्टनको इलाका प्राचीन समयमा हीन यान मान्ने बौद्धहरुको केन्द्र स्थान भयेका कुराको पनी अनुमान हुन्छ।

बुद्धले प्रचार गरेका धर्मको मूल तत्व आर्य अष्टाङ्गिक मार्ग हुनाले यो योटा नैतिक धर्म थियो। यसमा धार्मिक कल्पना, रहस्यमय भाव तथा कर्मकाण्डको स्थान थियेन। यो कारणले साधारण जनतालाई यो धर्म अत्यन्त नीरस तथा अरोचक बोध हुनु स्वाभाविक छ। यो कारणले बुद्धको परिनिर्वाण पछी चाँडै नै अनेक काल्पनिक कुरा यो धर्म सँग जोरी यसको सरलतालाई जटिल गराउने प्रयास हुन लागी सकेको थियो। अशोकको समय भन्दा अघी नै गौतम बुद्ध बाहेक उनी भन्दा अघी हुने अरु बुद्धको कल्पना भै सकेका कुराको प्रमाण उनको निगलिहवा स्तम्भ छ। तेसमा उनले गौतम बुद्ध भन्दा अघी हुने कनक मुनि बुद्धका स्तूप ठुलो पारेको कुरा अङ्कित छ। पछी पछी हिन्दु धर्मको प्रभावले गर्दा बौद्ध धर्ममा अनेक देवी देवताको कल्पना गरियो तथा यो धर्मको रूप नै परिवर्तन भयो।

नेपालका वंशावली तथा स्वयम्भू पुराणमा भने शाक्य सिंह बुद्ध भन्दा अघी हुने जम्मै ६ जना बुद्धहरु नेपाल गयेको तथा उनीहरुका प्रयासले नै नेपाल आबाद भयेको तथा वहाँ बौद्ध धर्म स्थापित भयेको कुरा लेखियेको छ। शाक्य सिंह बुद्धका पूर्ववर्ती बुद्धहरुको नाम तल लेखे बमोजिम छ। (१) विपश्वी, (२) शिखी, (३) विश्वभू, (४) क्रकुच्छन्द, (५) कनक मुनि, (६) काश्यप तथा (७) शाक्य सिंह।

प्रथम शताब्दि सम्म बुद्धले प्रचार गरेको सरल धर्मका बिरुद्ध मानीस-

को विचार परिवर्तित भै सकेको थियो। यसको परिणाम के भयो भने बौद्ध धर्मले यौटा नयाँ रूप धारण गर्‍यो औ तेसको नाम महा यान (ठुलो रथ) राखियो तया बुद्धले सिकायेको धर्मलाई हीन यान (सानो रथ) भन्ने नाम प्रदान गरियो।

महा यान धर्ममा आदि बुद्धको कल्पना गरियो औ सबै भन्दा प्रमुख स्थान यो कल्पनाले पायो। नेपालमा इनै आदि बुद्धलाई स्वयम्भूनाथ भन्छन्। आदि बुद्धका सँग सँगै भने जसतो पाँच तथागतको पनी कल्पना गरियो। आदि बुद्ध वा स्वयम्भूको एक बाट बहु हुने इच्छाको नाम प्रज्ञा हो और आदि बुद्ध औ प्रज्ञाका योगको नाम प्रज्ञोपाय हो। हिन्दु विश्वासमा ब्रह्म तथा माया वा शिव तथा शक्तिको जो स्थान छ सोही महा यानका विचार परम्परामा प्रज्ञोपायको स्थान छ। यो प्रज्ञोपाय द्वारा तल लेखियेका पाँच बटा तथागत वा बुद्धको सृष्टि भयो। (१) वैरोचन, (२) अक्ष्योभ्य, (३) रत्न सम्भव (४) अमिताभ, तथा (५) अमोघसिद्धि।

उपर्युक्त पाँच बुद्ध ध्यान बाट सृष्टि भयेका हुनाले इनलाई कसै कसैले ध्यानी बुद्ध पनी भनेको छ। फेरी ई बुद्धहरुका ध्यान बाट पाँच बोधिसत्वको सृष्टि भयेका कुराको कल्पना गरियो। ती बोधिसत्वका नाम तल लेखिये बमोजिम छन् (१) सामन्त भद्र वैरोचन बाट, (२) वज्रपाणि-अक्ष्योभ्य बाट, (३) रत्नपाणि-रत्नसम्भव बाट, (४) पद्मपाणि-अमिताभ बाट तथा (५) विश्वपाणि-अमोघसिद्धि बाट।

यहाँ अलीकता बोधिसत्वका विषयमा पनी केही विचार गर्नु उचित छ किन भने महा यानको विशेषता बोधिसत्वका कल्पना भित्र अन्तर्निहित छ।

हीन यानमा शील तथा ज्ञानको प्राधान्य थियो। शील तथा ज्ञान द्वारा यो संसारका दुःख माथी विजय प्राप्त गरी मानीस अर्हत्को पद प्राप्त गर्छ। मानीस आफ्नो भविष्य आफै कर्म द्वारा निर्माण गर्छ। निर्वाण मार्गका यात्रा पथमा मानीसका साथी केवल शील तथा ज्ञान छन्।

महा यानमा अर्हत्का स्थानमा बोधिसत्व छन्। बोधिसत्व महा-करुणाले पूर्ण हुनाले आफु निर्वाणको अधिकारी भये ता पनी जगत्को कल्याण तथा हित गर्न यो संसारमा बसी मानीसको उद्धार गर्छन्। यो कारणले बोधिसत्वको भक्ति गरे संसारका मानीसको उद्धार हुन्छ। हीन यानका शील तथा ज्ञानका ठाउँमा महा यानले बोधिसत्वको भक्ति तथा करुणालाई प्रतिष्ठा गर्‍यो।

करुणाको यो विचार सँग सँगै ६ पारमिताको (पारी पुर्‍याउने कुरा) भाव पनी जोरियेको छ। दान, शील क्षान्ति, वीर्य, ध्यान तथा ज्ञान नै छ पारमिता हुन् तथा इनका पालन द्वारा मानीस माथी उठ्दै जान्छ औ औ उसको चित्त विशुद्ध हुन्छ। उसले यो संसार मिथ्या हो भनी बुझ्छ औ उसको हृदय करुणाले पूर्ण हुन्छ। मानीसका आध्यात्मिक उन्नतिका दस अवस्था पनी महा यानले कल्पना गरेको छ तथा तिनलाई दस भूमि भन्ने नाम दिइयेको छ। ती दस भूमि पार गरे पछी बोधिसत्वको अवस्था प्राप्त हुन्छ।

भक्तिप्रधान महा यान धर्म प्रथम शताब्दि देखी आरम्भ भयेको हो भन्ने विद्वान्हरुको मत छ। नेपालमा यो मत कहिले प्रवेश गर्‍यो त्यो निश्चित रूपले भन्नु गाहारो छ। ईसवी चतुर्थ शताब्दि सम्म ता यो अवश्व नेपाल पसी सकेका कुराको अनुमान हुन्छ। महा यान धर्म कोषका रचयिता तथा बौद्ध शास्त्रका महान् पण्डित वसुबन्धु आफ्ना वृद्धावस्थामा नेपाल गयेर बसे भन्ने विश्वास तिब्बतमा छ। नेपालमा नै उनको मृत्यु भयो तथा उनको अस्थि यौठा चैत्य बनाई स्वयम्भू नाथमा राखियेको छ भनी अद्यावधि तिब्बती तीर्थयात्रीहरु त्यो चैत्यको पूजा गर्छन्। यता बाट चतुर्थ शताब्दिमा महा यान निश्चित रूपले नेपाल पुगेका कुरा-को अनुमान हुन्छ तथा यो भन्दा अघी वा भारतमा यसको जन्म हुने बित्तिकै पनी यो नेपाल पुग्नु सम्भव छ।

माथी देवपट्टन तथा चारुमती बिहारका स्थापनाको जो वर्णन गरियो तेता बाट बर्तमान देव पाटन तथा चाभेल अर्थात् पशुपतिनाथको अञ्चल

प्राचीन समयमा हीन यानको केन्द्र भयेका कुराको अनुमान हुन्छ । पछी महा यानको नेपालमा प्रवेश भये पछी तथा यो बलियो हुँदै गये पछी स्वयम्भूनाथको अञ्चल महा यानको केन्द्र भयो । यसरी खाल्डोका पूर्वमा हीन यान तथा पश्चिममा महा यानका केन्द्र स्थापित भये । सप्तम शताब्दिका पूर्वार्धमा हीन यान तथा महा यान दुवैको नेपालमा समान शक्ति भयेका कुराको युवान चांगका वर्णन बाट अनुमान हुन्छ ।

अब युवान चांगले देवालय तथा विधर्मीहरुको जो कुरा लेखेका छन् तेसको पनी यहाँ केही विचार गर्नु उचित छ ।

नेपालमा प्राचीन समयमा वैष्णव धर्म प्रचार भयेको कुरा पनी शिलालेख तथा वंशावलीहरु बाट चाल पाइन्छ । नारायणको पूजा तथा भक्ति नै यो धर्मको प्रधान लक्षण थियो । नेपालका चार नारायण अध्यापि प्रसिद्ध छन् तथा वहाँ विष्णुका विविध अवतार तथा रूपको पूजा भयेको कुरा वहाँ पाइयेका विष्णुका प्राचीन मूर्तिहरु बाट ज्ञात हुन्छ । चाँगुनारायग ता गरुडवाहन भयेका विष्णु नै भये । यो बाहेक मानदेवको पालाका विष्णुका वामन अवतारका दुई बटा मूर्ति पनी पाइयेका छन् ।

वैष्णव धर्म तथा महा यान दुवै धर्म भक्तिप्रधान हुनाले इनमा विशेष प्रतिद्वन्दिता न हुँदो हो भन्ने अनुमान छ । तर ई दुवै सित वास्तविक प्रतिद्वन्दिता गर्ने पाशुपतहरुको पाशुपत धर्म थियो तथा यो उग्र औ बलियो थियो । यसका विषयमा पनी यहाँ केही विचार गर्नु उचित छ ।

ईसवी संवत् आरम्भ हुनु भन्दा दुई शताब्दि पहिले पाशुपत धर्मको उत्पत्ति भयेको हो भन्ने विद्वान्हरुको मत छ । यो मतका विरुद्धमा कसैले ईसवी प्रथम शताब्दि देखी पाशुपत धर्म चलेको हो भनेको भये ता पनी यो मत अत्यन्त प्राचीन काल देखो भारतमा चलेका कुरामा केही सन्देह छैन । पुराणहरुमा यो मतका प्रतिष्ठाता लकुलीश हुन् भनी भनेको छ । इनका कुशिक, गर्ग, मित्र तथा कौरुष्य नामक चार शिष्य थिये । इनीहरु नै पाशुपतहरुका चार वर्गका आरम्भकर्ता भये । ती चार वर्ग शैव,

पाशुपत, कारुकसिद्धान्ती तथा कापालिक हुन्। पाशुपतहरु जटा पाल्थे, भस्म लाउँथे औ वल्कलका लुगा लाउँथे।

युवान चांगले पनी भारतका अनेक ठाउँमा सप्तम शताब्दिमा पाशुपतहरु भयेको कुरा आफ्ना यात्राविवरणमा लेखेका छन्। यो शताब्दिमा नेपालमा पनी पाशुपतहरु बलिया भै बसेको कुराका अनेक प्रमाण पाइयेका छन्। पाशुपतहरु नेपालमा यत्रतत्र छरियेर बसेका भये ता पनी पशुपतिनाथको अञ्चल इनीहरुको प्रधान केन्द्र भयेको थियो तथा पशुपतिनाथ इनीहरुका प्रधान देवता भयेका कुराको अनुमान हुन्छ। पाशुपतहरुले इनै ताक राजसंरक्षण पनी पायेका कुरा बाट पाशुपतहरु समसामयिक नेपालमा निकै शक्तिशाली भयेका कुराको अनुमान हुन्छ।

इन ताकका नेपालका अनेक शिलालेखहरुमा पशुपतहरुको उल्लेख पाइन्छ। अंशु वर्मा पछी शासन गर्ने जिष्णु गुप्तको पशुपतिका मन्दिरमा स्थित चण्डेश्वर माथी यौटा शिलालेख पाइयेको छ। (भगवान्लाल इन्द्रजी–संख्या ११) तेसमा मान्छेका टाउकाको माला लाउने पाशुपत-हरुका परिषदको (मुण्ड श्रृङ्खलिक पाशुपताचार्यपर्षदि) उल्लेख छ। यता बाट ई पाशुपतहरु आधुनिक कालका अघोरीहरु जसता हुँदा रहे छन् भन्ने अनुमान हुन्छ।

पाशुपतको उल्लेख भयेका अरु पनी शिलालेख छन्। यौटा शिला-लेखमा (बेंडल-संख्या ३) यौटा गुठीको उल्लेख छ। तेसका आम-दानीले मन्दिरको खर्च चलाई उब्रेका धनले ब्राह्मण तथा पाशुपतहरुलाई खुवाउने कुरा लेखियेको छ। अर्को यौटा शिलालेखमा पाशुपतहरुको वंश नामक यौटा दलको उल्लेख छ।

सप्तम शताब्दिका मध्य भाग तिर अनेक पटक नेपाल आउने चिनियाँ यात्री वांग हियुन शेले आफ्ना यात्राविवरणमा आँखी भौ सम्म कपाल खौरने तथा कानमा कुण्डल लाउने मानीसहरु नेपालमा भयेका कुराको वर्णन गरेको छ। साधारणतः पाशुपतहरु जटा पाल्ने भनी प्रसिद्ध भये ता पनी इनका कोही सम्प्रदाय कपाल खौरने पनी थिये। युवान चांगले

काशीको वर्णन लेख्दा निम्नलिखित कुरा लेखेका छन्। "यहाँ सबै भन्दा अधिक देवमन्दिर छन् तथा अरु अरु सम्प्रदायका मानीसको संख्या दस हजार छ। ती मध्ये अधिकांश शैव छन्। इनीहरु मध्ये कोही कपाल खौरन्छन् तथा कोही जटा पाल्छन्, कोही नांगै हिंड्छन् औ कोही खरानी घस्छन्।" उपर्युक्त कुराहरु बाट पाशुपतहरु वाममार्गी सम्प्रदाय भयेको तथा आधुनिक अघोरी, अवधूत, कनफट्टा आदिका अग्रगामी सम्प्रदाय भयेको कुरा अनुमान हुन्छ।

प्राचीन नेपालका शिलालेखहरुमा अङ्कित राजाहरुको प्रशस्ति विचार गरी हेर्दा सप्तम तथा अष्टम शताब्दिमा पाशुपतहरु नेपालमा महान् शक्तिशाली भयेका कुराको अनुमान हुन्छ। युवान चांगले प्रशंसा गरेका अंशु वर्माका प्रशस्तिमा "पशुपति भट्टारक पादानुगृहीत" लेखियेका कुरा बाट पाशुपतहरुका देवता पशुपति प्रति इनले भक्तिप्रदर्शन गरेका कुराको अनुमान हुन्छ। इनी पछी शासनाधिकार ग्रहण गर्ने जिष्णु गुप्तले पनी अंशु वर्माले झैं "पशुपतिभट्टारकपादानुगृहीत" लेखेका छन्। (भगवान् लाल इन्द्रजी—संख्या ९) इनैको यौटा अर्को लेखका मङ्गलाचारणमा शिवको स्तुति गरियेको छ। (ऐ-संख्या ११) अष्टम शताब्दिमा राजा हुने शिवदेव द्वितीयले पनी "पशुपतिभट्टारकपादानुगृहीत" भनी आफ्ना प्रशस्तिमा लेखेका छन्। (ऐजन) उनले आफ्नो यौटा अर्को शिलालेखमा आफुलाई "परममाहेश्वर" भनी भनेको छ। (ऐ. संख्या १३) इनका छोरा जयदेवले पनी आफ्ना शिलालेखका मङ्गलाचरणमा पशुपतिको प्रशंसा गरेका छन्। उपर्युक्त प्रमाणहरु बाट सप्तम तथा अष्टम शताब्दिमा नेपालमा पाशुपत धर्म बलवान् भयेको तथा यसले राजसंरक्षण पनी पायेको कुरा स्पष्ट छ।

अष्टम शताद्बिमा आफ्ना समयका प्रसिद्ध भारतीय बौद्ध विद्वान् शान्तरक्षित नेपाल आई स्वयम्भूनाथमा बसी महा यान धर्ममा नवीन जीवन प्रदान गर्ने चेष्टा गरी रहेका थिये। शान्तरक्षित बौद्ध शास्त्रका प्रख्यात विद्वान् थिये औ इनको शुद्ध मार्ग थियो। इनै ताक तिब्बतमा बौद्ध धर्म विरोधी भावना प्रबल भयेको थियो। यो कारणले बौद्ध धर्मका

पक्षको दल यौटा बौद्ध विद्वान्‌लाई लासा लियेर जाने चेष्टामा थियो। तेसतो विद्वान्‌का खोजीमा नेपाल आयेका बौद्धहरुले शान्तरक्षितलाई भेटी उनी सित तिब्बत जाने आग्रह गरे। वहाँ उनी सित तिम्रो के सिद्धान्त हो भनी कसैले सोध्‌दा शान्तरक्षितले यसतो उत्तर दियेका थिये—तर्क द्वारा सिद्ध हुने कुराको अनुसरण गर्नें तथा तर्क द्वारा सिद्ध न हुने कुरा न मान्ने मेरो सिद्धान्त हो। ।[१] यसता विशुद्ध तार्किक विद्वान्‌लाई तिब्बतका बोन धर्मावलम्बी मानीस किन मन पराउँ थे ? उनीहरु इनको विरोध गर्न लागे। संयोगवश उनी लासामा भयेका समयमा भूकम्प, दुर्भिक्ष आदि अनेक दुर्घटना पनी भये। शान्तरक्षितले प्रचार गरेको नयाँ धर्मले गर्दा अनिष्ट भयेको हो भनी बोनहरु भन्न थाले तथा इनका विरुद्ध बलियो आन्दोलन भयो। फलस्वरूप तिब्बतका राजाले इनलाई लासा छोडी जाने आज्ञा दिये। यसले गर्दा शान्तरक्षित चिढ़ियेर तथा साटो फेर्ने विचार गर्दै नेपाल फर्के। वहाँ वज्र यानका महान् आचार्य पद्मसम्भव सित उनको भेट भयो तथा लासाका बोनहरुलाई परास्त गरी वशमा पार्न पद्मसम्भव जसतो घोर तान्त्रिकलाई उपयुक्त ठानी उनले पद्मसम्भव सित लासा जाने अनुरोध गरे। वहाँ गै बोनहरुलाई परास्त गरी पद्मसम्भवले लासामा वज्र यानको प्रवेश गराये। यो पछी बुढ़ा शान्तरक्षित नेपाल बाट फेरी लासा गयेका तथा वहाँको साम्य गुंबामा बसी धर्मप्रचार गरेका कुराको यहाँ उती आवश्यक छैन।

शान्तरक्षितले यसरी तिब्बतका बोनहरुलाई परास्त गर्न पठायेका ई पद्मसम्भवको हुन् तथा तिब्बत जानु भन्दा अघी नेपाल सित इनको के सम्बन्ध थियो सो पनी यहाँ विचार गर्नु आवश्यक छ किन भने तिब्बतमा झैं नेपालमा पनी वज्र यानको प्रवेश गराउने सम्भवतः पद्मसम्भव नै हुन्। इनी आधुनिक गजनी अन्तर्गत उद्यानका राजकुमार थिये तथा बौद्ध भये ता पनी वाममार्गी थिये।

सन् ७४७ ई० मा शान्तरक्षितका अनुरोधमा तिब्बत जानु भन्दा

१. ब्लु एनल्स—भाग १—पृष्ठ ४२।

अघी नेपालमा पाँच वर्ष देखी पद्म सम्भव बसेका थिये। इनी स्वयम्भू चैत्यको श्मशानमा बसेका थिये[१]। स्वयम्भू चैत्यको श्मशान भनेको हिन्दु तथा बौद्ध दुवै थरीका तान्त्रिकहरुले मानेको विष्णुमतीका तटको करवीर मसान हो। तिब्बती भाषामा प्राप्त अनेक प्रमाणहरु बाट पनी उनी नेपालका विविध स्थानमा बसेको कुरा चाल पाइन्छ। नेपालमा छँदा उनी पाटनका अञ्चलमा पनी बसेका थिये। तिब्बती भाषामा लेखियेको उनको यौटा स्तुतिमा यसो भनियेको छ—"याङलेश्वेमा (शिखर नारायण, पाटन) सुगतहरु भेला भई मण्डल निर्माण गरी साधन गर्दा जिन तथा देवगणले शान्तिका प्रतिरूप औ भैरवीको दर्शन गरी सिद्धिलाभ गर्ने उड्डियानवासीलाई म स्मरण गर्छु।[२] अर्का यौटा स्तुतिमा यसो भनेको छ—"शिखरनारायण स्थानादि पचिस बटा पुण्यभूमिमा गुफा पसी कठोर तपस्या गरी घेरै दैवी शक्ति देखाई प्राणीहरुलाई वशमा पारेर भोट देशमा जाने विचार गर्नु भयो'!।[३]

पद्मसम्भवले प्रचार गरेको वज्र यान नेपालमा आरम्भमा उती सफल न भयेको कुरा अनुमान हुन्छ किन भने यो समयमा नेपालमा पाशुपतहरु शक्तिसम्पन्न थिये तथा उनीहरुको तान्त्रिक मत नै लोकप्रिय थियो। नेपालका महा यानी बौद्धहरु पनी उनीहरुका तान्त्रिक मतले गर्दा आकर्षित भै हिन्दु हुँदै थिये। यसता अवस्थामा पद्मसम्भवको तन्त्राचार नेपालमा प्रवेश गरेको हुनाले आरम्भमा यो उती सफल न हुनु स्वाभाविक छ।[४] इनका मतको आधार वज्र यान वा मन्त्र यान थियो जसमा

१. दी ग्रेट लिबरेशन—इवांस वेंज—पृष्ठ—१३०-१३१।

२. योगीराज श्री पद्मसम्भवको स्तुति—श्री निमा नोर्बु लामा—पृष्ठ १४।

३. ऐजन—पृष्ठ १८।

४. उनका चरित्रमा पद्मसम्भव साँखुका मन्दिरमा पनी गयेको कुरा लेखियेको छ। त्यो कथा यसतो छ। नेपालका राजा गेवा जिनकी रानी प्रसवकालमा मरेकी हुनाले आमा तथा छोरी दुवै सँगै गाडियेका थिये। छोरीलाई यौटा वानरले ल्याई पालेको थियो। त्यो केटी दस वर्षकी हुँदा उसका पंजा हाँसका जसता थिये अर्थात् औंला न छुट्टियेका थिये। त्यो केटी बसेका श्मशानमा गै

भिक्षुहरुले विवाह गरी सपत्नीक बस्नु अनिवार्य थियो। हिन्दु तन्त्रमा झैं मन्त्र, मण्डल, मुद्रा, पञ्च मकार तथा शक्तिपूजाका विकृत रूपको यसमा प्राधान्य थियो। बोधिसत्वलाई यसले स्वीकार गरेको भये ता पनी उनीहरुका शक्तिलाई यो बढता मान्यता प्रदान गर्थ्यो। यसतो यो वज्र यान महा यानीहरुलाई पनी निल्न गाहारो पर्ने गाँस थियो। यसैले पद्म सम्भवको तिब्बतमा गुरु रिंपोशे भनी पूजा भये ता पनी नेपालका बौद्धहरुले इनको नाम जानेका छैनन् तथा वहाँ इनको मूर्ति पनी पाईदैन।

पद्म सम्भवको प्रधान अड्डा पाटनको इलाका भयेका कुरा बाट आरम्भमा वज्र यानको केन्द्र पाटन भयेका कुराको अनुमान हुन्छ। अष्टम शताब्दिमा वज्र यानले नेपाल प्रवेश गरेको भये ता पनी यसका नाविन्य तथा उग्रताले गर्दा यसको सर्वव्यापी प्रचार त्यो वेला न भयेको बुझिन्छ। त्यो वेला यो कुनै कुनै परिवारमा रहस्यमय तथा गुप्त नवीन प्रक्रियाका रूपमा चल्नु सम्भव छ। यसै कारण नेपाली बौद्ध देवतामण्डलमा पद्मसम्भवको कुनै स्थान छैन। वज्र यानको नेपालमा वास्तविक रूपले प्रचार गर्ने ता नागार्जुन नामक अर्का एक जना विद्वान् भयेका कुराको उनको

पद्मसम्भवले उसलाई दीक्षा प्रदान गरे तथा उसको नाम शाक्य देवी राखियो। शाक्य देवी पद्मसम्भवकी मुद्रा भईन्। शाक्य देवी सहित पर्वतका ओडारमा मण्डल बनाई पद्मसम्भव योगसाधना गर्न थाले। त्यो वेला तीन बटा विघ्न परे। पहिलो पटक साँझमा विजुली चँकेर उनको ध्यान भङ्ग भयो। आधा रातमा मार आयेर उनको ध्यान भङ्ग गरी अलप भयो। विहानी पख यौटा चरोले उनको ध्यान भङ्ग गऱ्यो। यसले गर्दा भारत, नेपाल तथा तिब्बतमा अकाल पऱ्यो तथा मानीस तथा पशुका अनेक प्रकारका रोग फिंजिये। यो कथाका अन्त्यमा पद्मसम्भवले आई लागेका बाधाहरु माथी विजय प्राप्त गर्दा समुद्र बाट बाफ निस्क्यो, आकाशमा बादल देखियो, वर्षा भयो, फुल फुले औ फल पाके भनी लेखियेको छ। (दी ग्रेट लिबरेशन—इवांस वेंज—पृष्ठ १७६-७७) उपर्युक्त कथा बाट पनी पद्मसम्भवलाई आरम्भमा आफ्नो मत नेपालमा स्थापित गर्न असजिलो नै परेका कुराको अनुमान हुन्छ।

नेपालमा भयेको लोकप्रियता द्वारा अनुमान हुन्छ ।

अष्टम शताब्दिमा वा यसका केही पछी नागार्जुन नामक अर्का एक जना वज्र यानी भारत बाट नेपाल गै वहाँ नै उनी बसेका कुराको अनुमान हुन्छ । बौद्ध शास्त्रका यौटा प्रसिद्ध विद्वान् नागार्जुन द्वितीय शताब्दिमा भयेका थिये । ती नागार्जुन नेपाल गै बसे होलान् भने जसतो लाग्दैन । यो कारणले नेपालको नागार्जुन पहाडको नामकरण जुन नागार्जुनका नाम बाट भयो ती रसरत्नाकर नामक रासायनिक ग्रन्थ लेख्ने नागार्जुन हुन् । इनले गुह्य समाजको टीका लेखेको कुरा पनी तिब्बती वंशावली बाट चाल पाइन्छ । गुह्य समाजको जुन नवीन पद्धति इनले प्रतिपादन गरेका थिये त्यो एकादश शताब्दिका नारो पा आदि सिद्धहरुलाई स्वीकृत भयेका कुरा बाट तेसका उग्रताको सहज अनुमान हुन्छ । इनी सुन बनाउने क्रिया जान्दथे तथा इनको रसरत्नाकर नामक माथी उल्लेख गरेका ग्रन्थमा सुन बनाउने विधिको वर्णन छ । नेपालमा इनी अत्यन्त लोकप्रिय भयेको कुरा इनका मूर्ति ठाउँ ठाउँमा पाइयेका कुरा बाट अनुमान हुन्छ । स्वयम्भूनाथ नेर भयेको यौटा विहारमा इनको यौटा मूर्ति छ तथा तेसको अद्यावधि पूजा हुँदै छ । इनका पाइयेका मूर्तिहरुमा यौटा हात द्वारा अभय मुद्रा प्रदर्शन गरियेको छ तथा अर्को हातमा हर्रो लियेको छ । यता बाट इनी वैद्य पनी भयेका कुराको अनुमान हुन्छ । त्यो पनी अस्वाभाविक छैन किन भने सुन बनाउने क्रियाका निम्ती पारो आवश्यक छ औ रसादि औषधिका निर्माणमा पाराको ठुलो स्थान छ । स्वयम्भूनाथ सित जोरियेको डांडो नै इनका नामले प्रसिद्ध भयेका कुरा बाट पनी इनी नेपालमा बडो लोकप्रिय भयेका कुराको अनुमान हुन्छ ।[१]

पाशुपत तथा वज्र यान दुवै घोर वृत्ति भयेका धर्म थिये । यो कारणले

---

१. नागार्जुन पाद नामक वज्र यानी आचार्य जात मात्रोच्च नामक पहाडमा बसेको कुरा राइटका वंशावलीमा पनी भनियेको छ । पछी उनी बसेको हुनाले यो पहाडको नाउँ नै नागार्जुन भयेको कुरा पनी तेसमा लेखियेको छ । पृष्ठ ९५-९६

पहिले इनमा संघर्ष तथा द्वन्द्व हुनु स्वाभाविक थियो। यो संघर्ष मानसिक क्षेत्र बाट बाहिर निस्की पारस्परिक कलह तथा विध्वंसका रूपमा अल्प मात्रामा भौतिक क्षेत्रमा पनी देखाहा परेका कुराको अनुमान हुन्छ। स्वयम्भूनाथ नेर भयेको शिवलिङ्ग जालन्धरी पा नामक सिद्धले आफ्ना मन्त्र शक्ति द्वारा नष्ट गरी दियेको कुरो तिब्बती वंशावलीमा वर्णित छ। हाम्रा वंशावलीहरुमा बाँडाहरुले विशाल नगर बस्ने ७७० ब्राह्मणको शङ्कराचार्य प्रति भयेको विद्वेषले गर्दा हत्या गरे भन्ने कुरो लेखियेको छ। (राइट—पृष्ठ १५९) शङ्कराचार्यले बौद्ध धर्मको नाश गरे औ बौद्धहरु विवाह गर्न थाले भनी भनेको छ। (राइट—पृष्ठ १२०)

तर यो संघर्ष यौटा बाहिरी, नकली औ बोक्रे कुरो थियो भन्ने कुरामा केही सन्देह छैन। नेपालको मुटु स्वस्थ थियो औ विविध परस्पर-विरोधी धर्मलाई नेपालले आफ्ना भूमिमा खेल्न दियेको थियो। धार्मिक सहिष्णुता नेपालीहरुमा यथेष्ट रूपमा विद्यमान भयेको हुनाले उनीहरुले पाशुपत तथा वज्र यानी तान्त्रिकहरुलाई मन परी गर्न फुक्का गरी दिये जसतो थियो। यसतो उदारताको नीति अवलम्बन गरियेको हुनाले ई दुवै उग्र पन्थको उग्रता आफैं मसाँगरियेर गयेका कुराको अनुमान हुन्छ। केही द्वन्द्व भये गुरुहरुमा मात्र सीमित थियो तथा जुन जनतालाई ई गुरुहरु आफ्ना धर्ममा परिवर्तन गर्न खोजूथे त्यो शान्तिपूर्वक पाशुपत औ वज्र यान दुवै मतमा समानता देख्थ्यो औ दुवैका देवी देवतालाई समान रूपले आदर गर्थ्यो।

अष्टम शताब्दि तथा पछीको नेपाल बडो उदार थियो भन्ने कुरामा केही सन्देह छैन। परस्पर विरोधी धार्मिक विचारका मानीसले यहाँ आश्रय पायेका थिये। नेपालको खाल्डो विविध मतमतान्तरको क्रीडा-स्थल भयेको थियो। नेपालको शीतल तथा स्वास्थ्यप्रद जलवायु तथा वहाँका शासक तथा प्रजाका उदार विचार और व्यवहारले गर्दा मत-मतान्तरका प्रकाशन तथा पालनमा कुनै प्रकारको रोकथाम थियेन। यो शान्त तथा ज्ञानका विकासको अनुकूल परिस्थितिले नै आकर्षित

भयेर चतुर्थ शताब्दिमा उ वेलाका भारतका प्रकाण्ड पण्डित वसुबन्धु नेपाल गयेका थिये । अष्टम शताब्दिमा शान्तरक्षित तथा पद्मसम्भवलाई पनी यसैले तानेर लगेको थियो । शान्तरक्षितको बुद्धिवाद सित पद्म सम्भवको भूत, प्रेत, मन्त्र, तन्त्र, मुद्रा, मसान मान्ने मतलाई सँग सँगै उभ्यायेर हेर्दा नेपालका उदारताको परिचय पाइन्छ । प्राचीन काशी वा मिथिलाका गल्ली गल्लीमा वेदघोष सुनिन्थ्यो भने नेपालका गल्ली गल्लीमा बौद्ध धर्मका सिद्धान्त सुनिन्थे । वहाँ उपनिषद्को चर्चा थियो भने यहाँ महा यान, वज्र यान वा पाशुपत धर्मको चर्चा थियो । यसरी नेपाल खाल्डो नै यौटा धार्मिक विद्यापीठ भयेको थियो ।

इनै ताक नेपालमा प्रज्ञा पारमिताको पाठ तथा पूजा गर्ने चलन पनी चल्यो तथा नव वटा धार्मिक ग्रन्थलाई नव धर्म भनी विशेष मान्यता दिने प्रथा पनी चल्यो । ती नौ वटा पुस्तकका नाम इनै हुन् (१) अष्ट साहिस्रिक प्रज्ञा पारमिता (२) गण्डव्यूह (३) भूमेश्वर (४) समाधिराज (५) लङ्कावतार (६) सद्धर्मपुण्डरीक (७) तथागत गुह्यक (८) ललित विस्तार तथा (९) सुवर्ण प्रभास । उपर्युक्त नौ वटा पुस्तक मध्ये आठ वटा ता महा यानका प्रसिद्ध ग्रन्थ छन् औ तथागत गुह्यक मात्र वज्र यानको ग्रन्थ हो । यो यौटा तान्त्रिक ग्रन्थ हो तथा यसमा अनेक प्रकारका घोर बामाचारको विधान छ ।

नेपाल संवत् आरम्भ हुन भन्दा अघी नै वज्र यानको नेपालमा प्रवेश भयेको भये ता पनी यसको अधिक प्रचार दशम तथा यसका पछीका दुई शताब्दिमा भयेको बुझिन्छ । वज्र यानले विशुद्ध महा यानलाई शेष गरी तेसका ठाउँमा मन्त्र, मुद्रा, मण्डल इत्यादि कर्म प्रधान भयेको तान्त्रिक धर्म स्थापित गऱ्यो । बज्र यानले भिक्षुहरुलाई बिवाह गर्ने अनुमति मात्र दियेन किन्तु विवाह न गरी तान्त्रिक क्रिया सम्पन्न हुँदैन भन्ने शिक्षा दियो । भिक्षुहरु बिवाह गर्न थाले पछी हिन्दु वर्णव्यवस्था सित पनी कुनै प्रकारको अभिसन्धि हुनु आवश्यक थियो । उस माथी वज्र यानमा देवीहरुका उपासनाको प्राधान्य हुनाले र ती देवीहरु पनी कुनै न कुनै

रूपमा हिन्दु धर्ममा गनिने हुनाले वज्र यान नेपालमा स्थापित भये पछी नेपालको बौद्ध समाज वास्तविक बौद्ध धर्म देखी धेरै टाढा पुग्यो ।

वज्र यान पछी वा सँग सँगै काल चक्र यानको प्रादुर्भाव भयो । यसमा सर्वभक्षी कालका प्रतिनिधि स्वरूप महाङ्काल तथा डर लाग्दा रूप भयेका देवीदेवताको पूजालाई प्रधानता दिइन्थ्यो । नेपालका विहारहरुमा अद्यापि डर लाग्दो रूप भयेका मूर्तिहरु देखिन्छन् । ती काल चक्र यानका प्रभावले स्थापित गरियेका कुराको अनुमान हुन्छ ।

तर मानीसको चित्त वज्र यान तथा काल चक्र यानले पनी न बुझ्दा सहज यान भन्ने यौटा नयाँ मार्गको आविर्भाव भयो । सहज यानमा मन्त्र, मुद्रा, मण्डल केही कुराको आवश्यकता थियेन । सहज यानको "सहज" को रहस्यात्मक अर्थ जे गरे ता पनी बाहिर देख्दा खेरी यो यान मान्ने मान्छेहरु कुनै प्रकारको बन्धन मान्दैनथे औ स्वेच्छापूर्वक मन परेको आचरण गरी हिंड्थे ।[१] आफु भन्दा बाहिर केही पनी छैन तथा आफ्नै पूजा गरे हुन्छ भन्ने प्रकारको यो यान उपदेश दिन्थ्यो ।[२] बौद्ध धर्म अब आफ्ना सिद्धान्त बाट कती पर पुग्यो भने देखी तेसलाई चिन्न पनी गाहारो भयो । सहज यान सम्म पुग्दा हामी एघारौं शताब्दिमा पुग्छौं ।

एघारौं शताब्दिमा एक थरीका सिद्धहरु उत्तर भारतमा भये औ ती सिद्धहरु द्वारा सहज यानले निकै संवर्धन पायो । शास्त्रका पण्डित तथा शास्त्र न पढ्ने दुवै थरीका मानीस द्वारा सिद्धहरुको दल भरीभराउ थियो । ई सिद्ध यत्र तत्र डुली हिंड्थे औ आफ्नो मतको प्रचार गर्थे ।

१. केही अघी सम्म नेपाली भाषामा निरंकुश, छाडा केटाकेटीलाई भन्न पर्दा "सहज" भन्ने चलन थियो तर अचेल यो प्रयोग घट्दै छ । यो "सहज" को प्रयोगमा सहज यानी साधुहरुको निकै प्रभाव भयेको कुरा स्पष्ट छ ।

२. नेवारहरुमा वर्तमान समयमा पनी यौटा महत्वपूर्ण पूजा छ जसको नाम ह्म पूजा हो । यो पूजा नेपाल संवत्को प्रथम दिनमा गरिन्छ औ पूजा गर्ने मानीस आफ्ना शरीरको आफैं पूजा गर्छ । यो पूजा वज्र यान औ सहज यान द्वारा अनुमोदित पूजा हो ।

यो मतमा घोर आचारको नै प्राधान्य थियो तथा नेपाल बाट यो मत तिब्बत पनी पुग्यो। सिद्धहरु भाषामा लेखियेका दोहा वा गीतको प्रचार गर्थ तथा तिनको रहस्यात्मक अर्थ लाउँथे। उनीहरुको जीवन नियन्त्रण-हीन हुन्थ्यो। आफ्ना अनियन्त्रित कारवाईले जनतालाई भयान्वित तुल्याई उनीहरुको आश्चर्यमिश्रित श्रद्धा इनीहरु प्राप्त गर्थे।

वर्तमान समयमा पनी ई सिद्धहरुले प्रचार गरेका दोहा गाउने चलन नेवारहरुमा छ। गानप्रिय बौद्ध नेवारहरु पर्वपर्विणीका दिनमा मत्स्येन्द्र-नाथका मन्दिरमा वा अन्यत्र एकत्र भै थरी थरीका गीत गाउँछन्। ती गीत उनीहरु अचेल कत्तीको बुझ्छन् त्यो ता भन्न गाहारो छ तर ती गीत मध्ये अनेक सिद्धहरुका रहस्यात्मक भाषामा लेखियेका गीत छन्। साथै जयदेवको गीत गोविन्दको पनी यसता अवसरमा गान हुन्छ।[१]

उत्तर भारतमा मुसलमानहरुको आक्रमण हुन थाले पछी तथा उनी-हरुले भारत विजय गर्न थाले पछी भारतका तान्त्रिक सिद्ध तथा अरुहरुले नेपाललाई आफ्नो कार्यक्षेत्र तुल्याये। इनीहरुले अनेक नेपाली पण्डितहरु-लाई पनी आफ्नो चेला तुल्याये तथा ई चेलाहरु द्वारा गुह्य समाज तथा अरु अरु तान्त्रिक साधनाको नेपाल तथा तिब्बतमा प्रचार गरियो। एघारौं शताब्दिमा तान्त्रिक सिद्धहरुका अग्रणी नारो पा थिये। नारो पा स्वयं नेपालमा बसेका कुराको विश्वास तिब्बतीहरुमा छ। आर्य प्घाटको यौटा ओडारलाई नारो पा बसेको ओडार भनी नेपाल आउने तिब्बती यात्रीहरु तेसको दर्शन गर्न जान्छन्।

बौद्ध धर्म मान्नेहरु यसरी घोर मार्गमा अगाड़ी बढ्दै गये। तर घोर पाशुपतहरुमा भने यौटा ठुलो परिवर्तन आयेको बुझिन्छ। उनीहरुमा वामाचारका विरुद्ध भावना प्रबल भै उनीहरु शुद्ध मार्ग तिर ढल्कँदै

---

१. सहज यानलाई पछी वैष्णव धर्मले बंगालमा आतमसात् गरेको बुझिन्छ। तेसतै केही प्रभाव परी गीत गोविन्द नेपालका बौद्धहरुले स्वीकार गरेको भये आश्चर्यको कुरो हुने छैन। गीत गोविन्द बारहौं शताब्दिमा रचना भयेको हो औ नेपालमा तेसको प्रवेश रचना सँगसँगै भयेका कुराको मेरो अनुमान छ।

गयेका कुराको अनुमान हुन्छ । इनै ताक वैष्णव धर्मको पनी लोकप्रियता बढ्दै थियो । यसले गर्दा पाशुपतहरु शक्तिहीन हुँदै गये ।

कसका सुधारले हो निश्चय भन्न गाहारो छ धेरै पाशुपतहरु नाथ सम्प्रदायका शुद्ध मार्गी कनफट्टा योगीमा परिवर्तित भयेका कुराको अनुमान छ । यो सुधार गोरखनाथले गरेको हो भन्ने धेरै विद्वानहरुको मत छ तर गोरखनाथको समय निश्चित रूपले निर्णय न भयेको हुनाले यो विषयमा निश्चित रूपले यसै हो भन्नु गाहारो छ । तर जसरी पाशुपतहरु सप्तम अष्टम शताब्दिको नेपालमा बलिया थिये उसै गरी बारहौं शताब्दिमा कनफट्टा योगीहरु नेपालको खाल्डोमा मात्र होइन पश्चिम पहाडमा समेत शक्तिशाली भयेका कुराको अनुमान हुन्छ । बारहौं शताब्दि तथा त्यो पछीको नेपालमा नाथ सम्प्रदायको प्राबल्य थियो तथा बौद्धहरु सित यो कालमा द्वन्द गर्ने इनै नाथ सम्प्रदायका योगीहरु थिये ।

अंशु वर्माको सप्तम शताब्दिको यौटा खण्डित शिलालेख पाइयेको छ । (भगवान्लाल इन्द्रजी–संख्या ६) तेसमा अंशु वर्माले बुगायुमी ग्रामका मानीसले कुखुरा, सुङ्गुर तथा माछाको हत्या न गरेको हुनाले (अबाधनेन) त्यो ग्रामलाई केही राजप्रसाद घोषणा गरेका कुराको अनुमान हुन्छ । उक्त शिलालेखको बुगायुमी ग्राम नै वर्तमान समयको बुँगमती वा बुगम हो । त्यो ग्राममा बोधिसत्वको बौद्धहरु द्वारा अद्यापि अत्यन्त मान गरियेको मूर्ति छ तथा ती बोधिसत्वको यात्रा नेपालको सबै भन्दा ठुलो यात्रा हो । एघारौ शताब्दिमा काठमांडु नगरको स्थापना भये पछी बुगमका बोधिसत्व जसतै देवता काठमांडुमा पनी स्थापित गरिनु पर्छ तथा तिनको यात्रा पनी बुगमका बोधिसत्वको जसतै हुन पर्छ भन्ने उद्देश्यले गुणकाम देवले काठमांडुमा पद्मपाणि अवलोकितेश्वर-को स्थापना गरी यात्रा चलायेका कुराको उल्लेख अघी गरी सकियेको छ । बुगमका बोधिसत्व अचेल मछेन्द्रनाथ भनी पूजा गरिन्छन् । मछेन्द्रनाथ नाथ सम्प्रदायका यौटा प्रसिद्ध योगी थिये । उनको जो बर्षेनी यात्रा हुन्छ त्यो मछेन्द्रनाथको यात्रा भनी प्रसिद्ध छ । यसरी बौद्ध देवता-

लाई नाथ सम्प्रदायले आफ्नो देवता तुल्यायेको कुरा विचारणीय छ। यता बाट नाथ सम्प्रदाय शनैः शनैः तान्त्रिक वज्र यानीहरुलाई पनी दक्षिण मार्गमा ल्याउने चेष्टामा लागेका कुराको अनुमान हुन्छ। नेपालको बौद्ध जनताको यौटा ठुलो भाग नाथहरुका प्रभाव भित्र परे पछी अर्थात् उनीहरुले हिन्दुत्व ग्रहण गरे पछी बौद्धहरुका सबै भन्दा ठुला देवतालाई नाथहरुले आफ्नो भनी उनलाई आफ्ना सिद्धको नाम दियेको कुरा बोध हुन्छ।

नेपालमा हिन्दु भन्ने शब्द प्रचलित छैन भने पनी हुन्छ। यसको जो प्रचलन अचेल देखिन्छ त्यो आधुनिक हो। हिन्दुत्व ग्रहण गर्ने बौद्ध-हरुलाई नेपालमा शिवमार्गी भन्ने चलन छ। यो नाम पनी बडो सार्थक छ किन भने पहिले पाशुपत पछी नाथ सम्प्रदायका योगीहरुले नै बौद्धहरु-लाई हिन्दु तुल्यायेका हुनाले उनीहरुका प्रधान देवताका नाम बाट तेसता हिन्दु शिवमार्गी भनी सम्बोधन गरियेका हुन्।

नाथ सम्प्रदायको यसैले नेपालका धार्मिक इतिहासमा बडो प्रमुख स्थान छ तथा वो सम्प्रदायका प्रमुख सिद्ध मछेन्द्रनाथ तथा गोरखनाथका विषयमा नेपालका वंशावलीहरुमा अनेक कथा छन् तर तिनको समय-निर्देश वंशावलीहरुमा जो छ त्यो विश्वसनीय छैन। नरेन्द्र देव लिच्छबी सित मछेन्द्रनाथ तथा गोरखनाथको कथा जोरियेको हुनाले सिद्धहरुको समय सप्तम शताब्दि हुन आउँछ तर यो तेती पुरानो कुरा होइन। गोरखनाथको समय विद्वान्हरु द्वारा बारहौं देखी चौदहौं शताब्दि सम्म मानियेको छ। यो कारणले नाथहरुको नेपालमा प्राधान्य भयेको समय बारहौं शताब्दि वा त्यो भन्दा पछी नै थियो। बौद्ध नेवारहरुले घेरैका संख्यामा शिवमार्ग ग्रहण गर्ने लागेको समय पनी बारहौं शताब्दि वा तेसका पछी नै हो। यसरी नेपालका धार्मिक जीवनमा विकासका सिद्धान्त बमोजिम जो परिवर्तन आई रहेको थियो तेसलाई चौदहौं शताब्दिमा राज-नियम द्वारा स्थिति मल्लले बाँधी दिये औ हिन्दुहरुको वर्ण व्यवस्था पनी तेस माथी हाली तेसलाई पूर्ण गरी दिये।

नेपाल सप्तम शताब्दी देखी चौदहौं शताब्दि सम्म अनेक धर्म, अनेक वाद तथा अनेक मतको क्रीडाक्षेत्र थियो। संघर्ष तथा द्वन्दले गर्दा मानीसका विचारमा परिवर्तन आयो। हिन्दु तथा बौद्ध दुवैले घोर वृत्ति त्याग गरी धार्मिक कुरामा दक्षिण मार्ग ग्रहण गरे। धार्मिक विकास भनेको ता आङ्मा लायेको लुगा जसतो हो, वैयक्तिक विश्वास हो तथा यसका निम्ती कलह गर्नु उचित होइन भन्ने कुरो नेपालका मानीस बुझ्दै गये। परिणाम स्वरूप पारस्परिक विश्वास तथा प्रेमको विकास भयो औ धार्मिक विषयमा यौटाले अर्काको मान गर्ने बानी मानीसको भयो। हिन्दु तथा बौद्ध दुवैले धार्मिक सहिष्णुताको मूल्य बुझे औ वर्तमान नेपालमा धार्मिक सहिष्णुताको बडो सुन्दर रूप छ।यो धार्मिक सहिष्णुता-को नीति अत्यन्त प्रशंसनीय तथा हितकर कुरो छ।

नेपालको विभाजन भये पछी अठारौं शताब्दिमा यहाँ क्रिस्तान धर्मको पनी प्रवेश भयेको थियो। क्रिस्तान धर्मको नेपालमा प्रवेश हुँदा विभाजित नेपालका राजाहरु कि ता पारस्परिक कलहमा व्यस्त थिये कि ता गोर्खालीहरुका आक्रमण द्वारा त्रस्त थिये। यो कारणले इनीहरुले यो धर्म प्रति जो नीति अवलम्बन गरे त्यो इनका आफ्ना वैयक्तिक स्वार्थ सित परोक्ष वा अपरोक्ष रीतिले सम्बद्ध थियो। स्वार्थका प्रेरणाले गरिये-को कार्य द्वारा इनीहरुको यो सम्बन्धमा के नीति थियो सो निरूपण गर्न कटिन भये ता पनी यहाँ नेपालमा क्रिश्चियन धर्मको कसरी प्रवेश भयो त्यो सम्बन्धमा पनी केही विचार गर्नु उचित छ।

नेपाल जाने प्रथम युरोपियन जेजुइट धर्म प्रचारक जोआ क्रेब्राल हुन्। उनी तिब्बतको उसाँग राज्य बाट १६२८ ई० मा फर्कंदा वहाँका राजाको पत्र ली नेपाल आयेका थिये। त्यो पत्रमा उसांगका राजाले नेपालका राजालाई क्रेब्राललाई जे परी आउँछ सहायता दिने आग्रह गरी पत्र लेखेका थिये। नेपालका राजाले पनी केब्रालको यथोचित सहायता गरी उनलाई पटना पठाई दिये। केब्राल काठमांडु आयेको कुरा पनी उनका यात्राविवरण बाट चाल पाइन्छ। क्रेब्राल काठमांडु आउँदा

काठमांडुका राजा शिव सिंह थिये।

यो पछी ग्रुबर तथा डोरविल नामक दुई जना जेजुइट धर्म प्रचारकहरु चीन बाट लासाको बाटो रोम फर्केर जाँदा १६६१-६२ ई० मा काठमांडु आयेका थिये। त्यो वेला काठमाण्डुका राजा प्रताप मल्ल थिये तथा इनी औ पाटनका राजा श्रीनिवास मल्ल मिली भादगाउँका विरुद्ध युद्ध गर्दै थिये। ग्रुबरका दूरबीन इत्यादि यन्त्रका उपयोगले खुशी भै प्रताप मल्लले उनी सित काठमांडु बसे उनलाई बस्न घर दिने तथा क्रिस्तान धर्म प्रचार गर्ने आज्ञा पनी दिने कुरा गरे थे।

उपुर्युक्त जेजुइट यात्रीहरु धर्मप्रचारक भये ता पनी इनीहरुको तिब्बतमा धर्मप्रचार गर्ने उद्देश्य हुनाले नेपालमा धर्मप्रचार गर्ने कुरामा इनीहरुले विशेष केही कार्य गरेनन्।

अठारौं शताब्दिका आरम्भमा नेपालमा क्रिश्चियन धर्मको पनी प्रवेश भयो। रोमन केथलिक सम्प्रदायका केपुच्चिन पादरीहरुले यो धर्म नेपालमा ल्गे। केपुच्चिनहरुले आफ्नो केन्द्र पटनामा बनायेका थिये तथा वहाँ बाठ धर्म प्रचार गर्न उनीहरु तिब्बत जान्थे। पटना देखी तिब्बत आवत-जावत गर्न पर्ने भयेको हुनाले उनीहरुले काठमांडुमा पनी यौटा आफ्नो अड्डा स्थापित गरे। तिब्बत जान भनी पटना बाट हिंडेका पादरीहरु काठमांडु आई वहाँ बाट तिब्बत जान्थे। काठमांडुमा आफु बसेका समयमा उनीहरु वहाँ पनी धर्मप्रचार गर्थे।

फादर होरेस तथा उनका दुई जना साथी १७१४ ई० का अन्त्यमा पटना बाट लासा जान भनी हिंडेका थिये तर कारणवश १७१६ ई० का अन्त्य सम्म उनीहरुले काठमांडुमा बस्न परेको थियो। त्यो वेला उनीहरुले काठमांडुमा नै धर्मप्रचार गरेका थिये। वहाँ पछी फादर होरेस ता लासा गै गये तर उनका साथीहरु काठमांडुमा नै बसी धर्मप्रचार गर्न लागे। केपुच्चिनहरुले १७१५ ई० का केही महिना अघी वा पछी देखी काठमांडुमा आफ्नो अड्डा स्थापित गरी धर्मप्रचार गर्न थालेको कुरा अनुमान हुन्छ। यो वेला काठमांडुका राजा भास्कर मल्ल थिये।

भास्कर मल्लका पालामा जो भयङ्कर प्लेग तीन वर्ष सम्म काठमांडुमा चलेको थियो त्यो वेला फादर जोआचिम काठमांडुमा नै थिये। इनले प्लेगले मर्न लागेका अनेक शिशुहरुलाई क्रिस्तान धर्ममा दीक्षित गरेका थिये।

यो रीतिले काठमांडुको अड्डा बाट धर्म प्रचार पनी हुन्थ्यो औ तिब्बत आवतजावत गर्ने धर्मप्रचारकहरुको यो विश्राम स्थान पनी थियो।

इनै ताक केपुचिन तथा जेजुइटहरुमा तिब्बत कसको कार्यक्षेत्र हुनु पर्ने हो भन्ने कुरामा मतभेद चली रहेको थियो। यो कुराको निर्णय दिसम्बर १७१८ ई० मा पोपले केपुचिनहरुका पक्षमा गरे। पोपको यो निर्णय तिब्बत पुग्न तीन वर्ष लाग्यो। पोपको निर्णय अनुसार त्यो वेला लासामा भयेका जेजुइट धर्मप्रचारक फादर डेसिडेरी अप्रेल १७२१ ई० मा लासा छोडी नेपालको बाटो भारत आउन भनी हिंडे। मे मासमा उनी कुती आई पुगे तथा डिसंबर सम्म उनी वहीं बसे। डिसंबर १४ का दिन कुती बाट हिंडी उनी डिसंबर २७ का दिन काठमांडु आई पुगे। इनी भादगाउँका राजा भूपतीन्द्र मल्ल सँग भेट्न जाँदा उनले इनको बडो सम्मान गरेका थिये। इनी २० जनवरी १७२२ का दिन भादगाउँ बाट बेतियाका राजालाई आफ्ना सम्बन्धमा भूपतीन्द्र मल्लले लेखेको पत्र ली हिंडे। पहाडमा आफ्नो राज्य भरी इनको शरीररक्षा गर्नका निम्ती भूपतीन्द्र मल्लले मानीस पनी इनका साथ लायेर पठाई दियेका थिये।

भास्कर मल्लका पालामा नै एप्रिल १७१६ ई० मा इमोनोयेल फ्रेर नामक धर्मप्रचारक नेपाल आई पुगेका थिये। इनले वहाँ मुसलमान-हरुका विरुद्ध भयेको विद्रोहको वर्णन गरेका छन्। फ्रेर नेपाल आई पुग्दा वहाँ पाँच जना धर्मप्रचारकहरु थिये।

फादर होरेस १७१६ ई० मा लासा गयेका थिये। सोरह वर्ष वहाँ बस्ता उनको स्वास्थ्य राम्रो भयेन र उनी लासा छोडी १७३२ ई० मा भादगाउँ आई वहीं बसी धर्मप्रचार गर्न लागे। यो समयमा भादगाउँका

राजा रणजित् मल्ल तथा काठमांडुका राजा जगज्जय मल्ल थिये। जगज्जय मल्लले होरेसलाई पक्री कैद गरे तथा उनले क्रिस्तान धर्ममा दीक्षित गरेका मानीसको सर्वस्वहरण गरे। यसका केही पछी राजगुरुले मध्यस्थता गर्दा होरेस कैद बाट मुक्त मात्र गरियेनन् किन्तु काठमांडुमा बसी धर्मप्रचार गर्ने भये उनलाई बस्ने घर तथा धर्मप्रचार गर्ने स्वतन्त्रता दिने वचन पनी उनले जगज्जय मल्ल बाट पाये। तर यो प्रस्ताव कार्यमा परिणत न भयेको बुझिन्छ। लासा बाट फर्की आयेका जोआचिम सित होरेस १७३४ ई० मा पटना आयेको हुनाले नेपालमा कोही धर्मप्रचारक रहेन।

यसका चार वर्ष पछी रणजित् मल्लले मानीस पठाई केपुचिनहरुलाई भादगाउँ आउन निमन्त्रण गरी पठाये। यो कारणले १७३८ ई० का अन्त्यमा वा १७३९ ई० का आरम्भमा दुई जना जोआचिम तथा विटो धर्मप्रचारकका रूपमा भादगाउँ पुगे। रणजित् मल्लले केपुचिनहरुलाई धर्मप्रचार गर्ने, सिकाउने तथा आफ्ना रैतीहरुलाई क्रिस्तान धर्ममा दीक्षित गर्ने अधिकार प्रदान गरी ताम्रपत्र गरी दिये। तेसमा भादगाउँका रैतीले निर्भयतापूर्वक क्रिस्तान धर्म ग्रहण गर्न पाउने छन् तथा धर्मप्रचारकहरुलाई राज्य बाट कुनै प्रकारको बाधा पुऱ्याइने छैन भनी अङ्कित गरियेको थियो।

आफु राजा हुने बित्तिकै जयप्रकाश मल्लले लासा बाट भर्खर फर्केर आयेका जोआचिमलाई केपुचिनहरुको यौटा अड्डा काठमांडुमा पनी स्थापित गर्ने आग्रह गरे र उनले भादगाउँका केपुचिनहरुका अड्डा बार इनोसेंटलाई ल्याई काठमांडुमा राखे। जय प्रकाश मल्लले पनी इनीहरुलाई बस्न बोतु टोलको तलसी थलीमा घर तथा बगैंचा प्रदान गरी ने० सं० मार्ग ८६२ आ० १७४२ ई० मा यो विषयको ताम्रपत्र अङ्कित गरी दिये।[१]

पाटनका राजा विष्णु मल्लको आ० १७४१ ई० मा मृत्यु भये

१. यो ताम्रपत्रको नकल एसियाटिक सोसाइटी बेंगालको जर्नल भाग १७-१८४८ ई० मा छापियेको छ।

पछी जय प्रकाश मल्लले निर्वासित गरेका उनका भाई राज्य प्रकाश मल्ल पाटनका राजा भये। इनले केपुचिनहरुलाई पाटनमा पनी यौटा अड्डा स्थापित गर्ने आज्ञा दिये तथा इनीहरुलाई बस्न टंगाल टोलको धारा नेर घर तथा बगैंचा दिये। यो कुरा अङ्कित गरी उनले ने० सं० चैत्र ८७४ आ० १७५४ ई० मा यौटा ताम्रपत्र पनी अङ्कित गरी दिये[२]।

लासामा गयेका केपुचिन धर्मप्रचारकहरुलाई तीन चार वर्षको दुर्व्यवहार पछी १७४५ ई० मा उनीहरुलाई देशनिष्कासनको आज्ञा दिइयो तथा लासा गयेका सबै केपुचिन धर्मप्रचारकहरु १७४५ ई० मा नेपाल आई वहाँ आनन्दपूर्वक बसे।

विभाजित नेपालका अन्तिम राजाहरुले क्रिस्तान धर्म प्रति देखाये-को सहिष्णुता धार्मिक विषयमा प्राचीनकाल देखी चलेको नेपालको उदार परम्पराका अनुकूल छ। धर्मप्रचारकहरुलाई आफ्नो धर्मप्रचार गर्ने तथा प्रजालाई नवीन धर्मग्रहण गर्ने स्वतन्त्रता नेपालमा प्राचीनकाल देखी थियो। भारतमा उत्पन्न भयेका धर्महरु प्रति भयेको सहिष्णुताको भाव जो नेपालका लामो इतिहासमा सँधै देखियेको छ तेही सिद्धान्त तथा परम्परा बमोजिम विभाजित नेपालका राजाहरुले विदेशमा उत्पन्न भयेको क्रिस्तान धर्मलाई पनी नेपालमा अबाधित रूपले कार्य गर्न आज्ञा दियेका हुन्। हुन ता उनीहरुका यो उदारता भित्र व्यक्तिगत प्रतिद्वन्दिता तथा विदेशीहरुको भारतमा बढ्दो शक्तिले पनी प्रभाव पारेको हुँदो हो तर यसको मूल रूप ता नेपालका प्राचीन परम्पराका अनुकूल भयेको कुरामा केहा सन्देह छैन।

भादगाउँमा केपुचिनहरुको अड्डा स्थापित भये पछी रणजित् मल्लले पोपलाई यौटा पत्र लेखेका थिये। तेसका उत्तरमा पोपले २ मे १७४२ ई० मा लेखेको पत्र जुन १७४५ तिर उनका हात परेथ्यो।

केपुचिनहरुले यसरी सबै सुबिस्ता पायेको भये ता पनी उनीहरु धर्मप्रचारका कार्यमा विशेष सफल न भयेको बुझिन्छ। काठमांडुमा

२. यसको पनी नकल ऐजनमा छ।

उनीहरुको अड्डा स्थापित भयेका समय देखी २८ नोवेंबर १७६७ ई० सम्म जम्मा ५९ जना क्रिस्तान थिये। ती मध्ये ३९ जना क्रिस्तान धर्म आफैं ग्रहण गर्ने मानीस थिये तथा २० क्रिस्तानका सन्तान थिये।

पृथ्वीनारायण शाहले नेपाल विजय गरे पछी पहिले ता केपुचिनहरु सित राम्र्रै व्यवहार गरे तर पछी इस्ट इंडिया कंपनी सित मिली इनीहरुले आफ्ना विरुद्ध खेल कमायेको चाल पाई उनले इनीहरुलाई देशनिष्कासन-को आज्ञा दिये। इनीहरु आफुले क्रिस्तान तुल्यायेका जम्मै मानीस सहित १० फेब्रुवरी १७६९ ई० मा नेपाल छोडी बेतिमा आई बसे। तेसरी आउने मानीसका सन्तान बेतियामा अद्यावधि छन्। राजकाजमा लागेका धर्मप्रचारकहरुलाई देशनिष्कासन गर्नु पृथ्वीनारायण शाहको अनुचित कार्य थियेन।

विंशति अध्याय

विद्याको अध्ययन तथा प्रचार

नेपालमा महा यान धर्म प्रवेश भयेका समय देखी संस्कृतका अध्ययन-को परम्परा चलेको हो । यो कहिले प्रवेश गर्‍यो सो निश्चित रूपले भन्न न सकिये ता पनी चतुर्थ शताब्दि देखो अघी नै यसको प्रवेश नेपालमा भयेको हो भन्ने मत माथी व्यक्त गरियेको छ । यो समय देखी संस्कृतको अध्ययन नेपालमा निश्चित रूपले हुन थाल्यो औ नेपालीहरु अध्यवसाय-पूर्वक संस्कृत अध्ययन गर्न थाले ।

मानदेवको चाँगुनारायणको संस्कृत भाषाको लेख साहित्यिक दृष्टिले अत्यन्त महत्त्वपूर्ण उदाहरण मानियेको छ तथा यसका रचयिता पण्डित साहित्यका सिद्धहस्त कवि भयेका कुराको अनुमान हुन्छ । सप्तम शताब्दिमा पनी नेपालमा संस्कृत अध्ययन उच्च कोटिको भयेका कुराका अनेक उदाहरण प्राप्त छन् । युवान चांगले आफ्ना यात्रा विवरणमा नेपाल-का लिच्छवी राजाहरुलाई "उत्कृष्ट विद्वान्" भनेको छ । अंशु वर्माले ता व्याकरण विषयक ग्रन्थ नै लेखेको कुरा उनले लेखेको छ ।[1] सप्तम तथा अष्टम शताब्दिका शिलालेखहरु पनी विशुद्ध संस्कृतमा लेखियेका हुनाले नेपालमा यो समयमा उच्च वर्गमा संस्कृतका शिक्षाको प्रचार निकै भयेको कुरा प्रमाणित हुन्छ ।

युवान चांगले नेपालका साधारण प्रजा शिल्पमा चतुर भये ता पनी अशिक्षित थिये भनेर पनी लेखेको छ । प्राचीन कालमा शिक्षा कहिले

---

१. युवान चांगको यात्रा विवरण सम्बन्धी सेमुअल बिल (पृष्ठ ८०-८१) तथा टामस वाटर्सका दुवै पुस्तकका आधारमा ई कुरा लेखियेका छन् । दुवै लेखक अंशु वर्माले लेखेको पुस्तक व्याकरणको हो भनी भन्छन् ।

पनी सार्वजनिक थियेन तथा यो उच्च वर्गमा मात्र सीमित हुन्थ्यो। नेपालमा पनी सप्तम शताब्दिमा शिक्षाको जनतामा प्रसार न भयेको कुरा युवान च्वांगका वर्णन बाट अनुमान हुन्छ।

सर्वव्यापी शिक्षा न भये ता पनी उच्च वर्गमा पाण्डित्यले पूर्ण व्यक्तिको अभाव पनी थियेन। स्रोंग सेन गंपो सित राजकुमारी भृकुटीको विवाह भये पछी उनी सित लासा जाने शीलमञ्जु नामक पण्डित प्रसिद्ध छन्। इनले तिब्बती लिपि आविष्कार गर्ने थोनमी संभोट नामक पण्डितलाई अनेक संस्कृतका ग्रन्थ अनुवाद गर्न सहायता गरेका थिये। यसरी अनुवाद गरियेका ग्रन्थहरु मध्ये रत्नमेघ सूत्र नामक यौटा ग्रन्थ थियो।

स्रोंग सेन गंपोका मृत्यु पछी तिब्बतमा बौद्ध धर्मका प्रचारमा वहाँका मानीसले विरोध गरी निकै बाधा उपस्थित गरेको तथा अष्टम शताब्दिका मध्य भागमा पद्मसम्भवले आफ्ना मन्त्र शक्ति द्वारा उनी हरुको दमन गरी वहाँ वज्र यानको प्रवेश गरायेको कुराको वर्णन माथी भै सकेको छ। पद्मसम्भवका विजय पछी शान्तरक्षित फेरी लासा गै वहाँ उनी विशुद्ध महा यान धर्म प्रचार गर्न लागे। लासाका चार प्रसिद्ध गुंबा वा मठ मध्ये प्रसिद्ध साम्य गुंबा इनैले स्थापित गरेको हो तथा पछी आफ्नो मृत्यु न भये सम्म तेही गुंबामा बसी इनले ज्ञान प्रचार गरे। परिणाम स्वरूप बौद्ध ग्रन्थहरु तिब्बती भाषामा अनुवाद गरिये। तिब्बतीहरु प्रवज्या ग्रहण गर्न थाले तथा गुंबाहरु स्थापित गरिये। तिब्बतीहरु नेपाल आई नेपाली पण्डितहरु सँग बौद्ध शास्त्र अध्ययन गर्थे तथा नेपाली पण्डितहरुका सहायताले बौद्ध धर्मका ग्रन्थहरु तिब्बती भाषामा अनुवाद गर्थे।

नवम शताब्दिका मध्म भागमा बौद्ध धर्मका विरोधी तिब्बतका राजा लांग डार्मा मारिये पछी ता नेपाल सितको सांस्कृतिक सम्बन्ध अत्यन्त बलियो हुँदै गयो औ कुनै न कुनै रूपमा पन्द्रहौं शताब्दि सम्म यो सम्बन्ध रही रहेको कुरो चाल पाइयेको छ। तिब्बतमा वज्र यान इनै ताक अत्यन्त लोकप्रिय भयेको औ नेपाल पनी नवम शताब्दि तथा

तेसका परवर्ती शताब्दिहरुमा तन्त्र शास्त्रका ज्ञानको ठुलो केन्द्र भयेको हुनाले तिब्बत तथा नेपाल ई शताब्दिहरुमा अत्यन्त मिलेका थिये ।

इन ताक मगधमा गङ्गाका तटमा विक्रमशील नामक यौटा प्रसिद्ध विद्यापीठ थियो । नेपाली पण्डितहरु विक्रमशीलमा गयेर विद्याध्ययन गर्थे । रहँदा बस्ता उनीहरु विक्रमशील विद्यापीठमा शिक्षणकार्य पनी गर्न लागे । वहाँ ख्यातिप्राप्त गर्ने रत्नकीर्ति, वैरोचन तथा कनकश्री नामक तीन जना नेपाली पण्डितहरुको उल्लेख तारानाथले गरेको छ ।

एघारौं शताब्दिका पूर्वार्धमा तिब्बत बाट निमन्त्रित भै विक्रमशील विद्यापीठका आफ्ना समयका प्रकाण्ड पण्डित अतिशा दीपङ्कर धर्मप्रचार गर्न तिब्बत गये । नेपालमा स्वयम्भू चैत्यको दर्शन गरी तिब्बत जाने उनको विचार भयेको हुनाले उनो पहिले नेपाल गये । उनी १०४१ ई० मा नेपाल पुगी एक वर्ष उहीं बसे । यो समयमा नेपालका राजा सम्भवतः लक्ष्मीकाम देव थिये तर तिब्बती वंशावलीमा राजाको जो नाम लेखियेको छ (राग पा था यस) तेसको अर्थ बाट नाउँ झिक्ता अनन्तकीर्ति वा अनन्तयश हुन्छ । (पाग सम-भाग ॰-पृष्ठ १९)

उनी ठमेलमा बसेका कुराको माथी उल्लेख भै सकेको छ । नेपालमा एक वर्ष बस्ता उनले स्थम विहारमा यौटा मन्दिर बनाये । (ब्लु एनल्स-भाग १—पृष्ठ २४७) अतिसा दीपङ्करलाई भारतमा लिन जाने तथा उनी सँग सँगै तिब्बत फर्कने नागशो लोचवले नेपालको स्थम बिहारमा बस्ने भिक्षुहरुका आचरणका सम्बन्धमा भनेको यौटा कुरो महत्वपूर्ण छ । उनका कथन अनुसार ठमेलका भिक्षुहरुको भोजन गर्ने तथा बौद्ध शास्त्र अध्ययन गर्ने विधि असल थियो । (ऐ० पृष्ठ २४७) उपर्युक्त नागशो लोचवले धेरै बौद्ध ग्रन्थहरुको अनुवाद गरेका छन् । उनलाई ई ग्रन्थहरु अनुवाद गर्न सहायता गर्ने पण्डितहरु मध्ये शान्तिभद्र नामक नेपाली पण्डितको उल्लेख तिब्बती वंशावलीमा छ । (ऐ० पृष्ठ २८१)

नेपाल बाट अतिशा नरी प्रदेशमा गये तथा वहाँ केही वर्ष बसी उनी किरोंग आये । उनको इच्छा पाल्पा जाने थियो तर स्थानीय मानीस-

का आन्तरिक कलहले गर्दा बाटो खुला थियेन र उनले आफ्नो पाल्पा-को यात्रा स्थगित गरे।[१] (ऐ० पृष्ठ २५४) किरोंग बाट उनी तिब्बतको यू् प्रदेशमा गये।

अतिशा दीपङ्करले तिब्बतमा ठुलो प्रभाव पारेको भये ता पनी नेपालमा उनले उसतो प्रभाव पार्न न सकेको बुझिन्छ। नेपालमा एक जना राज-कुमारले उनको शिष्यत्व ग्रहण गरेको तथा केही अरुहरुले पनी उनी सित दीक्षा ग्रहण गरेको भये ता पनी नेपालमा इनले विशेष प्रभाव पार्न सकेनन्। तिब्बतमा इनका अनुताप गुप्त नामक नेपाली तथा वैरोचन नामक भारतीय दुइ जना ख्यातिप्राप्त शिष्यहरु थिये। (ऐ० भाग २–पृष्ठ ८४६) मैत्री पा सित सम्बन्ध भयेको महामुद्रा नामक तान्त्रिक प्रयोग गर्ने सिद्ध कोर्चुंबालाई अनुताप गुप्तले संस्कृत व्याकरण पढ़ायेका थिये। वैरोचन तिब्बत बाट नेपाल आई तान्त्रिक योगी भै माग्नेको जीवन व्यतीत गर्न थाले। पछी उनले पाटनमा नै बसोबासो गरे। (ऐ०—पृष्ट ८५६)

अतिशा दीपङ्कर तान्त्रिक धर्म मान्ने भये ता पनी उग्र तांत्रिक पद्धति तथा गणचक्र आदि क्रिया माथी उनको उती विश्वास थियेन। अन्तिम तत्वको ज्ञान प्राप्त न गरीकन यो मार्ग अवलम्बन गर्न हुँदैन भन्ने उनको विश्वास थियो। (ऐ—भाग १—पृष्ठ २४८)

अतिशा दीपङ्कर तिब्बत गये पछी उनका समसामयिक सिद्ध नारो पा तथा उनका शिष्यहरु अत्यन्त कर्मशील भै नेपालमा तान्त्रिक धर्मको प्रचार गर्न लागे। नारो पा तथा उनका चेलाहरुका प्रयत्नले गर्दा एघारौं शताब्दिमा नेपाल तन्त्र विद्याको ठुलो केन्द्र भयेको थियो तथा यहाँ बाट यो विद्याको तिब्बतमा प्रचार भयो। नेपाली पण्डितहरुले यसलाई तिब्बतमा प्रचार गर्ने काममा ठुलो भाग लिये।

---

१. यो कुरा बाट एघारौं शताद्बिमा पाल्पा बौद्ध धर्मको यौटा केन्द्र भयेका कुराको अनुमान हुन्छ। तेरहौं शताद्बि अघी स्यांजा बौद्ध धर्मको यौटा ठुलो केन्द्र भयेको कुरा योगी नरहरि नाथका अनुसन्धानले हामीलाई विदित भयेको छ। हेर्नु—टिप्पणी चतुर्थ अध्याय

सहज यानका तांत्रिक सिद्धहरुका अग्रणो नारो पा थिये। अतिशा दीपङ्कर झैं नारो पा स्वयं तिब्बत ता गयेनन् किन्तु उनका तान्त्रिक ज्ञानले गर्दा तिब्बतका बडा बडा पण्डित तथा नेताहरु उनी प्रति आकर्षित भयेका थिये। उनी सित वा उनका नेपाली तथा अन्य चेलाहरु सित विद्यालाभ गर्न उनीहरु नेपाल आयेका कुराको वर्णन तिब्बतका वंशावलीहरुमा पाइन्छ।

एघारौं शताब्दिका नेपालमा नारो पाका अनेक नेपाली शिष्यहरु थिये। तिनीहरु मध्ये फर्पिङ्गका (नेवारी नाम फंपी) निवासी वागीश्वर कीर्ति प्रभृति चार भाईको तिब्बतमा बडो ख्याति थियो किन भने इनीहरु तन्त्र शास्त्रका बडा विद्वान् थिये औ गुह्य समाजका विशेषज्ञ मानिन्थे। तिब्बतमा इनीहरुको ठुलो मान भयेका कुराको धेरै पछी सम्म तिब्बती तीर्थयात्रीहरु नेपाल आयेका समयमा इनीहरुका सन्तानको दर्शन गर्न फर्पिङ जाने गरेका कुरा बाट अनुमान हुन्छ। (ब्लु एनल्स–भाग १–पृष्ठ २२७)

उपर्युक्त चार भाई मध्ये जेठा धर्ममति, माहिला वागीश्वर कीर्ति, साँहिला दुस् खोर्पा तथा कांछा थान् चुंपा हुन्। धर्ममतिले बारह वर्ष सम्म नारो पा सित शिक्षा ग्रहण गरेका थिये। उनलाई लिन उनका भाई वागीश्वर कीर्ति जाँदा तिमी यहाँ गुरु सित बस, म चीनमा बुताइ शानमा (पञ्चशीर्ष पर्वत) तीर्थ गर्न जान्छु भनी कसैलाई सूचना न दी उनी चीन गये थे। फर्कदा उनको मृत्यु भयेथ्यो तथा उनको अस्थि कांसु प्रदेशको लोचियातुन नामक स्थानमा राखियो। (ऐ–पृष्ठ २२७)

वागीश्वर कीर्तिले नौ वर्ष सम्म नारो पा सित शिक्षालाभ गरेका थिये। संवर तथा हेवज्र तन्त्रका इनी विशेषज्ञ थिये तथा इनले निम्न औ माध्यमिक सिद्धि प्राप्त गरेका थिये भनो तिब्बती वंशावलीमा लेखियेको छ। (ऐ–पृष्ठ ३८१) वागीश्वर कीर्ति आफ्ना समयका प्रकाण्ड पण्डित मानियेका हुनाले इनी विक्रमशील विद्यालयका पश्चिम द्वारका द्वारपण्डित पनी भयेका थिये। इनी द्वारपण्डित भयेका समयमा विक्रमशील विश्व-

विद्यालयका अरु दिशामा भयेका द्वारपण्डित स्वयं नारो पा तथा शान्ति पा वा रत्नाकर शान्ति पनी थिये। तिब्बतका अनेक विद्वान्हरुले इनी सित तन्त्र विद्या अध्ययन गरेका कुराको वर्णन तिब्बतका वंशावलीमा छ।[१]

वागीश्वर कीर्तिका दुई भाई दुस् कोर्पा तथा थां चुंपा तिब्बतमा धर्म-प्रचार गर्न गयेका थिये तथा फर्कंदा दक्षिणामा प्राप्त भयेको धेरै धन लियेर उनीहरु आयेका थिये।

नारो पाका नेपाली शिष्य वागीश्वर कीर्तिको कुरा चलेका वेलामा इनका तिब्बती शिष्य प्रसिद्ध विद्वान् काग्यु सम्प्रदायका प्रवर्तक मार्पाका विषयमा पनी यहाँ केही विचार गर्नु उचित छ। मार्पाको तिब्बतमा अत्यन्त आदर छ तथा महान् सिद्ध पुरुषका रूपमा उनको गणना छ। इनको जन्म १०१२ ई० मा भयेको थियो। इनलाई नारो पा तथा मैत्री पाको तान्त्रिक शिक्षा धेरै मन पर्थ्यो। तिब्बतमा संस्कृत पढी सकी मार्पा नेपाल आये तथा नेपालमा तीन वर्ष बसी इनले नेपाली पण्डितहरु सित तन्त्र शास्त्र अध्ययन गरे। तन्त्र शास्त्रको अध्ययन समाप्त गरे पछी मार्पाको नारो पाको दर्शन गर्ने इच्छा भयो र अर्का एक जना पैण्डपाटिक नामक नेपाली पण्डित सित मार्पा भारत आये। नारो पा सँग दीक्षा ग्रहण गरी इनी तिब्बत फर्के। यसका केही पछी फेरी भारत आउने उद्देश्यले मार्पा किरोंगको बाटो नेपाल आये तथा वहाँ केही बसी भारत आये। भारत बाट फर्के पछी उनले नारो पाका सिद्धिको तथा वागीश्वर कीर्ति आदि पण्डितहरुको प्रशंसा गरेर गान बनाई गीत गाये। यो पछी मार्पा फेरी दुई चोटी नेपाल आये औ अनेक नेपाली पण्डितहरु सँग ज्ञान प्राप्त गरे।[२]

---

१. वागीश्वर कीर्तिले लेखेको संक्षिप्ताभिषेकविधि सामाजिक नामक यौटा पुस्तक वीर लाइब्रेरीमा छ। त्यो ने० सं० १३५ आ० १०१५ ई० मा रुद्र देवका समयमा लेखियेको हो। (सूची—भाग २ पृष्ठ ८४)

२. इनै यात्रामा मार्पाले अनुभव गरेको यौटा घटना बाट समसामयिक नेपालको

मार्पाका चेला मिला रेपाको पनी तिब्बतमा उत्तीकै प्रसिद्धि छ। इनको जन्म नेपाल तथा तिब्बतको सीमामा किरोंग भन्दा केही कोस पूर्व क्यांगसा भन्ने ग्राममा १०५२ ई० मा भयेको थियो।[१] इनका नामको "रेपा" शब्द द्वारा नै इनको नेपाल सित सम्बन्ध भयेको कुरा चाल पाइन्छ। "रेपा" को अर्थ तिब्बती भाषामा रुओको लुगा (अर्थात् तगुआ लुगा) लाउने हुन्छ। तिन ताक तिब्बतमा नेपाल बाट कपास जान्थ्यो। यो कुरा उनले रचना गरेका गीतको तल उल्था गरी सारियेका अंश बाट पनी चाल पाइन्छ।

म तिब्बती योगी रेपा
के खानु, के लाउनु भन्ने कुराको सबै विचार त्याग गरेर,
तथा जीवनको उद्देश्य पनी (त्याग गरेर)
बुद्धत्व प्राप्त गर्न म यहाँ बसें।
म बसेको सारो गुनरी बडो सुबिस्ताको छ।
मेरो आँग ढाक्ने नेपाली रुओले बनायेको ओढने बडो
सुबिस्ताको छ।[२]

मिला रेपाको जन्मस्थान किरोंगको अञ्चल भयेको हुनाले तथा नेपालमा समेत आई इनले तपस्या गरेको हुनाले मिला रेपाको नेपाल सित गाढा सम्बन्ध भयेका कुराको अनुमान हुन्छ। भादगाउँ जाने बाटोमा यौटा गुफा छ तेसलाई लामा पाँगो भन्दछन्। यही गुफामा बसेर मिला रेपाले तपस्या गरे थे भन्ने विश्वास छ तथा तिब्बती यात्रीहरु अध्यावधि

यौटा प्रशासनिक तथा आर्थिक व्यवहारका विषयमा हामी केही कुरा चाल पाउँछौं। एक चोटी तिब्बतका यात्रीहरुलाई किरोंगका नेपाली हाकिमले भंसार उठाउन किरोंगमा केही दिन सम्म रोकेका थिये तथा यसरी रोकिने यात्रीहरु मध्ये मार्पा पनी थिये।

१. ब्लु एनल्स–भाग १–पृष्ठ ७३ मा तथा अन्यत्र पनी इनको जन्म १०४२ ई० मा भयेका हो भनी लेखियेको छ।

२. टिबेटस ग्रेट योगी-मिला रेपा–इवांस बेंज–पृष्ठ २०१।

यो गुफाको दर्शन गर्न जान्छन् ।

इनका योग शक्तिको वर्णन फिंजिये पछी तारादेवीले भादगाउँका राजालाई इनका सेवामा पूजा सामग्री पठाउनु भन्ने स्वप्न दियेकी थिइन् भन्ने कुरा इनका जीवन चरित्रमा लेखियेको छ ।[१]

सम्भवतः लामा पाँगोमा बसी इनी तपस्या गर्न लागेका समयको निम्नलिखित घटना हो तथा यस बाट पनी नेपाल सित इनको सम्बन्ध भयेको कुरा चाल पाइन्छ । एक चोटी भादगाउँ तथा पाटनका राजाले इनलाई आफ्ना दरबारमा डाक्न पठायेछन् । इनले जान अस्वीकार गर्दा त्यो संवाद लियेर जाने राजदूतले भनेछन्—योगी ता यौटा साधारण मनुष्य हो । यो कारणले राजाको निमन्त्रण पाउँदा राजाका चरणको दर्शन गर्न जाई हाल्नु उचित छ । यो सुनी मिला रेपाले उत्तर दियेछन्—म पनी ता घुमी रहने चक्रको राजा हुँ । यो कारणले धनधान्यले युक्त राजा म भन्दा कुनै प्रकारले बढता सुखी वा बलियो छैन । वहाँ पछी इनले मिला रेपाको राज्य कुन हो पनी सोध्दा मिला रेपाले उत्तर दियेछन् । सांसारिक राज्यका कर्मचारीहरु हो, तिमीहरुले मेरो राज्यको सेवा गरे तिमीहरु सबै भन्दा बलियो राजा हुने थियौ औ यसले गर्दा सबै कुराको शक्ति तथा धन उत्पन्न हुने थियो ।[२]

वागीश्वर कीर्ति आदि चार भाई बाहेक एघारौं शताब्दिमा नेपालमा अरु पनी विख्यात पण्डित भयेको कुरा तिब्बती वंशावली बाट चाल पाइन्छ । ती मध्ये पाटनका महाकरुणा बडा प्रसिद्ध थिये । इनका गुरु नेपाली पण्डित कनक श्री विक्रमशील विद्यापीठका द्वार पण्डित थिये । महाकरुणाको निवासस्थान पाटन थियो । यो कारणले तिब्बतीहरु इनलाई येरन बा वा पाटनका महाउपासक पनी भन्थे । इनको यश भारतमा पनी फिंजियेको थियो तथा इनको गणना भारतका दिग्गज पण्डितहरु मध्ये थियो । वागीश्वर कीर्ति झैं इनले स्वयं नारो पा सित तन्त्रशास्त्र अध्ययन

१. ऐ० पृष्ठ २४१ ।
२. ऐ० पृष्ठ १६-१७ ।

न गरेको भये ता पनी इनी उनका शिष्य प्रज्ञारक्षितका शिष्य थिये। तिब्बतका प्रसिद्ध पण्डित रा लोचव पाटन आई इनको शिष्यत्व ग्रहण गरेका थिये तथा इनका शिक्षाले गर्दा उनले महान् पाण्डित्य प्राप्त गरेका थिये। इनै रा लोचवले निमन्त्रण गर्दा महाकरुणा तिब्बत गयेका थिये तथा इनी वहाँ बाट फर्कंदा रा लोचवले इनलाई १०० सुवर्ण मुद्रा दक्षिणा दियेका थिये। तिब्बत बाट फर्की महाकरुणा पाटन आई बसे तथा इनको मृत्यु न भये सम्म रा लोचवले इनलाई ३७ चोटी धेरै धन चढाई पठाये।[१]

मिला रेपाका समकालीन शिष्य रा चुंपा नामक विद्वानले नेपाली पण्डितहरु सित तन्त्र शास्त्र पढेका थिये। उनका नेपाली शिक्षक अतुल्य दास थिये। नेपाली पण्डित आशुको पनी उनले तिब्बतमा शिष्यत्व ग्रहण गरेका थिये। आफ्ना गुरु आशुलाई आफुले स्वयं भिक्षाटन करी धेरै भारी जौ जम्मा गरी चढायेका थिये। (ब्लु एनल्स-भाग २-पृष्ठा ४३७-३८)

एघारौं शताब्दिमा फर्पिंग तथा पाटन जसरी विद्याका केन्द्र थिये उसै गरी काठमांडुको यंगाल टोलको अञ्चल पनी विद्याको केन्द्र थियो। दिवाकर चन्द्र नामक प्रसिद्ध पण्डितको यो निवास स्थान थियो। इनको अर्को नाम शून्यता समाधिराज थियो। दिवाकर चन्द्रको जन्म यंगालको यौटा उच्च कुलमा भयेको थियो। इनी आफ्ना पिताका एक मात्र पुत्र थिये। इनका पिताको इनी विवाह गरी गृहस्थ जीवन यापन गरुन् भन्ने इच्छा हुनाले उनले इनको विवाह आठ वर्षका उमेरमा गरी दियेका थिये तर इनलाई गृहस्थजीवन प्रिय न हुनाले इनी विक्रमशीलमा प्रवज्या ग्रहण गर्न गये। तर वहाँ कारणवश प्रवज्या ग्रहण गर्ने सुयोग न पर्दा इनले न्याय शास्त्र तथा व्याकरणको अध्ययन गरी ठुलो पाण्डित्य प्राप्त गरे। नेपाली आचार्य रत्नश्री सित सम्पुट हेवज्र इनले अध्ययन गरेका थिये। बीस वर्षका उमेरमा नेपाल फर्की वहाँ धेरै धन कमाई उनी बसे।

१. ब्लु एनल्स-भाग १. पृष्ठ ३६०-६१, ३७८; बेल-द रेलीजन आव टिबेट-पृष्ठ ७८

तिन ताक नेपालमा मही भारो नामक एक जना व्यापारी थिये। उनका कुलगुरु पैण्डपाटिक अवधूति पाभयेको कुरा चाल पायेर अवधूति पा मही भारो कहाँ आयेका समयमा उनी सित भेटी आफुलाई दीक्षा दिने इनले अनुरोध गरे। पैण्डपाटिकले पहिले ता म अपढ मानिस सित के दीक्षा लिन्छौ भनी दीक्षा दिन अस्वीकार गरे तर वारंवार उनले आग्रह गरेको हुँदा उनी दीक्षा दिन राजी भये। उनले दिवाकर चन्द्र तथा मही भारोलाई एकै चोटी दीक्षा दिये। (ब्लु एनल्स–भाग १—पृष्ठ ३६१-६४) दिवाकर चन्द्रले तन्त्र शास्त्रको शिक्षा सिद्ध शबरी पा तथा सिद्ध पण्डित मैत्री पा सित पनी पायेका थिये। इनको गणना मैत्री पाका प्रथम कोटिका चार शिष्य मध्ये थियो। (ऐ०—भाग २—पृष्ठ ८४२)

माथी उल्लेख गरियेका दिवाकर चन्द्रका गुरु मैत्री पाको अर्को नाम अद्वय वज्र थियो। इनी भारतका आफ्ना समयका प्रसिद्ध पण्डित थिये तथा इनले तन्त्र शास्त्रका अनेक ग्रन्थ लेखेका छन्। तिब्बती वंशावली अनुसार इनको जन्म १००७ वा १०१० ई० मा भयेको थियो। इनको मृत्यु ७८ वर्षका उमेर भयेको थियो। अद्वय वज्र जसता पण्डितको नेपाल सित यसतो गाढा सम्बन्ध भयेको कुरा बडो रोचक छ। अद्वय वज्रका दिवाकर चन्द्र बाहेक अरु नेपालीहरु पनी शिष्य थिये। फर्पिंगका अर्का नेपाली पण्डित अतुल्य वज्रको इनका सात जना मध्यम श्रेणीका शिष्यहरु मध्ये गणना थियो। (ऐ—पृष्ठ ८४३) शील भारो नामक एक जना नेपालीको अद्वय वज्रका चार जना मानसपुत्र मध्ये गणना गरियेको छ।

उपर्युक्त अतुल्य वज्र वागीश्वर कीर्तिका सन्तान थिये तथा तिब्बतका अनेक पण्डितहरु इनका शिष्य थिये। इनले खोनफु बा नामक प्रसिद्ध पण्डितलाई योगरत्नमाला हेवज्रपञ्जिका नामक तान्त्रिक ग्रन्थ पढायेका थिये। (ऐ० भा १—पृष्ठ २२८) नोग लोचव नामक तिब्बती पण्डितलाई इनले तन्त्रशास्त्र पढायेका थिये। (ऐ—पृष्ठ ३२५) तिब्बतमा अनेक गुंवा स्थापित गर्ने तथा हजारौं शिष्य भयेको सिद्ध ख्युंपो नल योरलाई पनी इनले नेपालमा तन्त्र शास्त्रको शिक्षा दिये। (ऐ—भाग २—७२६)

जसरी दिवाकर चन्द्रको यंगालको भारो परिवार सित सम्बन्ध थियो उसै गरी अर्को एक जना नेपाली विद्वान्को पनी यो परिवार सित सम्बन्ध थियो। तिनको नाम ता पुण्याकर भद्र हो तर विद्वान्का रूपमा उनी वरेन्द्ररुचि भनी प्रख्यात थिये। उनी वज्र वाराही मण्डलका विशेषज्ञ थिये। तिब्बतका अनेक विद्वान्हरुलाई इनले यो तान्त्रिक प्रक्रियाको शिक्षा दियेका थिये। आफ्ना एक जना तिब्बती चेला बाट इनलाई निकै धन पनी प्राप्त भयेको थियो। पुण्याकर भद्र बाट नै वज्रवाराही मण्डलको ज्ञान तिब्बतमा प्रचार भयेका कुराको अनुमान हुन्छ। (ब्लु एनल्स–भाग १–पृष्ठ ३२५ तथा ३९४)

एघारौं शताब्दिका प्रारम्भमा तिब्बतमा एक जना पण्डित थिये। तिनको नाउँ तिब्बती भाषामा मेरुशे थियो तथा तिनलाई बाल पो लोचव वा नेपाली पण्डित पनी भन्थे। इनले झिकायेर दुई जना पण्डित तिब्बत गयेका थिये। ती दुई जना मध्ये यौटाको तिब्बती भाषामा फालरिन भन्ने नाम थियो तथा अर्काको नाम स्मृति (स्मृति ज्ञानकीर्ति) थियो। (पाग सम भाग २–पृष्ठ १३) बालपो लोचव वा नेपाली पण्डितले झिकायेका हुनाले इनीहरु पनी नेपाली नै हुन् भन्ने अनुमान सुदृढ हुन्छ।

नेपाली पण्डितहरु तिब्बत पुगेका केही पछी इनीहरुलाई झिकाउने नेपाली पण्डितको मृत्यु भयेको हुनाले फालरिन त खाम गये र वहाँ धर्म प्रचार गर्न लागेका कुराको अनुमान हुन्छ। स्मृति ज्ञानकीर्ति भने आफ्ना संरक्षक नेपाली पण्डितको मृत्यु भये पछी भेडा गोठमा गोठालाको काम गरी जीवन निर्वाह गर्न थाले। त्यो दुःखमय जीवन बाट इनलाई एक जना धनी तिब्बती विद्वान्ले उद्धार गरे। वहाँ पछी तन्त्र शास्त्रका अनेक ग्रन्थको इनले तिब्बती भाषामा अनुवाद गरे। तिब्बतका नामुद तिब्बती अनुवादक वा लोचवहरुले पनी अनुवाद गर्ने कलाको इनी सित शिक्षा लियेका कुरा बाट इनी त्यो कलाका सुदक्ष विद्वान् भयेको कुरा चाल पाइन्छ। तिब्बतमा अभिधर्मकोशको पठन पाठनको चलन

चलाउने पनी इनै हुन् । वहाँ पछी इनी खाम गै वहाँ बोधि ज्ञानको प्रचार गर्न लागे। खाममा छँदा इनले व्याकरण, कोश, तथा बौद्ध शास्त्रका अन्य पुस्तकहरु लेखे। इनले लेखेका ब्याकरणको तिब्बतमा निकै आदर छ। (ब्लु एनल्स भाग १-पृष्ठ १०२, १६०, २०४-५, ३४६, ३७२, ३९५ तथा ऐ० भाग २-पृष्ठ १६०)

माथी वर्णन गरियेका पण्डितहरु बाहेक एघारौं शताब्दि तथा बारहौं शताब्दिका आरम्भमा नेपालमा अरु धेरै पण्डितहरु भयेको कुरा तिब्बतका वंशावली बाट चाल पाइन्छ। ती मध्ये केही पण्डितहरुको उल्लेख यहाँ गरिन्छ। कालचक्र यानका विशेषज्ञ समन्त श्री पाटनमा बस्थे। इनलाई तिब्बतका एक जना प्रसिद्ध विद्वान्‌ले तिब्बत लगेका थिये तथा इनका सहायताले कालचक्र तन्त्र तथा तेसका टीकाको तिब्बती भाषामा अनुवाद गरियो। (ब्लु एनल्स–भाग २–पृष्ठ ७५६, ७६१, ७८९) अनेक तिब्बती विद्वान् तथा साधकहरुलाई तान्त्रिक क्रिया सिकाउने कायश्री नामक अर्का एक जना प्रसिद्ध नेपाली पण्डित थिये। इनी हेवज्र तथा कालचक्र यानका पण्डित थिये। खुंगा दोर्जे नामक आफ्ना तिब्बती शिष्य बाट इनलाई धेरै धन पनी प्राप्त भयेको थियो। (ब्लु एनल्स—प्रथम भाग—पृष्ठ ३९५) मोहन वज्र, जय सेन, आदि अरु अनेक नेपाली पण्डितहरुले यो समयमा ठुलो ख्याति प्राप्त गरेका थिये।

इनै ताक तराईमा पण्डित सुनय श्रीमित्रको[१] बडो ख्याति थियो तथा इनी माध्यमिक बौद्ध शास्त्र तथा न्यायका बडा विद्वान् थिये। हाम्रा वंशावली अनुसार इनी आफ्नो घर कपिलवस्तु बाट नेपाल आई कुम्भेश्वर, पाटनमा निवास गर्न थाले तथा यहाँ बाट उनी तिब्बतका

---

१. सुनयश्री मित्रको नाम वंशावलीहरुमा अशुद्ध छापियेको छ। राइटको वंशावलीमा (पृष्ठ ११५-१७) शून्यश्री मिश्र भनेको छ। तिब्बती वंशावलीमा सुनय श्री भनेको हुनाले यसलाई नै यहाँ स्वीकार गरियो। मिश्र वा मित्रको सन्देह यंपी विहार तथा अन्यत्र भयेका शिलालेखहरु बाट निवारण भयो। तिनमा मित्र नै लेखियेको छ।

कुनै लामाको शिष्यत्व ग्रहण गर्न लासा गये भनी भनेको छ। तर तिब्बती वंशावलीमा भने उनलाई मिनाग लोचव नामक पण्डितले निमन्त्रण गरी तिब्बत झिकाई उनी सित वज्रावलीनाम मण्डलका साधनको शिक्षा ग्रहण गरेको कुरा छ। पढाउन वा पढ्न जे सुकै गर्न उनी लासा गयेको भये ता पनी नेपाल फर्के पछी उनले यहीं बस्ने निश्चय गरे। पाटनमा कुम्भेश्वर नेर यंपी विहार निर्माण गरी उनी यहीं बसे। केही काल पछी गोवर्धन मिश्र तथा कपिल मिश्र नामक उनका दुई जना चेलाहरु गुरुलाई खोज्दै पाटन आई पुगे। उनीहरु पनी आफ्ना गुरुका विहार नेर दुन्त तथा ललिवन नामक दुई विहारमा बस्न थाले। सुनय श्रीलाई खोज्न गयेका उनका चेलाहरु न फर्केको देखी सुनयश्रीकी आमा तथा छोराहरु उनलाई खोज्दै पाटन आई पुगे। आमा तथा छोराहरुलाई आफ्नै विहार नेर चोक नामक यौटा घर बनाई उनले राखे। नाती जन्मे पछी उनले आफ्ना छोरालाई भिक्षु व्रत लिन लाये तथा आफ्ना वंशमा छोरो जन्मे पछी बाबुले भिक्षु व्रत लिने नियम चलाये। (राइट—११५-१७) यंपी विहारमा भयेका सत्रहौं शताब्दिका शिलालेखहरु पढ्दा पछी सम्म यो विहारमा सुनयश्री मित्रका सन्तान ब्रह्मचर्य व्रत धारण गरी बसेको कुरो चाल पाइन्छ। यंपी बिहार वा तेसका वरपरका बिहारमा पाइने सत्रहौं शताब्दिका शिलालेखहरु बाट सुनयश्री मित्रका बिषयमा अझ धेरै कुरा जानिनु तथा इनका वंशको धारावाहिक इतिहास पाइनु सम्भव छ। पाटनमा अध्यावधि इनका वंशज भयेको कुरा पनी चाल पाइयेको छ।

बारहौं तथा तेरहौं शताब्दमा पनी नेपालमा अनेक नाउँ चलेका नेपाल पण्डितहरु थिये। ती मध्ये अतुल्य दास, नय श्री, रत्न रक्षित आदि प्रसिद्ध छन्। मार्पाका शिष्य तिब्बतका प्रसिद्ध पण्डित रा चुंपा नेपाल आई अतुल्य दास सित संवर तन्त्र सहित विविध तान्त्रिक शास्त्रको अध्ययन गरेका थिये। (ब्लु एनल्स्—भाग २, पृष्ठ ४३७) नय श्री पनी यो समयमा तिब्बत बाट नेपाल आउने तिब्बती पण्डितहरुलाई शिक्षा

दिन्थे । (ऐ० पृष्ठ—१०५३) पाटनका पण्डित जगदानन्द जीवभद्र तथा उनका छोरा पण्डित महाबोधि पनी अनेक तिब्बती विद्वान्हरुलाई पढाउँथे तथा ई पिता पुत्रको तिब्बतमा बडो ख्याति थियो। (ऐ० पृ० १०४-५) स्वयम्भूनाथ तथा पाटनमा बस्ने रत्नरक्षितका अनेक तिब्बती शिष्य थिये तथा इनको महापण्डितका श्रेणीमा गणना थियो। (ऐ० पृष्ठ ७२६)।

इनै ताक विभूति चन्द्र नामक एक जना पण्डित थिये जो व्याकरण शास्त्रका विद्वान् मानिन्थे। (ऐ० पृष्ठ ७९६) को राग पा नामक तिब्बती शिष्यका निमन्त्रणमा इनी तिब्बतमा टिंगरी नामक स्थानमा गयेका थिये तथा वहाँ उनले आफ्ना शिष्यलाई षडङ्ग योगको शिक्षा दियेका थिये। (ऐ० पृष्ठ ७२७) इनी व्याकरण तथा तान्त्रिक शास्त्र बाहेक मूर्तिनिर्माण कला पनी जान्द थे। इनी शास्त्रोक्त रीतिले मूर्ति निर्माण गर्थे। (ऐ० पृ० ७९६) तिब्बती वंशावलीका वर्णनको ढाँचा विचार गर्दा नेपाली पण्डितहरु तान्त्रिक कर्मकाण्डको हथौडीका विशेष रूपले ज्ञाता भयेका कुराको अनुमान हुन्छ। उदाहरणार्थ रवीन्द्रको नाम उपस्थित गर्न सकिन्छ। तिब्बतको त्युरा नामक स्थानका चैत्यको जीर्णोद्धार गरे पछी नेपाल बाट महापण्डित रवीन्द्रलाई झिकाई तेसको प्रतिष्ठा गराइयेको थियो। (ऐ० पृष्ठ १०५६) इनी उपासक थिये तथा इनका पनी अनेक तिब्बती छात्र थिये।

बारहौं शताब्दिको अन्त्य तथा तेरहौं शताब्दिका आरम्भमा काश्मीरका अनेक पण्डितहरु नेपाल आयेका थिये तथा इनीहरु नेपालमा बसी वहाँ पछी तिब्बत जान्थे। यसरी नेपाल आउने काश्मिरी पण्डितहरुमा शाक्य श्रीको नाम बडो प्रसिद्ध छ। उनीसित पण्डितहरुको यौटा दल नै थियो। काश्मिरी पण्डितहरु सँग सहयोग गरी काम गर्ने अनेक नेपाली पण्डितहरु थिये। ती मद्धे नेपाली बुद्ध श्रीको ठुलो ख्याति छ। इनी विक्रमशील विद्यालयका स्थविर थिये तथा वहाँ बाट नेपाल आई तन्त्र शास्त्र तथा प्रज्ञापारमिताको शिक्षा दी बसेका कुराको

माथी उल्लेख भै सकेको छ । काश्मीरी पण्डित शाक्य श्रीलाई तिब्बत लै जाने खोपु लोचवले ११९९ ई० मा इनीलाई पनी तिब्बत लगेका थिये। (पाग सम—पृष्ठ १४) इनी द्वारा वहाँ कुनै देवताको स्थापना गराई तथा इनलाई धेरै धन प्रदान गरी उनले बुद्ध श्रीलाई बिदा गरेका थिये। (ब्लुएनल्स—भाग २—पृष्ठ १०३३) इनैका सहायताले चांग लोचवले जिन मार्गावतार नामक पुस्तक तिब्बती भाषामा अनुवाद गरेका थिये। (ऐ० पृष्ठ १०५६)

एघारौं शताद्वि देखी चौदहौं शताद्वि सम्म नेपाल विद्याको ठुलो केन्द्र भयेको थियो। भारतीय तथा नेपाली पण्डितहरुको यो कार्यमा ठुलो पारस्परिक सम्बन्ध थियो। धेरै भारतीय पण्डितहरु नेपालमा नै आयेर बसेका थिये। तिनलाई नेपालले आफु जसतै ठानी किञ्चित् भेदभाव न राखी ग्रहण तथा स्वागत गऱ्यो।

नेपाल आई यही बसोबासे गर्ने अन्तिम भारतीय पण्डित वनरत्न लिये। इनलाई तिब्बतीहरु "पण्डित थामा" अर्थात् अन्तिम पण्डित भन्थे। इनी नेपाल आई शीलसागर नामक नेपाली पण्डित सित बोधिचित्तोपादको दीक्षा लिये। वहाँ पछी तिब्बतका अनेक विद्वान्हरुले इनको शिष्यत्व ग्रहण गरे। यसै कारणले इनले अनेक पटक तिब्बत तथा नेपाल ओहोर दोहोर गर्न पऱ्यो। आरम्भमा इनी आयेर स्वयम्भूनाथ स्थित शान्तिपुरी विहारमा बसे तथा पछी इनी गोविन्द्र चन्द्रको विहारमा बस्न लागे। नेपालमा बसेका समयमा इनी माग्नेलाई विशेष रूपले खाने कुरो तथा अरु चाहिने सामग्री बाँड्थे। आफु ८५ वर्षको भये पछी तथा अब आफ्नो समय आई पुग्यो भन्ने बुझे पछी इनले सन् १४६८ मा नेपालका राजाहरुलाई[१] भोज खुवाउने विचार गरे। नेपालका राजाहरुको अभ्यर्थना

१. तिब्बती वंशावलीमा "जुजु" शब्द प्रयोग गरियेको छ। नेवारी भाषामा 'जुजु' को अर्थ राजा हुन्छ। सन् १४६८ मा नेपालमा यक्ष मल्लको राज्य थियो तथा राज्य विभाजित हुन अझ केही वर्ष बाँकी थियो। यो कारणले नेपालका "जुजु' भनेको वहाँका सामन्तहरु भनी बुझनु पर्छ।

गरेका केही महिना पछी उनको मृत्यु भयो तथा उनका मृतदेहको स्वयम्भूनाथ नेरका श्मशानमा दाह गरियो ।[१] उनलाई दाह गर्दा देखियेका चमत्कारले गर्दा ‘‘बोदा’’ नेपालीहरु पनी विस्मित भये भनी तिब्बती वंशावलीमा लेखियेको छ । (ब्लु एनल्स-भाग २ पृष्ठ ८०४)

नेपालीहरुलाई पन्द्रहौं शताब्दिमा तिब्बतीहरुले ‘‘बोदा’’ किन भनेको होला सो कुराको पनी यहाँ विचार गर्नु उचित छ । पन्द्रहौं शताब्दि भन्दा अघी सैकड़ौं तिब्बती विद्वान्हरुले नेपाली पण्डितहरुको शिष्यत्व ग्रहण गरेका कुराको केही वर्णन माथी गरी सकियेको छ । यो अध्यायमा जो कुरा वर्णन गरिये ती ता तिब्बती वंशावलीका साधारण पठन बाट प्राप्त भयेका हुन् तथा तिनले हामीले गर्न पर्ने कुराको दिशा मात्र देखाउँछन् । यो विषयका तिब्बती वंशावलिहरु तथा नामथार (जीवनचरित्र) अध्ययन कसैले गऱ्यो भने नेपालका सांस्कृतिक प्रसारको इतिहास जानिने थियो तथा यसरी पाइने सामग्री बाट सम-सामयिक नेपालको सांस्कृतिक इतिहास पनी निर्माण हुने थियो । त्यो कुरा जे भये ता पनी यो ‘बोदा’ शब्दको प्रयोग किन गरियो तेसको यहाँ केही विचार गर्नु आवश्यक छ । तिब्बती वंशावलीको अङ्ग्रेजी अनुवादमा बोदाको अर्थ बुझाउने dull शब्द प्रयोग गरियेको छ । नेपालमा तान्त्रिक धर्म अर्थात् वाम मार्गको प्रचार बारहौं शताब्दि देखी घट्तै गयेको बुझिन्छ । नेपालीहरु वाम मार्गलाई निस्सार ठानी हिन्दु धर्म तिर लाग्दै थिये । हिन्दु धर्मको पनी यो समयमा प्राबल्य बढ्दै गयेको थियो । यो कारणले तान्त्रिकहरुको कदर नेपालीहरुका हृदय बाट घट्दै गयो । चौदहौं शताब्दिका अन्त्यका स्थिति मल्लका सामाजिक सुधारले हिन्दुत्वको जो स्वाभाविक प्रसार हुँदै थियो तेसलाई ठुलो

---

१. स्वयम्भूनाथ नेरको श्मशानको नाउँ ‘रामडोली’ भनी तिब्बती वंशावलीमा लेखियेको छ । (ब्लू एनल्स-भाग २-पृष्ठ ८०४) स्वयम्भूनाथका अञ्चलको प्रसिद्ध श्मशान करवीर श्मशान हुनाले ‘‘रामडोली’’ तेही श्मशान होला भनी यहाँ अनुमान गरियेको छ ।

शक्ति प्रदान गर्‍यो । उनका मृत्यु पछी उनका छोराहरु तथा यक्ष मल्लका शासनमा अनेक देवताका विग्रहको स्थापना तथा तिनका मन्दिरको निर्माण गरियेका कुराको वर्णन ठाउँ ठाउँमा माथी गरियेको छ । यता बाट गण चक्रका स्थानमा भागवत् पाठ तथा पञ्च मकारको ठाउँ पञ्च गव्यले लिंदै गयेको कुरा चाल पाइन्छ । यो कुरा स्वभावतः तिब्बती तान्त्रिकहरुलाई मन न पर्नु स्वाभाविक थियो र उनीहरु नेपालीलाई हेलाका दृष्टिले हेर्न थालेका थिये । अवनत बुद्धिले उन्नत मस्तिष्कको विचार तथा कार्यकलाप बुझ्दैन र हेला गर्छ ।

चौदहौं पन्द्रहौं शताब्दिका लक्ष्मीकर नामक नेपाली पण्डितको तिब्बतमा निकै ख्याति छ । इनी व्याकरणका विद्वान् तथा कवि थिये । इनले एक जना तिब्बती लोचवलाई क्षेमेन्द्रको अवदान कल्पलता तथा अरु संस्कृतका पुस्तकहरु अनुवाद गर्न सहायता गरेका थिये । (पाग सम-पृष्ठ १ ४) सम्भवतः इनले अमर कोशको पनी अनुवाद गरेका थिये ।

यो रीतिले तिब्बत, चीन, मंगोलिया इत्यादि स्थानमा ज्ञानप्रचार गर्न जाने सैकड़ौं नेपाली पण्डितहरु छन् । इनीहरुको विद्याप्रेम, धर्म प्रति श्रद्धा तथा स्वार्थत्याग यो समयका नेपालका इतिहासको यौटा ज्वलन्त उदाहरण थियो । इनीहरुका कार्यले गर्दा नेपाली मात्र गौरवान्वित छन् । नेपाली जातिले केवल युद्धका क्षेत्रमा वा राजनीतिक क्षेत्रमा मात्र महान् कार्य सम्पादन गरेको रहेन छ किन्तु प्राचीन कालमा ज्ञानको क्षेत्रमा पनी नेपालीहरुको उत्तीकै अवदान छ भन्ने कुरो यता बाट प्रमाणित हुन्छ ।

साँचो भनु भने देखी नेपालका इतिहासको यो महत्वपूर्ण अध्याय अझ लेखियेको छैन । तिब्बत, चीन मंगोलिया तथा हिमालयका अरु अरु ठाउँमा नेपालीहरु कसरी संस्कृतिको दियालो तथा विद्याको निसान लियेर पसेका थिये तेसको अझ खोजी नै भयेको छैन । तेसका विषयमा हाम्रो ज्ञान अत्यन्त परिमित छ । यो सम्बन्धमा अझ धेरै खोजी हुनु आवश्यक छ ।

स्वदेशमा नेपाली पण्डितहरु कि ता आफ्ना घरमा चेलाहरु पढाउँथे कि ता विहारहरुमा शिक्षण कार्य गर्थे । विहारहरु सँग सँगै समय समयमा ठुला ठुला नेपाली पण्डितहरुका नामको उल्लेख पनी पाइन्छ । प्राचीन हस्तलिखित पुस्तकहरुका पुष्पिकाका अध्ययन बाट विहारका पण्डितहरुले अनेकानेक पुस्तक हातले लेखेको कुरा चाल पाइन्छ । विद्याका केन्द्र ई विहारहरुमा विद्याका चर्चाको ध्वनि सधैं गुञ्जायमान् भयेका कुराको अनुमान हुन्छ । नेपालका केही विहारहरुको वर्णन तल गरिन्छ ।

वंशावलीका वर्णन अनुसार नेपालमा सर्वप्रथम स्थापित हुने विहार चा बहिल हो । यसको स्थापना भारतका प्रसिद्ध सम्राट् अशोककी छोरी चारुमतीले गरेको थियो । उनी नेपाल आई यहाँका देव पाल नामक क्षत्रिय सँग विवाह गरी पछी प्रव्रज्या ग्रहण गरी बसेका कुराको वर्णन वंशावलीहरुमा छ ।

सप्तम शताब्दिको अंशु वर्माका यौटा शिलालेख पाइयेको छ । तेसमा गुम विहार, मान विहार, राज विहार, खर्जूरिका विहार तथा मध्यम विहारका नाम प्राप्त छन् । (सिल्वन लेवीको संख्या १४ तथा नोलीको संख्या ३६ को शिलालेख) उपर्युक्त शिलालेख बाट प्रसिद्ध तथा प्रथम कोटिका विहार बाहेक अरु धेरै सामान्य वा साधारण विहार पनी त्यो समयमा भयेका कुराको अनुमान हुन्छ ।

गुम् शब्दको अर्थ नेपाली भाषामा पहाड हुन्छ तथा स्वयम्भूनाथको स्थान पहाड माथी अवस्थित हुनाले गुम विहार स्वयम्भूनाथका अञ्चलमा भयेका कुराको अनुमान हुन्छ ।

अंशु वर्माका समसामयिक लिच्छवी अधिपति शिव देवले आफ्ना नामले शिव देव विहार नामक यौटा विहार बनायेका थिये तथा यसको उल्लेख सप्तम शताब्दिका अनेक शिलालेखमा भयेको छ । शिव देव विहार पछी राज विहारका नामले संबोधित हुनु पनी सम्भव छ ।

माध्यमिक काल अर्थात् नेपाल संवत् आरम्भ भै सके पछी लेखिये-

का पुस्तकहरुका पुष्पिका बाट अनेक विहारका नाम चाल पाइयेका छन् । तेता बाट यो कालमा पनी नेपालमा बहुसंख्यामा विहारहरु भयेको तथा ई विहारहरु ठुला विद्याका केन्द्र भयेको कुरा चाल पाइयेको छ । एघारौं शताब्दिमा त्हं विहार प्रख्यात भयेको बुझिन्छ । यहाँ ने० सं० १२८ आ० १००८ ई० तथा ने० सं० १३५ आ० १०१५ ई० मा लेखियेका अष्टसाहस्रिका प्रज्ञा पारमिताका पुस्तकहरु पाइयेका छन् । (बेंडल-सूची-एडीशनल ८६६ तथा १६४३) यसै शताब्दिका अन्तिम भागमा सुनय श्री मित्रले स्थापित गरेको यंपी विहार तथा उनका चेलाहरु द्वारा स्थापित विहारहरुको उल्लेख माथी भै सकेको छ । यसै शताब्दिको ने० सं० १६५ आ० १०४५ ई० मा लेखियेको चतुष्पीठ साधन संक्षेप नामक पुस्तकमा (सूची-भाग २-पृष्ठ ७) गुण कामदेवले निर्माण गरेको (श्री गुणकामदेव कारितः) पद्म चक्र महाविहारको उल्लेख छ । ने० सं० २६१ आ० ११४१ मा लेखियेको मितपदपञ्जिकामा (सूची-भाग २-पृष्ठ ५७) दक्षिण विहारको नाम पाइन्छ तथा ने० सं० २८५ आ० ११८५ ई० मा लेखियेको अष्टसाहस्रिका प्रज्ञा पारमितामा (बेंडल-सूची-एडीशनल १६९३) धर्मचक्र महाविहारको उल्लेख छ । ने० सं० ३३६ आ० १२१६ ई० मा लेखियेको साधन समुच्चय (ऐ-१५४) बाट श्री नक विहारको नाम ज्ञात हुन्छ । ने० सं० ४५७ आ० १३३७ ई० मा लेखियेको महीराघव नाटक (सूची-भाग २-पृष्ठ २५-२७) नामक पुस्तक बाट उत्तर विहार तथा ह्वाल विहारको नाम ने० सं० ४९१ आ० १३७१ ई० मा लेखियेको मुद्रा राक्षस नाटक (सूची-भाग १-पृष्ठ ८८ मा) योखा छे विहार, ने० सं० ४९४ आ० १३७४ मा लेखियेको पञ्चरक्षा (सूची-भाग २-पृष्ठ १७-१८) नामक पुस्तकमा कारण्ड विहार, ने० सं० ५०० आ० १३८० मा लेखियेको मानव न्याय शास्त्र । (सूची-भाग १-पृष्ठ ४३) नामक पुस्तकमा कीर्तिपुण्य महा विहार, ने० सं० ५०१ आ० १३८१ मा लेखियेको मणिकर्णिका नाम तत्व ज्ञान सिद्धिपञ्जिका (सूची-भाग २-पृष्ठ ४५)

नामक पुस्तक बाट श्री विक्रमशील महाविहार, ने० सं० ५०९ आ० १३८९ मा लेखियेको पञ्चरक्षा (बेंडल-एडीशनल १७०१) नामक पुस्तक बाट श्री वत्सविहार तथा ने० सं० ५४९ आ० १३८९ मा लेखियेको वज्रावली (बेंडल-एडीशनल १७०३) नामक पुस्तक बाट हर्णवर्ण (हिरण्यवर्ण) महाविहारको नाम पाइन्छ ।[१]

बारहौं शताब्दि देखी पछीका तीन शताब्दि सम्म पाण्डुभूमि विहार-को उल्लेख पनी पाइयेको छ । यो विहारमा तिब्बती पण्डित तथा लोचवहरु बसी संस्कृत ग्रन्थको तिब्बती भाषामा अनुवाद गर्ने काम गर्थे । (इंडियन पिपुल-भाग ५ पृष्ठ ४२६-२७)

पाण्डुभूमि विहार कहाँ थियो तेसको ता निश्चित रूपले पत्तो पाइये-को छैन तर न्हाभेलका अञ्चलमा भोटे बहाल भनेको अद्यापि यौटा ठाउँ छ औ तिब्बत बाट आउने बौद्धहरु तेहीं बस्थे भन्ने जनश्रुति छ । तेही विहारको नाम पाण्डुभूमि विहार हो कि भन्ने अनुमान छ ।

पाण्डुभूमि विहारका पण्डितहरुका केही नाम पनी प्राप्त छन् । ती परमगुरु धर्मराज मतिध्वज, श्रीभद्र, महानायक शाक्यभद्र तथा आनन्द-ध्वज श्रीभद्र हुन् । (ऐ० पृष्ठ ४२६–२७)

स्वयम्भूनाथ नेर निराभोग नामक अर्को विहार थियो । यसै अञ्चलको पुण्यधारोदय विहार पनी प्रसिद्ध थियो । (ऐजन)

आधुनिक इटं वहालको संस्कृत नाम भास्करदेव संस्कारित केशव-चन्द्र कृत पारावत महाविहार थियो । यो विहार सम्बन्धी कथा ता नेपालमा निकै प्रचलित छ । सत्रहौं शताब्दिका आरम्भमा यहीं लेखियेको यौटा पुस्तकका पुष्पिकामा "भास्करदेव संस्कारित केशवचन्द्रकृत पारावत महाविहार कस्मिर पदं ह्वरछेभो "भनी लेखियेको छ । (बेंडल—सूची एडीशनल १३२६) उपर्युक्त "कस्मिरपद' को उक्ति बाट यहाँ नेपाल आउने कोही ठुला काश्मीरी पण्डित बसेका थिये कि भन्ने

१. उपर्युक्त विहार मध्ये धेरै जसो अद्यावधि छन् तथा सबैले जानेका छन् ।

अडकल हुन्छ ।

आधुनिक काल सम्म नेपालमा विहारको संख्या निकै थियो । ई विहारहरु द्वारा कुनै न कुनै रूपमा शिक्षाको प्रचार हुन्थ्यो । यहांका पण्डितहरु चित्र बनाउँथे तथा सुन्दर अक्षरमा ग्रन्थ सार्थे । शिक्षा तथा उपर्युक्त अरु कलाहरुको राम्रो अध्ययन गर्नका निमित्त नेपालका विहार-हरुको वैज्ञानिक तथा विस्तृत अध्ययन हुनु आवश्यक छ ।

एकविंशति अध्याय

शिल्प, विज्ञान तथा कला

प्राचीन काल देखी नेपालका तामोको भारतमा प्रसिद्धि भयेको भये ता पनी तामालाइ उपकरण तुल्याई गरिने नेपालका कुनै शिल्पको प्राचीन भारतीय ग्रन्थहरुमा उल्लेख पाइंदैन ।[१] औषधि बनाउन नेपालको तामो असल ठहरियेको हुनाले भारतीय रासायनिक ग्रन्थहरुमा भने नेपालका तामाको उल्लेख निकै पाइन्छ । नेपालको तामो स्वच्छ तथा मलरहित हुनाले भस्म वा रसादि औषधि बनाउन तेसको उपयोग गरिन्थ्यो । चक्रपाणिले १०५० ई० मा लेखेको आफ्नो वैद्यकका ग्रन्थमा नेपालका तामाको उल्लेख गरेका छन् ।[२] इनै ताक वा पछीका अरु अरु वैद्यक वा रसायनका ग्रन्थहरुमा पनी नेपालका तामोको उल्लेख पाइन्छ ।

चीनियाँ ताँग वंशका इतिहासका प्रमाण बाट पनी सप्तम शताब्दिमा नेपालका मानीसहरुका भाँडाहरु सबै तामाका हुन्थे तथा नेपालमा तामाका मुद्राको व्यवहार थियो भन्ने कुरा चाल पाइन्छ ।[३] यता बाट प्राचीन काल देखी नै नेपालमा तामाको व्यवहार भयेको कुरा विदित हुन्छ ।

---

१. कौटिल्यका अर्थ शास्त्रमा राजकोषमा संग्रह गरिने वस्तुहरुको सूचीमा नेपालको आठ टुक्रा जोरी बनायेको वर्षाको पानी छेल्ने कम्बलको उल्लेख पाइन्छ । यो कम्बल नेपालको खाल्डोमा निर्मिन भयेको होइन किन्तु यो पहाडका विविध भागमा बनाइने राडी हो भन्ने अनुमान छ ।

२. हिस्ट्री आव केमेस्ट्री इन एनसियेंट एण्ड मेडियेवल इण्डिया—पी० राय—पृ० १०८ ।

३. जर्नल आव दी रायल एशियाटिक सोसाइटी—१८८० वाल्टर बुशनेलको दी अर्ली हिस्ट्री आव टिवेट फ्राम चाइनीज सोर्सेज नामक लेखको टिप्पणी ३१ ।

खानी बाट तामाको धाउ झिकी तेसलाई परिष्कार गर्ने विधि पनी नेपाली-हरुले जानेका थिये।

तामाका मिश्रण बाट बनाइयेका काँसका भाँडा इत्यादि बनाउने काममा पछी नेपालले निकै दक्षता प्राप्त गरेको भये ता पनी नेपालमा बनाइयेका काँसका भाँडाहरुको भारतमा बिक्री थियेन किन भने भारतमा पनी ठाउँ ठाउँमा असल काँसका भाँडाहरु बनाइन्थे। नेपालमा जो काँसका भाँडा बनाइन्थे तिनको विक्रय पहाडमा तिब्बत सम्म हुने हुनाले तिनलाई भारत पठाउने आवश्यकता पनी थियेन।

नेपालमा फलामको (इस्पात) व्यवसाय भयेका कुराको उल्लेख पनी भारतीय रासायनिक ग्रन्थहरुमा पाइन्छ। एघारौं शताब्दिमा लेखियेको युक्तिकल्पतरु नामक रासायनिक ग्रन्थमा तरवारको कहाँ कहाँ निर्माण हुन्थ्यो ती स्थानहरुको यौटा सूची दिइयेको छ। त्यो सूचीमा नेपालको पनी नाम छ। चौदहौं शताब्दिमा सारङ्गधरले लेखेको सारङ्गधर पद्धति नामक ग्रन्थमा पनी नेपालको यसतै उल्लेख छ। (हिस्ट्रि आव केमेस्ट्री-पृष्ठ-२१६)

शिल्पको उन्नति त्यो शिल्पले मानीस द्वारा प्राप्त गर्ने संरक्षणत्व तथा तेताबाट शिल्पीलाई हुने आर्थिक लाभमा निर्भर गर्छ। शिल्पले समुचित संरक्षण पायेन भने त्यो शिल्पका शिल्पीहरुलाई त्यो काम गर्ने वा तेसलाई उन्नत गराउने केही प्रलोभन हुँदैन र त्यो शिल्प तेसै खियेर वा ह्रास भयेर जान्छ। नेपालका शिल्पहरुको अध्ययन गर्दा पनी यही कुरा चाल पाइन्छ। तल विचार गरिने शिल्पहरु मध्ये संरक्षकत्व प्राप्त गर्ने शिल्पले उन्नति गर्दै गयेको तथा त्यो प्राप्त न गर्ने शिल्प खिइंदै गयेको वा केही उन्नति न गरेको हामी देख्ने छौं।

पुस्तक छाप्ने प्रथाको आविष्कार हुनु भन्दा अघी समस्त संसारमा हातले पुस्तक लेखी पुस्तकालयहरुमा राख्ने प्रथा थियो। लिपिकारहरुको यौटा वर्ग नै हुन्थ्यो औ उनीहरु पुस्तक लेख्ने व्यवसाय गर्थे। उनी-हरुका अक्षर अत्यन्त राम्रा हुन्थे औ उनीहरुले लेखेका पुस्तकहरु हेर्दा

ती साह्रै राम्रा देखिन्छन् । नेपालमा पनी यसता लिपिकारहरु थिये तथा इनीहरुले लेखेका पुस्तकहरु अद्यावधि धेरै संख्यामा नेपालमा विद्यमान छन् । नेपाली लिपिकारहरुले यो काममा खूब विचक्षणता प्राप्त गरेका थिये । समस्त पुस्तकमा एक नास मिलेका सुन्दरतापूर्वक लेखियेका अक्षर देख्दा नेपालको लिपिकारवर्गले यो काममा कसतो विचक्षणता प्राप्त गरेको रहे छ तेसको अनुमान हुन्छ । नेपालका विहारका पुस्तकालयहरुका निम्ती सुन्दरतापूर्वक लेखियेका पुस्तकहरुको आवश्यकता हुनाले लिपिकारवर्गलाई कामको अभाव थियेन र उनीहरुले लिपिकलामा ठुलो उन्नति गरेका थिये । नेपालका हस्तलिखित बौद्ध शास्त्रका ग्रन्थको पछी सम्म पनी तिब्बतमा चाहना भयेका कुराको पनी अनुमान हुन्छ ।

नेपालका शिल्पीहरुले अत्यन्त विचक्षणता प्राप्त गरेको शिल्प धातु तथा काठमा बुट्टा हाल्ने काम छ । नेपालका पुराना मन्दिर तथा घरहरुमा यो शिल्पका जो उदाहरण पाइन्छन् तिनको चमत्कार देख्दा ई शिल्पीहरु कसता चतुर तथा कुशल कार्यकर्ता रहेछन् तेसको अनुमान हुन्छ । घरका ढोकामा, मन्दिरका द्वारमा वा घर वा मन्दिरका अरु भागमा इनीहरुले अङ्कन गरेका फुलबुट्टा, पवित्र पशुपक्षीका आकार, माङ्गलिक चिह्न इत्यादि अत्यन्त सुन्दर, मिलेका तथा परस्परको सुन्दरता वृद्धि गर्ने हुन्छन् । धार्मिक भावनाले प्रेरित भयेर धनीहरुको जती सक्यो उती राम्रो मन्दिर बनाउने अभिलाषा हुन्थ्यो र काठ तथा धातुको काम गर्ने शिल्पीहरुले यो काममा विचक्षणता प्राप्त गर्नु स्वाभाविक थियो ।

नेपाली शिल्पीहरुले वास्तु सुन्दर गराउने काममा यसतो प्रवीणता प्राप्त गरेको हुनाले तिब्बतका विविध भाग तथा अझ उत्तरमा वास्तुनिर्माण गर्न उनीहरु समय समयमा झिकाइन्थे । जसरी नेपालका पण्डितहरु बौद्ध ज्ञानको प्रचार गर्न तिब्बत तथा अरु अरु उत्तरका स्थानमा जान्थे उसै गरी नेपालका शिल्पीहरु शिल्पको कार्य गर्न तिब्बत तथा अन्यत्र जान्थे । यसरी तेरहौं शताब्दिमा तिब्बत तथा चीन जाने

एक जना नेपालका शिल्पाचार्यका विषयमा केही कुरा चाल पाइयेका छन्। तिनको नाम अरनिको हो।

अरनिकोलाई चीनको युआन इतिहासमा पलै पौको[1] निवासी भनेको छ। बालककाल देखी नै इनी बडा तीव्र बुद्धि भयेका थिये। इनले बौद्ध शास्त्रको विस्तृत अध्ययन गरेका थिये। इनको यौटा सहपाठी शिल्प शास्त्रको विद्यार्थी थियो। उसले शिल्प शास्त्रका ग्रन्थहरु पढेको सुनेर नै इनलाई त्यो शास्त्रको ज्ञान भयेको थियो। तिब्बतमा यौटा मन्दिर बनाउने निश्चय भयेको हुँदा एक सये शिल्पकारहरु नेपाल बाट झिकाउने निश्चय भयो। नेपालमा खोजी गर्दा ८० जना शिल्पकार जान राजी भये। ई शिल्पकारहरुको नायक भै अरनिको १२६० ई० तिर तिब्बत गये। एक वर्षमा त्यो मन्दिर निर्माण भये पछी त्यो कती सुन्दर भयो भने इनी बादशाहको दर्शन गर्न चीन पठाइये। त्यो वेला चीनका बादशाह कुबलय खान थिये। कुबलय खानले इनका योग्यताको कुरा चाल पाई सुङ्ग वंशका पालाको यौटा तामाको मूर्ति मरम्मत गर्न इनलाई लाये। इनले १२६५ ई० मा त्यो मूर्ति बडो सुन्दरतापूर्वक मरम्मत गरे पछी इनले अनेक मूर्ति इत्यादि बनाउने काम पाये। इनी १२७४ ई० तिर राजाज्ञा द्वारा चीनका शिल्पीहरुका नायक नियुक्त गरिये। वहाँ पछी इनले अनेक पदहरु पाये। इनी बादशाहका अत्यन्त मन परेका थिये। इनको मृत्यु भये पछी इनले मिंग होइ भन्ने उपाधि पाये। यसको अर्थ प्रत्युत्पन्नमति हुन्छ।

लुगा बुन्ने शिल्पको विकास नेपालमा प्राचीन काल देखी वर्तमान समय सम्म पनी हुन सकेको छैन। देशमा लुगा बुन्ने चलन न भयेर यसो भयेको होइन। नेवार समाजमा यो चलन भयेको कुरा विवाहमा छोरीलाई चर्खा दाइजो दिने प्रथा बाट बुझिन्छ। लुगा बुन्ने चलन प्राचीन भये ता पनी यसमा साधारण दक्षता पनी शिल्पीहरुले प्राप्त न

१. तिब्बती भाषामा नेपाललाई बाल पो भन्थे। सोही बाल पोको विकृत रूप चीनियाँ पले पौ हो।

गर्नु आश्चर्यको कुरो छ। नेपालका कृषकहरु आफुलाइ चाहिने लुगा प्रायः आफु नै बुन्छन्। तर नेपालमा भारतका विविध भागमा बुने जसता मसिना तथा राम्रा सुती लुगा बुनिदैनन्। काश्मीरको जसतो उनी लुगा पनी बुनिदैन। यसको कारण वहाँको धनिक वर्गले स्वदेशमा बुनेका लुगा पट्टी उदासीनता देखायेर हो। यो वर्ग भारतमा निर्मित राम्रा तथा मसिना लुगा व्यवहार गर्थ्यो। यो कारणले परिश्रम गरी राम्रा लुगा बुन्ने केही आवश्यकता नै थियेन। गरीबहरु आफ्नो उपयोगका निम्ती खस्रो मोटो लुगा आफ्नो अवकाशमा बुन्थे औ आफ्नो काम चलाउँथे। उनीहरुले बुनेका लुगाको पण्य थियेन र व्यावसायिक प्रतिद्वन्दिताका अभावले यो शिल्पको नेपालमा विशेष उन्नति भयेन।

आज भन्दा पुग न पुग १२३ वर्ष अघी लुगा बुन्ने शिल्पको नेपालमा के अवस्था थियो तेसको वर्णन डाक्टर कँपबेलले गरेको छ।[1] उनले यो सम्बन्धमा भनेका केही कुरा इनै हुन्। "बुन्ने शिल्प नेपालमा अझ विकासका सब भन्दा तल्लो श्रेणीमा छ। गरोब वर्गका स्वास्नी मान्छेहरु आफु तथा आफ्नो परिवारलाई चाहिने लुगा आफै बुन्छन्। पारिवारिक उपयोगका निम्ती बुनेका सुती लुगा खसरा और सौन्दर्यविहीन हुन्छन्। भारत तथा युरोपका छिटको नकल गरी यहाँ मोटा लुगा छापिन्छन् तथा बढिया जातका लुगा किन्न न सक्ने स्वास्नी मानीसहरु सबै यही लुगा लाउँछन्। यो नकल बडो न राम्रो रीतिले गरेको हुन्छ औ रंग पनी धेरै टिक्ने हुँदैन।"

डाक्टर कँपबेलका कथन अनुसार भादगाउँ तथा धनकुट्टामा सबै भन्दा राम्रो छिट छापिन्थ्यो औ रँगाइथ्यो। पनौतीमा लुगा छाप्ने औ रँगाउने केही व्यापार थियो। नेपालमा निर्माण गरिने लुगाहरुको नाम पनी डाक्टर कँपबेलले चंगा, खाडी, विविध प्रकारका छिट, कस्सा (एक प्रकारको मिहिन लुगा) भांगरा, (रुखका रेसा बाट बुनिने)

---

१. जर्नल आव दी एशियाटिक सोसाइटी आव बेंगाल—एप्रील १८३६—काटन मेनुफेक्चर इन नेपाल शीर्षक भयेको लेख।

पतासी, पुनिका, भीम पोगा (मुदा बेर्ने कामका निम्ती उपयोग गरिने) आदि नेपालमा निर्मित हुने लुगाहरुको नाम पनी लेखेका छन् ।

डाक्टर कँपबेलले तेही लेखमा लुगा रँगाउने शिल्पका विषयमा पनी यो शिल्प नेपालमा अत्यन्त निम्न स्तरमा भयेको कुरा लेखेको छ । डाक्टर कँपबेलका समय भन्दा पछी नेपालीहरुले यो शिल्पमा धेरै उन्नति गरेका कुरामा केही सन्देह छैन । नेपालमा वर्तमान समयमा लुगा रँगाउने शिल्प अत्यन्त उच्च कोटिको तथा प्रशंसनीय छ । लुगा रँगाउने शिल्पमा यसो यती धेरै उन्नति भयेको कारण लुगा रँगाउने चलनको वृद्धि तथा तेता बाट आमदनी भयेर हो ।

सत्रहौं शताब्दि देखी विभाजित नेपालका राजाहरुले चाँदीका मोहर पनी प्रकाश गर्न लागेका थिये । ती मोहरमा अनेक प्रकारका तान्त्रिक तथा माङ्गलिक चिह्न अङ्कन गरियेका हुन्थे । कोही कोही राजाले ता मोहरको आकार पनी परिवर्तन गरी त्रिकोणको रूप दियेको छ । नेपालका मोहर आफ्ना ढाँचाका शिल्पका राम्रा उदाहरण छन् तथा केही अघी चलेका वा समसामयिक भारतीय टकहरु भन्दा न राम्रा छैनन् ।

नेपालको कागत बनाउने शिल्पले ता सम्पूर्ण उत्तर भारतका पण्यहरुमा आफ्नो अधिकार स्थापित गरेको कुरा चाल पाइयेको छ । कागत बनाउने शिल्पको ज्ञान १००० ई० तिर भारतले नेपाल बाट प्राप्त गरेको कुरा विदित हुन्छ । मुगलहरु द्वारा पछी प्रचार गरियेको कागत बनाउने विधिको हथोडी बेग्लै थियो । कागत पहिले चीनमा आविष्कार भयेको हो तथा चीन बाट नै यो शिल्प सप्तम शताब्दि पछी नेपालमा आयो तथा नेपाल बाट भारतमा यसका ज्ञानको प्रचार भयो। भारतमा नेपालका कागतको धेरै पछी सम्म बडो प्रचार थियो । भारतमा मात्र होइन तिब्बतमा पनी नेपाली कागत जान्थ्यो औ सम्भवतः वर्तमान समयमा पनी तेसको व्यवहार वहाँ छँदै छ । कुमाउँमा यही कागतको व्यवहार थियो । उत्तरमा दिगर्चा आदि स्थानमा तथा दक्षिणमा पटना, सारन, जनकपुर, दरभंगा, पुर्निया, गोरखपुर, बलरामपुर, तथा टाँडामा यसको विक्रय

हुन्थ्यो ।

नेपाली कागत बनाउने व्यवसाय नेपाल खाल्डोमा कत्तीको थियो सो प्रमाणका अभावले यसै भन्न सकियेन । तर नेपाल बाहिर पहाडमा कुटीर उद्योगका रूपमा यो गरिन्थ्यो तथा अद्यावधि गरिंदै छ । सबै जातका मानीस यसलाई गर्थे । उपत्यकाका पण्यमा सम्भवतः पहाड बाट यो बिक्री हुन आउँथ्यो औ वहाँ बाट यो विभिन्न स्थानमा पठाइँदो हो । नेपाली कागतका निर्माणका निम्ती चाहिने उपादानहरु सबै नेपालका वनमा यथेष्ट पाइन्थे औ यो कारणले मानीस यसलाई घर घरमा बनाउँथे । यसको बिक्री नेपाल बाहिर धेरै भयेको हुनाले यसलाई बनाउने चलन पनी बढ्दै गयो ।

तांग वंशका इतिहासमा नेपालीहरु फलित ज्योतिषमा धेरै विश्वास गर्थे भनेको छ । ज्योतिष माथी नेपालीहरुको विश्वास यसतो भये ता पनी यो शास्त्र सम्बन्धी कुनै मौलिक खोजी नेपालीहरुले गरेको चाल पाइयेको छैन ।

ज्योतिषमा नेपालीहरुले गरेको मौलिक कार्य केही थाहा न पाइयेको भये ता पनी आयुर्वेदमा ता नेपालीहरुले आविष्कार गरेको यौटा मौलिक औषधि चाल पाइयेको छ । त्यो औषधिको काम नेपाली वैद्यहरुले नवरस राखेका थिये तथा यो औषधि नेपालमा निर्माण गरिन्थो । रोगी बिरामी भै अन्तिम अवस्थामा पुगे पछी भारतीय वैद्य शास्त्रमा जानियेको प्राणेश्वर सित नेपालका वैद्यहरुले आविष्कार गरेको नवरस बिरामीलाई दिने चलन नेपाल अहिले सम्म छ । नवरस माथी जनताको विश्वास कसतो थियो भने राजा मरे पछी नगरका गण्यमान्य व्यक्ति दरबारमा गै राजाका मृत्यु-को कारण इत्यादि सोधपूछ गर्दा तथा के के औषधि पर्‍यो भनी सोध्दा अन्त्यमा नबरस पर्‍यो कि परेन भनेर सोध्थे । नवरस पर्‍यो तेसले पनी लाभ भयेन भन्ने उत्तर पाये पछी राजाका चिकित्सामा केही त्रुटि भयेको रहेन छ भन्ने ती मान्देहरुलाई विश्वास पर्थ्यो । नेपालको यो आफ्नो आविष्कार हुनाले नेपालीहरुको यस माथी यत्रो विश्वास थियो ।

नेपालको छानै छाना भयेको घर बनाउने जो वास्तु शिल्प छ त्यो चीन बाट नेपालमा आयेको हो भन्ने मत आरम्भका विद्वान्हरुले व्यक्त गरेका छन् । यो मतका विपरीत भारतको प्राचीन वास्तु शिल्प नै त्यै हो तथा भारतमा त्यो लोप भयो किन्तु नेपालमा अझ छँदै छ भन्ने आधुनिक विद्वान्हरुको मत छ । नेपाल बाट नै यो उत्तरका देशहरुमा गयेको हो तथा एशियाका पूर्वी अञ्चलमा यसको प्रचार भयेको हो । यो शिल्पको मूल प्राचीन भारतीय वास्तु शिल्प भये ता पनी यसको नेपालमा सम्भवतः केही परिवर्तन भै यसले नेपालमा नै विकास प्राप्त गरेको हुनाले यसलाई नेपाली वास्तुकला भन्न केही हानि देखिंदैन । सप्तम शताब्दिमा नेपाल आउने चीनियाँ यात्रीहरुले तिन ताकका नेपालका राजभवनको जो प्रशंसात्मक वर्णन गरेका छन् तेता बाट यो वास्तु कलामा निकै प्राचीन कालमा पनी नेपालले कसतो उत्कृष्टता प्राप्त गरेको रहेछ तेसको अनुमान हुन्छ ।

लिच्छवी कालमा ढुंगाका देवालय बनाइयेका भये ता पनी ढुंगाको ठाउँ शीघ्र काठ तथा ईंटले लियेको हुनाले मन्दिर वा भवनका कुनै प्राचीन उदाहरण हाल विद्यमान छैनन् । सत्रहौं शताब्दि वा पछी निर्माण भयेका मन्दिर वा भवन हेरी पहिले पनी मन्दिर वा भवन यसतै हुँदा हुन् भनी अनुमान गर्न पर्छ । भादगाउँमा वर्तमान समयमा भयेको सत्रहौं शताब्दिमा निर्माण गरियेको भवानीको मन्दिर नेपाली वास्तु कलाको यौटा उत्कृष्ट उदाहरण हो भन्ने कुरा अनेक कला सम्बन्धी आधुनिक ग्रन्थहरुमा भनियेको छ ।

सप्तम शताब्दिमा नेपाल आउने चीनियाँ यात्रीहरुको यात्रा विवरणमा लिच्छवी राजा नरेन्द्र देवका राजभवन को जो वर्णन पाइन्छ तेता बाट त्यो राजभवन कती सुन्दर रहेछ भन्ने कुरा चाल पाइन्छ । राजभवन अन्तर्गत यौटा सात छाना भयेका बुर्जाको तेसमा वर्णन गरियेको छ । तेसका छानामा तामाका झिङ्टी लाइयेका थिये । तेसका टुनासी, दइलो, थाम तथा दलिनमा बहुमूल्य रत्न जडियेका थिये । यो घरका चार बुर्जा बाट तामाका पाइप द्वारा पानी लगी तल चार कुनामा भयेका चार

वटा सुनका मकरका मुखमा पानी पु-याइन्थ्यो । मकरहरुका मुख बाट पानी फोहरा झैं निस्कन्थ्यो । चीनियाँ यात्रीहरुले वर्णन गरेको यो राज-भवन नेपाली वास्तुकला बमोजिम थियो भन्ने कुरामा केही सन्देह छैन ।

नेपालमा यौटै वास्तुकला सप्तम शताब्दि वा अघी देखी आज सम्म चली रहेको छ । बिसौं शताब्दिका जीवनका आवश्यकताले या कलाका ह्रास हुन लागेका चिह्न देखिंदै छन् ।

एक नासका मन्दिर वा घर देखूदा देखूदा जो एक प्रकारको विरक्ति उत्पन्न हुन्छ तेसलाई निराकरण गर्ने अभिप्रायले सत्रहौं शताब्दिमा पाटन-का राजा सिद्धि नरसिंह मल्लले नवीन वास्तुकलाको उपयोग गरी पाटनमा कृष्ण मन्दिर बनाये । यो मन्दिर भारतीय शिखर शैलीको मन्दिर छ तथा यसमा धेरै साना ठुला गजुर छन् ।

कृष्ण मन्दिरका नै ढांचाका पाटनमा अरु अनेक साना साना मन्दिरहरु बनाई इनले एक नासका वास्तु भयेका ठाउँमा यौटा नावीन्य ल्याउने चेष्टा गरे तर परम्पराले नै जीत्यो तथा यो शैलीको प्रचार हुन सकेन ।

सोरहौ शताब्दिमा बोध गयाका मन्दिरका ढांचाको महाबोधिको मन्दिर पनी पाटनमा नै बनाइयेको थियो । तर यो मन्दिर नवीन शैली प्रचार गर्ने उद्देश्यले बनाइयेको होइन । भगवान् बुद्धले ज्ञान प्राप्त गरेका ठाउँको उनको मन्दिर बौद्धहरुका दृष्टिमा अत्यन्त पवित्र हुनाले संसारका विविध भागमा बस्ने बौद्धहरुले बोध गयाको बौद्ध मन्दिर जसतै मन्दिर आफ्ना आफ्ना देशमा बनाउने चेष्टा गरेका थिये । यो कारणले बोध गयाका मन्दिरका ढांचाका वा तेसैका अनुकरणमा बनाइयेका मन्दिर चीन, बर्मा आदि बौद्ध देशहरुमा बनाइयेका थिये । तेही विचार धाराको फलस्वरूप नेपालको महाबोधिको मन्दिर पनी बनाइयेको हो । यो कारणले यसका निर्माणमा वास्तुको नयाँ शैली प्रचार गर्ने भाव भन्दा बढता भक्ति तथा श्रद्धाको भाव थियो ।

नेपालको मूर्तिकलाका विषयमा भने खोजीका अभावले हाम्रो ज्ञान

अत्यन्त परिमित छ। नेपालमा पाइने तामा, स्लेट वा खस्रो संगमर्मरका मूर्तिहरु सबै आधुनिक हुन् तथा ती धेरै जसो तीन वा चार शताब्दि पुराना छन् भन्ने विंसेंट स्मिथको मत पनी वस्तुस्थितिका ज्ञानका अभावले नै व्यक्त गरियेको हो। (ए हिस्ट्री आव फाइन आर्ट इन इंडिया—पृष्ठ १६७) तर प्राचीन मूर्ति पाइँदै न पाइँदै होइनन्। खोजी गरे अवश्य पाइने छन्। वर्तमान समयमा पाइयेका मूर्तिहरु मध्ये सबै भन्दा पुरानो विष्णुका वामन अवतारको प्रस्तर खण्डमा कुँदेको मूर्ति छ। यसका दुई प्रति, यौटा पशुपतिका अञ्चलको औ दोसरो लाजिमपाटको, पाइयेका छन्। यसका अरु प्रति पनी यत्रतत्र पाइनु सम्भव छ।

वर्तमान समयमा धुम वाराह जसलाई भन्छन् त्यो मूर्ति पनी प्राचीन कालको मूर्ति जसतो छ तर यो प्राचीन कालको मूर्तिका आधारमा बनायेको मूर्ति पनी हुन सक्छ। भारतीय कलाका शैलीमा परिवर्तन भै कलाले आफ्नो शैली परिवर्तन गरी सके ता पनी नेपालमा उही पुरानो कलाका शैली अनुसार काम गर्ने चलन भयेको हुनाले लिखित प्रमाण न पाई नेपालमा पाइने कलाका सामग्रीको समय निर्धारण गर्नु बडो गाह्रारो छ।

सप्तम अष्टम शताब्दिका शिवलिङ्गहरु नेपालमा जो पाइन्छन् ती बडा मूल्यवान् छन्। यसरी पाइने शिवलिङ्गको संख्या निकै भये ता पनी इन बाट मूर्तिकलाका विषयमा विशेष ज्ञान हुँदैन। तर भारतमा अशोक स्तम्भमा लाये जसतो पालिस लाइयेका अनेक शिवलिङ्ग देख्दा तिन ताक ढुंगामा पालिस लाउने शिल्पको विधि नेपालमा जानियेका कुराको अनुमान हुन्छ। पछी पछीका मूर्तिहरुमा पनी पालिस लायेको देखियेको छ। पालिस लाउने शिल्प धेरै पछी सम्म नेपालमा विद्यमान थियो।

नेपालका प्राचीन मूर्तिहरुको अहिले सम्म नियमबद्ध खोजी भयेको छैन तेसले गर्दा मूर्तिकलाका विकासका विषयमा यसै भन्नु गाह्रारो छ। तर जो प्राचीन मू त नेपालमा पाइयेका छन् तिन बाट ती मूर्तिहरु समसामयिक भारतीय मूर्ति जत्तीकै सुन्दर भयेको कुरा चाल पाइन्छ। नेपालमा प्राचीन मूर्ति न भयेको होइन तर तिनको राम्ररी खोजी भयेको

छैन। गुणकाम देवका पालाको उमामहेश्वर, रुद्रदेवका पालाको १०१२ ई० को उमामहेश्वर तथा बेंडलले प्रकाश करेको १०७३ ई० को सूर्यको मूर्ति इत्यादि प्राचीन मूर्ति अद्यापि नेपालमा छन् तथा नेपालका मूर्तिकलाको अध्ययनका निम्ती यसता तिथियुक्त मूर्तिहरुको अध्ययन नितान्त आवश्यक छ। भारतीय मूर्तिकला देखी भिन्न नेपालको मूर्तिकला होइन भन्ने कुरा ता नेपालका पाइने मूर्तिहरुको साधारण अध्ययन बाट पनी विदित हुन्छ।

नवम वा दशम शताद्बि देखी नेपालमा धातुका मूर्ति निर्माण हुन थालेको कुरा विदित हुन्छ। बौद्धहरुमा धातुका मूर्तिहरुको प्रचलन अधिक भयेको बुझिन्छ। तांग वंशका इतिहास बाट सप्तम शताब्दिमा ढुंगाको बोधिसत्वको मूर्तिको पूजा नेपालमा गर्थे भन्ने कुरा चाल पाइयेको छ। तर यसका दुई तीन शताद्बि पछी देखी नै धातुका मूर्तिको चलन चलेको हुनाले ढुंगाका प्राचीन बौद्ध मूर्ति न भेटियेको हुनु सम्भव छ।

धातुका मूर्ति तामा, काँस वा पीतलका बनाइन्थे। बोस्टनको फाइन आर्ट म्युजियममा धातुका प्राचीन बौद्ध मूर्तिहरु राखियेका छन्। ती सबै दशम शताब्दि तिर निर्माण गरियेका हुन्। नेपालमा निर्मित भनी निश्चित रूपले जानियेका धातुका मूर्तिहरु मध्ये जलप लायेका तामाको उभियेका अवलोकितेश्वरको मूर्ति सबै भन्दा राम्रो छ। डाक्टर ए. के. कुमारस्वामीले त्यो मूर्ति निश्चित रूपले नेपालमा निर्माण गरियेको हो भनी भन्नु भयेको छ। यो मूर्तिमा ठाउँ टाउँमा बहुमूल्य रत्न जडियेका छन् तथा यो कुरा भारतीय मूर्तिहरुमा बिरलै पाइन्छ। ई मूर्तिहरुका विषयमा डाक्टर कुमारस्वामीले तिनको शैली समसामयिक पाल शैली सित भन्दा बढता पछिल्लो गुप्त कालको शैली सित मिल्छ भन्ने मत प्रकाश गरेको छ। डाक्टर कुमारस्वामीका मतमा सबै कुरो विचार गर्दा नेपालका कलामा समयानुयायी तत्वहरुको अभाव देखिन्छ औ यसले गर्दा कुनै विशेष कालको कृति मदेसको भन्दा नेपालको सुन्दर हुने धेरै सम्भावना छ। (हिस्ट्री आव इंडियन एंड इंडेनेसियन आर्ट—आनन्द के. कुमारस्वामी)।

डाक्टर कुमारस्वामीको नेपाली कला विषयक उपर्युक्त मत अत्यन्त महत्वपूर्ण छ। आफ्नो प्राकृतिक स्थिति तथा यातायातको गाहारोले गर्दा नेपालको खाल्डो उत्तर भारतका फाँटको नजीक भये ता पनी धेरै टाढा भये जसतो छ। यो कारणले उत्तर भारतमा शीघ्रतापूर्वक भयेको परिवर्तनको नेपाल माथी उसतो प्रभाव पार्दैनथ्यो। उत्तर भारतमा गङ्गा द्वारा सिञ्चित बंगाल तथा विहारका भूमिमा पछिल्लो गुप्त कालको शैलीका ठाउँमा पाल शैली विकास भै सके पछी पनी नेपालमा उही पछिल्लो गुप्त कालको शैली रही रहनु अस्वाभाविक छैन। कलाका अरु अरु क्षेत्रमा पनी यही कुरो चरितार्थ भयेको देखिन्छ।

नेपालको चित्र कलाका विषयमा विंसेंट स्मिथले लेखेको यौटा कुरा महत्वपूर्ण भये ता पनी हाल उदाहरणका अभावले तेसका विषयमा अरु केही भन्नु सम्भव छैन। तारानाथका मत अनुसार सबै भन्दा प्राचीन नेपाली कलाकारको समुदाय मारवाडका श्रृङ्गधरको परिपाटी सप्तम शताब्दिमा अनुकरण गर्थ्यो। पछी नवम शताब्दिमा नेपालका कलाकारको सम्प्रदाय बंगालको पूर्वी परिपाटी मन पराउन थाल्यो। तारानाथको समय १६०० ई० भन्दा पछीका आधुनिक नेपाली चित्रकार-सम्प्रदायको कुनै विशेष शैली थियेन। (ए हिस्ट्री आव फाइन आर्ट इन इंडिया-पृष्ठ १६७)

नेपाली चित्र कलाका प्राप्त उदाहरण एघारौं शताब्दि देखी अघीका छैनन्। तान हुआंगमा पाइयेका चित्रपटमा अङ्कित बोधिसत्वहरु अवश्य नेपाली ढाँचाका छन् औ प्राचीन पुस्तकमा पाइने बोधिसत्वका चित्र सित ती मिल्छन्। सिंह वाहन भयेका मञ्जुश्री, हात्ती वाहन भयेका समन्तभद्र, वज्र लियेका वज्रपाणि, माला लियेका मैत्रेय तथा अरु यसतै अङ्कन ती पटमा भयेका कुरा बाट तिनको अङ्कन नेपाली चित्रकारले गरेका कुराका अनुमान हुन्छ। धार्मिक पुस्तक वा तिनका गातामा अङ्कित भयेका चित्रहरु एघारौं शताब्दि वा पछीका पाइयेका छन्। बंगालको एशियाटिक सोसाइटीका पुस्तकालयमा एघारौं शताब्दिमा

लेखियेका अष्ट साहस्रिका प्रज्ञापारमिताका दुई वटा पुस्तक छन् तथा तिनमा ८५ औ ३१ साना साना चित्रहरु छन्। उपर्युक्त अष्ट साहस्रिका प्रज्ञा पारमिता तथा केंब्रिज विश्वविद्यालयका पुस्तकालयमा भयेको १०१५ ई० मा लेखियेको अर्को अष्ट साहस्रिका प्रज्ञापारमितामा भयेका चित्रहरुको वर्णन फूसरले पनी गरेको छ। विंसेंट स्मिथका मतमा उपर्युक्त चित्रहरुमा बौद्ध तीर्थस्थल, लोकोत्तर व्यक्ति वा बौद्ध धर्म सम्बन्धी कथा-हरु अङ्कन भयेको हुनाले ती ऐतिहासिक वा पुरातात्विक दृष्टिले महत्वपूर्ण भये ता पनी केवल कलाका दृष्टिले तिनको विशेष मूल्य छैन। (ए हिस्ट्री आव फाइन आर्ट इन इंडिता-पृष्ठ १६७) विंसेंट स्मिथले नै ती चित्रहरु-का विषयमा फुसरको मत पनी संक्षेपमा लेखेको छ। उनका मतमा ती चित्रहरु कलाका उत्कृष्ट उदाहरण न भये ता पनी ती साधारण ग्रामीण चित्र पनी होइनन्।

बोस्टनको फाइन आर्ट म्युजियमा पनी ११३६ ई० तिर लेखियेको अष्ट साहस्रिका प्रज्ञापारमिताको यौटा प्रति छ तेसमा १८ वटा लघु चित्र छन् तथा तेसको गातामा समसामयिक रंग लाइयेको छ। यो भन्दा पछी लेखियेका अरु पनी अष्ट साहस्रिका प्रज्ञापारमिताका प्रतिहरु अमेरिका तथा भारतका विविध निजी पुस्तकालयहरुमा छन्। तिनमा भयेका चित्रहरुको अध्ययन गरी डाक्टर कुमारस्वामीले तिनका विषयमा आफ्नो मत व्यक्त गरेको छ। उपर्युक्त अष्टसाहस्रिका प्रज्ञापारमितामा भयेका चित्रहरुको समसामयिक पाल चित्रहरु सँग तुलना गर्दा खेरी पाल तथा नेपाली शैलीमा अल्प भेद भयेको कुरा डाक्टर कुमारस्वामीले लेखेको छ।

विंसेंट स्मिथले ह्वाजसनका संग्रहका पेरिसमा भयेका दस चित्र मध्ये सिलवन लेवीले आफ्नो पुस्तकमा छापेका दुई वटा चित्रको पनी उल्लेख गरेको छ तर ती दुवै चित्रको भारतीय कलाका दृष्टिले केही महत्व छैन भनी भनेको छ।

विभाजित नेपालका राजाहरुका चित्र वा तेसतै अरु जो चित्र नेपालमा पाइन्छन् ती राजदरबारमा डुली हिंड्ने भारतीय चित्रकारहरु

द्वारा अङ्कन गरियेका हुन् । ती चित्र हेर्दा राजपुत ढाँचाका छन् । कलाका दृष्टिले पनी ती बहुमूल्य प्रतीत हुँदैनन् और व्यक्ति विशेषका मोगल शैलीका लघु चित्र भन्दा धेरै निम्न कोटिका छन् ।

विंसेंट स्मिथले तान्त्रिक मण्डलका चित्रहरुको पनी उल्लेख गरेका छन् । हाजसनका संग्रहमा भयेका तथा केंब्रिज विश्वविद्यालयका पुस्तकालयमा भयेका तेसता चित्रको उल्लेख गरी उनले सबै थोक विचार गर्दा ती चित्र न राम्रा निम्न कोटिका छन् तथा प्रतिकृति छाप्ने योग्य छैनन् भनी भनेका छन् । तिनका चारै तिर भयेको फुलका बुट्टाले युक्त बार्डर भने राम्रो छ भनी उनले भनेका छन् ।

द्वाविंशति अध्याय

उपसंहार

धार्मिक, सांस्कृतिक तथा प्राकृतिक दृष्टिले नेपाल भारतीय भूमिभागको यौटा अङ्ग नै भये ता पनी इतिहासमा नेपालको स्वतन्त्र अस्तित्व कहिल्यै मेटियेन। नेपाल यौटा स्वतन्त्र देश तथा नेपाली यौटा स्वतन्त्र जाति सदैव गनियेका थिये।

नेपालको इतिहास भारतीय इतिहास सँग सँगै प्राचीन काल देखी आज सम्म चली रहेछ। दुवै देशका इतिहासको थालनी गौतम बुद्धका समय देखी हुन्छ औ भारतीय इतिहासको प्रत्येक महत्वपूर्ण कालमा नेपालले कुनै न कुनै रूपमा आफ्नो अस्तित्व रक्षा गरी बसेको कुरा हामी प्राचीन इतिहासका अध्ययन बाट चाल पाउँ छौं।

प्राचीन भारत सित ता नेपालको अत्यन्त निकटतम धार्मिक तथा सांस्कृतिक सम्बन्ध भयेको कुरा विदित छ। राजनीतिमा पनी कुनै प्रकारको विषमता देखिदैन। अत्यन्त सौहार्द्रपूर्ण मैत्री तथा प्रेम मात्र भयेको देखिन्छ।

चतुर्थ शताब्दिमा समुद्र गुप्तले आफ्नो इलाहाबादको स्तम्भलेखमा नेपालले स्वयं उनको आधिपत्य स्वीकार गरेका कुराको उल्लेख गरेका छन्। नेपालले भारतका दिग्विजयी सम्राट् लिच्छवी दौहित्र समुद्र गुप्तको अधिपत्य स्वीकार गरेका कुरा बाट प्रेमपूर्ण सम्बन्ध नै भयेको बुझिन्छ किन भने यो समयमा नेपालमा लिच्छवीहरुको शासन भयेका कुराको अनुमान हुन्छ तथा लिच्छवीहरुको भारतका गुप्तहरु सित वैवाहिक सन्बन्ध मात्र थियेन किन्तु गुप्त कालमा संस्कृतिका बिकासले जसरी भारत पुनर्जीवन वा प्रोत्फुल्लता अनुभव गर्दै थियो उसै गरी नेपाल पनी सोही

संस्कृतिको बहुमुखी विकास द्वारा उन्नतिका उच्च श्रेणीमा पुग्दै थियो । यो अधिपत्य स्वीकृति स्वयं गरियेका कुरा बाट नै अन्तरिक स्वतन्त्रतामा केही बाधा न परेको तथा यो यौटा उपचार मात्र थियो भन्ने कुराको अनुमान हुन्छ ।

सप्तम शताब्दिमा हर्ष वर्धनका मृत्यु पछी चिनियां यात्रीहरुलाई लुटी मार्ने मानिसलाई दण्ड दिन नरेन्द्र देवले पठायेको फौज सितका लड़ाईमा बलजफ्ती राजा हुने अरुणाश्व मारियेको भये ता पनी त्यो लड़ाईलाई नेपालले भारत सित गरेको युद्ध भन्न हुँदैन किन भने हर्ष वर्धनका मृत्यु पछी भारतमा बलवान् केन्द्रीय शासनका अभावले जस जसलाई मौका पऱ्यो उही राजा भयेका वेलामा सैन्य पठाई आफ्ना पाहुना जसता बौद्ध तीर्थयात्रीहरुको रक्षा गर्नु नेपालको कर्तव्य नै थियो । दुर्बल शासन भयेका ठाउँमा शासनले गर्न पर्ने काम मात्र नरेन्द्र देवले गरेका हुन् तथा यसलाई भारत तथा नेपाल दुबै ठाउँमा युद्धका रूपमा कसैले पनी ग्रहण गरेका थियेनन् ।

भारतमा मुसलमानहरुले विजय गरी राम्ररी आफ्नो शासन कायम न गरे सम्म नेपाल प्रति भारतका हृदयमा ठुलो आदर भयेको कुरा चाल पाइयेको छ । बारहौं शताब्दिमा श्री हर्षले लेखेको नैषध काव्यमा दमयन्तीको स्वयंवरको वर्णन गर्दा नेपालका राजा पनी सो स्वयंवरमा उपस्थित भयेका कुराको वर्णन छ । भारतका विविध स्थान तथा द्वीपान्तरका समेत राजाहरु उपस्थित भयेका स्वयंवर सभामा नेपालका राजा पनी उपस्थित भयेका कुराका वर्णन द्वारा समसामयिक भारतमा नेपालको कसतो उच्च स्थान रहेछ तेसको कल्पना गर्न सकिन्छ । फेरी नेपालका राजाको वर्णन गर्दा हिमालय देखी रामेश्वर तथा उदयाचल देखी अस्ताचल सम्म इनका कीर्तिले व्याप्त गरेको छ[१] भनी कविले भनेका कुरा बाट पनी समसामयिक भारतमा नेपालको कसतो गौरव

१. यावत् पौलस्त्यवास्तूभवदुभयहरिल्लोमरेखोत्तरीये
सेतुप्रालेय शैलौचरति नरपते स्तावदेतस्य कीर्तिः ।

रहेछ तेसको अनुमान हुन्छ ।

भारतमा मुसलमान शासन स्थापित भये पछी नेपालले आफ्ना नीतिमा स्वभावतः परिवर्तन गर्न पर्‍यो । अत्यन्त सहयोगको नीति त्याग गरी नेपालले भारत सँग तटस्थ तथा पृथक् भयेर बस्ने नीति ग्रहण गर्न पर्‍यो । नेपाल जाने आउने जो मार्गहरु थिये तिनको केही वर्ष सम्म हेरविचार न गरी दिये पछी तिनलाई वनले निली दी हाल्थ्यो । कष्ट सहिष्णु तथा मार्ग सित परिचित स्थानीय मानीसहरु कुनै प्रकारले यातायात गरी हाल्थे औ बाहिरका मानीस बाटो न घाटो भयेका ठाउँमा कसरी जानु भनी हचक्नु स्वाभाविक थियो ।

भारतविजेता मुसलमान पर्वतमा स्थित देशहरु आक्रमण न गर्ने होइनन् । काश्मीर, काँगडा आदि पर्वतीय ठाउँ माथी उनीहरुले समय समयमा आक्रमण गरेको कुरा भारतीय इतिहास बाट चाल पाइन्छ । नेपाल विशेष आमदानी न भयेको यौटा गरीब देश हो भन्ने उनीहरुको विचार भयेर हो क्यारे उनीहरु बाटोको दुःख खपी नेपाल भीत्र पस्न मन न परायेको बुझिन्छ । एक चोटी एक हुल मुसलमान आक्रमणकारीहरु चौदहौं शताब्दिमा बंगाल बाट नेपाल पसेका थिये तर वहाँका केही मन्दिर औ विहारहरु ध्वंस गरी चित्त बुझाई उनीहरुले फर्कन परेको थियो । विशेष धन जसका उनीहरु लोभी थिये उनीहरुले प्राप्त गर्न सकेनन् ।

यो नीतिको यौटा परिणामके भयो भने भारतमा नेपाल प्रति यौटा ठुलो अज्ञान फिंजियो तथा यो अज्ञानले शनैः शनैः एक प्रकारको हेलाको भावलाई पनी जन्म दियो । यो भाव आधुनिक समय सम्म कुनै न कुनै रूपमा विद्यमान छ यद्यपि भारत तथा नेपालमा प्रजातान्त्रिक शासन स्थापित भये देखी आवागमनको सुबिस्ता भयेको हुनाले यसको स्वाभाविक निराकरण हुँदै छ । एकादेशमा नेपाल नामक यौटा देश थियो भन्ने

यावत् प्राक्प्रत्यगाशापरिवृढनगरारम्भस्तम्भमुद्रा-
वद्री सन्ध्यापताकारुचिर चितशिखाशोणशोभावुभौ च ।
वारहौं सर्ग श्लोक ४७.

स्थितिमा आफ्ना तटस्थताका नीतिले गर्दा नेपाल पुग्यो ।[१]

यो तटस्थताको नीतिको अर्को सब भन्दा हानिकारक परिणाम के भयो भने बाह्य जगत् सित अर्थात् भारत सित जीवित सम्बन्ध हरायेको हुनाले नेपालका विकासमा ठुलो बाधा पर्‍यो । झ्याल ढोका थुनेको कोठा झैं नेपाल भयो । उसै त चारै तिर पहाडले घेरेको खाल्डो, उस माथी झन भारत सितको सम्पर्क पनी न हुँदा नेपालको उन्नतिमा ठुलो बाधा उपस्थित भयो । भारत पराधीनताका साङ्लाले बाँधियेर सुक्न लाग्यो औ नेपाल गुँडको द्वार थुनियेको चरो झैं भयो । शिक्षा लुप्त भयो तथा संस्कृति हरायो । ज्ञानको मूल स्रोत सुकेको हुनाले देशलाई एक प्रकारको शैथिल्यले अँठ्याथो । यो शैथिल्यका प्रधान लक्षण अज्ञान, अन्धविश्वास, अनुदारता तथा मिथ्या अहङ्कार थिये ।

नेपालका दक्षिणमा पर्ने मिथिला बाट मानीस नेपाल गयेको कुरा ह्यामीलाई थाहा छ । तर उनीहरु नेपाल गै वहीं नेपाली झैं बसोबासो गर्न थालेको हुँदा उनीहरु बाट नेपालको शोषण बाहेक अरु थोक केही भयेन । पन्द्रहौं शताब्दिमा रत्न मल्लका पालामा मुसलमानहरुका प्रवेशका निम्ती नेपालले आफ्नो द्वार अलीकता उघार्‍यो । तर उनीहरुका प्रवेशले व्यापारिक क्षेत्रमा केही लाभ भये ता पनी जीवनका अरु क्षेत्रमा केही लाभ भयेन । अठारौं शताब्दिमा युरोपका मानीसहरु सित पनी नेपालले नजीक हुने चेष्टा गर्‍यो । तर नेपाल दुर्बलताका मार्गमा धेरै अघी बढी सकेको हुनाले यो सम्बन्धले पनी विशेष उपकार गर्न सकेन । पहाडका बाहुनछेत्री वा बाहुनछेत्रीको प्रभाव परी सकेका अरुहरु सँग यो समयमा

---

१. जहाँगीरका पालामा सोरहौं शताब्दिका उसमान नामक एक जना मुसलमान कविले हिन्दीमा "चित्रावली" नामक यौटा आध्यात्मिक काव्यग्रन्थ लेखेको छ । तेसका नायक राजकुमार सुजानलाई नेपालका राजा धरणीधर पवाँरका छोरा भनी कविले लेखेको छ । (हिन्दी साहित्यका इतिहास—रामचन्द्र शुक्ल—पृष्ठ १०६-८) "एकादेशमा नेपाल भनेको यौटा देश थियो" भन्ने भावले उसमानले चित्रावलीका नायकलाई नेपालका राजकुमार तुल्यायेका हुन् भने जसतो लाग्छ ।

नेपालको अवश्य सम्बन्ध थियो तर उनीहरुको औ नेपालका निवासीहरुको मानसिक तथा बौद्धिक स्तरमा विशेष अन्तर न हुनाले नेपाललाई यो सम्बन्ध बाट पनी विशेष लाभ भयेन। पछी पछी ता पहाडका मानीस-हरुको दल ठुलो भये पछी इनीहरु पनी नेपालका स्थानीय कलहमा भाग लिन थाले औ नेपालका पतनको गति तीव्रतर गराउन सहायता इनी-हरुले गरे।

नेपालका पतनको प्रधान कारण नेपालका राजाहरुको अरु प्रकारको व्यक्तिगत सम्पत्ति झैं राज्य पनी विभाजित हुने कुरो हो भन्ने विचार थियो। नेपाली प्रजाको पनी यो विषयमा समान विचार भयेको बुझिन्छ। तेरहौं शताब्दि पछी नेपालका पश्चिममा पर्ने सप्त गण्डकी तथा करनाली प्रदेशमा नया राज्य यसै गरी निर्माण हुँदै थिये। बाबु मरे पछी छोराहरु स्वतन्त्र भै आफ्ना आफ्ना स्वतन्त्र राज्य स्थापित गर्दै थिये। तेसैका प्रभावले होला नेपालमा पनी राज्यविभाजनको दूषित हावा बगे ज़सतो थियो।

भारतमा स्थापित भयेको मुसलमान शासनमा पनी शासनको स्थिरता थियेन। राजा निर्दो हुने बित्तिकै राज्यका विविध भागमा शासकहरु आफुलाई स्वतन्त्र राजा घोषणा गरी शासन गर्न थाल्थे। राजालाई मारी उसका सन्तान वा अरुहरु राजा हुने चेष्टा गरी रहन्थे। नेपालमा पनी यही दूषित चलन चल्यो।

चौदहौं शताब्दिका आरम्भमा कुनै कारणले प्रेरित भै रुद्र मल्ल राज मल्ल सँग शासन बाँडी गर्न लागे। यस पछी उनको शीघ्र मृत्यु भये पछी नेपालका सिंहासनका निम्ती गृहकलह उपस्थित भयो तथा यो गृहकलहको कुनै प्रकारले शान्ति भये पछी केही समयमा यो वंशको शासन नै नेपालमा अन्त्य भयो र स्थिति मल्ल नेपालका राजा भये। स्थिति मल्ल पनी निर्दा राजा थिये र उनका जीवितावस्थामा नै छोराहरुको शक्ति बढ़ेको हुनाले इनका तीन जना छोराहरुका नामले शासनका अनेक कार्य हुन थालेका थिये। इनका मृत्यु पछी इनका तीन

जना छोराहरुको केही समय संयुक्त शासन चल्यो। वहाँ पछी एक दुई बटा शासन पछी पन्द्रहौं शताब्दीका आरम्भमा नेपालको तीन राज्यमा विभाजन भै हाल्यो। यो विभाजनले शासनमा निर्बलता, भ्रष्टता, स्वार्थपरता इत्यादि दुर्गुण ल्यायेको हुनाले नेपालले आफ्नो स्वतन्त्रता रक्षा गर्न सकेन तथा अन्त्यमा गोर्खालीहरुले नेपालका तीनै राज्य जीती वहाँ आफ्नो शासन स्थापित गरे।

चारै तिर ठुला ठुला पहाड द्वारा नेपालको उपत्यका घेरियेको हुनाले पहाड पारी बाट कुनै शत्रुले यसलाई आक्रमण गर्नु गाहारो थियो। कोही आक्रमणकारी पहाड नाघेर यहाँ सम्म पुगी हाले ता पनी उसले आफ्नो पृष्ठ बलियो राख्न न सक्ने हुनाले यहाँ केही दिन बसी केही उपद्रव गरी उसलाई जुन बाटो आयो उ बाटो फर्कन करै लाग्थ्यो। यहाँको भूमि उर्वरा हुनाले जीवनरक्षाका निम्ती विशेष परिश्रम पनी गर्न पर्दैनथ्यो। शैत्यको विशेष तीव्रता न भयेको मदेसको जसतो नाति-शीतोष्ण हावापानी भयेको यो उपत्यकाका मानीसका जीवनमा गाहारो थोरै तथा सजिलो धेरै थियो। ई सबै कारणले गर्दा यहाँका मानीस शान्तिप्रिय तथा युद्ध मन न पराउने भये। गाहारो साँगुरोको अनुभव पनी इनलाई उसतो थियेन र इनीहरुको जीवन कोमल भयो। सैनिक शक्तिका विकासको आवश्यकता नै थियेन। नेपाज विभाजित भये पछी पहिले पहाडका मानीसको तथा पछी मदिसेहरुको सेना समेत सङ्गठन गरियेको थियो। यसले गर्दा जीवनका अरु क्षेत्रमा नेवारहरुले अधिक विचक्षणता प्राप्त गर्ने अवसर पाये ता पनी उनीहरुमा सैनिक योग्यताको अभाव वा न्यूनता नै थियो।

नेपालको साधारण प्रजा कृषि कार्यमा सिपालु भये ता पनी धनिक वर्गका शोषणले जर्जरित थियो। राजा भारदार, गुरुवर्ग सबै प्रजाको शोषण गर्थे। यसता स्थितिमा साधारण प्रजाका हृदयमा राजा भारदार तथा गुरुवर्ग प्रति उपेक्षा तथा घृणाको भाव हुनु स्वाभाविक थियो। उस माथी तीन राज्यका पारस्परिक कलहले गर्दा प्रजाले झन तीव्र आघात

सहन पऱ्यो । यसता स्थितिमा प्रजा आफ्नो कर्तव्य निर्णय गर्न पनी असमर्थ भयो औ उसका जीवनको एक मात्र उद्देश्य आफ्ना शोषकहरु देखी कुनै उपायले आफ्नु रक्षा गर्ने भयो । प्रजा बाट कुनै कार्यमा पनी हार्दिक सहयोग प्राप्त गर्नु राजाका निम्ती दुष्कर कार्य भयो । यसता स्थितिमा राज्यको रक्षा यौटा कठिन कार्य भयो ।

राजनीतिक तथा आर्थिक दुर्बलताले जातिलाई ग्रस्त पारेको भये ता पनी सांस्कृत्रिक क्षेत्रमा विशेष शिथिलता थियेन । सम्पूर्ण नेपाल प्राचीन समयमा लिच्छवीहरुका अधीन थियो । लिच्छवीहरुले नेपालमा ठाउँ ठाउँमा शिवलिङ्ग, विष्णुका मूर्ति तथा अरु देवी देवताका मूर्ति स्थापना गरेको कुरा चाल पाइन्छ । कालान्तरमा ती नाश हुँदै गये तथा तिनका भग्नावशेष मात्र बाँकी भये । माध्यमिक कालका राजाहरुले फेरी ती ठाउँको जीर्णोद्धार गरी मन्दिर इत्यादि बनाये । यो पाला निर्माण गरियेका मन्दिरहरु काठका थिये र ई दुई तीन शताब्दिमा नै फेरी नष्ट भये । वहाँ पछी मल्ल राजाहरुले फेरी मन्दिर इत्यादि बनाई ती ठाउँलाई पुनर्जीवन प्रदान गरे । नेपालका वर्तमान मन्दिरहरु मध्ये अनेक यसरी तृतीय पटक निर्माण गरियेका छन् । नेपालीहरुका स्वदेशप्रेमको यो भन्दा ज्वलन्त उदाहरण अर्को के होला ? देशको गौरव कालले कवलित गरे ता पनी तेसका पुनरुद्धारका निम्ती इनीहरु सदैव तत्पर थिये औ सके सम्म चेष्टा गरी यो कार्य सम्पन्न गराउन उनीहरुले बाँकी राखेनन् । लिच्छवीहरुले निर्माण गरेका मन्दिर लडेर बिलाउन लागेको माध्यमिक कालका नेपालीहरु कसरी हेरी रहन सक्थे ? तिनका ठाउँमा फेरी काष्ठका मन्दिर निर्माण गरी जातीय गौरवको स्मृति रक्षा गरियो । कालले तिनलाई पनी निल्यो । अब विभाजन भन्दा केही अघी तथा पछीका मल्ल राजाहरु फेरी अघी सरे औ फेरी ती ठाउँमा मन्दिर निर्माण गरिये । वर्तमान समयमा ती जीर्णशीर्ण देवालय प्राचीन नेपालका गौरवको स्मृतिरक्षा गरेर आफ्नो निर्बल अस्तित्व लियेर उभियेका छन् । यसै सित एक चोटी सेनहरुले निर्माण गरेका देवालय वा त्यो भन्दा पनी अघी दुल्लुदैलेखका मल्लहरुले

निर्माण गरेका मन्दिर तथा नगरहरुको अवशेष पनी वर्तमान समयमा न पाइने भयेको कुराको नेवारहरुले आफ्नो प्राचीन गौरवलाई नष्ट हुन न दियेका कुरा सित तुलना गरी हेर्दा नेवारहरुको जाति तथा संस्कृति प्रेम कसतो उत्कृष्ट रहे छ त्यो चाल पाइन्छ। नेपालमा संस्कृतिको धारा प्राचीन काल देखी अहिले सम्म अविछिन्न रूपले बगी रहेको छ।

सामाजिक असमानता, उच्च वर्गको शोषण तथा राजनीतिक विभाजनले गर्दा जाति प्रगतिशील हुन सकेन। उसको प्रगतिको सट्टा संरक्षण गर्ने नीति भयो। जीवनका प्रत्येक क्षेत्रमा सङ्कोच, अनुदारता तथा मौलिकताको अभाव दृष्टिगोचर हुन थाल्यो। शङ्का तथा भयको साम्राज्य भयो औ शनैः शनैः जातीय जीवन अज्ञान तथा जडता द्वारा वशीभूत भयो। चित्रकार आफ्नो कृतिमा नवीनता ल्याउन असमर्थ भयो औ मूर्तिकार आफुले निर्माण गरेका मूर्तिमा सजीवता प्रदान गर्न न सक्ने भयो। गवैया सित उही पुराना रागरागिनी बाँकी रहे तथा वास्तुकार पनी नवीन शैली प्रस्तुत गर्न असमर्थ भयो। छोटकरीमा भनु भने समस्त जातिमा शैथिल्य तथा अकर्मण्यताको प्राधान्य भयो।

नेपालका खाल्डोको सेरोफेरो भीत्र अवस्थित यौटा सानो जाति तीन तीन राजनीतिक विभागमा बाँडिनु सर्वथा श्रेयस्कर कुरो थियेन। फेरी ई तीन राज्यका राजाहरु पनी दूरदृष्टि भयेका राजनीतिज्ञ थियेनन्। सबै आफ्नो व्यक्तिगत प्रबलता तथा सौख्यका खोजीमा व्यस्त थिये। आफुलाई प्रजा भन्दा पृथक् तुल्याउन पाये आफु ठुलो भयेको ठान्थे तथा आफ्नो शक्ति तेसैमा छ भन्ने इनीहरुको धारणा थियो। कि ता नाच, गान यात्रामा नै इनीहरुको समय बित्थ्यो कि ता पारस्परिक कलहमा नै इनको समय काटिन्थ्यो। भारतमा मुसलमानहरुको शासन स्थापित भये पछी मुसलमानी दरबारका ढाँचाको पनी इनीहरु अनुकरण गर्न लागेका थिये। देश तथा जातिका समस्या के छन्, बुझौं औ तिनको समाधान गरौं भन्ने इनीहरुका मनमा पटक्क थियेन। आफ्नो व्यक्तिगत सुख तथा मिथ्या आडम्बरको रक्षा गर्न पाये इनलाई पुगी हाल्थ्यो।

नेपाल पहाडी भू र भये ता पनी यहाँको उपजा असल थियो तथा मानीस कुशल थिये। 'यसले गर्दा पूर्व तथा पश्चिम पहाड सित तुलना गर्दा नेपाल धेरै वैभवपूर्ण थियो। नेपालका दृष्टिमा पहाडको कुनै मूल्य थियेन औ पहाडको रुक्ष तथा कठिन जीवनको नेपाललाई कुनै आकर्षण थियेन। यो कुरा वंशावलीहरुमा निम्नलिखित रूपले व्यक्त गरियेको छ। यो घटना भादगाउँका राजा ज्योति मल्लका समयको हो। एक चोटी पूर्व बाट मास सँग मिसियेर एक गेडो मकै पनी नेपालमा आये छ। देशका विचक्षण मानीसले तेसको परीक्षण गरी यो अन्न देशमा अनिकाल ल्याउने हो भन्ने निश्चय गरेछन्। यो कारणले यो अन्न जहाँ बाट आयेको उहीं पठाउने निश्चय भये छ। यो अन्नको देशमा प्रवेश भयेको हुँदा कुनै अशुभ भयेको भये तेसको निवारणार्थ शान्तिस्वस्ति पनी गरियो। (राइट पृष्ठ १९०) यो कथा बाट नेपालको पहाड प्रति कसतो भाव रहेछ तेसको अनुमान हुन्छ। चामल प्रशस्त हुने नेपाललाई पहाडका मकैको खाँचो थियेन। धनधान्यले पूर्ण नेपाल आफैं यौटा स्वतन्त्र केन्द्र भयेर बस्न खोज्थ्यो तथा आफ्ना परिधिको पहाड सित वास्ता राख्न पर्ने उसले केही आवश्यकता देखेको थियेन। तर परिधि ठुलो थियो औ केन्द्र सानो थियो औ अन्त्यमा अनुर्वर तथा असंस्कृत परिधिले सुसंस्कृत तथा उर्बरा केन्द्रलाई आत्मसात् गरी छोड्यो।

यसको परिणाम के भयो भने केन्द्र तथा परिधिको पारस्परिक पृथकत्व-को भाव हरायो औ यौटै नेपाली वृत्तको सृष्टि भयो। पहाड औ नेपालका सम्मुख यौटा नवीन लक्ष उपस्थित भयो तथा नवीन जाति तेसलाई प्राप्त गर्न क्रीयाशील भयो।

सुन जती पोल्यो उती उज्वल भये झैं यो नवीन स्थितिमा पनी नेपाल-को स्थान स्वभावतः उच्च भयो। शासन, व्यापार तथा सांस्कृतिक कार्य सबैमा नेपालको स्थान उच्च छ तथा जातीय विकासका कार्यमा नेपाल आफ्नो गौरवपूर्ण खेल खेली रहेछ। नेपालका संसर्गले पहाड पनी अघी बढ्दै छ। यो दृष्टिले हेर्दा नेपालको हार भयेन किन्तु जीत भयो।

ग्रन्थ विवरणी

[केही ग्रन्थहरुको]

के० पी० जायसवाल—ए क्रोनोलोजी एंड हिस्ट्री आव नेपाल-पटना ।

हरप्रसाद शास्त्री—ए केटलोग आव पामलिफ एंड सेलेक्टेड पेपर मेनुस्क्रिप्टस बिलोंगिंग टु द दरबार लाइब्रेरी, नेपाल—२ भाग कलकत्ता ।

सेसिल बेंडल—केटलोग आव द बुधिस्ट संस्कृत मेनुस्क्रिप्टस इन द युनिवर्सिटी लाइब्रेरी, कैंब्रिज । १८८३ ।

ऐजन—ए जर्नी आव लिटररी एंड आरकियोलोजिकल रिसर्च इन नेपाल एंड नदर्न इंडिया-कैंब्रिज १८८६ ।

भगवान्लाल इन्द्रजी—ट्वेंटी थ्री इंसक्रिप्शंस फ्राम नेपाल ।

जे० एफ० फ्लीट—कोरपस इंसक्रिपशनम इंडिकेरम-तृतीय भाग ।

आर० नोली—नेपाल इंसक्रिप्शंस इन गुप्त केरेक्टर्स रोम १९५६ ।

डी० राइट—हिस्ट्री आव नेपाल-कैंब्रिज १८७७ ।
यसको पुनर्मुद्रण सुशील गुप्त, कलकत्ता, बाट भयेको छ ।

डबल्यु० कर्कपेट्रिक—एन एकाउंट आव द किंगडम आव नेपाल लंडन १८११ ।

फ्रांसिस हेमिल्टन—एन एकाउंट आव द किंगडम आव नेपाल एंड आव द टेरिटोरीज अनेक्सड टु दिस डोमिनियन बाइ हाउस आव गोर्खा एडिनबरो १८१९ ।

पर्सिवल लेंडन—नेसपाल २ भाग, लंडन १९२८ ।

पूर्णचन्द्र मुकर्जी—ए रिपोर्ट आन ए टुर आव एक्सप्लोरेशन आव द एन्टिक्विटीज इन द टेराई, नेपाल, कलकत्ता १९०१ ।

एच० ए० ओल्डफील्ड—स्केचेज फ्राम नेपाल-लंडन १८८० ।

ब्रुक नोर्ट्—द लेंड आव द गुर्खाज एंड द हिमालयन किंगडम आव नेपाल-केंब्रिज १९३७ ।

ब्रुक नोर्ट् तथा सी० जे० मोरिस्—द गुर्खाज देयर मेनर्स, कस्टंस एंड कंट्री-लंडन १९२८ ।

गिसेप टुची—प्रेलिमिनरी रिपोर्ट आन टु साइनटिफिक एक्सपिडीशंस इन नेपाल-रोम १९५६ ।

लुसियानो पेटेच—मेडिएवल हिस्ट्री आव नेपाल-रोम ।

सूर्य विक्रम ज्ञवाली—पृथ्वीनारायण शाह दार्जीलिङ्ग १९३५ ।

योगी नरहरिनाथ—इतिहास प्रकाश-नेपाल ४ भाग ।

संशोधन मण्डल—इतिहास संशोधन ५४ भाग-नेपाल ।

ऐजन—अभिलेख संग्रह ६ भाग नेपाल ।

बीर पुस्तकालय—बृहत् सूचीपत्रम् विविध विषय नेपाल ।

पर्सि ब्राउन—पिक्चरस्क नेपाल ।

आनन्द के० कुमारस्वामी—हिस्ट्री आव इंडियन एंड इंडोनेसियन आर्ट ।

विसेंट स्मिथ—हिस्ट्री आव फाइन आर्टस इन इंडिया एंड सिलोन ।

बेंजामिन रोलेंड—द आर्ट एंड आर्किटेचर आव इंडिया । बुधिस्ट, हिन्दु, जैन त्पेलिकन हिस्ट्री आव आर्ट ।

आर० सी० माजुमदार (सम्पादक)—हिस्ट्री आव बेंगाल ढाका विश्वविद्यालय १९४३ ।

गौरीशङ्कर हीराचंद ओझा—भारतीय प्राचीन लिपिमाला ।

टामस वाटर्स—आन युवान चांग्ज ट्रावेल्स इन इंडिया ।

सेमुएल बील—बुधिस्ट रेकार्ड आव द वेस्टर्न वर्ल्ड लंडन १९०६ ।

ई० ब्रेटशिनिडर—नोट्स फ्राम मेडिएवल रिसर्चेज फ्राम इस्टर्न एशियाटिक सोर्सेज १८८८ ।

विद्या भवन, बंबई—द हिस्ट्री एंड कलचर आव इंडियन पीपुल विविध भाग ।

पी० राय—हिस्ट्री आव केमेस्ट्री इन एनसियेंट एंड मेडियेवल इंडिया—कलकत्ता (नवीन संस्करण) ।

ई० एच० वाल्श—द कोयनेज आव नेपाल लंडन ।

ई० एच० डोडवेल द्वारा सम्पादित—द कैंब्रिज शार्टर हिस्ट्री आव इंडिया भारत लखनउमा प्रकाशित संस्करण १९५८ ।

जयकान्त मिश्र—अ हिस्ट्री आव मैथिली लिटरेचर भाग १ इलाहाबाद १९५१ ।

विंसेंट स्मिथ—आक्सफोर्ड हिस्ट्री आव इंडिया ।

ऐजन—अर्ली हिस्ट्री आव इंडिया चतुर्थ संस्करण ।

डबल्यु० डबल्यु० हन्टर—अ स्टेटिसटिकल एकाउंट आव बेंगाल—भाग १० ।

हेंस योरगेनसन—अ डिकशनरी आव क्लासिकल नेवारी-डेनमार्क १९३६ ।

ऐजन—अ ग्रामर आव द क्लासिकल नेवारी, डेनमार्क १९४१ ।

ऐजन—विचित्रकर्णिकावदानोधृत, लंडन, १९३१ ।

ऐजन—बत्तीस पुत्रिका कथा, डेनमार्क १९३९ ।

राइज डेविड्स—बुधिसट् इंडिया—सुशील गुप्त १९५५ ।

सुनीतिकुमार चेटर्जी—किरात जनकृति कलकत्ता १९५१ ।

सुगतदास तुलाधर (सम्पादक)—मल्लशाह कालमा मे काठमांडु १९५६ ।

हेमराज शाक्य—नेपाल लिपि संग्रह पाटन ने० सं० १०७३ ।

ललितजंग सिजापति—विशाल गोरखा राज्यका केही प्रसिद्ध राजाहरु ।

हजारीप्रसाद द्विवेदी—नाथ सम्प्रदाय—इलाहाबाद १९५० ।

तोत्रराज तथा नयराज—नेपालको संक्षिप्त इतिहास, काशी १९४७ ।

जार्ज एन० रोरिक (अनुवादक)—ब्लु एनल्स २ भाग कलकत्ता । अधिकारपूर्ण तिब्बती वंशावली ।

शरत्चन्द्र दास (सम्पादक)—पाग सम जोन सांग सुंपाखानपो कलकत्ता तिब्बती वंशावली ।

सर चार्ल्स बेल—टिबेट पास्ट एंड प्रेजेंट आक्सफोर्ड १९२४ ।
ऐजन—द पिपुल आव टिबेट आक्सफोर्ड १९२८ ।
इपोलिटो डेसिडेरी—एन एकाउंट आव टिबेट लंडन १९३७ ।
इवांस वेंज—टिबेट्स ग्रेट योगी मिलारेपा ।
ऐजन—द टिबेटन बुक आव द ग्रेट लिबरेशन आक्सफोर्ड युनिवर्सिटी प्रेस ।
शरत्चन्द्र दास—इंडियन पंडिट्स इन द लेंड आव स्नो कलकत्ता १८९३ ।
एल० ए० वेडेल—द बुधिजम आव टिबेट ओर लामाइजम लंडन १८९५ ।
आर० क्लेमेंट मार्खम—नेरेटिव आव द मिशन आव जार्ज बोगल टु टिबेट एंड आव द जर्नी आव टामस मेनिंग टु टिबेट लंडन १८७९ ।
निमा नोर्बु लामा—योगीराज श्री पद्मसम्भवको स्तुति दार्जीलिङ्ग ।
राहुल सांकृत्यायन—तिब्बत में बौद्ध धर्म इलाहाबाद १९३३ ।
जी० डबल्यु बृग्ज—गोरखनाथ एंड द कनफटा योगिज कलकत्ता १९३८ ।
ई० ए० पेन—द शाक्तज कलकत्ता १९३३ ।
एफ० किलहोर्न—द इपोक आव द नेवार एरा इंडियन एंटिक्वेरी १८८८ ।
एस० डबल्यु० बुशनेल—द अर्ली हिस्ट्री आव टिबेट फ्राम चाइनीज सोर्सेज-जर्नल आव द रायल एशियाटिक सोसाइटी १८८० ।
एफ० किलहोर्न—इंसक्रिपशंस आव नर्दर्न इंडिया-एपिग्राफिका इंडिका भाग ५ ।
जर्नल आव द एशियाटिक सोसाइटी आव बेंगाल-भाग १७-१८४८-यसमा राज्य प्रकाश मल्ल तथा जय प्रकाश मल्लले केपुचिन पादरीहरूलाई गरी दिपेका ताम्रपत्रका नकल छन् ।

ए० केंपबेल—काटन मेनुफेक्चर आव नेपाल-जर्नल आव द एशियाटिक सोसाइटी आव बेंगाल १८३६ ।

सूर्य विक्रम ज्ञवाली—कुचविहार र नेपालको वैवाहिक सम्बन्ध शारदा, नेपाल वर्ष ६ संख्या ३ १९९७ ।

प्रबोधकुमार बागची—नेपाले भाषा नाटक साहित्य परिषद् पत्रिका, द्वितीय संख्या बङ्गाब्द १३३६ ।

फ्राग वर्सिव अमंग द नेवार्स इंडियन एंटिक्वेरी १८९३ ।

राहुल सांकृत्यायन—तिब्बत की चित्रकला नागरीप्रचारिणी पत्रिका भाग १८-अङ्क ३ ।

उमेश मिश्र—मैथिली साहित्य (१४८०-१७६८) नेपाल केन्द्र हिन्दूस्तानी-अप्रेल १९३४ ।

जी० रोरिक—वनरत्न द लास्ट आव द ग्रेट पंडित्स-महाबोधि जर्नल १९५४ ।

के० पी० जायसवाल—एन अनरेकार्डेड मुहामडन इनवेजन आव नेपाल द जर्नल आव द बिहार एंड उरिसा रिसर्च सोसाइटी जुन १९३६ ।

गङ्गानन्द सिंह—ओन सम मैथिली ड्रामाज आव द सेवेनटीन्थ एंड एटीनथ सेंचुरीज-जर्नल आव द एशियाटिक सोसाइटी आव बेंगाल-भाग २०-१९२४ ।

[यो पुस्तकमा ठाउँ ठाउँ उपर्युक्त पुस्तकहरुका नाम छोटकरीमा प्रयोग गरियेका छन् तथा तिनलाई बुझ्न असजिलो न होला ।]

अनुक्रमणिका

अंगि रुग्पा १०८, १४४
अंशु वर्मा १, २, १०-१३, १६, २०, १३६-१३८, २४८, २४९, २५८, २६६, २८३
अकबर १३९, १४२
अक्षय मल्ल ४९
अक्षोभ्य २४५
अतीशा दीपङ्कर ५२, २६८-२७०
अतुल्य दास २७४
अतुल्य वज्र २७५
अद्वय वज्र २७५
अनन्तप्रिया देवी १५७
अनन्त मल्ल ३७-३९, ४२, ४८, ७६
अनुताप गुप्त २६९
अन्धकासुर वधोपाख्यान २३७, २३८
अबुल मुजफ्फर १३८
अभय मल्ल ३४, ३६, ४८
अभय राज १२९, १३०
अभिधर्म कोश २७६
अभिनव प्रबोध चन्द्रोदय २४०
अभिसमयालङ्कार ५१
अमरकोश २८२
अमर मल्ल १०२, ११४, ११६, १२०, १२५-१२७, १२९
अमिताभ २४५
अमृत देव २५-२७, ३४
अमेरिका २९९
अमोघसिद्धि २४५
अरनिको २९०
अरिमल्ल देव २६, २७, ३४-३६, ३९-४१, ४४, ४८, ६२, ६३, ७६, ७७, ९१, २२४, २२५
अरुणाश्व १२, ३०२
अर्जुन मल्ल १२, ४५-४८, ६२, ६४, ७१, ७५, ७७, ७८, ८४-८६
अर्थकाण्डम् ३७
अवदान कल्पलता २८२
अशोक चल्ल ४९, ५०, ५२, १९४
अशोक चैत्य ७१
अशोक मल्ल ४९, ७३
अशोक १८२, २१४, २४३, २४४, २८३
अशोक स्तम्भ ५०, १९६

अश्म नगर ५६
अष्ट साहस्त्रिका प्रज्ञापारमिता १८, २५५, २८४, २९९
आदित्य मल्ल ४०, ४९, ५१, ५२, ७७
आनन्द देव २५, २७, ३९, ४०, ४४
आनन्दध्वज श्री भद्र २८५
आनन्द मल्ल १३, ३२, ३७, ४१, ४८, ४९
आन्ध्र ३१
आशु २७४
आसाम २२१
इखु प्याखन १०२
इचंगु नारायण १०४
इटम बहाल ४७, ६२, ८६, २८५
इन्दुमती २३३
इन्द्र चोक १०४
इन्द्रदेव २४, २७
इन्द्र पुर १५३
इन्द्र मल्ल १७६, १८८
इन्द्रयात्रा १५५, २०३
इमोनेयल फ्रेर १६४, २६२
इलाहाबाद ३०१
इस्ट इंडिया कंपनी २०३, २०५, २६५
उग्र मल्ल ७३, १७७
उत्तर प्रदेश ७९
उदय देव ५ (पा० टी०) १५, १९
उदयान २५०
उमामहेश्वर २९७
उषाहरण २३७
उसांग २६०
ऋद्धि नरसिंह १३२, १३८
ऋद्धिलक्ष्मी ११९, १६२
ओंकुली बही ८६
औरंगजेब ३०
कङ्केश्वरी १२६
कनक देव ५४
कनक मुनि बुद्ध ५१, २१४, २४४
कनक श्री २६८
कनक सिंह बानियाँ २०५
कन्नड २८
कपिल मिश्र २७८
कपिलवस्तु २७७
कमतपुर १५५
कमला लक्ष्मी १७३
करनाली ३५, ५१, ५२, ६४, ८८, ९१, ९२, ९४, ३०५
करुणामय १८१, १९१
कर्णसिंह ५५
कर्णाट २८
कर्णाटक १, २९, ३२

कर्णाट वंश ५४, ७४, ७५
कर्म सिंह ५५
कलिङ्ग ३१
कलुनामय १६७, १८७
कल्याणी २९
कस्सप गोत्त २४३
काँगडा ६८, ३०३
कांसु २७०
काठमांडु १, १६, १७, २१, २४, २८, ४५-४७, ५९, ७७, १०२-१०९, १११-११३, ११५, ११९, १२०, १२२-१३४, १३७, १४३-१४५ १४७-१५४, १५८, १६०-१६४, १६८, १६९, १७१-१७५, १७७-१८२, १८४, १८५, १८९-१९२, १९४-१९८, २०३-२०९, २१७, २३२, २३९, २५८, २६०-२६४, २७४
काठियावाड १
कान्तिपुर (री) १६, १७, २३, ५०, १२६, १७६, २०२, २०३, २०५
कान्यकुब्ज ८०
कामदेव १५
कामरूप २९, १५६
कामेश्वर ठाकुर ५८, ५९, ६३
काय श्री २७७
कारण्ड विहार २८४
कालचक्र यान २७७
कालिदास १७०, २०१
कालु पाँडे २०२, २०५
काशी ४२, १११, २५५
काशीनाथ २३४, २३८
काशीराम थापा १७०, १९९, २००
काश्मीर ८ (पा० टी०) १४, ६८, २१३, २७९, २९१, ३०३
काश्यप २४४
काष्ठमण्डप ४५
किंदोल बहाल १६४-१६६
किनलोक २०३
किरोंग १४८-१५०, २६८, २६९, २७१, २७२
कीर्तिनाथ ८०
कीर्तिपुण्य महाविहार २८४
कीर्तिमल्ल ८५, ८८
कीर्ति सिंह १७३
कुकु १२३, १२४
कुञ्जविहारी नाटक २३१
कुटुम १२६
कुती १०४, १३४, १३५, १४८-१५०, २६२
कुवलय खान २९०

कुमाउँ (कार्तिकेय पुर) ४९-५२, ६८, २९२
कुमुदिनी देवी १६८
कुम्भ तीर्थ ८५
कुम्भेश्वर ८५, २७७, २७८
कुवलयाश्व २३३
कुशिक २४७
कुशीनगर ३५
कुसुम सिंह १७३
कृत्यचिन्तामणि ६०
कृष्ण चरित नाटक २३७, २३८
कृष्णदेव २३४, २३५
कृष्ण मन्दिर १४७, १५५, १५७, १८१, २९५
कृष्ण यात्रा १७
कैंब्रिज विश्वविद्यालय २९९, ३००
केरुङ्ग १९५
केशवचन्द्र २८५
कैलाली कञ्चनपुर ५१
कैलाशकूट यात्रा १३७
कोकोनोर १३४
कोर चुंबा २६९
कोशी १९३
कौटिल्य २८७ (पा० टी०)
कौरुष्य २४७
क्यांगसा २७२
क्रकुच्छन्द २४४
क्राचल्ल ४९-५२
क्षेमेन्द्र २८२
खडपु ३७
खण्डखाद्य टीका ९, ९५
खर्जूरिका विहार २८३
खसर्प लोकेश्वर (सेतो मछेन्द्र) १७
खाम २७६, २७७
खुंगा दोर्जे २७७
ख्युंपो नल योर २७५
खोकना १२६
खोनफु २७५
खोपासी १३७
खोयो ९४
खोपु लोचव २८०
गङ्ग देव ५४
गङ्गा देवी १३१
गङ्गा रानी १३२, १६२
गजनी २५०
गजपति महीन्द्रसिंह १६४
गणनाथ २२६
गण्डकी ५२, १९७, १९८
गण्ड व्यूह २५५
गया ८९, १३०, १९४
गयासुद्दीन तुगलक शाह ५५, ६१, ६८
गर्ग २४७
गीत गोविन्द २१८, २१९, २५७

गीतदिगम्बर रूपक २३९
गीता भाष्य ११६, १२५
गुगे ५२
गुणकाम देव ५ (पा० टी०) १५-१७, १९, २६, २७ (द्वितीय) ३४ (द्वितीय) १३६, २५८, २८४, २९७
गुप्त आदित्य सेन १५६
गुप्तवल्लभि संवत् १
गुम विहार २८३
गुर्गीन खां २०५
गुसरी खान १३४, १३५
गुह्यका तन्त्र ६४, ६७
गुह्य समाज २५३
गुह्येश्वरी १५३, १७१
ग्रुबर १०६, १५१, १८४, १८५, २६१
गेर्खु १९८, १९९
गेवाजिन २५१
गोकर्ण १६, १२६, १६९
गोदावरी १६
गोधन लक्ष्मी ४७, ८६
गोपाल देव ४२, ४३
गोपीचन्द्र २३३, २३४
गोपीचन्द्र नाटक २३३, २३६
गोरक्ष २११
गोरखनाथ २११, २५८, २५९
गोरखपुर ३०, १४१, १४२, २९२
गोर्खा (गोरखा) ९०, १४४, १४९, १७०, १८२, १८८, १८९, १९४-१९६, २०२, २०४, २०५, २०९, २११
गोर्खा राजवंश १९३
गोल क्राथा १०८
गोवर्धन मिश्र २७८
गोविन्द चन्द्र २८०
गौड २९, ३०, १५५
गौतम बुद्ध २४४, ३०१
चकोर ऋषि ३७
चक्रपाणि २८७
चक्रवर्तीन्द्र मल्ल ११७, १५७
चक्र विहार २४
चण्डेश्वर ६०-६२, २४८
चण्डेश्वरी १६, ३७
चतुषष्ठी निबन्ध १९, २०
चतुष्पीठ साधन संक्षेप २८४
चन्दन वर्मा २२५
चन्द्र प्रकाश १६८, १६९
चन्द्र लक्ष्मी देवी १९०
चन्द्र संशेर ८
चम्पा ग्राम १८४
चाँगु १२५, १५२, १६९, १७०, १८४, २००
चाँगु नारायण ५२, १३२, १६१-

१६३, १८७, २४७, २६६
चांग लोचव २८०
चाणक्य श्लोक ४५, ४६, ८५
चापली १२६
चापा गाउँ १२६
चा बहिल २८३
चाभेल २४६, २८५
चारुमती २४३, २४४
चारुमती विहार २४३, २४४, २४६
चालुक्य २९, ३५
चितलाङ १२३
चिहान डांडा २०२
चीन १०-१४, ३५-३७, १५१, २१२, २१६, २६१, २७०, २८२, २८९, २९०, २९२, २९४, २९५
चीसा पानी १९३
चुंको १०४
चुक ग्राम १२६
चुक विहार १५५-१५८
चैतन्य २१९, २२१
चोभार २०२
चोरपुरी १५२, १८४
चौकोट ३७
जगज्जय मल्ल ११९, १२०, १६८, १६९, १७१, १७७, १९१, २१७, २४०, २४१, २६३
जगज्योति मल्ल २८, ३०, ८९, ९४, ९६-९८, १००, १०२, १०४, १०५, २१९, २२१, २२९-२३१
जगदानन्द जीवभद्र २७९
जगन्नाथ देवल १५३
जगत् सिंह ४२-४४
जगत् प्रकाश मल्ल ९७-१००, १०५-१०८, १११, ११२, १३७, १४३, १५०-१५२, २२१, २२२, २३१, २३२, २३८
जीत मित्र मल्ल १००
जनकपुर २९२
जमुना २३१
जय (विजय) १५
जय इन्द्र मल्ल १७६, १८७
जयकाम देव १५, १८, १९, २०
जयकीर्ति मल्ल देव ८७
जयचन्द गहडवाल ४२
जय जक्ष मल्ल ८९.
जयजगत् मल्ल ७३
जयजगत्प्रकाश मल्ल १०८, २३१
जय जितामित्र मल्ल १०८, २३२
जयत २२४, २२५
जयतुंग मल्ल ३९

जयदेव मल्ल १, ३, ५ (पा० टी०) १५, १९, ३२, ३६, ३७, ४१, ४२, ४८, १५६, २१८, २१९, २४९, २५७
जय धर्म मल्ल ४७, ८७, २२६, २२७
जयन्त राज ८८, ८९
जयन्त राना ग्यामी १९६, १९८
जयप्रकाश मल्ल १०६, १११, १२०, १३९, १४५, १६८-१७१, १७८, १८४, १९१, १९२, १९६-२०४, २०६-२०८, २१०, २१७, २६३, २६४
जय प्राण मल्ल ९६
जय भद्र मल्ल ७३
जयभूपतीन्द्र मल्ल २३५
जय भैरव ८६
जय महीन्द्र मल्ल १६७, १७६, १८९, २६७
जय योगप्रकाश मल्ल १७६, १९०
जय रणजित् मल्ल २३७
जय रण मल्ल २२७
जय रत्न मल्ल ११५, १२२
जय राज देव ७१
जयारि मल्ल ४१
जय रुद्र मल्ल ३९
जय लक्ष्मी देवी २८, १७१, १७३
जय लोकप्रकाश मल्ल १८७
जय वागीश्वरी ८५
जय विश्व मल्ल २२८
जय वीर महेन्द्र मल्ल १७६, १८८
जय वीर योग नरेन्द्र मल्ल १७७
जय शिवराम ४६, ८६
जय शीह २२४
जय सिंह रामवर्धन ४६, ४७, ६५-६७, ७२, ८५-८७, १७३, २२४
जय सेन २७७
जयस्थिति मल्ल ४५, ५४, २२६, २२७
जयस्थिति राजदेव ७६, ७८, ८६
जयारि मल्ल २२५
जयार्जुन ४५
जहाँगीर शाह १३९, १५६
जालन्धरी पा २५४
जितामित्र मल्ल ९८, ९९, १०७, १०८, ११०, ११२, २२२, २३३, २३४
जितारि मल्ल ३८, ४८, ४९, ५२, १९३-१९५
जिन मार्गावतार २८०
जिन श्री ज्ञान १५४
जिष्णु गुप्त १३६, २४८, २४९

जीत मल्ल ९५, ९६, ९९, १०२
जीव रक्षा ८८, ८९
जीव राज १२९, १३०
जुम्ला ४८, ५२
जेत मल्ल ८४
जैत्र लक्ष्मी ४७
जोआ केब्राल २६०
जोआचिम २६२, २६३
जौनपुर १२१
ज्योतिप्रकाश मल्ल १७०-१७२, २००, २०७
ज्योति मल्ल ७३, ७४, ८५, ८७-८९
झंगल ठकुरी १६५, १६६
टंगाल टोल २६४
टाँडा २९२
टिंगरी २७९
टेवरनियर ३०, १४१, १४२
टोखा १२६
ठमेल १५४, २६८
ठाकुर सिंह १३१, १३२
ठाकुल सिंह १७४, १८०
ठिमी ९६, १०५, १५४
डम्बर शाह १५०, १९५
डेसिडेरी १४९, २६२
डोटी ५१
डोरबिल २६१
तत्व सद्भाव तन्त्र २३
तथागत गुह्यक २५५
तनहुँ २०२, २०५
तपु मल्ल ५०
तलेजु २१, ९६, १०४, ११३, ११६, १२७, १२८, १९०, १९२, २०४
तल्सी थली २६३
तांग वंश ११, ६७, २८७, २९३, २९७
तान हुआंग २९८
ताम्बुल संवत् ४
तारा देवी २७३
तिब्बत १०-१४, १७, २०, ३०, ५२, ६२, १०४, १०८, १०९, १२४, १२५, १२८, १३४, १३५, १४३-१४५, १४८, १४९, १५४, १८१, १८२, १९९, २११, २१२, २१६, २४९, २५०, २५२, २५७, २६०-२६२, २६७-२७२, २७४-२८०, २८२, २८५, २८८-२९०, २९२
तिरहुत ५५, ७०, ७३, १४१
तुलजा देवी ५९, ६२, ६८, १०४, ११५, १२६, १२८, १३३, १४६, १४७

तुलाराम २०१, २०४, २०५
तेज नरसिंह मल्ल १११, १७२, १७८, १९२, २०४
तेह्रौंत १६१
तैमुरलंग १२१
तौढिक काजी १७०, १९९, २००
त्रिभुवन मल्ल ९६, ९९, १०४, २२८
त्रिविक्रम सेन २०२, २०५
त्रिशूल गङ्गा १९३
त्रैलोक्य मल्ल ९४, ९६, ९९, १०४, १२८, २८८
त्युरा २७९
थां चुंपा २७०, २७१
थान कोट १७, १२६, १३६, २०१
थोचो १२६
थोनमी संभोट २६७
दक्षिण कोली १३६
दत्तात्रय ९१
दमयन्ती ३०२
दयावती १७०, १७१
दरभंगा १४१, २९२
दलजित् शाह २०३
दलमर्दन १७२, १७८, १९२
दह चोक २०१
दामोदर भट्ट ९
दाहाल कर्ण २९
दिगर्चा २९२
दिग्बन्धन २०२, २०५
दिल्ली ५५, ६१, ६३, ७०, १२१, १३९, १४०-१४२
दिवाकर चन्द्र २७४-२७६
दुन्त विहार २७८
दुन्दुभिस्सर २४३
दुल्लु ३२, ४८, ५०-५२, १९४, ३०७
देगुतले ११७, १८५, १८६
देव पाटन १६, १२६, १६१, १६९, २०७
देवपट्टन २४३, २४४, २४६
देवपाल २८३
देव मल्ल ७३
देवलदेवी ४२
दैलेख ५१, ३०७
दोलखा ५७ (पा० टी०)
द्रव्य निर्णयानाम् निघण्टु ९६
द्रव्य शाह ९०, १९४
धनकुट्टा २९१
धनपति २३६
धनेश्वरी ३७
धर्म गुप्त २२५
धर्मचक्र महाविहार २८४
धर्मधातु वागीश्वर ८८

धर्म मल्ल ४७, ६६, ६७, ७६, ८५-८७, २२६, २२७
धर्ममति २७०
धर्मराज मतिध्वज २८५
धर्मस्थली १२६
धर्माकर २१२
धर्मा झा १६१
धुम बराह २९६
धौखेल ३७
ध्यानी बुद्ध २४५
नंसाल १२६
नकदेश १८४
नक विहार २८४
नगेन्द्र ७३
नन्ददेव २५, २९
नन्दी ग्राम १२६, १६९
नय श्री २७८
नर नारायण १५६, १७९
नरपतिजयचर्या ८९, ९२, ९४, ९६, २१९
नरभूपाल १७०, १९६, १९७
नरसिंह देव २४, २७, ५४
नरसिंह मल्ल १९५
नरी प्रदेश १६८
नरेन्द्र देव ५ (पा० टी०), ११-१३, १५, १९, २०, २४, २५, २७, २५९, २९४, ३०२
नरेन्द्र प्रकाश १६८, १६९, २०७
नरेन्द्र मल्ल ११४, ११६, १२०, १६३, २१७
नरेन्द्रलक्ष्मी देवी १८७
नरेश मल्ल ९८
नलचरित नाटक २४०
नवरत्नम् ९
नाग टांग १४४
नाग देश १५४
नाग मल्ल ७३
नागर सर्वस्व २१९
नागशो लोचव २६०
नागानन्द २६, २२३
नागार्जुन २१, २५३
नागार्जुन पाद १५३
नाथल्ल देवी ४३, १०२, २२७
नान्य देव ६, २८-३५, ३७, ४१, ५४, ५५, ७३, ७४, ९४
नायक देवी ४०-४२, ६२, ७७
नारद संहिता ४५
नारायण ३७
नारायण चोक १०८
नारो पा २५३, २५७, २६९-२७१ २७३
नालदुम २०१
नाला ३७
नाला भगवती ३७

नासिका पीठ ३७
निगलिह्वा ५०, २१४, २४४
निराभोग विहार २८५
निर्भय देव १५, १८, १९
निस्वासाख्य महामन्त्र २१
नीलंभर १५५
नीलकण्ठ १५३
नुवाकोट १८, २०, २२, ३९, ९१, ११५, १२३, १२४, १४४, १७०, १९६-१९९, २०४, २०७
नृप मल्ल ३५, २२२
नृपेन्द्र मल्ल ११४, ११८, १२०, १३९, १५७, १५८, १६०, १६८
नृसिंह देव ५४
नैषध काव्य ३०२
नोग लोचव २७५
न्यासल (न्यायशाला) चोक १५२
पटना १४१, २६१, २६३, २९२
पण्डित थामा २८०
पचली १२६
पञ्चरक्षा ६४, २८४, २८५
पदुमल्ल ४१, ४२
पद्मकाष्ठ पुरी २३
पद्मचक्र विहार २८४
पद्मदेव ९१
पद्मपाणि अवलोकितेश्वर २५८
पद्मश्री २१९
पद्मसम्भव २५०-२५२, २६७
पनौती (पानवती) ३७, ५६, ५७, २९१
परमार वंश २९
परशुराम थापा २००
पलान चोक ६४-६७
पलै पौ २९०
पशुपतिनाथ ३, ७ (पा० टी०) २३, ३८, ४७, ५७, ६३, ६९, ७०, ७२, ७४, ७५, ८५-८७, ८९, ९१, १०२, १०५, ११३, ११४, १२३, १३०, १३१, १३८, १४६, १५३, १५४, १६१, १८०, १८२, १९३ (पा० टी०), १९४, १९६, २२५, २२६, २४१, २४३, २४४, २४६, २४८, २४९, २५१, २९६
पांगा १२६, २०२
पाटन १, ७ (पा० टी०) १७, १८, २०, २५, ४६, ७१, ८७, ९१, ९२, ९४, १०५-१०८, १११, ११२, ११६, ११७, १२२, १२३, १२९, १३२, १३३, १३५, १३८, १३९,

१४३, १४४, १४७-१५२, १६२, १८३, १८५-१९२, १९४-१९७, २००, २०१, २०४, २०८, २१७, २२१, २२५, २३१, २३६, २३७, २४३, २४६, २५२, २६०, २६१, २६३, २६४, २६९, २७४, २७७-२७९, २९३, २९५
पाटन मूल चोक ११९
पाण्डवविजय (नाटक) १०१
पाण्डवविजय नाटक (सभापर्व नाटक) २२७
पाण्डुभूमि विहार २८५
पारावत महाविहार २८५
पार्थिवेन्द्र मल्ल ११३-११५, ११८-१२०, १२५, १३०, १३९, १५७, १६०-१६२, १६८, १८०, २१७
पाल्पा ५२, १२४, २६८, २६९
पावा ३५
पिंथ विहार ७१
पिङ्गलामतम् २५
पितृभक्तितरङ्गिणी १०
पुण्यधारोदय विहार २८५
पुण्याकर भद्र २७६
पुरण्डल सिंह १८०
पुरन्दर राजवंशी १७९
पुरन्दर सिंह १२९, १३१, १७२, १७४, १८०
पुरुषोत्तम १७३
पुर्निया २९२
पूजा कल्पलता ११७
पूर्ण मल्ल ९१
पृथ्वीनारायण शाह ८, २२, ५३, १०९, १११, ११२, १२०, १४४, १४५, १७०, १७२, १७७, १७८, १९२, १९८-२१०
पृथ्वी मल्ल ४८, ४९, ५१-५३, १९४
पृथ्वीपति शाह १८८, १९५
पेरिस २९९
पैण्डपाटिक अवधूति पा २७१,२७५
पोप २६२, २६४
प्रकाश मल्ल (जय) १०६, १२०
प्रज्ञापारमिता अष्टसाहस्त्रिका ९ (पा० टी०) २५५, २७९
प्रज्ञारक्षित २७४
प्रताप मल्ल २८, ४७, ५४-५६, ७४, ७५, ९८, १०५-१०८, ११३-११५, ११७-१२०, १२५, १३३, १३५, १३९, १४४, १४६-१६०, १६२,

१६८, १८०-१८२, १८४, १८५, १९५, २१७, २२१, २३९, २५०, २६१
प्रतापलक्ष्मी देवी १८७
प्रद्युम्नकाम देव २१, २२
प्रभावती १५७
प्रयाग २११
प्राण नारायण १५६
प्राण मल्ल ९४-९६, ९९, १०२, १०३
फंपी २७०
फर्पिंग १२६, २०१, २०२, २७०, २७४, २७५
फाइन आर्ट म्युजियम (बोस्टन) २९७, २९९
फालरिन २७६
फिरोज तुगलक १४२
फ्रांस ३७
बंगाल २८, २९, ३१, ५५, ६०, ६१, ६८-७०, १३८, १४०-१४२, १५५, २०२, २०५, २१५, २२१, २५७ (पा० पी०) २९८, ३०३
बंग्रा गाउँ १२६
बंबई ५, २१९
बनारस ४२, ४३
बनेपा (बनेपुर) ३७, ४२, ९२, १०१, १०२, १०४, २०२, २२७
बन्दे ग्राम १८४
बर्मा २९५
बलंबु १२६
बलदेव २०-२२
बलरामपुर २९२
बलवन्त देव २०, २१, २३
बल्खु २०१
बहलोल लोदी १२१
बागेश्वर ४९, ५२,
बाणदेव २२, २३
बाल पो २११, २९० (पा० टी०)
बाल पो लोचव २७६
बालाजी १५३
बालार्जुन देव १५
बिज्जल ३१
बिसकेट १०५
बिसु १५६
बुँगमती ३८, ३९, १२६, २५८
बुङ्गेश्वर २२५
बुगम २५८
बुगायुमी ग्राम २५८
बुढी गण्डकी १९६
बुताइ शान २७०
बुद्ध ३५, ६५, २४२, २९५
बुद्ध गया १२९

बुद्धजु १३०
बुद्ध श्री २७९, २८०
बुद्रो १८, १९
बेंगाल २६३ (पा० टी०)
बेतिया (बेति) २६२, २६५
बेलकोट १९८
बैंश ठकुरी २०, २२
बोडे १०२, १५४
बोतु टोल २६२
बोध गया १२, २९५
बोधि चित्तोपाद २८०
बोधिसत्व २९८
बोस्टन २९७, २९९
ब्रह्मयामल २०
भंडार खाल १५३
भगवती देवी १७६
भगवत्यास्वेदयायथालब्ध तन्त्र राज १८
भतिखु २
भदसिंह ५५
भद्रकाली १६, १२६
भरत ३५
भादगाउँ, भक्तपुर, भक्तग्राम, भक्तापुरी, भक्तपट्टन २, २५, २८, ३२, ३७, ४०-४२, ४५, ४६, ५७, ५८, ६२-६४, ६६, ७०, ७२, ७८, ८४, ८८-९१, ९४-९६, ९८, ९९, १०१-१०६, १०८-११२, १२२, १२५, १२८, १३०, १३१, १३३, १३५, १३९, १४३-१४५, १४७, १५०-१५२, १६३, १६९, १७२, १७६, १८४, १८५, १८९, १९०, १९२, १९४, १९६, १९७, २००, २०४, २०७, २१९, २२२, २२५, २२६, २२८, २२९, २३२, २३४, २६१-२६४, २७२, २७३, २९१, २९४, ३०९
भानुभक्त ९९
भानुमती १८३
भावसिंह देव ५५
भामवती देवी १८७
भारत ५, ८, १२, १७, २८, २९-३१, ३५, ३६, ३८, ५२, ५३, ५५, ५७, ६०, ६१, ६८, ६९, ७२, ७८, ८०, ८२, ८३, १२१, १२५, १३४, १३८, १४०, १४५, १४८, १५३-१५६, १५८, १९३, २१०, २११, २१४, २१५, २१९, २२०, २२३, २३६, २४२, २४६, २४७,

२५२ (पा० टी०) २५३, २५५, २५६, २५७, २६२, २६४, २६८, २७१, २७३, २७५, २८५, २८७, २९१, २९२, २९४, २९६, २९८, २९९, ३०१-३०५, ३०८
भास्कर देव १८-२०, २२, २८५
भास्कर पण्डित २२४
भास्कर मल्ल ११९, १२०, १३९, १६३-१६८, १७७, १८९, १९०, २१७, २६१, २६२
भास्कर वर्मा २४३
भिख्वाल काजी १७०, १९९
भीम देव २९ (प्रथम) ३७, ४८
भीम मल्ल १३४, १३५, १४९
भूपतीन्द्र मल्ल ९९, १००, १०८-११०, ११९, १३९, १४४, १६३, १९६, २२२, २३४, २३५, २३८, २६२
भूपाल शाह १७०
भूपालेन्द्र मल्ल १६२, १६३, २१७, २४०
भूपाल सिंह ५५
भूपेन्द्र मल्ल १५७, १५८, १६०
भूमेश्वर २५५
भुवन मल्ल ९४, ९५, ९९, १०१, १०२
भुवन लक्ष्मी १६३
भृकुटी १०, ११, २६७
भैरव ८८, ८९, १०५, १२६
भैरवानन्द नाटक २२६, २२७
भोज १५, २९ (प्रथम)
भोजदेव १५, १९, १२२
भोट १९३, १९५
भोटे बहाल २८५
मंगोलिया २८२
मकवानपुर ३०, १३१, १४१, १४२, १६३, २०२, २०५
मखनटोल १४६
मगध ३१, ३५, ८९, २६८
मच्छिन्द्रनाथ (मछेन्द्रनाथ) १७, १७५, १८६, २५७-२५९
मञ्जु श्री २१२, २९८
मज्झिम २४३
मणिक २२६
मणिकर्णिका नाम तत्वज्ञानसिद्धि पञ्जिका २८४
मणिमती १८७
मतिसिंह देव ६३, ८६
मत्स्येन्द्र नाथ ६७
मदन १३०
मदन चरित ९९, १०७, २३२, २३७, २३८
मदनराम ४७, ६३, ६४, ६६

मदन लोमो ६५
मदालसाहरण नाटक २३३
मध्यम विहार २८३
मध्यलखु १६
मना मैजु १२६
मनोहरा १३०
मरु सत्तल ११५
मर्स्याङ्गदी २०२
मलय गन्धिनी १०७, २३१
मालवा २९
मल्ल नृप २२२
मल्लवार ५१, ५२
महीनाथ भट्ट ८०
महमूद गजनी ६८
महा करुणा २७३, २७४
महाङ्काल २५६
महादेव पोखरी २०१
महाबोधि (पण्डित) २७९
महाबोधि (मन्दिर) २९५
महा बौद्ध ११६, १२९
महाभारत १४२
महाभारत नाटक २३४
महामण्डल १९८
महायान धर्मकोश २४६
महालक्ष्मी १०२, १२६
महीन्द्र मल्ल ११४, ११५, ११९, १३७
महीन्द्रलक्ष्मी १९०
महीन्द्र सिंह १३९, १७७, १८९, १९०
महीयतीन्द्र मल्ल १५७, १६०, १६२, १६८, १७१
मही भारो २७५
महीराघव नाटक ४०, २८४
महीराघव बध नाटक २२४
महेन्द्र देव १४
महेन्द्र मल्ल १०४, ११६, १२०, १२७-१२९, १३८-१४०, १४२, १४३, १४६, १७४, १७५, १७९, १८८, १८९
महेन्द्रमल्ली १२७, १३७-१३९
महेन्द्र सर २४
महेन्द्रेश्वर १२८
महेश्वर ५२
महेश्वर पन्त १९६, १९७
माइसी ३०
मात्रोच्च २५३
माधवानल नाटक २३४
माधवानल कामकन्दला २३६, २३९
मानदेव १, ८, २४, २७, ५२, १३६, २४७, २६६
मानव न्याय शास्त्र २२५, २८४
मान विहार २८३

मानसन १३
मान सरोवर ५२
मारवाड २९८
मार्पा २७१, २७२, २७८
मालती माधव २२३
माली गाउँ १२६
मिंग वंश ६५, ६६
मिंग होइ २९०
मितपद पञ्जिका २८४
मित्र २४७
मिथिला २९, ३२, ३८, ४०, ४१, ५४-६१, ६३, ८९, ९०, १५४, २२१, २२३, २२४, २३९, २५५
मिथिलातत्वविमर्श २९ (पा० टी०)
मिनाग लोचव २७८
मिला रेपा २७२
मिलु १८८, १८९
मीननाथ ९१
मीर कासिम २०२, २०५
मुकुन्द शर्मा पाठक ११६, १२५
मुक्तापीड ललितादित्य १४
मुदितकुवलयाश्व २८, ३०, ५४, ५५, ७३, ९४, २२९, २३०, २३७
मुहम्मद खिलजी ६०
मुहम्मद तुगलक ७०
मुद्रा राक्षस २८४
मूलचोक दरबार १८५
मेघपाल वर्मा ७१
मेरुशे २७६
मैत्री पा २६९, २७५
मैत्रेय २९८
मैसुर २८
मोतीराम भट्ट ६९
मोरंग ९०, १३१, १४१
मोहन चोक १५२
मोहन वज्र २७७
मौखरी राजवंश १५६
यँ ९४
यंगाल टोल २७४, २७६
यंपी विहार २७८
यक्ष मल्ल ४२, ९०-९४, १०१, १२१-१२३, १७४, १७९, १९४, १९६, २२७, २८०
यलि देव १५
यशो देव २२, २३
याङ्लेश्वे २५१
युंगलो ६५, ६६
युक्ति कल्पतरु २८८
युरोप १४९, १५१, २२३, २९१, ३०४
युवान चांग २४२, २४७-२४९, २६६, २६७

यू प्रदेश २६९
येल ९४ (पा० टी०)
योगनरेन्द्र मल्ल १६२, १७६, १७७, १८६-१८९, १९१, २१७
योगप्रकाश १७७, १८९, १९०
योगमती १६२, १७५, १७६, १८७, १८८
योगरत्नमाला हेवज्र पञ्जिका १७५
योगलक्ष्मी देवी १८७
रघुनाथ झा ८०
रघुवंश ७४, ९६, २२७
रणजित् मल्ल ९९, १००, १०८, ११०-११२, १४४, १४५, १६९, १७१, १७८, १९२, १९७, २००, २०४, २०७, २२२, २३५-२३९, २६३, २६४
रण बहादुर १०९, १४५
रण मल्ल ४२ (पा० टी०) ९१, ९२, ९५, ९९, १०१, १०२, २२७
रणसुर ३६
रत्नकीर्ति २६८
रत्नदेव २६
रत्नपाणि २४५
रत्न मल्ल ९१, ९२, १०५, ११३-११६, १२०-१२६, १३०, १३७, १४३, १७३, १७४, १९६, ३०४
रत्नमेघ सूत्र २६७
रत्न रक्षित २७८, २७९
रत्न श्री २७४
रत्न सम्भव २४५
रत्नाकर कर्णिका ४५
रत्नाकर शान्ति २७१
रपु मल्ल ५०
रस रत्नाकर २५३
रसुवा १९५
राघव देव ४, ५ (पा० टी०) १५, १९
राघवानन्द नाटक २२६
रा चुंपा २७४, २७८
राज देव ४४, ४५, ४८, ७०, ७७
राजमती १५५-१५७
राज मल्ल ४६, ६३, ९१, २२७, ३०५
राजलक्ष्मी ४२, ४३, १६१
राजल्ल देवी ४२, ४३, ४५, ७४, ७६, ७७, ८५, ८७, २२६
राज विहार २८३
राजेन्द्र प्रकाश १६८, १६९
राज्य प्रकाश १६८, १६९, १७१, १७७, १७८, १९१, १९२,

१९७, २०६, २६४
राज्यमती १५६
रानी पोखरी १५३
रानी वन १३२
राम डोली २८१
रामचन्द्र २८, ७४, २२८
रामचन्द्र शर्मा २३०, २३९
रामदास २२५
रामनाथ ८०
रामभद्र शर्मा २३६
राम मल्ल ९१
रामवर्धन ४७, ६७, ८६
राम शाह १४९, १८२, १९४
रामसिंह ५४, ५५
रामायण नाटक २३७, २३८
रामेश्वर ३०२
राय मल्ल ९१, ९२, ९४, ९५, ९९, १०१, १०४, १२२, १५०, १७३, १७४
राल पा चन १४
रा लोच्चव २७४
रिंपोशे २५२
रिपु मल्ल ३९, ४९, ५०-५२
रुक्मिणी परिचय नाटक २३४
रुद्रदेव १५, १८, १९, २५-२७, ६२, १२२, २७१, २९७
रुद्र मल्ल ३९-४४, ४८, ६२, ७६, ७७, ३०५
रुद्रमा देवी ४३
रुद्रयामल ४४
रूपमती १५५-१५७
रोम १५१, २६१
लकुलीश २४७
लक्ष्मण सेन संवत् १०६, १२५
लक्ष्मी १५, १८, ४२
लक्ष्मीकर २८२
लक्ष्मीकामदेव ५ (पा० टी०) १५, १८, १९, २६ (द्वितीय), २७, (द्वितीय), ३४ (तृतीय), १२२ (प्रथम) २६८
लक्ष्मी नरसिंह १०५, ११७, १२०, १३२-१३५, १३७-१४०, १४४, १४६, १४७, १८०
लक्ष्मी नारायण १५६
लक्ष्मी नृसिंह ११४
लगन टोल ११७
लङ्कावतार २५५
लमजुंग २०१, २०२, २०४, २०५
लम्बकर्ण भट्ट १५४
ललित कुवलयाश्व मदालसा नाटक २३६
ललित पत्तन १७९
ललितपुर (री) १९ (पा० टी०) २२६

ललितापुर १२६
ललिवन विहार २७८
ललित विस्तार २५५
लांग डार्मा (डरमा) १४, २६७
लाखे यात्रा १७
लाजिमपाट २९६
लामा पाँगो २७२, २७३
लालमती १३२, १३३, १५४, १७५, १८५
लासा १०, १३४, १३५, १४९, १५०, १८५, २५०, २६१-२६४, २६७, २७८
लुभु १२६
लुम्बिनी ५०, ५१, २१४
लोले १२६
लोकनाथ १६७, १८६-१८८
लोक प्रकाश मल्ल १८७, १८८
लोकमती १७६
लोकासुर वधोपाख्यान नाटक २३८
लोकेश्वर ३८
लोचियातुन २७०
ह्रुं विहार १८४
वंदे ग्राम १५२
वंश (वङ्ग) मणि ९६, ९७, १२४, २३०, २३९, २४०
वङ्ग ३१, ८९, ९०, १५६
वछला (वत्सला) देवी ११०
वज्रपाणि २९८
वज्रावली २८५
वज्रयान १८३
वज्र योगिनी १२५
वज्र वाराही मण्डल २७६
वज्रावलीनाम मण्डल २७८
वत्स विहार २८५
वत्सा देवी १५६
वनरत्न २८०
वरदेव ६, ७
वरशम १८५
वरेन्द्र रुचि २७६
वर्धमान देव १५
वलाछे टोल ९६
वल्लार सिंह ७३
वसुबन्धु २४६, २५५
वांग युयेन (ह्युिन) शे १२, २४८
वागीश्वर कीर्ति २७०, २७१, २७३, २७५
वागेश्वर १६
वाग्मती (वाग्वती) १६, ६०, ८४, १४८
वामकेश्वरी मत टिप्पनम् ४४
वामन अवतार २९६
वामदेव २२, २३, २७, ३६
वारा १४१

विक्रम देव ५ (पा० टी०) १५, १९
विक्रमशील विद्यालय २६८, २७०, २७३, २७४, २७९, २८५
विक्रम संवत् १, ४-६, ८-१०, ५१
विक्रमादित्य ४, २९, ३१
विजयकाम देव २६ (द्वितीय) ३४
विजय देव १९
विजय मल्ल १०२, २२७
विटो २६३
विद्याधरी १६
विद्यापति २१८, २१९, २२१, २२३
विद्याविलाप (नाटक) ९९, २२८, २३४
विपश्वी २४४
विप्र मल्ल ९४, ९६, ९९, १०३
विभूति चन्द्र २७९
विमल स्नेह मण्डप १०८
विष्णु धर्म १९, २०, ३६
विष्णुमती २, १७, १०४, २५१
विष्णु मल्ल १६९, १७७, १७८, १९०-१९२, २६३
विष्णु सिंह १२९, १७३, १७४
विश्वजित् मल्ल १७८, १९२
विश्वनाथ उपाध्याय १८१
विश्वपाणि २४५
विश्वभू २४४
विश्व मल्ल ९६, ९७, १०२-१०४, २२८
विश्वावसु १५६
विहार १२, २९, ६१, ६८, ७९, १५५, १५७, २१५, २९८
वीर नरसिंह मल्ल १११, १७६, १८८
वीर नारायण १५६, २२८
वीरभद्र शाह १९५, १९६
वीर मल्ल ९९, १०१
वीर महेन्द्र (महीन्द्र) मल्ल १६७, १७६, १७७
वीर लाइब्रेरी ५ (पा० टी०) ९, ९६, ९९, २२२, २४०, २७१ (पा० टी०)
वृजि सङ्घ ३५
वैरोचन २४५, २६८, २६९
शंखपुर १२५
शक्ति सिंह राम ४७, ५५, ६३-६७, ८६
शङ्कर २३६
शङ्कर देव ७, २१, २२
शङ्कराचार्य ६, ७, २५४
शङ्खधर ३
शङ्खमणि राना १९८
श गो सिं ६५, ६६
शतसाहस्रिका प्रज्ञापारमिता १५४

शमसुद्दीन इलियास शाह ४४, ७०, २०५
शाक्य देवी २५२
शाक्य भद्र २८५
शाक्य श्री २७९, २८०
शाक्य सिंह २४४
शान्त रक्षित २४९, २५०, २५५, २६७
शान्ति पा २७१
शान्तिपुरी विहार २८०
शान्ति भद्र २६८
शाह देव ४८
शिखी २४४
शिरिनिवास १०७
शिव देव २३, २४, २७, १२३, १३७, १५६ (द्वितीय) २४९ (द्वितीय) २८३
शिवदेव विहार २८३
शिवपुरी १८२, १९३, २०२
शिवराम बस्नेत २०५
शिवसिंह देव १७५
शिवसिंह मल्ल ११४-११७, १२०, १२९-१३२, १३७-१४०, १४४, १७४, १७९, १८०, २६१
शीतलोदका १९३ (पा० टी०)
शील भारो २७५
शीलमञ्जु २६७
शील सागर २८०
शुभ सेन १४१
शुक्लध्वज १५६
शून्यता समाधिराज २७४
शृङ्गधर २९८
शेषर देव १५
श्याम सिंह ६३, ६४, ६७, ७३
श्रीनगर ५०
श्रीनाथ भट्ट ८०
श्रीनिवास मल्ल १०६, १०७, ११२, १५०-१५२, १७५, १८३-१८७, २३१, २३२, २३७, २६१
श्री भद्र २८५
श्री हर्ष ३०२
श्लोकसार संग्रह २१९
षष्ठी विद्याप्रशंसा ४४
संक्षिप्ताभिषेकविधि २७१
संगीत भास्कर ९७, २१९
संग्राम मल्ल ४९-५१
संगीत सारसंग्रह २१९
संवर तन्त्र २७८
संसार देवी ८८
सतंगल १२६
सतिनायक देवी ४०-४३
सत्वबाधा प्रशनम् ३४

सद्धर्म पुण्डरीक १८, १५५
सदाशिव देव २३, २४, २७, ११५, ११६, १२०, १२३, १२९, १३०, १३७
सन इलाही १३९
सप्त गण्डकी ३०५
समन्त भद्र २९८
समन्त श्री २७७
समाधिराज २५५
समुद्र गुप्त २११, ३०१
सर्वेश्वर १८६
सहदेव १५
साँखु १०३, १२५, १६९, १७०, २००, २५१
साँगा ३७, १०४, २०५
साखवाल २, ३, ४, ३२, ३७
सामन्त भद्र २४५
साम्य गुंबा २५०, २६७
सारङ्गधर २८८
सारङ्गधर पद्धति २८८
सारन २९२
सिंध ६८
सिंधुली गढी २०३, २०५
सिंहदेव १६७, १८९
सिंह मल्ल ४८
सिंह राजा (मल्ल) ३७, ३९
सिकिम २१३
सिद्धि नरसिंह १०५, १०६, १३२, १३३, १३८, १४३, १४४, १४७-१५०, १७४, १७५, १८०-१८३, १८६, १९५, २२१, २३६, २४३, २९५
सिपा १७०
सिमरौन गढ २९-३२, ३४, ४१, ५४-५६, ५७ (पा० टी०) ६३, ९०
सिरान चोक २०१
सुगना कुल ५९, ६३
सुगौली ३०
सुनधारा १७
सुनय श्री मित्र २७७, २७८, २८४
सुलतान समसुद्दीन ६९-७२
सुरखेत ५१
सुवर्ण प्रभास २५५
सुवर्ण मल्ल १०१, १०२
सूर्य मल्ल १०३, ११४-११६, १२०, १२५, १३०
सूरप्रताप शाह २०३
सेंजा (स्यांजा) ५१, ५३, १९४, २६९
सोमेश्वर देव २६-२९, ३१ (द्वितीय)
स्यापार्पा लामा १५४
स्रोंग सन गंपो १०-१३, २६७
स्वयम्भू चैत्य ८८, २५१, २६८

स्वयम्भू ३८, ४५, ७१, ७२, ११७, १३१, १५३, १५४, १६४, १६५, १७९, २४५-२४७, २४९, २५३, २५४, २७९-२८०, २८१, २८५
स्कन्द पुराण १९३
स्तोत्रसार संग्रह ९७
स्थिति मल्ल ४ (पा० टी०) ४३, ४५-४७, ५४, ६४-६६, ७३-८७, १०३, १२२, १८६, २२५-२२७, २५९, २८१, ३०५
स्थम विहार २६८
स्मृति (स्मृति ज्ञानकीर्ति) २७६
हंस कामदेव १९ (पा० टी०)
हनुमान् ढोका ५६, ७५, ९८, १०६, ११३, १४८, १५२, १५५, १५७, १९५, २०३
हरगौरी विवाह नाटक २३०
हरिचोक देवी १२६
हरिपुर २१
हरिश्चन्द्र देव ४२, ४३
हरिश्चन्द्र दोयम् २३६
हरिश्चन्द्रोपाख्यान २२४
हरिसिंह देव ४०, ४२, ५४-६३, ६५, ६७, ६८, ७०, ७२-७५, ७७, ७९, ९०
हरिसिद्धि १२६
हरिहर सिंह १७४, १७५
हरिहर सेन १३१
हर्णवर्ण (हिरण्यवर्ण) महाविहार २८५
हर्ष देव २३, २७, ३२, १५६
हर्ष वर्धन १२, ३०२
हलचोक १२६
हाजसन ३००
हाजो १५६
हितोपदेश ९३
हिमालय ५१, ५८, ६१, ६८, २१३, २४३, २८२, ३०२
हुंग वु ६५, ६६
हृदि नरसिंह मल्ल १७६, १८९
हैदराबाद २८
हेमवर्ण विहार २०
होरेस २६१-२६३
ह्माल विहार २२४, २८४

लेखकका अरु ग्रन्थ

१.	नेपाली भाषाका विकासको संक्षिप्त इतिहास	१९३३
२.	भानुभक्तको जीवन चरित्र सम्पादित	१९२७
३.	भानुभक्त रामायण सम्पादित	१९३३
४.	भानुभक्तको स्मारक ग्रन्थ सम्पादित	१९४०
५.	डाक घर अनुवादित	१९५९
६.	परे घर्तीको पुरुषार्थ अनुवादित	१९६१